جمعية خدمة المحتوى الإسلامي باللغات

جمعية الدعوة وتوعية الجاليات بالربوة

موسوعة الأحاديث النبوية
HadeethEnc.com

# हदीस इन्साइक्लोपेडियाबाट छनोट गरिएको संग्रह

## المنتقى من موسوعة الأحاديث النبوية

نيبالي

नेपाली



# المنتقى من موسوعة الأحاديث النبوية

اللغة النيبالية

## إعداد القسم العلمي

جمعية خدمة المحتوى الإسلامي باللغات

جمعية الدعوة وتوعية الجاليات بالربوة

ⓒ جمعية خدمة المحتوى الإسلامي باللغات ، ١٤٤٦هـ

جمعية خدمة المحتوى الإسلامي باللغات
المنتقى من موسوعة الأحاديث النبوية - نيبالي. / جمعية خدمة
المحتوى الإسلامي باللغات - ط١. .- الرياض ، ١٤٤٦هـ
٤٧٩ ص ؛ ..سم

رقم الإيداع: ١٤٤٦/١١٨٧٥
ردمك: ٩٧٨-٦٠٣-٨٥١٧-٢٧-٧

Partners in Implementation

Content Association

Rowad Translation

Rabwah Association

Byenah

This publication may be printed and disseminated by any means provided that the source is mentioned and no change is made to the text.

Tel : +966 50 244 7000
info@islamiccontent.org
Riyadh 13245-2836
www.islamiccontent.org

## बिस्मिल्ला हिर्रहमा निर्रहीम
## (सुरु गर्दछु अल्लाहको नामबाट जो अत्यन्त दयालु र अति कृपालु हुनुहुन्छ)।

## भूमिका

सम्पूर्ण प्रशंसा एवं महिमागानहरू अल्लाहकै लागि छन् । उहाँ नै सम्पूर्ण जगतका सृष्टिकर्ता एवं पालनकर्ता हुनुहुन्छ । दरूद र सलाम (शान्ति र आशिर्वाद) अवतरण होस् अल्लाहको अन्तिम रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि, उहाँका समस्त घरपरिवार, सहाबा (साथी) हरू र महाप्रलयको दिनसम्म उहाँलाई सही तरिकाले अनुसरण गर्ने सम्पूर्ण व्यक्तिहरूमाथि, "अम्मा बाद" (त्यसपछि) :

मुस्लिमले अल्लाहको पुस्तक; कुर्आनपछि सबैभन्दा बढी पढ्ने, मनन गर्ने, ध्यान दिने, सिक्ने, सिकाउने र अमल (अभ्यास) गर्नुपर्ने भनेको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत हो ।रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ :"हे मानिसहरू, मैले तिमीहरूका बीचमा यस्तो कुरा छोडेको छु, यदि तिमीहरूले यसको पालना गर्यौ भने कहिले पथभ्रष्ट हुनेछैनौ: त्यो अल्लाहको पुस्तक (कुर्आन) र उहाँको रसूलको सुन्नत हो ।"(यो हदीस इमाम मलिक द्वारा वर्णित छ)र अल्लाहले भन्नुभएको छ :"रसूलले तिमीहरूलाई जुन कुराको आदेश दिनुहुन्छ, त्यसको पालना गर, र जुन कुराबाट मनाही गर्नुहुन्छ, त्यसबाट टाढा बस ।"[अल्-हश्र: ७]त्यसैले "इस्लामिक सामग्री सेवा संघ" नामक संस्था र रब्वा इस्लामिक सेन्टरले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को हदीसहरूको विश्वकोश (इन्साइक्लोपेडिया) तयार गर्न र त्यसलाई चलनचल्तीमा रहेका विभिन्न भाषाहरूमा अनुवाद गर्न परियोजना तयार पारेका छन् ।

अल्लाहले यस इन्साइक्लोपेडियाबाट एउटा संग्रह छनोट गर्न अवसर प्रदान गर्नुभएको छ, जसको आवश्यकता मुस्लिमलाई आफ्नो धर्म र दुनियाँको मामिलाहरूमा पर्छ। साथै यी चयनित हदीसहरूको संक्षिप्त व्याख्या, तिनीहरूको अर्थ, अभिप्राय र केही ज्ञान,बोधहरू पनि उल्लेख गरिएका छन्, र यसको नाम हो :"हदीस इन्साइक्लोपेडियाबाट छनोट गरिएको संग्रह"र यसलाई विश्वका सम्पूर्ण जीवित भाषाहरूमा अनुवाद गर्ने काम जारी छ, ताकि सम्पूर्ण मानवजातिसम्म उनीहरूकै भाषामा यस सामग्रीको लाभ र रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत पुगाउन सकियोस्।

र हामीले अल्लाहसँग यस कार्यलाई स्वीकार गर्न, यसलाई मंगलमय बनाउन, र यो सत्कर्म पुर्ण र विशिष्ट रूपले केवल उहाँकै लागि होस् भन्ने आशालाई स्वीकार गर्न , र यसलाई तयार पार्न, अनुवाद गर्न र प्रकाशित गर्न सहयोग गर्ने सबैलाई पुण्य प्रदान गर्न प्रार्थना गर्दछौँ।अल्लाहले हाम्रो नबी मुहम्मदमाथि दरुद र सलाम (कृपा एवं शान्ति) अवतरण गरून् ।

(1) – عن عمر بن الخطاب رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «إِنَّمَا الْأَعْمَالُ بِالنِّيَّةِ، وَإِنَّمَا لِامْرِئٍ مَا نَوَى، فَمَنْ كَانَتْ هِجْرَتُهُ إِلَى اللهِ وَرَسُولِهِ، فَهِجْرَتُهُ إِلَى اللهِ وَرَسُولِهِ، وَمَنْ كَانَتْ هِجْرَتُهُ لِدُنْيَا يُصِيبُهَا أَوِ امْرَأَةٍ يَتَزَوَّجُهَا، فَهِجْرَتُهُ إِلَى مَا هَاجَرَ إِلَيْهِ».
وفي لفظ للبخاري: «إِنَّمَا الْأَعْمَالُ بِالنِّيَّاتِ، وَإِنَّمَا لِكُلِّ امْرِئٍ مَا نَوَى». [صحيح] - [متفق عليه]

(1) – उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सबै कर्महरू नियतमा (मनसाय) आधारित छन् र व्यक्तिलाई उसको नियत अनुसार इनाम दिइनेछ। त्यसैले, जसको हिजरत (प्रवास) अल्लाह र उहाँका रसूलको लागि हो, उसको हिजरत अल्लाह र उहाँका रसूलको लागि हुनेछ । जसले संसार प्राप्ति वा कुनै महिलासँग विवाह गर्नको लागि हिजरत (प्रवास) गर्दछ, उसको हिजरत उसैको लागि हुनेछ ।" सही बुखारीमा यसरी उल्लेख छ: "सबै कार्यहरू इरादाहरूमा आधारित हुन्छन् र प्रत्येक व्यक्तिलाई उसको नियत अनुसार इनाम दिइनेछ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुहुन्छ, सबै कार्यहरू नीयतमा निर्भर हुन्छन् । यो हुकुम सबै कर्म र मामिलाहरूको लागि सामान्य छ । जसले आफ्नो कर्मबाट केही लाभ प्राप्त गर्न चाहन्छ उसले त्यो लाभ मात्र पाउँछ, पुण्य पाउँदैन । यसको विपरित, जसले आफ्नो कर्मद्वारा अल्लाहको निकटता प्राप्त गर्न चाहन्छ उसलाई उसको कर्मको प्रतिफल दिइन्छ, चाहे त्यो कार्य खाने र पिउने जस्तो साधारण कार्य होस् ।

त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले कार्यहरूमा नीयतको प्रभावलाई व्याख्या गर्न एउटा उदाहरण दिनुभयो, जसमा हामी देख्छौं, कार्यको बाहिरी रूप एउटै भए पनि परिणाम फरक छ । जसले अल्लाहको खुशी प्राप्त गर्न आफ्नो देश छोड्ने मनसाय राखेको छ, उसको प्रवास एक धार्मिक प्रवास हो र उसलाई उसको सही नियतको प्रतिफल दिइनेछ । तर जो व्यक्ति प्रवास

गर्दा धन, पद, व्यापार र विवाह आदि सांसारिक लाभलाई ध्यानमा राख्छ, उसले प्राप्त गर्न चाहेको लाभ मात्र प्राप्त हुन्छ । पुण्य र भलाइ उसलाई प्राप्त हुँदैन ।

## हदीसका केही फाइदाहरू:

1. इखलासको प्रेरणा, किनकि अल्लाहले केवल ती कार्यहरू स्वीकार गर्नुहुन्छ जुन उहाँको खुशी प्राप्त गर्ने उद्देश्यले गरिन्छ ।
2. यदि कुनै व्यक्तिले अल्लाहको निकटता प्राप्त गर्ने कार्यहरू आदतको रूपमा गर्छ भने, उसले कुनै प्रतिफल प्राप्त गर्दैन । जबसम्म उसले नीयत गर्दैन ।

(4560)

(2) – عَنْ عَائِشَةَ رضي الله عنها قَالَتْ: قَالَ رَسُولُ اللهِ صلى الله عليه وسلم: «مَنْ أَحْدَثَ فِي أَمْرِنَا هَذَا مَا لَيْسَ فِيهِ فَهُوَ رَدٌّ» متفق عليه.
ولمسلم: «مَنْ عَمِلَ عَمَلًا لَيْسَ عَلَيْهِ أَمْرُنَا فَهُوَ رَدٌّ». [صحيح] - [متفق عليه]

(2) – आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले हाम्रो यो धर्ममा कुनै नयाँ कुरा आविष्कार गर्छ, जुन हाम्रो धर्ममा छैन, त्यो स्वीकार्य हुँदैन।" (बुखरी र मुस्लिम) मुस्लिममा अर्को हदीस छ: "जसले कुनै यस्तो काम गर्छ, जुन हाम्रो तरिका अनुसार छैन, त्यो स्वीकार्य छैन ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले धर्ममा कुनै नयाँ कुरा आविष्कार गर्छ वा कुरआन र हदीसबाट प्रमाणित नभएको कुरा गर्छ भने त्यसलाई उसै तर्फ फर्काइनेछ र त्यो अल्लाहको नजरमा स्वीकार्य छैन ।

## हदीसका केही फाइदाहरू:

1. ईबादत (उपासना) को आधार कुरान र हदीस हो । तसर्थ, हामी कुरान र हदीसमा उल्लेख गरिएको तरिका अनुसार अल्लाहको उपासना गर्नेछौं ।
2. तसर्थ, नयाँ उपासना वा उपासनाका नयाँ रूपहरूबाट सधैं टाढा रहनुहोस् ।
3. धर्म - विचार र राम्रा भावनामा आधारित हैन । यो त रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को अनुसरणमा आधारित छ ।
4. यो हदीस धर्मको पूर्णताको प्रमाण हो ।
5. बिदअत भनेको त्यो प्रत्येक आस्था, कथन वा कार्य हो जुन धर्मको एक भागको रूपमा आविष्कार गरिएको हो र यो रसूल (सल्लल्लाहु अलैहि वसल्लम) र उहाँका साथीहरूको समयमा अवस्थित थिएन ।
6. यस हदीसले इस्लामको आधारहरुमध्ये एक महत्वपूर्ण सिद्धान्त र इबादतको लागि यो एक मापदण्ड प्रस्तुत गर्दछ । जसरी कुनै कार्यमा इख्लास (अल्लाहको प्रसन्नता) छैन भने गर्ने व्यक्तिले त्यसको कुनै प्रतिफल पाउँदैन, त्यसैगरी यदि इबादत रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को तरिका अनुसार छैन भने गर्ने व्यक्ति तर्फ फर्काइनेछ ।
7. धर्मसँग सम्बन्धित नयाँ चीजहरू आविष्कार गर्न मात्र निषेध गरिएको छ, संसारसँग सम्बन्धित कुरा होइन ।

(4792)

(3) – عن عمر بن الخطاب رضي الله عنه قال: بَيْنَمَا نَحْنُ عِنْدَ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ ذَاتَ يَوْمٍ إِذْ طَلَعَ عَلَيْنَا رَجُلٌ شَدِيدُ بَيَاضِ الثِّيَابِ، شَدِيدُ سَوَادِ الشَّعَرِ، لَا يُرَى عَلَيْهِ أَثَرُ السَّفَرِ، وَلَا يَعْرِفُهُ مِنَّا أَحَدٌ، حَتَّى جَلَسَ إِلَى النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، فَأَسْنَدَ رُكْبَتَيْهِ إِلَى رُكْبَتَيْهِ، وَوَضَعَ كَفَّيْهِ عَلَى فَخِذَيْهِ، وَقَالَ: يَا مُحَمَّدُ، أَخْبِرْنِي عَنِ الْإِسْلَامِ، فَقَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**الْإِسْلَامُ أَنْ تَشْهَدَ أَنْ لَا إِلَهَ إِلَّا اللهُ، وَأَنَّ مُحَمَّدًا رَسُولُ اللهِ، وَتُقِيمَ الصَّلَاةَ، وَتُؤْتِيَ الزَّكَاةَ، وَتَصُومَ رَمَضَانَ، وَتَحُجَّ الْبَيْتَ إِنِ اسْتَطَعْتَ إِلَيْهِ سَبِيلًا**» قَالَ: صَدَقْتَ، قَالَ: فَعَجِبْنَا لَهُ، يَسْأَلُهُ وَيُصَدِّقُهُ، قَالَ: فَأَخْبِرْنِي عَنِ الْإِيمَانِ، قَالَ: «**أَنْ تُؤْمِنَ بِاللهِ، وَمَلَائِكَتِهِ، وَكُتُبِهِ، وَرُسُلِهِ، وَالْيَوْمِ الْآخِرِ، وَتُؤْمِنَ بِالْقَدَرِ خَيْرِهِ وَشَرِّهِ**» قَالَ: صَدَقْتَ، قَالَ: فَأَخْبِرْنِي عَنِ الْإِحْسَانِ، قَالَ: «**أَنْ تَعْبُدَ اللهَ كَأَنَّكَ تَرَاهُ، فَإِنْ لَمْ تَكُنْ تَرَاهُ فَإِنَّهُ يَرَاكَ**» قَالَ: فَأَخْبِرْنِي عَنِ السَّاعَةِ، قَالَ: «**مَا الْمَسْؤُولُ عَنْهَا بِأَعْلَمَ مِنَ السَّائِلِ**» قَالَ: فَأَخْبِرْنِي عَنْ أَمَارَتِهَا، قَالَ: «**أَنْ تَلِدَ الْأَمَةُ رَبَّتَهَا، وَأَنْ تَرَى الْحُفَاةَ الْعُرَاةَ الْعَالَةَ رِعَاءَ الشَّاءِ يَتَطَاوَلُونَ فِي الْبُنْيَانِ**» قَالَ: ثُمَّ انْطَلَقَ، فَلَبِثْتُ مَلِيًّا ثُمَّ قَالَ لِي: «**يَا عُمَرُ، أَتَدْرِي مَنِ السَّائِلُ؟**» قُلْتُ: اللهُ وَرَسُولُهُ أَعْلَمُ، قَالَ: «**فَإِنَّهُ جِبْرِيلُ، أَتَاكُمْ يُعَلِّمُكُمْ دِينَكُمْ**». [صحيح] - [رواه مسلم]

(3) – उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन् : "एक दिन हामी अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को साथमा बसिरहेका थियौं, अचानक एक जना मानिस देखा पर्‍यो, उनको लुगा धेरै सेतो र कपाल धेरै कालो थियो । उनको शरीरमा यात्राको कुनै प्रभाव देखिएन र हामी मध्ये कसैले पनि उनलाई चिन्न सकेनौं । उनी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को अगाडि बसे र आफ्नो घुँडालाई उहाँको घुँडामा जोडेर आफ्नो दुवै हत्केला उहाँको तिघ्रामा राखे र प्रश्न सोधे: ए मुहम्मद! मलाई इस्लामको बारेमा बताउनुहोस् ? तब अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले जवाफ दिनुभयो : “इस्लाम भनेको अल्लाह बाहेक कोही सत्य पूज्य छैन र मुहम्मद अल्लाहका सन्देष्टा हुनुहुन्छ भन्ने गवाही दिनु, सलाह (नमाज) कायम गर्नु, जकात दिनु, रमजानको रोजा राख्नु र सक्षम व्यक्तिले अल्लाहको घरसम्म हज गर्नु हो ।” उनले भने : हजुरले सही जवाफ दिनु भयो । हामी आश्चार्य चकित भयौं, यो कस्तो प्रकारको व्यक्ति हो, प्रश्न पनि सोध्छ र उत्तर पनि सही हो भन्छ । उनले फेरि सोधे : मलाई ईमानको बारेमा बताउनुहोस् ? उहाँले जवाफ दिनुभयो: “अल्लाह, उहाँका फरिश्ता (स्वर्गसन्देष्टा) हरू, उहाँका पुस्तकहरू, उहाँका रसूल (सन्देशवाहक) हरू र अन्तिम दिनमा विश्वास गर्नु तथा राम्रो नराम्रो भाग्य (तकदीर) मा विश्वास गर्नु भनेको ईमान हो ।” उनले भने : हजुरले सही जवाफ दिनु भयो । उनले फेरि सोधे : मलाई एहसानको बारेमा बताउनुहोस् ? तब उहाँले ले जवाफ दिनुभयो: "अल्लाहको आराधना यसरी गर, मानौं तिमी उहाँलाई देख्दैछौ । यदि तिमी अल्लाहलाई देखेको कल्पना गर्न सक्दैनौ भने उहाँले तिमीलाई देखिरहनुभएको छ ।" उनले फेरि सोधे : कयामत कहिले आउँछ? उहाँले ले जवाफ दिनुभयो: “जोसँग प्रश्न सोधिएकोछ उ सोध्ने व्यक्ति भन्दा बढी जान्दैन ।” फेरि उनले सोधे : त्यसो भए कयामतको संकेतको बारेमा बताउनुहोस् ? उहाँले ले जवाफ दिनुभयो: “दासीले आफ्ना मालकिनहरूलाई जन्म दिन थाल्नेछन्, खाली खुट्टा, नाङ्गो शरीर गरिब र बाख्राका गोठालाहरू अग्लो-अग्लो महलहरूमा गर्व गर्नेछन् ।” त्यसपछि त्यो व्यक्ति गयो । केही क्षणपछि उहाँले मलाई सोध्नुभयो: ए उमर ! “तिमीलाई थाहा छ यो प्रश्न सोध्ने व्यक्ति को थियो?" मैले भने अल्लाह र उहाँको रसूल राम्रो जान्नुहुन्छ । उहाँले ले

भन्नुभयो : उनी जिब्रील थिए, तिमीहरूलाई तिम्रो धर्म सिकाउन आएका थिए ।”
[सही] - [मुस्लिमले वर्णन गरेका छन्]

**व्याख्या:**

उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, जिब्रील (अलैहिस्सलाम) एक अपरिचित व्यक्तिको रूपमा सहाबा (पैगम्बरका साथी) हरू कहाँ आए । उनका केही विशेषताहरू भनेको: उनको लुगा धेरै सेतो थियो र कपाल धेरै कालो थियो । उनको शरीरमा थकान, धुलो छरिएको कपाल र फोहोर लुगा जस्ता यात्राको कुनै प्रभाव देखिएन । त्यहाँ उपस्थित कसैले पनि उनलाई चिन्न सकेनन् । त्यतिबेला सहाबा (पैगम्बरका साथी) हरू अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को छेउमा बसिरहेका थिए । उनी एक विद्यार्थी जस्तै उहाँको अगाडि बसे र त्यसपछि इस्लामको बारेमा प्रश्न गरे अनि उहाँले इस्लामको पाँच स्तम्भ; शहादह (दुवै गवाही), दैनिक पाँच सलाह (नमाज) को स्थापना, हकदार व्यक्तिहरूलाई जकात दिने, रमजान महिनाको रोजा राख्ने र सक्षम व्यक्तिले हज गर्ने जवाफ दिए।

जवाफ सुनेपछि प्रश्नकर्ताले भने: तपाईंले सत्य बोल्नुभयो । यो देखेर सहाबा (पैगम्बरका साथी) हरू आश्चर्यचकित भए, उनले सोध्दा थाहा छैन भनेर देखाउँदछ, तर भनेको कुराको पुष्टि पनि गर्दै छ ।

त्यसपछि उनले उहाँलाई ईमानको बारेमा सोधे, उहाँले ईमानका छ वटा निम्न स्तम्भहरूको बारेमा जवाफ दिनुभयो; अल्लाहको अस्तित्व र उहाँका गुणहरूमा विश्वास गर्नु, उहाँ सृष्टि लगायत हरेक कामहरूमा एक्लै हुनुहुन्छ र उहाँको मात्र उपासना गर्नु । अल्लाहले प्रकाशबाट सृष्टि गर्नुभएको फरिश्ता (स्वर्गदूत) हरू उहाँका आदरणीय सेवकहरू हुन्, जसले अल्लाहको अवज्ञा गर्दैनन् र उहाँका आदेशहरू पालना गर्छन् भनी विश्वास गर्नु । अल्लाहबाट पैगम्बरहरूका लागि पठाइएका आकाशीय ग्रन्थहरू जस्तै कुर्आन, तोराह र इन्जिल आदिमा आस्था राख्नु । त्यसैगरी सम्पूर्ण दूतहरूमा विश्वास राख्नु, जस्तैः नूह, इब्रहीम (अब्राहाम), मोशा, येशू तथा अन्य दूतहरू र अन्तिम दूत मुहम्मद (सल्लल्लाहु अलैहि वा सल्लम) मा विश्वास राख्नु। अन्तिम दिनमा विश्वास गर्नु,

जसमा मृत्यु पछि बर्जख (चिहान) को जीवनमा विश्वास, साथै मृत्युपछि मानिस पुनरुत्थान हुनेछ र त्यसको लेखाजोखा हुनेछ र कर्म अनुसार वासस्थान; स्वर्ग वा नर्क हुने कुरामा विश्वास । अल्लाहले आफ्नो पूर्व ज्ञान र बुद्धि अनुसार सबै चीजहरू अघि नै लेख्नुभएको छ र पछि ती सबै चीजहरू उहाँको मनसाय र उहाँको भविष्यवाणी अनुसार हुन्छन् भन्ने तथ्यमा विश्वास राख्नु । त्यसपछि उनले एहसानको बारेमा सोधे, अनि उहाँले भन्नुभयो, एहसान भनेको अल्लाहलाई देखेको जस्तो गरी उपासना गर्नु, यदि यो ध्यान पुग्न सकिँदैन भने, अल्लाहले उसलाई हेर्दै हुनुहुन्छ सोचेर अल्लाहको उपासना गर्नु । यहाँ पहिलो स्थान दर्शन हो, जुन उच्च छ र दोस्रो स्थान मनमा ध्यान हो ।

त्यसपछि उनले कयामत कहिले आउँछ, सोधे ? अनि उहाँले जवाफमा भन्नुभयो, कयामतको ज्ञान ती चीजहरू मध्ये एक हो जसको ज्ञान अल्लाहले सुरक्षित राख्नुभएको छ । त्यसैले यसको बारेमा कसैलाई थाहा छैन । नत प्रश्न सोध्नेलाई, नत जवाफ दिनेलाई ।

त्यसपछि उनले कयामतका संकेतहरूका बारे सोधे, अनि उहाँले जवाफ दिनुभयो, दासी र तिनीहरूको गर्भबाट जन्मिने बच्चाहरू धेरै हुनेछन र धेरै छोराछोरीले आमाका अनाज्ञाकारी हुन्छन् र दास जस्तै व्यवहार गर्छन् । अर्को चिन्ह: अन्तिम दिनहरूमा बाख्रा चराउने गोठाला र भिखारीहरूलाई ठूलो मात्रामा सम्पत्ति दिइनेछ र तिनीहरूले एकअर्कासगँ आफ्ना सुन्दर र बलिया भवनहरूको बारेमा घमण्ड गर्नेछन् ।

अन्तमा, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, प्रश्न सोध्ने व्यक्ति जिबरील थिए, जो सहाबाहरूलाई इस्लाम सिकाउन आएका थिए ।

## हदीसका केही फाइदाहरू:

1. नबी (सल्लल्लाहु अलैहि वसल्लम) को आदर्श जीवनको बयान, र उहाँ आफ्ना साथीहरू सँगै घुलमिल भएर बस्नुहुन्थ्यो र उनीहरु पनि उहाँ नजिक बस्ने गर्थे ।
2. प्रश्नकर्तासँग नम्रतापूर्वक व्यवहार गर्नुपर्छ र उसलाई आफ्नो नजिक बस्न दिने प्रेरणा, ताकि उसले बिना कुनै डर र हिचकिचाहट सोध्न सकोस् ।

3. शिक्षकसँग शिष्ट व्यवहार गर्नुपर्छ, जसरी जिबरील रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को अगाडि आदरपूर्वक बसेका थिए, ताकि उनी उहाँबाट ज्ञान प्राप्त गर्न सकून् ।
4. इस्लामका पाँच स्तम्भहरू र ईमानका छ वटा आधारहरू छन् ।
5. जब इस्लाम र इमान दुबै शब्दहरू एकसाथ आउँछन्, तब इस्लामलाई बाह्य चीजहरूको सन्दर्भमा व्याख्या गरिनेछ र इमानलाई आन्तरिक चीजहरूको सन्दर्भमा व्याख्या गरिनेछ ।
6. दीन (धर्म) का फरक-फरक स्तरहरू छन् । पहिलो : इस्लाम, दोस्रो : ईमान र तेस्रो : इहसान, जुन उच्चतम हो ।
7. प्रश्न सोध्नेलाई ज्ञान हुँदैन र अज्ञानताका कारण प्रश्न सोध्नु स्वभाविक कुरा हो । त्यसैले उनको प्रश्न र उत्तरको पुष्टिले गर्दा सहाबाहरु छक्क परेका थिए ।
8. कुराहरू वर्णन गर्दा सबैभन्दा महत्त्वपूर्णबाट सुरु गर्नुपर्छ । त्यसैले इस्लामको व्याख्या गर्दा दुवै गवाहीबाट सुरु गरिएको थियो र आस्थाको व्याख्या गर्दा अल्लाहमाथिको आस्थाबाट सुरु गरिएको थियो ।
9. धर्मगुरु र विद्वानसँग यस्ता कुराहरू सोध्न सकिन्छ, जुन प्रश्नकर्तालाई थाहा छ, ताकि अरूलाई पनि थाहा होस् ।
10. कयामत कहिले आउँछ भन्ने जानकारी अल्लाहले आफैसँग सुरक्षित राख्नु भएको छ ।

(4563)

(4) – عَنْ عَبْدِ اللهِ بنِ عُمَر رضي الله عنهما قال: قال رسولُ الله صلى الله عليه وسلم: «بُنِيَ الْإِسْلَامُ عَلَى خَمْسٍ: شَهَادَةِ أَنْ لَا إِلَهَ إِلَّا اللهُ، وَأَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ، وَإِقَامِ الصَّلَاةِ، وَإِيتَاءِ الزَّكَاةِ، وَحَجِّ الْبَيْتِ، وَصَوْمِ رَمَضَانَ». [صحيح] - [متفق عليه]

(4) – अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "इस्लाम पाँच कुराहरूमा आधारित छ: अल्लाह बाहेक कोही साँचो ईश्वर छैन र मुहम्मद अल्लाहका दास र रसूल हुनुहुन्छ भन्ने गवाही दिनु, नमाज स्थापना गर्नु, जकात दिनु, हज गर्नु र रमजान महिनामा उपवास बस्नु ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले इस्लाम धर्मलाई पाँच स्तम्भहरूमा खडा भएको ठोस भवनसँग तुलना गर्नुभयो र इस्लामका बाँकी विशेषताहरूलाई यस भवनका पूरक बताउनु भयो । यी पाँच स्तम्भहरू मध्ये पहिलो स्तम्भ: शहादतान (दुबै गवाही); अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद ईश्वरका दूत हुनुहुन्छ भन्ने गवाही दिनु ; यी दुबै गवाहीहरू एउटै स्तम्भ हुन्, जुन एकअर्काबाट कहिले अलग हुनसक्दैन । भक्तले अल्लाह एक हुनुहुन्छ र उहाँ मात्र उपासना योग्य हुनुहुन्छ स्वीकार गर्दै आफ्नै जिब्रोले भन्नुपर्छ र यसको आशा अभिलाषालाई पुरा गर्नुपर्छ । त्यसैगरी पैगम्बर मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) मा आस्था राख्दै उहाँको अनुसरण गर्नुपर्छ । दोस्रो स्तम्भ : सलाह (नमाज) स्थापना गर्नु, दिन रातमा पाँच फर्ज नमाजहरूलाई तिनीहरूको सर्त, स्तम्भ र अनिवार्य कार्यहरूका साथ पढ्नु पर्छ । फजर, जुहर, अस्र, मगरिब र ईशा अनिवार्य सलाहहरू हुन् । तेस्रो स्तम्भ : जकात दिनु, वास्तवमा जकात एक आर्थिक उपासना हो, शरीयतले तोकेको धनसम्पत्तिमा एक निश्चित मात्रामा निकालेर हकदार मानिसहरूलाई दिइन्छ । चौथो स्तम्भ : हज गर्नु, अल्लाहको उपासनाको लागि केही विशेष कार्यहरू गर्न मक्का जाने नाम हो । पाँचौं स्तम्भ : रमजान महिनामा उपवास बस्नु हो । उपवास भनेको

अल्लाहको उपासना गर्ने मनसायले बिहान फजर देखि सूर्यास्तसम्म उपवास तोड्ने खानेकुरा, पेय पदार्थ र अन्य चीजहरूबाट अलग रहनुको नाम हो ।

## हदीसका केही फाइदाहरू:

1. दुवै गवाही अनिवार्य रूपमा एक अर्कासँग जोडिएको छ । यदि एकलाई छोडियो भने, अर्को सही हुनेछैन । त्यसैले दुवैलाई एउटै स्तम्भ बनाइएको छ ।
2. यी दुवै गवाहीहरू धर्मका आधार हुन् । यो बिना, कुनै पनि शब्द र कार्य स्वीकार्य हुनेछैन ।

(65000)

(5) – عَنْ مُعَاذٍ رَضِيَ اللَّهُ عَنْهُ، قَالَ: كُنْتُ رِدْفَ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ عَلَى حِمَارٍ يُقَالُ لَهُ عُفَيْرٌ، فَقَالَ: «**يَا مُعَاذُ، هَلْ تَدْرِي حَقَّ اللَّهِ عَلَى عِبَادِهِ، وَمَا حَقُّ العِبَادِ عَلَى اللَّهِ؟**»، قُلْتُ: اللَّهُ وَرَسُولُهُ أَعْلَمُ، قَالَ: «**فَإِنَّ حَقَّ اللَّهِ عَلَى العِبَادِ أَنْ يَعْبُدُوهُ وَلا يُشْرِكُوا بِهِ شَيْئًا، وَحَقَّ العِبَادِ عَلَى اللَّهِ أَنْ لا يُعَذِّبَ مَنْ لا يُشْرِكُ بِهِ شَيْئًا**»، فَقُلْتُ: يَا رَسُولَ اللَّهِ أَفَلاَ أُبَشِّرُ بِهِ النَّاسَ؟ قَالَ: «**لا تُبَشِّرْهُمْ، فَيَتَّكِلُوا**».

[صحيح] - [متفق عليه]

(5) – मुआज (रजियल्लाहु अन्हु) बाट उद्‌धृत गरिएको छ, वहाँले भन्नुहुन्छ: म रसूल (सल्लल्लाहु अलैहि वसल्लम)को पछाडि उफैर नामको गधा माथि सवार थिएँ । उहाँले भन्नुभयो: “हे मोअज! के तिमीलाई थाहा छ, भक्तहरूमाथि अल्लाहको अधिकार र अल्लाहमाथि भक्तहरूको अधिकार के हो?” मैले भनें: अल्लाह र उहाँका रसूललाई राम्ररी थाहा छ । उहाँले भन्नुभयो: "भक्तहरूमाथि अल्लाहको अधिकार के हो भने तिनीहरूले उहाँको मात्र उपासना गरून् र उहाँको (उपासना)मा कसैलाई साझेदार नबनाऊन (शिर्क नगरून्) र अल्लाहमाथि भक्तहरूको अधिकार के हो भने जसले उहाँको (उपासना)मा कसैलाई साझेदार बनाउदैन, वहाँले उसलाई दण्ड नदिऊन् । मैले भने: हे अल्लाहका दूत, के म मानिसहरूलाई यो शुभ समाचार नदिउँ ? उहाँले भन्नुभयो: "नदेऊ, अन्यथा मानिसहरू त्यसमा भर परेर बस्नेछन् (र सूकर्म गर्ने छैनन्) ।"

**[सही] - [मुत्तफकुन अलैहि]**

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यस हदीसमा भक्तहरूमाथि अल्लाहको अधिकार र अल्लाहमाथि भक्तहरूको अधिकार के हो भनेर व्याख्या गर्नुभएको छ। भक्तहरूमाथि अल्लाहको अधिकार भनेको केवल एक अल्लाहको उपासना गर्नु र उहाँसँग अरू कसैलाई साझेदार नबनाउनु हो। अल्लाहमाथि भक्तहरूको अधिकार यो हो कि एकेश्वरवादी भक्तहरू लाई; जसले उहाँसँग कसैलाई साझेदार बनाएनन्, दण्ड नदिनु हो । पछि मुआजले भने: हे अल्लाहका रसूल! के म मानिसहरूलाई यसको शुभ समाचार नदिउँ ? ताकि उनीहरु यो अनुग्रह थाहा पाएर रमाऊन् र हर्षित होउन् ? तर मानिसहरू

यसैमा निर्भर हुनेछन् भन्ने डरले नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई त्यसो गर्न मनाही गर्नुभयो।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा अल्लाहको भक्तहरूमाथि अनिवार्य गरिएको अधिकारको वर्णन छ; कि मानिसहरूले मात्र अल्लाहको  उपासना गर्नुपर्छ र वहाँसँग कसैलाई साझेदार बनाउनु हुँदैन।
2. यस हदीसमा अल्लाहमाथि भक्तहरूको अधिकारको स्पष्टिकरण छ, जुन वहाँले आफू माथि आफ्नो कृपा र अनुग्रहले अनिवार्य गर्नुभएको छ, कि वहाँले तिनीहरूलाई स्वर्गमा प्रवेश गराउने छन् र तिनीहरूलाई सजाय दिने छैनन्।
3. यस हदीसमा, ती एकेश्वरवादीहरूका लागि ठूलो खुशीको खबर छ, जसले अल्लाहसँग कसैलाई साझेदार बनाउदैनन्, कि अन्ततः तिनीहरूको भाग्य स्वर्ग प्रवेश गर्नु हो ।
4. मुआजले ज्ञान लुकाउने पापमा लिप्त हुने डरले आफ्नो मृत्यु अघि यो हदीस बताउनुभयो ।
5. हदीसको अर्थ र तात्पर्यलाई केही मानिसहरूले ठम्याउन नसक्ने डरले केही हदीसहरू वर्णन नगर्नुको चेतावनी छ। तर यो कुरा ती हदीसहरूको सन्दर्भमा हो जसबाट न त कुनै कर्म-कानुन लागू हुन्छ र न त जसमा धार्मिक कानूनको विधिविधान समावेश गरिएको छ ।
6. एकेश्वरवादी पापीहरू अल्लाहको इच्छा अन्तर्गत हुनेछन्। वहाँले चाहनुभयो भने तिनीहरूलाई दण्ड दिनुहुनेछ वा क्षमा गरेर अन्ततः तिनीहरूलाई स्वर्गमा प्रवेश गराउनु हुनेछ।

(65007)

(6) – عن أنس بن مالك رضي الله عنه: أَنَّ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ وَمُعَاذٌ رَدِيفُهُ عَلَى الرَّحْلِ قَالَ: «**يَا مُعَاذُ بْنَ جَبَلٍ**»، قَالَ: لَبَّيْكَ يَا رَسُولَ اللهِ وَسَعْدَيْكَ، قَالَ: «**يَا مُعَاذُ**»، قَالَ: لَبَّيْكَ يَا رَسُولَ اللهِ وَسَعْدَيْكَ، ثَلَاثًا، قَالَ: «**مَا مِنْ أَحَدٍ يَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ وَأَنَّ مُحَمَّدًا رَسُولُ اللهِ صِدْقًا مِنْ قَلْبِهِ إِلَّا حَرَّمَهُ اللهُ عَلَى النَّارِ**»، قَالَ: يَا رَسُولَ اللهِ، أَفَلَا أُخْبِرُ بِهِ النَّاسَ فَيَسْتَبْشِرُوا؟ قَالَ: «**إِذًا يَتَّكِلُوا**». وَأَخْبَرَ بِهَا مُعَاذٌ عِنْدَ مَوْتِهِ تَأَثُّمًا. [صحيح] - [متفق عليه]

(6) – अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले सवारीमा पछाडि बसिरहेको मुआजलाई भन्नुभयो: "हे मुआज!" उनले जवाफ दिए: हे अल्लाहको रसूल! म हाजिर छु । उहाँले भन्नुभयो: "हे मुआज!" उनले जवाफ दिए: हे अल्लाहको रसूल! म हाजिर छु । उहाँले तीन पटक यसरी बोल्नुभयो र त्यसपछि उहाँले भन्नुभयो: " जसले अल्लाह बाहेक कोही साँचो ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका दास र दूत हुन् भनी साँचो हृदयले गवाही दिन्छ, अल्लाहले उसको लागि नरक निषेध गर्नुहुनेछ । उनले भने: हे अल्लाहको रसूल! के म अरूलाई यसको जानकारी दिऊ ताकि तिनीहरू खुसी हुन्? उहाँले भन्नुभयो: "त्यसो गर्दा तिनीहरू यसैमा भर पर्नेछन् ।" तर मुआज (रजियल्लाहु अन्हु) ले यो हदीस आफ्नो मृत्युको समयमा (ज्ञान लुकाउने) पापबाट बच्नको लागि सुनाए । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

मुआज बिन जबल (रजियल्लाहु अन्हु) नबी (सल्लल्लाहु अलैहि वसल्लम) को पछाडि सवारीमा सवार थिए । उहाँले हे मुआज! भनेर तीन पटक आवाज दिनुभयो । तीन पटक सम्बोधन गर्नुको उद्देश्य भनेको उहाँले भन्न लाग्नुभएको कुराको महत्त्व स्पष्ट पार्नु थियो ।

त्यसैले मुआजले हरेक पटक जवाफ दिए: हे अल्लाहको रसूल! म तपाईंको हरेक आवाजको जवाफ दिनेछु र यसलाई म आफ्नो लागि गौरवको कुरा मान्छु ।

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई बताउनुभयो, जसले अल्लाह बाहेक कोही सत्य ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुन् भनी साँचो हृदयले गवाही दिन्छ अनि त्यही अवस्थामा मर्छ, अल्लाहले उसको लागि नर्क निषेध गर्नुहुनेछ ।

यो सुनेपछि, मुआज (रजियल्लाहु अन्हु) ले मानिसहरूलाई यो हदीस सुनाउन उहाँसंग अनुमति मागे, ताकि मानिसहरूमा खुशीको लहर फैलियोस् ।

तर अरूहरूले यसैमा भर पर्छन् र कर्ममा पछाडि हुन्छन् भन्ने डरले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मनाही गर्नुभयो ।

त्यसैले मुआज (रजिअल्लाहु अनहु)ले यो हदीस कसैलाई सुनाएनन् । तर, ज्ञान लुकाउने पापमा फस्ने डरले उनले मृत्युअघि यो हदीस सार्वजनिक गरे ।

## हदीसका केही फाइदाहरू:

1. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को नम्रता, उहाँले मुआज रजिअल्लाहु लाई सवारीमा आफ्नो पछाडि बसाउनुभयो ।
2. यहाँ रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को शिक्षाको एक उत्कृष्ट तरीका छर्लङ्ग हुन्छ, उहाँले मुआज बिन जबल (रजियल्लाहु अन्हु) को ध्यान आकर्षित गर्न बारम्बार बोलाउनुभयो ।
3. शहादह (गवाही) का शर्तहरू : अल्लाह बाहेक कोही उपासनाको योग्य छैन र मुहम्मद अल्लाहको रसूल हुन् भन्ने गवाही दिने व्यक्तिले साँचो हृदय र पूर्ण विश्वासका साथ गवाही दिनु पर्छ । यसमा कुनै शङ्का वा झूट हुनुहुँदैन ।
4. तौहीद वाला (एकेश्वरवादी) हरू सधैंभरि नरकमा रहनेछैनन् , पापले गर्दा नर्कमा गए पनि शुद्ध भएपछि बाहिर निकालिनेछन् ।
5. सच्चा हृदयले दुवै गवाही दिने सद्गुण ।

6. कतिपय अवस्थामा केही हदीसहरू वर्णन गर्दा हानि हुने डरले त्यसलाई बयान नगर्नु पनि अनुमति छ ।

(10098)

(7) – عن طارق بن أشيم الأشجعي رضي الله عنه قال: سمعت رسول الله صلى الله عليه وسلم يقول: «مَنْ قَالَ: لَا إِلَهَ إِلَّا اللهُ، وَكَفَرَ بِمَا يُعْبَدُ مِنْ دُونِ اللهِ حَرُمَ مَالُهُ وَدَمُهُ، وَحِسَابُهُ عَلَى اللهِ».
[صحيح] - [رواه مسلم]

(7) – तारिक बिन अशयम अल-अशजई (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "जसले 'ला इलाह इल्लल्लाह' (अल्लाह बाहेक कोही सत्य ईश्वर छैन) को गवाही दिन्छ र अल्लाह बाहेक सबैको पूजा अस्वीकार गर्छ, उसको धन र रगत सुरक्षित हुनेछ र उसको हिसाब अल्लाहसँग हुनेछ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

**व्याख्या:**

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) भनिरहनुभएको थियो, जसले आफ्नो जिब्रोले 'ला इलाह इल्लल्लाह' (अल्लाह बाहेक कोही सत्य ईश्वर छैन) भनी गवाही दिन्छ र अल्लाह बाहेक पूजा गर्ने सबैलाई अस्वीकार गर्दछ र इस्लाम बाहेक सबै धर्महरूबाट आफ्नो निर्दोषता देखाउँदछ । उसको धन र रगत मुस्लिमहरूका लागि हराम भयो, किनभने हामी उसको बाह्य हाल मात्र देख्रेछौं । त्यसकारण उसको सम्पत्ति खोस्न सकिँदैन र रगत बगाउन सकिँदैन । हो! यदि उसले कुनै पाप वा अपराध गर्छ, जसको कारणले उसको रगत वा सम्पत्ति इस्लामको प्रावधान अनुसार हलाल हुन्छ भने त्यो फरक कुरा हो ।

यस्तो अवस्थामा अल्लाहले न्यायको दिन उनको हिसाब लिनुहुनेछ । यदि ऊ इमान्दार र सच्चा थियो भने उहाँले उसलाई पुरस्कृत गर्नुहुनेछ र यदि ऊ कपटी र झुटो थियो भने, उहाँले उसलाई दण्ड दिनुहुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. जिब्रोले "ला इलाह इल्लल्लाह" भन्नु र अल्लाह बाहेकका सबै लाई इन्कार गर्नु इस्लाममा प्रवेश गर्ने शर्त हो ।
2. ला इलाह इल्लल्लाहको अर्थ : अल्लाह बाहेक पूजा गरिने सबैलाई अस्वीकार गर्नु हो, जस्तै मूर्तिहरू, चिहानहरू र केवल एक अल्लाहको उपासना गर्नु ।
3. जसले तौहीद (एकेश्वरवाद) लाई स्वीकार गर्छ र इस्लामका विधिविधान र आदेशहरूलाई बाहिरी रूपमा पालन गर्छ, उसको विपरीत केही प्रमाणित नभएसम्म उसको मामिलामा धैर्य रहनुपर्छ ।
4. मुस्लिमको जीवन, सम्पत्ति, इज्जत र प्रतिष्ठामा अन्यायपूर्ण छेडछाड गर्न निषेध गरिएको छ ।
5. यस संसारमा बाहिरी रूप अनुसार र परलोकमा नियत र उद्देश्य अनुसार निर्णय लिइनेछ ।

(6765)

(8) – عَنْ جَابِرٍ رضي الله عنه قَالَ: أَتَى النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ رَجُلٌ فَقَالَ: يَا رَسُولَ اللهِ، مَا الْمُوجِبَتَانِ؟ فَقَالَ: «مَنْ مَاتَ لَا يُشْرِكُ بِاللهِ شَيْئًا دَخَلَ الْجَنَّةَ، وَمَنْ مَاتَ يُشْرِكُ بِاللهِ شَيْئًا دَخَلَ النَّارَ» [صحيح] - [رواه مسلم]

(8) – जाबिर (रजियल्लाहु अन्हु) बाट उद्धृत गरिएको छ, वहाँ भन्नुहुन्छ: एक व्यक्ति रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सेवामा आयो र उसले सोध्यो: हे अल्लाहका रसूल! निश्चित रुपमा हुने दुई कुराहरू के हुन्? उहाँले जवाफ दिनुभयो: "जसले शिर्क (अल्लाहको उपासनाको अधिकार अरू लाई दिनु ) नगरीकन मर्छ, ऊ स्वर्गमा प्रवेश गर्नेछ र जसले शिर्क गर्दागर्दै मर्छ, ऊ नर्कमा प्रवेश गर्नेछ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

एक व्यक्तिले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई ती दुइ कर्महरूको बारेमा सोधे, जसलाइ गरेर एकजनाले निश्चित रुपमा स्वर्गमा प्रवेश पाउँछ भने अर्कोले निश्चित रुपमा नर्कको बास ? रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले जवाफ दिनुभयो: एकेश्वरवादी भइ एक मात्र अल्लाहको उपासना गर्ने र उहाँसँग अरू कसैलाई साझेदार नबनाउने अवस्थामा मृत्यु हुँदा मानिस निश्चित रुपमा स्वर्गमा प्रवेश गर्ने छ । र जुन कर्मले गर्दा मानिस निश्चित रुपमा नर्कमा जानेछ, त्यो यो हो कि शिर्क मा लिप्त हुने अवस्थामा मानिसको मृत्यु होस , अर्थात अल्लाहको प्रभुत्व वा ईश्वरत्व मा वा उहाँको नाम र विशेषताहरूमा अरुलाई उहाँको समान र तुल्य मानेको अवस्थामा मानिसको मृत्यु होस।

## हदीसका केही फाइदाहरू:

1. यस हदीस बाट तौहीद (एकेश्वरवाद) को महत्व र जसले अल्लाहसँग कसैलाई साझेदार नगरी ईमानको अवस्थामा मर्छ भने ऊ स्वर्गमा प्रवेश पाउँनेछ भन्ने कुरा स्पष्ट हुन्छ ।

2. यस हदीसमा शिर्कको गम्भीरता र जसले शिर्क (अल्लाहसँग कसैलाई साझेदार बनाएको) अवस्थामा मर्छ भने ऊ नरक प्रवेश पाउँनेछ भन्ने कुरा उल्लेख गरिएको छ ।
3. एकेश्वरवादी (तौहीद) पापीहरू अल्लाहको इच्छाको अन्तर्गत हुनेछन् । उहाँले चाहनु भए भने तिनीहरू दण्डित हुनेछन् वा उहाँको इच्छा अनुसार तिनीहरूलाई क्षमा प्रदान गरिनेछ, त्यसपछि अन्ततः स्वर्गमा जानेछन्।

(65008)

(9) – عَنْ عَبْدِ اللهِ بنِ مَسْعُودٍ رضي الله عنه قال: قَالَ النَّبِيُّ صلى الله عليه وسلم كَلِمَةً وَقُلْتُ أُخْرَى، قَالَ النَّبِيُّ صلى الله عليه وسلم: **«مَنْ مَاتَ وَهُوَ يَدْعُو مِنْ دُونِ اللهِ نِدًّا دَخَلَ النَّارَ»** وَقُلْتُ أَنَا: مَنْ مَاتَ وَهُوَ لَا يَدْعُو لِلهِ نِدًّا دَخَلَ الْجَنَّةَ. [صحيح] - [متفق عليه]

(9) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्,: रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एउटा कुरा भन्नुभयो र मैले अर्को भनें । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: " जो अल्लाह बाहेक अरूको उपासना गरेको अवस्थामा मर्छ, ऊ नरकमा जानेछ ।" मैले भनें: जो व्यक्ति अल्लाहसँग कसैलाई साझेदार नगरेको अवस्थामा मर्यो भने ऊ स्वर्गमा प्रवेश गर्नेछ । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले अल्लाह बाहेक अरूको लागि कुनै काम गर्दछ, जुन अल्लाहको लागि मात्र गर्नुपर्छ, जस्तै अल्लाह बाहेक अरूसित दुआ माग्नु वा समस्याको समयमा अरू कसैलाई पुकार्नु इत्यादि र यसै अवस्थामा संसार छोड्छ भने ऊ नरकमा जानेछ । अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले थप भनेका छन्, जो व्यक्ति

अल्लाहसँग कसैलाई साझेदार नगरेको अवस्थामा मर्यो भने ऊ स्वर्गमा प्रवेश गर्नेछ ।

## हदीसका केही फाइदाहरू:

1. दुआ (प्रार्थना) उपासना हो । अल्लाह बाहेक अरू कसैसँग दुआ गर्न अनुमति छैन ।
2. तौहीद (एकेश्वरवाद) को सद्गुण र जो एकेश्वरवाद पालन गर्दै मर्छ, ऊ स्वर्गमा प्रवेश गर्नेछ । तर केही अपराधका आधारमा उनलाई केही सजाय हुने सम्भावना पनि छ ।
3. शिर्क (बहुदेववाद) को खतरा र बहुदेववाद गर्दै मर्ने व्यक्ति नरकमा जान्छ ।

(3419)

(10) – عَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ لِمُعَاذِ بْنِ جَبَلٍ، حِينَ بَعَثَهُ إِلَى الْيَمَنِ: «إِنَّكَ سَتَأْتِي قَوْمًا أَهْلَ كِتَابٍ، فَإِذَا جِئْتَهُمْ فَادْعُهُمْ إِلَى أَنْ يَشْهَدُوا أَنْ لَا إِلَهَ إِلَّا اللهُ، وَأَنَّ مُحَمَّدًا رَسُولُ اللهِ، فَإِنْ هُمْ أَطَاعُوا لَكَ بِذَلِكَ، فَأَخْبِرْهُمْ أَنَّ اللهَ قَدْ فَرَضَ عَلَيْهِمْ خَمْسَ صَلَوَاتٍ فِي كُلِّ يَوْمٍ وَلَيْلَةٍ، فَإِنْ هُمْ أَطَاعُوا لَكَ بِذَلِكَ، فَأَخْبِرْهُمْ أَنَّ اللهَ قَدْ فَرَضَ عَلَيْهِمْ صَدَقَةً تُؤْخَذُ مِنْ أَغْنِيَائِهِمْ فَتُرَدُّ عَلَى فُقَرَائِهِمْ، فَإِنْ هُمْ أَطَاعُوا لَكَ بِذَلِكَ، فَإِيَّاكَ وَكَرَائِمَ أَمْوَالِهِمْ، وَاتَّقِ دَعْوَةَ الْمَظْلُومِ، فَإِنَّهُ لَيْسَ بَيْنَهُ وَبَيْنَ اللهِ حِجَابٌ». [صحيح] - [متفق عليه]

(10) – अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मुआज (रजियल्लाहु अन्हु) लाई यमन पठाउदा भन्नुभयो: " तिमी (अह्ले-किताब) यहुदी र ईसाई समुदायमा जाँदैछौ । त्यहाँ पुगेपछि उनीहरूलाई सबैभन्दा पहिला तौहीद (अल्लाह बाहेक कोही सत्य पुज्य छैन र मुहम्मद अल्लाहका रसूल हुनुहुन्छ ) तिर आह्वान गर । यदि तिनीहरू सहमत छन् भने, तिनीहरूलाई भन, अल्लाहले तिमीहरूमाथि दिन रातमा पाँच पटक नमाज पढ्न अनिवार्य गर्नुभएको छ । यदि तिनीहरूले यसमा तिम्रो आज्ञापालन गरे भने, तिनीहरूलाई भन, अल्लाहले तिमीहरूमाथि जकात अनिवार्य गर्नुभएको छ; जुन तिमीहरूका धनीहरूबाट लिएर तिमीहरूका गरिबहरूमा वितरण गरिनेछ । यदि उनीहरू सहमत छन् भने, उनीहरूको उत्कृष्ट धनसम्पत्तिदेखि होशियार रहनु1 र पीडितको श्रापबाट बच्नु, किनकि पीडितको श्राप र अल्लाहबीच कुनै पर्दा छैन (अर्थात् उन्निखेरै पीडितको श्राप स्वीकार हुन्छ ) ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले मुआज बिन जबल (रजियल्लाहु अन्हु) लाई इस्लामको प्रचारक र शिक्षकको रूपमा यमनतर्फ पठाउनुभयो, तब उहाँले भन्नुभयो, तिमीलाई ईसाई समुदायको सामना गर्नुपर्नेछ, त्यसैले तयार हुनुपर्छ र इस्लाम तर्फ बोलाउँदा क्रमशः बढी महत्त्वपूर्ण कुराहरूतर्फ बोलाउनु पर्छ भनि बताउनु भयो । तसर्थ, सबैभन्दा पहिले अकीदा (आस्था) को सुधारको

लागि आह्वान गर्नु पर्नेछ, अर्थात्, अल्लाह बाहेक कोही सत्य ईश्वर छैनन् र मुहम्मद अल्लाहका रसूल (ईशदूत) हुनुहुन्छ भन्ने वचन तर्फ बोलाउनुपर्छ । किनकि यस गवाही मार्फत तिनीहरू इस्लामको दायरामा प्रवेश गर्नेछन् । त्यसपछि तिनीहरूलाई नमाज पढ्न आदेश दिनु पर्नेछ, किनभने तौहीद पछि सबैभन्दा ठूलो कर्तव्य सलाह (नमाज) कायम गर्नु नै हो । यदि तिनीहरूले सलाह पढ्न् थाल्छन् भने तिनीहरूका धनीहरूबाट जकात (अनिवार्य दान) लिएर तिनीहरूका गरिबहरूमा वितरण गर्न आदेश दिनु पर्नेछ ।(र नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले) त्यस पछि, तिनीहरूको उत्तम धन जकातको रूपमा नलिन चेतावनी दिनुभयो । किनकि (जकातमा) मध्यम प्रकारको धन मात्र लिनु अनिवार्य छ । त्यसपछि उनीहरूमाथि अन्याय नगर्न वसीयत (निर्देशन) गर्नुभयो; ताकि पीडितहरूको श्रापको सामना गर्न नपरोस् । किनभने उत्पीडितहरूको गुनासो (प्रार्थना) स्वीकार हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. अल्लाह बाहेक कोही सत्य ईश्वर छैनन् भन्ने गवाही दिनु भनेको एक मात्र अल्लाहको उपासना गर्नु र अरूको उपासना पूर्णतया त्याग्नु हो।
2. मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका दूत हुनुहुन्छ भनी गवाही दिनु भनेको उहाँमा र उहाँले ल्याउनुभएको सन्देशमा विश्वास गर्नु, उहाँको (कुराहरु को ) पुष्टि गर्नु र उहाँ मानव जातिको लागि पठाइएको अन्तिम रसूल (सन्देशवाहक) हुनुहुन्छ भनी विश्वास गर्नु हो ।
3. विद्वान र शंकालु व्यक्ति सँग कुरा गर्नु भनेको अज्ञानी व्यक्तिलाई सम्बोधन गर्नु जस्तै होइन । त्यसैकारण उहाँले मुआज (रजिअल्लाहु अन्हु) लाई सचेत गर्दै भन्नुभयो : "तिमी यस्तो समुदायमा जाँदैछौ जसलाई पहिले नै अल्लाहद्वारा ग्रन्थ दिइएको छ ।"
4. मुस्लिमले शंका उत्पन्न गर्नेहरूको शंकाबाट बच्नको लागि आफ्नो धर्मको बारेमा जानकारी राख्नुपर्दछ र यसका लागि (धार्मिक)ज्ञान प्राप्त गर्न आवश्यक छ ।

5. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई (अन्तिम दूत बनाएर) पठाइसकेपछि यहूदी र इसाईहरूको धर्म स्वतःनै अमान्य भएको हो र उनीहरूले इस्लाम स्वीकार नगरेसम्म र रसूल (सल्लल्लाहु अलैहि वसल्लम) मा आस्था नराखेसम्म न्यायको दिनमा मुक्ति पाउने छैनन् ।

(3390)

(11) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه أَنَّهُ قَالَ: قِيلَ: يَا رَسُولَ اللهِ، مَنْ أَسْعَدُ النَّاسِ بِشَفَاعَتِكَ يَوْمَ الْقِيَامَةِ؟ قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «لَقَدْ ظَنَنْتُ يَا أَبَا هُرَيْرَةَ أَنْ لَا يَسْأَلَنِي عَنْ هَذَا الْحَدِيثِ أَحَدٌ أَوَّلُ مِنْكَ؛ لِمَا رَأَيْتُ مِنْ حِرْصِكَ عَلَى الْحَدِيثِ، أَسْعَدُ النَّاسِ بِشَفَاعَتِي يَوْمَ الْقِيَامَةِ، مَنْ قَالَ لَا إِلَهَ إِلَّا اللهُ خَالِصًا مِنْ قَلْبِهِ أَوْ نَفْسِهِ». [صحيح] - [رواه البخاري]

(11) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले सोधे: हे अल्लाहको रसूल! न्यायको दिन हजुरको शिफाअत (मध्यस्थता) को बढी हकदार कुन भाग्यमानी मान्छे हुनेछ ? रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: “हे अबू हुरैरा! "हदीस"को लागि तिम्रो चासो देखेर, तिमी भन्दा पहिले यो कसैले सोध्ने छैन भन्ने मलाई लागेको थियो । न्यायको दिनमा, मेरो शिफाअत (सिफारिस) को बढी हकदार त्यो व्यक्ति हुनेछ, जसले आफ्नो हृदय वा आत्माबाट नै इमान्दारीपूर्वक "ला इलाहा इल्लल्लाह" को गवाही दिन्छ ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छ, न्यायको दिन, उहाँको सिफारिसको हकदार त्यो व्यक्ति हुनेछ जसले आफ्नो हृदयबाट इमान्दारीपूर्वक "ला इला-ह इल्लाल्लाह" को गवाही दिन्छ, अर्थात अल्लाह बाहेक कोही सत्य पूज्य छैन र ऊ शिर्क (बहुदेववाद) र रिया (देखावटी भक्ति) जस्ता कुराहरूबाट सुरक्षित हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीस बाट प्रमाणित हुन्छ कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई परलोकमा मध्यस्थता को अधिकार दिईने छ र केवल एकेश्वरवादीहरुलाई उहाँको सिफारिस प्राप्त हुनेछ ।
2. नबी (सल्लल्लाहु अलैहि वसल्लम) को मध्यस्थता अर्थात्( कुकर्म गर्ने कारणले) नर्क जान बाध्य भएका एकेश्वरवादीहरूलाई नर्कमा प्रवेश नगराउने र नर्कमा प्रवेश गरिसकेकालाई नरकबाट बाहिर निकाल्ने सिफारिस हो ।
3. यस हदीस बाट अल्लाहको लागि विशुद्ध रूपमा "ला इलाहा इल्लल्लाह" को वचन दिनू को उत्कृष्टता र यसको ठूलो प्रभाव प्रष्ट हुन्छ।
4. "कलिम-ए-तौहीद" ("ला इलाहा इल्लल्लाह" ) लाई पूर्ण रूपमा स्वीकार गर्नु भनेको यसको अर्थ जान्नु र सोही अनुसार कर्म गर्नु हो ।
5. यस हदीस बाट अबू-हुरैरह (रजियल्लाहु अन्हु) को उत्कृष्टता र ज्ञान को लागी उनको उत्सुकता पनि स्पष्ट हुन्छ ।

(3414)

(12) – عن أبي هريرة رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «الْإِيمَانُ بِضْعٌ وَسَبْعُونَ -أَوْ بِضْعٌ وَسِتُّونَ- شُعْبَةً، فَأَفْضَلُهَا قَوْلُ لَا إِلَهَ إِلَّا اللهُ، وَأَدْنَاهَا إِمَاطَةُ الْأَذَى عَنِ الطَّرِيقِ، وَالْحَيَاءُ شُعْبَةٌ مِنَ الْإِيمَانِ». [صحيح] - [متفق عليه]

(12) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "ईमान (विश्वास) का सत्तरी (वा साठी) भन्दा बढी शाखाहरू छन्, जसमध्ये सबैभन्दा उत्कृष्ट 'ला इलाहा इल्लाल्लाह' भन्नु हो र सबैभन्दा तल्लो शाखा नोक्सान पुऱ्याउने कुरालाई बाटोबाट हटाउनु हो र हया (लज्जा) पनि ईमानको एक शाखा हो ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, ईमान (आस्था) का धेरै शाखाहरू छन्, जसमा कर्म, विश्वास र भनाइहरू छन् ।

आस्थाको सर्वोच्च र उत्कृष्ट शाखा "ला इलाहा इल्लाह अल्लाह" भन्नु हो । यसको अर्थ र अभिलाषालाई जान्नुपर्छ र यसलाई कार्यन्वयन गर्नपर्छ । अर्थात्, केवल अल्लाह मात्र उपासना योग्य हुनुहुन्छ र उहाँ बाहेक कोही उपासना योग्य छैन ।

ईमानको सबैभन्दा तल्लो कार्य भनेको मानिसहरूलाई दुःख दिने सबै कुरालाई बाटोबाट हटाउनु हो ।

त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : हया (लाज) पनि ईमानको एक शाखा हो । वास्तवमा, हया एक मनोवृत्ति हो, जसले राम्रो कर्म गर्न र खराब कर्मबाट टाढा रहन प्रेरित गर्छ ।

## हदीसका केही फाइदाहरू:

1. ईमानका धेरै स्तरहरू छन्, जसमध्ये केही अरू भन्दा राम्रो छन् ।
2. इमान भनेको वचन, कर्म र विश्वासको नाम हो ।

3. अल्लाहप्रति हया गर्नु भनेको अल्लाहले जहाँ जान मनाही गर्नुभएको छ त्यहाँ नदेखिनु र जहाँ रहन आदेश दिनुभएको छ त्यहाँबाट नहट्नु ।
4. यहाँ संख्याको वर्णन सीमित गर्न होइन, तर ईमानका धेरै कार्यहरूको संकेत गर्दछ। । किनभने अरबहरूले कहिलेकाहीँ केही संख्या भन्थे, तर तिनीहरूको मतलब यो होइन कि यो भन्दा बढी हुन सक्दैन ।

(6468)

(13) – عَنْ عَبْدِ اللهِ بنِ مَسْعُودٍ رضي الله عنه قال: سَأَلْتُ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: أَيُّ الذَّنْبِ أَعْظَمُ عِنْدَ اللهِ؟ قَالَ: «أَنْ تَجْعَلَ لِلهِ نِدًّا وَهُوَ خَلَقَكَ» قُلْتُ: إِنَّ ذَلِكَ لَعَظِيمٌ، قُلْتُ: ثُمَّ أَيُّ؟ قَالَ: «وَأَنْ تَقْتُلَ وَلَدَكَ؛ تَخَافُ أَنْ يَطْعَمَ مَعَكَ» قُلْتُ: ثُمَّ أَيُّ؟ قَالَ: «أَنْ تُزَانِيَ حَلِيلَةَ جَارِكَ». [صحيح] - [متفق عليه]

(13) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधें, अल्लाहको नजरमा सबैभन्दा ठूलो पाप कुन हो? उहाँले भन्नुभयो: "अल्लाहको सहभागी ठहर गर्नु जबकि उहाँले तिमीलाई सृष्टि गर्नुभएको हो ।" मैले सोधेँ, त्यस पछि कुन हो ? उहाँले भन्नुभयो: "तिर्मो सन्तानले तिमीसँग खान्छ डरले उसको हत्या गर्नु ।" मैले सोधेँ, त्यस पछि कुन हो ? उहाँले भन्नुभयो: "आफ्नो छिमेकीकी पत्नीसँग जिना (व्यभिचार) गर्नु ।" [सही] - [मुत्तफकुन अलैहि]

**व्याख्या:**

नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधियो, सबैभन्दा ठूलो पाप के हो? उहाँले भन्नुभयो: सबैभन्दा ठूलो पाप शिर्क अकबर (बहु ईश्वरवाद) हो । शिर्क अकबर भनेको अल्लाहको उलूहीयत (ईश्वरत्व) मा वा रूबुबीयत (प्रभुत्व) मा वा अस्मा व सिफात (उहाँको नाम र विशेषताहरू) मा कुनै सहभागी ठहर गर्नु वा उहाँको बराबरीमा अरु कसैलाई ठान्नु हो । अल्लाहले पश्चात्ताप बिना यो पाप माफ गर्नुहुन्न । यदि कोही शिर्कको अवस्थामा मर्छ भने ऊ सधैं नरकमा रहन्छ

। त्यसपछि दोस्रो ठूलो पाप भनेको आफ्नो बच्चालाई खाने खर्चको डरले मार्नु हो । हत्या गर्नु त्यत्तिकै ठूलो पाप हो, त्यसमाथि पीडित र हत्याराको रगतको नाता छ भने यो पाप झनै ठूलो हुन्छ । त्यसैगरी हत्याको पछाडी अल्लाहले प्रदान गर्नुएको भोजन खान्छ भन्ने डर लुकेको हुँदा पाप अझ ठूलो हुन्छ । तेस्रो ठूलो पाप भनेको आफ्नो छिमेकीकी श्रीमतीलाई बहकाएर अनि प्रलोभनमा पारेर व्यभिचार गर्नु हो । जिना (व्यभिचार) गर्नु निषेधित हो, त्यसमाथि छिमेकीकी श्रीमतीसँग जिना गर्दा यसको पाप अझै बढ्छ, किनभने शरियतले छिमेकीसँग राम्रो व्यवहार गर्न आदेश दिएको छ ।

## हदीसका केही फाइदाहरू:

1. जसरी राम्रो कर्मको पुण्यमा भिन्नता हुन्छ, त्यसरी नै पापहरू पनि ठूला-साना हुन्छन् ।
2. सबैभन्दा ठुलो पाप अल्लाहसँग शिर्क गर्नु, त्यसपछि खाने खर्चको डरले आफ्नो बच्चालाई मार्नु र त्यसपछि छिमेकीकी श्रीमतीसँग व्यभिचार गर्नु हो ।
3. जीविका अल्लाहको हातमा छ र उहाँले सबै सृष्टिहरूको जीविकाको प्रबन्ध गर्नुभएको छ ।
4. छिमेकीको अधिकारको महत्व र छिमेकीलाई हानि पुर्याउनु अर्को व्यक्तिलाई हानि पुर्याउनु भन्दा ठूलो पाप हो ।
5. सृष्टिकर्ता मात्र उपासना योग्य हुनुहुन्छ र उहाँको कोही साझेदार छैन ।

(5359)

(14) – عن أبي هريرة رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «قَالَ اللهُ تَبَارَكَ وَتَعَالَى: أَنَا أَغْنَى الشُّرَكَاءِ عَنِ الشِّرْكِ، مَنْ عَمِلَ عَمَلًا أَشْرَكَ فِيهِ مَعِي غَيْرِي تَرَكْتُهُ وَشِرْكَهُ».
[صحيح] - [رواه مسلم]

(14) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सर्वशक्तिमान् अल्लाह भन्नुहुन्छ: म सबै साझेदारहरूको शिर्क (साझेदारी) बाट निस्पृह छु । जसले कुनै धर्मक्रिया गर्छ र त्यसलाई म बाहेक अरू कसैको निमित्त गरि शिर्क गर्दछ, म उसलाई र उसको शिर्कलाई अस्वीकार गर्दछु ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) वर्णन गर्नुहुन्छ, महान अल्लाहले भन्नुभएको छ : म सबै साझेदारहरूको शिर्क (साझेदारी) बाट निस्पृह छु । उहाँ हरेक कुराबाट निस्पृह हुनुहुन्छ । जब कुनै व्यक्तिले कुनै असल काम गर्छ तर अल्लाह र गैर-अल्लाह दुवैको लागि गर्छ; तब अल्लाहले उसको त्यो कर्म रद्द गरिदिनु हुन्छ, त्यसलाई स्वीकार गर्नुहुन्न र त्यो कर्मलाई उसको अगाडि फ्याँकिदिनुहुनेछ । तसर्थ, असल कर्महरू विशुद्ध रूपमा अल्लाहको लागि गर्नुपर्छ । किनभने अल्लाहले त्यो कर्मलाई स्वीकार गर्नुहुन्छ, जुन विशुद्ध रूपमा उहाँको खुशीको लागि गरिन्छ ।

## हदीसका केही फाइदाहरू:

1. यसमा सबै प्रकारका शिर्कहरू विरुद्ध चेतावनी दिइएको छ र सतर्क
2. गरिएको छ कि शिर्कले कर्महरूको स्वीकृतिमा बाधा पुऱ्याउँछ ।
3. अल्लाहको निस्पृहता र महानताको अनुभूतिले कार्यमा इख्लास (निष्ठता) ल्याउन मद्दत गर्दछ ।

(3342)

(15) – عن أبي هريرة رضي الله عنه أن رسول الله صلى الله عليه وسلم قال: «كُلُّ أُمَّتِي يَدْخُلُونَ الْجَنَّةَ إِلَّا مَنْ أَبَى»، قَالُوا: يَا رَسُولَ اللهِ، وَمَنْ يَأْبَى؟ قَالَ: «مَنْ أَطَاعَنِي دَخَلَ الْجَنَّةَ، وَمَنْ عَصَانِي فَقَدْ أَبَى». [صحيح] - [رواه البخاري]

(15) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : मेरा समस्त अनुयायीहरू स्वर्गमा प्रवेश गर्नेछन्, इन्कार गर्नेहरू बाहेक ।" सोधियो: हे अल्लाहका रसूल! इन्कार गर्नेहरू को हुनेछन्? उहाँले भन्नुभयो: "जसले मेरो आदेशको पालना गर्छ उसले स्वर्गमा प्रवेश गर्नेछ र जसले मेरो अआज्ञा पालन गर्दैन उसले इन्कार गर्यो ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बताउँदै हुनुहुन्छ, मेरा समस्त अनुयायीहरू स्वर्गमा प्रवेश गर्नेछन्, इन्कार गर्नेहरू बाहेक !

सहाबाहरूले सोधे: हे अल्लाहको रसूल! स्वर्ग जान कसले इन्कार गर्छ र ?!

उहाँले जवाफ दिनुभयो, जसले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आज्ञापालन र अनुसरण गर्यो उ स्वर्गमा प्रवेश गर्नेछ र जसले आज्ञा पालन गरेन र शरियतको पालना गरेन उसले वास्तवमा आफ्नो खराब कर्महरूले गर्दा स्वर्गमा प्रवेश गर्न अस्वीकार गर्यो ।

## हदीसका केही फाइदाहरू:

1. पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) को आज्ञापालन अल्लाहको आज्ञाकारिता हो र पैगम्बरको आज्ञा पालन नगर्नु अल्लाहको आज्ञा पालन नगर्नु हो ।
2. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आज्ञापालनले स्वर्ग अनिवार्य हुन्छ भने उहाँको अवज्ञाले नर्क ।

3. यस उम्मतका आज्ञाकारी मानिसहरूका लागि खुशीको खबर छ, तिनीहरू स्वर्गमा प्रवेश गर्नेछन् । अल्लाह र उहाँका रसूलको अवज्ञा गर्नेहरू बाहेक सबै मानिसहरू स्वर्गमा जानेछन् ।
4. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आफ्नो उम्मतप्रतिको करुणा र उनीहरूलाई सही बाटोमा ल्याउने उत्सुकता ।

(4947)

(16) – عَن عُمَرَ بنِ الخَطَّابِ رَضِيَ اللَّهُ عَنْهُ قال: سَمِعْتُ النَّبِيَّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «لَا تُطْرُونِي كَمَا أَطْرَتِ النَّصَارَى ابْنَ مَرْيَمَ؛ فَإِنَّمَا أَنَا عَبْدُهُ، فَقُولُوا: عَبْدُ اللهِ وَرَسُولُهُ». [صحيح] - [رواه البخاري]

(16) – उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "मेरो प्रशंसा गर्नमा बढाइचढाइ नगर, जसरी ईसाईहरूले मरियमको छोराको प्रशंसामा बढाइचढाइ गरेका थिए; म केवल अल्लाहको दास हुँ । त्यसैले मलाई अल्लाहको दास र उहाँको रसूल (दूत) भन ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

**व्याख्या:**

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो प्रशंसामा शरियतले तोकिएको सीमाभन्दा बाहिर गएर बढाइचढाइ गर्ने, अल्लाहका लागि प्रमाणित विशेषताहरू उहाँको लागि प्रमाणित गर्ने, वा उहाँ गैब (अदृश्य) का कुराहरू जान्नुहुन्छ भनेर दाबी गर्ने र अल्लाह जस्तै उहाँसंग प्रार्थना गर्ने इत्यादि निषेध गर्नुभएको छ । जसरी ईसाईहरूले ईसा पुत्र मरियम ( उहाँ माथि शान्ति होस्) सँग गरे। त्यसपछि उहाँले भन्नुभयो, म अल्लाहको दासहरू मध्ये एक दास हुँ । त्यसैले उहाँले हामीलाई आदेश दिनुभयो कि हामी उहाँलाई अल्लाहको भक्त र उहाँको रसूल भनौँ ।

## हदीसका केही फाइदाहरू:

1. सम्मान तथा प्रशंसा गर्दा शरियतले तोकिएको सीमाभन्दा बाहिर जान निषेध गरिएको छ; किनकि यसले शिर्कलाई निम्त्याउँछ ।
2. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले सचेत गर्नुभएको कुरा आज यो समुदायमा प्रशस्तै देखिन्छ । एक समूहले अल्लाहको रसूलको बारेमा बढाइचढाइ गरे, अर्को समूहले आले-बैत (उहाँको परिवार) को बारेमा बढाइचढाइ गरे र केही मानिसहरूले औलिया (अल्लाहका सत्कर्मी भक्तहरू) को बारेमा बढाइचढाइ गरे र यसरी यी सबै मानिसहरू शिर्कमा परे ।
3. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफूलाई अल्लाहको भक्तको रूपमा वर्णन गर्नुभएको छ; ताकि यो स्पष्ट होस्, कि उहाँ अल्लाहको भक्त हुनुहुन्छ र उहाँका सबै आवश्यकताहरू अल्लाहद्वारा पूरा हुन्छन् र उहाँलाई अल्लाहको कुनै पनि गुण समान गुणी मान्न वर्जित छ ।
4. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफूलाई अल्लाहको रसूल (सन्देशवाहक) बताउनु भयो; ताकि यो स्पष्ट होस्, कि उहाँ अल्लाहद्वारा पठाइएका हुन्, त्यसैले उहाँको पुष्टि र अनुसरण गर्न अनिवार्य छ ।

(3406)

(17) – عن أنس رضي الله عنه قال: قال النبي صلى الله عليه وسلم: «لَا يُؤْمِنُ أَحَدُكُمْ حَتَّى أَكُونَ أَحَبَّ إِلَيْهِ مِنْ وَالِدِهِ وَوَلَدِهِ وَالنَّاسِ أَجْمَعِينَ». [صحيح] - [متفق عليه]

(17) – अनस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरू मध्ये कोही पनि (पूर्ण) मुमिन हुन सक्दैन, जबसम्म म उसको नजिक उसको बुबाआमा, छोराछोरी र सबै मानिसहरू भन्दा बढी प्रिय हुँदिन।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, एक मुस्लिम तब मात्र पूर्ण मुमिन हुन सक्छ जब उसले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को प्रेमलाई आफ्नो आमा, बुबा, छोरा, छोरी र अन्य सबै मानिसहरूको प्रेम भन्दा अगाडि राख्छ । यो प्रेम उहाँको अनुसरण, पालना, समर्थन र उहाँको अवज्ञाबाट टाढा रहेर प्राप्त हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई प्रेम गर्नु अनिवार्य छ र उहाँको प्रेमलाई अन्य सम्पूर्ण प्राणीहरूको प्रेम भन्दा माथि राख्नु पर्छ ।
2. उहाँसँगको असल र पूर्ण प्रेमको पहिचान भनेको सुन्नतको समर्थन गर्नु र आफ्नो जीउधनको बलिदान दिनु ।
3. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को प्रेम भनेको उहाँका आदेशहरूको पालना गर्नु, उहाँले खबर दिनुभएको कुराको पुष्टि गर्नु, उहाँले निषेध गर्नुभएको कुराबाट टाढा रहनु, उहाँलाई पछ्याउनु र बिदअतहरूबाट जोगिनु आवश्यक छ ।
4. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को अधिकार सबै मानिसहरूको अधिकार भन्दा ठूलो र महत्त्वपूर्ण छ । किनकि उहाँ नै इस्लाम प्राप्ति, नर्कबाट मुक्ति र स्वर्गमा प्रवेश गर्ने माध्यम हुन् ।

(5953)

(18) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه عَنِ النَّبِيِّ صلى الله عليه وسلم قَالَ: «**دَعُونِي مَا تَرَكْتُكُمْ، إِنَّمَا هَلَكَ مَنْ كَانَ قَبْلَكُمْ بِسُؤَالِهِمْ وَاخْتِلَافِهِمْ عَلَى أَنْبِيَائِهِمْ، فَإِذَا نَهَيْتُكُمْ عَنْ شَيْءٍ فَاجْتَنِبُوهُ، وَإِذَا أَمَرْتُكُمْ بِأَمْرٍ فَأْتُوا مِنْهُ مَا اسْتَطَعْتُمْ**». [صحيح] - [متفق عليه]

(18) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मैले तिमीहरूलाई नभनेको (अनावश्यक) कुराहरूलाई बेवास्ता गर । किनकि तिमीभन्दा अघिका राष्ट्रहरू (अनावश्यक) प्रश्न सोध्ने र आफ्ना नबीहरूसँग मतभेद गरेको कारणले नष्ट भएका थिए । जब म तिमीहरूलाई कुनै कुराबाट रोक्छु, त्यसबाट टाढै बस र जब कुनै कुरा गर्न आदेश दिन्छु, त्यसमा जति सक्दो प्रयास गर ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले इस्लामिक नियमहरूका तीन किसिमहरू उल्लेख गर्नुभएको छ : जसको बारेमा शरियत मौन छ, निषेधहरू र आदेशहरू ।

पहिलो: जसको बारेमा शरियत मौन छ, त्यसको कुनै आदेश हुँदैन र यस्ता चीजहरूको बारेमा आधारभूत सिद्धान्त भनेको जायज र हलाल हो; नबी (सल्लल्लाहु अलैहि वसल्लम)को समयमा यस्तो कुराबारे प्रश्न गर्नबाट बच्नुपर्थ्यो, जुन घटेको थिएन। यो यसकारण थियो कि प्रश्नले कुनै चीजलाई अनिवार्य वा निषेध गर्नुपर्ने आदेश निम्त्याउन सक्थ्यो। अल्लाहले आफ्ना भक्तहरूप्रति दया देखाउँदै त्यस्ता कुरालाई खुला नै छोड्नुभएको थियो।" "तर उहाँ (सल्लल्लाहु अलैहि व सल्लम) को देहान्तपछि, यदि प्रश्न आवश्यक धार्मिक ज्ञानका लागि मार्गदर्शन वा सिकाइको उद्देश्यले सोधिएको हो भने, त्यसो गर्नु अनुमति गरिएको छ, बरु त्यसलाई प्रोत्साहित नै गरिएको छ। तर यदि प्रश्न अनावश्यक जिद्दी वा दिखावटी उद्देश्यले सोधिएको हो भने, यो हदीसमा प्रश्न गर्नबाट टाढा रहन भनिएको जस्तै हो। किनभने यसले इस्राएलीहरूलाई झैं अवस्थालाई

जटिल बनाउन सक्छ। उनलाई गाई बली चढाउन आदेश दिइएको थियो, र यदि उनीहरूले कुनै पनि गाई चढाएका भए, आदेश पूरा हुने थियो। तर उनीहरूले जटिलता खोजे, र तिनका लागि आदेश झन् कडा बनाइयो।"

दोस्रो: निषेध (हराम) हरू; अर्थात ती कुराहरू, जुन परित्याग गर्दा पुण्य पाइन्छ र गर्नेलाई दण्ड दिइन्छ, त्यसैले ती सबैबाट बच्नुपर्छ ।

तेस्रो: आदेश; अर्थात ती कुराहरू हुन्, जुन गर्दा पुण्य पाइन्छ र नगर्दा दण्ड दिइन्छ, त्यसैले यो सकेसम्म गर्नुपर्छ ।

## हदीसका केही फाइदाहरू:

1. हामीले सबैभन्दा महत्त्वपूर्ण कुरामा ध्यान केन्द्रित गर्नुपर्छ अनि नचाहिने कुरालाई तुरुन्तै छोड्नुपर्छ र नघटेको पछि लाग्नु हुँदैन ।
2. समस्याहरूलाई जटिल बनाउने, शंकाहरूको ढोका खोल्ने र धेरै मतभेद निम्त्याउने प्रश्नहरू सोध्न निषेध गरिएको छ ।
3. सम्पूर्ण निषेध (हराम) कुराहरू त्याग्न आदेश; किनभने यसलाई त्याग्न कुनै कठिनाइ छैन र त्यसैले यो सामान्य रूपमा निषेध गरिएको छ ।
4. आदेशलाई सकेसम्म पुरा गर्नुपर्छ; किनभने आदेशको पालना गर्न गाह्रो हुन सक्छ वा कहिले असक्षम पनि; त्यसैले सकेसम्म भनिएको छ ।
5. धेरै प्रश्न गर्न निषेध गरिएको छ । उलमा(विद्वानहरू)ले प्रश्नलाई दुई भागमा विभाजन गरेका छन्: एउटा धर्म सिक्न र सिकाउने उद्देश्यले प्रश्न गर्नु र यो जायज हो अनि सहाबीले सोध्ने प्रश्न यसै अन्तर्गत पर्दछ । दोस्रो हठ, अहंकार, शंकास्पद र फाइदा नभएको प्रश्न गर्नु, जुन निषेध गरिएको छ ।
6. यस राष्ट्रलाई आफ्नो रसूल विरुद्धबाट चेतावनी दिइएको छ, ताकि अघिका राष्ट्रहरू झैं यसको हालत नहोस् ।
7. अनावश्यक प्रश्नहरू सोध्नु र नबीहरूसँग मतभेद गर्नु विनाश र बर्बादीको कारण हो, विशेषगरी जान्न नसकिने मामिलाहरू, जस्तै: गैबका कुराहरू र

कयामतको दिनको अवस्थाहरू, जुन अल्लाह बाहेक कसैलाई थाहा छैन ।

8. कठिन मामिलामा प्रश्न सोध्न निषेध । औजाईले भनेका छन्: जब ईश्वरले आफ्नो सेवकलाई ज्ञानको आशीर्वादबाट वञ्चित गर्न चाहनुहुन्छ तब उसको जिब्रोमा गलत कुराहरू मिसाई दिनुहुन्छ र मैले उनीहरूलाई सबैभन्दा कम ज्ञानी व्यक्तिको रूपमा देखें । इब्ने वहबले भनेका छन्: मैले इमाम मलिकलाई भन्दै गरेको सुनेको छु: ज्ञानको पाखण्डले मानिसको हृदयबाट ज्ञानको ज्योतिलाई हटाउँछ ।

(4295)

(19) – عن عبد الله بن عمرو رضي الله عنهما أن النبي صلى الله عليه وسلم قال: «**بَلِّغُوا عَنِّي وَلَوْ آيَةً، وَحَدِّثُوا عَنْ بَنِي إِسْرَائِيلَ وَلَا حَرَجَ، وَمَنْ كَذَبَ عَلَيَّ مُتَعَمِّدًا فَلْيَتَبَوَّأْ مَقْعَدَهُ مِنَ النَّارِ**».

**[صحيح] - [رواه البخاري]**

(19) – अब्दुल्लाह बिन अम्र बिन आस (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मबाट प्राप्त सन्देश अरूलाई सुनाउ, चाहे त्यो केवल एक पद किन नहोस् । र "बनू इस्राएल" ( नबी मोसेसको समूदाय ) मार्फत जे ज्ञान प्राप्त हुन्छ त्यो पनि धक नमानिकन बयान गर ।र जसले जानाजानी मेरो बारेमा झूटो बोल्छ, उसले आफ्नो घर नरकमा बनाओस् ।" **[सही] - [बुखारीले वर्णन गरेका छन्]**

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उनी द्वारा आएको कुर्आन र हदीसको ज्ञानलाई प्रसारण गर्न आदेश दिनुभएको छ, चाहे त्यो ज्ञान कुर्आन र हदीसको एक पद किन नहोस्। तर शर्त के छ भने त्यस ज्ञानको प्रचारप्रसार गर्ने व्यक्ति र त्यसको आह्वानकर्तालाई स्वयम नै त्यस कुराको जानकार हुनुपर्‍यो। त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, "बनू इस्राएलको" समयमा भएका यस्ता घटनाहरू जुन हाम्रो शरियतसँग विरोधाभास छैन, ती

कुराहरू वर्णन गर्न कुनै समस्या छैन । त्यसपछि उहाँले उनी प्रति झूट बोल्नबाट सावधान रहनु हुन सचेत गर्दै भन्नुभयो, कि जसले म बारे जानाजानी झुटो बोल्छ, उसले आफ्नो घर नर्कमा बनाओस् ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा अल्लाहको धर्मतर्फ आह्वान गर्ने र मानिसले आफूले सम्झेको र बुझेको ज्ञान थोरै भए पनि अरूलाई बताउनुपर्दछ, भन्ने कुराको लागि प्रोत्साहित गरिएको छ ।
2. इल्मे-शरई (इस्लामको धार्मिक ज्ञान) प्राप्त गर्नु अनिवार्य छ; ताकि एक व्यक्तिले ठीकसँग अल्लाहको उपासना र उहाँको शरियतलाई अरू समक्ष पुऱ्याउन सकोस् ।
3. कुनै पनि हदीस अरूलाई बताउन वा प्रसारण अघि, त्यसको प्रमाणिकता सुनिश्चित गर्नुपर्छ, ताकि ऊ यो कडा चेतावनीको दायरा भित्र नपरोस् ।
4. यस हदीसले साधारण कुराकानीमा सत्य बोल्न प्रोत्साहित गर्छ र हदीस उद्धृत गर्दा होसियार रहन सचेत गर्छ, विशेषगरी अल्लाहको शरियाको मामिलामा, ताकि मानिस झूटमा नपरोस् ।

(3686)

(20) – عن المقدام بن معدِيْكَرِب رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «أَلَا هَلْ عَسَى رَجُلٌ يَبْلُغُهُ الْحَدِيثُ عَنِّي وَهُوَ مُتَّكِئٌ عَلَى أَرِيكَتِهِ فَيَقُولُ: بَيْنَنَا وَبَيْنَكُمْ كِتَابُ اللهِ، فَمَا وَجَدْنَا فِيهِ حَلَالًا اسْتَحْلَلْنَاهُ، وَمَا وَجَدْنَا فِيهِ حَرَامًا حَرَّمْنَاهُ، وَإِنَّ مَا حَرَّمَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ كَمَا حَرَّمَ اللهُ». [صحيح] - [رواه أبو داود والترمذي وابن ماجه]

(20) – मिकदाम बिन माअ्दिकरिब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "होसियार! सम्भव छ कि एक व्यक्ति आफ्नो अडेसदार आसनमा अडेस  लगाएर विराजमान हुनेछ,र मेरो हदीस ऊ समक्ष पुग्नेछ र उसले भन्नेछ: हामी र तपाईं बीच (निर्णयको मामिलामा) केवल अल्लाहको किताब छ । हामीले यसमा जे कुरा वैध पाउनेछौं, त्यसलाई हामी वैध मान्नेछौं र जे निषेधित पाउँनेछौं, त्यसलाई निषेध मान्नेछौं । यद्यपि, निस्सन्देह, अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले निषेध गर्नुभएको कुरा पनि त्यसरी नै हराम (वर्जित) छ जसरी अल्लाहले हराम गर्नुभएको छ । [सही] - [अबू दाउद, तिर्मीजी र इब्ने माजहले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यस हदीसमा भन्नुभएको छ : यस्तो समय चाँडै नै आउने छ, जब यस्ता व्यक्तिहरू देखा पर्नेछन्, जसमध्ये एक आफ्नो ओछ्यानमा बसेको हुन्छ र उसलाई नबी (सल्लल्लाहु अलैहि वसल्लम) बाट प्रमाणित हदीसको बारेमा सूचित गरिनेछ, तर उसले भन्नेछ: हामी र तिमीहरूका बीचमा फरक पार्ने कुरा पवित्र कुरआन हो, यो हाम्रो लागि पर्याप्त छ । हामीले यसमा जे वैध पाउँछौं त्यसैको अनुसरण गर्नेछौं र जे निषेधित छ, हामी त्यसबाट टाढा रहनेछौं । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट गर्नुभयो किय, उहाँको (हदीस) सुन्नतमा हराम वा निषेध गरेको सबै कुराहरू अल्लाहले आफ्नो पुस्तकमा निषेध गरे जस्तै नियममा छन् । किनभने उहाँ आफ्नो पालनकर्ताको दूत हुनुहुन्छ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीस बाट प्रस्त हुन्छ कि सुन्नतको (हदीस) सम्मान त्यसरी नै गर्नुपर्छ जसरी कुरानको सम्मान गरिन्छ र कुरानको पालना झैं सुन्नतको पनि पालना गर्नुपर्छ।
2. रसूल (सन्देशवाहक) को आज्ञापालन वास्तवमा अल्लाहको आज्ञाकारिता हो र उहाँको अवज्ञा गर्नु वास्तवमा अल्लाहको अवज्ञा गर्नु हो।
3. यस बाट हदीसको वैधानिकता प्रमाणित हुन्छ र यसमा हदीसलाई इन्कार वा अस्वीकार गर्ने व्यक्तिको खण्डन गरिएको छ।
4. जसले सुन्नतलाई अस्वीकार गर्छ र केवल कुरआनलाई मात्र पालन गर्ने दाबी गर्छ, ऊ वास्तवमा कुरान र हदीस दुवैको अनुपालन बाट विचलित हुन्छ र कुरआनको पालना गर्ने भन्ने आफ्नो दाबीमा झूटो छ ।
5. पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका सच्चा रसूल हुन् भन्ने कुराको एक प्रमाण के हो भने उहाँले भविष्यमा हुने केही घटनाहरूको बारेमा भविष्यवाणी गर्नुभएको थियो र त्यो जस्ताको त्यस्तै भयो ।

(65005)

(21) – عن عائشة أم المؤمنين وعبد الله بن عباس رضي الله عنهما قالا: لَمَّا نَزَلَ بِرَسُولِ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ طَفِقَ يَطْرَحُ خَمِيصَةً لَهُ عَلَى وَجْهِهِ، فَإِذَا اغْتَمَّ بِهَا كَشَفَهَا عَنْ وَجْهِهِ، فَقَالَ وَهُوَ كَذَلِكَ: «لَعْنَةُ اللَّهِ عَلَى اليَهُودِ وَالنَّصَارَى، اتَّخَذُوا قُبُورَ أَنْبِيَائِهِمْ مَسَاجِدَ» يُحَذِّرُ مَا صَنَعُوا. [صحيح] - [متفق عليه]

(21) – आइशा र अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, उनीहरूले भने : जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को देहावसान को समय नजिक आयो, उहाँले आफ्नो अनुहारमा कपडाको टुक्रा राख्नुभयो र सांस फुलेपछि त्यो चादरलाई हटाएर भन्नुभयो: " अल्लाहको श्राप होस्, यहूदी र ईसाईहरूमाथि, तिनीहरूले आफ्ना नबीहरूको कब्रलाई (चिहान) मस्जिद बनाए ।" उहाँले यहूदी र ईसाईहरू जस्तै नगर्न आफ्नो उम्मतलाई चेतावनी दिनुभयो । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

आइशा र अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को देहावसानको समय नजिक आयो, उहाँले आफ्नो अनुहारमा कपडाको एउटा टुक्रा राख्नुभयो र पीडाले सास फेर्न गाह्रो भएपछि त्यो टुक्रा हटाउनुभयो र यही कठिन परिस्थितिमा भन्नुभयो: यहूदी र ईसाईहरूमाथि अल्लाहको श्राप होस् । अर्थात्, अल्लाहले तिनीहरूलाई आफ्नो दयाबाट टाढा राखून् । किनभने तिनीहरूले आफ्ना नबीहरूको चिहानमाथि मस्जिदहरू बनाएका थिए । याद रहोस्, चिहानमाथि मस्जिद बनाउने विषय गम्भीर नभएको भए यो कठिन समयमा उहाँले उल्लेख गर्नुहुने थिएन । यो समस्याको गम्भीरता देखेर उहाँले आफ्नो उम्मतलाई यहूदी र इसाईहरूको  जस्तो काम गर्न निषेध गर्नुभएको छ । यस कार्यलाई निषेध गर्नुको अर्को कारण यो हो कि यसले शिर्कको ढोका खोल्छ ।

## हदीसका केही फाइदाहरू:

1. "नबी र निष्ठावानहरूको चिहानलाई मस्जिद बनाउने कुरामा रोक लगाइएको छ, जहाँ अल्लाहका लागि नमाज पढिन्छ, किनकि यसले शिर्क (अल्लाहको साथ साझेदारी गर्ने) को बाटो खोल्छ।"
2. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले तौहीद (एकेश्वरवाद) स्थापना गर्न र तौहीदमा खलल पैदा गर्ने सम्पूर्ण कार्यहरू जस्तै चिहानको सम्मान इत्यादिबाट सचेत गर्नुभएको छ, किनभने यसले शिर्कको ढोका खोल्छ ।
3. यहूदी र ईसाईहरूलाई श्राप दिन अनुमति छ । त्यसैगरी तिनीहरूले झैं चिहानहरूमा भवन निर्माण गर्ने अनि चिहानमा मस्जिद बनाउनेहरूलाई पनि श्राप दिन अनुमति छ ।
4. चिहानमाथि भवनहरू निर्माण गर्नु यहूदी र ईसाईहरूको प्रथा हो र यो हदीसमा निषेध गरिएको छ ।
5. चिहानलाई मस्जिद बनाउनको अर्थ भनेको भवन नबनाइए पनि कबर नजिक र कबरतर्फ मुख गरेर नमाज पढ्नु हो ।

(3330)

(22) – عن أبي هريرة رضي الله عنه عن النبي صلى الله عليه وسلم: «اللهُمَّ لَا تَجْعَلْ قَبْرِي وَثَنًا، لَعَنَ اللهُ قَوْمًا اتَّخَذُوا قُبُورَ أَنْبِيَائِهِمْ مَسَاجِدَ». [صحيح] - [رواه أحمد]

(22) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "हे अल्लाह! मेरो कब्र (चिहान) लाई मूर्ति नबनाउनु। अल्लाहको धिक्कार ती समुदायहरूमाथि होस्, जसले आफ्ना नबीहरूको चिहानलाई मस्जिद (पूजा गर्ने ठाउँ) बनाए" । [सही] - [अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो रब (प्रभु) सँग दुआ (प्रार्थना) गर्नुभयो, कि उहाँको चिहान मूर्ति झैं नबनोस्, जस्को आदरसत्कार गरि पुजा अर्चना गरिन्छ, र त्यस तर्फ फर्केर सजदा1 गरिन्छ । त्यसपछि उहाँले भन्नुभयो, जसले आफ्ना नबीहरूको चिहानलाई मस्जिदमा परिणत गरे, अल्लाहले तिनीहरुलाई आफ्नो कृपाबाट टाढा गर्नु भएको छ । किनकि चिहानलाई उपासना गर्ने ठाउँ बनाउनु भनेको तिनीहरूको पूजा गर्नु र त्यस प्रति आस्था स्थापित गर्नु हो ।

## हदीसका केही फाइदाहरू:

1. नबीहरू र धर्मी मानिसहरूको चिहानको सम्बन्धमा शरियतको सीमाभन्दा बाहिर जानु भनेको वास्तवमा अल्लाहको सट्टा तिनीहरूको पूजा गर्नु हो । त्यसैले शिर्कको माध्यमबाट बाँच्न जरुरी छ ।
2. चिहानमा गाडिएको व्यक्ति जतिसुकै अल्लाहको नजिक किन नहोस्, त्यस चिहानको सम्मान र त्यहाँ पूजा गर्ने नियतले जान अनुमति छैन ।
3. चिहानमाथि मस्जिद बनाउनु हराम (निषेध) हो ।

4. त्यहाँ मस्जिद नबनाए पनि चिहान नजिकै नमाज पढ्नु निषेध गरिएको छ । हो, यदि जनाजा (अन्त्येष्टि) को नमाज पढिएको छैन भने, मृतकको चिहान निर रअन्त्येष्टिको नमाज पढ्नको लागि अनुमति छ ।

(3336)

(23) – عن أبي هريرة رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «لَا تَجْعَلُوا بُيُوتَكُمْ قُبُورًا، وَلَا تَجْعَلُوا قَبْرِي عِيدًا، وَصَلُّوا عَلَيَّ؛ فَإِنَّ صَلَاتَكُمْ تَبْلُغُنِي حَيْثُ كُنْتُمْ». [حسن] - [رواه أبو داود]

(23) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरू आफ्ना घरहरूलाई चिहान नबनाऊ र मेरो चिहानलाई उत्सव (मेला) स्थल नबनाऊ । मेरो लागि प्रार्थना (दरूद र सलाम) गर। तिमीहरू जहाँ भए पनि तिमीहरूको प्रार्थना (दरूद र सलाम) म सम्म पुग्नेछ ।" [हसन] - [अबू दाऊदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले घरहरू लाई नमाज विहीन बनाउन निषेध गर्नुभयो, नत्र ती घरहरू चिहानहरू जस्तै बन्नेछन्, जहाँ प्रार्थना गरिँदैन । त्यसैगरी, चिहानमा बारम्बार जान र त्यहाँ नियमित रूपमा भेला हुन निषेध गरिएको छ, किनकि यसले शिर्कको ढोका खोल्छ । उहाँले पृथ्वीको कुनै पनि भागबाट दरूद पठाउन आदेश दिनुभएको छ; किनकि उहाँमाथि पठाइएको दरूद नजिक र टाढा सबै ठाउँबाट समान रूपमा पुग्छ । त्यसैले बारम्बार उहाँको चिहान नजिक आउनु आवश्यक छैन ।

## हदीसका केही फाइदाहरू:

1. घरहरूलाई अल्लाहको उपासना विहीन छाडी राख्न बाट मनाही गरिएको छ ।

2. नबी (सल्लल्लाहु अलैहि वसल्लम) को चिहानको जियारत (दर्शन) को लागि यात्रा गर्न निषेध गरिएको छ, किनकि उहाँमाथि पठाइएको दरूद नजिक र टाढा सबै ठाउँबाट समान रूपमा पुग्छ । हो, मस्जिद नबवीमा नमाज पढ्ने मनसायले यात्रा गर्न अनुमति छ ।

3. नबी (सल्लल्लाहु अलैहि वसल्लम) को चिहानको जियारतलाई उत्सवको रूपमा लिन निषेध गरिएको छ । अर्थात् निश्चित समयमा विशेष तरिकाले बारम्बार जियारत (दर्शन) गर्नु हराम हो र अन्य चिहानहरू प्रति पनि यही नियम लागू हुन्छ ।

4. नबी (सल्लल्लाहु अलैहि वसल्लम) प्रति अल्लाहको कृपा, कि हरेक समय र हरेक ठाउँबाट उहाँमाथि दरुद व सलाम (आशीर्वाद र शान्ति) पठाउन वैध गरिएको छ ।

5. चिहानको नजिक नमाज पढ्न निषेध गरिएको कुरा साहाबाहरू बीच ठहर भईसकेको को हुनाले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले घरहरूलाई चिहान जस्तो नबनाउन आदेश दिनु भयो जहाँ नमाज पढिदैन ।

(3350)

(24) – عَنْ عَائِشَةَ أُمِّ المؤمنين رضي الله عنها: أَنَّ أُمَّ سَلَمَةَ ذَكَرَتْ لِرَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ كَنِيسَةً رَأَتْهَا بِأَرْضِ الْحَبَشَةِ، يُقَالُ لَهَا مَارِيَةُ، فَذَكَرَتْ لَهُ مَا رَأَتْ فِيهَا مِنَ الصُّوَرِ، فَقَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «أُولَئِكَ قَوْمٌ إِذَا مَاتَ فِيهِمُ الْعَبْدُ الصَّالِحُ، أَوِ الرَّجُلُ الصَّالِحُ، بَنَوْا عَلَى قَبْرِهِ مَسْجِدًا، وَصَوَّرُوا فِيهِ تِلْكَ الصُّوَرَ، أُولَئِكَ شِرَارُ الْخَلْقِ عِنْدَ اللهِ». [صحيح] - [متفق عليه]

(24) – उम्मुल-मुमिनीन आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, उम्मे सलमा (रजियल्लाहु अन्हा) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई हबशा (इथियोपिया) मा देखेको मारिया नामको चर्च र त्यस भित्र कोरिएका तस्बिरहरू बयान गरिन् । तब उहाँले भन्नुभयो : "तिनीहरू यस्ता मानिसहरू थिए, जब तिनीहरूमध्ये कुनै धर्मी व्यक्तिको मृत्यु हुन्थ्यो भने, तिनीहरूले उसको चिहानमाथि मस्जिद बनाइदिन्थे र त्यसमा यी चित्रहरू राख्थे । तिनीहरू अल्लाहको नजरमा सबैभन्दा खराब प्राणी हुन् ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

उम्मे सलमा (रजियल्लाहु अन्हा) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई हबशा (इथियोपिया) मा हुँदा मारिया नामको चर्चमा देखेको तस्वीर, चित्रहरू र सजावटहरू बयान गरिन्; अचम्मको कुरा! तसर्थ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यी चित्रहरूलाई चर्चहरूमा राख्ने कारणहरू स्पष्ट पार्नुभयो; उहाँले भन्नुभयो : तिमीले जसको बारेमा बयान गर्यौ, तिनीहरूमध्ये जब कोही धर्मी व्यक्तिको मृत्यु हुन्थ्यो उनीहरू उसको चिहानमा मस्जिद बनाइदिने र त्यसमा नमाज पढ्ने र त्यसभित्र तस्विर राख्ने गर्थे । उहाँले थप व्याख्या गर्नुभयो, यस प्रकारको काम गर्ने व्यक्ति अल्लाहको नजरमा सबैभन्दा खराब सृष्टि हो; किनकि उसको यो कार्यले शिर्कको ढोका खोल्छ ।

## हदीसका केही फाइदाहरू:

1. चिहानहरूमा मस्जिदहरू बनाउन, तिनीहरूको नजिक नमाज पढ्न वा मस्जिद भित्र कसैलाई गाड्न निषेध गरिएको छ; किनकि यसले शिर्कको ढोका खोल्छ ।

2. चिहानमा मस्जिद बनाउनु र त्यसमा तस्विर राख्नु यहूदी र इसाईहरूको काम हो र जसले यो गर्छ, ऊ उनीहरूको अनुसरण गर्दछ ।
3. जीवित वस्तुको तस्बिर राख्नु हराम हो ।
4. जसले चिहानमा मस्जिद बनाउँछ र त्यसमा मूर्ति राख्छ त्यो अल्लाहको सबैभन्दा खराब सृष्टि हो ।
5. शरियतले तौहीदको सुरक्षा सुनिश्चित गरेको छ र शिर्कतर्फ जाने सबै मार्गहरू बन्द गरेको छ ।
6. अल्लाहका धर्मी सेवकहरूको बारेमा बढाइचढाइ गर्न निषेध गरिएको छ; किनकि यसले शिर्कको ढोका खोल्छ ।

(10887)

(25) – عن جندب رضي الله عنه قال: سَمِعْتُ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَبْلَ أَنْ يَمُوتَ بِخَمْسٍ وَهُوَ يَقُولُ «إِنِّي أَبْرَأُ إِلَى اللهِ أَنْ يَكُونَ لِي مِنْكُمْ خَلِيلٌ فَإِنَّ اللهَ تَعَالَى قَدِ اتَّخَذَنِي خَلِيلًا كَمَا اتَّخَذَ إِبْرَاهِيمَ خَلِيلًا، وَلَوْ كُنْتُ مُتَّخِذًا مِنْ أُمَّتِي خَلِيلًا لَاتَّخَذْتُ أَبَا بَكْرٍ خَلِيلًا! أَلَا وَإِنَّ مَنْ كَانَ قَبْلَكُمْ كَانُوا يَتَّخِذُونَ قُبُورَ أَنْبِيَائِهِمْ وَصَالِحِيهِمْ مَسَاجِدَ، أَلَا فَلَا تَتَّخِذُوا الْقُبُورَ مَسَاجِدَ! إِنِّي أَنْهَاكُمْ عَنْ ذَلِكَ». [صحيح] - [رواه مسلم]

(25) – जुनदुब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई आफ्नो मृत्यु भन्दा पाँच दिन अघि यसो भन्दै गरेको सुने: "म अल्लाह सामु यस कुरा प्रति असहमति जनाउन्छु , कि तिमीहरूमध्ये कोही मेरो 'खलील' (विशेष साथी) होस्। किनकि अल्लाहले मलाई आफ्नो 'खलील' (विशेष मित्र) बनाउनुभएको छ, जसरी उहाँले इब्राहीम (अलैहिस्सलाम) लाई आफ्नो खलील बनाउनुभएको थियो । यदि मैले मेरो उम्मतबाट कसैलाई 'खलील' बनाएको भए अबु बकरलाई बनाउने थिएँ । सुन, तिमीहरूभन्दा अघिका मानिसहरू आफ्ना धर्मी र नबीहरूका चिहानहरूलाई मस्जिदमा परिणत गर्थे । खबरदार! चिहानलाई पूज्यस्थल नबनाउनु, म तिमीहरूलाई त्यसो गर्नबाट रोक्दछु ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अल्लाहको दृष्टिमा आफ्नो स्थान र उहाँ अल्लाहको समीप प्रेमको सर्वोच्च स्थानमा हुनुहुन्छ भनी बताउनुभएको छ । अल्लाहको नजरमा उहाँको त्यही स्थान छ, जुन इब्राहीम (अलैहिस्सलाम) ले प्राप्त गरेका थिए । त्यसैले अल्लाह बाहेक मेरो कोही 'खलील' छैन भनेर स्पष्ट पार्नुभयो । किनकि उहाँको हृदय अल्लाहको प्रेम, श्रद्धा र पहिचानले भरिएको हुनाले यसमा अरू कसैको लागि खाली ठाउँ छैन । हो, यदि मानिसहरू मध्ये कोही उहाँको खलील (विशेष साथी) भएको भए अबु बकर (रजियल्लाहु अन्हु) ले यो पद प्राप्त गर्ने थिए । त्यसपछि उहाँले प्रेमको अनुमोदित सीमाभन्दा बाहिर जाने बारे चेताउनी दिनुभयो, जसरी यहूदी र इसाईहरूले आफ्ना नबीहरू र

धर्मी मानिसहरूको चिहानहरूसँग गरे र अल्लाहको सट्टा तिनीहरूको पूजा गर्न थाले र उनीहरूको चिहानमाथि मस्जिद र पूजास्थलहरू निर्माण गर्न थाले । तसर्थ रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो उम्मतलाई उनीहरू जस्ता कामहरू गर्न वर्जित गर्नुभयो ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा अबु बकर (रजियल्लाहु अन्हु) को उत्कृष्टता, सम्पूर्ण सहाबाहरूमध्ये सर्वोत्कृष्ट र नबीको मृत्युपछि उहाँ खलीफा (उत्तराधिकारी) हुनका लागि सबैभन्दा योग्य व्यक्ति हुन् भनेर पनि प्रस्ट हुन्छ ।
2. चिहानहरू माथि मस्जिद निर्माण गर्नु अघिल्लो समुदायले गरेका ठूलो गल्तीहरू मध्ये एक हो ।
3. चिहानलाई पूजास्थल बनाउन; तिनीहरूको नजिक वा त्यसतर्फ मुख गरेर नमाज पढ्न र चिहान माथि मस्जिद वा गुम्बजहरू निर्माण गर्न निषेध गरिएको छ, किनकि यसले शिर्कलाई निम्त्याउँछ ।
4. धर्मी मानिसहरूको बारेमा बढाइचढाइ गर्न निषेध गरिएको छ, किनकि यसले शिर्कको ढोका खोल्छ ।
5. पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम सल्लल्लाहु अलैहि वसल्लम) द्वारा सूचित गरिएको यस कार्यको खतराको अनुमान यस तथ्यबाट गर्न सकिन्छ कि उनले आफ्नो मृत्युको पाँच दिन अघि यसबाट बच्न आदेश दिए।

(3347)

(26) – عن أبي الهيَّاج الأسدي قال: قَالَ لِي عَلِيُّ بْنُ أَبِي طَالِبٍ: أَلَا أَبْعَثُكَ عَلَى مَا بَعَثَنِي عَلَيْهِ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ؟ أَنْ لَا تَدَعَ تِمْثَالًا إِلَّا طَمَسْتَهُ، وَلَا قَبْرًا مُشْرِفًا إِلَّا سَوَّيْتَهُ. [صحيح] - [رواه مسلم]

(26) – अबुल हय्याज असदीले बयान गरेका छन्, अली बिन अबी तालिब (रजियल्लाहु अन्हु) ले मलाई भन्नुभयो: के म तिमीलाई त्यस मिसनमा नपठाऊ, जसमा अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मलाई पठाउनुभएको थियो? तिमीले यदि कुनै पनि मुर्तिलाई देख्यौ भने त्यसलाई मेटाई देऊ र कुनै अग्लो कब्र (चिहान) छ भने त्यसलाई समतल गरी देऊ । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) आफ्ना साथीहरूलाई यो भन्दै पठाउनुहुन्थ्यो, जुन मूर्ति भेट्टाउछौ, त्यसलाई नष्ट गरिदेऊ वा मेटाइ देऊ । हदीसमा 'तिम्साल' शब्दको प्रयोग भएको छ, जसको अर्थ आत्मा भएको वस्तुको चित्र हो, चाहे त्यो आकारमा होस् वा आकारविहीन ।

त्यसैगरी अग्लो चिहान फेला परेमा त्यसलाई जमिनसँग समतल बनाउने र त्यसमाथि बनेका भवन, कुब्बा आदि भत्काउने वा धेरै नउठाउने गरी जमिनसँग समतल बनाउने । यो लगभग एक फिट अग्लो हुनुपर्छ । त्योभन्दा बढी होइन ।

## हदीसका केही फाइदाहरू:

1. जीवित वस्तुको तस्बिर बनाउन हराम हो । किनकि यसले शिर्कतर्फ लैजान्छ ।
2. शक्ति र अख्तियार भएको व्यक्तिले हातले गलत कुरा हटाउनु जायज हो ।
3. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) जाहिलीयत (इस्लाम पूर्व) कालका प्रत्येक चिन्हलाई तुरुन्तै हटाउन उत्सुक हुनुहुन्थ्यो, जस्तै चित्रहरू, मूर्तिहरू र चिहानहरूमा बनेका भवनहरू आदि ।

(5934)

(27) – عَنْ عَبْدِ اللهِ بْنِ مَسعودٍ رضي الله عنه عن رَسولِ اللهِ صلى الله عليه وسلم قال: «الطِّيَرَةُ شِرْكٌ، الطِّيَرَةُ شِرْكٌ، الطِّيَرَةُ شِرْكٌ، -ثلاثًا-»، وَمَا مِنَّا إِلَّا، وَلَكِنَّ اللهَ عَزَّ وَجَلَّ يُذْهِبُهُ بِالتَّوَكُّلِ.

[صحيح] - [رواه أبو داود والترمذي وابن ماجه وأحمد]

(27) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अपशगुन मान्नु शिर्क हो, अपशगुन मान्नु शिर्क हो, अपशगुन मान्नु शिर्क हो, (तीन पटक) भन्नुभयो ।" यस प्रकारको कुरा हामी सबैको हृदयमा आउँछ, तर अल्लाहले यसलाई तवक्कुल(अल्लाहमाथि भरोसा) मार्फत हटाउनुहुन्छ । [सही] - [अबू दाउद, तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले चरा वा जनावर वा अपाङ्गता भएका व्यक्तिहरू वा संख्या वा दिनहरू आदि जस्ता सुन्न वा देख्न सकिने कुनै पनि चीजबाट अशुभ चिन्हहरू लिन विरुद्ध चेतावनी दिनुभएको छ । जाहिलियत (इस्लाम पूर्व) युगमा चराबाट अशुभ संकेत लिनु सामान्य कुरा भएकोले यहाँ चरा उल्लेख गरिएको छ । अरबहरूले यात्रा, व्यापार वा कुनै पनि काम सुरु गर्न चाहँदा चरा उडाउने गर्थे । चरा दायाँतर्फ उड्यो भने शुभ शगुन मानेर त्यो काम गर्थे । तर बायाँतर्फ उड्यो भने, अशुभ मानेर चाहेको कुराबाट पछि हट्ने गर्थे । उहाँले यसलाई शिर्क भन्नुभयो, किनभने राम्रो ल्याउने र नराम्रो कुराबाट बचाउने अल्लाह बाहेक कोही छैन ।

अब्दुल्लाह बिन मसुद (रजियल्लाहु अन्हु) ले भने, कहिलेकाहीँ मुस्लिमको हृदयमा केही अशुभ कुरा आउँछ । यस्तो अवस्थामा अल्लाहमा भरोसा
राखेर त्यसलाई हटाउनुपर्छ र साथसाथै साधनहरू प्रयोग गर्नुपर्छ ।

## हदीसका केही फाइदाहरू:

1. अशुभ मान्नु शिर्क हो, किनभने यसले हृदयलाई अल्लाह बाहेक अरुसँग जोड्छ ।
2. महत्त्वपूर्ण कुराहरू दोहोर्याउने महत्त्व, ताकि त्यसलाई कण्ठ गर्न र हृदयमा बसाउन सकियोस् ।
3. अल्लाहमा भरोसा राख्दा खराब शगुन समाप्त हुन्छ ।
4. अल्लाहमा मात्र भरोसा राख्ने र हृदयलाई उहाँसँग जोड्ने आदेश ।

(3383)

(28) – عن عمران بن حصين رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «لَيْسَ مِنَّا مَنْ تَطَيَّرَ أَوْ تُطُيِّرَ لَهُ، أَوْ تَكَهَّنَ أَوْ تُكُهِّنَ لَهُ، أَوْ سَحَرَ أَوْ سُحِرَ لَهُ، وَمَنْ عَقَدَ عُقْدَةً، وَمَنْ أَتَى كَاهِنًا فَصَدَّقَهُ بِمَا يَقُولُ فَقَدْ كَفَرَ بِمَا أُنْزِلَ عَلَى مُحَمَّدٍ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ». [حسن] - [رواه البزار]

(28) – इमरान बिन हुसैन (रजियल्लाहु अन्हा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "त्यो व्यक्ति हामी मध्ये होइन, जसले अशुभ शगुन मान्यो वा जसको लागि अशुभ शगुन लिइएको छ, जसले ज्योतिषीको काम गर्यो वा जसको लागि ज्योतिषीको काम गराइयो, जसले जादू गर्यो वा जसको लागि जादू गराइयो । जसले गाँठोमा झारफुक गर्यो र जो कुनै ज्योतिषीकहाँ गयो र उसले भनेको वचनलाई सत्य मान्यो भने उसले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि अवतरित शरीयतलाई अस्वीकार गर्यो । [हसन] - [बज्जारले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना अनुयायीहरूलाई चेतावनी दिनुभएको छ, जसले यी कार्यहरू गर्छ ऊ हामी मध्ये होइन । यी कार्यहरू निम्नानुसार छन्:

पहिलो : "जसले अशुभ शगुन लियो वा जसको लागि शगुन लिइएको छ ।" यसको अर्थ: अरबहरूले यात्रा, व्यापार जस्ता कुनै पनि काम सुरु गर्दा चरालाई उडाउने गर्दथे । यदि चरा दायाँ तिर उड्यो भने यो एक शुभ संकेत हो र आफूले चाहेको काम गर्न जान्थे । तर यदि चरा बायाँतिर उड्यो भने, यो एक अशुभ संकेत मान्थे र आफूले चाहेको कुराबाट टाढिन्थे । वास्तवमा, यो निषेधित काम हो, न त आफैले गर्न मिल्छ न अरुद्वारा गराउन । यसमा हरेक प्रकारको शगुन समावेश गरिएको छ, चाहे त्यो कुरा सुन्ने वा देख्नेसँग सम्बन्धित होस् । चाहे त्यो पंक्षी होस्, जनावर होस्, शारीरिक अपाङ्गता भएका मानिस होस्, कुनै विशेष संख्या होस् वा दिन वा अरु केही ।

दोस्रो: जसले आफैले ज्योतिषीको काम गरेको छ वा कसैबाट गराएको छ । तसर्थ, जसले नक्षत्र, ताराहरू आदिको सहायताले अदृश्य कुरा थाहा पाएको दाबी गर्छ वा अदृश्य कुरा जान्ने दाबी गर्ने व्यक्तिकहाँ गएर उसको कुरालाई सत्य मान्ने व्यक्तिले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम)माथि अवतरित शरीयतलाई अस्वीकार गर्यो ।

तेस्रो: "जसले जादू गर्यो वा अरुद्वारा जादू गरायो ।" कसैको हित गर्ने वा कसैलाई हानि पुयाउने उद्देश्यले जादुगर्ने वा जादु गराउने वा अवैध मन्त्र इत्यादि जप गरेर धागो आदिमा गाँठो लगाएर फुकाउने व्यक्ति ।

## हदीसका केही फाइदाहरू:

1. अल्लाहमा भरोसा गर्नु र अल्लाहको भाग्यमा आस्था राख्नु आवश्यक छ । शगुन, बोक्सीविद्या र ज्योतिषीले गर्ने काम जस्तै भविष्यवाणी गर्नु वा उनीहरूसंग केही सोध्नु निषेध गरिएको छ ।
2. नदेखेको कुरा थाहा पाएको दाबी गर्नु बहुदेववाद र तौहीदको (एक इश्वरवाद) विपरीत हो ।
3. ज्योतिषीले भनेका कुरालाई सत्य मान्नु र ज्योतिषीहरूकहाँ जानु हराम हो । यसै सन्दर्भमा हत्केला र प्याला (कचौरा) हरू पढ्ने र व्यक्तिको

सौभाग्य र दुर्भाग्यलाई नक्षत्रसँग जोड्ने आदि कार्यहरू पनि समावेश छन्, यद्यपि यी जानकारीको लागि भए पनि निषेध छ ।

(5981)

(29) – عَنْ أَنَسِ بْنِ مَالِكٍ رضي الله عنه عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «لَا عَدْوَى، وَلَا طِيَرَةَ، وَيُعْجِبُنِي الْفَأْلُ» قَالَ قِيلَ: وَمَا الْفَأْلُ؟ قَالَ: «الْكَلِمَةُ الطَّيِّبَةُ». [صحيح] - [متفق عليه]

(29) – अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : रसूल अल्लाह (सल्लल्लाहु अलैहि व सल्लम) ले भने : "रोग संक्रामक हुँदैन, न त अपशगुनमा विश्वास गर्नुपर्छ, तर मलाई शुभसंकेत मन पर्छ।" साहबाहरूले सोधे : "शुभसंकेत भनेको के हो?" उहाँले भन्नुभयो : "मिठो शब्द।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ, अल्लाहको इजाजत र निर्णय बिना रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा संक्रमण हुने विश्वास गलत हो र यो इस्लाम पूर्वका मानिसहरूको विश्वास हो । त्यसैगरी अशुभ संकेत लिनु पनि अमान्य छ । चराचुरुङ्गी, जनावर, अपाङ्गता भएका व्यक्ति, सङ्ख्या वा दिनहरू जस्ता सुनिने वा देखिने कुराबाट अशुभ चिन्ह लिनुलाई अशुभ चिन्ह भनिन्छ । यस हदीसमा "अत-तियरा" (चरा) शब्द अशुभको लागि प्रयोग गरिएको छ, किनभने शगुनको यो विधि जाहिलियतको युगमा धेरै लोकप्रिय थियो । जब अरबहरू यात्रा वा व्यापार आदि सुरु गर्न चाहन्थे, तिनीहरू चरा उडाउने गर्थे । चरा दायाँ तर्फ उड्यो भने शुभ मानेर त्यो काम गर्थे र बायाँ तर्फ उड्यो भने अशुभ मानेर त्यसबाट पछि हट्ने गर्थे । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : मलाई शगुन मन पर्छ । शगुन भनेको मिठो बोली हो, जुन सुनेपछि व्यक्तिलाई आनन्द र खुशी प्राप्त हुन्छ र यसले उसलाई आफ्नो प्रभुको बारेमा राम्रो सोच्न बाध्य तुल्याउँछ ।

## हदीसका केही फाइदाहरू:

1. अल्लाहमा भरोसा राख्नुहोस्, किनभने उहाँ बाहेक नत कसैले राम्रो गर्न सक्छ नत खराबीलाई हटाउन सक्छ ।
2. अशुभ निषेध गरिएको छ, कुनै कुरालाई अशुभ मानेर त्यसबाट पछि हट्ने नै अशुभ हो ।
3. शुभसंकेत निषेध होइन, बरु यो अल्लाहमा राम्रो विश्वास हो ।
4. मान्छेको हरेक काम अल्लाहको मर्जी र आज्ञाले हुन्छ र उहाँको कोही साझेदार छैन ।

(3422)

(30) – عَنْ زَيْدِ بْنِ خَالِدٍ الجُهَنِيِّ رضي الله عنه أَنَّهُ قَالَ: صَلَّى لَنَا رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ صَلَاةَ الصُّبْحِ بِالْحُدَيْبِيَةِ عَلَى إِثْرِ سَمَاءٍ كَانَتْ مِنَ اللَّيْلَةِ، فَلَمَّا انْصَرَفَ أَقْبَلَ عَلَى النَّاسِ، فَقَالَ: «**هَلْ تَدْرُونَ مَاذَا قَالَ رَبُّكُمْ؟**» قَالُوا: اللهُ وَرَسُولُهُ أَعْلَمُ، قَالَ: «**أَصْبَحَ مِنْ عِبَادِي مُؤْمِنٌ بِي وَكَافِرٌ، فَأَمَّا مَنْ قَالَ: مُطِرْنَا بِفَضْلِ اللهِ وَرَحْمَتِهِ، فَذَلِكَ مُؤْمِنٌ بِي وَكَافِرٌ بِالْكَوْكَبِ، وَأَمَّا مَنْ قَالَ: بِنَوْءِ كَذَا وَكَذَا، فَذَلِكَ كَافِرٌ بِي وَمُؤْمِنٌ بِالْكَوْكَبِ**». [صحيح] - [متفق عليه]

(30) – जैद बिन खालिद अल-जोहनी (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, उहाँले भन्नु हुन्छः रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई "हुदैबिया" भन्ने ठाउँ मा फजरको नमाज पढाउनु भयो र त्यस अघिल्लो रात वर्षा भएको थियो । नमाज पढे पछि मानिसहरूतर्फ फर्किएर भन्नुभयो: " तिमीहरुलाई थाहा छ, तिमीहरुको प्रभुले के भन्नुभएको छ?" तिनीहरूले भने अल्लाह र उहाँका रसूल लाई राम्ररी ज्ञान छ, उहाँले भन्नुभयो: "मेरा भक्तहरू मध्ये केही मोमिन (ममा विश्वास गर्ने) र अर्को काफिर (अविश्वासी) भएको छन् । जसले भन्छ: अल्लाहको कृपा र दयाले वर्षा भएको हो, उसले ममा विश्वास गऱ्यो र नक्षत्रलाई इन्कार गऱ्यो र जसले भन्छ: ग्रह र नक्षत्रले गर्दा वर्षा भएको हो, उसले नक्षत्रमा विश्वास गऱ्यो र म माथि अविश्वास गऱ्यो ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हुदैबिया (मक्का नजिकको गाउँ) मा फजरको नमाज पढाउनु भयो र त्यस अघिल्लो रात पानी परेको थियो । नमाज पढिसकेपछि मानिसहरूतर्फ फर्किएर सोध्नुयो: "तिमीहरुको पालनकर्ताले के भन्नुभएको छ, तिमीहरुलाई थाहा छ ?" उहाँका साथीहरूले भने: अल्लाह र उहाँका रसूल राम्ररी जान्दछन् । उहाँले भन्नुभयो: अल्लाहले स्पष्ट गर्नुभएको छ कि जब वर्षा हुन्छ मानिसहरू दुई समूहमा विभाजित हुन्छन्: एक समूह जसले अल्लाहमा विश्वास गर्दछ र अर्को समूह जसले सर्वशक्तिमान् ईश्वरलाई इन्कार गर्दछ। यसर्थ, जसले भन्छ: अल्लाहको कृपा र दयाले वर्षा भयो र वर्षाको श्रेय अल्लाहलाई दिन्छ, त्यो व्यक्ति अल्लाह, यस संसारको सृष्टिकर्ता र ब्रह्माण्डको

शासकमा विश्वास गर्ने हो र नक्षत्रलाई इन्कार गर्ने हो। र जसले भन्छ: फलानो तारा वा ग्रहले गर्दा वर्षा भयो; त्यो व्यक्ति ईश्वरलाई इन्कार गर्ने र ग्रहमा विश्वास गर्ने हो | यो सानो कुफ्र (अविश्वास) हो । किनभने उसले तारालाई वर्षाको श्रेय दियो, जबकि तारा नक्षत्रले गर्दा वर्षा हुन्छ भन्ने कुरा न त धार्मीक शास्त्र मा उल्लेख छ न त सांसारिक विधिले नै पुष्टि हुन्छ । तर, जसले वर्षा र अन्य लौकिक दुर्घटनाहरूलाई ताराहरूको उदय वा अस्ताउन सँग जोडदछ र त्यसलाई नै वास्तविक कारक मान्छ त्यो व्यक्ति ठूलो (खुलस्त) काफिर हो ।

## हदीसका केही फाइदाहरू:

1. पानी परेपछि "मुतिर्ना बि फज्लिल्लाहि वरह्मतिहि"( अर्थात् 'अल्लाहको कृपाले वर्षा भयो') भन्नु मुस्तहब (उत्तम)हो ।
2. जसले वर्षा र अन्य वरदान समान चीजहरूको अस्तित्व एवं उत्पत्तिको श्रेय ग्रहलाई दिन्छ, त्यसले ठूलो कुफ्र गर्दछ, र यदि यो भन्छ कि अल्लाहले वर्षा त बर्साउनु हुन्छ, तर ग्रहले गर्दा पानी परेको हो1 भने त्यो सानो कुफ्र हो, किनभने यो ग्रह वर्षाको लागि न त धार्मिक रूपले वैधानिक कारण हो न भौतिक रूपले।
3. वरदान कुफ्र (अविश्वास) को कारण बन्न सक्छ यदि त्यसलाई अस्वीकार गरियो भने, र आस्थाको कारण बन्न सक्छ यदि त्यसप्रति कृतज्ञता व्यक्त गरियो भने।
4. शिर्कको ढोका बन्द गर्न निमित्त "'तारा वा फलानो ग्रहको कारणले वर्षा भयो" भन्ने बोलको प्रयोग निषेध गरिएको छ,चाहे त्यो वर्षाको समय बताउन उद्देश्यले नै किन नहोस्।
5. वरदान प्राप्त गर्न र दुःख र कठिनाइहरू हटाउनको लागि हृदयलाई अल्लाहसँग जोड्नु अनिवार्य छ।

(65010)

(31) – عَنْ عُقْبَةَ بْنِ عَامِرٍ الْجُهَنِيِّ رضي الله عنه: أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ أَقْبَلَ إِلَيْهِ رَهْطٌ، فَبَايَعَ تِسْعَةً وَأَمْسَكَ عَنْ وَاحِدٍ، فَقَالُوا: يَا رَسُولَ اللهِ، بَايَعْتَ تِسْعَةً وَتَرَكْتَ هَذَا؟ قَالَ: «إِنَّ عَلَيْهِ تَمِيمَةً»، فَأَدْخَلَ يَدَهُ فَقَطَعَهَا، فَبَايَعَهُ، وَقَالَ: «مَنْ عَلَّقَ تَمِيمَةً فَقَدْ أَشْرَكَ». [حسن] - [رواه أحمد]

(31) – उक्बह बिन आमिर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ केही मानिसहरू आए, जसमध्ये उहाँले नौ जनाबाट बैअत (शपथ) लिनुभयो, तर एक जनाबाट लिनुभएन । त्यसैले उनीहरूले सोधे: हे अल्लाहका रसूल! हजुरले नौ जनाबाट शपथ लिनुभयो र एक जनाबाट शपथ लिनुभएन! उहाँले जवाफ दिनुभयो: "उसले तावीज लगाएको छ ।" त्यसैले त्यो मानिसले आफ्नो हात भित्र हाल्यो र तावीजलाई काट्यो । अनि उहाँले शपथ लिनुभयो र भन्नुभयो: "जसले तावीज झुण्ड्याउँछ उसले शिर्क गरेको छ ।" [हसन] - [अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

एक जमात नबी (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आए, तिनीहरूको संख्या दश थियो, उहाँले तिनीहरुमध्ये ९ जनाबाट इस्लाम र त्यसप्रति वफादारीको बैअत (शपथ/प्रतिज्ञा) लिनुभयो, तर एक जनाबाट लिनुभएन । जब यसको बरेमा सोधियो त उहाँले जवाफ दिनुभयो : उसले तावीज झुण्ड्याएको छ । जुन मोती, धागो वा अन्य चीजहरूबाट बनाइएको हुन्छ र दुष्ट, हानि र विपत्तिबाट जोगिन घाँटी आदिमा झुण्ड्याइन्छ । त्यसैले त्यो मानिसले आफ्नो हात ताबीजको ठाउँमा घुसायो र त्यसलाई काटेर फ्याल्यो अनि त्यस समय नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उसँग वफादारीको प्रतिज्ञा गर्नुभयो । उहाँले ताबीज विरुद्ध चेतावनी दिदै त्यसको आदेश बताउनुभयो: "जसले ताबीज झुण्ड्याउँछ उसले शिर्क गरेको छ ।"

## हदीसका केही फाइदाहरू:

1. जसले अल्लाह बाहेक अरु कसैमा भरोसा गर्छ, अल्लाहले उसलाई उसको नियत विपरीत व्यवहार गर्नुहुनेछ ।
2. ताबीज लगाउनु हानि र दुष्टताबाट बच्ने कारण हो भनी विश्वास गर्नु सानो शिर्क हो, तर यसले स्वयम फायदा गर्छ वा हानिबाट जोगाउछ भनेर विश्वास गर्नु भने ठूलो शिर्क हो ।

(6762)

(32) – عن عبد الله بن مسعود رضي الله عنه قال: سمعت رسول الله صلى الله عليه وسلم يقول: «إِنَّ الرُّقَى والتَمائِمَ والتِّوَلَةَ شِرْكٌ». [صحيح] - [رواه أبو داود وابن ماجه وأحمد]

(32) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "निःसनदेह, रुक्या (झाडफूँक) गर्नु, तावीज बाँध्नु र पति-पत्नी बीच प्रेम सिर्जना गर्न टुनामुना गर्नु शिर्क हो ।" [सही] - [अबू दाउद, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले केही चीजहरू उल्लेख गर्नुभएको छ जुन शिर्क हो । तीमध्ये केही कुराहरू यस प्रकार छन्:

१) रुक्या : अर्थात् शिर्कमा आधारित यस्ता कुराहरू जसलाई इस्लाम पूर्व (जाहिलियत काल) का मानिसहरू रोगबाट निको हुनको लागि पढ्थे ।

२) मोती वा सीप आदिबाट बनेको ताबीज, जसलाई बच्चा र जनावरहरूमा नराम्रो नजरबाट जोगाउन बाँधिन्छ ।

३) तिवला : श्रीमान्–श्रीमतीबीच माया गर्नका लागि टुनामुना गर्नु ।

यी सबै कुराहरू शिर्क हुन्; किनभने यसको नत शरियतबाट कुनै प्रमाण छ नत कुनै प्रमाणित भौतिक अनुभव । जहाँसम्म शरियतका उपायहरू छन्, जस्तै कुर्आन पढ्नु वा भौतिक साधनहरू, जस्तै औषधिहरू, जुन अनुभव वा

परीक्षणबाट प्रमाणित छन्, यी केवल साधनहरू हुन् र नाफा-नोक्सानको मालिक अल्लाह हुनुहुन्छ भन्ने विश्वासका साथ प्रयोग गर्न अनुमति छ ।

## हदीसका केही फाइदाहरू:

1. तौहीद (एक इश्वरवाद) र अकिदालाई दूषित गर्ने सबै चीजहरूबाट जोगाउनु पर्छ ।
2. बहुदेववादी रुक्या (झाडफूँक), ताबीज र पति-पत्नी बीच प्रेम सिर्जना गर्न टुनामुना निषेध हो ।
3. यी तीन कुरालाई साधनको रूपमा लिनु शिर्कको सानो रूप (शिर्क असगर) हो; किनभने उसले कुनै करण नभएको कुरालाई साधन बनाउँछ । तर यदि यिनलाई आफैंमा लाभदायक र हानिकारक मानिन्छन् भने त्यो ठूलो शिर्क (शिर्क अकबर) हो ।
4. शिर्क र हराममा आधारित माध्यमहरू नअपनाउन चेतावनी ।
5. त्यो रुक्या जसको शरियतद्वारा अनुमति दिइएको छ बाहेक रुक्या; मन्त्रहरू पढ्नु र झाडफूँक गर्नु पनि शिर्क र हराम हो ।
6. हृदयको सम्बन्ध अल्लाहसँग मात्र हुनुपर्छ । नाफा नोक्सानको मालिक उहाँ नै हुनुहुन्छ । उहाँका कोही साझेदार छैन भन्ने हृदयमा दृढ विश्वास हुनुपर्छ । जुनसुकै भलाई भएपनि अल्लाहले दिनुहुन्छ र केवल उहाँले हामीलाई खराबीबाट बचाउनु हुन्छ ।
7. जायज रुक्या (झाडफूँक) का तीन सर्तहरू छन् : १) यो केवल एक माध्यम हो र अल्लाहको अनुमति बिना लाभदायक छैन भनेर विश्वास हुनुपर्छ । २)
8. कुर्आन, अल्लाहका नामहरू, उहाँका गुणहरू, अल्लाहका पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) द्वारा सिकाइएका दुआ (प्रार्थना) हरूबाट हुनुपर्छ । ३) बुझ्ने खाले भाषामा हुनुपर्छ, कुनै तावीज र जादु हुनु हुँदैन ।

(33) – عن بعض أزواج النبي صلى الله عليه وسلم عن النبي صلى الله عليه وسلم قال: «مَنْ أَتَى عَرَّافًا فَسَأَلَهُ عَنْ شَيْءٍ لَمْ تُقْبَلْ لَهُ صَلَاةٌ أَرْبَعِينَ لَيْلَةً». [صحيح] - [رواه مسلم]

(33) – नबी (सल्लल्लाहु अलैहि वसल्लम) का पवित्र स्वास्नीहरूबाट नकल गरिएको छ, उहाँले भन्नुभयो: "जो कोही ज्योतिषी कहाँ जान्छ र उसलाई कुनै कुराको बारेमा सोध्छ भने, चालीस दिनसम्म उसको सलाह (नमाज) कबुल हुँदैन ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले ज्योतिषीकहाँ जाने लाई चेतावनी दिँदै हुनुहुन्छ । हदीसमा 'अर्राफ' शब्द प्रयोग गरिएको छ जसको अर्थ तारा, शैतान इत्यादिको सहयोगबाट अदृश्यको बारेमा जान्ने दाबी गर्नेहरु हुन्, जस्तै ज्योतिषीहरू, माताहरू, बालुवामा रेखाहरू कोरेर वा हात देखेर भविष्यवाणी गर्नेहरू इत्यादि । त्यस्ता व्यक्तिहरूलाई अदृश्यको बारेमा केही सोध्दा, अल्लाहले चालीस दिनको नमाजको इनामबाट वञ्चित गर्नुहुन्छ । वास्तवमा यो उसको ठूलो पापको सजाय हो ।

## हदीसका केही फाइदाहरू:

1. ज्योतिषी भएर काम गर्नु र ज्योतिषीकहाँ गएर अदृश्य कुरा सोध्नु दुवै हराम हो ।
2. कहिलेकाहीँ मानिस आफ्नो पापको कारणले पुण्य कर्मको इनामबाट वञ्चित हुन्छ।
3. त्यसैगरी यस हदीसमा तथाकथित राशिफल, नक्षत्रहरूको अध्ययन, हातका रेखा र कचौराहरू पढेर गैबको (अदृष्यको) बारेमा भविष्यवाणी गर्ने सबै समावेश छन्, यद्यपि यो सबै मात्र जानकारी प्राप्त गर्नको लागि

भए पनि । किनकि यी सबै कुराहरू भाग्य-बताउने र अदृष्यको बारेमा जान्ने दावी गर्नेहरूका विभिन्न रुपहरू हुन् ।

4. ज्योतिषीकहाँ जानुको सजाय यति कठोर छ भने स्वयम् ज्योतिषी र अदृश्यको कुरा गर्नेलाई कति ठूलो सजाय होला ?
5. चालीस दिनको नमाज अदा (वैध) हुन्छ र यसलाई कजा गर्नु पर्दैन, अर्थात पुनः पढ्नु पर्दैन, तर पुण्य दिइने छैन ।

(5986)

(34) – عن ابْنِ عُمَرَ رضي الله عنهما أنه سَمِعَ رَجُلًا يَقُولُ: لَا وَالْكَعْبَةِ، فَقَالَ ابْنُ عُمَرَ: لَا يُحْلَفُ بِغَيْرِ اللَّهِ، فَإِنِّي سَمِعْتُ رَسُولَ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «مَنْ حَلَفَ بِغَيْرِ اللهِ فَقَدْ كَفَرَ أَوْ أَشْرَكَ». [صحيح] - [رواه أبو داود والترمذي وأحمد]

(34) – अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, मैले एक व्यक्तिलाई यसो भन्दै गरेको सुने, "होइन, म काबाको कसम खान्छु," उनले भने: अल्लाह बाहेक अरू कसैको कसम खानु हुँदैन, किनकि मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम)लाई भन्दै गरेको सुनें छु कि : "जसले गैरुल्लाह (अल्लाह बाहेक अरू कसै) को कसम खान्छ, उसले कुफ्र वा शिर्क गर्दछ ।" [सही] - [अबू दाउद, तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो, जसले अल्लाहको नाम र विशेषताहरू बाहेक अरू कुनै सृष्टिको कसम खान्छ, उसले कुफ्र वा शिर्क गर्छ; किनभने कसम खाँदा कसम खाने व्यक्तिको महिमा आवश्य नै हुन्छ जबकि महिमा योग्य केवल अल्लाह हुनुहुन्छ । त्यसैले केवल उहाँको नाम र गुणहरूको कसम खानुपर्छ, उहाँ हरेक कमीकमजोरीबाट पवित्र हुनुहुन्छ । अल्लाह बाहेक अरू कसैको कसम खानु सानो शिर्क हो । तर कसम खाने व्यक्तिले कसम खाने

कुरालाई अल्लाहको समान वा सोभन्दा बढी सम्मान दियो भने त्यो ठूलो शिर्क हुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. कसम र प्रतिज्ञा मा जुन सम्मान र आदर को भाव हुन्छ, त्यसको योग्य मात्र अल्लाह हुनुहुन्छ, त्यसैले अल्लाह र उहाँका नाम तथा विशेषताहरू बाहेक अरू कसैको कसम खान अनुमति छैन ।
2. सहाबा (साथी) हरू असल कुराको आदेश दिन र नराम्रो कामबाट अरुलाई रोक्न तत्पर रहनु हुन्थ्यो । विशेषगरी शिर्क वा कुफ्र जस्ता गलत कार्यको रोकथाममा ।

(3359)

(35) – عَنْ أَبِي مُوسَى الأَشْعَرِيِّ رضي الله عنه قَالَ: أَتَيْتُ رَسُولَ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فِي رَهْطٍ مِنَ الأَشْعَرِيِّينَ أَسْتَحْمِلُهُ، فَقَالَ: «وَاللَّهِ لاَ أَحْمِلُكُمْ، مَا عِنْدِي مَا أَحْمِلُكُمْ» ثُمَّ لَبِثْنَا مَا شَاءَ اللَّهُ فَأُتِيَ بِإِبِلٍ، فَأَمَرَ لَنَا بِثَلاَثَةِ ذَوْدٍ، فَلَمَّا انْطَلَقْنَا قَالَ بَعْضُنَا لِبَعْضٍ: لاَ يُبَارِكُ اللَّهُ لَنَا، أَتَيْنَا رَسُولَ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ نَسْتَحْمِلُهُ فَحَلَفَ أَنْ لاَ يَحْمِلَنَا فَحَمَلَنَا، فَقَالَ أَبُو مُوسَى: فَأَتَيْنَا النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فَذَكَرْنَا ذَلِكَ لَهُ، فَقَالَ: «مَا أَنَا حَمَلْتُكُمْ، بَلِ اللَّهُ حَمَلَكُمْ، إِنِّي وَاللَّهِ -إِنْ شَاءَ اللَّهُ- لاَ أَحْلِفُ عَلَى يَمِينٍ، فَأَرَى غَيْرَهَا خَيْرًا مِنْهَا، إِلَّا كَفَّرْتُ عَنْ يَمِينِي، وَأَتَيْتُ الَّذِي هُوَ خَيْرٌ». [صحيح] - [متفق عليه]

(35) – अबू-मूसा अल्-अश्अरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, म अश्अरी जनजातिका केही व्यक्तिहरूसँग रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आएँ । मैले उहाँसँग सवारी मागें तर उहाँले भन्नुभयो: "अल्लाहको कसम! म तिमीलाई सवारी दिन सक्दिनं र मसँग तिमीलाई दिने कुनै सवारी पनि छैन ।" त्यसपछि हामी अल्लाहले चाहनुभएको केही समयसम्म त्यहाँ बस्यौं । यसैबीच केही ऊँटहरू उहाँकहाँ आए, उहाँले हामीलाई तीनवटा ऊँटहरू दिन आदेश दिनुभयो । त्यहाँबाट निस्केपछि हामीमध्ये केही मानिसहरूले अरूलाई भने: अल्लाहले हाम्रो कार्य मा बर्कत (आशीर्वाद) दिँदैन। हामी ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आएर सवारीको लागि अनुरोध गर्यौं र उहाँले हामीलाई सवारी दिन नसक्ने कसम खानुभयो तर त्यसपछि उहाँले हामीलाई दिनुभयो । अबू मुसाले भने: हामी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ फर्कि हामीबीच भएको कुराबारे अवगत गरायौं । उहाँले भन्नुभयो: "हेर, मैले तिमीलाई सवारीसाधन दिएको होइन । अल्लाहले तिमीहरूलाई सवारी दिनुभएको हो । अल्लाहको कसम, जब म कुनै चीजको लागि कसम खान्छु र त्यो भन्दा राम्रो अर्को चीज देख्छु भने म कसमको कफ्फारा दिन्छु र राम्रो मात्र रोज्छु।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

अबू-मूसा अल्-अश्अरी (रजियल्लाहु अन्हु) ले मन्नत गरेका छन्, उनी अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आए र उनीसँगै उनको

जनजातिका अन्य सदस्यहरू पनि थिए । आउने उद्देश्य के थियो भने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनीहरूलाई सवारीसाधनको रुपमा केही ऊँटहरू प्रदान गरून्, ताकि तिनीहरू जिहादमा भाग लिन सकून् । तर नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले म तिमीहरूलाई सवारी दिन सक्दिनं र तिमीलाई दिने कुनै सवारी मसँग छैन भनेर कसम खानु भयो । त्यसैले तिनीहरू केही बेर पर्खेर बसे । त्यसपछि तीनवटा ऊँटहरू नबी (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आए र उहाँले ती ऊँटहरू तिनीहरूलाई दिन पठाउनुभयो । यो देखेर केही मानिसहरूले एक अर्कालाई भने: अल्लाहले हामीलाई यी ऊँटहरूमा बर्कत दिँदैनन्; किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई सवारी नदिने कसम खानुभएको थियो । त्यसैले तिनीहरू उहाँकहाँ आएर सोधे । उहाँले भन्नुभयो: वास्तवमा, अल्लाहले तिमीहरूलाई सवारी दिनुभएको हो; किनभने उहाँले व्यवस्था गर्नुभएको हो। यो काम मद्वारा सम्पन्न भएकोले म एक माध्यम मात्र हुँ । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: जब म कुनै काम गर्ने वा नगर्ने कसम खान्छु र पछि त्यो भन्दा राम्रो अर्को चीज देख्छु भने म कसमको कफ्फारा दिन्छु र राम्रो मात्र रोज्छु ।

## हदीसका केही फाइदाहरू:

1. कसैले कसम खान न भने पनि समाचार पुष्टि गर्न कसम खान अनुमति छ, चाहे त्यो भविष्यसँग सम्बन्धित भए पनि ।
2. कसम खाइसकेपछि "इन् शा अल्लाह" भनी अपवाद गर्न पाइन्छ र यदि कसमसँग अपवाद गर्ने नियत गरिन्छ र कसमसँग जोडिएको हो भने कसम तोड्नेमाथि कफफारा अनिवार्य हुँदैन ।
3. जब कुनै व्यक्तिले कसम खान्छ र त्यसपछि कसम भन्दा राम्रो कुरा देखेमा आफ्नो कसम तोडेर प्रायश्चित गर्न प्रोत्साहन ।

(2961)

(36) – عَنْ حُذَيْفَةَ رضي الله عنه أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «لَا تَقُولُوا: مَا شَاءَ اللهُ وَشَاءَ فُلَانٌ، وَلَكِنْ قُولُوا: مَا شَاءَ اللهُ ثُمَّ شَاءَ فُلَانٌ». [صحيح بمجموع طرقه] - [ رواه أبو داود والنسائي في الكبرى وأحمد]

(36) – हुजैफा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "यो नभन : अल्लाहले जे चाहनुहुन्छ र फलानो जे चाहन्छ, तर यो भन, अल्लाहले जे चाहनुहुन्छ र त्यसपछि फलानोले जे चाहन्छ ।" [सम्पूर्ण तुरुक (सिलसिला) ले गर्दा सही हो] - [अबू दाउदले र निसाईले सुनन कुब्रामा तथा अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले कुराकानी गर्दा 'अल्लाहले जे चाहनुहुन्छ र फलानोले जे चाहन्छ' भन्न निषेध गर्नुभएको छ ।" वा अल्लाह र फलानोले जे चाहन्छ; किनभने अल्लाहको इच्छा र उहाँको नियत निरपेक्ष छ र यसमा कोही साझेदार छैन । जबकि यहाँ "र" शब्दको प्रयोगले अल्लाहसँग कोही साझेदार छ र दुवै बराबर छन् भन्ने संकेत गर्दछ । तसर्थ, एक मुस्लिमले "जे अल्लाह चाहनुहुन्छ र त्यसपछि जे फलानो चाहन्छ भन्नु पर्छ ।" तसर्थ, "र" को सट्टा "त्यसपछि" शब्दको प्रयोग गर्दा सेवकको इच्छा अल्लाहको इच्छाको अधीनमा हुनेछ । किनकि "त्यसपछि" ले पछि गरिएको जनाउँछ जुन "र" शब्दमा हुँदैन ।

## हदीसका केही फाइदाहरू:

1. "जे अल्लाहले चाहनुहुन्छ र तपाइले चाहनुहुन्छ" र अन्य त्यस्ता वाक्यांशहरू भन्न निषेध गरिएको छ, किनकि यसमा "र" शब्दद्वारा अल्लाहलाई भक्तसंग प्रयोग गरिएको छ र यस्ता शब्द र भनाइहरू बहुदेववादका रूप हुन् ।

2. "जे अल्लाहले चाहनुहुन्छ, त्यसपछि तपाइँ चाहनुहुन्छ" र अन्य त्यस्ता वाक्यहरू प्रयोग गर्न अनुमति छ जसमा "त्यसपछि" शब्द दुई वाक्यांशहरू जोड्न प्रयोग गरिन्छ । किनभने यसमा कुनै हानि छैन ।
3. अल्लाहको इच्छाको प्रमाण र दासको इच्छाको प्रमाण । साथै दासको इच्छा अल्लाहको इच्छाको अधीनमा छ ।
4. अल्लाहको इच्छासँग सृष्टिको इच्छा समावेश गर्न निषेध गरिएको छ, चाहे मौखिक रूपमा पनि ।
5. यदि कसैले दासको इच्छा अल्लाहको इच्छा जस्तै व्यापकता र पूर्णतामा समान छ वा दासको स्वतन्त्र इच्छा छ भनी विश्वास गर्छ भने, यो ठूलो शिर्क (बहुदेववाद) हो, तर अल्लाह भन्दा कम छ विश्वास गर्छ भने त्यो सानो शिर्क हो ।

(3352)

(37) – عَنْ مَحْمُودِ بْنِ لَبِيدٍ رضي الله عنه أَنَّ رَسُولَ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «إِنَّ أَخْوَفَ مَا أَخَافُ عَلَيْكُمُ الشِّرْكُ الْأَصْغَرُ» قَالُوا: وَمَا الشِّرْكُ الْأَصْغَرُ يَا رَسُولَ اللهِ؟ قَالَ: «الرِّيَاءُ، يَقُولُ اللهُ عز وجل لَهُمْ يَوْمَ الْقِيَامَةِ إِذَا جُزِيَ النَّاسُ بِأَعْمَالِهِمْ: اذْهَبُوا إِلَى الَّذِينَ كُنْتُمْ تُرَاؤُونَ فِي الدُّنْيَا، فَانْظُرُوا هَلْ تَجِدُونَ عِنْدَهُمْ جَزَاءً؟». [حسن] - [رواه أحمد]

(37) – महमूद बिन लबीद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "निस्सन्देह, मलाई तिमीहरूको बारेमा जुन कुरादेखि सबैभन्दा धेरै डर लागेको छ, त्यो सानो शिर्क हो ।" साथीहरूले भने: हे अल्लाहको रसूल! यो सानो शिर्क के हो? उहाँले जवाफ दिनुभयो: "दिखावटी (रिया) ।" अल्लाहले उनीहरूलाई न्यायको दिन; जब मानिसहरूको हिसाबकिताब गरिनेछ भन्नुहुनेछ: जाऊ तिनीहरूकहाँ जाऊ जसको लागि तिमीहरूले संसारमा रियाकारी (दिखावटी) गर्यौं । हेर, तिनीहरुबाट कुनै इनाम पाउछौ कि?" [हसन] - [अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हामीलाई बताउँदै हुनुहुन्छ, उहाँलाई आफ्नो उम्मतप्रति सबैभन्दा बढी डर लाग्ने कुरा सानो शिर्क हो, जुन पाखण्ड हो कि व्यक्तिले मानिसहरूलाई देखाउनको लागि काम गरोस्। त्यसपछि उहाँले रियाकारी (देखावटी) गर्नेहरूले न्यायको दिन पाउने दण्डको बारेमा भन्नुभयो : उनीहरूलाई भनिनेछ, तिमीहरूले जसलाई देखाउन काम गरेकाथ्यौ, उतै जाऊ र हेर के तिनीहरूमा तिमीहरूलाई इनाम दिन शक्ति छ कि छैन ?!

## हदीसका केही फाइदाहरू:

1. इख्लास; अल्लाहको प्रसन्नता प्राप्त गर्न विशुद्ध रूपमा कर्म गर्नु आवश्यक छ । पाखण्ड र कपटबाट होसियार हुनुपर्छ ।
2. आफ्ना अनुयायीप्रति रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को असीम कृपा र उनीहरूको मार्गदर्शन र परोपकारिता गर्ने उत्सुकता ।

3. जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सहाबाहरूलाई सम्बोधन गर्दा यति चिन्तित हुनुहुन्थ्यो, जो उत्कृष्ट पिढी र सबै धर्मी मानिसहरू थिए, तब पछिका मानिसहरूप्रतिको डरको अझै बढी छ ।

(3381)

(38) – عن أبي مَرْثَدٍ الغَنَوِيّ رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «لَا تَجْلِسُوا عَلَى الْقُبُورِ، وَلَا تُصَلُّوا إِلَيْهَا». [صحيح] - [رواه مسلم]

(38) – अबू मरसद गन्वी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "चिहानहरूमाथि नबस्नु र त्यसतर्फ मुख गरेर नमाज नपढ्नु।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्याः

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले चिहानहरूमाथि बस्न निषेध गर्नुभएको छ ।

त्यसैगरी, चिहानतर्फ मुख फर्काएर नमाज पढ्न निषेध गरिएको छ, जस्तै चिहान नमाज पढ्ने व्यक्ति र किब्लाको बीचमा अवस्थित छ भने । किनभने यो शिर्क (बहुदेववाद) को माध्यम हो ।

## हदीसका केही फाइदाहरू:

1. चिहानमा, चिहानहरूको बीचमा वा चिहानतिर फर्केर नमाज पढ्न निषेध गरिएको छ । तर जनाजा (अन्त्येष्टि) को नमाज यस निषेधको दायरा बाहिर छ, किनभने त्यो सुन्नतले प्रमाणित छ ।

2. शिर्कको ढोका बन्द गर्न चिहानतिर फर्केर नमाज पढ्ने निषेध गरिएको छ ।

3. इस्लामले चिहानको बारेमा बढाइचढाइ गर्न र तिनीहरूको अनादर गर्न दुवै निषेध गरेको छ । त्यसैले कुनै अतिशयोक्ति वा लापरवाही गर्न पाइँदैन ।
4. मुस्लिमको इज्जत मृत्यु पछि पनि कायम रहन्छ । किनभने रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "मृत व्यक्तिको हड्डी भाँच्नु भनेको जीवित व्यक्तिको हड्डी भाँच्नु जस्तै हो ।"

(10647)

(39) – عَنْ أَبِي طَلْحَةَ رَضِيَ اللَّهُ عَنْهُ عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «لاَ تَدْخُلُ المَلاَئِكَةُ بَيْتًا فِيهِ كَلْبٌ وَلاَ صُورَةٌ». [صحيح] - [متفق عليه]

(39) – अबू तल्हा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "कुकुर वा चित्र भएको घरमा फरिश्ता (स्वर्गदूत) हरू प्रवेश गर्दैनन् ।" [सही] - [मुत्तफकुन अलैहि]

**व्याख्या:**

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : रहमत (दया) का स्वर्गदूतहरू कुकुर वा जीवहरूको चित्र भएको घरमा प्रवेश गर्दैनन्; किनभने जीवहरूको चित्र बनाउनु घोर पाप हो । यो अल्लाहको सृष्टिको नक्कल, प्रतिस्पर्धा र शिर्क (बहुदेववाद) को माध्यम हो । यसमा सत्य ईश्वर; अल्लाहको सट्टा पूजा गरिने केही देवीदेवताको मूर्तिहरू हुन्छन् । फरिश्ताहरू कुकुर भएको घरबाट टाढा रहनुको कारण: किनभने कुकुरले धेरै अशुद्ध (नापाक) पदार्थहरू खान्छ र केही कुकुरलाई शैतान भनिएको छ; र स्वर्गदूतहरू शैतानहरूका विपरीत हुन् । कुकुरको खराब गन्धले गर्दा; स्वर्गदूतहरू खराब गन्धलाई घृणा गर्छन् । कुकुर पाल्न निषेध गरिएकोले गर्दा; कुकुर पाल्ने व्यक्तिको घरमा दयाका स्वर्गदूतहरूको प्रवेश निषेध गरिएको छ र ऊ

फरिश्ताको दुआ, क्षमा, बर्कत (आशीर्वाद) र शैतानको हानिबाट जोगाउने इत्यादिबाट वञ्चित हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. शिकार गर्न र गाईवस्तु वा खेतको सुरक्षा गर्न बाहेक अन्य कुकुरहरू पाल्न निषेध गरिएको छ ।
2. तस्विरहरू खिच्नु वा राख्नु एक दुष्ट कार्य हो, जसले गर्दा स्वर्गदूतहरू टाढा भाग्छन् र तस्विरहरू भएको ठाउँमा स्वर्गदूतहरू उपस्थि हुँदैनन् र कुकुरको पनि त्यस्तै हो ।
3. कुकुर वा चित्र भएको घरमा प्रवेश नगर्ने स्वर्गदूतहरू दयाका फरिश्ताहरू हुन्, जबकि संरक्षकहरू र मलकुल-मौत (मृत्यु दिने) स्वर्गदूतहरू प्रत्येक घरमा प्रवेश गर्छन् ।
4. भित्ता र अन्य ठाउँमा जीवजन्तुका तस्विरहरू टाँग्न निषेध गरिएको छ ।
5. खत्ताबीले भने: 'स्वर्गदूतहरू कुकुर वा जीवहरूको चित्र भएको घरमा प्रवेश गर्दैनन्' को मतलब भनेको राख्न निषेध गरिएको कुकुरहरू र तस्वीरहरू हुन्, तर शिकार गर्न र गाईवस्तु वा खेतको सुरक्षा गर्न पालिएका कुकुरहरू र गलैंचा, तकिया आदिमा देखिएका तस्वीरहरूले गर्दा स्वर्गदूतहरूलाई प्रवेश गर्नबाट रोकिएको छैन ।

(8950)

(40) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «لَا تَصْحَبُ الْمَلَائِكَةُ رُفْقَةً فِيهَا كَلْبٌ وَلَا جَرَسٌ». [صحيح] - [رواه مسلم]

(40) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "फरिश्ताहरू(स्वर्गदूत)ले त्यो समूहको साथ दिँदैनन् जहाँ कुकुर वा घण्टी हुन्छ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, स्वर्गदूतहरूले त्यस्तो यात्रामा साथ दिँदैनन्, जसमा कुकुर हुन्छ वा जनावरहरूको घाँटीमा घण्टी झुण्डिएको हुन्छ र हिँड्दा आवाज निस्किन्छ ।

## हदीसका केही फाइदाहरू:

1. शिकार वा पहरेदार कुकुर बाहेक अन्य कुकुर पाल्न निषेध गरिएको छ ।
2. साथमा नआउने स्वर्गदूतहरू रहमत (दया) का फरिश्ताहरू हुन्, जबकि संरक्षण गर्ने फरिश्ताहरूले घरमा हुँदा वा बाहिर जाँदा दासहरूको साथ छोड्दैनन् ।
3. घण्टी निषेध गरिएको छ; किनभने यो शैतानको बाँसुरी मध्ये एक हो र यसमा ईसाई (वा गैर-मुस्लिम) ले फुंकने वा हल्लाउने घण्टीको अनुसरण हो ।
4. मुस्लिमले स्वर्गदूतहरूलाई आफूबाट टाढा गर्न सक्ने सबै कुराहरूबाट टाढा रहन सावधान हुनुपर्छ ।

(8951)

(41) – عَن أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «يَأْتِي الشَّيْطَانُ أَحَدَكُمْ فَيَقُولُ: مَنْ خَلَقَ كَذَا؟ مَنْ خَلَقَ كَذَا؟ حَتَّى يَقُولَ: مَنْ خَلَقَ رَبَّكَ؟ فَإِذَا بَلَغَهُ فَلْيَسْتَعِذْ بِاللهِ وَلْيَنْتَهِ». [صحيح] - [متفق عليه]

(41) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "शैतान तिमीहरु मध्ये कसै कहाँ आउँछ र भन्छ: यो कसले सृष्टि गर्यो ? र यो कसले रचना गर्यो ? यो क्रम चलिरहन्छ यहाँ सम्म उसले सोध्न थाल्छ : तिम्रो रब (पालनकर्ता) लाई कसले सृष्टि गर्यो ? यस्तो कुरा दिमागमा आउन साथ शैतानको उपद्रोबाट अल्लाहको शरण लिनुपर्छ र यस्त खराब विचार त्याग्नु पर्छ" । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले शैतानले आस्थावानहरूको मस्तिष्कमा हाल्ने प्रश्नहरूको प्रभावकारी उपचारको वर्णन गर्नुभएको छ। शैतानले भन्छ : यसलाई कसले बनायो? आकाशलाई कसले बनायो ? पृथ्वीलाई कसले बनायो ? मुस्लिमले  धार्मिक, प्राकृतिक र तार्किक जवाफ दिन्छ : यी सबैको सृष्टि अल्लाहले गरेका हुन् । तर शैतान यतिमै सिमित नभई एक कदम अगाडि बढेर प्रश्न गर्छ : त्यसोभए तिम्रो परमेश्वरलाई कसले सृष्टि गरेको त ? यस्तो अवस्थामा आस्थावानले वस्वसा (कुविचारहरू) लाई तीन चीजहरूद्वारा हटाउन सक्छ :

अल्लाह माथि विश्वास गरेर ।
शैतानबाट अल्लाहको शरण लिएर ।
र नराम्रा विचारहरूबाट टाढा रहेर।

## हदीसका केही फाइदाहरू:

1. शैतानी वस्वसा (कुविचार) र चालहरूबाट टाढा रहनुपर्छ र त्यसको बारेमा सोच्नु हुँदैन साथै त्यसबाट जोगिन अल्लाह सँग वहाँको शरण प्राप्ति निमित्त प्रार्थना गर्नुपर्छ ।

2. मानिसको हृदयमा धर्म विरुद्ध जुनसुकै वस्वसा (कुविचार) उत्पन्न हुन्छ, त्यो शैतानबाट हुन्छ ।

3. अल्लाहको अस्तित्व बारे चिन्तन गर्न निषेध गरिएको छ, र उहाँका सृष्टिहरू र निसानीहरूमाथि विचार गर्न प्रोत्साहित गरिएको छ।

(65013)

(42) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**إِنَّ اللَّهَ قَالَ: مَنْ عَادَى لِي وَلِيًّا فَقَدْ آذَنْتُهُ بِالحَرْبِ، وَمَا تَقَرَّبَ إِلَيَّ عَبْدِي بِشَيْءٍ أَحَبَّ إِلَيَّ مِمَّا افْتَرَضْتُ عَلَيْهِ، وَمَا يَزَالُ عَبْدِي يَتَقَرَّبُ إِلَيَّ بِالنَّوَافِلِ حَتَّى أُحِبَّهُ، فَإِذَا أَحْبَبْتُهُ: كُنْتُ سَمْعَهُ الَّذِي يَسْمَعُ بِهِ، وَبَصَرَهُ الَّذِي يُبْصِرُ بِهِ، وَيَدَهُ الَّتِي يَبْطِشُ بِهَا، وَرِجْلَهُ الَّتِي يَمْشِي بِهَا، وَإِنْ سَأَلَنِي لَأُعْطِيَنَّهُ، وَلَئِنِ اسْتَعَاذَنِي لَأُعِيذَنَّهُ، وَمَا تَرَدَّدْتُ عَنْ شَيْءٍ أَنَا فَاعِلُهُ تَرَدُّدِي عَنْ نَفْسِ المُؤْمِنِ، يَكْرَهُ المَوْتَ وَأَنَا أَكْرَهُ مَسَاءَتَهُ**». [صحيح] - [رواه البخاري]

(42) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "अल्लाह भन्नुहुन्छ: जसले मेरो वली (मुमिन भक्त) सँग शत्रुता राख्छ, म उसको विरुद्ध युद्धको घोषणा गर्दछु । मेरो दासले मेरो निकटता प्राप्त गर्ने कर्महरू मध्ये मलाई सबैभन्दा बढी मन पर्ने फर्जहरु हुन् । मेरो भक्तले नफिलद्वारा मेरो नजिक हुने प्रयास गरिरहन्छ, यहाँसम्म म उसलाई माया गर्न थाल्छु । जब म उसलाई माया गर्छु म उसको कान बन्छु, जसबाट उसले सुन्दछ । म उसको आँखा बन्छु, जसबाट उसले देख्दछ । म उसको हात बन्छु, जसले ऊ समात्छ र म उसको खुट्टा बन्छु, जसले ऊ हिँड्छ । यदि उसले मसँग माग्यो भने म उसलाई दिन्छु र उसले शरण माग्यो भने म उसलाई शरण दिन्छु । म आफ्नो मुमिनको ज्यान लिनमा जति संकोच गर्छु, त्यति संकोच अरु मैले गर्ने कुनै कुरामा गर्दिनँ । किनभने उसलाई मृत्यु मन पर्दैन र मलाई उसलाई दुःख दिन मन पर्दैन ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) हदीस कुद्सीमा बयान गर्नुहुन्छ, अल्लाहले भन्नुभएको छ : जसले मेरो वली (मुमिन भक्त) हरुमध्ये कसैलाई हानि पुऱ्याउँछ वा घृणा गर्छ, म उसको विरुद्ध शत्रुता र युद्धको घोषणा गर्नेछु ।

वली : प्रत्येक मुमिन र मुत्तकी वली हुन्, दासको आस्था र धार्मिकताको हद अनुसार भक्तले अल्लाहको वली बन्ने अवसर पाउने छ । मुस्लिमले अल्लाहले फर्ज गर्नुभएको उपासना, आज्ञापालन, हराम चीजहरूबाट टाढा बस्नु र नफिल

(स्वैच्छिक उपासना) हरू द्वारा उहाँको निकटता प्राप्त गर्न सक्छ । जब अल्लाहले भक्तलाई प्रेम गर्नुहुन्छ, तब उहाँले भक्तलाई यी चार भागहरूमा मद्दत गर्नुहुनेछ:

उहाँले उसको कानलाई निर्देशित गर्नुहुन्छ, त्यसैले उसले परमेश्वरलाई खुशी पार्ने कुरा मात्र सुन्छ ।

उहाँले उसको आँखालाई निर्देशित गर्नुहुन्छ, त्यसैले उसले केवल परमेश्वरलाई खुशी पार्ने कुरा हेर्छ ।

उहाँले उसको हातलाई निर्देशित गर्नुहुन्छ, त्यसैले उसले आफ्नो हातले परमेश्वरलाई खुशी पार्ने कुरा बाहेक केही गर्दैन ।

उहाँले उसको खुट्टालाई निर्देशित गर्नुहुन्छ, त्यसैले ऊ केवल परमेश्वरलाई खुशी पार्ने कुरामा हिँड्छ ।

यद्यपि, उसले परमेश्वरसँग केही माग्यो भने, परमेश्वरले उसलाई जे मागेको छ त्यो दिनुहुनेछ । ऊ 'मुस्तजाबुद्दावात' (जसको दुआ अल्लाहले स्वीकार गर्नु हुन्छ) बन्ने छ । यदि उसले परमेश्वरमा शरण खोज्छ भने सर्वशक्तिमान परमेश्वरले उसलाई डराका कुराबाट आश्रय दिनुहुनेछ ।

त्यसपछि अल्लाहले भन्नुभयो: म आफ्नो मुमिन भक्तप्रति दया गर्दै उसको रूह (आत्मा) निकाल्नमा जति संकोच, त्यति संकोच मैले गर्ने कुनै काममा गर्दिनँ । किनभने उसले मृत्युलाई घृणा गर्दछ, किनभने यसले पीडा दिन्छ र परमेश्वरले मुमिनलाई पीडा दिने कुरालाई घृणा गर्नुहुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. यो हदीस रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो पालनकर्बाताट वर्णन गर्नुभएको हो र यसलाई 'हदीस कुदसी' वा 'हदीस-ए-इलाही' भनिन्छ । यसको शब्द र अर्थ दुबै अल्लाहबाट हो । तर यसमा कुर्आनका विशेषताहरू छैनन्, जस्तै: यसको तिलावत गर्नु, यसको लागि तहरात प्राप्त गर्नु, उपासना आदि ।
2. अल्लाहका वलीहरूलाई हानि पुऱ्याउन निषेध र उनीहरूलाई माया गर्न र उनीहरूको श्रेष्ठता स्वीकार गर्न प्रोत्साहित गरिएको छ ।

3. अल्लाहका शत्रुहरूसंग शत्रुता गर्ने र उनीहरूसंग मित्रता नगर्ने आदेश ।
4. जसले अल्लाहको  शरियतलाई पालन नगरी म उहाँको वली हुँ दाबी गर्छ भने ऊ झुटो हो ।
5. अल्लाहको वली बन्नका लागि वाजिब (कर्तब्य) को पालन र हराम (निषेधित) लाई त्याग्नुपर्छ ।
6. दासप्रति अल्लाहको प्रेम र दुआ स्वीकार हुनुको एउटा कारण वाजिब (कर्तब्य) को पालन र हराम (निषेधित) लाई त्यागेपछि नफिल (स्वैच्छिक) उपासना गर्नु हो ।
7. वलीहरूको श्रेष्ठता र तिनीहरूको उच्च हैसियतको प्रमाण ।

(6337)

(43) – عن العِرْباضِ بن سارِيةَ رضي الله عنه قال: قام فينا رسول الله صلى الله عليه وسلم ذات يوم، فوَعَظَنا مَوعظةً بليغةً وَجِلتْ منها القلوبُ، وذَرَفتْ منها العيونُ، فقيل: يا رسول الله، وعظتَنَا موعظةَ مُودِّعٍ فاعهد إلينا بعهد. فقال: «**عليكم بتقوى الله، والسمع والطاعة، وإن عبدًا حبشيًّا، وسترون من بعدي اختلافًا شديدًا، فعليكم بسنتي وسنة الخلفاء الراشدين المهديين، عَضُّوا عليها بالنواجِذ، وإياكم والأمور المحدثات، فإن كل بدعة ضلالة**». [صحيح] - [رواه أبو داود والترمذي وابن ماجه وأحمد]

(43) – इरबाज बिन सारिया (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, एक दिन रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हाम्रो बीचमा उभिएर यस्तो प्रभावशाली उपदेश दिनुभयो जसले हाम्रो हृदय काँप्यो र हाम्रा आँखाहरू आँसुले भरिए । कसैले भन्यो, हे अल्लाहको रसूल! तपाईंले यस्तो उपदेश दिनुभएको छ, जुन विदाई प्रवचन जस्तो देखिन्छ । त्यसैले कृपया हामीलाई केही नसीहत गर्नुहोस् । उहाँले भन्नुभयो: "अल्लाहसँग डराउनु र आफ्ना शासकहरूको आदेश सुन्नु र पालन गर्नु, चाहे शासक एक कालो दास भए पनि । तिमीहरूले मेरो पछि धेरै विवाद देख्ने छौ। त्यसैले मेरो सुन्नत र सही मार्गनिर्देशित खलीफाहरूको सुन्नतको अनुसरण गर्नु ।" यसलाई बङ्गाराले भएपनि समात्नु । धर्मको नाममा नयाँ कुराहरूबाट टाढा रहनु । प्रत्येक विदअत (धर्मको नाममा गर्ने नयाँ कुरा) भ्रम र पथभ्रष्टता हो ।" [सही] - [अबू दाउद, तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

एक दिन रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यस्तो प्रभावशाली उपदेश दिनुभयो जसले मानिसहरूको मन छोयो र आँखा रसायो । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को प्रभावशाली उपदेश देखेर उहाँका साथीहरूले भने: हे अल्लाहको रसूल! यो विदाई प्रवचन जस्तो देखिन्छ । तसर्थ तिनीहरूले पछि काम लाग्ने केही महत्वपूर्ण वसीयत गर्न आग्रह गरे । उहाँले भन्नुभयो: म तिमीलाई अल्लाहसँग डराउन आदेश दिन्छु । अल्लाहको डरको अर्थ भनेको अनिवार्य कुराको पालना गर्नु र निषेधित कुराहरूबाट टाढा रहनु हो । त्यसैगरी, म तिमीहरूलाई शासकहरूको आदेश सुन्न र पालन गर्न आदेश दिन्छु । तिम्रो

शासक कालो दास भए पनि । अर्थात् एक साधारण मानिस पनि तिम्रो शासक बन्यो भने उसको आज्ञापालन गर्नुपर्छ, ताकि द्वन्द्व र जताततै रक्तपात नहोस् । किनभने तिमीहरूमध्ये जो जीवित रहन्छ उसले धेरै विवाद देख्नेछ । त्यसपछि उहाँले तिनीहरूलाई यस असहमतिबाट बाहिर निस्कने बाटो बताउनुभयो । अर्थात्, उहाँको सुन्नत र उहाँपछि खिलाफत ग्रहण गरेका सही मार्गनिर्देशित खलीफाहरू; अबु बकर सिद्दिक, उमर बिन खत्ताब, उस्मान बिन अफ्फान र अली बिन अबू तालिब (रजियल्लाहु अन्हुम) को सुन्नत दृढतापूर्वक समात्नु पर्छ । उहाँले त्यसलाई बङ्गाराले भएपनि समात्न आदेश दिनुभयो । अर्को शब्दमा, हरेक परिस्थितिमा सुन्नतलाई पछ्याउन र पालन गर्नुपर्छ । त्यसपछि धर्मको नाममा नयाँ कुराहरू आविष्कार गर्न विरुद्ध चेतावनी दिनुभयो । किनभने धर्मको नाममा आउने हरेक नयाँ कुरा पथभ्रष्टा हो ।

## हदीसका केही फाइदाहरू:

1. सुन्नतलाई दृढतापूर्वक समात्न पर त्यसको पालना गर्नुको महत्त्व ।
2. उपदेश दिने र हृदयलाई नरम पार्ने कुरामा ध्यान ।
3. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) पछि उहाँका चार धर्मी खलीफा (उत्तराधिकारी) हरू; अबु बकर सिद्दिक, उमर फारूक, उस्मान बिन अफ्फान र अली बिन अबि तालिब (रजियल्लाहु अन्हुम) को अनुसरण गर्न आदेश ।
4. धर्मको नाममा नयाँ कुराहरू आविष्कार गर्न निषेध र धर्मको नाममा हरेक नयाँ कुरा पथभ्रष्टा हो ।
5. पापको आदेश नदिएसम्म मुस्लिमहरूले शासकहरूको कुरा सुन्न र पालन
6. गर्नुपर्छ ।
7. सबै समय र परिस्थितिहरूमा अल्लाहको तकवा (डर) को महत्त्व ।

8. यस उम्मतमा विवादहरू उत्पन्न हुन्छ र जब मतभेदहरू देखा पर्दछन् भने रसूल (सल्लल्लाहु अलैहि वसल्लम) र उहाँका खलीफाहरूको सुन्नतको अनुसरण आवश्यक छ ।

(65057)

(44) – عن أبي هريرة رضي الله عنه عن النبي صلى الله عليه وسلم أنه قال: «مَنْ خَرَجَ مِنَ الطَّاعَةِ، وَفَارَقَ الْجَمَاعَةَ فَمَاتَ، مَاتَ مِيتَةً جَاهِلِيَّةً، وَمَنْ قَاتَلَ تَحْتَ رَايَةٍ عِمِّيَّةٍ، يَغْضَبُ لِعَصَبَةٍ، أَوْ يَدْعُو إِلَى عَصَبَةٍ، أَوْ يَنْصُرُ عَصَبَةً، فَقُتِلَ، فَقِتْلَةٌ جَاهِلِيَّةٌ، وَمَنْ خَرَجَ عَلَى أُمَّتِي، يَضْرِبُ بَرَّهَا وَفَاجِرَهَا، وَلَا يَتَحَاشَى مِنْ مُؤْمِنِهَا، وَلَا يَفِي لِذِي عَهْدٍ عَهْدَهُ، فَلَيْسَ مِنِّي وَلَسْتُ مِنْهُ». [صحيح] - [رواه مسلم]

(44) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले मुस्लिम हाकिमको आज्ञा मात्र इन्कार गर्छ र जमात छोड्छ अनि त्यही अवस्थामा मर्छ भने त्यो जाहिलियतको मृत्यु हो । जसले उद्देश्य स्पष्ट नभएको झण्डामुनि लड्छ, आफ्नो दलको लागि क्रोधित हुन्छ, आफ्नो दलको लागि आह्वान गर्छ वा समर्थन गर्छ र त्यही अवस्थामा मर्छ भने यो जाहिलियतको मृत्यु हो । जसले मेरो उम्मत (अनुयायी) विरुद्ध आक्रमण गर्छ, असल र खराब सबैलाई मार्छ, न मोमिनलाई त्याग्छ, सम्झौता गरेपछि त्यसको सम्मान गर्दैन भने, ऊ मबाट होइन र म ऊबाट होइन ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ, जो व्यक्ति हाकिमको आज्ञाकारिताबाट बाहिर निस्क्यो र हाकिमप्रति सर्वसम्मत रूपमा वफादारीको प्रतिज्ञा गरेका मुस्लिमहरूको समूहबाट अलग भयो  र त्यही अवस्थामा उसको मृत्यु भयो भने इस्लाम पूर्वका मानिसहरू जस्तै उसको मृत्यु भयो । किनभने उनीहरूले कुनै अमीरको आज्ञापालन गर्थे,  न त कुनै समूहसँग

जोडिन्थे। बरु, विभिन्न समूह र गुटहरूमा विभाजित भएर आपसमा लड्ने गर्दथे ।

58218: م त्यसैगरी सत्य वा असत्य स्पष्ट नभएको झण्डामुनि लड्ने व्यक्ति धर्म वा सत्यको लागि भन्दा आफ्नो समुदाय वा आफ्नो जनजातिको लागि हिक्मत र ज्ञान बिना लडिरहेको हो भनेर उहाँले स्पष्ट पार्नु भएको छ । यदि त्यही अवस्थामा उसको मृत्यु भयो भने उसको अज्ञानताको मृत्यु हुनेछ ।

त्यसैगरी, जसले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को उम्मत विरुद्ध विद्रोह गर्छ, आफ्नो गलत कामको वास्ता नगरी र त्यसको परिणामबाट नडराइकन असल र खराब हरेक व्यक्तिको शिर काट्न थाल्छ, गैर-मुस्लिमहरूलाई गरेको वाचा पूरा गर्दैन र हाकिमहरूसंग गरेको प्रतिज्ञालाई खुलेआम उल्लङ्घन गर्छ भने यो ठूलो पाप हो र त्यसो गर्ने व्यक्ति यो कडा चेतावनीको हकदार हुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. जबसम्म हाकिमहरूले अल्लाहको अवज्ञा गर्ने कुनै पनि कुराको आदेश दिँदैनन्, तिनीहरूको आदेशको पालना गर्नु अनिवार्य छ ।
2. यस हदीसमा, मुस्लिम हाकिमको अवज्ञा र मुस्लिम समुदायबाट अलग हुने विरुद्ध कडा चेतावनी दिइएको छ । यदि कुनै व्यक्ति यस्तो अवस्थामा मर्यो भने, ऊ जाहिलियत (इस्लाम पूर्व) का मानिसहरूको मृत्यु मर्दछ ।
3. यस हदीसमा जातपातमा आधारित युद्ध निषेध गरिएको छ ।
4. वाचा पूरा गर्नु वजिब (अनिवार्य) हो ।
5. इमाम (हाकिम) को आज्ञाकारिता र जमातसँग मिलेर बस्नुका धेरै फाइदाहरू छन् । यसले शान्ति र सद्भावको वातावरण सिर्जना गर्दछ र सबै कुरा ठीक रहन्छ ।
6. जाहिलित युग (इस्लाम पूर्व) का मानिसहरूको नक्कल गर्न निषेध ।
7. मुस्लिम समुदायसँग अनिवार्य रूपमा आबद्ध रहन आदेश ।

(58218)

(45) – عن مَعقِلِ بن يَسار المُزَنِيِّ رضي الله عنه قال: إني سمعت رسول الله صلى الله عليه وسلم يقول: «مَا مِنْ عَبْدٍ يَسْتَرْعِيهِ اللهُ رَعِيَّةً، يَمُوتُ يَوْمَ يَمُوتُ وَهُوَ غَاشٌّ لِرَعِيَّتِهِ، إِلَّا حَرَّمَ اللهُ عَلَيْهِ الْجَنَّةَ». [صحيح] - [متفق عليه]

(45) – मालिक बिन यासर मुजनी (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहले जसलाई जनताको सेवा गर्ने जिम्मेवारी सुम्पिनु हुन्छ र उसले आफ्नो प्रजालाई धोका दिइरहेको अवस्थामा जब ऊ मर्छ, अल्लाहले उसको लागि स्वर्ग निषेध गर्नुहुन्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, प्रत्येक व्यक्ति जसलाई अल्लाहले शासकको रूपमा नियुक्त गर्नुभएको छ र जसलाई मातहतको जिम्मेवारी दिइएको छ, चाहे यो एक राजा जस्तै सरकारी जिम्मेवारी होस् वा घरमा पुरुष वा महिला जस्तै विशेष जिम्मेवारी होस् । यदि उनीहरुले आफ्नो प्रजा र मातहतमा रहेकाहरूको सांसारिक र धार्मिक अधिकारलाई बेवास्ता गर्छन् र धोका दिन्छन् भने तिनीहरु यो कठोर सजायका पात्र हुन् ।

## हदीसका केही फाइदाहरू:

1. यो चेतावनी इस्लामिक राज्यको सर्वोच्च शासक र तिनका प्रतिनिधिहरूका लागि मात्र होइन, बरू, जिम्मेवारी सुम्पिएको प्रत्येक व्यक्ति र हाकिमहरू यसमा समावेश छन् ।
2. मुस्लिमप्रति कुनै पनि उत्तरदायित्व सम्हाल्ने प्रत्येक व्यक्तिले आफ्नो जनताप्रति इमान्दार हुनुपर्छ, उनीहरुको भलो गर्नुपर्छ र विश्वासघातबाट सावधान रहनुपर्छ ।

3. सार्वजनिक वा निजी, ठूलो वा सानो कुनै पनि जिम्मेवारी वहन गर्ने व्यक्तिको जिम्मेवारीको महत्त्व ।

(5335)

(46) – عَنْ أُمِّ سَلَمَةَ أُمِّ المُؤمنين رضي الله عنها: أَنَّ رَسُولَ اللهِ صلى الله عليه وسلم قَالَ: «سَتَكُونُ أُمَرَاءُ فَتَعْرِفُونَ وَتُنْكِرُونَ، فَمَنْ عَرَفَ بَرِئَ، وَمَنْ أَنْكَرَ سَلِمَ، وَلَكِنْ مَنْ رَضِيَ وَتَابَعَ» قَالُوا: أَفَلَا نُقَاتِلُهُمْ؟ قَالَ: «لَا، مَا صَلَّوْا». [صحيح] - [رواه مسلم]

(46) – उम्मे सलमा; मुस्लिमहरूको आमाले बयान गरेकी छिन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरूलाई केही शासकहरूको सामना गर्नुपर्नेछ, जसका केही काम तिमीले सही ठहर्याउनेछौ र केहीलाई अस्वीकार गर्नेछौ। जसले यिनीहरूका खराब कार्यलाई चिने, उसले आफ्नो जिम्मेवारीबाट मुक्त रह्यो, र जसले यस्ता काम को इन्कार गर्‍यो, उसले सलामती पायो। तर जो यसता काममा सन्तुष्ट भयो र समर्थन गर्‍यो, त्यो दोषी हुनेछ।"

साथीहरूले सोधे, "के हामी उनीहरूसँग युद्ध गरौं?"

उहाँले भने, "होइन, जबसम्म उनीहरू नमाज पढिरहन्छन् ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : हामीमाथि यस्ता हाकिमहरू नियुक्त हुनेछन्, जसका केही कार्यहरू शरियत अनुसार हुनाले हामीलाई सही लाग्ने छन् र केही कार्यहरू शरीयत विरुद्ध भएकोले गलत लाग्नेछ । यस्तो अवस्थामा जसले त्यो मुन्कर (गल्ती) लाई इन्कार गर्न असमर्थ भएकोले आफ्नो हृदयमा नराम्रो ठान्छ भने त्यो व्यक्ति पाप र पाखण्डबाट मुक्त भएको मानिनेछ । त्यसैगरी हातले रोक्ने वा जिब्रोले खण्डन गर्ने शक्ति भएकोले आफ्नो

जिम्मेवारी पूरा गर्छ, त्यो पाप र त्यसमा सहभागी हुनबाट सुरक्षित हुनेछ । तर जो उसको दुष्ट कर्ममा सन्तुष्ट रहन्छ र तिनीहरूको पाइला पछ्याउँछ, त्यो तिनीहरू जस्तै विनाशको शिकार हुनेछ ।

तब सहाबाहरूले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधे, के हामीले त्यस्ता शासकहरूसँग लड्नु हुँदैन ? उहाँले तिनीहरूलाई त्यसो गर्नबाट मनाही गर्दै भन्नुभयो : होइन, तिनीहरूले नमाज स्थापना गरुन्जेल त्यसो नगर्नुहोस् ।

## हदीसका केही फाइदाहरू:

1. मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुनुहुन्छ भन्ने कुराको एउटा प्रमाण के छ भने उहाँले भविष्यमा हुने केही घटनाहरूको भविष्यवाणी गर्नुभएको थियो र पछि त्यो उहाँले भविष्यवाणी गरेझैं प्रकट भयो ।
2. गल्तीप्रति सहमति व्यक्त गर्नु र त्यसमा भाग लिनु अनुमति छैन, बरु यसलाई खण्डन गर्नु आवश्यक छ ।
3. जब शासकहरूले शरीयत विपरित काम गर्न थाल्छन्, त्यस्ता कुरामा उनीहरूको आज्ञापालन गर्नु जायज छैन ।
4. मुस्लिम शासकहरू विरुद्ध विद्रोह गर्न अनुमति छैन; किनभने यसले दंगा, अराजकता, रक्तपात र अशान्ति फैलिनेछ । तसर्थ, अवज्ञाकारी शासकहरूको अवज्ञा सहनु र तिनीहरूको यातनामा धैर्य गर्नु त्योभन्दा धेरै सजिलो छ ।
5. सलाह (नमाज) धेरै महत्त्वपूर्ण कुरा हो । सलाह भनेको कुफ्र र इस्लाम बीचको भिन्नता हो ।

(3481)

(47) – عَنِ ابْنِ مَسْعُودٍ رضي الله عنه عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «سَتَكُونُ أَثَرَةٌ وَأُمُورٌ تُنْكِرُونَهَا» قَالُوا: يَا رَسُولَ اللَّهِ فَمَا تَأْمُرُنَا؟ قَالَ: «تُؤَدُّونَ الحَقَّ الَّذِي عَلَيْكُمْ، وَتَسْأَلُونَ اللَّهَ الَّذِي لَكُمْ». [صحيح] - [متفق عليه]

(47) – अबू-मस्ऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "(तिमीहरूले मरो निधनपछी) प्राथमिकताका मामिलाहरू देख्नेछौ, जुन तिमीहरूलाई नराम्रो महसुस हुनेछ ।" साथीहरूले भने: हे अल्लाहको रसूल! त्यसोभए हामीलाई के गर्न आदेश दिनुहुन्छ? उहाँले भन्नुभयो: "तिमीहरूले आफ्नो जिम्मेवारी पूरा गर र अल्लाहसँग आफ्नो अधिकार माग ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, आगामी दिनहरूमा मुस्लिमहरूका शासकहरू त्यस्ता मानिसहरू हुनेछन्, जसले मुस्लिमहरूको सम्पत्ति आफ्नो इच्छा अनुसार खर्च गर्नेछन् र मुस्लिमहरूलाई उनीहरूको अधिकारबाट वञ्चित गर्नेछन् । त्यसैगरी धर्मको बारेमा उनीहरुको तर्फबाट यस्ता कुराहरु थाहा पाउनेछौ, जुन तिमीलाई मन पर्दैन । तब उहाँका साथीहरूले सोधे: यस्तो अवस्थामा के गर्नुपर्छ ? पैगम्बर (सल्लल्लाहु अलैहि व सल्लम) ले बताउनुभयो कि उनीहरूको सम्पत्तिमा अधिकार जमाउनाले तिमीहरूलाई उनीप्रति सुन्ने र मान्ने कर्तव्यबाट रोक्नु हुँदैन। बरु धैर्य गर, सुन्ने र मान्ने कर्तव्य पूरा गर, र उनीहरूसँग अधिकारका लागि विवाद नगर। अल्लाहसँग आफ्नो हक माग, र दुआ गर कि अल्लाहले उनीहरूलाई सुधारुन् र उनीहरूको दुष्टता र अन्याय हटाइदिऊन।

## हदीसका केही फाइदाहरू:

1. यो हदीस मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहको साँचो रसूल हुन् भन्ने कुराको एक महत्वपूर्ण प्रमाण हो, किनकि उहाँले आफ्नो उम्मतमा पछि के हुनेछ भनेर बताउनुभयो र पछि ठीक त्यस्तै भयो ।

2. पीडित व्यक्तिलाई उसको अपेक्षित विपत्तिको बारेमा जानकारी दिन अनुमति छ, ताकि ऊ त्यसको लागि तयार रहोस् र विपत्ति आएपछि पुण्यको नियतले धैर्य गरोस् ।
3. अल्लाहको पुस्तक र पैगम्बरको सुन्नतलाई दृढतापूर्वक समात्नु नै समस्या, मतभेद र विभाजनबाट मुक्तिको बाटो हो ।
4. शासकहरूबाट केही दमन भइरहेको भए पनि उनीहरूविरुद्ध विद्रोह नगर्न र उनीहरूको आदेशलाई सुन्न र पालन गर्न प्रोत्साहन ।
5. विपत्तिको समयमा सुन्नतको पालना र बुद्धिमानीपूर्वक कार्य गर्नुपर्छ ।
6. मानिसले अलिकति दमनमा परे पनि आफ्नो कर्तव्य पूरा गर्नुपर्छ ।
7. यो हदीस एक काइदह (सिद्धान्त) को प्रमाण हो; दुई खराबीहरूमध्ये हल्का खराबी भएको वा दुई हानिकारक चीजहरूमध्ये कम हानिकारक चीजलाई रोजिनेछ ।

(3156)

(48) – عَنْ عَبْدِ اللَّهِ بنِ عُمرَ رَضِيَ اللَّهُ عَنْهُما أَنَّ رَسُولَ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «**كُلُّكُمْ رَاعٍ فَمَسْئُولٌ عَنْ رَعِيَّتِهِ، فَالأَمِيرُ الَّذِي عَلَى النَّاسِ رَاعٍ وَهُوَ مَسْئُولٌ عَنْهُمْ، وَالرَّجُلُ رَاعٍ عَلَى أَهْلِ بَيْتِهِ وَهُوَ مَسْئُولٌ عَنْهُمْ، وَالمَرْأَةُ رَاعِيَةٌ عَلَى بَيْتِ بَعْلِهَا وَوَلَدِهِ وَهِيَ مَسْئُولَةٌ عَنْهُمْ، وَالعَبْدُ رَاعٍ عَلَى مَالِ سَيِّدِهِ وَهُوَ مَسْئُولٌ عَنْهُ، أَلاَ فَكُلُّكُمْ رَاعٍ وَكُلُّكُمْ مَسْئُولٌ عَنْ رَعِيَّتِهِ**». [صحيح] - [متفق عليه]

(48) – अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरू सबै जिम्मेवार हौ र प्रत्येकलाई उस्को जिम्मेवारीबारे सोधिनेछ । त्यसैले जनताको हाकिम जिम्मेवार हो र उसलाई आफ्नो प्रजाबारे सोधिनेछ । पुरुष आफ्नो घरपरिवारको जिम्मेवार हो र उसलाई आफ्नो मातहतको बारेमा सोधिनेछ । महिला आफ्नो पतिको घर र छोराछोरीको जिम्मेवार हो र उसलाई तिनीहरूको बारेमा सोधिनेछ । दास आफ्नो मालिकको सम्पत्तिको जिम्मेवार हो र उसलाई उसको बारेमा सोधिनेछ । सुन, तिमीहरु प्रत्येक व्यक्ति जिम्मेवार छौ र तिमीहरूलाई आफ्नो प्रजाको बारेमा सोधिनेछ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, समाजमा बस्ने प्रत्येक मुस्लिमको केही जिम्मेवारी हुन्छ, जुन उसले वहन गर्नुपर्छ । इमाम र हाकिम आफ्नो प्रजाका जिम्मेवार हुन् । अतः उनले उनीहरूको हकको हिफाजत गर्नुपर्छ, उनीहरूलाई अत्याचार गर्नेहरूबाट जोगाउनुपर्छ, तिनीहरूको शत्रुसँग लड्नुपर्छ र तिनीहरूको अधिकारलाई खेर फाल्नु हुँदैन । पुरुषलाई आफ्नो घरपरिवारलाई पालनपोषण गर्ने, उनीहरूसँग राम्रो व्यवहार गर्ने, उनीहरूलाई शिक्षा दिने र उनीहरूलाई अनुशासन दिने जिम्मेवारी दिइएको छ । नारीलाई आफ्नो पतिको घरको उचित व्यवस्थापन, छोराछोरीको तरबीयत (उच्च संस्कार) र हेरचाह गर्ने जिम्मेवारी दिइएको छ । दास र नोकरलाई आफ्नो मालिकको सम्पत्तिको संरक्षण गर्ने र त्यसको हिफाजत गर्ने जिम्मेवारी दिइएको छ । प्रत्येक व्यक्ति आफूलाई सुम्पिएको कुराको जिम्मेवार हुन् र सबैलाई आफ्नो जिम्मेवारीप्रति सोधिनेछ ।

## हदीसका केही फाइदाहरू:

1. मुस्लिम समुदायका प्रत्येक व्यक्ति जिम्मेवार हुन् र प्रत्येकलाई आफ्नो क्षमता र जिम्मेवारी अनुसार सोधिने छ ।
2. पतिको घरको जिम्मामेवारी र छोराछोरीप्रतिको कर्तव्य पूरा गर्नु महिलाको ठूलो जिम्मेवारी हो ।

(5819)

(49) – عن عائشة رضي الله عنها قالت: سمعتُ من رسول الله صلى الله عليه وسلم يقول في بيتي هذا: «اللَّهُمَّ مَنْ وَلِيَ مِنْ أَمْرِ أُمَّتِي شَيْئًا فَشَقَّ عَلَيْهِمْ فَاشْقُقْ عَلَيْهِ، وَمَنْ وَلِيَ مِنْ أَمْرِ أُمَّتِي شَيْئًا فَرَفَقَ بِهِمْ فَارْفُقْ بِهِ». [صحيح] - [رواه مسلم]

(49) – आइशा (रजियल्लाहु अन्हा) ले वर्णन गरेकि छिन्, मैले मेरो यो घरमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई यसो भन्दै गरेको सुनें : "हे अल्लाह! जसलाई मेरो उम्मतको कुनै जिम्मेवारी सुम्पिएको छ र ऊ तिनीहरूलाई कठिनाइमा पार्छ भने तपाईं पनि उनीप्रति कठोर हुनुहोस् र जसलाई मेरो उम्मतको कुनै मामिला सुम्पिएको छ र उनीहरूसँग नरम व्यवहार गर्छ भने तपाईं उससँग नम्र हुनुहोस् ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हरेक त्यस्ता हाकिमहरूलाई अल्लाहले कष्ट दिऊन् भनेर श्राप दिनुभएको छ, जसले मुस्लिमहरूको कुनै जिम्मेवारी लिन्छ, चाहे त्यो सानो होस् वा ठूलो, सामान्य होस् वा विशेष, तर ऊ मानिसहरूसँग दयालु व्यवहार गर्नुको सट्टा तिनीहरूमाथि अन्याय गर्छन् र तिनीहरुलाई समस्यामा पार्छन्, ताकि कर्मको प्रतिफल कार्यको प्रकृति अनुसार होस् ।

जिम्मेवारी पाएपछि, मानिसहरूसंग दयालु व्यवहार गर्ने र तिनीहरूको जीविका सजिलो बनाउनेलाई अल्लाहले दयालु व्यवहार गरुन् र उसको कामलाई सजिलो बनाउन् भनेर प्रार्थना गर्नुभएको छ ।

## हदीसका केही फाइदाहरू:

1. मुस्लिमहरूको कुनै पनि जिम्मेवारी वहन गर्ने व्यक्तिले सकेसम्म आफ्नो मातहतमा रहेका प्रजासँग नम्र व्यवहार गर्नु अनिवार्य छ ।
2. मानिसलाई उसको कर्मको प्रकृति अनुसार पुरस्कृत गरिन्छ ।
3. नम्रता र कठोरताको मापदण्ड कुर्आन र हदीस हो ।

(5330)

(50) – عن تميم الداري رضي الله عنه أن النبي صلى الله عليه وسلم قال: «الدِّينُ النَّصِيحَةُ» قُلْنَا: لِمَنْ؟ قَالَ: «لِلهِ وَلِكِتَابِهِ وَلِرَسُولِهِ وَلِأَئِمَّةِ الْمُسْلِمِينَ وَعَامَّتِهِمْ». [صحيح] - [رواه مسلم]

(50) – तमीम अल-दारी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "धर्म भनेको निष्ठा हो," हामीले सोध्यौं, "कसप्रति?" उहाँले उत्तर दिनुभयो, "अल्लाहप्रति, उहाँको किताबप्रति, उहाँका रसूलप्रति, मुस्लिम शासकहरू प्रति, र सम्पूर्ण मुसलमानहरूप्रति।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले भन्नुभयो कि, धर्म इमानदारी र सत्यतामा आधारित छ त्यसैले यसलाई अल्लाहले तोके अनुसार पूर्ण रूपले, कुनै कमी वा छलकपट नगरी पालन गर्नुपर्छ।

र भलाई र निष्ठा कसप्रति हुन्छ भन्ने कुरालाई स्पष्ट गर्दै रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो :

१) अल्लाह प्रति निष्ठा : अल्लाहप्रतिको निष्ठा भन्नाले उहाँको सन्तुष्टि प्राप्त गर्ने उद्देश्यले निष्कपट र विशुद्ध रूपमा उपासना गर्नु, उहाँसँग कसैलाई साझेदार नठहऱ्याउनु, उहाँको प्रभुत्व, पूजनीयता र उहाँको नाम र गुणहरूमा आस्था राख्नु, उहाँका आदेशहरूको आदर गर्नु, उहाँमाथि दृढ आस्था राख्न र उहाँमाथि ईमान ल्याउन आह्वान गर्नु।

२) पवित्र कुर्आन प्रति निष्ठा: यसको अर्थ कुर्आन अल्लाहको वचन हो भन्ने कुरा स्वीकार गर्नु हो। यो अन्तिम धार्मिक ग्रन्थ हो जुन अल्लाहले पठाउनुभएको हो र यसले अघिल्ला सबै धार्मिक कानूनहरूलाई खारेज गरेको छ भन्ने कुरामा विश्वास गर्नु हो। यस पवित्र ग्रन्थको सम्मान गर्नु, यसलाई ध्यानपूर्वक पढ्नु, यसका मुहकम (स्पष्ट अर्थ) श्लोकहरूको पालना गर्नु र मुताशबिह (अनेकार्थी) श्लोकहरूलाई पनि स्वीकार गर्नु निष्ठाको महत्वपूर्ण पक्ष हो। कुर्आनको अर्थलाई तोडमोड गर्ने वा गलत व्याख्या गर्नेहरूको खण्डन गर्नु पनि आवश्यक छ। यसबाट ज्ञान प्राप्त गर्नु, यसका शिक्षालाई सबैतिर फैलाउनु र मानिसहरूलाई यसलाई स्वीकार गर्न प्रोत्साहित गर्नु हरेक विश्वासीको कर्तव्य हो।

३) रसूल मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) प्रति निष्ठा : उहाँ प्रति निष्ठा भनेको उहाँ अन्तिम  सन्देशवाहक हुनुहुन्छ भन्ने तथ्यमा विश्वास गर्नु, उहाँले ल्याउनुभएको शिक्षालाई सत्य मान्नु, उहाँका आदेशहरूको पालना गर्नु, उहाँले निषेध गरेका कुराबाट टाढा रहनु, उहाँले निर्धारित गरेको विधिअनुसार मात्र अल्लाहको  उपासना गर्नु हो । साथै, उहाँको अधिकारको सम्मान र उहाँको आदर कदर गर्नु, उहाँको सन्देशलाई विश्वव्यापी रूपमा फैलाउनु, उहाँको "शरिया"को प्रचारप्रसार गर्नु र उहाँमाथि लगाइएका झूटा आरोपहरूको खण्डन गर्नु पनि निष्ठाको अभिन्न पक्ष हो।

४) मुस्लिम शासकहरूप्रति सद्भाव : यसको अर्थ उनीहरूलाई सही काममा सहयोग गर्नु, उनीहरूविरुद्ध विद्रोह नगर्नु र जबसम्म उनीहरू अल्लाहका आदेशानुसार कार्यरत रहन्छन् तबसम्म उनीहरूको आदेश मान्नु र आज्ञापालन गर्नु हो ।

५) आम मुस्लिमहरूप्रति सद्भाव (भलाई) : यसको अर्थ मुस्लिमहरूसँग राम्रो व्यवहार गर्नु, उनीहरूलाई उनीहरूलाई सत्कर्मका लागि प्रेरित गर्नु, कठिनाइ पर्दा सहायता गर्नु, उनीहरूको कल्याणको कामना गर्नु र पुण्यकर्म र धार्मिक कर्तव्यमा सहयोग पुऱ्याउनु हो।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा सबैप्रति निष्ठा राख्न, सद्भाव र भलाई गर्न आदेश दिइएको छ ।
2. धर्ममा निष्ठा, परोपकार, सद्भाव र भलाई को ठूलो स्थान छ ।
3. धर्म आस्था, वचन र कर्मको अन्तरसम्बन्धमा आधारित हुन्छ।
4. परोपकार र नसीहत गर्दा आफूलाई छल इत्यादिबाट शुद्ध पार्नुपर्छ र साथै उसको कल्याणको मनसाय हुनुपर्दछ ।
5. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सिकाउने सबैभन्दा राम्रो तरिका भनेको पहिले कुनै कुरालाई संक्षिप्त रूपमा बयान गर्नु र त्यसपछि व्याख्या गर्नु हो ।
6. कुनै कुराको वर्णन गर्दा तिनको महत्वलाई ध्यानमा राखेर सबैभन्दा महत्त्वपूर्णबाट सुरुवात गर्नुपर्छ । त्यसैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले पहिले अल्लाहका बारेमा नसीहत गर्नुभयो, त्यसपछि अल्लाहको पुस्तकको नसीहत, त्यसपछि अल्लाहको दूतको नसीहत, त्यसपछि मुस्लिम शासकहरूको लागी सद्भाव र त्यसपछि आम मुस्लिमहरूको सद्भावको नसीहत गर्नुभयो ।

(4309)

(51) – عَنْ عَائِشَةَ رَضِيَ اللهُ عَنْهَا قَالَتْ: تَلَا رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ هَذِهِ الْآيَةَ: {هُوَ الَّذِي أَنْزَلَ عَلَيْكَ الْكِتَابَ مِنْهُ آيَاتٌ مُحْكَمَاتٌ هُنَّ أُمُّ الْكِتَابِ وَأُخَرُ مُتَشَابِهَاتٌ فَأَمَّا الَّذِينَ فِي قُلُوبِهِمْ زَيْغٌ فَيَتَّبِعُونَ مَا تَشَابَهَ مِنْهُ ابْتِغَاءَ الْفِتْنَةِ وَابْتِغَاءَ تَأْوِيلِهِ، وَمَا يَعْلَمُ تَأْوِيلَهُ إِلَّا اللَّهُ، وَالرَّاسِخُونَ فِي الْعِلْمِ يَقُولُونَ آمَنَّا بِهِ كُلٌّ مِنْ عِنْدِ رَبِّنَا وَمَا يَذَّكَّرُ إِلَّا أُولُو الْأَلْبَابِ} [آل عمران: 7]. قَالَتْ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**فَإِذَا رَأَيْتِ الَّذِينَ يَتَّبِعُونَ مَا تَشَابَهَ مِنْهُ فَأُولَئِكَ الَّذِينَ سَمَّى اللهُ، فَاحْذَرُوهُمْ**». [صحيح] - [متفق عليه]

(51) – आइशा (रजियल्लाहु अन्हा) ले वर्णन गरेकी छिन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले निम्न श्लोकको तिलावत(पाठ) गर्नुभयो: {उहाँले नै तपाईंलाई कुर्आन प्रदान गर्नुभयो जसमा केही मुहकम (एकदमै स्पष्ट) आयतहरू छन्, जुन मूल किताब हुन् र केही मुतशाबिह (अनेकार्थ बोकेका) छन् । जसको हृदयमा टेढोपन र रोग छ, तिनीहरू उत्पात मचाउन (शंका उत्पन्न गर्न र मानिसहरूलाई पथभ्रष्ट पार्न ) मुतशाबिह- अनेकार्थ रहेका आयतहरूको पछि लाग्दछन् र मनपरी ढंगले ती आयतहरूको व्याख्या गर्छन् । वास्तवमा, यसको वास्तविक अर्थ अल्लाहबाहेक कसैलाई थाहा छैन । जुन मानिसहरू ठोस र गहिरो ज्ञान राख्दछन् भन्दछन्– हामीले यस पूरै कुर्आनमाथि ईमान ल्यायौं, किनभने यी सबै हाम्रा पालनकर्ताको तर्फबाट हुन् । र वास्तवमा बुद्धिमानहरूले मात्र उपदेश ग्रहण गर्छन् ।} [आलि-इमरान३: ७], आइशा (रजियल्लाहु अन्हा) भन्नुहुन्छ: रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "जब तिमीले ती मानिसहरूलाई देख्छौ जसले कुरानका मुतशाबिह (अनेकार्थ रहेका) आयतहरूलाई पछ्याउँछन् , तब(बुझ्नु कि) ती नै ती व्यक्तिहरू हुन् जसको बारेमा अल्लाहले नाम लिएर चेतावनी दिएका छन्, त्यसैले तिनीहरूबाट सावधान रहनु।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यो श्लोक पढ्नु भयो: {उहाँले नै तपाईंलाई कुर्आन प्रदान गर्नुभयो जसमा केही मुहकम (एकदमै स्पष्ट)

आयतहरू छन्, जुन मूल किताब हुन् र केही मुतशाबिह (अनेकार्थ बोकेका) छन् । जसको हृदयमा टेढोपन र रोग छ, तिनीहरू उत्पात मचाउन (शंका उत्पन्न गर्न र मानिसहरूलाई पथभ्रष्ट पार्न ) मुतशाबिह- अनेकार्थ रहेका आयतहरूको पछि लाग्दछन् र मनपरी ढंगले ती आयतहरूको व्याख्या गर्छन् । वास्तवमा, यसको वास्तविक अर्थ अल्लाहबाहेक कसैलाई थाहा छैन । जुन मानिसहरू ठोस र गहिरो ज्ञान राख्दछन् भन्दछन्– हामीले यस पूरै कुर्आनमाथि ईमान ल्यायौं, किनभने यी सबै हाम्रा पालनकर्ताको तर्फबाट हुन् । र वास्तवमा बुद्धिमानहरूले मात्र उपदेश ग्रहण गर्छन्} । यस श्लोकमा, सर्वशक्तिमान अल्लाहले भन्नुभयो: उहाँ नै हुनुहुन्छ जसले आफ्नो नबीमाथि कुर्आन अवतरण गर्नुभयो, जसमा स्पष्ट अर्थ भएका श्लोकहरू छन्, जसका नियमहरू सुस्पष्ट छन् र तिनीहरूमा कुनै भ्रम छैन । यी श्लोकहरू कुर्आनका मूल आधार हुन्, मतभेद र असहमतिको अवस्थामा यिनै अनुसार निर्णय गर्नुपर्छ । जबकि केही श्लोकहरू यस्ता छन्, जसमा एकभन्दा बढी अर्थको सम्भावना पाइन्छ, केही मानिसहरूलाई तिनीहरूको अर्थ बुझ्न गाह्रो हुन्छ वा तिनीहरू अन्य श्लोकहरूसँग विरोधाभास छ भन्ने ठान्छन्। त्यसपछि अल्लाहले मानिसहरूले यी श्लोकहरूसँग कसरी व्यवहार गर्छन् भन्ने कुरा बताउनुभएको छ: जसको हृदय टेढोपन र रोगले भरिएको छ, तिनीहरूले स्पष्ट श्लोकहरू छोड्छन् र एक भन्दा बढी अर्थ भएका सम्भाव्य श्लोकहरू लिन्छन्, र यसबाट शङ्का उत्पन्न गर्न र मानिसहरूलाई भ्रमित पार्न खोज्छन् र यसरी, तिनीहरूले आफ्नो इच्छा अनुसार व्याख्या गर्न खोज्छन् । यसको विपरित ज्ञानमा दृढ भएकाहरूले यी सम्भाव्य श्लोकहरू बुझ्छन् र यसलाई स्पष्ट आयतसँग सम्बन्धित गर्छन् र त्यसमाथि विश्वास गर्छन् र सम्पूर्ण श्लोकहरू अल्लाहबाटै आएका हुन् भनेर स्वीकार गर्छन्, र श्लोकहरू कुनै अस्पष्टता वा विरोधाभास हुन सक्दैन भन्ने कुरामा विश्वास राख्छन् । तर यसबाट शिक्षा लिने र सचेत हुने केवल बुद्धिमान मानिसहरू मात्र हुन्छन् । त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आइशा (रजियल्लाहु अन्हा) लाई भन्नुभयो : जब तिमीले ती मानिसहरूलाई देख्छौ जसले कुरानका मुतशाबिह (अनेकार्थ रहेका) आयतहरूलाई पछ्याउँछन् , तब (बुझ्नु कि) ती नै ती व्यक्तिहरू हुन् जसको बारेमा अल्लाहले

नाम लिएर यो भन्दै {अनि जुन मानिसहरूको हृदय विकृत छन} चेतावनी दिएका छन्, तिनीहरूबाट सावधान रहनु र तिनीहरूका कुराहरू नसुन्नु।"

## हदीसका केही फाइदाहरू:

1. कुरआनको "मुहकम" विशिष्ट श्लोकहरू भनेको ती श्लोकहरू हुन्, जसको अर्थ स्पष्ट र सटीक हुन्छ। जबकि "मुताशबीह" ती श्लोकहरू हुन् जसको एकभन्दा बढी अर्थ हुने सम्भावना हुन्छ र जसलाई बुझ्न गहिरो अध्ययन र समझको आवश्यकता हुन्छ ।
2. पथभ्रष्ट, भ्रमित, विधर्मी (विदअती) र व्यक्तिलाई भ्रममा पार्न शङ्का सिर्जना गर्नेहरूसित संगत गर्न निषेध छ ।
3. आयतको अन्त्यमा अल्लाहको भनाइ , {केवल ज्ञानीहरूले शिक्षा पाउँछन्} मा भ्रामकहरूको निन्दा र दृढ ज्ञान भएकाहरूको प्रशंसा गरिएको छ । अर्थात्, जसले उपदेश ग्रहण गर्दैन, र आफ्नो इच्छालाई पछ्याउँछ, त्यो बुद्धिमानहरू मध्य होइन ।
4. मुतशाबिह (अनेकार्थ रहेका) आयतहरूलाई पछ्याउनाले हृदय विचलित हुन्छ र भ्रष्ट हुन्छ ।
5. मुतशाबिह (अनेकार्थ लाग्ने) श्लोकहरुलाई मुहकम ( स्पष्ट र सटिक) श्लोकहरुको अर्थको परिप्रेक्ष्यमा हेर्न र बुझ्न जरुरी छ ।
6. अल्लाहले मानिसहरूलाई जाँच्न र आस्थावान तथा पथभ्रष्ट मानिसहरूबीच छुट्याउन कुरआनका श्लोकहरूलाई स्पष्ट र सटिक अर्थ र केहीलाई अनेकार्थ भएका बनाउनु भएको छ ।
7. कुर्आनमा अनेकार्थ भएका (मुताशाबिह ) श्लोकहरू हुनुको कारण: अन्य मानिसहरूको तुलनामा विद्वानहरूको श्रेष्ठतालाई देखाउनु र मानिसहरूको बुद्धि सीमित छ भन्ने कुरा बुझाउनु हो। ताकि मानिसहरू आफ्नो सिर्जनाकर्ता समक्ष आत्मसमर्पण गरून् र आफ्नो अक्षमता स्वीकार गरून् ।

8. यसमा ज्ञानमा दृढताको महत्त्व र त्यसमा अडिग रहनुको आवश्यकता स्पष्ट पारिएको छ।

9. अल्लाहको भनाइ { وما يعلم تأويله إلا الله والراسخون في العلم } मा अल्लाह शब्दमा रोकिने बारे व्याख्याकर्ताहरूका दुईवटा मत छन्: एउटा मत यो हो कि श्लोक पढ्दा खेरि (अल्लाह) शब्द मा "वक्फ" अथवा रोक्नु पर्ने छ। यिनीहरूको दृष्टिकोणमा तावील { تأويل } भनेको कुनै कुराको सत्यता र वास्तविकताको ज्ञान हो जसलाई मानिसले जान्न असम्भव छ, जस्तै आत्मा र प्रलयको दिन आदिको ज्ञान, जसको बारेमा केवल अल्लाहलाई ज्ञान छ । दृढ ज्ञान भएका विद्वानहरू यी कुराहरूमा आस्था राख्छन् तर त्यसको वास्तविकता र कैफियत अल्लाहलाई सुम्पन्छन् । यसरी तिनीहरू (झूटा व्याख्याबाट) बच्छन् र (अरूलाई भ्रमबाट) बचाउँछन् । आर्को मत यो हो कि श्लोक पढ्दा खेरि (अल्लाह) शब्द मा "वक्फ" अथवा रोक्नु पर्ने छैन र यसलाई मिलाएर पढिनेछ, उनीहरूको नजरमा तावील { تأويل } भनेको तफसीर र व्याख्या हो । अर्थात् यी श्लोकहरुको व्याख्या र अर्थ अल्लाहलाई थाहा छ र जो ज्ञानमा परिपक्क छन् उनीहरूलाई पनि थाहा छ, जसले स्पष्ट श्लोकहरुको प्रसङ्गमा त्यसको व्याख्या गर्छन् र तिनीहरूमा विश्वास गर्छन्।

(65062)

(52) – عن أبي سعيد الخُدْريِّ رضي الله عنه قال: سمعت رسول الله صلى الله عليه وسلم يقول:
«مَنْ رَأَى مِنْكُمْ مُنْكَرًا فَلْيُغَيِّرْهُ بِيَدِهِ، فَإِنْ لَمْ يَسْتَطِعْ فَبِلِسَانِهِ، فَإِنْ لَمْ يَسْتَطِعْ فَبِقَلْبِهِ، وَذَلِكَ أَضْعَفُ الْإِيمَانِ». [صحيح] - [رواه مسلم]

(52) – मान्य अबू-सईद अल्-खुदरी रजियल्लाहु अन्हु बाट उद्धृत गरिएको छ कि उहाँ भन्नु हुन्छ, मैले अल्लाहको रसूल सल्लल्लाहु अलैहि व सल्लमलाई भन्दै गरेको सुनें : "तिमीहरू मध्ये कसैले मुन्कर (गलत) भइरहेको देख्यो भने त्यसलाई हातले रोक्न प्रयास गर्नु, यदि हातले रोक्ने शक्ति नभए बोलेर रोक्न प्रयास गर्नु, यदि यसको पनि क्षमता छैन भने हृदयमा नै नराम्रो ठान्नु र यो ईमानको (आस्थाको) सबै भन्दा कमजोर श्रेणी हो" । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

अल्लाहका रसूल सल्लल्लाहु अलैहि वसल्लमले गलत कार्य (मुन्कर) लाई आफ्नो क्षमता अनुसार रोकथाम गर्न आदेश दिदै हुनुहुन्छ । र मुन्कर (गलत) भनेको अल्लाह र उहाँका रसूलले निषेध गर्नुभएको हरेक कार्य हो । यदि कसैले कुनै गलत कार्य (मुन्कर) भइरहेको देखिरहेको छ र ऊ सक्षम छ भने आफ्नो हातले त्यसलाई रोक्नु पर्छ, यदि ऊ त्यसो गर्न असमर्थ छ भने, उसले आफ्नो बोलीले यसलाई परिवर्तन गरोस्। यसरी कि उसले गलत गर्नेलाई त्यसको हानि नोक्सानी सम्झाएर त्यसबाट रोकोस र यो गलतीको सट्टा उसलाई राम्रो कुराको मार्गदर्शन गरोस् । यदि ऊ त्यसो गर्न असमर्थ छ भने, उसले आफ्नो हृदयमा यो खराबीलाई घृणा गर्नुपर्छ र सक्षम भएको भए निश्चयनै परिवर्तन गर्ने थिए भनेर संकल्प गर्नुपर्छ। र हृदयमा गलत कार्य लाई गलत ठान्नु ईमानको सबैभन्दा कमजोर स्तर हो।

## हदीसका केही फाइदाहरू:

1. गलत कार्यलाई रोकथाम गर्ने चरणहरूबारे बुझाउन यो हदीस एउटा आधार हो।

2. यस हदिसमा गलत कार्यको रोकथामको लागि क्रमशः अनुरुप र हरेकले आफ्नो क्षमता एवं शक्ति अनुसार रोकथहाम गर्न आदेश दिइएको छ।

3. गलत (मुन्कर) लाई परिवर्तन गर्नु धर्मशैलीको एक महान अध्याय हो जुन हामी सबैको दायित्व हो र प्रत्येक मुस्लिमले आफ्नो क्षमता अनुसार गर्नुपर्ने छ।

4. असल कुराको आदेश दिनु र नराम्रो कुराबाट मनाही गर्नु आस्थाको एउटा महत्वपूर्ण पाटो हो र ईमान (सत्कर्मले) बढ्छ र (कुकर्मले) घट्दछ ।

5. कुनै गलत कार्य (मुन्कर) बाट मनाही गर्नु त्यो कार्य गलत (मुन्कर) हो भन्ने ज्ञान हुने कुरा द्वारा सर्तबद्ध छ ।

6. गलत कार्य (मुन्कर) बाट मनाही गर्नुका े अर्को शर्तहरू मध्ये एक यो हो कि रोक्ने कार्यले अझ ठूलो खराबी उत्पन्न नहोस् ।

7. दुष्ट र गलत (मुन्कर) बाट मनाही गर्नका निम्ति केही नियम र शर्तहरू छन् जुन एक मुस्लिमले सिक्नुपर्ने हुन्छ ।

8. दुष्ट र खराब कुरा (मुन्कर) को खण्डन गर्नका निम्ति इस्लामी धर्मशास्त्रको नीति, ज्ञान र विवेक आवश्य नै चाहिन्छ।

9. (खराब कुरा (मुन्कर) लाई ) हृदयले पनि नराम्रो नठान्नु, ईमान (आस्था) कमजोर भएको संकेत गर्दछ ।

(65001)

(53) – عَنِ النُّعْمَانِ بْنِ بَشِيرٍ رَضِيَ اللَّهُ عَنْهُمَا عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «**مَثَلُ القَائِمِ عَلَى حُدُودِ اللَّهِ وَالوَاقِعِ فِيهَا، كَمَثَلِ قَوْمٍ اسْتَهَمُوا عَلَى سَفِينَةٍ، فَأَصَابَ بَعْضُهُمْ أَعْلاَهَا وَبَعْضُهُمْ أَسْفَلَهَا، فَكَانَ الَّذِينَ فِي أَسْفَلِهَا إِذَا اسْتَقَوْا مِنَ المَاءِ مَرُّوا عَلَى مَنْ فَوْقَهُمْ، فَقَالُوا: لَوْ أَنَّا خَرَقْنَا فِي نَصِيبِنَا خَرْقًا وَلَمْ نُؤْذِ مَنْ فَوْقَنَا، فَإِنْ يَتْرُكُوهُمْ وَمَا أَرَادُوا هَلَكُوا جَمِيعًا، وَإِنْ أَخَذُوا عَلَى أَيْدِيهِمْ نَجَوْا، وَنَجَوْا جَمِيعًا**». [صحيح] - [رواه البخاري]

(53) – नोअ्मान बिन बशीर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहको हदको पालना गर्ने र त्यसलाई उल्लङ्घन गर्नेहरुको उदाहरण - डुङ्गामा आफ्नो स्थान निर्धारण गर्न चिट्ठा हाल्नेहरु जस्तै हो, जसमा केही मानिसहरु डुङ्गाको माथिल्लो भागमा स्थान पाए र केहीले तल्लो भागमा । तल्लो भागमा रहेकाहरूले पानी लिन माथिल्लो भाग भएर जानुपर्थ्यो, त्यसैले उनीहरूले सोचे - हामीले आफ्नै भागमा प्वाल किन नबनाउने? ताकि माथिकाहरूलाई कुनै समस्या नहोस् । अब माथिकाले तल्लो भागमा रहेकालाई सोचे अनुसार प्वाल गर्न दिए भने सबै नाश हुनेछन् र हात समाए (त्यसो गर्न दिएन) भने आफू लगायत सबै जोगिनेछन् ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले अल्लाहले तोकेको सीमाभित्र बस्ने, उहाँको आदेशको पालना गर्ने, पुण्य कर्मको आदेश दिने र नराम्रा कुराहरूबाट रोक्ने मानिसहरूको बारेमा उत्कृष्ट उदाहरण प्रस्तुत गर्नुभएको छ । अल्लाहका सीमा उल्लङ्घन गर्नेहरू, पुण्य कर्मबाट टाढा रहने र नराम्रो काम गर्नेहरू र समाजमा पर्न गएको त्यसको असारको उदाहरण - जहाजमा सवार मानिसहरू जस्तै हो । डुङ्गाको माथिल्लो भागमा कसले चढ्ने र तल्लो भागमा कसले चढ्ने भनेर चिट्ठा पारियो, कसैले माथिल्लो भाग पाए त कोहीले तल्लो भाग पाए । (पानी व्यवस्थापन माथिल्लो भागमा भएकोले) तल्लो भागमा भएकाले पानी लिन माथिल्लो भागमा गएर लिनुपर्ने । तल्लो भागका मानिसहरूले पानी तान्न तल्लो भागमा प्वाल पार्न सोचे, ताकि माथिल्लो भागका मानिसहरूलाई हामीले गर्दा

दुख नहोस् । यदि माथिल्लो भागका मानिसहरूले तल्लो भागका मानिसहरूको हात समातेर प्वाल पार्नबाट रोकेन भने डुङ्गा डुब्नेछ र सबैको ज्यान जानेछ र तिनीहरू रोके भने, सबैको उद्धार हुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. समाजको संरक्षण र मुक्तिका लागि पुण्य कर्मको आदेश र नराम्रोलाई निषेध गर्ने महत्त्व ।
2. तालिम दिने एउटा तरिका उदाहरण हो । यसले अर्थलाई ठोस चीजको रूप दिएर बुझ्न सजिलो पार्छ ।
3. मुन्कर (गल्त काम) देखेर त्यसको निन्दा नगर्नु यस्तो कुकर्म हो, जसले सिंगो समाजलाई हानि पुऱ्याउँछ ।
4. दुष्कर्म गर्नेहरूलाई गलत काम गर्न छुट दिनु भनेको समाजलाई विनाशतर्फ धकेल्ने हो ।
5. राम्रो नियतले गलत काम गर्दा त्यो काम कदापी सही हुँदैन ।
6. मुस्लिम समाज सुधारको जिम्मेवारी कुनै एक व्यक्तिको होइन, सबै जनताको हो ।
7. विशेष व्यक्तिको पापको सजाय आम जनताले पनि भोग्न सक्छ, यदि उनीहरूलाई पापबाट रोकिएन भने ।
8. नराम्रो काम गर्नेहरूले मुनाफिक (पाखण्डी) मानिसहरूले जस्तै आफ्नो गल्ती समाजको लागि राम्रो हो भनी बहाना बनाउँछन्।

(3341)

(54) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «مَنْ دَعَا إِلَى هُدًى كَانَ لَهُ مِنَ الْأَجْرِ مِثْلُ أُجُورِ مَنْ تَبِعَهُ، لَا يَنْقُصُ ذَلِكَ مِنْ أُجُورِهِمْ شَيْئًا، وَمَنْ دَعَا إِلَى ضَلَالَةٍ كَانَ عَلَيْهِ مِنَ الْإِثْمِ مِثْلُ آثَامِ مَنْ تَبِعَهُ، لَا يَنْقُصُ ذَلِكَ مِنْ آثَامِهِمْ شَيْئًا». [صحيح] - [رواه مسلم]

(54) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले सत्य मार्गको आह्वान गर्छ, उसले सत्य मार्ग अप्हनाउनेहरूको पुण्य बराबर पुण्य पाउनेछ, तर उनीहरूको पुण्यमा कुनै कमी हुनेछैन र जसले गलत मार्गतर्फ बोलाउँछ, उसले गलत मार्ग पछ्याउनेहरूको पाप बराबर पाप पाउनेछ, तर यसले तिनीहरूको पापमा कुनै कमी गरिनेछैन ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले आफ्नो वचन र कार्यद्वारा मानिसहरूलाई सत्य र भलाइको बाटो देखाउँछ, उसले त्यो बाटो पछ्याउने जति पुण्य पाउनेछ र पछ्याउनेहरूको इनाममा कुनै कटौती हुनेछैन । अर्कोतर्फ, जसले आफ्नो वचन र कर्मद्वारा मानिसहरूलाई दुष्ट, पाप वा निषेधित कार्यको बाटो देखाउँछ, उसलाई त्यो मार्गमा हिँड्ने मानिसहरूको जस्तै पाप हुन्छ र तिनीहरुको पापमा कुनै कमी हुनेछैन ।

## हदीसका केही फाइदाहरू:

1. आह्वानको सद्गुण, चाहे त्यो थोरै होस् वा धेरै । जसले सत्य मार्गको आह्वान गर्छ, उसले पछ्याउने व्यक्ति झैं पुण्य पाउँछ । वास्तवमा, यो अल्लाहको ठूलो कृपा र उदारता हो ।
2. पथभ्रष्टतर्फ बोलाउने खतरा, चाहे त्यो सानो होस् या ठूलो । निम्तो दिनेले पनि त्यसको अभ्यास गर्ने व्यक्ति जस्तै पापको भागिदार हुन्छ ।
3. मानिसले आफ्नो कर्म अनुसार फल पाउँछ । त्यसैले जसले राम्रो कामको निम्तो दिन्छ, उसले राम्रो काम गर्ने व्यक्ति बराबर इनाम पाउँछ र जसले

खराब कामको निम्तो दिन्छ, ऊ नराम्रो काम गर्ने व्यक्ति जस्तै पापको भागिदार हुन्छ ।

4. एक मुस्लिमले खुलेआम पाप गर्नबाट सचेत हुनुपर्छ, किनभने उसलाई देखेर अरुले पाप गर्न थाल्छन् भने उनीहरूको पापको बोझ पनि उसले वहन गर्नुपर्नेछ, यद्यपि उसले त्यसो गर्न प्रोत्साहित नगरे पनि ।

(3373)

(55) – عن أبي مسعود الأنصاري رضي الله عنه قال: جَاءَ رَجُلٌ إِلَى النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فَقَالَ: إِنِّي أُبْدِعَ بِي فَاحْمِلْنِي، فَقَالَ: «مَا عِنْدِي»، فَقَالَ رَجُلٌ: يَا رَسُولَ اللهِ، أَنَا أَدُلُّهُ عَلَى مَنْ يَحْمِلُهُ، فَقَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**مَنْ دَلَّ عَلَى خَيْرٍ فَلَهُ مِثْلُ أَجْرِ فَاعِلِهِ**». [صحيح] - [رواه مسلم]

(55) – अबू-मस्ऊद अल्-अन्सारी (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, एकजना मानिस नबी (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र भन्यो: मेरो सवारी मरेको छ, त्यसैले मलाई सवारीको लागि एउटा जनावर दिनुहोस् । उहाँले भन्नुभयो: "मसँग कुनै जनावर छैन ।" यो सुनेर एक व्यक्तिले भने: हे अल्लाहका रसूल ! म उसलाई एक व्यक्तिको बारेमा बताउन सक्छु, जसले उसलाई सवारी दिनेछ । त्यसैले नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "जसले राम्रो कामको मार्गदर्शन गर्दछ, उसलाई त्यो गर्ने व्यक्ति बराबर पुण्य दिइनेछ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

एकजना मान्छे नबी (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आएर भने: मेरो सवारी साधन (जनावर) मरेको छ, कृपया मलाई गन्तव्यसम्म पुऱ्याउने कुनै सवारी दिनुहोस्। नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले माफी माग्दै भने कि उहाँसँग कुनै पनि सवारी साधन छैन जसमा उहाँलाई सवार गराउन सकुन।

यो सुनेर त्यहाँ उपस्थित एक व्यक्तिले भने, हे अल्लाहका रसूल ! म उसलाई एक जना व्यक्तिको बारेमा बताउन सक्छु जसले उसलाई सवारीको लागि

जनावर दिन सक्छ । यस बेला, उहाँले भन्नुभयो, यो व्यक्तिले पनि उसलाई सवारी दान गर्ने व्यक्ति जस्तै इनाम पाउनेछ ,किनभने यसले खाँचोमा परेका व्यक्तिलाई उचित मार्गदर्शन प्रदान गरेको छ ।

## हदीसका केही फाइदाहरू:

1. राम्रो काम र सही मार्गदर्शन गर्न प्रेरणा ।
2. राम्रो कामको लागि प्रेरणा, किनभने यसले मुस्लिम समाजलाई बलियो र पूर्ण बनाउँछ ।
3. अल्लाहको अपार कृपा ।
4. यो हदीस एक सामान्य नियम र सिद्धान्त हो र सबै राम्रा कामहरू यसमा समावेश छन् ।
5. जब कुनै मान्छे माग्ने व्यक्तिको आवश्यकता पूरा गर्न असमर्थ हुन्छ, तब उसलाई सही मार्गनिर्देशन गर्नुपर्छ ।

(5354)

(56) – عَنْ سَهْلُ بْنُ سَعْدٍ رَضِيَ اللَّهُ عَنْهُ أَنَّ رَسُولَ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ يَوْمَ خَيْبَرَ: «**لَأُعْطِيَنَّ هَذِهِ الرَّايَةَ غَدًا رَجُلًا يَفْتَحُ اللَّهُ عَلَى يَدَيْهِ، يُحِبُّ اللَّهَ وَرَسُولَهُ وَيُحِبُّهُ اللَّهُ وَرَسُولُهُ**»، قَالَ: فَبَاتَ النَّاسُ يَدُوكُونَ لَيْلَتَهُمْ أَيُّهُمْ يُعْطَاهَا، فَلَمَّا أَصْبَحَ النَّاسُ غَدَوْا عَلَى رَسُولِ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ كُلُّهُمْ يَرْجُو أَنْ يُعْطَاهَا، فَقَالَ: «**أَيْنَ عَلِيُّ بْنُ أَبِي طَالِبٍ؟**» فَقِيلَ: هُوَ يَا رَسُولَ اللَّهِ يَشْتَكِي عَيْنَيْهِ، قَالَ: «**فَأَرْسِلُوا إِلَيْهِ**»، فَأُتِيَ بِهِ فَبَصَقَ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فِي عَيْنَيْهِ وَدَعَا لَهُ، فَبَرَأَ حَتَّى كَأَنْ لَمْ يَكُنْ بِهِ وَجَعٌ، فَأَعْطَاهُ الرَّايَةَ، فَقَالَ عَلِيٌّ: يَا رَسُولَ اللَّهِ، أُقَاتِلُهُمْ حَتَّى يَكُونُوا مِثْلَنَا؟ فَقَالَ: «**انْفُذْ عَلَى رِسْلِكَ حَتَّى تَنْزِلَ بِسَاحَتِهِمْ، ثُمَّ ادْعُهُمْ إِلَى الإِسْلاَمِ، وَأَخْبِرْهُمْ بِمَا يَجِبُ عَلَيْهِمْ مِنْ حَقِّ اللَّهِ فِيهِ، فَوَاللَّهِ لَأَنْ يَهْدِيَ اللَّهُ بِكَ رَجُلًا وَاحِدًا، خَيْرٌ لَكَ مِنْ أَنْ يَكُونَ لَكَ حُمْرُ النَّعَمِ**». [صحيح] - [متفق عليه]

(56) – सहल बिन साअ्द (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "भोलि मैले यो झण्डा यस्तो मानिसलाई दिनेछु जसको हातमा अल्लाहले विजय दिनुहुनेछ, जसले अल्लाह र उहाँका रसूललाई प्रेम गर्दछ र अल्लाह र उहाँका रसूलले पनि उसलाई प्रेम गर्नुहुन्छ ।" झण्डा कसलाई दिइनेछ भनेर मानिसहरूले छलफल र अड्कलबाजी गर्दै रात बिताए । बिहान सबैजना रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ पुगे । सबैले झण्डा पाउने आशा गरेका थिए । उहाँले सोध्नुभयो: "अली बिन अबी तालिब कहाँ छन्?" भनियो : हे अल्लाहका रसूल ! उनको आँखा दुखिरहेको छ । उहाँले भन्नुभयो: "उसलाई बोलाऊ ।" जब उनलाई बोलाइयो, उहाँले उनको आँखामा आफ्नो लार (थुक) लगाई दिनुभयो र उनको लागि दुआ (प्रार्थना) गर्नुभयो । फलस्वरूप उनको आँखा कुनै रोग नभए जस्तो निको भयो । उहाँले उनलाई झण्डा दिनुभयो । अली (रजियल्लाहु अन्हु)ले सोधे: हे अल्लाहको रसूल! के तिनीहरू हामी जस्तै (मुस्लिम) नभएसम्म तिनीहरूसँग लड्नुपर्छ? उहाँले भन्नुभयो: ""तिमी आफ्नै गति अनुसार अघि बढ र जब उनीहरूको क्षेत्रमा पुग्छौ, तब इस्लामतर्फ आमन्त्रण गर। अनि उनीहरूलाई अल्लाहको अधिकार सम्बन्धी उनीहरूको कर्तव्यहरू बताऊ।" "अल्लाहको कसम, यदि अल्लाह तिम्रो माध्यमबाट एक जनालाई सही मार्गमा ल्याउनुभयो भने, त्यो तिमीलाई संसारकै उत्कृष्ट सम्पत्तिभन्दा पनि उत्तम हुनेछ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले मुस्लिमहरूले भोलि खैबरका यहूदीहरूमाथि विजय प्राप्त गर्ने छन् भनेर सहाबाहरूलाई जानकारी दिनुभयो । त्यो पनि एउटा यस्तो व्यक्तिको हातबाट जसलाई उहाँले झण्डा सुम्पिनु हुनेछ । सेनाले प्रयोग गर्ने प्रतीकलाई झण्डा भनिन्छ । यो मानिसको विशेषता भनेको उसले अल्लाह र उहाँका रसूललाई प्रेम गर्दछ र अल्लाह र उहाँका रसूलले उसलाई प्रेम गर्नुहुन्छ । यो महान सम्मानको आशा गर्दै सहाबाहरूले झण्डा कसलाई दिइनेछ भनेर छलफल र अड्कलबाजी गर्दै रात बिताए! जब बिहान

उनीहरू रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ पुगे, यो सम्मान मैले नै पाउनेछु भनेर सबैले आशा गरेका थिए ।

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अली कहाँ छन् सोध्नुभयो ?

भनियो : उनी बिरामी छन्; उनको आँखा दुखिरहेको छ ।

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई बोलाउन मान्छे पठाउनुभयो र आएपछि उहाँले उनको आँखामा आफ्नो पवित्र लार (थुक) लगाई दिनुभयो र उनको लागि दुआ (प्रार्थना) गर्नुभयो । फलस्वरूप उनको आँखा कुनै रोग नभए जस्तो निको भयो । त्यसपछि उनलाई झण्डा दिएर शत्रुको किल्लामा नपुगेसम्म नम्रतापूर्वक अगाडि बढ्न र त्यहाँ पुगेपछि उनीहरूलाई इस्लाम स्वीकार गर्न आमन्त्रित गर्न र यदि उनीहरू इस्लाममा प्रवेश गर्छन् भने उनीहरूमाथि अल्लाहको अधिकारको बारेमा जानकारी दिन आदेश दिनुभयो ।

त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले अली (रजियल्लाहु अन्हु) लाई अल्लाहको धर्म; इस्लामतर्फ आह्वान गर्नुको सद्गुण व्याख्या गर्नुभयो । यदि दाई (धर्म प्रचारक) को मार्गदर्शनले गर्दा एक जना व्यक्तिले पनि इस्लाम स्वीकार गर्छ भने यो उसको लागि रातो ऊँटहरू हुनुभन्दा राम्रो हो । अरबहरूको सबैभन्दा बहुमूल्य सम्पत्ति रातो ऊँट थियो । अतः उ ऊँटहरूको मालिक बन्नेछ वा तिनीहरूलाई दानमा दिनेछ ।

## हदीसका केही फाइदाहरू:

1. अली (रजियल्लाहु अन्हु) को सद्गुण र उनले अल्लाह र उहाँका रसूललाई प्रेम गर्दछन् र अल्लाह र उहाँका रसूलले पनि उनलाई प्रेम गर्नुहुन्छ भन्ने कुराको नबीको गवाही ।
2. सहाबाहरू राम्रो काम गर्न र त्यसमा एकार्कादेखि अगाडि बढ्न निकै उत्सुक थिए ।
3. युद्ध गर्दा पनि विनम्रता अपनाउने र क्रोध तथा अनावश्यक कष्टप्रद आवाज नगर्न प्रोत्साहन ।

4. यहूदीहरूमाथि मुस्लिको विजयको समाचार र अली (रजियल्लाहु अन्हु) को आँखालाई निको पार्नु नबी (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहको साँचो दूत हुनुहुन्छ भन्नेको कुराको प्रमाण हो ।
5. जिहादको सबैभन्दा ठूलो उद्देश्य भनेको मानिसहरूलाई इस्लाममा
6. प्रवेश गराउनु हो ।
7. इस्लामको आह्वान क्रमशः गर्नुपर्छ । पहिले दुवै कलिमा (शहादतहरू) पढेर इस्लामलाई आत्मसात गर्न आह्वान गरिनेछ र त्यसपछि इस्लामका फर्जहरू पूरा गर्न आदेश दिइनेछ ।
8. इस्लाम तर्फ आह्वान गर्नुको सद्‌गुण, यसमा आह्वानकर्ता र आमन्त्रित दुवैलाई फायदा छ । आमन्त्रित व्यक्तिले सत्य मार्ग ग्रहण गर्नेछ भने आह्वानकर्ता (दाई) ले ठूलो पुण्य पाउनेछ ।

(3409)

(57) – عن ابنِ عُمَرَ رضي الله عنهما قال: قال رسولُ الله صلَّى الله عليه وسلم: «مَن تَشَبَّهَ بِقَوْمٍ فَهُوَ مِنْهُمْ». [حسن] - [رواه أبو داود وأحمد]

(57) – अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले कुनै राष्ट्र को नक्कल गर्छ, त्यो तिनीहरूमध्ये एक हो ।" [हसन] - [अबू दाउद र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले कुनै अविश्वासी, अवज्ञाकारी वा धार्मिक समुदायको आस्था, उपासना वा विशेष रीतिरिवाको नक्कल गर्छ, ऊ ती मानिसहरूमध्ये गनिनेछ । किनभने बाहिरी रूपमा नक्कल गर्नाले तिनीहरूको भित्री रूपमा अनुकरण गर्न जान्छ । कुनै पनि समुदायको नक्कल गर्नु भनेको त्यस समुदायप्रति मानसिक झुकाव, प्रेम र सम्मानको

परिणाम हो भन्ने कुरामा कुनै शंका छैन। यसले व्यक्तिलाई भित्री रूपमा पनि अनुकरण गर्न निम्त्याउँछ ( यस्ता कामबाट अल्लाहको शरण होस्)।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा, काफिर र अवज्ञाकारीहरूको नक्कल गर्न विरुद्ध चेतावनी दिइएको छ।
2. भभक्तहरूको अनुकरण र अनुसरण गर्न प्रेरणा।
3. बाहिरी अनुरूपताले भित्री प्रेमलाई जताउछ।
4. मानिस आफ्नो प्रतिरूप र स्वभाव अनुसार प्रतिज्ञा र पापको हकदार हुनेछ।
5. धार्मिक मामिला र विशेष कुराहरूमा काफिरहरूको नक्कल गर्न निषेध गरिएको छ। तर ज्ञान र सीप सिकाउने जस्ता अन्य विषयहरूमा उनीहरूको नक्कल गर्नु यो चेतावनीको दायरा भित्र आउँदैन।

(5353)

(58) – عن أبي هريرة رضي الله عنه أن النبيَّ صَلّى اللهُ عَلَيْهِ وسَلَّم قَالَ: «الرَّجُلُ عَلَى دِينِ خَلِيلِهِ، فَلْيَنْظُرْ أَحَدُكُم مَنْ يُخَالِل». [حسن] - [رواه أبو داود والترمذي وأحمد]

(58) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : ""मानिस आफ्नो साथीको मार्गमा हुन्छ , त्यसैले प्रत्येकले सोचेर मात्र मित्रता गर्नु।" [हसन] - [अबू दाउद, तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

## व्याख्याः

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, मानिस आफ्नो व्यवहार र बानीमा आफ्नो निष्कपट मित्र र साथीसँग मिल्दोजुल्दो हुन्छ र मित्रताले

नैतिकता, व्यवहार र कार्यहरूमा असर गर्छ । त्यसैले उहाँले असल साथी छनोट गर्न निर्देशन गर्नुभएको छ; किनभने यसले आफ्नो साथीलाई ईमान, मार्गदर्शन र भलाइको काममा मद्दत गर्दछ ।

## हदीसका केही फाइदाहरू:

1. असल मानिसको संगत गर्ने र उनीहरुलाई छनोट गर्ने आदेश र खराब मानिसको संगत गर्न निषेध ।
2. उहाँले आफन्तको सट्टा साथी रोज्नु भन्नुभएको छ; किनकि साथी रोज्न मानिसको हातमा छ, तर दाजुभाइ र आफन्तलाई रोज्ने अधिकार हामीसँग हुँदैन ।
3. सोच र चाहनाले मात्र साथी रोज्न सकिन्छ ।
4. एक व्यक्तिले आस्थावानको संगतमा आफ्नो धर्मलाई बलियो बनाउँछ र पापीहरूको संगतमा कमजोर बनाउँछ ।

(3122)

(59) – عن تَميم الداري رضي الله عنه، قال: سمعتُ رسول الله صلى الله عليه وسلم يقول: «لَيَبْلُغَنَّ هَذَا الأَمْرُ مَا بَلَغَ اللَّيْلُ وَالنَّهَارُ، وَلَا يَتْرُكُ اللهُ بَيْتَ مَدَرٍ وَلَا وَبَرٍ إِلَّا أَدْخَلَهُ اللهُ هَذَا الدِّينَ، بِعِزِّ عَزِيزٍ أَوْ بِذُلِّ ذَلِيلٍ، عِزًّا يُعِزُّ اللهُ بِهِ الإِسْلَامَ، وَذُلًّا يُذِلُّ اللهُ بِهِ الكُفْرَ» وَكَانَ تَمِيمٌ الدَّارِيُّ يَقُولُ: قَدْ عَرَفْتُ ذَلِكَ فِي أَهْلِ بَيْتِي، لَقَدْ أَصَابَ مَنْ أَسْلَمَ مِنْهُمُ الْخَيْرُ وَالشَّرَفُ وَالْعِزُّ، وَلَقَدْ أَصَابَ مَنْ كَانَ مِنْهُمْ كَافِرًا الذُّلُّ وَالصَّغَارُ وَالْجِزْيَةُ. [صحيح] - [رواه أحمد]

(59) – तमीम अल-दारी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें : "जहाँसम्म दिन र रात पुग्छ, त्यहाँसम्म यो धर्म अवश्य पुग्नेछ । अल्लाहले कुनै पनि कच्चा वा पक्का घर (सहर, नगर र गाउँ) छोड्ने छैन, जहाँ यो धर्मको प्रवेश हुनेछैन । चाहे सम्मानका साथ होस् वा अपमानका साथ; अल्लाहले इस्लामको माध्यमबाट सम्मान प्रदान गर्नुहुनेछ र कुफ्रको आधारमा अपमानित गर्नुहुनेछ ।" तमीम अल-दारी भन्ने गर्थे: नबीको यो कथनको सत्यता मैले आफ्नै परिवारका सदस्यहरूमा देखेको छु । तिनीहरूमध्ये जो मुस्लिम भए, उसले सम्मान, महिमा र इज्जत पाए र जो काफिर रह्यो उसले अपमान र जिजिया तिर्नुपर्थ्यो । [सही] - [अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, यो धर्म पृथ्वीको कुनाकाप्चा र सबै भागहरूमा फैलिनेछ । जुनसुकै ठाउँमा दिन र रात पुग्छ, त्यहाँ यो धर्म अवश्य पुग्नेछ । सहर, नगर, गाउँ वा मरुभूमिमा कुनै पनि कच्चा वा पक्का घर भए पनि अल्लाहले त्यहाँ इस्लाम धर्म अवश्य पुर्याउनु हुने छ । जसले यस धर्मलाई स्वीकार गर्छ र यसमा विश्वास गर्छ, इस्लामले उसलाई गौरवान्वित तुल्याउने छ । जसले यसलाई अस्वीकार गर्छ र कुफ्र गर्छ, ऊ कुफ्रको आधारमा अपमानित गरिनेछ ।

त्यसपछि तमीम अल-दारी (रजियल्लाहु अन्हु) ले भने, नबी (सल्लल्लाहु अलैहि वसल्लम) को यो कथनको सत्यता मैले आफ्नै परिवारका सदस्यहरूमा देखेको छु । तिनीहरूमध्ये जो मुस्लिम भए उसले सम्मान, महिमा र इज्जत पाए

र जो काफिर रह्यो उसले मुस्लिमहरूलाई तिरेको कर (जिजिया) बाहेक अपमान पनि पाए ।

## हदीसका केही फाइदाहरू:

1. इस्लाम धर्म पृथ्वीको सबै भागहरूमा फैलिनेछ भनेर मुस्लिमहरूलाई खुशीको खबर ।
2. इज्जत र महिमा इस्लाम र मुस्लिमहरूको लागि हो र अपमान कुफ्र र काफिर (अविश्वासी) को लागि हो ।
3. यसमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहको साँचो दूत हुनुहुन्छ भन्ने कुराको प्रमाण छ, किनभने उहाँले भनेको कुरा जस्ताको त्यस्तै भयो ।

(11220)

(60) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه عَنْ رَسُولِ اللهِ صلى الله عليه وسلم أنه قال: «وَالَّذِي نَفْسُ مُحَمَّدٍ بِيَدِهِ لَا يَسْمَعُ بِي أَحَدٌ مِنْ هَذِهِ الْأُمَّةِ يَهُودِيٌّ وَلَا نَصْرَانِيٌّ، ثُمَّ يَمُوتُ وَلَمْ يُؤْمِنْ بِالَّذِي أُرْسِلْتُ بِهِ إِلَّا كَانَ مِنْ أَصْحَابِ النَّارِ». [صحيح] - [رواه مسلم]

(60) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहको कसम जसको कब्जा मा मोहम्मदको जीवन छ, यस समुदायमध्ये जसले मेरो कुरा सुन्दैनन्, चाहे त्यो यहूदी होस् वा ईसाई, त्यसपछि ममाथि आस्था नराखेको अवस्थामा उसको मृत्यु हुन्छ भने ऊ नर्कमा जानेछ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहको कसम खाँदै हुनुहुन्छ, यस समुदायमध्ये यहूदी, ईसाई वा अरू कोही जसले उहाँको बारेमा सुन्छ तर उहाँमाथि विश्वास नगरी मर्छ भने ऊ सधैंभरि नरकमा हुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सम्पूर्ण संसारका मानिसहरूका लागि रसूल (ईसहदूत) को रूपमा पठाइएको थियो । तसर्थ, सबैले उहाँको अनुसरण गर्नु अनिवार्य हो र उहाँको शरियतले पहिलेका सबै शरीयत (विधिविधान) हरूलाई रद्द गरेको छ ।
2. जसले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई अस्वीकार गर्छ, उसलाई अन्य ईश्दूतहरुमा विश्वास गर्ने दाबीले केही फाइदा हुने छैन ।
3. जसले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को बारेमा थाहा पाएन र उहाँको आह्वान पनि उसलाई पुगेन भने ऊ अनभिज्ञ (अशक्त) ठानिन्छ र परलोकमा उसको मामिला अल्लाहको हातमा हुनेछ ।
4. मृत्युको केही समय अघि चाहे एकदम गम्भीर रोगले ग्रसित किन नहोस् आत्मा घाँटीमा नपुग्दासम्म इस्लाम स्वीकार गर्ने व्यक्तिलाई लाभ हुन्छ ।
5. यहूदी र ईसाई सहित काफिरहरूको धर्मलाई सही ठान्नु कुफ्र हो ।
6. यस हदीसमा यहूदी र ईसाईहरूलाई उल्लेख गरेर अन्य धर्मका अनुयायीहरूलाई चेतावनी दिइएको छ; किनभने यी दुई समुदाय 'अह्ले-किताव' लाई ग्रन्थहरू दिइएका थिए तैपनि यो हालत हो भने किताब नभएका अन्य समुदायको हालत के होला ? तसर्थ, सबै समुदायले इस्लाम धर्म स्वीकार्नु र उहाँको अनुसरण गर्नु अनिवार्य छ ।

(3272)

(61) – عَنْ ابْنِ عَبَّاسٍ رضي الله عنهما قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ غَدَاةَ الْعَقَبَةِ وَهُوَ عَلَى نَاقَتِهِ: «**الْقُطْ لِي حَصًى**» فَلَقَطْتُ لَهُ سَبْعَ حَصَيَاتٍ، هُنَّ حَصَى الْخَذْفِ، فَجَعَلَ يَنْفُضُهُنَّ فِي كَفِّهِ وَيَقُولُ: «**أَمْثَالَ هَؤُلَاءِ فَارْمُوا**» ثُمَّ قَالَ: «**أَيُّهَا النَّاسُ، إِيَّاكُمْ وَالْغُلُوَّ فِي الدِّينِ، فَإِنَّما أَهْلَكَ مَنْ كَانَ قَبْلَكُمْ الْغُلُوُّ فِي الدِّينِ**». [صحيح] - [رواه ابن ماجه والنسائي وأحمد]

(61) – अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अकबाको बिहान आफ्नो ऊँटमा हुँदा भन्नुभयो: "मेरो लागि केही ढुङ्गाहरू लिएर आऊ ।" मैले उहाँको लागि सातवटा ढुङ्गाहरू लिएर आएँ, जुन चना बराबर थियो । उहाँले तिनीहरूलाई आफ्नो हत्केलामा हल्लाउदै भन्नुभयो: "यस्ता ढुङ्गाहरूले हान्नु ।" त्यसपछि उहाँले भन्नुभयो: "हे मानिसहरू, धर्ममा अतिवादबाट टाढा रहनुहोस्, किनभने तपाईं अघिका मानिसहरू धर्ममा अतिवादले गर्दा बर्बाद भएका थिए ।" [सही] - [अबू दाउद, निसाई र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, हज्जतुल-वदाअ(अन्तिम हज) को अवसरमा कुर्बानीको दिन; ठूलो जमरातलाई ढुङ्गाले हानेको बिहान उनी नबी (सल्लल्लाहु अलैहि वसल्लम) को साथमा थिए । उहाँले उनलाई जमरातका लागि ढुङ्गाहरू सङ्कलन गर्न आदेश दिनुभयो । त्यसकारण उनले उहाँको लागि सातवटा ढुङ्गाहरू जम्मा गरे । प्रत्येक ढुङ्गा चना दाना आकारको थियो । नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले ती ढुङ्गाहरूलाई आफ्नो हत्केलामा राखेर हल्लाउनु भयो र भन्नुभयो: यो आकारको ढुङ्गा हान्नु । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले धार्मिक मामिलामा अतिवादबाट टाढा रहन र सीमा उल्लङ्घन नगर्न चेतावनी दिनुभयो, किनभने पहिलेका राष्ट्रहरू धर्ममा अतिशयोक्ति र अतिवादले गर्दा नाश भएका थिए ।

## हदीसका केही फाइदाहरू:

1. धर्ममा अतिशयोक्ति निषेध हो। यसको नराम्रो परिणाम र यो विनाशको कारण हो भन्ने कुराको उल्लेख।
2. अघिल्लो समुदायका गल्तीहरूबाट जोगिन हामीले उनीहरूबाट पाठ सिक्नुपर्छ।
3. सुन्नत पालन गर्न प्रेरणा।

(3395)

(62) – عن عبد الله بن مسعود قال: قال رسول الله صلى الله عليه وسلم: «هَلَكَ الْمُتَنَطِّعُون» قالها ثلاثًا. [صحيح] - [رواه مسلم]

(62) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "चरमवादी (अति बढाइचढाई गर्ने) हरू विनाश भए।" उहाँले यो तीन पटक भन्नुभयो। [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले ती चरमपन्थीहरूको विनाश र बर्बादीको बारेमा बताउँदै हुनुहुन्छ, जो ईश्वरीय मार्गदर्शन र ज्ञान बिना आफ्नो धर्म, वचन र कार्यहरूमा नबी द्वारा तोकिएको कानूनी सीमा (शरिया) भन्दा बाहिर जान्छन्।

## हदीसका केही फाइदाहरू:

1. हरेक काममा बनावटी व्यवहार र उग्रता बाट मनाही गरिएको हो, त्यसैले यसबाट बच्न अति नै आवश्यक छ; विशेषगरी धर्मकार्य र धार्मिक मानिसहरूको सम्मानमा।

2. उपासना आदि लाई पूर्णताका साथ गर्न प्रयास गर्नु सराहनीय कुरा हो, तर यसका लागि शरीयतको पालना गर्नु आवश्यक छ ।
3. कुनै पनि महत्त्वपूर्ण कुरालाई जोड दिनु "मुस्तहब"(राम्रो) हो, किनकि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यो वाक्यलाई तीन पटक दोहोर्‍याउनु भयो ।
4. यस हदीस बाट स्पष्ट हुन्छ कि इस्लाम एक सहज र उदार धर्म हो ।

(3420)

(63) – عَنْ عَدِيِّ بْنِ حَاتِمٍ عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «الْيَهُودُ مَغْضُوبٌ عَلَيْهِمْ، وَالنَّصَارَى ضُلَّالٌ». [صحيح] - [رواه الترمذي]

(63) – अदी बिन हातिम (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "यहूदीहरू अल्लाहको क्रोधमा परेका मानिसहरू हुन् र इसाईहरू पथभ्रष्ट छन् ।" [सही] - [तिर्मीजीले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, यहूदीहरू अल्लाहको क्रोधमा परेका मानिसहरू हुन्, किनभने तिनीहरूले सत्य थाहा पाएर पनि सत्यको अनुसरण गरेनन् । जबकि क्रिस्चियनहरू एक भ्रामक समुदाय हुन् जसले ज्ञान बिना अभ्यास गर्दछन् ।

## हदीसका केही फाइदाहरू:

1. ज्ञान र कर्मको संयोजनले क्रोधित र भ्रामक मार्गबाट मुक्ति दिन्छ ।
2. यहूदी र इसाईहरूको मार्गबाट सावधानी अपनाउन चेतावनी दिइएको छ र सोझो मार्ग अर्थात् इस्लामलाई अवलम्बन गर्न प्रेरणा दिइएको छ ।

3. यहूदी र क्रिस्चियनहरू दुवै भ्रामक र क्रोधको शिकार हुन्, तर यहूदीहरूको सबैभन्दा विशेषता भनेको क्रोधको सिकार हुनु र ईसाईहरूको सबैभन्दा विशेषता भ्रमित हुनु हो ।

(65061)

(64) – عَنْ عَبْدِ اللهِ بْنِ عَمْرِو بْنِ الْعَاصِ رضي الله عنهما قَالَ: سَمِعْتُ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «كَتَبَ اللهُ مَقَادِيرَ الْخَلَائِقِ قَبْلَ أَنْ يَخْلُقَ السَّمَاوَاتِ وَالْأَرْضَ بِخَمْسِينَ أَلْفَ سَنَةٍ، قَالَ: وَعَرْشُهُ عَلَى الْمَاءِ». [صحيح] - [رواه مسلم]

(64) – अब्दुल्लाह बिन अम्र बिन आस (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, उहाँ भन्नु हुन्छः अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई मैले भन्दै गरेको सुनें : "अल्लाहले आकाशहरू र पृथ्वी सृष्टि गर्नुभन्दा पचास हजार वर्ष पहिले नै प्राणीहरूको भाग्य लेखिदिनुभएक थिए।" उहाँले भन्नुभयो: र त्यस समय वहाँको अर्श (आसन) पानी माथि थियो ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ कि अल्लाहले आकाश र पृथ्वी सृष्टि गर्नुभन्दा पचास हजार वर्ष पहिले सबै प्राणीहरूको जीवन, मृत्यु र जीविकोपार्जन आदि इत्यादि बारे विस्तृत रूपमा लौहुल-महफूज (सुरक्षित पाटी) मा लेख्नु भएको थियो । यी सबै कुरा अल्लाहको इच्छा र आदेश अनुसार घटित हुनेछन्। त्यसैले (यो संसारमा) जेजसो भैरहेको छ, त्यो अल्लाह तआलाको इच्छा र निर्णयअनुसार भईरहेको छ । त्यसैले भक्तले जुन दु:ख र कष्ट भोग्दछ, त्यो उसित हुने नै थियो र जसबाट जोगिन्छ भनी लेखिएको छ त्यो उसित कहिल्यै हुने छैन।

## हदीसका केही फाइदाहरू:

1. भाग्य र अल्लाहको निर्णय प्रति विश्वास गर्नु अनिवार्य छ ।

2. तकदीर (भाग्य) प्रति आस्था राख्नु भनेको अल्लाहलाई सबै कुराको सर्वज मान्नु, र उहाँले यी कुराहरू लौहुल-महफूज (सुरक्षित पाटी) मा लेख्नुभएको छ, र संसारमा जे पनि भइरहेको छ अल्लाहको इच्छाले भइरहेको छ र उहाँले नै रचना पनि गर्नुहुन्छ भन्ने आस्थामा विश्वास राख्नु हो।
3. आकाश र पृथ्वीको सृष्टि हुनुअघि नै भाग्य लेखिएको हो भन्ने आस्थामा विश्वासले मानिसमा सन्तुष्टि र समर्पणको भावना जगाउँछ।
4. आकाश र पृथ्वीको सृष्टि हुनु अघि अल्लाहको अर्श (आसन) पानी माथि थियो ।

(65038)

(65) – عَنْ عَبْدِ اللَّهِ بْنِ مَسْعُودٍ رَضِيَ اللَّهُ عَنْهُ: حَدَّثَنَا رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ وَهُوَ الصَّادِقُ المَصْدُوقُ: «أَنَّ خَلْقَ أَحَدِكُمْ يُجْمَعُ فِي بَطْنِ أُمِّهِ أَرْبَعِينَ يَوْمًا وَأَرْبَعِينَ لَيْلَةً، ثُمَّ يَكُونُ عَلَقَةً مِثْلَهُ، ثُمَّ يَكُونُ مُضْغَةً مِثْلَهُ، ثُمَّ يُبْعَثُ إِلَيْهِ المَلَكُ، فَيُؤْذَنُ بِأَرْبَعِ كَلِمَاتٍ، فَيَكْتُبُ: رِزْقَهُ وَأَجَلَهُ وَعَمَلَهُ وَشَقِيٌّ أَمْ سَعِيدٌ، ثُمَّ يَنْفُخُ فِيهِ الرُّوحَ، فَإِنَّ أَحَدَكُمْ لَيَعْمَلُ بِعَمَلِ أَهْلِ الجَنَّةِ حَتَّى لاَ يَكُونُ بَيْنَهَا وَبَيْنَهُ إِلَّا ذِرَاعٌ، فَيَسْبِقُ عَلَيْهِ الكِتَابُ، فَيَعْمَلُ بِعَمَلِ أَهْلِ النَّارِ فَيَدْخُلُ النَّارَ، وَإِنَّ أَحَدَكُمْ لَيَعْمَلُ بِعَمَلِ أَهْلِ النَّارِ حَتَّى مَا يَكُونُ بَيْنَهَا وَبَيْنَهُ إِلَّا ذِرَاعٌ، فَيَسْبِقُ عَلَيْهِ الكِتَابُ، فَيَعْمَلُ عَمَلَ أَهْلِ الجَنَّةِ فَيَدْخُلُهَا». [صحيح] - [متفق عليه]

(65) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्,: “हामीलाई अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, जसले सत्य बोल्नुहुन्छ र जसको भनाइ पूर्णतः सत्य हुन्छ: "तिमीहरू हरेकको सृष्टि उसको आमाको गर्भमा चालीस दिन र चालीस रात सम्म वीर्यको रूपमा एकत्र राखिन्छ, त्यसपछि अर्को ४० दिनसम्म बाक्लो र जमेको रगतको रूप लिन्छ । त्यस पछि अर्को ४० दिनमा मासुको डल्लोको रूप लिन्छ । त्यसपछि अल्लाहले एउटा फरिशता पठाउनुहुन्छ जसले अल्लाहको आदेश अनुसार त्यो व्यक्तिको जीविका, उमेर, कर्म र राम्रो वा नराम्रो हुनु बारे लेख्छ र त्यसपछि उसले त्यसमा रूह (आत्मा) हाल्छ । एक व्यक्तिले जीवनभर स्वर्गवासीहरूको कर्म गर्छ र जब उसको र स्वर्गको बीचमा एक हातको दूरी हुन्छ, त्यतिखेर उसको भाग्य उसमाथि हावी हुन्छ, र ऊ नर्कवासीहरूको कर्म गरेर नर्कमा प्रवेश गर्दछ । त्यसैगरी एक व्यक्तिले जीवनभर नर्कवासीको कर्म गर्छ र जब उसको र नर्कको बीचमा एक हातको दुरी रहन्छ तब उसको भाग्य उसमाथि हावी हुन्छ, र ऊ स्वर्गवासीको कर्म गरेर स्वर्गमा प्रवेश गर्दछ ।" [सही] - [मुत्तफकुन अलैहि]

**व्याख्या:**

अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, हामीलाई अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो; जो (सादिक); आफ्नो वचनमा सत्य र (मस्दूक); जसलाई अल्लाहले सत्यवादी घोषित

गर्नुभएको छ, उहाँले भन्नुभयो: तिमीहरु मध्ये प्रत्येकको  सृष्टिको तत्त्व जम्मा गरिन्छ, अर्थात् पुरुषले आफ्नी श्रीमतीसँग सहवास गर्दा, महिलाको पाठेघरमा छरिएको वीर्य चालीस दिनसम्म शुक्रकीटको रूपमा संकलित रहन्छ । त्यसपछि यो रगतको डल्लो (अलकह) अर्थात बाक्लो र स्थिर रगतको रूप लिन्छ, यो परिणति दोस्रो चालीस दिनको अवधिमा हुन्छ । त्यसपछि यो मासुको टुक्रा (मुज्गह) बन्छ, जसको आकार चपाउन मिल्ने जति हुन्छ, र यो तेस्रो चालीस दिनको अवधिमा हुन्छ। त्यसपछि अल्लाहले त्यस तर्फ एक स्वर्गदूत(फरिश्ता) पठाउनुहुन्छ, जसले तेस्रो चालीस दिनको अवधि समाप्त भएपछि त्यसमा आत्मा हाल्छ। र त्यस स्वर्गदूत (मलाइकह) लाई चार चीजहरू लेख्न आदेश दिइन्छ : पहिलो, उसको जीविका, जसमा उसको जीवनभरि प्राप्त हुने सम्पूर्ण आशीर्वाद र  सुख-सुविधाहरू समावेश छन्। दोस्रो, उसको आयु, अर्थात् उसले यो संसारमा रहने अवधि हो। तेस्रो, उसको कर्म, जसले उसको जीवनभरि गर्ने कामहरू जनाउँछ।चौथो कुरा ऊ भाग्यमानी  कि अभागी हुने यानि दुखी हुने कि सुखी ? त्यसपछि अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले कसम खाएर भन्नुभयो कि एउटा व्यक्ति मानिसहरूको नजरमा स्वर्गवासीहरूको कर्म गरिरहन्छ, मानौ स्वर्ग पुग्नमा मात्र एक हात जतिको दुरी बाँकी हुन्छ र अचानक भाग्यमाको लेखा हावी हुन्छ र उसले नर्कवासीको कर्म गर्न थाल्दछ र ऊ नर्कमा जान्छ । किनभने कर्म स्वीकार गरिने शर्त भनेको व्यक्ति त्यसमा अडिग रहनु कर्मलाई परिवर्तन नगर्नु हो । अर्को व्यक्ति त्यो हो जसले मानिसहरूको नजरमा नर्कमा प्रवेश गर्ने कर्महरू गरिरहन्छ, मानौ उसको र नर्कको बीचमा मात्र एक हात जतिको दुरी बाँकी हुन्छ, र अचानक भाग्यको लेखा हावी हुन्छ र उसले असल कर्म गर्न थाल्दछ र स्वर्गमा प्रवेश गर्दछ ।

## हदीसका केही फाइदाहरू:

1. अन्तमा मानिसको भाग्यमा जे लेखिएको हुन्छ त्यही नै हुनेछ ।
2. यस हदीसमा कर्मको बाहिरी र देखिने अवस्था बाट धोका नखानु भन्ने चेतावनी दिइएको छ, किनभने कर्मको वास्तविक मूल्याङ्कन अन्तिम परिणामबाट गरिन्छ।"

(65037)

(66) – عن ابن مسعود رضي الله عنه قال: قال النبي صلى الله عليه وسلم: «الْجَنَّةُ أَقْرَبُ إِلَى أَحَدِكُمْ مِنْ شِرَاكِ نَعْلِهِ، وَالنَّارُ مِثْلُ ذَلِكَ». [صحيح] - [رواه البخاري]

(66) – अब्दुल्लाह बिन मस्ऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "स्वर्ग तिम्रो जुत्ताको फित्ता भन्दा पनि नजिक छ र नर्क पनि ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, कि स्वर्ग र नर्क मानिसदेखि त्यत्तिकै नजिक छ जति खुट्टाको माथिल्लो भागमा रहेको जुत्ताको फित्ता । किनकि अल्लाहलाई खुशी पार्ने असल कर्मको कारणले मानिस स्वर्गमा प्रवेश हुन सक्छ, भने अल्लाहलाई क्रोधित गर्ने पापले गर्दा नर्कमा जानसक्छ ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा थोरै भए पनि असल कर्म गर्ने प्रेरणा र थोरै भए पनि पाप कर्मबाट टाढै रहने चेतावनी दिइएको छ।
2. मुस्लिमको जीवनमा आशा र डर दुवैको संयोजन हुनुपर्छ र अल्लाहसँग सधैं सत्यमा अडिग रहने प्रार्थना गर्नुपर्छ, ताकि ऊ आफ्नो अवस्थाबाट धोकामा नपरोस् ।

(3581)

(67) – عن أبي هريرة رضي الله عنه أن رسول الله صلى الله عليه وسلم قال: «**حُجِبَتِ النَّارُ بِالشَّهَوَاتِ، وَحُجِبَتِ الْجَنَّةُ بِالْمَكَارِهِ**». [صحيح] - [رواه البخاري]

(67) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "नर्क इच्छा तथा आकंक्षाहरूले घेरिएको छ भने स्वर्ग अप्रिय चीजहरूले घेरिएको छ ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले नरक आत्मालाई प्रलोभनमा पार्ने चीजहरूले घेरिएको भनी बताउनुभाएको छ, जस्तै निषेधित(हराम) कार्यहरू गर्नु र अनिवार्य रुपमा गरिने कर्महरु लाई बेवास्ता गर्नु आदि; त्यसैले, जसले आफ्नो मनलाई कामनाको पछि डोऱ्याउन्छ, त्यो नरकमा जानेछ । त्यस्तै स्वर्ग मन नपर्ने कुराहरूले घेरिएको छ, जस्तै अल्लाहको आदेशलाई कडाईका साथ पालन गर्नु, हराम गतिविधिबाट टाढा रहनु र यसमा अडिग रहँदा आउने हरेक समस्याको सामना गर्नु । जब कसैले आफूलाई यी कुराहरू गर्न बाध्य पार्छ, र आफ्नै आकाङ्क्षाविरुद्ध संघर्ष गर्छ भने, ऊ स्वर्गको हकदार बन्दछ ।

## हदीसका केही फाइदाहरू:

1. मनोवाञ्छा तथा आकांक्षामा पर्नुको एउटा कारण के हो भने शैतानले खराब र गलत कामलाई सुन्दर ढंगले प्रस्तुत गर्छ, अनि हृदयले त्यसलाई राम्रो ठान्छ र त्यसैतिर लहसिन्छ ।
2. यस हदीसमा अवैध इच्छाहरूदेखि टाढा बस्ने आदेश छ किनकि यो ( इच्छा वासना पछ्याउनु ) नर्क जाने बाटो हो । र अप्रिय1 कर्महरूलाई सहन गर्न प्रोत्साहन दिईएको छ ; किनकि यो स्वर्गको बाटो हो ।
3. यस हदीसमा आत्मसंयम गर्ने, राम्ररी उपासना गर्ने र सत्कर्म गर्दा उत्पन्न हुने कष्ट हरु सहन गर्ने प्रेरणा छ ।

(3702)

(68) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه عَنْ رَسُولِ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «**لَمَّا خَلَقَ اللَّهُ الْجَنَّةَ وَالنَّارَ أَرْسَلَ جِبْرِيلَ عَلَيْهِ السَّلَامُ إِلَى الْجَنَّةِ، فَقَالَ: انْظُرْ إِلَيْهَا وَإِلَى مَا أَعْدَدْتُ لِأَهْلِهَا فِيهَا. فَنَظَرَ إِلَيْهَا فَرَجَعَ، فَقَالَ: وَعِزَّتِكَ لَا يَسْمَعُ بِهَا أَحَدٌ إِلَّا دَخَلَهَا. فَأَمَرَ بِهَا فَحُفَّتْ بِالْمَكَارِهِ، فَقَالَ: اذْهَبْ إِلَيْهَا فَانْظُرْ إِلَيْهَا وَإِلَى مَا أَعْدَدْتُ لِأَهْلِهَا فِيهَا. فَنَظَرَ إِلَيْهَا، فَإِذَا هِيَ قَدْ حُفَّتْ بِالْمَكَارِهِ، فَقَالَ: وَعِزَّتِكَ لَقَدْ خَشِيتُ أَنْ لَا يَدْخُلَهَا أَحَدٌ. قَالَ: اذْهَبْ فَانْظُرْ إِلَى النَّارِ وَإِلَى مَا أَعْدَدْتُ لِأَهْلِهَا فِيهَا. فَنَظَرَ إِلَيْهَا فَإِذَا هِيَ يَرْكَبُ بَعْضُهَا بَعْضًا، فَرَجَعَ فَقَالَ: وَعِزَّتِكَ لَا يَدْخُلُهَا أَحَدٌ. فَأَمَرَ بِهَا فَحُفَّتْ بِالشَّهَوَاتِ، فَقَالَ: ارْجِعْ فَانْظُرْ إِلَيْهَا. فَنَظَرَ إِلَيْهَا فَإِذَا هِيَ قَدْ حُفَّتْ بِالشَّهَوَاتِ، فَرَجَعَ وَقَالَ: وَعِزَّتِكَ لَقَدْ خَشِيتُ أَنْ لَا يَنْجُوَ مِنْهَا أَحَدٌ إِلَّا دَخَلَهَا**». [حسن] - [رواه أبو داود والترمذي والنسائي]

(68) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "जब अल्लाहले स्वर्ग र नर्क सृष्टि गर्नुभयो, तब उहाँले जिब्रील (अलैहिस्सलाम) लाई स्वर्ग तिर पठाउदै भन्नुभयो: स्वर्ग र स्वर्गवासीहरूका लागि मैले तयार पारेको कुराहरूलाई अवलोकन गरेर आऊ । उनी गएर हेरे अनि फर्केर भने : तपाईंको महिमा र प्रभुत्वको कसम! जसले स्वर्गको बारेमा सुन्नेछ, त्सयमा अवश्य नै प्रवेश गर्नेछ । त्यसपछि अल्लाहको आदेश अनुसार स्वर्गलाई अप्रिय चीजहरूले घेरियो, अनि वहाँले जिब्रीललाई भन्नुभयो: अब जाऊ, स्वर्ग र स्वर्गवासीहरूका लागि बनाइएका चीजहरूलाई हेर । जिब्राइलले हेरे र त्यसलाई कठिनाइहरूले घेरेको पाए। उनी फर्किए र भने: तपाईंको महिमा र प्रभुत्वको कसम! मलाई डर छ कोही पनि त्यसभित्र प्रवेश गर्न सक्षम हुने छैन। त्यसपछि, अल्लाहले भन्नुभयो: "मैले नर्कका मानिसहरूका लागि के तयार पारेको छु त्यसलाई अवलोकन गरेर आऊ" । उनले देखे, नर्कको आगोको (लप्को) एकअर्कासँग भिडिरहेका थियो (घनिष्ट र भयावह थियो) । उनी फर्केर आए र भने: तपाईंको महिमा र प्रभुत्वको कसम! यसमा कोही पस्ने छैन। त्यसपछि अल्लाहको आदेश अनुसार नर्कलाई इच्छा, आकांक्षा तथा वासनाले घेरियो । अल्लाहले जिब्रील (अलैहिस्सलाम) लाई अब गएर हेर्न भन्नुभयो, उनि गए र फर्केर भने: तपाईंको महिमा र प्रभुत्वको कसम! मलाई डर छ, यसबाट कोही पनि जोगिन सक्दैन र सबैजना यसमा प्रवेश गर्नेछन् ।" [हसन] - [अबू दाउद, तिर्मीजी र निसाईले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : जब अल्लाहले स्वर्ग र नर्कलाई सृष्टि गर्नुभयो, तब अल्लाहले जिब्रील (देवदूत) लाई स्वर्गलाई हेर्न आदेश दिनुभयो, जिब्रीलले गएर देखे र फर्किएर भने: हे प्रभु! तपाईंको महिमा र प्रभुत्वको कसम ! जसले स्वर्ग र यसमा रहेका आनन्द, सत्कार र सुविधाको बारेमा सुन्छ, पक्कै पनि यसमा प्रवेश गर्न चाहन्छ र त्यस निम्ति कार्म गर्नेछ । त्यसपछि, अल्लाह तआलाले स्वर्गलाई मन लाई अप्रिय र कठिन लग्ने सूकर्महरूले घेरिदिनु भयो, जस्तोकि आदेशहरु को पालना गर्नु र वर्जित

कुराहरु बाट टाढा हुनु । यसर्थ, स्वरमा प्रवेश गर्नको लागि यी अप्रिय र कठिन सूकर्महरू गर्न आवश्यक छ । त्यसपछि अल्लाहले जिब्रीललाई पुनः स्वर्ग र स्वर्गवासीहरूका लागि बनाइएका चीजहरूलाई हेर्न भन्नुभयो । उनी गए र स्वर्ग देखेर आएर भने: हे मेरो प्रभु! तपाईंको महिमा र प्रभुत्वको कसम ! मलाई डर छ कि स्वर्गमा प्रवेश पाउन निमित्त जुन अप्रिय र कठिन सूकर्महरू गर्नु सम्बन्धमा कठिनाइ र दुखहरू बेहोर्न बाध्य हुनुपर्छ त्यसले गर्दा कोही पनि स्वर्गमा प्रवेश गर्न सक्षम हुने छैन । र जब अल्लाहले नर्कको सृष्टि गर्नुभयो, तब उहाँले जिब्रील (अलैहिस्सलाम) लाई नर्कलाई हेर्न आदेश दिनुभयो, अनि उनी गए र देखे , र फर्केर आएर भने: हे प्रभु! तपाईंको महिमा र प्रभुत्वको कसम ! जसले पनि नर्कका पीडा, कष्ट र यातनाहरूको बारेमा सुन्नेछ, उ त्यसमा प्रवेश हुन्छ कि भनेर भयभीत हुनेछ र नर्कमा पार्ने कारणहरूबाट टाढा रहनेछ । त्यसपछि अल्लाहले नर्क र त्यसतर्फ जाने बाटोलाई (वर्जित) इच्छा, आकांक्षा तथा मनमोहक चीजहरूले घेरि दिनुभयो र भन्नुभयो: हे जिब्रील! अब जाऊ र नर्कलाई हेरेर आऊ, जिब्रील गए र देखेर फर्किएर भने: हे मेरा प्रभु! तपाईंको महिमा र प्रभुत्वको कसम, मलाई डर र त्रास छ, कि कुनै पनि मानिस यसबाट बच्नेछैन, किनकि नर्कलाई आकांक्षा, मनमोहक र वासनामय चीजहरूले घेरिएको छ, ( जस तर्फ मन लहसिन्छ )

## हदीसका केही फाइदाहरू:

1. यस हदीस बाट स्वर्ग र नरक अहिले नै अवस्थित छन् भन्ने तथ्यमा विश्वास राख्ने कुरा प्रस्ट हुन्छ ।
2. यस हदीस बाट स्पष्ट हुन्छ कि गैब (परोक्ष,अदृश्य ) तथा अल्लाह र उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट प्रमाणित सबै कुराहरूमा विश्वास गर्नु अनिवार्य छ।
3. अप्रिय र कठिन सूकर्महरू र भाग्य लाई धैर्यता पूर्वक बेहोर्नु महत्त्वपूर्ण कर्म हो, किनभने यो स्वर्ग सम्म पुऱ्याउने बाटो हो ।

4. हराम र वर्जित कुराहरूबाट जोगिन महत्त्वपूर्ण कर्म हो ; किनभने ती कुकर्महरूले नर्कमा लैजान्छ ।
5. स्वर्गलाई अप्रिय चीजहरूले र नर्कलाई इच्छा तथा आकांक्षाहरूले घेरिएको छ। किनकि यो सांसारिक जीवन परीक्षा हो ।
6. स्वर्गको बाटो कठिनाइहरूले भरिएको छ। यो बाटो काट्न ईमानसँगै धैर्य र सहनशीलता चाहिन्छ । जबकि नर्क जाने बाटो सांसारिक सुख, लोभ र वासनाहरूले भरिएको छ ।

(65034)

(69) – عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ أَنَّ رَسُولَ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «نَارُكُمْ جُزْءٌ مِنْ سَبْعِينَ جُزْءًا مِنْ نَارِ جَهَنَّمَ»، قِيلَ: يَا رَسُولَ اللَّهِ، إِنْ كَانَتْ لَكَافِيَةً. قَالَ: «فُضِّلَتْ عَلَيْهِنَّ بِتِسْعَةٍ وَسِتِّينَ جُزْءًا كُلُّهُنَّ مِثْلُ حَرِّهَا». [صحيح] - [متفق عليه]

(69) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "तिम्रो संसारको आगो नर्क को आगोको सत्तरी भागमध्ये एक भाग हो ।" कसैले भन्यो: हे अल्लाहको रसूल! यो (संसारको आगो) मात्र भए पनि पर्याप्त हुने थियो । उहाँले भन्नुभयो : " नरकको आगोको तपन ६९ प्रतिशत बढी छ र त्यसको प्रत्येक भागको तपन संसारको आगो जस्तै छ।" [सही] - [मुत्तफकुन अलैहि]

**व्याख्या:**

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले संसारको आगो नर्कको आगोको सत्तरी भाग मध्ये एक भाग हो भन्ने कुरा बताउनुभएको छ । यसरी परलोकको आगोको तातोपन यस संसारको आगोको तापनभन्दा ६९ गुणा बढी हुनेछ, जसको प्रत्येक भाग यस संसारको आगोको तापन बराबर हुनेछ। कसैले भने, हे अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ! नर्कबासी हरूलाई यातना दिन संसारको आगो नै पर्याप्त हुने थियो । उहाँले भन्नुभयो : नर्कको आगोलाई

संसारको आगोभन्दा ६९ गुणा तातो बनाइएको छ र त्यसको प्रत्येक भागको ताप संसारको आगोको ताप बराबर हुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा नर्क बारे चेतावनी दिइएको छ, ताकि मानिसहरू नर्कमा लैजाने कर्महरूबाट टाढा रहून् ।
2. नर्कको आगो धेरै भयानक, यसको सजाय कठोर र यसको गर्मी धेरै तीव्र हुनेछ ।

(65036)

(70) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: سَمِعْتُ رَسُولَ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «**يَقْبِضُ اللَّهُ الأَرْضَ، وَيَطْوِي السَّمَوَاتِ بِيَمِينِهِ، ثُمَّ يَقُولُ: أَنَا المَلِكُ، أَيْنَ مُلُوكُ الأَرْضِ**». [صحيح] - [متفق عليه]

(70) – अबू हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "अल्लाहले पृथ्वीलाई आफ्नो मुट्ठीमा लिनुहुनेछ र आकाशहरूलाई आफ्नो दाहिने हातमा समात्नुहुनेछ र त्यसपछि भन्नुहुनेछ: म अल- मलिक (राजा) हुँ, पृथ्वीका राजाहरू कहाँ छन् ?" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, अल्लाहले कयामतको दिन पृथ्वीलाई आफ्नो मुट्ठीमा जम्मा गर्नुहुनेछ र आकाशलाई आफ्नो दाहिने हातमा तलमाथि गरी बेर्नुहुनेछ र यसलाई नष्ट गरेपछि भन्नुहुनेछ: म नै राजा हुँ! पृथ्वीका राजाहरू कहाँ छन्?!

## हदीसका केही फाइदाहरू:

1. अल्लाहको राज्य रहिरहनेछ र अरूको राज्य समाप्त हुनेछ भन्ने घोषणा ।

## 2. अल्लाहको महिमा, उहाँको महान शक्ति, अधिकार र उहाँको राज्यको पूर्णता ।

(65028)

(71) – عَنْ عَائِشَةَ أُمِّ المُؤمنينَ رضي الله عنها قَالَتْ: دَخَلَ عَلَيَّ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، وَقَدْ سَتَرْتُ سَهْوَةً لِي بِقِرَامٍ فِيهِ تَمَاثِيلُ، فَلَمَّا رَآهُ هَتَكَهُ وَتَلَوَّنَ وَجْهُهُ وَقَالَ: «**يَا عَائِشَةُ، أَشَدُّ النَّاسِ عَذَابًا عِنْدَ اللهِ يَوْمَ الْقِيَامَةِ الَّذِينَ يُضَاهُونَ بِخَلْقِ اللهِ**» قَالَتْ عَائِشَةُ: «**فَقَطَعْنَاهُ فَجَعَلْنَا مِنْهُ وِسَادَةً أَوْ وِسَادَتَيْنِ**». [صحيح] - [متفق عليه]

(71) – आस्थावानहरूकी आमा आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) म कहाँ आउनुभयो र मैले अन्जानै मूर्तिहरू भएको पर्दाले केही ढाकेको थिएँ । उहाँले त्यो पर्दालाई हेर्ने बित्तिकै तान्नु भयो र उहाँको अनुहारको रंग नै रिसले परिवर्तन भयो र भन्नुभयो: "हे आइशा! न्यायको दिन सबैभन्दा कठोर सजाय ती मानिसहरूलाई दिइनेछ जो अल्लाहको सृष्टि कार्यमा तुलना गर्न चाहन्छन् ।" आइशाले भनिन्: "त्यसैले हामीले यसलाई काट्यौं र त्यसबाट एक वा दुईवटा तकिया बनायौं ।" [सही] - [मुत्तफकुन अलैहि]

**व्याख्या:**

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) आइशा (रजियल्लाहु अन्हा) को घरमा प्रवेश गर्नुभयो । उहाँले सामान राखिने सानो कपाटलाई जीवित प्राणीहरूको मूर्ति भएको पर्दाले छोपेको देख्नु भयो । तब उहाँको अनुहारको रंग नै परिवर्तन भयो र अल्लाहको लागि रिस पोख्दै र त्यो पर्दालाई हटाउदै भन्नुभयो: न्यायको दिन सबैभन्दा कठोर सजाय ती मानिसहरूलाई दिइनेछ जो आफ्नो तस्बिर मार्फत अल्लाहको सृष्टि कार्यमा तुलना गर्न चाहन्छन् । आइशाले भनिन्: त्यसैले हामीले यसलाई (काटेर) एक वा दुईवटा तकिया बनायौं ।

## हदीसका केही फाइदाहरू:

1. मुनकर (गल्ती) देख्दा ढिलासुस्ती नगरी निन्दा गर्नु पर्छ, तर जब यसले ठूलो समस्या निम्ताउने डर छ भने त्यसो गर्नु हुँदैन ।
2. न्यायको दिन पापको गम्भीरता अनुसार दण्ड फरक-फरक हुनेछ ।
3. जीवित प्राणीको चित्र बनाउनु वा राख्नु ठूलो पाप हो ।
4. तस्वीर खिच्ने प्रतिबन्धको एउटा कारण भनेको तस्बिर मार्फत अल्लाहको सृष्टि कार्यमा तुलना गर्नु हो, चाहे त्यो चित्रकारको नियत होस् वा नहोस् ।
5. शरियतले निषेधित कुरालाई बेवास्ता गरेर त्यसमा खर्च हुने पैसा जोगाउन प्रेरित गर्दछ ।
6. जीवित प्राणीहरूको तस्वीरहरू निर्माण गर्न निषेध गरिएको छ, चाहे त्यो जुनसुकै रूपमा र पेशागत भए पनि ।

(5931)

(72) – عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «وَالَّذِي نَفْسِي بِيَدِهِ، لَيُوشِكَنَّ أَنْ يَنْزِلَ فِيكُمْ ابْنُ مَرْيَمَ حَكَمًا مُقْسِطًا، فَيَكْسِرَ الصَّلِيبَ، وَيَقْتُلَ الخِنْزِيرَ، وَيَضَعَ الجِزْيَةَ، وَيَفِيضَ المَالُ حَتَّى لاَ يَقْبَلَهُ أَحَدٌ». [صحيح] - [متفق عليه]

(72) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहको कसम जसको कन्जमा मेरो प्राण छ, चाडै नै मरियम पुत्र एक न्यायी हाकिमको रूपमा तिमीहरूका बीचमा आउनुहुनेछ । उनले क्रस भाँच्नेछन्, सुँगुरहरूलाई मार्नेछन्, करहरू हटाउनेछन् र धनसम्पत्ति यति प्रशस्त हुनेछ कि कसैले स्वीकार गर्नेछैन ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

येशू (अलैहिस्सलाम) मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को शरीयत (विधान) अनुसार न्यायका साथ शासन गर्न जनतामाझ अवतरण हुनेछन् भनेर उहाँले कसम खाईरहनुभएको छ । क्रिस्चियनहरूले सम्मान गर्ने क्रसलाई उहाँले भाँच्नुहुनेछ । इसा (अलैहिस्सलाम) ले सुँगुरलाई मार्नेछन् । जिजिया (कर) हटाउनेछन् र सबै मानिसहरूलाई इस्लाम धर्म स्वीकार गर्न आह्वान गर्नेछन् । त्यतिबेला धनको यस्तो प्रचुरता हुनेछ र प्रत्येक व्यक्तिसँग यति धेरै धन हुनेछ र यति बर्कत (वृद्धि) हुनेछ कि कोही पनि धन स्वीकार गर्न तयार हुने छैनन् ।

## हदीसका केही फाइदाहरू:

1. इसा (अलैहिस्सलाम) अन्तिम युगमा अवतरण हुनेछन् भन्ने प्रमाण र उहाँको अवतरण कयामतका चिन्हहरू मध्ये हो ।
2. पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) को शरीयत कुनै पनि शरीयत द्वारा रद्द हुनेछैन ।
3. अन्तिम समयमा धनमा बर्कत (वृद्धि) हुनेछ र मानिसहरूको मनमा धनको लोभ हुने छैन ।

4. इस्लाम धर्म कायम रहनेछ र येशू (शान्ति) ले अन्तिम समयमा त्यस अनुसार शासन गर्नुहुनेछ भन्ने शुभ समाचार हो ।

(65025)

(73) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ لِعَمِّهِ: «**قُلْ: لَا إِلَهَ إِلَّا اللهُ، أَشْهَدُ لَكَ بِهَا يَوْمَ الْقِيَامَةِ**»، قَالَ: لَوْلَا أَنْ تُعَيِّرَنِي قُرَيْشٌ، يَقُولُونَ: إِنَّمَا حَمَلَهُ عَلَى ذَلِكَ الْجَزَعُ لَأَقْرَرْتُ بِهَا عَيْنَكَ. فَأَنْزَلَ اللهُ: {إِنَّكَ لا تَهْدِي مَنْ أَحْبَبْتَ وَلَكِنَّ اللهَ يَهْدِي مَنْ يَشَاءُ} [القصص: 56]. [صحيح] - [رواه مسلم]

(73) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन् कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो काकालाई भन्नुभयो: " 'ला इलाह इल्लाल्लाह' (अल्लाह बाहेक कोही ईश्वर छैन) भन्नुहोस्, म न्यायको दिन तपाईंको लागि गवाही दिनेछु ।" यो सुनेर उनले भने: यदि कुरैशका मानिसहरूले मेरो उपहास गर्दै नभन्ने थिए कि म डरका कारण त्यसो गर्न बाध्य भएँ, त मैले यो वचन पढेर तिमीलाई खुसी पार्ने थिएँ । यसै सम्बन्धमा अल्लाहले यो आयत (श्लोक) अवतरण गर्नुभयो: {वास्तवमा, तपाईंले जसलाई चाहानुहुन्छ त्यसलाई सत्मार्गको मार्गदर्शन गर्न सक्नुहुन्न, तर अल्लाह जसलाई चाहानुहुन्छ मार्गदर्शन गर्नुहुन्छ ।" [अल-कसस: ५६]} [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो काका अबू तालिबको मृत्यु हुदै गरेको कठिन अवस्थामा उनीसित 'ला इला-ह इल्लल्लाह' भन्न अनुरोध गर्नुभयो, ताकि उहाँले न्यायको दिन उनको लागि मुस्लिम हो भनेर शिफाअत (सिफारिस) र गवाही दिन सकुन् । तर कुरैशका मानिसहरूले उनको निन्दा गर्नेछन् र मृत्युको डरले उनी मुस्लिम बनेको भनेर आरोप लगाउने छन् भन्ने डरले अबु तालिबले 'ला इला-ह इल्लल्लाह' भन्न अस्वीकार गरे । उनले नबी (सल्लल्लाहु अलैहि वसल्लम)लाई भने– यदि मलाई उनीहरुको डर नभएको

भए "कलमा-ए-शहादत" ‘ला इला-ह इल्लल्लाह’ पढेर तिम्रो मनलाई शान्त पार्ने र तिम्रो मनोकामना पूरा गर्ने थिएँ र तिमीलाई खुसी पार्ने थिएँ । यसै घटना प्रति यो आयत (श्लोक) अवतरण गरिएको थियो, जसमा अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँग कसैलाई इस्लाम स्वीकार गर्न लगाउने शक्ति छैन भनी उल्लेख गरिएको छ । तर अल्लाहले जसलाई चाहानुहुन्छ मार्गदर्शन गर्नुहुन्छ। रसूल(सल्लल्लाहु अलैहि वसल्लम)को कर्तव्य मात्र युक्तिपूर्ण कुरा, वचन र उपदेश द्वारा बाटो देखाउनु र सत्यमार्ग तर्फ मानिसहरूलाई मार्गनिर्देशन गर्नु र बोलाउनु हो ।

## हदीसका केही फाइदाहरू:

1. मानिसहरूको आलोचनाको डरले सत्यलाई त्याग्नु हुँदैन। ।
2. नबी (सल्लल्लाहु अलैहि वसल्लम) केवल सही बाटो देखाउने र निर्देशन दिने अधिकार राख्नुहुन्थ्यो, इस्लाम स्वीकार गराउने अधिकार उहाँसँग थिएन।
3. काफिर बिरामीलाई इस्लाममा आमन्त्रण गर्ने उद्देश्यले भेट्न अनुमति छ ।
4. नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले हरेक परिस्थितिमा अल्लाहको धर्म तर्फ आह्वान गर्न अवसरको उपयोग गर्नुहुन्थ्यो ।

(65069)

(74) – عَنْ عَبْدِ اللَّهِ بْنِ عَمْرٍو رضي الله عنهما قَالَ: قالَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**حَوْضِي مَسِيرَةُ شَهْرٍ، مَاؤُهُ أَبْيَضُ مِنَ اللَّبَنِ، وَرِيحُهُ أَطْيَبُ مِنَ المِسْكِ، وَكِيزَانُهُ كَنُجُومِ السَّمَاءِ، مَنْ شَرِبَ مِنْهَا فَلاَ يَظْمَأُ أَبَدًا**». [صحيح] - [متفق عليه]

(74) – अब्दुल्लाह बिन अम्र (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "मेरो जलाशय (ताल) को दायरा एक महिना (यात्रा) को दूरी बराबर हुनेछ । यसको पानी दूध भन्दा सेतो र यसको सुगन्ध कस्तुरी भन्दा उत्तम हुनेछ र यहाँ राखिएका (पानी खाने) कचौराहरू आकाशका ताराहरू जस्तै हुनेछन् । जसले यसको पानी पिउनेछ, उसलाई कहिल्यै तिर्खा लाग्ने छैन ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, कयामतको दिन उहाँलाई एउटा जलाशय (पोखरी) प्रदान गरिनेछ,जसको लम्बाइ र चौडाइ एक महिना (यात्रा)को दूरी बराबर हुनेछ । र त्यसको पानी दूध भन्दा सेतो हुनेछ । र त्यसको सुगन्ध कस्तुरी भन्दा उत्तम हुनेछ । र त्यहाँ राखिएका (पानी खाने) कचौराहरूको सङ्ख्या आकाशका ताराहरू जत्तिकै धेरै हुनेछन् । जसले ती कचौराले त्यो जलाशय (पोखरी) को पानी पिउँनेछ, उसलाई कहिल्यै तिर्खा लाग्नेछैन ।

## हदीसका केही फाइदाहरू:

1. नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई प्रदान गरिने जलाशय भनेको वास्तवमा पानीको एक विशाल भण्डार हो, जसको पानी उहाँका मुमिन उम्मती (आस्थावान अनुयायी) हरूले न्यायको दिन पिउन सक्नेछन् ।
2. जसले यस जलाशय बाट पानी पिउनेछ, उसले आनन्द प्राप्त गर्ने छ र फेरि कहिल्यै तिर्खा लाग्ने छैन ।

(65030)

(75) – عَنْ أَبِي سَعِيدٍ الخُدْرِيِّ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**يُؤْتَى بِالْمَوْتِ كَهَيْئَةِ كَبْشٍ أَمْلَحَ، فَيُنَادِي مُنَادٍ: يَا أَهْلَ الجَنَّةِ، فَيَشْرَئِبُّونَ وَيَنْظُرُونَ، فَيَقُولُ: هَلْ تَعْرِفُونَ هَذَا؟ فَيَقُولُونَ: نَعَمْ، هَذَا المَوْتُ، وَكُلُّهُمْ قَدْ رَآهُ، ثُمَّ يُنَادِي: يَا أَهْلَ النَّارِ، فَيَشْرَئِبُّونَ وَيَنْظُرُونَ، فَيَقُولُ: وهَلْ تَعْرِفُونَ هَذَا؟ فَيَقُولُونَ: نَعَمْ، هَذَا المَوْتُ، وَكُلُّهُمْ قَدْ رَآهُ، فَيُذْبَحُ ثُمَّ يَقُولُ: يَا أَهْلَ الجَنَّةِ خُلُودٌ فَلاَ مَوْتَ، وَيَا أَهْلَ النَّارِ خُلُودٌ فَلاَ مَوْتَ، ثُمَّ قَرَأَ: {وَأَنْذِرْهُمْ يَوْمَ الحَسْرَةِ إِذْ قُضِيَ الأَمْرُ وَهُمْ فِي غَفْلَةٍ} [مريم: 39]، وَهَؤُلاَءِ فِي غَفْلَةٍ أَهْلُ الدُّنْيَا {وَهُمْ لاَ يُؤْمِنُونَ} [مريم: 39]**». [صحيح] - [متفق عليه]

(75) – अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "मृत्युलाई सेतो र कालो भेडा को रूपमा ल्याइनेछ ।" तब एक पुकार्नेले पुकार्नेछ: हे स्वर्गवासीहरू हो! तिनीहरूले आफ्नो घाँटी र टाउको उठाएर हेर्नेछन् । पुकार्नेले भन्नेछ: के तिमीहरूले यस( भेडा)लाई चिन्छौ? तिनीहरूले जवाफ दिनेछन्: हो! यो मृत्यु हो र सबैले यसलाई देखेको हुन्छन् । तब उद्घोषकले पुकार्नेछ: हे नरकवासीहरू! तिनीहरूले आफ्नो घाँटी र टाउको उठाएर हेर्नेछन् । पुकार्नेले भन्नेछ: के तिमीले यसलाई चिन्छौ? तिनीहरूले जवाफ दिनेछन्: हो! यो मृत्यु हो र सबैले यसलाई देखेको हुन्छन् । त्यसपछि यो भेडा (मृत्यु) लाई वध गरिनेछ र उद्घोषकले पुकार्नेछ: हे स्वर्गवासीहरू! तिमीहरु सधैं स्वर्गमा बस, अब मृत्यु आउदैन र हे नरकवासीहरू! तिमीहरू सधैं नरकमै बस, अब मृत्यु आउदैन । त्यसपछि उहाँले यो (कुरआनको) आयत पढ्नुभयो : {तिनीहरूलाई पश्चातापको दिनको चेतावनी दिनुहोस्, जब फैसला भइसकेको हुनेछ र तिनीहरू अचेत अवस्थामा हुनेछन् ।} [सूरह मर्यम : ३९] अर्थात् यिनीहरु लापरवाहीमा छन् { र ईमान स्वीकार्ने छैनन् } । [सूरह मर्यम : ३९] [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : मृत्युलाई न्यायको दिन भाले भेडाको रूपमा ल्याइनेछ, जसको रंग सेतो र कालो हुनेछ । त्यसपछि

पुकारिनेछः हे स्वर्गवासीहरू! तः तिनीहरू आफ्नो घाँटी र टाउको उठाउँनेछन् र हेर्नेछन् । उद्घोषकले तिनीहरूलाई सोध्नेछः के तिमीहरूले यसलाई चिन्छौ? तिनीहरूले भन्नेछन्ः हो, यो मृत्यु हो । सबैले (पहिले नै) त्यसलाई हेरेर चिनि सकेका थिए । त्यसपछि उद्घोषकले पुकार्नेछ : हे नरकवासीहरू हो ! तः तिनीहरू आफ्नो घाँटी र टाउको उठाउँनेछन् र हेर्नेछन् । उद्घोषकले सोध्नेछः के तिमीहरूले यसलाई चिन्छौ ? तिनीहरूले भन्नेछन्ः हो, यो मृत्यु हो । तिनीहरू सबैले (पहिले नै) त्यसलाई हेरेर चिनि सकेका थिए । त्यसपछि यो भेडालाई मारिनेछ र आवाज दिनेले भन्नेछन्– हे स्वर्गवासीहरू हो! अब तिमीहरू सधैंभरि बाँच्नेछौ, मृत्यु आउने छैन । हे नरकवासीहरु हो! अब तिमी सधैंभरि जीवित रहनेछौ र अब मर्ने छैनौ । मुमिन (विश्वासी) हरूले बढी आनन्द लिन सकुन् र काफिर (अविश्वासी) हरूले थप पीडा महसुस गर्न सकुन् भनेर यो घोषणा गरिनेछ । त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यो आयत (श्लोक) पढ्नुभयोः {तिनीहरूलाई पश्चातापको दिनको चेतावनी दिनुहोस्, जब फैसला भइसकेको हुनेछ र तिनीहरूअचेत अवस्थामा हुनेछन् र ईमान स्वीकार्ने छैनन् ।} [सूरह मर्यम : ३९] र न्यायको दिन, स्वर्गवासी र नर्कवासीहरूको बीच फैसला हुनेछ र प्रत्येक व्यक्ति आ-आफ्नो निवासमा जानेछ, जहाँ उनीहरू सधैं रहनेछन् । त्यस दिन, दुष्ट व्यक्तिलाई राम्रो काम नगरेकोमा र लापरवाह व्यक्तिलाई राम्रो काममा सक्रिय रूपमा सहभागी हुन नसकेकोमा सन्ताप एवं पछुतो हुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. परलोकमा मानिसको गन्तव्य अनन्तकालको लागि स्वर्ग वा नर्क हुनेछ ।
2. यसमा न्यायको दिनको त्रासबारे र त्यो दिन पीडा र पश्चात्तापको दिन हुनेछ भन्ने कुराको गम्भीर चेतावनी दिइएको छ ।
3. यस हदीसमा स्वर्गवासीहरू सधैं खुसी हुनेछन् र नर्कवासीहरू सधैं दुःखी हुनेछन् भन्ने कुराको वर्णन छ ।

(65035)

(76) – عن عمر بن الخطاب رضي الله عنه قال: إنه سمع نبي الله صلى الله عليه وسلم يقول: «لَو أَنَّكُمْ تَتَوَكَّلُونَ عَلَى اللهِ حَقَّ تَوَكُّلِهِ، لَرَزَقَكُمْ كَمَا يَرْزُقُ الطَّيْرَ، تَغْدُو خِمَاصًا وَتَرُوحُ بِطَانًا».
[صحيح] - [رواه الترمذي وابن ماجه وأحمد]

(76) – उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "यदि तिमीहरु अल्लाहप्रति त्यसरी भरोसा गर्छौ जसरी भरोसा गर्ने हक छ, उहाँले तिमीहरुलाई चरा जस्तै जीविका दिनुहुनेछ । ती चराहरु बिहान खाली पेट निस्कन्छन् र बेलुका पेट भरेर फर्कन्छन् ।" [सही] - [तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हामीलाई सांसारिक र धार्मिक सबै मामिलाहरूमा लाभ र हानिबाट बच्नको लागि अल्लाहमा भरोसा गर्न प्रेरित गर्दै हुनुहुन्छ । किनकि दिने र रोक्ने, हानि गर्ने र फाइदा दिने अल्लाह मात्र हुनुहुन्छ । हामीले अल्लाहमा इमान्दारीपूर्वक भरोसा राखेर फाइदा पुऱ्याउने र हानिबाट जोगाउने कामहरू गर्नुपर्दछ । जब हामी यसो गर्छौं, अल्लाहले हामीलाई भोकाएका पंक्षीहरू जस्तै जीविकोपार्जन दिनुहुन्छ, जो बिहान भोकै बाहिर निस्कन्छन् र बेलुका पेट भरेर फर्कन्छन् । वास्तवमा, चराहरूको यो कार्य निर्भरता र आलस्य बिना जीविका खोज्ने एक प्रयास हो ।

## हदीसका केही फाइदाहरू:

1. अल्लाहमा भरोसा गर्ने सद्गुण र अल्लाहमा भरोसा गर्नु नै जीविका प्राप्तिको प्रमुख कारण हो ।
2. आफैले उपाय लाउनु र साधन अपनाउनु अल्लाहमाथि भरोसाको विरुद्ध होइन, किनकि

3. जीविकाको खोजीमा बिहान र बेलुका बाहिर निस्कनु अल्लाहमाथिको वास्तविक भरोसाको हो भनेर उहाँले उल्लेख गर्नुभएको छ ।
4. शरीयतले हृदयको मनसायतिर पनि ध्यान केन्द्रित गर्दछ, किनकि अल्लाहमा भरोसा गर्नु हृदयको मनसाय हो ।
5. साधनमा मात्र भर पर्नुको अर्थ व्यक्तिमा धार्मिकताको कमी दर्शाउछ भने अल्लाहमा भरोसा गर्ने नाममा साधनलाई त्याग्नुको अर्थ व्यक्तिमा बुद्धिको कमीलाई झल्काउँछ ।

(4721)

(77) – عَن أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «يُسَلِّمُ الرَّاكِبُ عَلَى المَاشِي، وَالمَاشِي عَلَى القَاعِدِ، وَالقَلِيلُ عَلَى الكَثِيرِ».

وَلِلبُخَارِي: «يُسَلِّمُ الصَّغِيرُ عَلَى الكَبِيرِ، وَالمَارُّ عَلَى القَاعِدِ، وَالقَلِيلُ عَلَى الكَثِيرِ». [صحيح] - [متفق عليه]

(77) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सवारले पैदलयात्रीलाई, पैदलयात्रीले बसेकालाई र सानो जमातले ठूलो जमातलाई सलाम गर्नेछन् ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एकअर्कालाई सलाम (अभिवादन) गर्ने शिष्टाचार सिकाउनुभएको छ : 'अस्सलामु अलैकुम व रहमतुल्लाहि व बरकातुहु' (तपाईंमाथि अल्लाहको दया र आशीर्वाद होस्) सानोले ठूलोलाई, सवारले हिँड्नेलाई, हिँड्नेले बसेकालाई र सानो समूहले ठूलो समूहलाई सलाम गर्नेछ ।

## हदीसका केही फाइदाहरू:

1. हदीसमा उल्लेखित तरिका अनुसार सलाम गर्नु मुस्तहब (राम्रो) हो । तर यदि पैदल यात्रीले सवारलाई सलाम (अभिवादन) गर्छ भने जायज छ।
2. हदीसमा उल्लेखित तरिका अनुसार सलाम फैलाउनु प्रेम र सद्भावको एक कारण हो ।
3. यदि तिनीहरू समान अवस्थामा छन् भने तिनीहरूमध्ये जसले सलाम गर्नमा पहल गर्छ, ऊ उत्कृष्ट हो ।
4. इस्लामको पूर्णता भनेको यसमा मानिसहरूलाई आवश्यक पर्ने सबै कुराहरू समावेश छन् ।
5. सलाम गर्ने शिष्टाचार सिकाउने र प्रत्येक हकवालालाई उसको हक दिने ।

(4243)

(78) – عن أبي ذر رضي الله عنه: عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فِيمَا رَوَى عَنِ اللهِ تَبَارَكَ وَتَعَالَى أَنَّهُ قَالَ: «**يَا عِبَادِي إِنِّي حَرَّمْتُ الظُّلْمَ عَلَى نَفْسِي، وَجَعَلْتُهُ بَيْنَكُمْ مُحَرَّمًا، فَلَا تَظَالَمُوا، يَا عِبَادِي كُلُّكُمْ ضَالٌّ إِلَّا مَنْ هَدَيْتُهُ، فَاسْتَهْدُونِي أَهْدِكُمْ، يَا عِبَادِي كُلُّكُمْ جَائِعٌ إِلَّا مَنْ أَطْعَمْتُهُ، فَاسْتَطْعِمُونِي أُطْعِمْكُمْ، يَا عِبَادِي كُلُّكُمْ عَارٍ إِلَّا مَنْ كَسَوْتُهُ، فَاسْتَكْسُونِي أَكْسُكُمْ، يَا عِبَادِي إِنَّكُمْ تُخْطِئُونَ بِاللَّيْلِ وَالنَّهَارِ وَأَنَا أَغْفِرُ الذُّنُوبَ جَمِيعًا فَاسْتَغْفِرُونِي أَغْفِرْ لَكُمْ، يَا عِبَادِي إِنَّكُمْ لَنْ تَبْلُغُوا ضَرِّي فَتَضُرُّونِي، وَلَنْ تَبْلُغُوا نَفْعِي فَتَنْفَعُونِي، يَا عِبَادِي لَوْ أَنَّ أَوَّلَكُمْ وَآخِرَكُمْ وَإِنْسَكُمْ وَجِنَّكُمْ كَانُوا عَلَى أَتْقَى قَلْبِ رَجُلٍ وَاحِدٍ مِنْكُمْ مَا زَادَ ذَلِكَ فِي مُلْكِي شَيْئًا، يَا عِبَادِي لَوْ أَنَّ أَوَّلَكُمْ وَآخِرَكُمْ وَإِنْسَكُمْ وَجِنَّكُمْ كَانُوا عَلَى أَفْجَرِ قَلْبِ رَجُلٍ وَاحِدٍ مَا نَقَصَ ذَلِكَ مِنْ مُلْكِي شَيْئًا، يَا عِبَادِي لَوْ أَنَّ أَوَّلَكُمْ وَآخِرَكُمْ وَإِنْسَكُمْ وَجِنَّكُمْ قَامُوا فِي صَعِيدٍ وَاحِدٍ فَسَأَلُونِي فَأَعْطَيْتُ كُلَّ إِنْسَانٍ مَسْأَلَتَهُ مَا نَقَصَ ذَلِكَ مِمَّا عِنْدِي إِلَّا كَمَا يَنْقُصُ الْمِخْيَطُ إِذَا أُدْخِلَ الْبَحْرَ، يَا عِبَادِي إِنَّمَا هِيَ أَعْمَالُكُمْ أُحْصِيهَا لَكُمْ ثُمَّ أُوَفِّيكُمْ إِيَّاهَا، فَمَنْ وَجَدَ خَيْرًا فَلْيَحْمَدِ اللهَ، وَمَنْ وَجَدَ غَيْرَ ذَلِكَ فَلَا يَلُومَنَّ إِلَّا نَفْسَهُ**». [صحيح] - [رواه مسلم]

(78) – अबू-जर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले हदीस कुद्सीमा भन्नुभएको छ : अल्लाह भन्नुहुन्छ : "हे मेरा सेवकहरू! मैले आफूमाथि अन्याय र अत्याचार हराम (निषेध) गरेको छु र यसलाई तिमीहरूका लागि पनि हराम गरेको छु, त्यसैले तिमीहरू एकार्कामाथि अन्याय नगर । हे मेरा सेवकहरू! मैले मार्गनिर्देशन गरेका बाहेक तिमीहरू सबैजना पथभ्रष्ट छौ, त्यसैले मसँग मार्गदर्शन माग, म तिमीहरूलाई सीधा बाटो देखाउनेछु । हे मेरा सेवकहरू! मैले खुवाउनेहरू बाहेक तिमीहरू सबैजना भोका छौ, त्यसैले मसँग जीविका माग, म तिमीहरूलाई जीविका दिनेछु । हे मेरा सेवकहरू! जसलाई मैले लुगा प्रदान गरेको छु त्यो बाहेक तिमीहरू सबैजना नाङ्गै छौ, त्यसैले मसँग लुगा माग, म तिमीहरूलाई लुगा दिनेछु । हे मेरा सेवकहरू! तिमी दिनरात गल्ती गर्छौ र म तिमीहरूका सबै पापहरू माफ गर्छु, त्यसैले मसँग माफी माग, म तिमीहरूलाई क्षमा गर्नेछु । हे मेरा सेवकहरू! तिमीहरू सबैजना नत मलाई हानि पुर्याउन सक्छै नत फाइदा नै । यदि तिमीहरू मध्ये पहिलो र अन्तिम व्यक्ति, सम्पूर्ण मानव र जिन्नहरू सबै भन्दा आज्ञाकारी व्यक्ति झैं भए पनि तिनीहरूको धार्मिकताले मेरो राज्यमा अलिकति पनि थपिने छैन । हे मेरा सेवकहरू! यदि तिमीहरू मध्ये पहिलो र अन्तिम व्यक्ति, सम्पूर्ण मानव र जिन्नहरू सबै भन्दा पापी व्यक्तिको झैं भए पनि यसले मेरो राज्यलाई कम गर्दैन । हे मेरा सेवकहरू, यदि तिमीहरूमध्ये पहिलो र अन्तिम व्यक्ति, तिमीहरूमध्येका मानव र जिन्न एकै ठाउँमा उभिएर मसँग माग्ने हो र मैले हरेक मानिसलाई उसले मागेको कुरा दिनेछु, त्यसो गर्दा समुद्रमा सियो हालेपछि केही कम हुँदैन त्यसरी मेरो सम्पत्तिबाट केही घट्ने छैन । हे मेरा सेवकहरू! यो तिम्रा कर्महरू हुन् जसलाई म गणना गर्छु र त्यसको प्रतिफल दिन्छु । तसर्थ, जसले राम्रो पाउँछ, उसले अल्लाहको प्रशंसा गरोस् र जसले अरू केही पायो, उसले आफूलाई मात्र दोष दिओस् ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले बयान गरेका छन्, अल्लाहले भन्नुभएको छ, उहाँले आफ्नो लागि उत्पीडन निषेध गर्नुभएको छ र आफ्नो सृष्टिहरूका लागि पनि निषेध गर्नुभएको छ, त्यसैले कसैले कसैलाई दमन गर्नु हुँदैन । अल्लाहले सत्यको मार्ग देखाउने बाहेक सबै मानव जाति सत्यको मार्गबाट विचलित भएको बताउनु भएको छ । जसले अल्लाहसँग सत्यको मार्गमा हिँड्ने बिन्ती गर्छ, अल्लाहले उसलाई यो अवसर प्रदान गर्नुहुन्छ । सबै मानवहरू आफ्ना सबै आवश्यकताहरूका लागि अल्लाहमा निर्भर छन् र जसले अल्लाहसँग प्रार्थना गर्दछ, उहाँले उसको आवश्यकता पूरा गर्नुहुन्छ र उसको लागि पर्याप्त हुनुहुन्छ । सबै मानिसहरू दिनरात पापहरू गर्छन् र अल्लाहले तिनीहरूका पापलाई ढाक्नुहुन्छ र तिनीहरूले माफी माग्दा क्षमा दिनुहुन्छ । मानिसले अल्लाहलाई नत हानि गर्न सक्छ नत फाइदा नै । सबै मानिसहरू सबैभन्दा आज्ञाकारी व्यक्ति झैं भए पनि तिनीहरूको धार्मिकताले अल्लाहको राज्यमा केही थपिने छैन । यसको विपरित, यदि सबै मनुष्यहरू सबैभन्दा पापी व्यक्ति जस्तै बन्छन् भने, तिनीहरूको यो पापमा संलग्नताले अल्लाहको राज्यमा कुनै कमी हुनेछैन । किनभने मानिस कमजोर र हरेक परिस्थिति, हरेक समय र हरेक ठाउँमा अल्लाहमा आश्रित हुन्छ, जबकि अल्लाह पवित्र, निर्दोष र नि:स्वार्थ हुनुहुन्छ । यदि पहिले र पछिका सबै मानव र सबै जिनहरू एक ठाउँमा जम्मा भएर अल्लाहसँग आफ्नो इच्छा माग्छन् र अल्लाहले सबैको झोला भरिदिन्छ भने अल्लाहको खजानामा कुनै कमी आउने छैन । जसरी समुन्द्रमा सुई हालेर बाहिर निकाल्दा समुन्द्रको पानी घट्दैन । किनभने उहाँ सम्पन्न हुनुहुन्छ ।

अल्लाहले आफ्ना सेवकहरूको कर्महरू सुरक्षित राख्नुहुन्छ, तिनीहरूको लागि गणना गर्नुहुन्छ र न्यायको दिनमा तिनीहरूको कर्मको प्रतिफल दिनुहुनेछ । यस्तो अवस्थामा, जसले आफ्नो कर्मको राम्रो प्रतिफल पाउँछ, उसले अल्लाहलाई राम्रो काम गर्ने अवसर दिनुभएकोमा धन्यवाद दिनुपर्छ र जसले आफ्नो कर्मको प्रतिफल भिन्न पाउँछ, उसले आफूलाई मात्र श्राप दिनुपर्दछ । जसले उसलाई बर्बाद पार्यो ।

## हदीसका केही फाइदाहरू:

1. यो हदीसलाई अल्लाहका पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो पालनकर्बाताट वर्णन गर्नुभएको छ, जसलाई 'हदीस कुदसी' वा 'हदीस-ए-इलाही' भनिन्छ । अर्थात यसको शब्द र अर्थ दुबै अल्लाहको हो । तर, यसमा कुरआनका विशेषताहरू पाइँदैन, जस्तै: यसको पठनको लागि तहारत (शुद्धि) प्राप्त गर्नु आदि ।
2. मानिसले जे पनि ज्ञान र मार्गदर्शन प्राप्त गर्दछ, त्यो अल्लाहको कृपाले प्राप्त हुन्छ।
3. मानिसले पाउने भलाई त्यो अल्लाहको कृपाले हो र उसले पाउने बुराई त्यो उसको आत्मा र इच्छाले हो ।
4. जसले राम्रो काम गर्यो, उसले अल्लाहको सहायताले गरेको हो र उसको इनाम वास्तवमा अल्लाहको कृपा र अनुग्रह हो, त्यसैले सबै प्रशंसा अल्लाहको लागि हो । जसले नराम्रो काम गरेको छ, उसले आफूलाई मात्र श्राप्छ ।

(4810)

(79) – عَنْ جَابِرِ بْنِ عَبْدِ اللهِ رضي الله عنهما أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «اتَّقُوا الظُّلْمَ، فَإِنَّ الظُّلْمَ ظُلُمَاتٌ يَوْمَ الْقِيَامَةِ، وَاتَّقُوا الشُّحَّ، فَإِنَّ الشُّحَّ أَهْلَكَ مَنْ كَانَ قَبْلَكُمْ، حَمَلَهُمْ عَلَى أَنْ سَفَكُوا دِمَاءَهُمْ وَاسْتَحَلُّوا مَحَارِمَهُمْ». [صحيح] - [رواه مسلم]

(79) – जाबिर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "अन्यायबाट सावधान रहनु, किनकि न्यायको दिनमा अन्याय अन्धकारको रूपमा देखा पर्नेछ । कन्जुस्याइँ र लोभबाट सावधान रहनु, किनकि कन्जुस्याइँले तपाईंभन्दा पहिलेका मानिसहरूलाई नष्ट गरेको थियो। यसैले उनीहरूलाई एक अर्काको रगत बगाउन र अवैध महिलाहरूलाई हलाल बनाउन उक्साएको थियो ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले अन्याय विरुद्ध चेतावनी दिनुभएको छ, जस्तैः एकार्कामाथि अन्याय, आफूमाथि अन्याय र अल्लाहको अधिकारमा अन्याय आदि ।" हकदारलाई उसको हक नदिनु नै अन्याय हो । न्यायको दिनमा दमन गर्नेहरू कष्ट र कठिन परिस्थितिमा हुनेछन् । उहाँले अत्याधिक कन्जुस्याइँ र लोभ गर्न मनाही गर्नुभएको छ, जसलाई अरबिकमा 'शुह' भनिन्छ । यसमा आर्थिक अधिकार तिर्नमा कमीका साथ संसारको चरम लोभ पनि समावेश छ । यस प्रकारको अन्यायले हामीभन्दा अघिका राष्ट्रहरूलाई नष्ट गर्‍यो, किनकि यसले उनीहरूलाई एकअर्काको ज्यान लिन र अल्लाहले निषेध

गर्नुभएको कुरालाई वैध बनाउन उत्प्रेरित गर्‍यो ।

## हदीसका केही फाइदाहरू:

1. "धनको खर्च र भाइभाइको सहारा दिने कुरा प्रेम र सम्बन्धलाई प्रोत्साहित गर्ने कारण हो।"
2. कन्जुस्याइँ र लोभले पाप र अनैतिकतातिर डोर्‍याउँछ ।

3. पहिलेका राष्ट्रहरूको अवस्थाबाट पाठ सिक्नुपर्छ ।

(5787)

(80) – عن أبي موسى رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «إِنَّ اللهَ لَيُمْلِي لِلظَّالِمِ، حَتَّى إِذَا أَخَذَهُ لَمْ يُفْلِتْهُ» قَالَ: ثُمَّ قَرَأَ: «{وَكَذَلِكَ أَخْذُ رَبِّكَ إِذَا أَخَذَ الْقُرَى وَهِيَ ظَالِمَةٌ إِنَّ أَخْذَهُ أَلِيمٌ شَدِيدٌ}[هود: 102]» [صحيح] - [متفق عليه]

(80) – अबू-मूसा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "निस्सन्देह अल्लाहले अत्याचारीलाई स्वतन्त्रता दिनुहुन्छ, तर जब समात्नुहुन्छ तब छोड्नु हुन्न । त्यसपछि उहाँले यो आयत पढ्नुभयो : {"तिम्रा पालनकर्ताको पकड यस्तै हुनेछ जब उनी अवज्ञामा लिप्त नगरहरूलाई समात्नेछन् वास्तवमा - उनको पकड कष्टकर र शसक्त हुने गर्छ।} [सूरह हूद: 102] [सही] - [मुत्तफकुन अलैहि]

**व्याख्या:**

नबी (सल्लल्लाहु अलैहि व सल्लम) गुनाह, शिर्क (बहुईश्वरवाद), र मानिसहरूको अधिकार हनन् गरेर गलत काम विरुद्ध चेतावनी दिँदै हुनुहुन्छ । किनकि गल्ती गर्नेलाई तुरुन्तै सजाय दिनुको सट्टा अल्लाहले उसलाई ढिलो र राहत दिनुहुन्छ, उसको जीवन र धनमा वृद्धि

गर्नुहुन्छ । तर यस्तो अवस्थामा उसले पश्चात्ताप गरेन भने उसको क्रूरता बढ्दै जान्छ अनि उसलाई समात्नुहुन्छ र छोड्नु हुन्न ।

त्यसपछि उहाँले यो श्लोक पढ्नुभयो : {तिम्रा पालनकर्ताको पकड यस्तै हुनेछ जब उनी अवज्ञामा लिप्त नगरहरूलाई समात्नेछन् वास्तवमा - उनको पकड कष्टकर र शसक्त हुने गर्छ -

।} [सूरह हूद: 102]

## हदीसका केही फाइदाहरू:

1. बुद्धिमान् व्यक्तिले तुरुन्तै पश्चात्ताप गर्नुपर्छ र यदि ऊ अन्यायमा लागिरहन्छ भने ऊ अल्लाहको छल (सजाय) बाट सुरक्षित हुँदैन ।
2. गल्ती गर्नेहरूलाई सजाय दिनुको सट्टा, अल्लाहले उनीहरूलाई पश्चात्ताप गर्नको लागि मौका दिनुहुन्छ र यदि उनीहरूले पश्चात्ताप गरेनन् भने उनीहरूको सजाय बढाइन्छ ।
3. अत्याचार उम्मतहरूका लागि अल्लाहको सजायका कारणहरू मध्ये एक हो।
4. जब अल्लाहले कुनै सहरलाई नष्ट गर्नुहुन्छ, त्यहाँ केही धर्मी मानिसहरू हुन सक्छन् । यस्ता धर्मी मानिसहरू कयामतको दिन आफुले गरेको राम्रो कर्महरू सहित उठाइनेछन् र उनीहरूलाई अरू सबैसँग यातना सहनु परेको तथ्यबाट कुनै हानि हुनेछैन ।

(5811)

(81) – عن ابن عباس رضي الله عنهما عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فِيمَا يَرْوِي عَنْ رَبِّهِ عَزَّ وَجَلَّ قَالَ: قَالَ: «إِنَّ اللهَ كَتَبَ الْحَسَنَاتِ وَالسَّيِّئَاتِ، ثُمَّ بَيَّنَ ذَلِكَ، فَمَنْ هَمَّ بِحَسَنَةٍ فَلَمْ يَعْمَلْهَا كَتَبَهَا اللهُ لَهُ عِنْدَهُ حَسَنَةً كَامِلَةً، فَإِنْ هُوَ هَمَّ بِهَا فَعَمِلَهَا كَتَبَهَا اللهُ لَهُ عِنْدَهُ عَشْرَ حَسَنَاتٍ إِلَى سَبْعِمِائَةِ ضِعْفٍ، إِلَى أَضْعَافٍ كَثِيرَةٍ، وَمَنْ هَمَّ بِسَيِّئَةٍ فَلَمْ يَعْمَلْهَا كَتَبَهَا اللهُ لَهُ عِنْدَهُ حَسَنَةً كَامِلَةً، فَإِنْ هُوَ هَمَّ بِهَا فَعَمِلَهَا كَتَبَهَا اللهُ لَهُ سَيِّئَةً وَاحِدَةً». [صحيح] - [متفق عليه]

(81) – अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट अनि उहाँ अल्लाहबाट वर्णन गर्दै हुनुहुन्छ : " साँच्चै, अल्लाहले पुण्य कर्महरू र पापहरू लेखिदिनुभएको छ ।" त्यसपछि उहाँले भन्नु भयो: जसले कुनै पुण्य कर्म गर्न चाहन्छ र त्यो गर्न असमर्थ हुन्छ, अल्लाहले उसको खातामा एक पूर्ण नेकी लेखिदिनुहुन्छ । यदि कसैले मनसाय अनुसार राम्रो काम गर्यो भने उसको लागि दशदेखि सात सय गुणासम्म वा अझ बढी नेकी लेखिदिनुहुन्छ । अर्कोतर्फ, जसले कुनै नराम्रो काम गर्न चाहन्छ, तर उसले गरेन भने अल्लाहले त्यसको स्थानमा एक नेकी लेखिदिनुहुन्छ र यदि मनसाय अनुसार गर्यो भने, अल्लाहले त्यसको सट्टामा एउटा मात्र पाप लेख्नुहुन्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) स्पष्ट पार्दै हुनुहुन्छ, अल्लाहले पुण्य कर्महरू र दुष्ट कर्महरू निर्धारण गर्नुभएको छ र त्यसपछि ती कसरी लेख्ने भनेर दुवै फरिश्ता (स्वर्गदूत) हरूलाई निर्देशन दिनुभएको छ :

जसले पुण्य कर्म गर्ने मनसाय र संकल्प गर्यो, तर गर्न सकेन भने पनि उसको लागि एक नेकी (पुण्य) लेखिन्छ । यदि उसले मनसाय अनुसार राम्रो काम गर्यो भने उसको लागि दशदेखि सात सय गुणासम्म वा अझ बढी हृदयमा रहेको इमान्दारिता र यस कार्यबाट अरूलाई हुने लाभको आधारमा नेकी (पुण्य) लेखिन्छ ।

जसले दुष्ट कर्म गर्ने दृढतापूर्वक मनसाय राख्यो तर अल्लाहको लागि छोड्यो, उसको लागि एक नेकी (पुण्य) लेखिन्छ । तर यदि उसले चासोको अभावमा छोडियो वा यसको स्रोतसाधनलाई बेवास्ता गर्यो भने केही लेखिने छैन । तर क्षमताको कमीले गर्दा छोड्छ भने उसको मनसाय विरुद्ध लेखिन्छ र यदि उसले गर्छ भने, उसको खातामा एक पाप लेखिन्छ ।

## हदीसका केही फाइदाहरू:

1. यस उम्मत (समुदाय) प्रति अल्लाहको ठूलो आशीर्वाद, उहाँले पुण्य कर्म र दुष्ट कर्मको प्रचुर मात्रामा इनाम दिनुहुन्छ र यसलाई आफ्नो अभिलेखमा रेकर्ड गर्नुहुन्छ । तर नराम्रो कर्मको बदला बढाएर लेख्नुहुन्न ।
2. कर्महरूमा नियतको महत्त्व र त्यसको प्रभाव ।
3. यो अल्लाहको कृपा र अनुग्रह हो, जसले राम्रो कर्म गर्ने संकल्प गर्यो, तर गर्न सकेन तैपनि उसको लागि एक नेकी (पुण्य) लेखिन्छ ।

(4322)

(82) – عَنِ ابْنِ مَسْعُودٍ رَضِيَ اللَّهُ عَنْهُ، قَالَ: قَالَ رَجُلٌ: يَا رَسُولَ اللهِ، أَنُؤَاخَذُ بِمَا عَمِلْنَا فِي الْجَاهِلِيَّةِ؟ قَالَ: «مَنْ أَحْسَنَ فِي الْإِسْلَامِ لَمْ يُؤَاخَذْ بِمَا عَمِلَ فِي الْجَاهِلِيَّةِ، وَمَنْ أَسَاءَ فِي الْإِسْلَامِ أُخِذَ بِالْأَوَّلِ وَالْآخِرِ». [صحيح] - [متفق عليه]

(82) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, एकजना मानिसले सोधे: हे अल्लाहका रसूल! के हामीले जाहिलिया (इस्लाम पूर्व) को समयमा गरेका पाप-कर्महरूप्रति जवाफदेह हुनेछौं? उहाँले भन्नुभयो: " जसले इस्लाम स्विकारे पछि राम्रो काम गर्यो, उ जाहिलियाको समयमा गरेका कामहरूप्रति जवाफदेह हुने छैन र जसले इस्लाम स्विकारे पछि खराब कर्म गर्यो, उसलाई अघिल्ला र पछिल्ला सबै कुकर्मको सजाय दिइनेछ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

यस हदीसमा सन्देशवाहक (उहाँ माथि अल्लाहको कृपा र शान्ति होस्) ले इस्लाम स्वीकार गर्नुको महत्त्वलाई स्पष्ट गर्दै हुनुहुन्छ । जसले इस्लामलाई स्वीकार गर्यो र एक असल, इमानदार र सत्यवादी मुसलमान भयो भने; उ जाहिलियाको समयमा गरेका पापहरूप्रति जवाफदेह हुनेछैन। जो व्यक्तिले इस्लाम स्वीकार गरिसकेपछि पनि मुनाफिक (आडम्बरी,कपटी ) वा मुर्तद (धर्मत्यागी) भएर इस्लाममा गलत काम गर्दछ; उ कुफ्र (इस्लाम पूर्व) र पछिको अवस्थामा गरेका सबै कर्महरूप्रति जवाफदेह हुनेछ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसले जाहिलियाको युगमा गरेका कर्महरूप्रति सहाबा (रसूलका साथीहरू) पनि चिन्तित र भयभीत थिए भन्ने कुरा प्रष्ट पार्छ।
2. यस हदीसले इस्लाममा अडिग र दृढ रहन प्रोत्साहन दिन्छ।
3. यस हदीसबाट इस्लाममा प्रवेश गर्नुको महत्व बारे र यसले अघिल्लो सबै पापहरू क्षमा हुन्छन् भनि थाहा हुन्छ।

4. मुनाफिक (पाखण्डी) र मुर्तद (धर्मत्यागी) हरू इस्लाम स्वीकार गर्नु अघि जाहिलियाको कर्म र पछि गरेका सबै पाप-कर्महरूप्रति जवाफदेह हुनेछन्।

(65002)

(83) – عَنِ ابْنِ عَبَّاسٍ رَضِيَ اللهُ عَنْهُمَا: أَنَّ نَاسًا مِنْ أَهْلِ الشِّرْكِ، كَانُوا قَدْ قَتَلُوا وَأَكْثَرُوا، وَزَنَوْا وَأَكْثَرُوا، فَأَتَوْا مُحَمَّدًا صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فَقَالُوا: إِنَّ الَّذِي تَقُولُ وَتَدْعُو إِلَيْهِ لَحَسَنٌ، لَوْ تُخْبِرُنَا أَنَّ لِمَا عَمِلْنَا كَفَّارَةً، فَنَزَلَ {وَالَّذِينَ لا يَدْعُونَ مَعَ اللهِ إِلَهًا آخَرَ وَلا يَقْتُلُونَ النَّفْسَ الَّتِي حَرَّمَ اللهُ إِلا بِالْحَقِّ وَلا يَزْنُونَ}[الفرقان: 68]، وَنَزَلَت: {قُلْ يَا عِبَادِيَ الَّذِينَ أَسْرَفُوا عَلَى أَنْفُسِهِمْ لا تَقْنَطُوا مِنْ رَحْمَةِ اللهِ} [الزمر: 53]. [صحيح] - [متفق عليه]

(83) – अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, धेरै हत्या र धेरै व्यभिचार गरेका केही मूर्तिपूजकहरू रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सामु आए र भने: तपाईंले इस्लाम र यसका शिक्षाहरूको सन्दर्भमा जुन कुराको लागि बोलाउदै हुनुहुन्छ त्यो राम्रो कुरा हो, तर अहिलेसम्म शिर्क र अन्य ठूला पापहरूमा संलग्न भएको व्यक्तिका लागि कुनै प्रायश्चित छ ? । त्यसपछि अल्लाहले यी उत्कृष्ट आयतहरू अवतरण गर्नुभयो: "र, जसले अल्लाहका साथ अन्य कसैलाई उपास्य भन्दैनन' अल्लाहले वर्जित गरेका कुनै जीवको अनाहक हत्या गर्दनन, न व्यभिचार गर्छन्।" [अल्-फुर्कान : ६८] "(हे पैगम्बर!) मेरा सेवकहरू मध्ये जसले आफूमाथि अन्याय गरेका छन् तिनीहरूलाई भन, अल्लाहको दयाबाट निराश नहोऊ ।" [अज्जुमर: ५३] [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्याः

धेरै हत्या र धेरै व्यभिचार गरेका केही मूर्तिपूजकहरू रसूल (सल्लल्लाहु अलैहि वसल्लम) समक्ष आए र भने : तपाईंले इस्लाम र यसका शिक्षाहरूको

सन्दर्भमा जुन कुराको लागि बोलाउदै हुनुहुन्छ त्यो राम्रो कुरा हो, तर अहिलेसम्म शिर्क र अन्य ठूला पापहरूमा संलग्न भएको व्यक्तिका लागि कुनै प्रायश्चित छ ?

व्यक्तिले जतिसुकै र जति ठूला पाप गरे पनि यदि उसले सच्चा हृदयले पश्चात्ताप गर्छ भने अल्लाहले उसको पश्चात्ताप अवश्य स्वीकार गर्नुहुनेछ भनेर दुई आयतहरू अवतरण गरियो । यदि यसो नभएको भए मानिसहरूले अविश्वास र अवज्ञाको मार्गलाई निरन्तरता दिने थिए र इस्लामलाई स्वीकार गर्ने थिएनन् ।

## हदीसका केही फाइदाहरू:

1. इस्लामको सद्गुण र महानता; किनभने इस्लामले विगतका सबै पापहरू मेटाउँछ ।
2. अल्लाहको आफ्ना सेवकप्रति अपार कृपा, व्यापक दया र क्षमा ।
3. शिर्क, अनाहक हत्या र व्यभिचार निषेध गरिएको छ र यी अपराधहरूमा संलग्न हुनेहरूका लागि धेरै कडा चेतावनी छ ।
4. साँचो र निष्कपट पश्चात्ताप र त्यसपछि पुण्य कर्महरूले अल्लाहप्रति कुफ्र (अविश्वास) सहित सबै पापहरू मेटाउँछ ।
5. अल्लाहको दया र कृपाबाट निराश हुनु हराम हो ।

(65071)

(84) – عَنْ حَكِيمِ بْنِ حِزَامٍ رَضِيَ اللَّهُ عَنْهُ، قَالَ: قُلْتُ: يَا رَسُولَ اللَّهِ، أَرَأَيْتَ أَشْيَاءَ كُنْتُ أَتَحَنَّثُ بِهَا فِي الجَاهِلِيَّةِ مِنْ صَدَقَةٍ أَوْ عَتَاقَةٍ، وَصِلَةِ رَحِمٍ، فَهَلْ فِيهَا مِنْ أَجْرٍ؟ فَقَالَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**أَسْلَمْتَ عَلَى مَا سَلَفَ مِنْ خَيْرٍ**». [صحيح] - [متفق عليه]

(84) – हकीम बिन हिजाम (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, उहाँ भन्नु हुन्छः मैले भने: हे अल्लाहको रसूल ! म जाहिलिया (इस्लाम पूर्व) को समयमा परोपकार गर्थे, दासहरूलाई मुक्त गर्थे तथा पारिवारिक सम्बन्ध कायम राख्थे, के मलाई ती सत्कर्महरूको कुनै प्रतिफल प्राप्त हुनेछ ? रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: " "तिमीले गरेका ती राम्रो कर्महरूको कारणले नै तिमीले इस्लाम स्वीकार गरेको छौ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले स्पष्ट गर्नुभएको छ कि यदि काफिरले इस्लाम स्वीकार गर्दछ भने, उसलाई इस्लाम स्वीकार गर्नु अघि जाहिलियतको समयमा गरेको दान, दासलाई स्वतन्त्र गराउने, र नातागोतालाई जोड्ने जस्ता सुकर्महरूको प्रतिफल दिइन्छ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीस ले प्रस्ट पार्छ कि यस लोकमा राम्रो कर्म गर्ने काफिर यदि कुफ्र (अविश्वास) को अवस्थामा मर्यो भने उसले परलोकमा ती असल कर्महरूको कुनै प्रतिफल पाउने छैन ।

(65016)

(85) – عَنْ أَنَسِ بْنِ مَالِكٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «إِنَّ اللهَ لَا يَظْلِمُ مُؤْمِنًا حَسَنَةً، يُعْطَى بِهَا فِي الدُّنْيَا وَيُجْزَى بِهَا فِي الْآخِرَةِ، وَأَمَّا الْكَافِرُ فَيُطْعَمُ بِحَسَنَاتِ مَا عَمِلَ بِهَا لِلَّهِ فِي الدُّنْيَا، حَتَّى إِذَا أَفْضَى إِلَى الْآخِرَةِ، لَمْ تَكُنْ لَهُ حَسَنَةٌ يُجْزَى بِهَا». [صحيح] - [رواه مسلم]

(85) – अनस बिन् मालिक(रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "वास्तवमा, अल्लाहले आस्थावानमाथि एक पुण्यको मामिलामा पनि अन्याय गर्नुहुन्न। उसलाई यस संसारमा पुण्य को प्रतिफल दिइन्छ र परलोकमा पनि राम्रो प्रतिफल दिइनेछ।" तर काफिरले गरेको सत्कर्मको प्रतिफल यस संसारमा नै दिइन्छ, परलोकमा उसलाई कुनै प्रतिफल दिइने छैन। [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

यस हदीसमा, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आस्थावानहरूप्रति अल्लाहको महान कृपा र दया तथा काफिरहरूप्रति उहाँको न्याय र इन्साफ बारे वर्णन गर्नुभएको छ। र जहाँसम्म आस्थावानको कुरा छ, उसले गरेको राम्रो कर्मको प्रतिफल कहिले पनि बर्बाद हुँदैन, बरु उसलाई यस संसारमा राम्रो बदला दिइनेछ र साथसाथै उसलाई प्रदान गर्ने लागि परलोकमा ठूलो पुरस्कार सुरक्षित राखिन्छ र कुनै कुनै अवस्थामा, सारा प्रतिफल परलोकमा प्रदान गर्ने लागि नै राखिदिइन्छ। र जहाँसम्म काफिरको कुरा छ, अल्लाहले उसलाई उसको असल कर्मको बदलामा यस लोकमा राम्रो चीजहरू दिनुहुन्छ र जब ऊ परलोकमा पुग्नेछ, तब उसको लागि कुनै प्रतिफल हुनेछैन। किनकि असल कर्मबाट लाभान्वित हुनका लागि मुअ्मिन (आस्थावान) हुनु शर्त छ।

## हदीसका केही फाइदाहरू:

1. कुफ्र (इस्लाम धर्म नकार्ने अवस्था) को अवस्थामा मर्ने मानिसलाई (परलोकमा) कुनै पनि सत्कर्मले लाभ हूने छैन।

(65015)

(86) – عَنْ أَنَسِ بْنِ مَالِكٍ رضي الله عنه قَالَ: سَمِعْتُ رَسُولَ اللهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «قَالَ اللَّهُ تَبَارَكَ وَتَعَالَى: يَا ابْنَ آدَمَ إِنَّكَ مَا دَعَوْتَنِي وَرَجَوْتَنِي غَفَرْتُ لَكَ عَلَى مَا كَانَ فِيكَ وَلاَ أُبَالِي، يَا ابْنَ آدَمَ لَوْ بَلَغَتْ ذُنُوبُكَ عَنَانَ السَّمَاءِ ثُمَّ اسْتَغْفَرْتَنِي غَفَرْتُ لَكَ، وَلاَ أُبَالِي، يَا ابْنَ آدَمَ إِنَّكَ لَوْ أَتَيْتَنِي بِقُرَابِ الأَرْضِ خَطَايَا ثُمَّ لَقِيتَنِي لاَ تُشْرِكُ بِي شَيْئًا لأَتَيْتُكَ بِقُرَابِهَا مَغْفِرَةً». [حسن] - [ رواه الترمذي]

(86) – अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो: "अल्लाहले भन्नुभयो: हे आदमको सन्तान! जबसम्म तिमी मलाई पुकारिरहन्छौ र आशा राख्छौ, तिम्रा पापहरू जतिसुकै भए पनि म क्षमा गरिरहनेछु र मलाई त्यसको परवाह छैन । हे आदमको सन्तान! यदि तिम्रो पाप आकाश जत्तिकै अग्लो भए पनि र तिमीले मसँग माफी माग्यौ भने म तिमीलाई माफी दिनेछु र मलाई त्यसको परवाह छैन । हे आदमको सन्तान! यदि तिमी मकहाँ पृथ्वी बराबर पाप लिएर आयौ र तिमीले मसँग कसैलाई शिर्क (बहुईश्वरवाद) गरेका छैनौ भने म तिमीकहाँ पृथ्वी बराबरको क्षमा लिएर आउनेछु ।" [हसन] - [तिर्मीजीले वर्णन गरेका छन्]

**व्याख्या:**

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, अल्लाहले हदीस कुद्सीमा भन्नुभएको छ: हे आदमको सन्तान, जबसम्म तिमी मलाई पुकारिरहन्छौ, मेरो कृपाको आशा गर्छौ र निराश हुँदैनौ भने; म तिम्रो पापलाई ढाकेर राख्ने छु र माफी दिनेछु र मलाई त्यसको परवाह छैन, यद्यपि ठूलो पाप भए पनि । हे आदमको सन्तान: तिम्रा पापहरू जतिसुकै भए पनि, आकाश र पृथ्वीबीचको ठाउँ र कुनाकाप्चालाई भरिदिए पनि, यदि तिमी मसँग क्षमा माग्छौ भने; म तिम्रा सबै पापहरूलाई पखालेर माफी दिनेछु र मलाई त्यसको परवाह छैन ।

हे आदमको सन्तान: यदि तिमी मरेपछि मकहाँ पृथ्वी बराबर पाप र अनाज्ञाकारिता लिएर आयौ र तिम्रो मृत्यु तौहीदको अवस्थामा भएको थियो र

मसँग कसैलाई शिर्क (साझेदार) गरेका छैनौ भने म तिमीकहाँ पृथ्वी बराबर क्षमा लिएर आउनेछु; किनकि म क्षमाले भरिएको छु र म शिर्क (बहुदेववाद) बाहेक सबै पापहरू क्षमा गर्छु ।

## हदीसका केही फाइदाहरू:

1. अल्लाहको अपार कृपा, क्षमा र अनुग्रह ।
2. तौहीद (एकेश्वरवाद) को सद्‌गुण र एकेश्वरवादीहरूबाट केही पाप भएको छ भने अल्लाहले क्षमा गर्नुहुन्छ ।
3. शिर्क (बहुदेववाद) को खतरा र अल्लाहले बहुदेववादीहरूलाई माफ गर्नुहुन्न ।
4. इब्न रजबले भने: पाप पखाल्ने तीनवटा कारणहरू यस हदीसमा उल्लेख गरिएका छन्: पहिलो: आशाका साथ दुआ गर्नु, दोस्रो: क्षमा माग्नु र पश्चात्ताप गर्नु, तेस्रो: एकेश्वरवादको अवस्थामा मृत्यु हुनु ।
5. यो हदीसलाई रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो पालनकर्बाताट वर्णन गर्नुभएको छ, जसलाई 'हदीस कुदसी' वा 'हदीस-ए-इलाही' भनिन्छ । यसको शब्द र अर्थ दुबै अल्लाहको हो । तर, कुरआनका विशेषताहरू यसमा पाइँदैन, जस्तै: यसको तिलावत गर्नु, यसको लागि तहरात प्राप्त गर्नु, उपासना र चमत्कार आदि ।
6. पाप तीन प्रकारका हुन्छन्: पहिलो: अल्लाहसँग शिर्क गर्नु; अल्लाहले शिर्कलाई कदापी माफ गर्नुहुन्न । अल्लाहले भन्नुभएको छ : {वास्तवमा, जसले अल्लाहसँग शिर्क (साझेदार) गर्दछ, अल्लाहले उसको लागि स्वर्ग निषेध गर्नुभएको छ । दोस्रो: सामान्य पापहरू जुन दासले आफ्नो पालनकर्ताको अवज्ञा गर्छ; अल्लाहले चाहनुभयो भने क्षमा गर्नुहुन्छ । तेस्रो: एकले अर्कामाथि अन्याय गर्नु, यसमा अल्लाहले केही गर्नुहुन्न, त्यसैले किसास (ज्यानको बदला ज्यान) (वा माफी) आवश्यक छ ।

(5456)

(87) – عن أبي هريرة رضي الله عنه عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، فِيمَا يَحْكِي عَنْ رَبِّهِ عَزَّ وَجَلَّ، قَالَ: «أَذْنَبَ عَبْدٌ ذَنْبًا، فَقَالَ: اللَّهُمَّ اغْفِرْ لِي ذَنْبِي، فَقَالَ تَبَارَكَ وَتَعَالَى: أَذْنَبَ عَبْدِي ذَنْبًا، فَعَلِمَ أَنَّ لَهُ رَبًّا يَغْفِرُ الذَّنْبَ، وَيَأْخُذُ بِالذَّنْبِ، ثُمَّ عَادَ فَأَذْنَبَ، فَقَالَ: أَيْ رَبِّ اغْفِرْ لِي ذَنْبِي، فَقَالَ تَبَارَكَ وَتَعَالَى: عَبْدِي أَذْنَبَ ذَنْبًا، فَعَلِمَ أَنَّ لَهُ رَبًّا يَغْفِرُ الذَّنْبَ، وَيَأْخُذُ بِالذَّنْبِ، ثُمَّ عَادَ فَأَذْنَبَ، فَقَالَ: أَيْ رَبِّ اغْفِرْ لِي ذَنْبِي، فَقَالَ تَبَارَكَ وَتَعَالَى: أَذْنَبَ عَبْدِي ذَنْبًا، فَعَلِمَ أَنَّ لَهُ رَبًّا يَغْفِرُ الذَّنْبَ، وَيَأْخُذُ بِالذَّنْبِ، اعْمَلْ مَا شِئْتَ فَقَدْ غَفَرْتُ لَكَ». [صحيح] - [متفق عليه]

(87) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले हदीस कुद्सीमा भन्नुभएको छ : अल्लाह भन्नुहुन्छ : "एक सेवकले पाप गर्यो र भन्यो: हे अल्लाह! मेरो पापलाई क्षमा गर्नुहोस्, तब अल्लाहले भन्नुभयो: मेरो दासले पाप गर्यो र त्यसपछि उसले महसुस गर्यो, उसको एक पालनकर्ता छ, जसले उसको पापलाई क्षमा गर्नुहुन्छ र सजाय पनि दिनुहुन्छ । त्यसपछि उसले फेरि पाप गर्यो र भन्यो: हे मेरो पालनकर्ता, मेरो पापहरू क्षमा गर्नुहोस्! तब अल्लाहले भन्नुभयो: मेरो दासले पाप गर्यो र त्यसपछि उसले महसुस गर्यो, उसको एक पालनकर्ता छ, जसले उसको पापलाई क्षमा गर्नुहुन्छ र सजाय पनि दिनुहुन्छ । तिमी जे चाहन्छौ गर, मैले तिमीलाई क्षमा गरें ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) आफ्नो पालनकर्ता का बारेमा बयान गर्नुहुन्छ, जब एक व्यक्तिले पाप गर्छ र त्यसपछि भन्छ, "हे अल्लाह!" मलाई माफ गर्नुहोस्! तब अल्लाह भन्नुहुन्छ: मेरो दासले पाप गरेको छ र उसलाई विश्वास छ, उसलाई माफ गर्ने वा सजाय दिने उसको एक पालनकर्ता हुनुहुन्छ । त्यसैले मैले उसलाई माफ गरें । त्यसपछि जब व्यक्तिले फेरि पाप गर्छ र भन्छ, हे मेरो अल्लाह! मलाई माफ गर्नुहोस्, तब अल्लाह भन्नुहुन्छ, मेरो दासले पाप गरेको छ र उसलाई विश्वास छ, उसलाई माफ गर्ने वा सजाय दिने उसको एक पालनकर्ता हुनुहुन्छ । त्यसैले मैले उसलाई माफ गरें । त्यसपछि जब व्यक्तिले

फेरि पाप गर्छ र भन्छ, हे मेरो अल्लाह! मलाई माफ गर्नुहोस्, तब अल्लाह भन्नुहुन्छ, मेरो दासले पाप गरेको छ र उसलाई विश्वास छ, उसलाई माफ गर्ने वा सजाय दिने उसको एक पालनकर्ता हुनुहुन्छ । त्यसैले मैले उसलाई माफ गरें । जबसम्म परिस्थिति यस्तो छ, उसले हरेक पटक पाप गरेपछि तुरुन्तै पाप गर्न छोड्छ, लज्जित हुन्छ र फेरि पाप नगर्ने संकल्प गर्छ, तर स्वार्थको मोहमा परेर फेरि पाप गर्छ । जबसम्म यो अवस्था रहन्छ, अर्थात् उसले पाप गर्छ र पश्चात्ताप गर्छ, तबसम्म म उसलाई क्षमा गरिरहनेछु । किनभने पश्चात्तापले पहिलेका पापहरू मेटाउँछ ।

## हदीसका केही फाइदाहरू:

1. सेवकहरूमाथि अल्लाहको अपार कृपा, मानिसले जुनसुकै पाप गरे पनि यदि उसले पश्चात्ताप गर्छ र उहाँतिर फर्कन्छ भने, अल्लाहले उसको पश्चात्ताप स्वीकार गर्नुहुन्छ ।
2. अल्लाहमा विश्वास गर्ने व्यक्ति उहाँको क्षमाको आशा गर्दछ र उहाँको सजायबाट डराउँछ, त्यसैले उसले तुरुन्तै पश्चात्ताप गर्छ र पापमा लिप्त हुँदैन ।
3. साँचो पश्चात्तापका लागि शर्तहरू: पापलाई त्याग्नु, पापप्रति लज्जित हुनु र आइन्दा नगर्ने दृढ संकल्प गर्नु । यदि पश्चात्ताप कुनै व्यक्तिको हकअधिकारसँग सम्बन्धित छ जस्तै उसले कसैको सम्पत्ति हडपेको छ वा उसलाई मारेको छ वा उसलाई बेइज्जत गरेको छ भने चौथो शर्त थपिन्छ; त्यो शर्त हकदार व्यक्तिलाई उसको हक फिर्ता गर्ने वा क्षतिपूर्ति दिने वा ऊ बाट माफी माग्नुपर्ने हो ।
4. अल्लाहको (विशेषताहरूको)ज्ञान हुनुको महत्त्व, जसले भक्तलाई धार्मिक मामिलाबारे सचेत गराउँछ, फलस्वरूप भक्तले प्रत्येक पटक गल्ती गर्दा पश्चात्ताप गर्छ । न त अल्लाहको दयाबाट निराश हुन्छ न त पापमा लिप्त हुन्छ ।

(4817)

(88) – عن عَلِيٍّ قَالَ: إِنِّي كُنْتُ رَجُلًا إِذَا سَمِعْتُ مِنْ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ حَدِيثًا نَفَعَنِي اللهُ مِنْهُ بِمَا شَاءَ أَنْ يَنْفَعَنِي بِهِ، وَإِذَا حَدَّثَنِي رَجُلٌ مِنْ أَصْحَابِهِ اسْتَحْلَفْتُهُ، فَإِذَا حَلَفَ لِي صَدَّقْتُهُ، وَإِنَّهُ حَدَّثَنِي أَبُو بَكْرٍ، وَصَدَقَ أَبُو بَكْرٍ، قَالَ: سَمِعْتُ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: **«مَا مِنْ رَجُلٍ يُذْنِبُ ذَنْبًا، ثُمَّ يَقُومُ فَيَتَطَهَّرُ، ثُمَّ يُصَلِّي، ثُمَّ يَسْتَغْفِرُ اللهَ، إِلَّا غَفَرَ اللهُ لَهُ»**، ثُمَّ قَرَأَ هَذِهِ الْآيَةَ: {وَالَّذِينَ إِذَا فَعَلُوا فَاحِشَةً أَوْ ظَلَمُوا أَنْفُسَهُمْ ذَكَرُوا اللهَ فَاسْتَغْفَرُوا لِذُنُوبِهِمْ} [آل عمران: 135]. [صحيح] - [رواه أبو داود والترمذي والنسائي في الكبرى وابن ماجه وأحمد]

(88) – अली (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् : म यस्तो व्यक्ति थिएँ कि मैले अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट कुनै हदीस सुन्दा अल्लाहले मलाई त्यसबाट चाहेजति लाभ दिनुहुन्थ्यो । जब कुनै सहाबीले मलाई हदीस सुनाउँथे, म उसलाई कसम खान आग्रह गर्थे र जब उसले कसम खान्थ्यो तब म उसको भनाइलाई पुष्टि गर्थे । मलाई अबू बकर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् र अबु बकरले सत्य बोले, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनेको छु: "जब कुनै व्यक्तिले पाप गर्छ, त्यसपछि खडा हुन्छ र वुजू गर्छ, त्यसपछि नमाज पढ्छ र अल्लाहसँग माफि माग्छ, तब अल्लाहले उसलाई क्षमा गर्नुहुन्छ।" त्यसपछि उहाँले यो आयत पढ्नुभयो: "जब तिनीहरूले ठूलो पाप गर्छन् वा आफैंमाथि अन्याय गर्छन्, तिनीहरूले अल्लाहलाई याद गर्छन् र आफ्नो पापको लागि माफी माग्छन् ।" [आलि-इम्रान: १३५] [सही] - [अबू दाउद, तिर्मीजी र निसाईले कुब्रामा र इब्ने माजह तथा अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जब कुनै व्यक्तिले पाप गर्छ, त्यसपछि राम्रोसँग वुजू गर्छ र त्यसपछि उभिएर आफ्नो पापको पश्चात्ताप गर्ने मनसायले दुई रकात नमाज पढ्छ र अल्लाहसँग क्षमायाचना गर्छ भने अल्लाहले उसलाई क्षमा गर्नुहुन्छ । तब अल्लाहको पैगम्बर (सल्लल्लाहु अलैहि वसल्लम) ले यो आयत पढ्नुभयो: {र, उनीहरूले कुनै अश्लील कार्य गरेमा वा

आफैंमाथि अन्याय गरेमा अल्लाहलाई स्मरण गरेर आफ्ना पापहरूका लागि क्षमायाचना गर्छन् । र, अल्लाहबाहेक कसले पापलाई क्षमा गर्न सक्छ र ? र, उनीहरू जानीजानी आफ्नो कुकर्ममा हठ गर्दैनन् ।} [आलि-इम्रान: १३५]

## हदीसका केही फाइदाहरू:

1. पाप गरेपछि नमाज पढ्ने र अल्लाहसँग क्षमा माग्ने प्रेरणा ।
2. अल्लाह धेरै क्षमाशील हुनुहुन्छ र आफ्नो दासको पश्चात्ताप र क्षमा स्वीकार गर्नुहुन्छ ।

(65063)

(89) – عَنْ أَبِي مُوسَى رضي الله عنه عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «**إِنَّ اللهَ عَزَّ وَجَلَّ يَبْسُطُ يَدَهُ بِاللَّيْلِ لِيَتُوبَ مُسِيءُ النَّهَارِ، وَيَبْسُطُ يَدَهُ بِالنَّهَارِ لِيَتُوبَ مُسِيءُ اللَّيْلِ، حَتَّى تَطْلُعَ الشَّمْسُ مِنْ مَغْرِبِهَا**». [صحيح] - [رواه مسلم]

(89) – अबू-मूसा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहले रातमा आफ्नो हात फैलाउनुहुन्छ, ताकि दिनमा पाप गर्नेले पश्चात्ताप गरून् र दिनमा आफ्नो हात फैलाउनुहुन्छ, ताकि रातमा पाप गर्नेले पश्चात्ताप गरून्, जबसम्म सूर्य पश्चिमबाट उदाउछँ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : अल्लाहले आफ्नो दासको तौबा (पश्चात्ताप) स्वीकार गर्नुहुन्छ । यदि कुनै दासले दिनमा पाप गर्छ र रातमा पश्चात्ताप गर्छ भने अल्लाहले उसको पश्चात्ताप स्वीकार गर्नुहुन्छ र यदि उसले रातमा पाप गर्छ र दिनमा पश्चात्ताप गर्छ भने अल्लाहले उसको पश्चात्ताप स्वीकार गर्नुहुन्छ । उहाँ तौबा (पश्चात्ताप) स्वीकार गर्न खुशीका साथ आफ्नो हात फैलाउनुहुन्छ । जबसम्म सूर्य पश्चिमबाट उठाउँदैन, तबसम्म पश्चात्तापको ढोका

खुला रहनेछ, किनभने पश्चिमबाट सूर्य उदाउनु भनेको पश्चातापको ढोका बन्द हुनु र संसारको अन्त्य हुनुको संकेत हो ।

## हदीसका केही फाइदाहरू:

1. जबसम्म पश्चात्तापको ढोका खुला हुन्छ, तौबा स्वीकार गर्ने प्रक्रिया जारी रहन्छ अनि सूर्य पश्चिमबाट उदाएपछि पश्चात्तापको ढोका बन्द हुनेछ । साथै, रूह (आत्मा) हलकुम (घाँटी) मा पुग्दा यसको ढोका बन्द हुन्छ, त्यसैले मानिसले यो भन्दा अघि पश्चात्ताप गर्नुपर्छ ।
2. पापको कारणले निराश हुनुहुँदैन । किनभने अल्लाहको क्षमा र कृपा अति विशाल छ र पश्चात्तापको ढोका खुला छ ।
3. पश्चात्तापका लागि शर्तहरू: पहिलो: पाप त्याग्नु, दोस्रो: पाप गरेपछि पछुताउनु र तेस्रो: फेरि पाप नगर्ने संकल्प गर्नु । यो यदि सर्वशक्तिमान ईश्वरको अधिकारसँग सम्बन्धित छ भने, तर जनताको अधिकारसँग सम्बन्धित छ भने त्यो अधिकार मालिकलाई फिर्ता गर्नुपर्छ वा अधिकारको मालिकले माफी दिनु पर्छ ।

(4318)

(90) – عن أبي هريرة رضي الله عنه: أن رسول الله صلى الله عليه وسلم قال: «يَنْزِلُ رَبُّنَا تَبَارَكَ وَتَعَالَى كُلَّ لَيْلَةٍ إِلَى السَّمَاءِ الدُّنْيَا حِينَ يَبْقَى ثُلُثُ اللَّيْلِ الْآخِرُ، يَقُولُ: «مَنْ يَدْعُونِي فَأَسْتَجِيبَ لَهُ؟ مَنْ يَسْأَلُنِي فَأُعْطِيَهُ؟ مَنْ يَسْتَغْفِرُنِي فَأَغْفِرَ لَهُ؟»». [صحيح] - [متفق عليه]

(90) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "हाम्रो प्रभु, पवित्र र महिमावान, हरेक रात आकाशको सबैभन्दा तल्लो भागमा झर्नुहुन्छ, जब रातको अन्तिम तिहाइ बाँकी हुन्छ, र भन्नुहुन्छ: 'कसले मलाई पुकार्छ कि म उसको पुकार सुनेर जवाफ दिउँ? कसले मसँग माग्छ कि म उसलाई दिन सकूँ? कसले मेरो माफी माग्छ कि म उसलाई माफ गरूँ?'" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ, अल्लाह प्रत्येक रात, जब रातको अन्तिम तिहाइ बाँकी हुन्छ, आकाशको सबैभन्दा तल्लो भागमा झर्नुहुन्छ र आफ्ना सेवकहरूलाई प्रार्थना गर्न प्रोत्साहित गर्नुहुन्छ, किनकि उहाँले प्रार्थना गर्नेहरूको प्रार्थना स्विकार गर्नुहुन्छ । उहाँले तिनीहरूलाई माग्न प्रेरित गर्नुहुन्छ, किनकि उहाँले माग्नेहरूको इच्छालाई पुरा गर्नुहुन्छ । उहाँले आफ्ना विश्वासी सेवकहरूलाई क्षमा माग्न प्रेरित गर्नुहुन्छ, किनकि उहाँले क्षमा दिनुहुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. रातको अन्तिम तिहाई भाग र यसमा दुआ (प्रार्थना) गर्ने, बिन्ती गर्ने र माफी माग्ने सद्गुण ।
2. यो हदीस सुने पछि, मानवले दुआ (प्रार्थना) स्वीकृत हुने समयको पूरा फाइदा लिन सक्दो प्रयास गर्नुपर्छ ।

(10412)

(91) – عن النُّعمان بن بَشير رضي الله عنه قال: سَمِعْتُ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ -وَأَهْوَى النُّعْمَانُ بِإِصْبَعَيْهِ إِلَى أُذُنَيْهِ-: «إِنَّ الْحَلَالَ بَيِّنٌ وَإِنَّ الْحَرَامَ بَيِّنٌ، وَبَيْنَهُمَا مُشْتَبِهَاتٌ لَا يَعْلَمُهُنَّ كَثِيرٌ مِنَ النَّاسِ، فَمَنِ اتَّقَى الشُّبُهَاتِ اسْتَبْرَأَ لِدِينِهِ وَعِرْضِهِ، وَمَنْ وَقَعَ فِي الشُّبُهَاتِ وَقَعَ فِي الْحَرَامِ، كَالرَّاعِي يَرْعَى حَوْلَ الْحِمَى يُوشِكُ أَنْ يَرْتَعَ فِيهِ، أَلَا وَإِنَّ لِكُلِّ مَلِكٍ حِمًى، أَلَا وَإِنَّ حِمَى اللهِ مَحَارِمُهُ، أَلَا وَإِنَّ فِي الْجَسَدِ مُضْغَةً، إِذَا صَلَحَتْ صَلَحَ الْجَسَدُ كُلُّهُ، وَإِذَا فَسَدَتْ فَسَدَ الْجَسَدُ كُلُّهُ، أَلَا وَهِيَ الْقَلْبُ». [صحيح] - [متفق عليه]

(91) – नोअ्मान बिन बशीर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, (यो भनिरहँदा नोअ्मानले आफ्ना दुई औंलाहरू आफ्नो कानतिर उठाए) : "हलाल (वैध) स्पष्ट छ र हराम (निषेधित) स्पष्ट छ र यी दुवैको बीचमा केही शंकास्पद र संदिग्ध कुराहरू छन्, जुन धेरै मानिसहरूलाई थाहा छैन । तसर्थ, जसले आफूलाई शंकास्पद कुराहरूबाट जोगाउँछ उसले आफ्नो धर्म र इज्जतलाई जोगायो र जसले शंकास्पद कुराहरूलाई पछ्याउने गर्छ, त्यो निषेधित कुराहरूमा फस्नेछ । यसको उदाहरण एक गोठालो सरह हो, जसले निषेधित क्षेत्र (खेत) को वरिपरि जनावरहरू चराउँछ र उसको जनावर त्यसमा चर्ने सम्भावना हुन्छ । सुन्नुहोस्! हरेक राजाको केही निषेधित क्षेत्र हुन्छन् (जसमा कसैलाई प्रवेश गर्न अनुमति छैन) र अल्लाहको निषेधित क्षेत्र भनेको हराम (निषेधित) कुराहरू हुन् । सावधान, शरीरमा मासुको एउटा टुक्रा छ, जब यो सही हुन्छ, सम्पूर्ण शरीर ठीक रहन्छ र जब यो बिग्रिन्छ, सम्पूर्ण शरीर बिग्रन्छ, त्यो हृदय हो ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) चीजहरूको बारेमा एक सरल सिद्धान्त र सामान्य नियम बताउदै हुनुहुन्छ । शरियतमा तीन प्रकारका चीजहरू छन्; स्पष्ट रूपमा हलाल चीजहरू, स्पष्ट रूपमा हराम चीजहरू र संदिग्ध चीजहरू;

जसको हलाल वा हराम स्पष्ट छैन र धेरै मानिसहरूलाई यसको नियम बारे थाहा छैन ।

यस्तो अवस्थामा जसले यी संदिग्ध र अस्पष्ट चीजहरूलाई त्याग्छ, उसको धर्म निषेधित चीजहरूमा पर्नबाट सुरक्षित हुनेछ र यस शंकास्पद कुरामा संलग्न भएको कारणले उसको इज्जत र प्रतिष्ठा पनि मानिसहरूको आलोचनाबाट सुरक्षित हुनेछ । बरु, जो यी संदिग्ध र अस्पष्ट कुराहरूबाट टाढा रहँदैन, उसले या त निषेधित कुरामा फस्न वा मानिसहरूको आलोचनाको सामना गर्न आफूलाई अगाडि बढायो । त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले संदिग्ध कार्य गर्नेहरूको अवस्था व्याख्या गर्न एउटा उदाहरण दिनुभयो र भन्नुभयो, यस्तो व्यक्तिको उदाहरण गोठालो जस्तै हो जसले कसैको सुरक्षित चरन नजिक आफ्नो गाईवस्तु चराउने गर्छ । यस्तो अवस्थामा संरक्षित चरन नजिकै चर्ने भएकाले उनको जनावर सुरक्षित चरनमा गएर चरन थाल्ने सम्भावना छ । त्यसैगरी शंकास्पद कार्य गर्ने व्यक्ति आफ्नो कर्मको कारणले हरामको नजिक हुँदै जान्छ र उसलाई हराममा पर्ने सम्भावना हुन्छ । त्यस पछि, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, मानव शरीरमा मासुको एउटा टुक्रा छ, जब यो सही हुन्छ, सम्पूर्ण शरीर ठीक रहन्छ र जब यो बिग्रिन्छ, सम्पूर्ण शरीर बिग्रन्छ, त्यो हृदय हो ।

## हदीसका केही फाइदाहरू:

1. अस्पष्ट चीज र शंकास्पद वस्तुहरू त्याग्न प्रोत्साहन ।

(4314)

(92) – عَنْ أَبِي سَعِيدٍ الخُدْرِيِّ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: قَالَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «لاَ تَسُبُّوا أَصْحَابِي، فَلَوْ أَنَّ أَحَدَكُمْ أَنْفَقَ مِثْلَ أُحُدٍ ذَهَبًا مَا بَلَغَ مُدَّ أَحَدِهِمْ، وَلاَ نَصِيفَهُ». [صحيح] - [متفق عليه]

(92) – अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “मेरो सहाबा (साथी) हरूलाई गालीगलौज नगर । यदि तिमीहरूमध्ये कसैले उहुद पर्वत बराबर सुन खर्च गरे पनि उनीहरुले एक वा आधा मुद खर्च गरे जस्तो पुण्य प्राप्त गर्न सक्नेछैन ।” [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सहाबा (उन्का साथी) हरूलाई, विशेष गरी मुहाजरीन (प्रवासी) र अन्सारका प्रथम इस्लाम ल्याउनेहरूलाई गाली गर्न र श्राप दिन निषेध गर्नुभएको छ । यदि कसैले उहुद पर्वत बराबर सुन खर्च गरे पनि एक सहाबीले एक मुद वा त्यसको आधा खर्च गरे जस्तो पुण्य प्राप्त गर्न सक्नेछैन भनेर उहाँले सुचित गर्नुभएको छ । औसत व्यक्तिको दुवै हत्केलामा अटाउने जति परिमाणलाई एक मुद भनिन्छ । यो तिनीहरूको इख्लास, मनसायको इमानदारी र मक्काको विजय हुनु अघि अत्यन्त आवश्यक रहेको बेला खर्च र लडाईमा अग्रगामीले गर्दा हो ।

## हदीसका केही फाइदाहरू:

1. सहाबा (पैगम्बरका साथी) हरूलाई गाली गर्नु र श्राप दिनु निषेधित र ठूलो पाप हो ।

(11000)

(93) – عن ابن عباس رضي الله عنهما قال: كُنْتُ خَلْفَ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَوْمًا، فَقَالَ: «يَا غُلَامُ، إِنِّي أُعَلِّمُكَ كَلِمَاتٍ، احْفَظِ اللهَ يَحْفَظْكَ، احْفَظِ اللهَ تَجِدْهُ تُجَاهَكَ، إِذَا سَأَلْتَ فَاسْأَلِ اللهَ، وَإِذَا اسْتَعَنْتَ فَاسْتَعِنْ بِاللهِ، وَاعْلَمْ أَنَّ الْأُمَّةَ لَوِ اجْتَمَعَتْ عَلَى أَنْ يَنْفَعُوكَ بِشَيْءٍ، لَمْ يَنْفَعُوكَ إِلَّا بِشَيْءٍ قَدْ كَتَبَهُ اللهُ لَكَ، وَلَوِ اجْتَمَعُوا عَلَى أَنْ يَضُرُّوكَ بِشَيْءٍ، لَمْ يَضُرُّوكَ إِلَّا بِشَيْءٍ قَدْ كَتَبَهُ اللهُ عَلَيْكَ، رُفِعَتِ الْأَقْلَامُ وَجَفَّتِ الصُّحُفُ». [صحيح] - [رواه الترمذي]

(93) – अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, एक दिन म रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को पछाडी सवार थिएँ, जब उहाँले भन्नुभयो: "हे केटा! म तिमीलाई केही कुराहरू सिकाउँदैछु । अल्लाहलाई याद राख, अल्लाहले तिम्रो रक्षा गर्नुहुनेछ । अल्लाहलाई याद राख, तिमी उहाँलाई आफ्नो अगाडि भेट्टाउनेछौ । जब माग्नुछ भने अल्लाहसँग मात्र माग्नु र जब मद्दत माग्नुछ भने अल्लाहसँग मात्र सहायता माग्नु । सुन, यदि सम्पूर्ण समुदायले तिमीलाई फाइदा पुऱ्याउन एकजुट भए भने, तब तिनीहरुले तिमीलाई त्यति नै फाइदा पुर्याउन सक्छन् जति अल्लाहले तिम्रो भाग्यमा लेख्नुभएको छ र यदि सबैले तिमीलाई हानि पुऱ्याउन चाहन्छन् भने पनि अल्लाहले तिम्रो भाग्यमा लेखेको भन्दा बढी हानि गर्न सक्दैनन् । भाग्यका कलमहरू उठाइए र किताबहरू सुकाइए ।" [सही] - [तिर्मीजीले वर्णन गरेका छन्]

## व्याख्या:

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) बताउँछन्, एक दिन उनी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को पछाडि सवार थिए जब उहाँले भन्नुभयो : म तिमीलाई केही कुराहरू सिकाउनेछु जुनबाट अल्लाहले तिमीलाई फाइदा पुर्याउनु हुनेछ:

अल्लाहको आदेशहरूको पालन गरेर र उहाँले निषेध गर्नुभएको कुराबाट टाढा रहँदै अल्लाहलाई याद राख। अल्लाहको नजिक ल्याउने पुण्य कर्ममा संलग्न रहेर र उहाँको अवज्ञा र पापहरूबाट बढ्न प्रयासगर। यदि तिमीले यसो

गर्यौ भने, बदलामा अल्लाहले तिमीलाई संसार र परलोकको अप्रिय चीजहरूबाट बचाउनुहुनेछ र तिमीलाई जहाँ भए पनि उहाँले मद्दत गर्नुहुनेछ ।

जब केही माग्न चाहन्छौ भने अल्लाह बाहेक अरु कसैसँग नमाग । किनभने उहाँले मात्र माग्नेहरूको इच्छा र मनोकामना पूरा गर्नुहुन्छ ।

जब मद्दत चाहिन्छ भने अल्लाह बाहेक अरु कसैसँग नखोज ।

तिम्रो मनमा दृढ विश्वास हुनुपर्छ, यदि पृथ्वीका सबै मानिसहरूले तिम्रो भलो गर्न चाहन्छन् भने अल्लाहले तिम्रो भाग्यमा जति लेखेको छ, त्यति मात्र गर्न सक्छन् र पृथ्वीमा बस्ने सबै मानिसले तिमीलाई नराम्रो गर्न चाहन्छन् भने पनि अल्लाहले तिम्रो भाग्यमा लेखेको भन्दा बढी गर्न सक्दैनन् ।

अल्लाहले यी सबै कुराहरू आफ्नो बुद्धि र अग्रिम ज्ञान अनुसार लेख्नुभएको छ र अल्लाहले लेख्नुभएको कुराहरूमा कुनै परिवर्तन सम्भव छैन ।

## हदीसका केही फाइदाहरू:

1. साना बच्चाहरूलाई तौहीद (एक इश्वरवाद), आचरण र धर्मका अन्य पक्षहरू सिकाउने प्रोत्साहन ।
2. मानिसलाई उसको कर्मको प्रकृति अनुसार इनाम दिइनेछ।
3. केवल अल्लाहमा भरोसा गर्ने र उहाँ बाहेक अरु कसैमा नगर्ने आदेश, किनकि उहाँ सर्वोत्कृष्ट व्यवस्था गर्नुहुन्छ ।
4. अल्लाहको निर्णय र भाग्यमा आस्था राख्नु र त्यसमा सन्तुष्ट हुनु, किनभने अल्लाहले सबै कुरालाई पूर्वनिर्धारित गर्नुभएको छ ।
5. जसले अल्लाहको आदेशलाई बेवास्ता गर्छ, अल्लाहले उसलाई नष्ट गर्नुहुन्छ र उसको रक्षा गर्नुहुने छैन ।

(4811)

(94) – عَنْ سُفْيان بنِ عَبْدِ اللهِ الثَّقَفِيِّ رضي الله عنه قال: قُلْتُ: يَا رَسُولَ اللهِ، قُلْ لِي فِي الْإِسْلَامِ قَوْلًا لَا أَسْأَلُ عَنْهُ أَحَدًا غَيْرَكَ، قَالَ: «قُلْ: آمَنْتُ بِاللهِ، ثُمَّ اسْتَقِمْ». [صحيح] - [رواه مسلم وأحمد]

(94) – सुफयान बिन अब्दुल्लाह सकफी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले भने: हे अल्लाहको रसूल! मलाई इस्लामको बारेमा एउटा यस्तो कुरा बताउनुहोस् जुन मैले अरू कसैलाई सोध्न नपरोस् । उहाँले भन्नुभयो: "भन, म अल्लाहमा विश्वास गर्छु, त्यसपछि त्यसमा अडिग रहनु।" [सही] - [मुस्लिम र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को एक साथी सुफयान बिन अब्दुल्लाहले उहाँलाई इस्लामको अर्थलाई व्यापक रूपमा समेटिएको कुरा सिकाउन अनुरोध गरे, ताकि उसले यसलाई दृढताका साथ पालना गरून् र यसको बारेमा अरू कसैलाई सोध्न नपरोस् । त्यसैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उसलाई भन्नुभयो: भन, अल्लाह एक हुनुहुन्छ र उहाँ नै मेरो परमेश्वर, मेरो सृष्टिकर्ता र पूज्य हुनुहुन्छ र उहाँको कोही साझेदार छैन भनेर म विश्वास गर्दछु । त्यसपछि अल्लाहको आदेशको पालना गरेर र उहाँले निषेध गर्नुभएको कुराबाट टाढा रहेर उहाँको आज्ञापालन गर्नु र त्यसमा अडिग रहनु ।

## हदीसका केही फाइदाहरू:

1. वास्तविक धर्म भनेको अल्लाहलाई परमेश्वर, साँचो ईश्वर र उहाँको नाम र गुणहरूमा विश्वास गर्नु हो ।
2. ईमान ल्याइसकेपछि निरन्तर उपासना गर्नु र त्यसमा अडिग रहनुको ठूलो महत्व छ ।
3. ईमान भनेको कर्म स्वीकार गर्ने मूल शर्त हो ।

4. अल्लाहमाथिको आस्थामा आस्थासँग सम्बन्धित आधारभूत कुराहरू र त्यसअन्तर्गत आउने हृदयका कार्यहरू तथा अल्लाहको लागि बाह्य तथा आन्तरिक आज्ञाकारिता र आत्मसमर्पण समावेश छन् ।
5. इस्तिकामह (स्थिरता) भनेको वाजिबको पालना गरेर र निषेधहरू त्यागेर सोझो बाटोमा अडिग रहनु हो ।

(65018)

(95) – عَنِ النُّعْمَانِ بْنِ بَشِيرٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «مَثَلُ الْمُؤْمِنِينَ فِي تَوَادِّهِمْ وَتَرَاحُمِهِمْ وَتَعَاطُفِهِمْ مَثَلُ الْجَسَدِ، إِذَا اشْتَكَى مِنْهُ عُضْوٌ تَدَاعَى لَهُ سَائِرُ الْجَسَدِ بِالسَّهَرِ وَالْحُمَّى». [صحيح] - [متفق عليه]

(95) – नोअ्मान बिन बशीर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "आस्थावानहरूको आपसी प्रेम र एकअर्काप्रतिको करुणाको उदाहरण एउटा शरीर जस्तै हो, जसको कुनै अंग दुख्दा पूरै शरीरले पीडा महसुस गर्छ, निन्द्रासमेत उड्छ र पूरै शरीरलाई ज्वरो आउँछ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले मुस्लिमहरूको एकअर्काप्रतिको माया, करुणा, भलाइ, समर्थन र दु:खमा सिङ्गो शरीर जस्तै हो । यदि शरीरको एक भाग बिरामी हुन्छ भने सम्पूर्ण शरीरले पीडा महसुस गर्छ, निन्द्रासमेत उड्छ र पूरै शरीरलाई ज्वरो आउँछ ।

## हदीसका केही फाइदाहरू:

1. मुस्लिमहरूको एकअर्काप्रतिको अधिकारलाई सम्मान गर्नु पर्छ र एकअर्काप्रति सहयोग र दयालाई प्रोत्साहित गर्नु पर्छ ।
2. आस्थावानहरूबीच प्रेम र समर्थन हुनुपर्छ ।

(4969)

(96) – عن عثمان بن عفان رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «مَنْ تَوَضَّأَ فَأَحْسَنَ الْوُضُوءَ خَرَجَتْ خَطَايَاهُ مِنْ جَسَدِهِ حَتَّى تَخْرُجَ مِنْ تَحْتِ أَظْفَارِهِ». [صحيح] - [رواه مسلم]

(96) – उसमान बिन अफ्फान (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले राम्रोसँग वुजु गर्छ, उसका पापहरू उसको नङ मुनि समेत शरीरबाट पखालिनेछन् ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले वुजुको सुन्नत र शिष्टाचारको पालना गर्दै वजू गर्छ, उसका पापहरू मेटिन्छन् । यहाँसम्म उसको हात र खुट्टाको औंलाको नङ मुनिबाट पनि पाप निस्कन्छ ।

## हदीसका केही फाइदाहरू:

1. वुजुको सुन्नत र शिष्टाचार सिक्न र अभ्यास गर्न प्रोत्साहन ।
2. वुजुको पुण्य र यो ससाना पापहरूको प्रायश्चित हो, तर ठूला पापहरूको लागि पश्चात्ताप गर्नुपर्छ ।
3. पापहरू पखाल्ने शर्त भनेको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले तोकेको विधि अनुसार वुजु पूर्ण रूपमा गर्नुपर्छ र यसमा कुनै कमी हुनु हुँदैन ।
4. यस हदीसमा पापहरूको प्रायश्चित ठूला-ठूला पापहरूबाट जोगिन र तिनीहरूबाट पश्चात्तापसँग जोडिएको छ । अल्लाह तआलाले भन्नुभएको छ: "यदि तिमीहरु ठूला पापहरुबाट टाढा रहन्छौ जसबाट तिमीहरुलाई रोकिएको छ, हामी तिमीहरुका (साना) पापहरु माफ गर्नेछौं ।" [सूरह अल-निसा: ३१]

(6263)

(97) – عَنْ أَبِي أَيُّوبَ الأَنْصَارِيِّ رضي الله عنه أَنَّ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «إِذَا أَتَيْتُمُ الغَائِطَ فَلاَ تَسْتَقْبِلُوا القِبْلَةَ، وَلاَ تَسْتَدْبِرُوهَا وَلَكِنْ شَرِّقُوا أَوْ غَرِّبُوا» قَالَ أَبُو أَيُّوبَ: فَقَدِمْنَا الشَّأْمَ فَوَجَدْنَا مَرَاحِيضَ بُنِيَتْ قِبَلَ القِبْلَةِ فَنَنْحَرِفُ، وَنَسْتَغْفِرُ اللَّهَ تَعَالَى. [صحيح] - [متفق عليه]

(97) – अबू अय्यूब अल अन्सारी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "जब तपाईं शौचालयमा जानुहुन्छ, तब किब्लातर्फ मुख वा पिठ्यूँ फर्काएर दिसापिसाब नगर्नुहोस्, बरु पूर्व वा पश्चिमतिर फर्केर गर्नुहोस् ।" अबू अयुबले बयान गरे, जब हामी सिरिया गयौं, त्यहाँ काबाको दिशामा शौचालय बनाइएको देख्यौं । त्यसैले हामी अर्को दिशामा फर्केर दिसापिसाब गर्थ्यौं र अल्लाहसँग माफी माग्ने गर्दथ्यौं । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले दिसापिसाब गर्न चाहने व्यक्तिलाई किब्ला र काबातिर आफ्नो अनुहार वा पिठ्यूँ फर्काउन निषेध गर्नुभएको छ । यदि उसको किब्ला मदीनाका मानिसहरूको किब्ला जस्तै हो भने उसले पूर्व वा पश्चिमतिर फर्केर बस्नु पर्छ । त्यसपछि अबू अय्यूब अल अन्सारी (रजियल्लाहु अन्हु) ले बयान गरे, जब उनीहरू सिरिया पुगे, त्यहाँ काबाको दिशामा शौचालय बनाइएको देखे । त्यसैले तिनीहरू आफ्नो शरीरलाई किब्लाबाट फर्काएर बस्थे र अझै पनि अल्लाहसँग माफी माग्ने गर्थे ।

## हदीसका केही फाइदाहरू:

1. यसको पछाडि पवित्र काबाको सम्मान निहित छ ।
2. शौचालयबाट निस्केपछि 'अस्तग्फिरुल्लाह' भनेर माफी माग्नु पर्छ ।

3. नबी (सल्लल्लाहु अलैहि वसल्लम) एक उत्कृष्ट र अतुलनीय शिक्षक हुनुहुन्छ; किनभने उहाँले निषेधित कुराहरू उल्लेख गर्दा जायज कुराहरू पनि औंल्याउनु भयो ।

(3078)

(98) – عَنْ أَبِي قَتَادَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «لَا يُمْسِكَنَّ أَحَدُكُمْ ذَكَرَهُ بِيَمِينِهِ وَهُوَ يَبُولُ، وَلَا يَتَمَسَّحْ مِنَ الْخَلَاءِ بِيَمِينِهِ، وَلَا يَتَنَفَّسْ فِي الْإِنَاءِ». [صحيح] - [متفق عليه]

(98) – अबू-कतादह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरूमध्ये कसैले पनि पिसाब गर्दा दाहिने हातले आफ्नो गोप्य अंगलाई समात्नु हुँदैन, दिसा गरिसकेपछि दाहिने हातले शौच (सफाई) गर्नु हुँदैन र (पानी खाँदा) भाँडोमा सास फेर्नु हुँदैन ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

यहाँ, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले केही शिष्टाचारहरू व्याख्या गर्नुभएको छ; पिसाब गर्दा दाहिने हातले गोप्य भाग समात्न र दाहिने हातले मलद्वार सफा गर्न निषेध छ, किनभने दाहिने हात राम्रो कामको लागि दिइएको हो त । त्यसैगरी, जुन भाँडामा कुनै चीज पिइँदैछ त्यसमा सास फेर्न निषेध गरिएको छ ।

## हदीसका केही फाइदाहरू:

1. शिष्टाचार र सरसफाईमा इस्लाम श्रेष्ठ छ ।
2. फोहोर चीजहरूबाट जोगिनुहोस् । आवश्यक परेमा देब्रे हातको प्रयोग गर्नुहोस् ।
3. दाहिने हात देब्रे हात भन्दा सम्मानित र उत्कृष्टत छ ।

4. इस्लामिक शरियत (विधिविधान) पूर्ण र यसका शिक्षाहरू समावेशी छन् ।

(3079)

(99) – عَنْ أَنَسٍ رضي الله عنه قَالَ: كَانَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَغْسِلُ، أَوْ كَانَ يَغْتَسِلُ، بِالصَّاعِ إِلَى خَمْسَةِ أَمْدَادٍ، وَيَتَوَضَّأُ بِالْمُدِّ. [صحيح] - [متفق عليه]

(99) – अनस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उनी भन्छन्: "नबी (सल्लल्लाहु अलैहि वसल्लम) एक 'साअ' देखि पाँच 'मुद' सम्म पानीले नुहाउनुहुन्थ्यो र एक 'मुद' पानीले वुजू गर्नुहुन्थ्यो ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

साअ : चार 'मुद' लाई एक साअ भनिन्छ र औसत व्यक्तिको दुवै हत्केलामा अटाउने जति परिमाणलाई एक मुद भनिन्छ ।

## हदीसका केही फाइदाहरू:

1. नुहाउदा र वुजू गर्दा कम पानी खर्च गर्नु मुस्तहब हो र पानी जति भए पनि खेर फाल्नु वा बर्बाद गर्नु हुँदैन ।
2. नुहाउने बेला र वुजू गर्दा आवश्यकता अनुसार पानीको मात्रा कम गर्नु नै नबी (सल्लल्लाहु अलैहि वसल्लम) को तरिका हो ।
3. यसको अर्थ भनेको सुन्नत र शिष्टाचारलाई ध्यानमा राख्दै अनावश्यक खर्च बिना पूर्णतया नुहाउनु र वुजू गर्नु हो, तर समय, परिस्थिति र पानीको प्रचुरता आदिमा ध्यान दिनुपर्छ ।
4. जनाबत भन्नाले सम्भोग वा वीर्य स्खलन पछिको अवस्थालाई जनाउँछ । यस्तो अवस्थामा शुद्ध नभएसम्म नमाज र उपासनाबाट टाढा रहनुपर्छ ।

5. ‘साअ’: एक प्रसिद्ध नाप हो र यसको अभिप्राय नबी (सल्लल्लाहु अलैहि वसल्लम) को ‘साअ’ हो, जसको परिमाण (राम्रो गहुँलाई वजन गर्दा) (४८०) ग्राम हुन्छ र लिटरमा (३ लिटर) हुन्छ ।
6. ‘मुद’: एक शरियत को माप हो, एक औसत व्यक्तिको दुवै हत्केलामा अटाउने परिमाणलाई १ मुद भनिन्छ र यसको मात्रा (७५०) मिलिलिटर हुन्छ अनि एक ‘साअ’ को यो चौथाई भाग हो ।

(8387)

(100) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه عَنِ النَّبِيِّ صلى الله عليه وسلم قَالَ: «لَا يَقْبَلُ اللَّهُ صَلَاةَ أَحَدِكُمْ إِذَا أَحْدَثَ حَتَّى يَتَوَضَّأَ». [صحيح] - [متفق عليه]

(100) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जब तिमीहरू मध्ये कसैले आफ्नो वुजू तोड्छ भने वुजू नगरुन्जेल अल्लाहले उसको नमाज स्वीकार गर्नुहुन्न ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, नमाज सही हुने सर्तहरू मध्ये एक तहारत (शुद्धता) हो । तसर्थ, जसको पिसाब, दिसा, निद्रा आदि कारणले वुजू टुट्छ र नमाज पढ्न चाहन्छ भने उसले अनिवार्य रुपमा वुजू गर्नु पर्छ ।

## हदीसका केही फाइदाहरू:

1. अपवित्र भएको अवस्थामा नमाज स्वीकृत हुँदैन, ठूलो अपवित्रतामा नुहाउनु पर्छ र सानो अपवित्रतामा वुजू गर्नुपर्छ ।
2. वुजू मुखमा पानी हालेर मुख भित्र घुमाउने र बाहिर फाल्ने, त्यसपछि नाक भित्र पानी तानेर बाहिर फाल्ने र नाक सफा गर्ने, त्यसपछि आफ्नो मुख

तीन पटक धुने, त्यसपछि दुवै हात कुहिनो सहित तीन पटक धुने, त्यसपछि पूरै टाउको एक पटक मसह गर्ने (घस्ने) र त्यसपछि दुवै खुट्टा घुँडासहित तीन पटक धुने कार्यलाई भनिन्छ ।

(3534)

(101) – عَنْ جَابِرٍ رضي الله عنه قال: أَخْبَرَنِي عُمَرُ بْنُ الْخَطَّابِ: أَنَّ رَجُلًا تَوَضَّأَ فَتَرَكَ مَوْضِعَ ظُفُرٍ عَلَى قَدَمِهِ فَأَبْصَرَهُ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فَقَالَ: «ارْجِعْ فَأَحْسِنْ وُضُوءَكَ» فَرَجَعَ، ثُمَّ صَلَّى.
[صحيح بشواهده] - [رواه مسلم]

(101) – जाबिर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मलाई उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले भने : एक व्यक्तिले वुजू गर्यो र खुट्टामा नङको आकार बराबर सुक्खा ठाउँ छोड्यो । जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) को आँखा पर्यो उहाँले भन्नुभयो: "जाऊ, पहिला राम्रोसँग वुजू गरेर आउ ।" त्यसैले ऊ फर्कियो र त्यसपछि नमाज पढ्यो । [शवाहिद (गवाहहरु) ले गर्दा सही हो] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

उमर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एक व्यक्तिलाई देख्नुभयो जसले वुजू गरिसकेको थियो, तर उसको खुट्टामा नङको आकार बराबर सुक्खा ठाउँ थियो, जहाँ पानी पुगेको थिएन । उहाँले पानी नपुगेको ठाउँलाई औंल्याएर भन्नुभयो: फर्केर जानुहोस् र वुजूका प्रत्येक अंगहरूमा पानी हालेर राम्रोसँग वुजू गर्नुहोस् । त्यसैले त्यो व्यक्ति फर्कियो र राम्रोसँग वोजू गरेपछि नमाज पढ्यो ।

## हदीसका केही फाइदाहरू:

1. धर्मअनुसार राम्रो काम गर्न आदेश दिने र अज्ञानी वा असावधान व्यक्तिलाई मार्गदर्शन गर्न सक्रिय हुनु अनिवार्य छ, विशेष गरी त्यस्तो गलत काममा जब उसको उपासना बिग्रिने सम्भावना हुन्छ।

2. वुजूका अङ्गहरूमा पानी पुर्याउनु अनिवार्य हो र जसले अलिकति भाग छोड्छ (थोरै मात्रामा पनि) उसको वुजू मान्य हुँदैन र अन्तर लामो भएमा दोहोर्याउनु पर्छ ।
3. राम्रोसँग वुजू गर्नु आवश्यक छ । हदीसमा उल्लेखित तरिका अनुसार ठीक तरिकाले वुजू गर्नु पर्छ ।
4. दुवै खुट्टाहरू वुजूका अंगहरूमध्ये हुन्, यसलाई मसह गर्नु (पुछ्नु) पर्याप्त छैन, बरु धुनु पर्छ ।
5. वुजूका अंगहरू धुने क्रम क्रमशः जारी राख्नुपर्छ, अघिल्लो अंग सुक्नु अघि अर्को अंग धुनुपर्छ ।
6. अज्ञानता र बिर्सनेले वाजिबमा छुट हुँदैन, तर पाप लाग्दैन । किनभने जसले अज्ञानताको कारणले राम्रोसँग वुजू गरेको थिएन, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उसलाई छोड्नुभएन बरु पुनः वुजू गर्न अनि त्यसपछि नमाज पढ्न आदेश दिनुभयो ।

(8386)

(102) – عَنْ عَبْدِ اللهِ بْنِ عَمْرٍو رَضِيَ اللهُ عنهما قَالَ: رَجَعْنَا مَعَ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ مِنْ مَكَّةَ إِلَى الْمَدِينَةِ حَتَّى إِذَا كُنَّا بِمَاءٍ بِالطَّرِيقِ تَعَجَّلَ قَوْمٌ عِنْدَ الْعَصْرِ، فَتَوَضَّؤُوا وَهُمْ عِجَالٌ، فَانْتَهَيْنَا إِلَيْهِمْ وَأَعْقَابُهُمْ تَلُوحُ لَمْ يَمَسَّهَا الْمَاءُ فَقَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «وَيْلٌ لِلْأَعْقَابِ مِنَ النَّارِ أَسْبِغُوا الْوُضُوءَ». [صحيح] - [متفق عليه]

(102) – अब्दुल्लाह बिन अम्र (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, हामी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँग मक्काबाट मदिना फर्किरहेका थियौं । बाटोमा पानी भेटिएपछि केही मानिसहरूले अस्रको समयमा हतार गरे र छिटो छिटो वुजू गरे । हामी त्यहाँ आइपुग्दा उनीहरूको कुर्कुच्चोमा पानी नपुगेकोले चम्किरहेको थियो। यो देखेर ररसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "कुर्कुच्चालाई नरकको आगोबाट जोगाऊ, वुजूलाई पूरा गर।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना सहाबा (साथी) हरूसँग मक्कादेखि मदीनासम्मको यात्रा गर्नुभयो । बाटोमा पानी भेटिएपछि केही साथीहरूले अस्रको नमाजको लागि हतार-हतारमा वुजू गरे र तिनीहरूको कुर्कुच्चो सुकेको र पानी नपुगेको स्पष्ट देखिन्थ्यो । तसर्थ, ररसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: वुजू गर्दा आफ्नो कुर्कुच्चो धुन बेवास्ता गर्ने व्यक्तिहरूका लागि नर्कको दण्ड र विनाश छ । उहाँले तिनीहरूलाई पूर्ण रूपमा वुजू गर्न आदेश दिनुभयो ।

## हदीसका केही फाइदाहरू:

1. वुजू गर्दा दुवै खुट्टा धुनु अनिवार्य हो; किनकि यदि मसह गर्ने (पुछने) अनुमति भएको भए कुर्कुच्चा नधोएमा आगो (नर्क) को दण्डको धम्की दिइने थिएन ।

2. वुजू गर्दा धुने अंगहरू पूर्ण रूपमा धुनु वाजिब हो । जसले जानाजानी वा अल्छीले थोरै भाग पनि धुन छोड्यो, उसको नमाज मान्य हुनेछैन ।
3. जाहिल (अज्ञानी व्यक्ति) लाई शिक्षा र मार्गदर्शनको महत्त्व ।
4. आलिम (विद्वान) ले फर्ज (कर्तव्य) र सुन्नत (अतिरिक्त) हरूलाई बेवास्ता गरेको देख्दा राम्रोसँग इन्कार गर्नुपर्छ ।
5. मुहम्मद इसहाक देहलवी भन्छन्: पूर्ण रूपमा वुजू गर्ने तीन तरिका छन्: १) फर्द: वुजूका अंगहरू एक पटक राम्ररी धुने । २) सुन्नत: तीन पटक धुने । ३) मुस्तहब: अंगहरूलाई लम्ब्याइ तीन पटक धुने ।

(66392)

(103) – عن عَمْرُو بْنُ عَامِرٍ عَنْ أَنَس بن مالك قَالَ: كَانَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَتَوَضَّأُ عِنْدَ كُلِّ صَلَاةٍ، قُلْتُ: كَيْفَ كُنْتُمْ تَصْنَعُونَ؟ قَالَ: يُجْزِئُ أَحَدَنَا الْوُضُوءُ مَا لَمْ يُحْدِثْ. [صحيح] - [رواه البخاري]

(103) – अम्र बिन आमिरले बयान गरेका छन्, अनस बिन मलिक (रजियल्लाहु अन्हु) ले भनेका छन् : नबी (सल्लल्लाहु अलैहि वसल्लम) हरेक नमाजको लागि वुजू गर्नुहुन्थ्यो। मैले सोधेँ, "त्यस बेला तपाईंहरू के गर्नुहुन्थ्यो?" उहाँले जवाफ दिनुभयो, "हामीमध्ये कोहीले वुजू गरेको भए, वुजू नटुटेसम्म त्यही वुजूले नमाज पर्याप्त हुन्थ्यो।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाज को लागि वुजू गर्नुहुन्थ्यो । वुजू भंग नभए पनि; उहाँ पुण्य पाउनको लागि यसो गर्नुहुन्थ्यो ।

वुजू भंग भएको छैन भने एक वुजूले कैयौं समयका अनिवार्य नमाज पढ्न अनुमति छ ।

## हदीसका केही फाइदाहरू:

1. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) प्रायः हरेक नमाज को लागि वुजू गर्नुहुन्थ्यो; किनभने यो सबैभन्दा उत्तम र पूर्ण तरिका हो ।
2. हरेक सलाहको लागि वुजू गर्नु मुस्तहब (राम्रो) हो ।
3. एक पटक गरिएको वुजूले एकभन्दा बढी नमाज पढ्न अनुमति छ ।

(65080)

(104) – عَنِ ابْنِ عَبَّاسٍ رضي الله عنهما قَالَ: تَوَضَّأَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ مَرَّةً مَرَّةً.

[صحيح] - [رواه البخاري]

(104) – अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, उहाँ भन्नुहुन्छ: रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एक-एक पटक वुजूका अंगहरू धुनुभयो । [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) वुजू गर्दा कहिलेकाहीँ सबै अंगहरू एक पटक मात्र धुनुहुन्थ्यो । उहाँ आफ्नो अनुहार (जसमा कुल्ला गर्नु र पानीले नाक सफा गर्नु पनि समावेश छ), आफ्ना दुबै हात र दुबै खुट्टा एक-एक पटक धुनुहुन्थ्यो । वास्तवमा, एक-एक पटक धुनु अनिवार्य हो ।

## हदीसका केही फाइदाहरू:

1. वुजूका अंगहरू एकपटक धुनु वाजिब हो र एक भन्दा बढी धुनु मुस्तहब हो ।
2. कहिलेकाहीँ एक एक पटक वुजू गर्नु पनि जायज छ ।
3. टाउकोलाई मात्र एक पटक मसह (पुछिने) गरिनेछ ।

(65081)

(105) – عَنْ عَبْدِ اللهِ بْنِ زَيْدٍ رضي الله عنه: أَنَّ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ تَوَضَّأَ مَرَّتَيْنِ مَرَّتَيْنِ. [صحيح] - [رواه البخاري]

(105) – अब्दुल्लाह बिन जैद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले दुई-दुई पटक वुजूका अंगहरू धुनुभयो । [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहिलेकाहीँ वुजूका सबै अंगहरू दुई-दुई पटक धुनुहुन्थ्यो । उहाँ आफ्नो अनुहार (जसमा कुल्ला गर्नु र पानीले नाक सफा गर्नु पनि समावेश छ), आफ्ना दुबै हात र दुबै खुट्टा दुई-दुई पटक धुनुहुन्थ्यो ।

## हदीसका केही फाइदाहरू:

1. वुजूका अंगहरू एकपटक धुनु वाजिब हो र एक भन्दा बढी धुनु मुस्तहब हो ।
2. कहिलेकाहीँ दुई-दुई पटक वुजूका अंगहरू धुनु जायज हो ।
3. टाउकोलाई मात्र एक पटक मसह (पुछिने) गरिनेछ ।

(65082)

(106) – عَنْ حُمْرَانَ مَوْلَى عُثْمَانَ بْنِ عَفَّانَ رضي الله عنه: أَنَّهُ رَأَى عُثْمَانَ بْنَ عَفَّانَ دَعَا بِوَضُوءٍ، فَأَفْرَغَ عَلَى يَدَيْهِ مِنْ إِنَائِهِ، فَغَسَلَهُمَا ثَلَاثَ مَرَّاتٍ، ثُمَّ أَدْخَلَ يَمِينَهُ فِي الْوَضُوءِ، ثُمَّ تَمَضْمَضَ وَاسْتَنْشَقَ وَاسْتَنْثَرَ، ثُمَّ غَسَلَ وَجْهَهُ ثَلَاثًا، وَيَدَيْهِ إِلَى الْمِرْفَقَيْنِ ثَلَاثًا، ثُمَّ مَسَحَ بِرَأْسِهِ، ثُمَّ غَسَلَ كُلَّ رِجْلٍ ثَلَاثًا، ثُمَّ قَالَ: رَأَيْتُ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَتَوَضَّأُ نَحْوَ وُضُوئِي هَذَا، وَقَالَ: «مَنْ تَوَضَّأَ نَحْوَ وُضُوئِي هَذَا ثُمَّ صَلَّى رَكْعَتَيْنِ لَا يُحَدِّثُ فِيهِمَا نَفْسَهُ غَفَرَ اللهُ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ». [صحيح] - [متفق عليه]

(106) – उसमान बिन अफ्फान (रजियल्लाहु अन्हु) को गुलाम हुमरानले बयान गरेका छन्, उनले वुजु गर्नका लागि पानी मागे, भाँडोबाट पानी खन्याए र दुबै हातलाई तीन पटक धोए, त्यसपछि आफ्नो दाहिने हात पानीमा हाले । त्यसपछि मुख कुल्ला गरे, नाकमा पानी हालेर राम्रोसँग नाक सफा गरे, त्यसपछि आफ्नो अनुहार र दुबै हात कुहिनो सहित तीन पटक धोए । त्यसपछि आफ्नो टाउको मसह गरे (पुछे), त्यसपछि दुवै खुट्टा तीन पटक धोए र भने: मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई मेरो यो वुजु जस्तै वुजु गरेको देखेको छु र त्यसपछि भने: " जसले मेरो यो वुजु झैं वुजु गर्छ र केहि नबोलीकन दुई रकात नमाज पढ्छ, अल्लाहले उसका अघिल्लो पापहरू क्षमा गर्नुहुन्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

उसमान बिन अफ्फान (रजियल्लाहु अन्हु) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को वुजुको विधिलाई सजिलोसंग सम्झाउनका लागि व्यवहारिक रूपमा गरेर देखाए । उनले एउटा भाँडोमा पानी मगाए, त्यसपछि पानी खन्याएर दुवै हातलाई तीन पटक सफा गरे, त्यसपछि आफ्नो दाहिने हात भाँडोमा राखे अनि पानी लिएर मुखकुल्ला गरे, मुख भित्र-बाहिर पानी घुमाए र त्यसपछि नाकभित्र पानी तानेर राम्रोसँग सफा गरे, त्यसपछि उनले आफ्नो अनुहार तीन पटक धोए, त्यसपछि आफ्नो दुवै हात कुहिनो सहित तीन पटक धोए, त्यसपछि पानीले भिजेका हातहरूले आफ्नो टाउकोमा एक पटक घसे, त्यसपछि आफ्नो गोलिगाँठोसमेत दुवै खुट्टाहरू तीन पटक धुए ।

उनले वुजु गरिसकेपछि  भने, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मेरो यो वुजु जस्तै वुजु गरेको देखेको छु र त्यसपछि उनले शुभ समाचार दिदै भने जसले मेरो यो वुजु झैं वुजु गर्छ, र त्यसपछि नम्रता र एकाग्रताका साथ अल्लाहको लागि दुई रकात नमाज पढ्छ, अल्लाहले उसका विगतका पापहरू क्षमा गर्नुहुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. यदि कोही भर्खरै निद्राबाट उठेको हैन भने वुज़ूको प्रारम्भमा हातलाई बर्तनमा हाल्नु अघि धुनु मुस्तहब हो । तर यदि ऊ रातको निद्राबाट उठेको हो भने, हातहरू धोर्नु अनिवार्य छ।
2. विद्यार्थीलाई सजिलै बुझाउन र त्यसलाई सुदृढ गर्नका लागि शिक्षकले सबैभन्दा उत्कृष्ट तरिका अपनाउनुपर्छ, जस्तै व्यावहारिक शिक्षा दिनु ।
3. नमाज पढ्ने व्यक्तिले संसारका कामसँग सम्बन्धित विचारहरूलाई टाढा राख्नुपर्छ। किनकि नमाज तब मात्र पूरा हुन्छ जब हृदय र दिमागको साथ पढिन्छ । नत्र मनमा आउने विचारबाट बच्न गाह्रो हुन्छ । तसर्थ, व्यक्तिले विचारको धारामा बग्नुको सट्टा आफैंसँग लड्नुपर्छ ।
4. दाहिने तर्फबाट वुजु गर्नु सुन्नत हो ।
5. कुल्ला गर्ने, नाकमा पानी हाल्ने र नाक सफा गर्ने बीचको क्रम कायम राख्नुपर्छ ।
6. अनुहार, हात र खुट्टा एक चोटि धुनु अनिवार्य हो र तीन चोटि धुनु मुस्तहब हो ।
7. अल्लाहद्वारा विगतका पापहरू क्षमा गरिने कुरा दुई सत्कर्महरू एक साथ गरे पछि मात्र प्राप्त हुन्छ त्यो के हो भने हदीसमा उल्लेखित विधि अनुसार वुजु गर्नु र त्यसपछि दुई रकात नमाज पढ्नु ।
8. वुजु गर्दा धुनु पर्ने प्रत्येक अंगको सीमा तोकिएको छ । अनुहारको सीमा : निधारको कपालदेखि चिउँडोसम्म लम्बाइमा र एक कानदेखि अर्को

कानसम्म चौडाइमा फैलिएको छ । हातको सीमा : औंलाको टुप्पोदेखि कुहिनो सम्म हो । कुहिनोले हात र पाखुराबीचको जोडलाई जनाउँछ । टाउकोको सीमा : निधारदेखि पछाडि घाँटीको माथिल्लो भागसम्म हो । दुवै कानको मसह भनेको टाउकोमा नै समावेश छन् । खुट्टाको सीमा : पूरै खुट्टा हो, खुट्टा र पिंडली बीचको जोड सहित ।

(3313)

(107) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه أَنَّ رَسُولَ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «إِذَا تَوَضَّأَ أَحَدُكُمْ فَلْيَجْعَلْ فِي أَنْفِهِ ثُمَّ لِيَنْثُرْ، وَمَنِ اسْتَجْمَرَ فَلْيُوتِرْ، وَإِذَا اسْتَيْقَظَ أَحَدُكُمْ مِنْ نَوْمِهِ فَلْيَغْسِلْ يَدَهُ قَبْلَ أَنْ يُدْخِلَهَا فِي وَضُوئِهِ، فَإِنَّ أَحَدَكُمْ لاَ يَدْرِي أَيْنَ بَاتَتْ يَدُهُ».

ولفظ مسلم: «إِذَا اسْتَيْقَظَ أَحَدُكُمْ مِنْ نَوْمِهِ فَلَا يَغْمِسْ يَدَهُ فِي الْإِنَاءِ حَتَّى يَغْسِلَهَا ثَلَاثًا، فَإِنَّهُ لَا يَدْرِي أَيْنَ بَاتَتْ يَدُهُ». [صحيح] - [متفق عليه]

(107) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “जब तिमीहरूमध्ये कसैले वुजू गर्छ, उसले नाकमा पानी हालेर राम्रोसँग सफा गरोस् र जसले इस्तिन्जा (ढुंगा आदिले शुद्धता प्राप्त) गर्छ, उसले विजोर सङ्ख्या प्रयोग गरोस् । तिमीहरूमध्ये कोही निद्राबाट ब्यूँझन्छ, उसले भाँडोमा हात हाल्नुअघि आफ्नो हातलाई धुनुपर्छ । किनकि रातमा उसको हात कहाँ गयो उसलाई थाहा हुँदैन ।" सहीह मुस्लिमका शब्दहरू यस प्रकार छन्: "जब तिमीहरूमध्ये कोही निद्राबाट ब्यूँझन्छ, उसले आफ्नो हात तीन पटक नधोएसम्म भाँडामा डुबाउनु हुँदैन, किनकि उसलाई थाहा छैन उसको हातले रात कहाँ बिताएको छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले तहारत (पवित्रता) का केही नियमहरुको व्याख्या गर्नुभएको छ, जस्तै: १- वुजू गर्ने व्यक्तिले एक श्वासद्वारा नाकमा पानी हाल्नु पर्छ त्यसपछि अर्को श्वासद्वारा बाहिर छोड्नुपर्छ । २-

दिसापिसाब गरेपछि पानी बाहेक अन्य वस्तु जस्तै ढुङ्गा इत्यादिले मलमूत्रलाई सफाई गर्न चाहने व्यक्तिले बिजोर संख्यामा ढुङ्गा आदि प्रयोग गर्नुपर्छ । न्यूनतम संख्या तीन हो र अधिकतम संख्या जतिमा फोहर र स्थान पवित्र होस् । ३- राती सुतेर उठ्ने व्यक्तिले वुजू गर्न भाँडामा हात हाल्नु अघि आफ्नो हात तीन पटक बाहिर धुनुपर्छ । किनकि सुतिरहेको अवस्थामा उसको हात कहाँ कहाँ पुग्यो उसलाई थाहा हुँदैन । यस्तो अवस्थामा उसको हातमा फोहोर हुने सम्भावना रहन्छ । त्यस्तै शैतानले उसको हातसंग खेलवाड गरेको वा मानवको लागि हानिकारक वा पानी प्रदूषित गर्ने केही चीज उसको हातमा राखेको हुनसक्छ ।

## हदीसका केही फाइदाहरू:

1. वुजू गर्दा एक श्वासद्वारा नाकमा पानी तान्नु पर्छ, जसलाई 'इस्तिनशाक' भनिन्छ  र त्यसैगरी अर्को श्वासद्वारा पानी छाड्नु पर्छ, जसलाई 'इस्तिनसार' भनिन्छ ।
2. इस्तिन्जाका लागि बिजोर संख्याको ढुङ्गा प्रयोग गर्नु मुस्तहब हो ।
3. राति सुतेर उठेपछि दुवै हात तीन पटक धुनु पर्छ ।

(3033)

(108) – عَنِ ابْنِ عَبَّاسٍ رضي الله عنهما قَالَ: مَرَّ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ بِقَبْرَيْنِ، فَقَالَ: «إِنَّهُمَا لَيُعَذَّبَانِ، وَمَا يُعَذَّبَانِ فِي كَبِيرٍ، أَمَّا أَحَدُهُمَا فَكَانَ لاَ يَسْتَتِرُ مِنَ البَوْلِ، وَأَمَّا الآخَرُ فَكَانَ يَمْشِي بِالنَّمِيمَةِ» ثُمَّ أَخَذَ جَرِيدَةً رَطْبَةً، فَشَقَّهَا نِصْفَيْنِ، فَغَرَزَ فِي كُلِّ قَبْرٍ وَاحِدَةً، قَالُوا: يَا رَسُولَ اللَّهِ، لِمَ فَعَلْتَ هَذَا؟ قَالَ: «لَعَلَّهُ يُخَفِّفُ عَنْهُمَا مَا لَمْ يَيْبَسَا». [صحيح] - [متفق عليه]

(108) – अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) दुई चिहानहरूबाट गुज्रनुभयो र भन्नुभयो: " यी दुवैलाई सजाय दिइँदैछ र उनीहरू कुनै ठूलो पापको कारणले दण्डित भइरहेको छैन । तिनीहरूमध्ये एक पिसाबबाट बच्दैन्थे र अर्को चुक्ली गर्थे ।" त्यसपछि उहाँले खजुरको एउटा ताजा हाँगा लिनुभयो र त्यसलाई दुइभागमा च्यातेर प्रत्येक चिहानमा एक भाग गाड्नुभयो । साथीहरूले सोधे, हे अल्लाहका रसूल ! त्यस्तो किन गर्नुभएको ? उहाँले जवाफ दिनुभयो: "सायद यी दुई हाँगाहरू नओइलिएसम्म उनीहरूको पीडा हलुका हुनसक्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) दुई चिहानहरूबाट गुज्रनुभयो र भन्नुभयो: यी दुई कब्रमा भएका व्यक्तिहरूलाई सजाय दिइँदैछ।; तिमीहरूलाई सानो लाग्ने कुरा नै यसको कारण हो, तर त्यो अल्लाहको नजरमा ठूलो दोष हो। यी दुई मध्ये एक जनाले पिसाब गर्दा आफ्नो शरीर र कपडालाई पिसाबबाट जोगाउन ध्यान दिएनन् । र अर्को व्यक्ति मानिसहरूबीच चुगली गर्थ्यो, अरूका कुरा यस उद्देश्यले फैलाउँथ्यो कि अरूलाई हानी पुगोस् र मानिसहरूबीच विवाद र मनमुटाव उत्पन्न होस्।

## हदीसका केही फाइदाहरू:

1. चुक्ली गर्नु र पिसाबबाट नबच्नु ठूलो पाप र चिहानमा दण्ड हुने कारण हो ।

2. अल्लाहले आफ्ना नबीको लागि गैब (अदृश्य) का केही कुराहरू जस्तै चिहानको सजाय प्रकट गर्नु हुन्थ्यो, ताकि यो उहाँको ईशदूत हुनको प्रमाण होस् ।
3. दुईवटा हाँगाहरूलाई भाँचेर चिहानमा गाड्ने कार्य नबी (सल्लल्लाहु अलैहि वसल्लम) को लागि विशेष छ । किनभने अल्लाहले उहाँलाई ती दुई चिहानहरूमा गाडिएका मानिसहरूको अवस्थाबारे जानकारी दिनुभएको थियो। त्यसैले उहाँसँग अरू कसैलाई तुलना गर्न सकिँदैन किनभने चिहानमा मानिसहरूको अवस्था कसैलाई थाहा छैन ।

(3010)

(109) – عَنْ أَنَسٍ رضي الله عنه قَالَ: كَانَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ إِذَا دَخَلَ الخَلَاءَ قَالَ: «اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنَ الخُبُثِ وَالخَبَائِثِ». [صحيح] - [متفق عليه]

(109) – अनस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) शौचालयमा प्रवेश गर्नुहुन्थ्यो तब यो दुआ भन्नुहुन्थ्यो: "अल्लाहुम्म इन्नी अऊजु बिक मिनल्-खुबुसि वल्-खबाइस् ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले पिसाब फेर्न वा दिसा गर्नुपर्ने ठाउँमा प्रवेश गर्न चाहनुहुन्थ्यो, उहाँ अल्लाहको शरण लिनुहुन्थ्यो र पुरुष र महिला जिन्नको दुष्टताबाट बचाउन दुआ गर्नुहुन्थ्यो । यस दुआमा 'खुबुसि वल्-खबाइस्' शब्दहरूलाई दुष्ट र अपवित्रताको रूपमा पनि व्याख्या गरिएको छ ।

## हदीसका केही फाइदाहरू:

1. शौचालयमा प्रवेश गर्दा यो दुआ पढ्नु मुस्तहब हो ।

2. सम्पूर्ण सृष्टिहरू सबै परिस्थितिहरूमा पीडादायी वा हानिकारक चीजहरूबाट जोगिन अल्लाहमा निर्भर छन् ।

(3150)

(110) – عَنْ عَائِشَةَ أُمِّ المؤْمنينَ رَضِيَ اللهُ عنها: أَنَّ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ كَانَ إِذَا خَرَجَ مِنَ الغَائِطِ قَالَ: «غُفْرَانَكَ». [صحيح] - [رواه أبو داود والترمذي وابن ماجه وأحمد]

(110) – उम्मुल-मुमिनीन(आस्थावानहरूकि आमा) आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) शौचालयबाट बाहिर निस्कनुहुन्थ्यो, तब उहाँ यो दुआ भन्नुहुन्थ्यो: “गुफ्रानक”, अर्थात् हे अल्लाह! म तपाईसँग माफी चाहन्छु । [सही] - [अबू दाउद, तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) शौचालयबाट दिसापिसाब गरेर बाहिर आउनुहुन्थ्यो, तब उहाँ यो दुआ भन्नुहुन्थ्यो: “गुफ्रानक”, अर्थात् हे अल्लाह! म तपाईसँग माफी चाहन्छु ।

## हदीसका केही फाइदाहरू:

1. शौचालयबाट बाहिर निस्केपछि “गुफ्रानक” भन्नु मुस्तहब हो ।
2. नबी (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अवस्थामा अल्लाह सगँ माफी माग्नुहुन्थ्यो ।
3. दिसापछि माफी माग्नुको कारण के हो? यसको जवाफ: अल्लाहले प्रदान गर्नुभएका अनगिन्ती आशीर्वादहरूप्रति कृतज्ञताको कमी, जस्तै उहाँले एक पीडादायी चीजबाट सहजै मुक्ति दिनुभयो । अर्को भनाइ : दिसा गरिरहेको समयमा उहाँको सम्झनाबाट बेवास्ता भएकोले म उहाँसँग माफी माग्दछु ।

(10046)

(111) – عن عائشة رضي الله عنها قالت: قال رسول الله صلى الله عليه وسلم: «**السِّوَاكُ مَطْهَرَةٌ لِلْفَمِ، مَرْضَاةٌ لِلرَّبِّ**». [صحيح] - [رواه النسائي وأحمد]

(111) – आइशा (रजियल्लाहु अन्हा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मिस्वाक (दतिवन) मुख सफा गर्ने र अल्लाहलाई खुशी पार्ने चिज हो ।" [सही] - [निसाई र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनुभएको छ,कि पीलु आदिको हाँगाले दाँत सफा गर्दा मुख फोहोर र दुर्गन्धबाट जोगिन्छ । मिस्वाक (दतिवन) गर्नले भक्तलाई अल्लाहको प्रसन्नता प्रप्त हुन्छ, किनभने यो अल्लाहको आज्ञाकारिता र उहाँका आदेशहरूको पालना हो र त्यसले मुखको सरसफाइ पनि हुन्छ, जुन अल्लाहलाई बढी मनपर्छ ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसले दाँत माझ्नुको महत्व र रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो समुदायलाई धेरै भन्दा धेरै मिस्वाक (दाँत सफा) गर्न प्रोत्साहित गर्नु भएको छ भन्ने कुरा स्पष्ट हुन्छ ।
2. अराक (पीलु) रुखको डाँठबाट मिस्वाक गर्नु उत्तम हो, तर यसको सट्टा अन्य हाँगाको दतिवन र मन्जनको प्रयोग पनि पर्याप्त हुनेछ ।

(3588)

(112) – عَنْ حُذَيْفَةَ رضي الله عنه قَالَ: كَانَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ إِذَا قَامَ مِنَ اللَّيْلِ يَشُوصُ فَاهُ بِالسِّوَاكِ. [صحيح] - [متفق عليه]

(112) – हुजैफा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) जब राती सुतेर ब्यूँझनुहुन्थ्यो, तब आफ्नो मुखलाई मिस्वाक (दतवन) ले सफा गर्नुहुन्थ्यो । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) अत्याधिक मिस्वाक (दतवन) गर्नुहुन्थ्यो र मिस्वाक गर्न आदेश दिनुहुन्थ्यो । केही समयमा मिस्वाक गर्नु मुस्तहब हो, जस्तै : रातमा उठ्दा मिस्वाक गर्ने, किनभने जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) निद्राबाट ब्यूँझनु हुन्थ्यो, तब उहाँ आफ्नो मुखलाई मिस्वाकले रगडेर सफा गर्नुहुन्थ्यो ।

## हदीसका केही फाइदाहरू:

1. राती सुतेर उठेपछि मिस्वाक (दतवन) गर्ने प्रोत्साहन; किनभने सुत्दा मुखको गन्ध परिवर्तन हुन्छ र मिस्वाकले त्यो सफा हुन्छ ।
2. मुखबाट दुर्गन्ध आउँदा मिस्वाक गर्ने प्रोत्साहन र यो आदेश अघिल्लो अर्थबाट लिइएको छ ।
3. सामान्य रुपमा सरसफाई गर्ने प्रोत्साहन अनि यो नबी (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत र इस्लामको उत्कृष्ट शिष्टाचार हो ।
4. पूरा मुख माझ्दा दाँत, गिजा र जिब्रो समावेश हुन्छ ।
5. पिलु नामी रूख वा अन्य कुनै झारबाट मिस्वाक बनाउन सकिन्छ, जसलाई मुख र दाँत सफा गर्न प्रयोग गरिन्छ । यसले मुख सफा गर्छ र गन्ध हटाउँछ ।

(3063)

(113) – عن أبي هريرة قال: قال رسول الله صلى الله عليه وسلم: «**حَقٌّ عَلَى كُلِّ مُسْلِمٍ أَنْ يَغْتَسِلَ فِي كُلِّ سَبْعَةِ أَيَّامٍ يَوْمًا، يَغْسِلُ فِيهِ رَأْسَهُ وَجَسَدَهُ**». [صحيح] - [متفق عليه]

(113) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "प्रत्येक मुस्लिमले हरेक सात दिनमा एक पटक नुहाउनु अनिवार्य हो, जसमा उसले आफ्नो टाउको र शरीर धुन्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, प्रत्येक वयस्क र बुद्धिमान मुस्लिमले पवित्रता र स्वच्छता प्राप्त गर्नका लागि प्रत्येक सात दिनमा एक पटक आफ्नो टाउको र शरीर धोएर नुहाउनुपर्छ । यी सात दिनहरूमा नुहाउनको लागि सबैभन्दा उपयुक्त दिन जुम्माको दिन हो भन्ने कुरा केही हदीसहरूमा उल्लेख गरिएको छ । बिहीबारको दिन नुहाए पनि शुक्रबारको नमाज अघि नुहाउनु मुस्तहब हो । शुक्रबारको दिन नुहाउनु वाजिब छैन, यसको प्रमाण आइशा (रजियल्लाहु अन्हा) को भनाइ हो: "मानिसहरू आफ्नो घरको काम आफैं गर्थे र त्यही अवस्थामा जुमाको सलाह पढ्न जान्थे । त्यसैले उनीहरुलाई भनियो : नुहाएर आएको भए राम्रो हुन्थ्यो ।" (बुखारी) अर्को हदीसमा छ "उनीहरुको शरीरबाट पसिनाको दुर्गन्ध आउँथ्यो ।" यसका बाबजुद ‘नुहाएर आएको भए राम्रो हुन्थ्यो’ भनियो । अर्थात जसको शरीरमा गन्ध छैन भने उसले ननुहाए पनि केही फरक पर्दैन तर्क बुझिन्छ ।

## हदीसका केही फाइदाहरू:

1. सरसफाइ र शुद्धतामा इस्लामको चासो र ध्यानाकर्षण ।
2. जुमाको सलाहको लागि नुहाउनु मुस्तहब हो ।
3. टाउको शरीरमा समावेश भए पनि यसको महत्व देखाउनको लागि यसलाई छुट्टै उल्लेख गरिएको छ ।

4. जसको शरीरबाट दुर्गन्ध आउँछ जसले मानिसहरूलाई असहज हुन्छ, उसले नुहाउनु अनिवार्य हो ।
5. शुक्रबारको महत्व र पुण्यले गर्दा जुमा अघि नुहाउनु अफजल (उत्कृष्ट) हो ।

(65084)

(114) – عن أَبِي هريرة رضي الله عنه: سمعتُ النبيّ صلى الله عليه وسلم يقول: «الفِطْرَةُ خمسٌ: الخِتَانُ والاستحدادُ وقصُّ الشَّارِبِ وتقليمُ الأظفارِ وَنَتْفُ الآبَاطِ». [صحيح] - [متفق عليه]

(114) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "पाँच कुरा फित्रत (प्राकृतिक) हुन्; खतना गर्नु, गुप्ताङ्गका रौं खौरनु, जुँगा छोटो पार्नु, नङ्ग काट्नु र काखीका रौं उखेल्नु ।" [सही] - [मुत्तफकुन अलैहि]

**व्याख्या:**

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, पाँच फित्रतका(प्राकृतिक) कुराहरू इस्लामको विशेषता र पैगम्बरहरूको सुन्नत हुन्:

१) खतना गर्नु : लिंगको टुप्पोमा रहेको अतिरिक्त छाला काट्नु हो । त्यसैगरी महिलाको योनिमाथिको छालाको टुप्पो काट्नु ।

२) गुप्ताङ्गको रौं खौरनु : नाभीमुनि रहेको रौंहरूलाई खौरनु वा कुनै तरिकाले सफा गर्नु ।

३) जुँगा छोटो पार्नु : पुरुषको माथिल्लो ओठमा बढेको कपाल ओठ देखिने गरी काट्नु ।

४) नङ्ग काट्नु ।

५) काखीको रौं उखेल्नु वा कुनै तरिकाले सफागर्नु ।

## हदीसका केही फाइदाहरू:

1. पैगम्बरहरूका ती सुन्नतहरू हुन्, जुन अल्लाहलाई असाध्यै मनपर्छ र उहाँले ती प्राकृतिक कुराहरु अपनाउन आदेश दिनुभएको छ । साथै यसले मानवलाई राम्रो रूप, पूर्णता, स्वच्छता र सौन्दर्य प्रदान गर्दछ ।
2. बेलाबेलामा यी कुराहरूमा ध्यान दिनुपर्छ र लापरवाह हुनु हुँदैन ।
3. यी आदतहरूका केही सांसारिक र धार्मिक लाभहरू छन्, जस्तैः राम्रो देखिने, शरीरको सरसफाई, पवित्रा प्राप्त गर्दा सहजता, काफिरहरूको विरोध र अल्लाहको आदेशको पालना ।
4. अर्को हदीसमा यी पाँच कार्यहरू बाहेक अन्य कुराहरुलाई पनि समावेश गरिएको छ, जस्तै : दाह्री बढाउने, मिस्वाक गर्ने आदि ।

(3144)

(115) – عَنْ عَلِيٍّ رضي الله عنه قَالَ: كُنْتُ رَجُلًا مَذَّاءً وَكُنْتُ أَسْتَحْيِي أَنْ أَسْأَلَ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ لِمَكَانِ ابْنَتِهِ فَأَمَرْتُ الْمِقْدَادَ بْنَ الْأَسْوَدِ فَسَأَلَهُ فَقَالَ: «يَغْسِلُ ذَكَرَهُ وَيَتَوَضَّأُ».

وَلِلْبُخَارِيِّ: فَقَالَ: «تَوَضَّأْ وَاغْسِلْ ذَكَرَكَ». [صحيح] - [متفق عليه]

(115) – अली (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मलाई अत्यधिक मजी (पिसाबको नलीबाट आउने तरल पदार्थ) निस्किन्थ्यो । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को ज्वाइँ भएको कारणले उहाँसंग यस बारेमा सोध्न मलाई लाज लाग्यो । त्यसैले मैले मिक्दाद बिन अस्वदलाई सोध्न लगाए र उनले सोधेपछि भन्नुभयो: "यस्तो व्यक्तिले आफ्नो गुप्तांग धोएर वुजू गरे हुन्छ ।" बुखारीमा छ: "वुजू गर र आफ्नो गुप्तांगलाई सफा गर ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

अली बिन अबू तालिब (रजियल्लाहु अन्हु) भन्छन्, मलाई प्रायः मजी निस्किन्थ्यो । मजी भनेको यो एक प्रकारको पातलो, चिपचिपा, सेतो पानी हो,

जुन कामवासनाको समयमा वा यौनसम्पर्क गर्नुअघि गुप्तांगबाट निस्कन्छ । मजी निस्केपछि के गर्ने भन्ने थाहा थिएन । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) की छोरी फातिमा (रजियल्लाहु अन्हा) उनको निकाहमा भएकोले यसको बारेमा उहाँलाई सोध्न लाज लागिरहेको थियो । त्यसैले उनले मिकदाद (रजियल्लाहु अन्हु) लाई यसबारे अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोध्न आग्रह गरे । त्यसैले नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले पहिले आफ्नो गुप्तांगहरू धुनुपर्छ र त्यसपछि वुजू गर्नुपर्छ भनेर जवाफ दिनुभयो ।

## हदीसका केही फाइदाहरू:

1. अली बिन अबू तालिब (रजियल्लाहु अन्हु) को सद्गुण, हया (लज्जा) का बावजुद उलने अरुको माध्यमबाट भए पनि प्रश्न सोधे ।
2. फतवा (प्रश्न) सोध्न प्रतिनिधि नियुक्त गर्न अनुमति छ ।
3. आवश्यकता अनुसार आफ्नो बारेमा लाज लाग्ने कुरा अरुलाई बताउन जायज हो ।
4. मजी अपवित्र हो, शरीर र कपडा दुवैबाट यसलाई धुनु वाजिब हो ।
5. मजी निस्कियो भने वुजू भङ्ग हुन्छ ।
6. अर्को हदीसमा उल्लेख भएकोले अण्डकोष र गुप्तांग दुवै धुनु वाजिब हो ।

(3348)

(116) – عَنْ عَائِشَةَ أُمِّ المؤمنين رضي الله عنها قَالَتْ: كَانَ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ إِذَا اغْتَسَلَ مِنَ الجَنَابَةِ، غَسَلَ يَدَيْهِ، وَتَوَضَّأَ وُضُوءَهُ لِلصَّلاَةِ، ثُمَّ اغْتَسَلَ، ثُمَّ يُخَلِّلُ بِيَدِهِ شَعَرَهُ، حَتَّى إِذَا ظَنَّ أَنَّهُ قَدْ أَرْوَى بَشَرَتَهُ، أَفَاضَ عَلَيْهِ المَاءَ ثَلاَثَ مَرَّاتٍ، ثُمَّ غَسَلَ سَائِرَ جَسَدِهِ، وَقَالَتْ: كُنْتُ أَغْتَسِلُ أَنَا وَرَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ مِنْ إِنَاءٍ وَاحِدٍ، نَغْرِفُ مِنْهُ جَمِيعًا. [صحيح] - [رواه البخاري]

(116) – उम्मुल-मुमिनीन आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्: जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले गुस्ल जनाबत गर्नुहुन्थ्यो, तब उहाँले आफ्ना दुवै हात धुनुहुन्थ्यो र नमाजको लागि वुजू गरे झैं वुजू गर्नुहुन्थ्यो, त्यसपछि गुस्ल गर्नुहुन्थ्यो । त्यसपछि आफ्नो हातले कपाललाई राम्रोसँग मलेर जरासम्म पानी पुर्याउनु हुन्थ्यो र छाला भिजिसकेको आभास हुनसाथ आफुमाथि तीन पटक पानी खन्याएर पुरै शरीरलाई धुनुहुन्थ्यो । उनले भनिन्: म र अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) एउटै भाँडोबाट पानी लिन्थ्यौं र सँगै नुहाउने गर्दथ्यौं । [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले गुस्ल जनाबत गर्दा पहिले आफ्ना दुवै हात धुनुहुन्थ्यो । त्यसपछि उहाँले नमाजको लागि वुजू गरे झैं वुजू गर्नुभयो । त्यसपछि आफ्नो शरीरमा पानी हाल्नुभयो । त्यसपछि आफ्नो दुवै हातले आफ्नो कपाललाई राम्ररी मलेर भित्रसम्म पानी पुर्याउनु भयो । कपालको जरासम्म पानी पुगेको र टाउको भिजेको महसुस हुँदा आफ्नो टाउकोमा तीन पटक पानी हालेर शरीरको बाँकी भाग धुनुभयो । आइशा (रजियल्लाहु अन्हा) ले भनिन्: म र अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) एउटै भाँडोमा नुहाउने गर्दथ्यौं र हामी दुवै जना सँगै पानी लिन्थ्यौं ।

## हदीसका केही फाइदाहरू:

1. "गुस्ल दुई प्रकारको हुन्छ: एक, पर्याप्त हुने र अर्को, पूर्ण। पर्याप्त गुस्लमा व्यक्ति पवित्रताको नीयत गर्दछ, अनि शरीरभरि पानी लगाउँछ, जसमा

कुल्ला र नाकमा पानी तान्न पनि समावेश हुन्छ। तर पूर्ण ग़ुस्लमा ग़ुस्ल त्यसरी गरिन्छ, जसरी यस हदीसमा पैगम्बर सल्लल्लाहु अलैहि व सल्लमले ग़ुस्ल गर्नुभयो।"

2. "जनाबत (अपवित्रता) त्यस व्यक्तिलाई भनिन्छ जसले मनी (वीर्य) स्राव गरेको छ, अथवा त्यस्तो व्यक्तिलाई पनि जसले सहवास (सम्भोग) गरेको छ, चाहे मनी स्राव भएको होस् वा नभएको।"
3. पति पत्नीले एकअर्काको गोप्य अंगहरू हेर्नु र एउटै भाँडोमा नुहाउनु जायज हो ।

(3316)

(117) – عَنْ عَمَّارِ بنِ ياسِرٍ رضي الله عنه قال: بَعَثَنِي رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فِي حَاجَةٍ، فَأَجْنَبْتُ فَلَمْ أَجِدِ الْمَاءَ، فَتَمَرَّغْتُ فِي الصَّعِيدِ كَمَا تَمَرَّغُ الدَّابَّةُ ثُمَّ أَتَيْتُ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، فَذَكَرْتُ ذَلِكَ لَهُ فَقَالَ: «إِنَّمَا كَانَ يَكْفِيكَ أَنْ تَقُولَ بِيَدَيْكَ هَكَذَا» ثُمَّ ضَرَبَ بِيَدَيْهِ الْأَرْضَ ضَرْبَةً وَاحِدَةً، ثُمَّ مَسَحَ الشِّمَالَ عَلَى الْيَمِينِ، وَظَاهِرَ كَفَّيْهِ وَوَجْهَهُ. [صحيح] - [متفق عليه]

(117) – अम्मार बिन यासिर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मलाई एउटा काममा पठाउनुभयो । (यात्राको क्रममा) म जुन्बी (अपवित्र) भएँ र (नुहाउनको लागि) पानी पाइनँ , त्यसैले म माटोमा जनावरले लडीबुडी गरे झैं लोटपोट गरें । त्यसपछि म नबी (सल्लल्लाहु अलैहि वसल्लम) को सेवामा उपस्थित भएँ र उहाँलाई उक्त घटनाबारे भनें अनि उहाँले भन्नुभयो: "तिम्रो लागि आफ्नो हातले यसरी गर्न पर्याप्त थियो ।" त्यसपछि उहाँले आफ्नो दुवै हात भुइँमा एक पटक हान्नुभयो र आफ्नो दाहिने हातले देब्रे हात, हत्केलाको पछाडि र अनुहारमा मसह गर्नुभयो अर्थात् पुछनुभयो । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अम्मार बिन यासिर (रजियल्लाहु अन्हु) लाई कुनै कामको लागि बाहिर पठाउनुभयो । यात्राको क्रममा सम्भोग वा वीर्य स्खलन भएकोले जुन्बी (अपवित्र) हुनु भयो र नुहाउनको लागि पानी पाइएन। त्यतिबेला जनाबत (ठूलो अपवित्रता) पछि तयम्मुम गर्न मिल्छ भन्ने कुरा उनलाई थाहा थिएन । तर हदस अस्गर (सानो अपवित्रता) मा तयम्मुम गर्न अनुमति छ भन्ने कुरा थाहा थियो । त्यसैले उनले इज्तिहाद(गौर) गरे । हदस अस्गर (सानो अपवित्रता) मा जसरी शरीरका केही भागलाई माटोले तयम्मुम गरिन्छ, त्यसैगरी जनाबत (ठूलो अपवित्रता) मा भुइँमा लडीबुडी गरी सम्पूर्ण शरीरमा माटो लगाउनुपर्छ भन्ने धारणा राखे; पानीमाथि क्यास गर्दै भुइँमा लडीबुडी गरे र त्यसपछि नमाज पढे । पछि, जब उनी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सेवामा आए तब उहाँलाई उक्त घटनाको बारेमा जानकारी दिए; उनको यो अमल (कार्य) सही हो कि होइन जान्नको लागि ? तसर्थ, रसूल

(सल्लल्लाहु अलैहि वसल्लम) ले हदस अस्गार ( पिसाब जस्तै सानो अपवित्रता) र हदस अकबर ( जनाबत जस्तैठूलो अपवित्रता)बाट पवित्रता प्राप्त गर्ने तरिका बताउनुभयो । तयम्मुम को तरिका : आफ्नो दुवै हातले भुइँमा एकपटक हान्न, र त्यसपछि देब्रेले दाहिने हात, दुवै हत्केलाको बाहिरी भाग र अनुहार मसह गर्नु हो ।

## हदीसका केही फाइदाहरू:

1. तयम्मुम गर्नु अघि पानी खोज्नुपर्ने हुन्छ ।
2. हदस अकबर (जनाबत जस्तो ठूलो अपवित्रता) भएको र पानी नभेट्ने व्यक्तिको लागि तयम्मुम गर्नु जायज हो ।
3. हदस अकबर (ठूलो अपवित्रता) र हदस अस्गार (सानो अपवित्रता) दुवैको लागि तयम्मुम गर्ने तरिका एउटै हो ।

(3461)

(118) – عَنْ المُغِيرَةِ رضي الله عنه قَالَ: كُنْتُ مَعَ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فِي سَفَرٍ، فَأَهْوَيْتُ لِأَنْزِعَ خُفَّيْهِ، فَقَالَ: «دَعْهُمَا، فَإِنِّي أَدْخَلْتُهُمَا طَاهِرَتَيْنِ» فَمَسَحَ عَلَيْهِمَا. [صحيح] - [متفق عليه]

(118) – मुगीरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, म रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँग एक यात्रामा थिएँ, म उहाँको मोजा फुकाल्नको लागि झुकेँ अनि उहाँले भन्नुभयो : " त्यसलाई छोड्देऊ; किनकि मैले तहारत (वुजू) को अवस्थामा मोजा लगाएको थिएँ ।" त्यसपछि उहाँले मोजामाथि मसह गर्नुभयो । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) एक यात्रामा हुनुहुन्थ्यो अनि उहाँले यात्राको क्रममा वुजू गर्नुभयो । वुजू गर्दा जब खुट्टा धुने पालो आयो, मुगीरह बिन शोबा (रजियल्लाहु अन्हु) ले मोजा फुकाल्न उहाँको खुट्टातिर आफ्नो हात बढाए

ताकि उहाँ आफ्नो खुट्टा धुन सकून् । यो देखेर नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: छोड्देउ, यसलाई फुकाल्नु पर्दैन, किनकि मैले तहारत (वुजू) को अवस्थामा मोजा लगाएको थिएँ । तसर्थ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो खुट्टा धुनुको सट्टा
त्यसमाथि मसह गर्नुभयो ।

## हदीसका केही फाइदाहरू:

1. हदस अस्गर (सानो अपवित्रता) लाई हटाउन वुजू गर्दा मोजामा मसह गर्नु इजाजत छ, तर हदस अक्बर (ठूलो अपवित्रता) मा नुहाउने क्रममा खुट्टा धुनु पर्छ।
2. 'मसह' भनेको भिजेको हातले मोजामाथिको भाग एक पटक घस्नुपर्छ, तल्लो भागमा होइन ।
3. मोजामाथि मसह गर्ने (घस्ने) केही शर्तहरू : खुट्टा धोएर पूर्ण रूपमा वुजू गरेपछि मोजा लगाएको हुनुपर्छ । मोजा पाक (शुद्ध) हुनुपर्छ । मोजाले खुट्टाको धुनु पर्ने भागलाई छोपेको हुनुपर्छ । हदस अस्गर (सानो अपवित्रता) मा मसह गर्न इजाजत छ, तर हदस अक्बर (ठूलो अपवित्रता) वा जनाबत (नुहाउनै पर्ने अवस्था) मा छैन । शरियतले तोकेको समय भित्र गर्नुपर्छ । मुकीम (निवासी) ले एक दिन-एक रातसम्म र मुसाफिर (यात्री) ले तीन दिन-तीन रातसम्म मसह गर्न इजाजत छ ।
4. "खुफ" अर्थात् छालाको मोजामाथि अन्य सामग्रीबाट बनेका मोजाहरूलाई कियास गरिनेछ र खुफ झैं त्यसमाथि पनि मसह गर्नु जायज छ ।
5. नबी (सल्लल्लाहु अलैहि वसल्लम) को उच्च आचरण र तालिम दिने उत्कृष्ट तरिका; उहाँले मुगिरा (रजियल्लाहु अन्हु) लाई मोजा नफुकाल्न र मैले वुजूको अवस्थामा मोजा लगाएको थिएँ भनेर कारण पनि खुलाई दिनुभयो, ताकि उनी सन्तुष्ट होउन् र यसको हुकुम पनि थाहा होस् ।

(119) – عَنْ عَائِشَةَ أُمِّ المؤمنين رضي الله عنها أَنَّ فَاطِمَةَ بِنْتَ أَبِي حُبَيْشٍ سَأَلَتِ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَتْ: إِنِّي أُسْتَحَاضُ فَلاَ أَطْهُرُ، أَفَأَدَعُ الصَّلاَةَ؟ فَقَالَ: «لَا، إِنَّ ذَلِكِ عِرْقٌ، وَلَكِنْ دَعِي الصَّلاَةَ قَدْرَ الأَيَّامِ الَّتِي كُنْتِ تَحِيضِينَ فِيهَا، ثُمَّ اغْتَسِلِي وَصَلِّي». [صحيح] - [متفق عليه]

(119) – उम्मुल-मुमिनीन आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, फातिमा बिन्ते अबू हुबैश ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई प्रश्न सोधिन्, म इस्तीहाजा (अत्याधिक रजस्वला) बाट पीडित छु र कहिल्यै पवित्र हुन सक्दिन । के यस्तो अवस्थामा नमाज छोड्नु पर्छ ? उहाँले जवाफ दिनुभयो: "होइन, यो एक प्रकारको रोग हो । जति दिन महिनावारी आउथ्यो त्यति दिनमा मात्र नमाज नपढ र त्यसपछि नुहाऊ र नमाज पढ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

फातिमा बिन्ते अबू हुबैशले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधिन्, उनको रजस्वला रोकिदैन र महिनावारी बाहेकका दिनहरूमा पनि रगत बगिरहन्छ, के यो रगतलाई महिनावारीको रगत मानिनेछ र म नमाज छोड्न सक्छु ? रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले जवाफ दिनुभयो : यो महिनावारीको रगत होइन, यो त इस्तिहाजा (रोग) हो, जुन पाठेघरको नसा फुट्दा रगत निस्कन्छ । तसर्थ, इस्तीहाजह (रोग) को शिकार हुनु अघि सामान्य रूपमा जति दिन महिनावारी हुन्थ्यो, त्यति दिन हैज(महिनावारी) मानेर नमाज, उपवास र महिनावारीको अवस्थामा निषेध गरिएको कुराबाट टाढा बस । जब त्यो समयावधि समाप्त हुन्छ, तिमी हैज (महिनावारी) बाट शुद्ध भयौ । त्यसपछि महिनावारीबाट शुद्ध हुनको लागि रगत निस्कने ठाउँलाई राम्ररी सफा गर र पूर्ण रूपमा स्नान गर अनि त्यसपछि नमाज पढ ।

## हदीसका केही फाइदाहरू:

1. महिनावारी सकिएपछि महिलाले अनिवार्य रूपमा नुहाउनु पर्छ ।

2. इस्तीहाजह (रोग) को शिकार भएकी महिलाले अनिवार्य रूपमा नमाज पढ्नु पर्छ ।
3. हैज : एक प्राकृतिक रक्त हो, जुन वयस्क महिलाको पाठेघरबाट योनीको माध्यमबाट निश्चित दिनहरूमा निस्कने प्रक्रियालाई महिनावारी वा रजस्वला भन्ने गरिन्छ ।
4. इस्तिहाजा: पाठेघरको खाडलबाट नभई यसको माथिल्लो भागबाट असामयिक रगत बग्नु हो ।
5. महिनावारीको रगत र इस्तीहाजाको रगतमा फरक के छ भने महिनावारीको रगत कालो, बाक्लो र दुर्गन्धको हुन्छ, जबकि इस्तीहाजाको रगत रातो, पातलो र गन्धरहित हुन्छ ।

(3029)

(120) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «إِذَا وَجَدَ أَحَدُكُمْ فِي بَطْنِهِ شَيْئًا، فَأَشْكَلَ عَلَيْهِ أَخَرَجَ مِنْهُ شَيْءٌ أَمْ لَا، فَلَا يَخْرُجَنَّ مِنَ الْمَسْجِدِ حَتَّى يَسْمَعَ صَوْتًا، أَوْ يَجِدَ رِيحًا». [صحيح] - [رواه مسلم]

(120) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "जब तिमीहरू मध्ये कसैले आफ्नो पेटमा केही महसुस गर्छ र त्यसबाट केही निस्किएको छ वा छैन भन्ने शंका लाग्छ भने उसले आवाज नसुनेसम्म वा गन्ध नआएसम्म मस्जिदबाट बाहिर नजाओस् ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जब नमाज पढ्ने व्यक्तिलाई आफ्नो पेटमा केही महसुस हुन्छ र हावा खुस्केको छ वा छैन निश्चित छैन भने उसले आवाज नसुनेसम्म वा गन्ध नआएसम्म नमाज छोडेर पुनः वुजू गर्न बाहिर जानु पर्दैन । किनभने शङ्काको आधारमा निश्चित कुरा अमान्य हुँदैन

र यहाँ पवित्रता निश्चित कुरा हो, जबकि वुजू भङ्ग भयो कि भएन शंकास्पद कुरा हो ।

## हदीसका केही फाइदाहरू:

1. यो हदीस इस्लामको आधारहरू मध्ये एक हो । यसमा 'इस्लामिक फिकह' को एक सिद्धान्त प्रस्तुत गरिएको छ । सिद्धान्त के हो भने शंकाको आधारमा निश्चित कुरा अमान्य हुँदैन र विपरित कुरा प्रमाणित नहुन्जेल यथास्थिति कायम रहिरहन्छ ।
2. शङ्काले पवित्रता (तहारत) मा कुनै असर गर्दैन र वुजू भंग भएको निश्चित नभएसम्म पवित्रता बाँकि रहन्छ ।

(65083)

(121) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: إِنَّ رَسُولَ اللهِ صلى الله عليه وسلم قَالَ: «إِذَا شَرِبَ الْكَلْبُ فِي إِنَاءِ أَحَدِكُمْ فَلْيَغْسِلْهُ سَبْعًا».

ولمسلم: «أولاهُنَّ بالتُّراب». [صحيح] - [متفق عليه]

(121) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जब कुकुरले तिमीहरूमध्ये कसैको भाँडोबाट (केही) पिउँछ, उसले त्यो भाँडोलाई सात पटक धुनुपर्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

यदि कुकुरले कुनै भाँडो मा आफ्नो मुख (जिब्रो) हाल्यो भने त्यो भाँडोलाई सात पटक धुनुपर्छ भनेर नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आदेश दिनुभएको छ । पहिलो पटक माटोले धुनुपर्छ, ताकि पछि पानीले धुँदा भाँडो पूर्णतया सफा होस् र त्यसमा कुनै फोहोर र हानिकारक चीजहरू बाँकी नरहोस् ।

## हदीसका केही फाइदाहरू:

1. कुकुरको लार एकदम नजिस (अशुद्ध) हुन्छ ।
2. कुकुरले भाँडो चाट्दा त्यो भाँडो र त्यसमा रहेको पानी अपवित्र हुन्छ ।
3. सात पटक धुनु र त्यसमा पनि पहिलो पटक माटोले सफा गर्नु भनेको कुकुरले कुनै भाँडोमा मुख हाल्यो भने मात्र हो । यदि उसको दिसापिसाब वा अन्य कुराले केही कुरा दूषित भएको छ भने त्यसमा यो नियम लागु हुने छैन ।
4. माटोले भाँडो धुने तरिका : भाँडोमा पानी र माटो हालेर राम्रोसँग मिसाउने र त्यो मिश्रणले भाँडो माझ्ने ।
5. यो आदेश सबै कुकुरहरूका लागि समान हो भन्ने कुरा हदीसबाट छर्लङ्ग हुन्छ, चाहे त्यो इस्लामले पालन अनुमति दिएको शिकार गर्ने, पहरा दिने र पशुधनको सुरक्षा गर्ने कुकुर किन नहोस् ।
6. साबुन र सरफ माटोको कायममुकायम हुँदैन; किनभने नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले माटोलाई तोकर भन्नुभएको छ ।

(3143)

(122) – عن عمر بن الخطاب رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «إِذَا قَالَ الْمُؤَذِّنُ: اللهُ أَكْبَرُ اللهُ أَكْبَرُ، فَقَالَ أَحَدُكُمْ: اللهُ أَكْبَرُ اللهُ أَكْبَرُ، ثُمَّ قَالَ: أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ، قَالَ: أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ، ثُمَّ قَالَ: أَشْهَدُ أَنَّ مُحَمَّدًا رَسُولُ اللهِ، قَالَ: أَشْهَدُ أَنَّ مُحَمَّدًا رَسُولُ اللهِ، ثُمَّ قَالَ: حَيَّ عَلَى الصَّلَاةِ، قَالَ: لَا حَوْلَ وَلَا قُوَّةَ إِلَّا بِاللهِ، ثُمَّ قَالَ: حَيَّ عَلَى الْفَلَاحِ، قَالَ: لَا حَوْلَ وَلَا قُوَّةَ إِلَّا بِاللهِ، ثُمَّ قَالَ: اللهُ أَكْبَرُ اللهُ أَكْبَرُ، قَالَ: اللهُ أَكْبَرُ اللهُ أَكْبَرُ، ثُمَّ قَالَ: لَا إِلَهَ إِلَّا اللهُ، قَالَ: لَا إِلَهَ إِلَّا اللهُ مِنْ قَلْبِهِ دَخَلَ الْجَنَّةَ». [صحيح] - [رواه مسلم]

(122) – उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : जब मुअज्जिन (अल्लाहु अक्बर, अल्लाहु अक्बर) भन्छ र (जवाफमा) तिमीहरूमध्ये कसैले (अल्लाहु अक्बर, अल्लाहु अक्बर) भन्छ, मुअज्जिनले (अश्हदु अल्ला इला ह इल्लल्लाह) भन्छ र उसले (अश्हदु अल्ला इला ह इल्लल्लाह) भन्छ । मुअज्जिनले (अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह) भन्छ र उसले (अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह) भन्छ । त्यसपछि मुअज्जिनले (हय्य अलस्सलाह) भन्छ र उसले (लाहौल वला कुव्वत इल्ला बिल्लाह) भन्छ, त्यसपछि मुअज्जिनले (हय्य अलल्फलाह) भन्छ र उसले (लाहौल वला कुव्वत इल्ला बिल्लाह) भन्छ । त्यसपछि मुअज्जिनले (अल्लाहू अक्बर, अल्लाहू अक्बर) भन्छ र उसले (अल्लाहू अक्बर, अल्लाहु अक्बर) भन्छ । त्यसपछि मुअज्जिनले (ला इलाह इल्लल्लाह) भन्छ र उसले साँचो हृदयले (ला इलाह इल्लल्लाह) भन्छ भने ऊ स्वर्गमा प्रवेश गर्नेछ । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

अजान भनेको मानिसहरूलाई नमाजको समय आरम्भ भयो भनेर जानकारी दिने हो । अजानका शब्दहरू वास्तवमा तौहीद (एक इश्वरवाद) र आस्था प्रदर्शन गर्ने उत्कृष्ट शब्दहरू हुन् ।

यस हदीसमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अजान सुन्दा के गर्नुपर्छ भनेर स्पष्ट पार्नुभएको छ । अजान सुन्ने व्यक्तिले मुअज्जिन (अजान दिने

व्यक्ति) ले भनेको कुरा उसको पछि-पछि दोहोर्याउनु पर्छ, जस्तै मुअज्जिनले "अल्लाहु अकबर" भनेपछि श्रोताले "अल्लाहु अकबर" भन्नुपर्छ र अन्य वाक्यहरू पनि सोही तरिकाले दोहोर्याउनु पर्छ । तर जब मुअज्जिनले (हय्य अलस्सलाह) र (हय्य अलल्फलाह) भन्छ, श्रोताले यसको जवाफमा (लाहौल वला कुव्वत इल्ला बिल्लाह) भन्नुपर्छ ।

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छ, जसले आफ्नो हृदयबाट इमान्दारीपूर्वक अजानको जवाफ दिन्छ, उसले स्वर्गमा प्रवेश गर्नेछ ।

अजानका शब्दहरूको अर्थ: "अल्लाहु अकबर" : अल्लाह सबै भन्दा महान, ठूलो र अत्यधिक शक्तिशाली हुनुहुन्छ ।

"अश्हदु अल्ला इलाह इल्लल्लाह" : म गवाही दिन्छु अल्लाह बाहेक कोही सत्य ईश्वर छैन ।

"अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह" : म स्वीकार गर्छु र आफ्नो जिब्रो र हृदयले गवाही दिन्छु, मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहद्वारा पठाईएका रसूल (दूत) हुन् र उहाँको आज्ञापालन अनिवार्य छ ।

"हय्य अलस्सलाह" को अर्थ भनेको नमाजको लागि आउनुहोस् हो । जबकि श्रोताको भनाइ "ला हौल वला कुव्वत इल्लाह बिल्लाह" को अर्थ अल्लाहको सहायता बिना नमाज पढ्न अवरोधहरू हटाउने कुनै उपाय छैन । हो, अल्लाहको तौफिक बिना न उपासना गर्ने शक्ति छ न अरू केही गर्न बल ।

"हय्य अलल्फलाह" को अर्थ सफलताको लागि आउनुहोस् हो । वास्तवमा सफलता भनेको स्वर्ग प्राप्ति र नर्कबाट मुक्ति हो ।

## हदीसका केही फाइदाहरू:

1. मुअज्जिनलाई जवाफ दिने पुण्य। अजान सुन्ने व्यक्तिले मुअज्जिनले भनेको कुरा उसको पछि-पछि दोहोर्याउनु पर्छ, तर (हय्य अलस्सलाह) र (हय्य अलल्फलाह) को जवाफमा (लाहौल वला कुव्वत इल्ला बिल्लाह) भन्नुपर्छ ।

(65086)

(123) – عَنْ عَبْدِ اللهِ بْنِ عَمْرِو بْنِ الْعَاصِ رضي الله عنها أَنَّهُ سَمِعَ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «إِذَا سَمِعْتُمُ الْمُؤَذِّنَ فَقُولُوا مِثْلَ مَا يَقُولُ، ثُمَّ صَلُّوا عَلَيَّ، فَإِنَّهُ مَنْ صَلَّى عَلَيَّ صَلَاةً صَلَّى اللهُ عَلَيْهِ بِهَا عَشْرًا، ثُمَّ سَلُوا اللهَ لِيَ الْوَسِيلَةَ، فَإِنَّهَا مَنْزِلَةٌ فِي الْجَنَّةِ، لَا تَنْبَغِي إِلَّا لِعَبْدٍ مِنْ عِبَادِ اللهِ، وَأَرْجُو أَنْ أَكُونَ أَنَا هُوَ، فَمَنْ سَأَلَ لِيَ الْوَسِيلَةَ حَلَّتْ لَهُ الشَّفَاعَةُ». [صحيح] - [رواه مسلم]

(123) – अब्दुल्लाह बिन अम्र बिन आस (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, उनले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्भदै गरेको सुने, उहाँले भन्नुभयो : "जब तपाईंले मुअज्जिनले अजान दिइरहेको सुन्नुहुन्छ, उसले भने जस्तै शब्दहरू भन्नुहोस् । त्यसपछि ममाथि दरूद पठाउनुहोस् । किनकि जसले ममाथि एक पटक दरूद पठाउँछ, अल्लाहले ऊमाथि १० पटक दरूद पठाउनु हुन्छ । त्यसपछि मेरो लागि वसीलह माग्नुहोस् । वास्तवमा, वसीला स्वर्गमा एक स्थान हो, जुन अल्लाहका सेवकहरूमध्ये एकले मात्र पाउनेछ र मलाई आशा छ त्यो सेवक म हुनेछु । त्यसैले, जसले मेरो लागि वसीला माग्छ, उसको लागि मेरो शफाअत (सिफारिस) अनिवार्य भयो ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अजान सुन्ने व्यक्तिले मुअज्जिन (अजान दिने व्यक्ति) ले भनेका शब्दहरू दोहोर्याउनु पर्छ भनेर निर्देशन दिनुभएको छ । तर जब मुअज्जिनले (हय्य अलस्सलाह) र (हय्य अलल्फलाह) भन्छ, श्रोताले यसको जवाफमा (लाहौल वला कुव्वत इल्ला बिल्लाह) भन्नुपर्छ । अजान समाप्त भएपछि रसूलमाथि दरूद पठाउनु पर्छ, किनकि जसले उहाँमाथि एक पटक दरूद पठाउँछ, अल्लाहले ऊमाथि १० पटक दरूद पठाउनु हुन्छ । अल्लाहले भक्तमाथि दरूद पठाउनुको अर्थ भनेको अल्लाहले फरिश्ताहरूको माझमा उनको प्रशंसा गर्नु हुन्छ ।

त्यसपछि अल्लाहसँग उहाँको लागि वसीला माग्ने आदेश दिनुभयो । वास्तवमा, वसीला स्वर्गको सर्वोच्च स्थान हो, जुन अल्लाहका सबै सेवकहरू मध्ये मात्र एक सेवकलाई प्राप्त हुनेछ र मलाई आशा छ त्यो सेवक म हुनेछु भनेर उहाँले भन्नुभयो । वास्तवमा, यो कुरा उहाँले नम्रताको रूपमा भन्नुभएको छ,

किनभने अल्लाहको एक मात्र सेवकले त्यो स्थान पाउनेछ भने त्यो उहाँ नै हुनुहुनेछ, किनकि उहाँ सबैभन्दा उत्तम मानव हुन् ।

त्यसपछि उहाँले भन्नुभयो, जसले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को लागि वसीलाको दुआ गर्छ, उसले उहाँको शफाअत (सिफारिस) प्राप्त गर्नेछ ।

## हदीसका केही फाइदाहरू:

1. अजानको जवाफ दिने प्रेरणा ।
2. अजानको जवाफपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) माथि दरूद पठाउने सद्‌गुण ।
3. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) माथि दरूद पठाएपछि अल्लाहले उहाँलाई वसीला नामको स्थानका लागि दुआ गर्न प्रोत्साहन ।
4. वसीलाको अर्थ र यसको महत्त्वको बयान; यो अल्लाहको एक मात्र सेवकलाई प्राप्त हुनेछ ।
5. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सद्‌गुण र यो उच्च स्थान केवल उहाँले प्राप्त गर्नुहुनेछ भन्ने कुराको वर्णन ।
6. जसले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को लागि वसीलाको प्रार्थना गर्छ, उसले उहाँको शफाअत (सिफारिस) प्राप्त गर्नेछ ।
7. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को नम्रताको वर्णन, यो स्थान उहाँलाई नै प्राप्त हुन्छ भन्ने तथ्यको बावजुद उहाँले आफ्नो उम्मतलाई त्यो प्राप्तिको लागि दुआ गर्न माग गर्नुभयो ।
8. अल्लाहको असीम अनुग्रह र अपार कृपाको वर्णन । उहाँले एक नेकीलाई दश गुणा प्रतिफल दिनुहुन्छ ।

(65087)

(124) – عَنْ سَعْدِ بْنِ أَبِي وَقَّاصٍ رضي الله عنه عَنْ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ أَنَّهُ قَالَ: «مَنْ قَالَ حِينَ يَسْمَعُ الْمُؤَذِّنَ أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، وَأَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ، رَضِيتُ بِاللهِ رَبًّا وَبِمُحَمَّدٍ رَسُولًا، وَبِالْإِسْلَامِ دِينًا، غُفِرَ لَهُ ذَنْبُهُ». [صحيح] - [رواه مسلم]

(124) – साअ्द बिन वक्कास (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले मुअज्जिन (अजान दिने) लाई सुनेपछि भन्छ, 'अश्हदु अल्ला इलाह इल्लल्लाहु वह्-दहू ला शरीक लहु, व अश्हदु अन्न मुहम्मदन् अब्दुहू व रसूलुहु, रजीतु बिल्लाहि रब्बा व बि मुहम्मदिन् रसूला व बिल्-इस्लामि दीना' उसका पापहरू क्षमा हुनेछन् ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले मुअज्जिनले अजान दिएको सुनेपछि भन्छ : "अश्हदु अल्ला इलाह इल्लल्लाहु वह्-दहू ला शरीक लहु" अर्थ: म पुष्टि गर्दछु, स्वीकार गर्दछु र गवाही दिन्छु, अल्लाह बाहेक अरू कोही सत्य पूज्य छैनन् र उहाँ बाहेक अन्य सबै देवताहरू मिथ्या हुन् । "व अन्न मुहम्मदन् अब्दुहू व रसूलुहु" अर्थ: मुहम्मद अल्लाहको भक्त हुनुहुन्छ, जसको पूजा गरिदैन र उहाँ अल्लाहको रसूल हुनुहुन्छ, जसलाई झुठो भन्न सकिदैन भनेर स्वीकार गर्दछु । "रजीतु बिल्लाहि रब्बा" अर्थ: म अल्लाहसँग पालनकर्ता, पूज्य र उहाँका नाम र गुणहरूद्वारा उहाँसंग सन्तुष्ट छु । "व बि मुहम्मदिन् रसूला" अर्थ: मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई जुन कुराहरू दिएर पठाइयो र उहाँले हामीलाई जे तबलीग गर्नुभयो ती सबैलाई म स्वीकार गर्दछु । "व बिल्-इस्लामि" अर्थ: आदेश र निषेध सहित इस्लामका सम्प्रापूर्वण धानहरुलाई स्वीकार गर्दछु । "दीनन्" अर्थ: विश्वास र समर्पणका साथ । "उनका पापहरू क्षमा हुनेछन्," अर्थ: साना पापहरू ।

## हदीसका केही फाइदाहरू:

1. अजान सुन्दा यो दुआ पढियो भने उसका पापहरू पखालिने छन् ।

(6272)

(125) – عن أبي هريرة رضي الله عنه قال: أَتَى النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ رَجُلٌ أَعْمَى، فَقَالَ: يَا رَسُولَ اللهِ، إِنَّهُ لَيْسَ لِي قَائِدٌ يَقُودُنِي إِلَى الْمَسْجِدِ، فَسَأَلَ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ أَنْ يُرَخِّصَ لَهُ فَيُصَلِّيَ فِي بَيْتِهِ، فَرَخَّصَ لَهُ، فَلَمَّا وَلَّى دَعَاهُ، فَقَالَ: «هَلْ تَسْمَعُ النِّدَاءَ بِالصَّلَاةِ؟» فَقَالَ: نَعَمْ، قَالَ: «فَأَجِبْ». [صحيح] - [رواه مسلم]

(125) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् : एक अन्धो मानिस रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र भन्यो: हे अल्लाहका रसूल! मलाई मस्जिदमा ल्याउने कोही मान्छे छैन । त्यसैले मलाई घरमा नमाज पढ्न अनुमति दिनुहोस् । उहाँले (सुरुमा) उसलाई अनुमति दिनुभयो, तर जब उनी बाहिर निस्कन थाले, उहाँले उनलाई बोलाउनुभयो र सोध्नुभयो: "के तपाईं अजान सुन्नुहुन्छ ?" उनले जवाफ दिए: हो, म सुन्छु, त्यसपछि उहाँले भन्नुभयो: "त्यसो भए तपाईले नमाज पढ्न मस्जिदमा आउनुपर्छ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

एक अन्धो मानिस रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आयो र भन्यो: हे अल्लाहका रसूल! मलाई मस्जिदमा ल्याउन मद्दत गर्ने र पाँचवटा अनिवार्य सलाहको लागि मस्जिदमा हात समातेर ल्याउने कोही मान्छे छैन । वास्तवमा, उनी घरमा नमाज पढ्न रसूल (सल्लल्लाहु अलैहि वसल्लम) संग अनुमति चाहन्थे । उहाँले (सुरुमा) अनुमति पनि दिनुभयो, तर जब उनी बाहिर निस्कन थाले, उहाँले उनलाई बोलाउनुभयो र सोध्नुभयो: "के तपाईं अजान सुन्नुहुन्छ ?" जब उन्ले हो जवाफ दियो, त्यसपछि उहाँले भन्नुभयो: "त्यसो भए तपाईले नमाज पढ्न मस्जिदमा आउनुपर्छ ।"

## हदीसका केही फाइदाहरू:

1. जमातका साथ नमाज पढ्नु वाजिब हो, किनकि छूट वाजिब र अनिवार्य कुरामा मात्र दिइन्छ ।
2. उहाँको भनाइ 'फअजिब्' (सलाहको लागि बोलाउनेको आह्वानलाई स्वीकार गर्नुहोस्) ले अजान सुन्ने व्यक्तिको लागि मस्जिदमा जानु र नमाज पढ्नु अनिवार्य हो भन्ने कुरा स्पष्ट हुन्छ । किनभने आदेश मूलतः वाजिब कुराको लागि हुन्छ ।

(11287)

(126) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه أَنَّهُ سَمِعَ رَسُولَ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «أَرَأَيْتُمْ لَوْ أَنَّ نَهَرًا بِبَابِ أَحَدِكُمْ يَغْتَسِلُ فِيهِ كُلَّ يَوْمٍ خَمْسًا، مَا تَقُولُ ذَلِكَ يُبْقِي مِنْ دَرَنِهِ؟» قَالُوا: لَا يُبْقِي مِنْ دَرَنِهِ شَيْئًا، قَالَ: «فَذَلِكَ مِثْلُ الصَّلَوَاتِ الخَمْسِ، يَمْحُو اللَّهُ بِهِ الخَطَايَا». [صحيح] - [متفق عليه]

(126) – अबू हुरैरह रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ, मैले रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्दै गरेको सुने, उहाँले भन्नुभयो : "तिमीहरूले के सोच्छौ, यदि तिमीहरूमध्ये कसैको घरको ढोकामा एउटा नदी बगिरहेको होस् र ऊ दिनको पाँच पटक त्यसमा स्नान गर्छ भने, के त्यो उसको शरीरमा कुनै मैलो बाँकी रहन्छ? उनीहरूले भने: "कुनै मैलो बाँकी रहँदैन।" तब उहाँले भन्नुभयो: "पाँचवटा नमाजको उदाहरण त्यस्तै हो। यसबाट अल्लाह पापहरू मेटाइदिनुहुन्छ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले साना पापहरू पखाल्नको लागि दैनिक पाँच नमाजलाई एक व्यक्तिको ढोका अगाडि रहेको नदीसँग तुलना गर्नुभएको छ । जसमा ऊ हरेक दिन पाँच पटक नुहाउछ र उसको शरीरमा फोहोर हुँदैन ।

## हदीसका केही फाइदाहरू:

1. यो साना पापहरूको प्रायश्चितको लागि मात्र हो, ठूला पापहरूको लागि पश्चात्ताप गर्नुपर्छ ।
2. दैनिक पाँच नमाजहरू त्यसका सर्तहरू, स्तम्भहरू, वाजिबहरू र सुन्नतहरूको पालनाका साथ पढ्ने पुण्य ।

(4968)

(127) – عَنْ عَبْدِ اللَّهِ بِنِ مَسْعُودٍ رضي الله عنه قَالَ: سَأَلْتُ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: أَيُّ العَمَلِ أَحَبُّ إِلَى اللَّهِ؟ قَالَ: «الصَّلَاةُ عَلَى وَقْتِهَا»، قَالَ: ثُمَّ أَيٌّ؟ قَالَ: «ثُمَّ بِرُّ الوَالِدَيْنِ» قَالَ: ثُمَّ أَيٌّ؟ قَالَ: «الجِهَادُ فِي سَبِيلِ اللَّهِ» قَالَ: حَدَّثَنِي بِهِنَّ، وَلَوِ اسْتَزَدْتُهُ لَزَادَنِي. [صحيح] - [متفق عليه]

(127) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधें, कुन कर्म अल्लाहलाई सबैभन्दा प्रिय छ? उहाँले जवाफ दिनुभयो: "समयमा नमाज पढ्नु ।" त्यसपछि के? उहाँले भन्नुभयो: "आमाबाबुसँग राम्रो व्यवहार गर्नु ।" त्यसपछि के? उहाँले जवाफ दिनुभयो: "अल्लाहको मार्गमा जिहाद (युद्ध) गर्नु ।" उनले भने : उहाँले मलाई यी कुराहरूको बारेमा बताउनुभयो । यदि मैले थप सोधेको भए, उहाँले अझ बढी बताउनुहुन्थ्यो । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधियो: अल्लाहलाई सबैभन्दा प्रिय कुन कर्म हो? उहाँले जवाफ दिनुभयो: शरियतले तोकेको समयमा फर्ज नमाज पढ्नु । त्यसपछि आमाबाबुको आदर गर्नु; उनीहरूसँग दयालु व्यवहार गर्ने, तिनीहरूको अधिकार पूरा गर्ने र तिनीहरूको अवज्ञाबाट बच्ने । त्यसपछि अल्लाहको वचनलाई उच्च पार्न, इस्लाम र मुस्लिमहरूको रक्षा गर्न र इस्लामिक शिआर (प्रतीक) हरूको सर्वोच्चता स्थापित गर्न

आफ्नो जीउ-धन दुवैले अल्लाहको मार्गमा जिहाद गर्नु ।

अब्दुल्लाह बिन मसउद (रजियल्लाहु अन्हु) ले भने : उहाँले मलाई यी कार्यहरूको बारेमा बताउनुभयो; यदि मैले त्यसपछि के? सोधेको भए उहाँले मलाई थप कुरहरु बताउनुहुन्थ्यो ।

## हदीसका केही फाइदाहरू:

1. कर्महरू अल्लाहको प्रेम अनुसार आपसमा भिन्न हुन्छन् ।
2. उत्कृष्ट कर्म गर्न मुस्लिमलाई प्रोत्साहन ।
3. सबैभन्दा राम्रो कार्य के हो ? यस प्रश्नको जवाफमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले व्यक्ति, परिस्थिति र प्रश्नकर्ताका लागि जुन कर्म सबैभन्दा बढी लाभदायक थियो उसलाई त्यही जवाफ दिनुहुन्थ्यो ।

(3365)

(128) – عَنْ عُثْمَانَ رضي الله عنه قَالَ: سَمِعْتُ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «مَا مِنَ امْرِئٍ مُسْلِمٍ تَحْضُرُهُ صَلَاةٌ مَكْتُوبَةٌ فَيُحْسِنُ وُضُوءَهَا وَخُشُوعَهَا وَرُكُوعَهَا، إِلَّا كَانَتْ كَفَّارَةً لِمَا قَبْلَهَا مِنَ الذُّنُوبِ، مَا لَمْ يُؤْتِ كَبِيرَةً، وَذَلِكَ الدَّهْرَ كُلَّهُ». [صحيح] - [رواه مسلم]

(128) – उसमान (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "जब फर्ज नमाजको समय हुन्छ र एउटा मुस्लिमले राम्रोसँग वुजू गर्छ र नम्रताका साथ राम्रोसँग रूकु र सज्दा गरी नमाज पढ्छ भने त्यो नमाज उसको अघिल्लो पापहरूका लागि प्रायश्चित हुन्छ, जबसम्म उसले कुनै ठूलो पाप गर्दैन, र यो सधैं हुनेछ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जब फर्ज नमाजको समय हुन्छ र एउटा मुस्लिमले राम्रोसँग पूर्ण रूपमा वुजू गर्छ र नम्रताका साथ नमाज पढ्छ । अर्थात आफ्नो हृदय र शरीरका अंगहरू अल्लाहमा समर्पित

गर्छ, उहाँको महानतालाई ध्यानमा राख्छ र रुकु, सज्दा लगायत नमाजका सबै कार्यहरू पूर्ण रूपमा गर्छ भने यो नमाज उसको अघिल्लो साना पापहरूका लागि प्रायश्चित बन्नेछ, जबसम्म उसले कुनै ठूलो पाप गर्दैन । अल्लाहको यो कृपा समयको कुनै अवधिमा सीमित छैन, तर हरेक समय र प्रत्येक नमाज मा हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. पापको प्रायश्चित केवल त्यो नमाजले हुन्छ, जसको लागि राम्रोसँग वुजू गरिन्छ र अल्लाहको प्रसन्नता प्राप्त गर्नको लागि पूर्ण नम्रताका साथ नमाज पढिन्छ ।
2. इबादत (उपासना) मा लगनशील हुनुको सद्गुण, किनभने यो साना पापहरूको क्षमाको कारण हो ।
3. राम्रोसँग गरेको वुजू र नम्रताका साथ पढेको नमाजको सद्गुण ।
4. साना पापहरूको प्रायश्चितको लागि ठूला पापहरूबाट बच्नको महत्त्व ।
5. ठूला पापहरू तौबा (पश्चात्ताप) बिना प्रायश्चित हुन सक्दैन ।

(6254)

(129) – عن أبي هريرة رضي الله عنه أن رسول الله صلى الله عليه وسلم كان يقول: «الصَّلَوَاتُ الْخَمْسُ، وَالْجُمُعَةُ إِلَى الْجُمُعَةِ، وَرَمَضَانُ إِلَى رَمَضَانَ، مُكَفِّرَاتٌ مَا بَيْنَهُنَّ إِذَا اجْتَنَبَ الْكَبَائِرَ».
[صحيح] - [رواه مسلم]

(129) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुहुन्थ्यो : "दैनिक पाँच नमाज, र एक शुक्रवारदेखि अर्को शुक्रबार (सम्मको प्रार्थना) र एक रमजानदेखि अर्को रमजान (सम्मको उपवास) ले ती दिनहरु बीच भएका पापहरू लाई मेटाई दिन्छ, यस शर्त साथ कि व्यक्तिले ठूला पापहरूबाट आफूलाई जोगाइ रहोस् ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले दिन र रातमा पाँच अनिवार्य नमाज, हप्तामा एक पटक शुक्रबारको नमाज र वर्षमा रमजान महिनाको उपवासले सानातिना पापहरू मेटिने बताउनुभएको छ । तर यसका लागि शर्त छ कि ठूला-ठूला पापहरूबाट बच्नुपर्नेछ । ठूला पापहरू, जस्तै व्यभिचार र रक्सी सेवन आदि "तौबा" (पश्चात्ताप) नगरीकन क्षमा हुँदैनन् ।

## हदीसका केही फाइदाहरू:

1. कतिपय पापहरू साना हुन्छन् र कतिपय ठूला हुन्छन् ।
2. ठूला पापहरूबाट बच्न सके मात्र साना पापहरू क्षमा हुन्छन् ।
3. ठूलो पाप भन्नाले ती पापहरूलाई जनाउँछ, जसको लागि यस संसारमा सजाय तोकिएको छ वा (जसको परिणाम को रूपमा ) परलोकमा यातना भोग्न, वा अल्लाहको क्रोध को चेतावनी दिइएको छ वा जे (पाप) गर्नेवाला लाई धम्की वा श्राप दिइएको छ, जस्तै मद्यपान र व्यभिचार आदि जस्ता कुकर्महरु ।

(3591)

(130) – عن عمرو بن شُعيب عن أبيه عن جدِّه قال: قال رسولُ الله صلى الله عليه وسلم: «مُرُوا أولادكم بالصلاةِ وهم أبناءُ سبعِ سِنينَ، واضرِبوهم عليها وهم أبناءُ عَشرٍ، وفرِّقوا بينهم في المَضاجِعِ». [حسن] - [رواه أبو داود]

(130) – अम्र बिन शुऐबले आफ्नो बुबाद्वारा आफ्नो हजुरबुवाबाट नकल गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "आफ्ना छोराछोरीहरू सात वर्षको हुँदा सलाह (नमाज) पढ्न आदेश दिनु र दस वर्षको हुँदा तिनीहरूलाई (नमाज नपढे) पिट्नु र उनीहरूको ओछ्यान अलग गर्दिनु ।" [हसन] - [अबू दाऊदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, बुबाले आफ्नो सन्तान (छोराछोरी) लाई सात वर्षको हुँदा नमाज पढ्न आदेश दिनुपर्छ र यसलाई स्थापित गर्न आवश्यक कुराहरू सिकाउनुपर्छ । तिनीहरू दस वर्ष पुगेपछि लापरवाही गर्छन् भने पिट्न भनिएको छ र उनीहरूको ओछ्यान पनि अलग गर्न आदेश दिइएको छ ।

## हदीसका केही फाइदाहरू:

1. बालबालिकाहरूलाई बालिग हुनु अघि दीन (धर्म) का आधारभूत कुराहरू सिकाउनु पर्छ, जसमध्ये सबैभन्दा महत्त्वपूर्ण सलाह हो ।
2. पिट्नु अनुशासनको लागि हो, यातनाको लागि होइन, त्यसैले अवस्था अनुरूप पिटाइ गर्नुपर्छ ।
3. शरियतले इज्जत जोगाउन र भ्रष्टाचार निम्त्याउन सक्ने हरेक बाटो अवरुद्ध गरेको छ ।

(5272)

(131) – عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللهُ عنه سَمِعْتُ رَسُولَ اللهِ صلى الله عليه وسلم يَقُولُ: «قَالَ اللهُ تَعَالَى: قَسَمْتُ الصَّلَاةَ بَيْنِي وَبَيْنَ عَبْدِي نِصْفَيْنِ، وَلِعَبْدِي مَا سَأَلَ، فَإِذَا قَالَ الْعَبْدُ: {الْحَمْدُ لِلهِ رَبِّ الْعَالَمِينَ}، قَالَ اللهُ تَعَالَى: حَمِدَنِي عَبْدِي، وَإِذَا قَالَ: {الرَّحْمَنِ الرَّحِيمِ}، قَالَ اللهُ تَعَالَى: أَثْنَى عَلَيَّ عَبْدِي، وَإِذَا قَالَ: {مَالِكِ يَوْمِ الدِّينِ}، قَالَ: مَجَّدَنِي عَبْدِي، -وَقَالَ مَرَّةً: فَوَّضَ إِلَيَّ عَبْدِي-، فَإِذَا قَالَ: {إِيَّاكَ نَعْبُدُ وَإِيَّاكَ نَسْتَعِينُ}، قَالَ: هَذَا بَيْنِي وَبَيْنَ عَبْدِي وَلِعَبْدِي مَا سَأَلَ، فَإِذَا قَالَ: {اهْدِنَا الصِّرَاطَ الْمُسْتَقِيمَ، صِرَاطَ الَّذِينَ أَنْعَمْتَ عَلَيْهِمْ غَيْرِ الْمَغْضُوبِ عَلَيْهِمْ وَلا الضَّالِّينَ}، قَالَ: هَذَا لِعَبْدِي وَلِعَبْدِي مَا سَأَلَ». [صحيح] - [رواه مسلم]

(131) – अबू हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "अल्लाहले भन्नुभएको छ: मैले सलाह (नमाज) लाई म र मेरो भक्तको बीचमा आधा-आधा बाडेको छु र मेरो भक्तले जे मागेको छ त्यही पाउनेछ । जब भक्तले {अल्हम्दु लिल्लाहि रब्बिल-आलमीन} भन्छ, तब अल्लाह भन्नुहुन्छ : मेरो भक्तले मेरो प्रशंसा गरेको छ । जब भक्तले {अर्रहमा निर्रहीम} भन्छ, तब अल्लाह भन्नुहुन्छ: मेरो भक्तले मेरो बढाई व्यक्त गरेको छ । जब भक्तले {मालिकि यौमिद्दीन} भन्छ, तब अल्लाह भन्नुहुन्छ : मेरो भक्तले मेरो महिमा गरेको छ र एक पटक उहाँले भन्नुभयो: मेरो भक्तले आफ्नो सबै मामिलाहरू मलाई सुम्पेको छ । जब भक्तले {इय्याक नाअ्बुदु व इय्याक नस्तईन} भन्छ, तब अल्लाह भन्नुहुन्छ : यो म र मेरो भक्तको बीचमा छ र मेरो भक्तले जे मागेको छ त्यही पाउनेछ । त्यसैले जब भक्तले {इह्दि नस्सिरातल-मुस्तकीम, सिरातल्लजीन अन्अम्त अलैहिम गैरुल-मग्जूबि अलैहिम व लज्जाल्लीन} भन्छ, तब अल्लाह भन्नुहुन्छ : यो मेरो भक्तको लागि हो र मेरो भक्तले जे मागेको छ उसले त्यही पाउनेछ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले बयान गर्नुभएको छ, अल्लाहले हदीस कुदसीमा भन्नुभएको छ: मैले नमाजमा पढिने सूरह फातिहालाई म र मेरो भक्त बीच बाडेको छु । आधा मेरो लागि र आधा उसको लागि हो ।

पहिलो आधा भागमा अल्लाहको प्रशंसा र महिमाको वर्णन गरिएको छ, जसको लागि अल्लाहले भक्तलाई उत्तम इनाम दिनुहुन्छ ।

जबकि यसको दोस्रो भागमा बिन्ती र दुआ (प्रार्थना) समावेश छ, जुन अल्लाहले स्वीकार गर्नुहुन्छ र मानिसलाई उसले मागेको सबै चीजहरू प्रदान गर्नुहुन्छ ।

जब नमाज पढ्ने व्यक्तिले {अल्हम्दु लिल्लाहि रब्बिल-आलमीन} भन्छ, तब अल्लाह भन्नुहुन्छ : मेरो भक्तले मेरो प्रशंसा गरेको छ । जब भक्तले {अर्रहमा निर्रहीम} भन्छ, तब अल्लाह भन्नुहुन्छ: मेरो भक्तले मेरो प्रशंसा र कृतज्ञता व्यक्त गरेको छ र मैले सृष्टिप्रति गरेको उपकारलाई स्वीकार गरेको छ । जब भक्तले {मालिकि यौमिद्दीन} भन्छ, तब अल्लाह भन्नुहुन्छ : मेरो भक्तले मेरो महिमा गरेको छ, जुन ठूलो सम्मान हो ।

जब भक्तले {इय्याक नाअ्बुदु व इय्याक नस्तईन} भन्छ, तब अल्लाह भन्नुहुन्छ : यो म र मेरो भक्त बीचको सम्बन्ध हो ।

यस आयतको पहिलो आधा "इयाक नाअ्बुदु" सम्म अल्लाहको लागि हो । वास्तवमा यसमा अल्लाह नै उपासना योग्य हुनुहुन्छ भन्ने कुराको घोषणा हो र पहिलो आधा यहीं समाप्त हुन्छ ।

जबकि यस आयतको दोस्रो भाग "व इयाक नस्तईन" सम्म हो, जुन भक्तको लागि हो, जसमा अल्लाहबाट सहायता मागिएको छ र उहाँले मद्दत गर्ने प्रतिज्ञा गर्नुभएको छ ।

त्यसैले जब भक्तले {इह्दि नस्सिरातल-मुस्तकीम*, सिरातल्लजीन अन्अम्मत अलैहिम, गैरुल-मग्जूबि अलैहिम व लज्जाल्लीन} भन्छ, तब अल्लाह भन्नुहुन्छ : मेरो भक्तले बिन्ती र दुआ गरेको छ, मेरो भक्तले जे मागेको छ उसले त्यही पाउनेछ र मैले उसको दुआ स्वीकार गरें ।"

## हदीसका केही फाइदाहरू:

1. सुरा फातिहाको महत्व, किनभने अल्लाहले यसलाई ‘अस्-सलाह’ को नाम दिनुभएको छ ।
2. आफ्नो भक्तप्रति अल्लाहको कृपाको वर्णन, भक्तले उहाँको प्रशंसा गर्छ भनेर भक्तको प्रशंसा र भक्तले जे मागेको छ त्यो दिने वाचा गर्नुभएको छ ।
3. यस पवित्र सूरहमा अल्लाहको प्रशंसा, परलोकको उल्लेख, अल्लाहलाई बिन्ती, उहाँको मात्र उपासना गर्न आह्वान, सही मार्गदर्शन गर्न प्रार्थना र गलत मार्गहरूमा नलगाउन जस्ता विषयहरू समावेश छन् ।
4. यदि कुनै उपासकले सुरह फातिहा पढ्दा यो हदीस आफ्नो दिमागमा राख्छ भने प्रार्थनामा उसको खुशुअ (नम्रता) बढ्छ ।

(65099)

(132) – عن بريدة رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «إِنَّ الْعَهْدَ الَّذِي بَيْنَنَا وَبَيْنَهُمُ الصَّلَاةُ، فَمَنْ تَرَكَهَا فَقَدْ كَفَرَ». [صحيح] - [رواه الترمذي والنسائي وابن ماجه وأحمد]

(132) – बुरैदह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "हामी र तिनीहरूको बीचमा रहेको फरक सलाह हो । जसले यसलाई त्याग्छ उसले कुफ्र गर्यो ।" [सही] - [तिर्मीजी, निसाई, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, मुस्लिम र अन्य काफिर र मुनाफिक (पाखण्डी) हरू बीचको फरक नमाज हो, त्यसैले जसले यसलाई त्याग्छ उसले अविश्वास कुफ्र (अविश्वास) गरेको छ ।"

## हदीसका केही फाइदाहरू:

1. नमाजको महत्व र यो आस्तिक र काफिर बीचको भिन्नता हो ।
2. मानवको बाह्य अवस्था अनुसार इस्लामका नियमहरू लागु हुनेछन्, उसको आन्तरिक अवस्थाले होइन ।

(65094)

(133) – عن جابرٍ رضي الله عنه قال: سمعت النبي صلى الله عليه وسلم يقول: «إِنَّ بَيْنَ الرَّجُلِ وَبَيْنَ الشِّرْكِ وَالْكُفْرِ تَرْكَ الصَّلَاةِ». [صحيح] - [رواه مسلم]

(133) – जाबिर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "वास्तवमा, एक व्यक्ति र शिर्क तथा कुफ्र बीचको रेखा सलाह (नमाज) छोड्नु हो ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एक व्यक्ति र कुफ्र (अविश्वास) र शिर्क(बहुईश्वरवाद)को बीचमा फरक पार्ने कुरा नमाज छोड्नु हो भनेर फर्ज नमाज (अनिवार्य) छोड्न विरुद्ध कडा चेतावनी दिनुभएको छ । किनभने नमाज इस्लामको दोस्रो स्तम्भ र निकै नै महत्त्वपूर्ण कर्तव्य हो । यसको फर्जियत (अनिवार्यता) लाई इन्कार र यसलाई परित्याग गर्ने व्यक्ति काफिर हो भन्ने कुरामा सम्पूर्ण मुस्लिमहरूको इज्मा (एकमत) रहेको छ । त्यसैगरी यदि कसैले आलस्यले गर्दा पूर्णतया नमाजलाई त्याग्यो भने ऊ पनि काफिर हो र यस विषयमा सहाबाहरूको इज्मा (एकमत) रहेको छ । तर यदि कसैले कहिलेकाहीँ नमाज पढ्छ र कहिलेकाहीँ छोड्छ भने ऊ उक्त कडा चेतावनीको खतरामा हुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. पावन्दीका सथा सलाह (नमाज) स्थापना गर्नुको महत्व, किनभने यो
2. कुफ्र (अविश्वास) र ईमान (विश्वास) बीचको भिन्नता हो ।
3. नमाज छाड्ने र यसलाई बर्बाद गर्नेहरूका लागि कडा चेतावनी ।

(65093)

(134) – عن سالم بن أبي الجَعْدِ قال: قال رجل: ليتني صَلَّيتُ فاسترحْتُ، فكأنّهم عابُوا ذلك عليه، فقال: سمعتُ رسولَ الله صلى الله عليه وسلم يقول: «يا بلالُ، أَقِمِ الصَّلاةَ، أَرِحْنا بها».
[صحيح] - [رواه أبو داود]

(134) – सालिम बिन अबु जाअ्दले बयान गरेका छन्, एक व्यक्तिले भने : म नमाज पढेर राहत पाउन चाहन्छु । तर उनीहरूले उनको भनाइलाई नराम्रो रूपमा लिए । उनले भने, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "हे बिलाल! नमाजको स्थापना गर (अजान देऊ) र यसद्वारा हामीलाई शान्ति दिऊ ।" [सही] - [अबू दाऊदले वर्णन गरेका छन्]

## व्याख्या:

एक सहाबीले भने: म नमाज पढेर राहत पाउन चाहन्छु, तब वरपरका केही मानिसहरूले उनको भनाइलाई नराम्रो ठाने । त्यसपछि उनले भने, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : ए बिलाल! नमाज लागि अजान देऊ र नमाज कायम गर, ताकि हामीले यसबाट शान्ति पाउन सकौं; किनभने नमाज मा अल्लाहसँग कुराकानी हुन्छन् र आत्मा र हृदयलाई शान्ति मिल्छ ।

## हदीसका केही फाइदाहरू:

1. नमाज मा अल्लाहसँग कुराकानी भएकोले आत्मा र हृदयलाई शान्ति मिल्छ ।

2. उपासनालाई बेवास्ता गर्नेहरूको खण्डन ।
3. जसले आफ्नो कर्तव्यको पालना गर्दै आफ्नो दायित्व निर्वाह गर्छ भने उसलाई एक प्रकारको राहत र सन्तुष्टिको अनुभूति हुन्छ ।

(65095)

(135) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: كَانَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، إِذَا كَبَّرَ فِي الصَّلَاةِ، سَكَتَ هُنَيَّةً قَبْلَ أَنْ يَقْرَأَ، فَقُلْتُ: يَا رَسُولَ اللهِ بِأَبِي أَنْتَ وَأُمِّي أَرَأَيْتَ سُكُوتَكَ بَيْنَ التَّكْبِيرِ وَالْقِرَاءَةِ، مَا تَقُولُ؟ قَالَ «أَقُولُ: اللهُمَّ بَاعِدْ بَيْنِي وَبَيْنَ خَطَايَايَ كَمَا بَاعَدْتَ بَيْنَ الْمَشْرِقِ وَالْمَغْرِبِ، اللهُمَّ نَقِّنِي مِنْ خَطَايَايَ كَمَا يُنَقَّى الثَّوْبُ الْأَبْيَضُ مِنَ الدَّنَسِ، اللهُمَّ اغْسِلْنِي مِنْ خَطَايَايَ بِالثَّلْجِ وَالْمَاءِ وَالْبَرَدِ». [صحيح] - [متفق عليه]

(135) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् : जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) नमाज आरम्भ गर्न तकबीर भन्नुहुन्थ्यो, तब किरात (अल्हम्दु..) गर्नु अघि केही बेर मौन रहनुहुन्थ्यो । मैले भने: हे अल्लाहका रसूल! मेरो आमाबुबा पनि हजुरको लागि बलिदान होस्! तपाईं तकबीर र (सूरह फातिहा) बीच मौनतामा के पढ्नुहुन्छ? उहाँले भन्नुभयो: "म भन्छु: "अल्लाहुम्म बाइद् बैनी व बैन खता-याय, कमा बाअत्त बैनल्-मश्रिकि वल्मग्रिब्, अल्लाहुम्म नक्किनी मिन् खता-याय, कमा युनक्क स्सौबुल्-अब्यजु मिनद् दनस्, अल्लाहुम्-मग्सिल्नी मिन् खता-याय बिस्सल्जि वल्-माइ वल्-बरद् ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) नमाज आरम्भ गर्न तकबीर भन्नुहुन्थ्यो, सूरह फातिहा पढ्नु अघि केही बेर मौन रहनुहुन्थ्यो । यस अन्तरालमा उहाँले केही दुआ (प्रार्थना) हरूद्वारा आफ्नो नमाज सुरु गर्नुहुन्थ्यो । यी मध्ये एक हो: "अल्लाहुम्म बाइद् बैनी व बैन खता-याय, कमा बाअत्त बैनल्-मश्रिकि वल्मग्रिब्, अल्लाहुम्म नक्किनी मिन् खता-याय, कमा युनक्कस्सौबुल्-अब्यजु

मिनद् दनस, अल्लाहुम्-मग्सिल्नी मिन् खता-याय बिस्सल्जि वल्-माइ वल्-बरद्।" हे अल्लाह ! मलाई मेरा पापहरूबाट त्यत्तिकै टाढा राख्नुहोस् जसरी तपाईंले पूर्व र पश्चिमलाई टाढा राख्नुभएको छ । हे अल्लाह ! मलाई मेरो पापहरूबाट त्यसरी नै स्वच्छ र शुद्ध पार्नुहोस् जसरी सेतो कपडाबाट फोहर र दाग सफा गरिन्छ । हे अल्लाह ! मेरा पापहरूलाई हिउँ, पानी र असिनाले धोइदिनुहोस् ।

## हदीसका केही फाइदाहरू:

1. इस्तिफ्ताह (नमाज प्रारम्भ) गर्ने दुआ बिस्तारै पढ्नुपर्छ, यद्यपि जहरी (ठूलो स्वरमा पढिने) नमाज भए पनि ।
2. नबी (सल्लल्लाहु अलैहि वसल्लम) का सहाबा (साथी) हरू उहाँको दिनचर्या, अवस्थाहरू र के गर्नुहुन्छ र के गर्नुहुन्न जान्न उत्सुक हुन्थे ।
3. इस्तिफ्ताह (नमाज प्रारम्भ) गर्ने दुआका अन्य रूपहरु पनि नबी (सल्लल्लाहु अलैहि वसल्लम) बाट प्रमाणित छन् । त्यसैले कहिले यो दुआ र कहिले अर्को पढेर प्रमाणित सबै तरिकाहरूमाथि अमल गर्नु राम्रो हो ।

(3104)

(136) – عَن ابْنِ عُمَرَ رضي الله عنهما: أَنَّ رَسُولَ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ كَانَ يَرْفَعُ يَدَيْهِ حَذْوَ مَنْكِبَيْهِ إِذَا افْتَتَحَ الصَّلَاةَ، وَإِذَا كَبَّرَ لِلرُّكُوعِ، وَإِذَا رَفَعَ رَأْسَهُ مِنَ الرُّكُوعِ، رَفَعَهُمَا كَذَلِكَ أَيْضًا، وَقَالَ: «سَمِعَ اللَّهُ لِمَنْ حَمِدَهُ، رَبَّنَا وَلَكَ الحَمْدُ»، وَكَانَ لاَ يَفْعَلُ ذَلِكَ فِي السُّجُودِ. [صحيح] - [متفق عليه]

(136) – अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) (तकबीर) भनेर नमाज शुरु गर्नुहुन्थ्यो र जब रुकुको लागि तकबीर भन्नुहुन्थ्यो, तब उहाँले आफ्ना दुवै हातहरू काँध बराबर उठाउनु हुन्थ्यो । रुकुबाट टाउको उठाउँदा पनि उस्तै दुवै हात उठाउनु हुन्थ्यो र “समिअल्लाहु लिमन् हमिदह, रब्बना व लकल-हम्द” भन्नुहुन्थ्यो । जबकि सज्दामा यसो गर्नुभएन । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) नमाजमा तीन स्थानहरूमा 'रफउल-यदैन' अर्थात आफ्नो दुवै हात काँध बराबर वा विपरीत उठाउनुहुन्थ्यो ।

पहिलो स्थान: नमाजको सुरुमा तकबीर तहरीमाको समयमा ।

दोस्रो स्थान: रुकुको लागि तकबीर भनिरहँदा ।

तेस्रो स्थान: रुकुबाट टाउको उठाउँदा र “समिअल्लाहु लिमन हमिदह, रब्बना व लकल-हम्द” भन्दै गर्दा ।

सज्दामा जाँदा र सज्दाबाट उठ्दा हात उठाउनु भएन ।

## हदीसका केही फाइदाहरू:

1. दुबै हात उठाउनु भनेको नमाजको शोभा र अल्लाहको महिमा हो ।
2. नमाज पढ्दा चौथो स्थानमा पनि हात उठाउनु नबी (सल्लल्लाहु अलैहि वसल्लम) बाट प्रमाणित छ । तीन र चार रकात भएको नमाजमा पहिलो तशाहुदपछि तेस्रो रकातको लागि खडा हुने समयमा र यसको प्रमाण सुनन अबू दाउद आदिमा अबू हुमैद साईदीको हदीसमा उल्लेख छ ।

3. नबी सल्लल्लाहु अलैहि वसल्लमबाट यो पनि प्रमाणित भएको छ कि उहाँले आफ्नो हातहरू कानसम्म नछोईकन उठाउनुहुन्थ्यो, जसरी सहीह बुखारी र मुस्लिममा मालिक बिन हुवैरिसको वर्णनमा आएको छ: 'नबी सल्लल्लाहु अलैहि वसल्लमले जब तकबीर पढ्नुहुन्थ्यो, तब आफ्नो हातहरू कानसम्म उठाउनुहुन्थ्यो।'"
4. इमाम र मुन्फरिद (एक्लै नमाज पढ्ने) ले "समिअल्लाहु लिमन हमिदह, रब्बना व लकल-हम्द" दुबै भन्नेछन् । मुक्तदी (इमामको नमाज पढ्ने) ले "रब्बना व लकल-हम्द" मात्र भन्नेछ ।
5. रूकुबाट उठेपछि "रब्बना व लकल-हम्द" भन्ने चारवटा तरिका (शब्मद) हरू नबी (सल्लल्लाहु अलैहि वसल्लम) बाट प्रमाणित छन् । ती मध्ये एक यो हो र कहिले यो शब्द र कहिले अर्को पढेर सबै तरिकाहरूमाथि अमल गर्नु राम्रो हो ।

(3095)

(137) – عَنْ عُبَادَةَ بْنِ الصَّامِتِ رضي الله عنه أَنَّ رَسُولَ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «لَا صَلَاةَ لِمَنْ لَمْ يَقْرَأْ بِفَاتِحَةِ الكِتَابِ». [صحيح] - [متفق عليه]

(137) – उबादह बिन सामित (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले सूरह फातिहा पढेन, उसको नमाज भएन ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, सूरह फातिहा बिना नमाज सही हुँदैन । प्रत्येक रकाअतमा सूरह फातिहा पढ्नु नमाजको एक स्तम्भ हो ।

## हदीसका केही फाइदाहरू:

1. यदि सूरह फातिहा पढ्ने शक्ति छ भने अरू केही पढ्दा पर्याप्त हुन्न ।

2. यदि कुनै रकाअतमा सूरह फातिहा पढिएन भने त्यो रकाअत अमान्य हुन्छ, चाहे त्यो जानाजानी, अज्ञानता वा बिर्सेर होस्, किनभने यो नमाजको एउटा रुक्न (स्तम्भ) हो र रुक्नलाई कदापी छोड्न सकिदैन ।
3. यदि मुक्तदीले इमामलाई रुकुको अवस्थामा भेट्टाउँछ भने सूरह फातिहा पढ्नु माफ छ ।

(5378)

(138) – عن أَبِي هُرَيْرَةَ رضي الله عنه: أنه كَانَ يُكَبِّرُ فِي كُلِّ صَلَاةٍ مِنَ الْمَكْتُوبَةِ وَغَيْرِهَا، فِي رَمَضَانَ وَغَيْرِهِ، فَيُكَبِّرُ حِينَ يَقُومُ، ثُمَّ يُكَبِّرُ حِينَ يَرْكَعُ، ثُمَّ يَقُولُ: سَمِعَ اللهُ لِمَنْ حَمِدَهُ، ثُمَّ يَقُولُ: رَبَّنَا وَلَكَ الْحَمْدُ، قَبْلَ أَنْ يَسْجُدَ، ثُمَّ يَقُولُ: اللهُ أَكْبَرُ حِينَ يَهْوِي سَاجِدًا، ثُمَّ يُكَبِّرُ حِينَ يَرْفَعُ رَأْسَهُ مِنَ السُّجُودِ، ثُمَّ يُكَبِّرُ حِينَ يَسْجُدُ، ثُمَّ يُكَبِّرُ حِينَ يَرْفَعُ رَأْسَهُ مِنَ السُّجُودِ، ثُمَّ يُكَبِّرُ حِينَ يَقُومُ مِنَ الْجُلُوسِ فِي الِاثْنَتَيْنِ، وَيَفْعَلُ ذَلِكَ فِي كُلِّ رَكْعَةٍ، حَتَّى يَفْرُغَ مِنَ الصَّلَاةِ، ثُمَّ يَقُولُ حِينَ يَنْصَرِفُ: وَالَّذِي نَفْسِي بِيَدِهِ، إِنِّي لَأَقْرَبُكُمْ شَبَهًا بِصَلَاةِ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، إِنْ كَانَتْ هَذِهِ لَصَلَاتَهُ حَتَّى فَارَقَ الدُّنْيَا. [صحيح] - [متفق عليه]

(138) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उहाँ हरेक नमाजमा तकबीर भन्नुहुन्थ्यो, चाहे त्यो नमाज अनिवार्य होस् वा नफिल, चाहे त्यो रमजानमा होस् वा अन्य महिनामा । नमाजको लागि खडा हुँदा तकबीर भन्नुहुन्थ्यो, रुकुमा जाँदा तकबीर भन्नुहुन्थ्यो, त्यसपछि (रुकुबाट उठ्दा) 'समिअल्लाह लिमान हमिदह' भन्नुहुन्थ्यो र सज्दामा जानुअघि 'रब्बाना वलकल-हम्दु' भन्नुहुन्थ्यो । त्यसपछि सज्दामा जाँदा तकबीर भन्नुहुन्थ्यो, त्यसपछि सज्दाबाट टाउको उठाउँदा तकबीर भन्नुहुन्थ्यो, त्यसपछि दुई रकात पूरा गरेपछि तेस्रो रकाअतको लागि खडा हुँदा तकबीर भन्नुहुन्थ्यो र यसरी नमाज पूरा नभएसम्म प्रत्येक रकतमा तकबीर भन्नुहुन्थ्यो । नमाज पूरा गरेपछि उनले भने : अल्लाहको कसम, जसको हातमा मेरो जीवन छ, म तपाईंहरूमध्ये सबै भन्दा बढी अल्लाहको रसूलसँग मिल्दोजुल्दो नमाज पढ्ने व्यक्ति हुँ । उहाँ यसरी नै नमाज पढ्नु हुन्थ्यो यहाँसम्म कि उहाँको निधन भयो । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

अबू हुरैरा (रजियल्लाहु अन्हु) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को नमाजको एक भाग बयान गर्दै भनेका छन् । उहाँ जब नमाजको लागि उभिनुहुन्थ्यो, तब उहाँ तकबीर तहरीमा(अल्लाहु अक्बर) भन्नुहुन्थ्यो । त्यसपछि रुकुमा जाँदा, सजदा गर्दा, रुकुबाट टाउको उठाउँदा, दोस्रो सज्दामा जाँदा,

दोस्रो सज्दाबाट शिर उठाउँदा र तशह्हुदको लागि बस्दा र तीन वा चार रक्अतको नमाज मा तेस्रो र चौथो रक्अतको लागि उभिने बेला तकबीर भन्नुहुन्थ्यो र यसरी नमाज पूरा नभएसम्म प्रत्येक रक्अतमा तकबीर भन्नुहुन्थ्यो । रुकुबाट उठ्दा 'समिअल्लाह लिमान हमिदह' र 'रब्बाना वलकल-हम्दु' भन्नुहुन्थ्यो ।

नमाज पूरा गरेपछि अबू हुरैरा (रजियल्लाहु अन्हु) ले भने : म तपाईंहरूमध्ये सबै भन्दा बढी अल्लाहको रसूलसँग मिल्दोजुल्दो नमाज पढ्ने व्यक्ति हुँ । उहाँ यसरी नै नमाज पढ्नु हुन्थ्यो यहाँसम्म कि उहाँको निधन भयो ।

## हदीसका केही फाइदाहरू:

1. नमाजमा प्रत्येक पटक झुक्दा र उठ्दा तकबीर भनिनेछ, तर रुकुबाट उठ्दा 'समीअल्लाहु लिमान हमिदह' भनिन्छ ।
2. सहाबाहरूले हाम्रा नबी (सल्लल्लाहु अलैहि वसल्लम)को अनुसरण गर्न र उहाँको सुन्नतलाई सुरक्षित राख्न अत्यन्त मिहिनेत गर्नु भयो।

(65098)

(139) – عن ابنِ عَبَّاسٍ رضي الله عنهما عن النبيِّ صلى الله عليه وسلم قال: «أُمِرْتُ أَنْ أَسْجُدَ عَلَى سَبْعَةِ أَعْظُمٍ: عَلَى الْجَبْهَةِ وَأَشَارَ بِيَدِهِ عَلَى أَنْفِهِ، وَالْيَدَيْنِ، وَالرُّكْبَتَيْنِ، وَأَطْرَافِ الْقَدَمَيْنِ، وَلَا نَكْفِتَ الثِّيَابَ وَالشَّعَرَ». [صحيح] - [متفق عليه]

(139) – अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मलाई सात हड्डी (अंग) हरू : निधार, र उहाँले आफ्नो हातले आफ्नो नाकतिर संकेत गर्नुभयो, दुवै हात, दुबै घुँडा र दुबै खुट्टाको औंलाहरूमा सजदा गर्न आदेश दिइएको छ। अनि लुगा र कपाल जम्मा नगर्न पनि ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : अल्लाहले उहाँलाई नमाज पढ्दा शरीरको सातवटा अंगहरूमा सजदा गर्न आदेश दिनुभएको छ। यी सात अंगहरू यस प्रकार छन्:

१) निधार, नाक र आँखामाथि अनुहारको भाग । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अनुहारको नाम लिने क्रममा हातले नाकतिर इशारा गरेर निधार र नाक एउटै अंग हो र यो सातमध्ये  एक हो र सज्दा गर्नेले नाक भुइँमा राख्नुपर्छ भनी बताउनुभयो ।

२) र ३) दुवै हात ।

४) र ५) दुवै घुँडा ।

६) र ७) दुवै खुट्टाका औंलाहरू ।

उहाँले हामीलाई सज्दा गर्दा आफ्नो कपाल र कपडालाई बचाउनको लागि बाँध्न वा जम्मा नगर्न पनि आदेश दिनुभयो । ताकि तिनीहरू शरीरका अंगहरूसँगै सज्दा गरुन् ।

## हदीसका केही फाइदाहरू:

1. नमाजमा सात अंगहरूमा सजदा गर्नु अनिवार्य छ ।

2. नमाजमा कपडा र कपाल बाँध्न निषेध गरिएको छ ।
3. शान्तपूर्वक नमाज पढ्नु वजिब हो । अर्थात सज्दाका सातै अंगहरू भुइँमा राखेर त्यसमा पढ्नु पर्ने प्रमाणित जिक्र र दुआलाई सन्तुष्टिपूर्वक पढ्नुपर्छ ।
4. कपाल नबाँध्न प्रतिबन्ध पुरुषहरूको लागि हो । यसमा महिलाहरु आउँदैनन् । किनकि नमाजको समयमा महिलाहरुलाई आफुलाई ढाक्न आदेश दिइएको छ ।

(10925)

(140) – عَن أَبِي أُمَامَةَ قَالَ: حَدَّثَنِي عَمْرُو بْنُ عَبَسَةَ رضي الله عنه أَنَّهُ سَمِعَ النَّبِيَّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «أَقْرَبُ مَا يَكُونُ الرَّبُّ مِنَ العَبْدِ فِي جَوْفِ اللَّيْلِ الآخِرِ، فَإِنْ اسْتَطَعْتَ أَنْ تَكُونَ مِمَّنْ يَذْكُرُ اللَّهَ فِي تِلْكَ السَّاعَةِ فَكُنْ». [صحيح] - [رواه أبو داود والترمذي والنسائي]

(140) – अबू-उमामा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उनले भने अम्र बिन अबसह (रजियल्लाहु अन्हु) ले मलाई बताउनुभयो, उनले नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुने: "अल्लाह आफ्नो भक्तदेखि रातको अन्तिम प्रहरमा सबैभन्दा बढी नजिक हुनुहुन्छ । यदि तिमी त्यस समयमा अल्लाहलाई सम्झनेहरूमा सामेल हुन सक्छौ भने, अवश्य त्यसो गर्नु ।" [सही] - [अबू दाउद, तिर्मीजी र निसाईले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : अल्लाह आफ्नो भक्तदेखि रातको अन्तिम तेस्रो प्रहरमा सबैभन्दा बढी नजिक हुनुहुन्छ । यदि तपाईं त्यस समयमा अल्लाहको उपासना, दुआ, स्मरण र पश्चात्ताप गर्नेहरूमध्ये बन्न सक्षम हुनुहुन्छ भने त्यसको लागि प्रयास गर्नुहोस् ।

## हदीसका केही फाइदाहरू:

1. मुस्लिमलाई रातको अन्तिम प्रहरमा अल्लाहको जिक्र (सम्झना र स्तुति) गर्न प्रोत्साहन ।
2. जिक्र (सम्झना र स्तुति), दुआ (प्रार्थना) र नमाजका लागि एक समय अर्को समय भन्दा फरक हुन्छ ।
3. मीरक (शाह अल- हनफी) ले भने: यस हदीसमा भनिएको छ : "अल्लाह आफ्नो भक्तदेखि रातको अन्तिम प्रहरमा सबैभन्दा बढी नजिक हुनुहुन्छ ।" जबकि अर्को हदीसमा छ : "भक्त सजदा गर्दा आफ्नो परमेश्वर (अल्लाह) को सबैभन्दा धेरै नजिक हुन्छ" । यसको जवाफ के छ भने यस हदीसमा समयलाई संकेत गरिएको हो, जुन मध्यरात हो जबकि अर्को हदीसमा अवस्थालाई संकेत गरिएको हो, जुन सजदाको अवस्थामा हो ।

(3236)

(141) – عن جَرِيْر بنِ عبدِ الله رضي الله عنه قال: كُنَّا عِنْدَ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، فَنَظَرَ إِلَى الْقَمَرِ لَيْلَةً -يَعْنِي الْبَدْرَ- فَقَالَ: «إِنَّكُمْ سَتَرَوْنَ رَبَّكُمْ كَمَا تَرَوْنَ هَذَا الْقَمَرَ، لَا تُضَامُونَ فِي رُؤْيَتِهِ، فَإِنِ اسْتَطَعْتُمْ أَنْ لَا تُغْلَبُوا عَلَى صَلَاةٍ قَبْلَ طُلُوعِ الشَّمْسِ وَقَبْلَ غُرُوبِهَا فَافْعَلُوا» ثُمَّ قَرَأَ: «{وَسَبِّحْ بِحَمْدِ رَبِّكَ قَبْلَ طُلُوعِ الشَّمْسِ وَقَبْلَ الْغُرُوبِ}» [صحيح] - [متفق عليه]

(141) – जरीर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, हामी रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सँग थियौं । उहाँले एक रात चन्द्रमा (अर्थात् पूर्णिमा) लाई हेर्नुभयो र भन्नुभयो: "वास्तवमा, तिमीहरूले यो चन्द्रमा देखे जस्तै आफ्नो रब (पालनकर्ता) लाई देख्नेछौ र उहाँलाई हेर्दा तिमीहरूलाई कुनै समस्या हुनेछैन । तसर्थ, सूर्योदय र सूर्यास्त अघिको नमाजहरूमा कुनै कुराले बाधा नपरोस् भन्ने सम्भव छ भने अवश्य गर्नु।" त्यसपछि उहाँले यो आयत पढ्नुभयो: (सूर्योदय र सूर्यास्त हुनु अघि आफ्नो परमेश्वरको प्रशंसाको साथ महिमा गर) । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

एक रात साहाबहरू रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को साथमा थिए र यसैबीच उहाँले चन्द्रमा (अर्थात् पूर्णिमा) तिर हेरेर भन्नुभयो: आस्थावानहरूले आफ्ना परमेश्वरलाई आफ्नै आँखाले बिना कुनै शंका नै देख्नेछन् र उहाँलाई हेर्नमा कुनै समस्या, थकान र कठिनाइ हुनेछैन । त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : यदि तिमी फजर र अस्रको नमाज पढ्नबाट विचलित पार्ने चीजहरू हटाउन सक्षम हुन्छौ भने यी दुई नमाजहरू समयमा जमातका साथ पूर्ण रूपमा पढ्नु, किनकि यो अल्लाहको अनुहार हेर्न सुअवसर प्रदान गर्ने चीजहरू मध्ये एक हो । त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यो आयत पढ्नुभयो : (सूर्योदय र सूर्यास्त हुनु अघि आफ्नो परमेश्वरको प्रशंसाको साथ महिमा गर) ।

## हदीसका केही फाइदाहरू:

1. आस्थावानहरूले स्वर्गमा अल्लाहको दर्शन गर्ने अवसर पाउनेछन् ।

2. दावह (इस्लाम तर्फ आह्वान) गर्ने शैलीहरूमध्ये कुनै कुरामा जोड दिनु, प्रोत्साहन गर्नु र उदाहरणद्वारा व्याख्या गर्नु हो ।

(5657)

(142) – عن أَبِي مُوسَى الأَشْعَرِيِّ رضي الله عنه: أَنَّ رَسُولَ اللهِ صلى الله عليه وسلم قَالَ: «مَنْ صَلَّى الْبَرْدَيْنِ دَخَلَ الْجَنَّةَ» [صحيح] - [متفق عليه]

(142) – अबू-मूसा अल्-अश्अरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले दुई शीतल समयको नमाज पढ्छ ऊ स्वर्ग मा प्रवेश गर्नेछ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले मानिसहरूलाई दुई शीतल समयको नमाज पढ्न प्रेरित गर्नुभयो, जुन फज्र र अस्रको नमाज हो । जसले यी दुई नमाज समय, जमात र अन्य चीजहरूको पालन गर्दै पढ्छ, ऊ स्वर्ग प्रवेश गर्नेछ भनेर शुभसमाचार दिनुभयो ।

## हदीसका केही फाइदाहरू:

1. फज्र र अस्रको नमाजलाई संरक्षण गर्ने सद्गुण; किनकि बिहानको नमाजको समयमा निद्रा मिठो हुन्छ र अस्रको समयमा मानिस आफ्नो काममा व्यस्त हुन्छ । त्यसैले जसले यी नमाजहरूलाई हिफाजत गर्छ उसले बाँकी नमाजहरूलाई झन् पावन्दीका सथा अदा गर्छ ।
2. फज्र र अस्रको नमाजलाई 'बरदैन' (शीतल) भनिन्छ; किनभने बिहानको नमाजमा रातको शीतलता हुन्छ र दिउँसोको नमाजमा दिनको शीतलता हुन्छ, चाहे यो अलि तातो समयमा भए पनि अघिको समय भन्दा हल्का हुन्छ । वा यसको नामकरण प्रभुत्वले गर्दा गरिएको हो, जस्तै सूर्य र चन्द्रमालाई 'कमरान' दुई चन्द्रमा भनिन्छ ।

(4198)

(143) – عن جُندب بن عبد الله القَسْرِي رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «مَنْ صَلَّى صَلَاةَ الصُّبْحِ فَهُوَ فِي ذِمَّةِ اللهِ، فَلَا يَطْلُبَنَّكُمُ اللهُ مِنْ ذِمَّتِهِ بِشَيْءٍ، فَإِنَّهُ مَنْ يَطْلُبْهُ مِنْ ذِمَّتِهِ بِشَيْءٍ يُدْرِكْهُ، ثُمَّ يَكُبَّهُ عَلَى وَجْهِهِ فِي نَارِ جَهَنَّمَ». [صحيح] - [رواه مسلم]

(143) – जुनदुब बिन अब्दुल्लाह अल- कस्री (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले बिहानको नमाज पढ्छ, ऊ अल्लाहको सुरक्षामा हुन्छ । त्यसैले, अल्लाहको जिम्मेवारीमा रहेका व्यक्तिलाई कुनै नोक्सान पुऱ्याउन हुन्न। यदि अल्लाहले आफ्नो जिम्मेवारीमा हस्तक्षेप गरेको कारण कसैलाई समाउन चाहनुभयो भने, उहाँले सजिलोसंग समात्छन् र अन्धाधुन्ध उसलाई जहन्नमको आगोमा अनुहारको बलमा फ्याँक्छन् । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भनिरहनु भएको छ, जसले फजरको नमाज पढ्छ, ऊ अल्लाहको सुरक्षा र निगरानीमा हुन्छ । अल्लाहले उसको रक्षा गर्नुहुन्छ, उसको लागि बदला लिनुहुन्छ र सहायता गर्नुहुन्छ ।

त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यो सुरक्षा उल्लङ्घन नगर्न चेतावनी दिनुभयो । यो सुरक्षा तोड्ने एउटा रूप फजर नमाज छोड्नु हो र अर्को रूप फजर नमाज पढ्ने व्यक्तिसँग दुर्व्यवहार हो । जसले यो गऱ्यो उसले यस संरक्षणको पर्खाललाई भत्कायो र अधिकार बेवास्ता गरेकोमा अल्लाहले उसलाई बोलाउनु हुनेछ र जसलाई अल्लाहले बोलाउनुहुन्छ, उसलाई भेट्टाउनुहुनेछ र त्यसपछि उसलाई अनुहारमा घिसार्दै नरकमा फालिदिनु हुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. फजर नमाजको सद्‌गुण र महत्व ।

2. फजर नमाज पढ्ने व्यक्तिलाई दुर्व्यवहार गर्ने विरुद्ध कडा चेतावनी ।
3. अल्लाहले आफ्नो धर्मका सेवकहरूसगँ दुर्व्यवहार गर्नेहरूबाट बदला लिनुहुन्छ।

(5435)

(144) – عن بريدة بن الحصيب رضي الله عنه أنه قال: بَكِّرُوا بِصَلَاةِ الْعَصْرِ، فَإِنَّ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «مَنْ تَرَكَ صَلَاةَ الْعَصْرِ فَقَدْ حَبِطَ عَمَلُهُ». [صحيح] - [رواه البخاري]

(144) – बुरैदह बिन हुसैब (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उनले भने : अस्रको नमाज चाँडै पढ्नुहोस् । किनकि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: " जसले असरको नमाज छोड्छ, उसको कर्म व्यर्थ हुन्छ ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अस्रको नमाजलाई निर्धारित समयबाट जानाजानी ढिलो नगर्ने चेतावनी दिनुभएको छ र यसो गर्ने व्यक्तिको कर्म बर्बाद र व्यर्थ हुनेछ भनी बताउनुभएको छ ।

## हदीसका केही फाइदाहरू:

1. अस्रको नमाज पहिलो समयमा पढ्ने र त्यसको लागि पहल गर्ने प्रोत्साहन ।
2. अस्रको नमाज छोड्नेलाई धेरै कडा चेतावनी दिइएको छ । अन्य नमाज भन्दा अस्रको नमाज समयमै नपढ्नु ठूलो पाप हो । किनभने यो मध्य सलाह (नमाज) हो, जुन कुर्आनको यस आयतमा विशेष रूपमा आदेश दिइएको छ: "सबै नमाजहरूको र (विशेष गरी) मध्य नमाज (अस्र) को रक्षा गर्नुहोस् ।" [सूरह अल-बकरह: २३८]

(6261)

(145) – عن أنس بن مالك رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «مَنْ نَسِيَ صَلَاةً فَلْيُصَلِّ إِذَا ذَكَرَهَا، لَا كَفَّارَةَ لَهَا إِلَّا ذَلِكَ: {وَأَقِمِ الصَّلَاةَ لِذِكْرِي} [طه: 14]». [صحيح] - [ متفق عليه]

(145) – अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "यदि कुनै व्यक्तिले नमाज पढ्न बिर्सियो भने याद आउने बित्तिकै नमाज पढ्नुपर्छ र यो नै यसको प्रायश्चित हो : {र मेरो सम्झनाका लागि नमाज स्थापना गर} [ताहा: १४] ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, यदि कुनै व्यक्तिले कुनै फर्ज नमाज पढ्न बिर्सियो र त्यसको समय सकियो भने याद आउने बित्तिकै ढिलो नगरीकन त्यसलाई पढ्नु पर्छ । वास्तवमा, समयमा नमाज नपढेको पाप मेटाउने एकमात्र उपाय भनेको याद आउने बित्तिकै यसलाई पढ्नु हो । अल्लाहले पवित्र कुर्नआनमा भन्नुभएको छ: "र मेरो सम्झनाको लागि नमाज स्थापना गर ।" [ताहा: १४] अर्थात्, बिर्सिएको नमाजलाई सम्झँदाका साथ पढ्नु ।

## हदीसका केही फाइदाहरू:

1. इस्लाममा नमाजको महत्त्व र समयमानै नमाज पढ्न वा छुट्यो भने कजा (पछि पढ्नु) गर्नमा अल्छी वा लापरवाही नगर्न चेतावनी ।
2. कुनै वैध कारण बिना नमाजलाई निर्धारित समयबाट जानाजानी ढिलो गर्न अनुमति छैन ।
3. बिर्सने व्यक्तिले याद आउनसाथ र सुतेको व्यक्तिले उठ्दा अनिवार्य रुपमा नमाज पढ्नु पर्छ ।
4. निषेधित समयमा पनि छुटेको नमाज तुरुन्तै पढ्नुपर्छ ।

(65088)

(146) – عن أبي هريرة رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «إِنَّ أَثْقَلَ صَلَاةٍ عَلَى الْمُنَافِقِينَ صَلَاةُ الْعِشَاءِ وَصَلَاةُ الْفَجْرِ، وَلَوْ يَعْلَمُونَ مَا فِيهِمَا لَأَتَوْهُمَا وَلَوْ حَبْوًا، وَلَقَدْ هَمَمْتُ أَنْ آمُرَ بِالصَّلَاةِ فَتُقَامَ، ثُمَّ آمُرَ رَجُلًا فَيُصَلِّيَ بِالنَّاسِ، ثُمَّ أَنْطَلِقَ مَعِي بِرِجَالٍ مَعَهُمْ حُزَمٌ مِنْ حَطَبٍ إِلَى قَوْمٍ لَا يَشْهَدُونَ الصَّلَاةَ، فَأُحَرِّقَ عَلَيْهِمْ بُيُوتَهُمْ بِالنَّارِ». [صحيح] - [متفق عليه]

(146) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "वास्तवमा, मुनाफिक (पाखंडी) हरूका लागि सबैभन्दा भारी नमाज ईशा र फजरका नमाज हुन् । यदि तिनीहरूले यी नमाजहरूको महत्व थाहा पाएको भए घस्रेर भए पनि (मस्जिद) आउने थिए । मैले (एक पटक) अजान दिन र एकजनालाई नमाज पढाउन आदेश दिन संकल्प गरे र आफैं दाउरा बोकेका केही केटाहरू साथमा लिएर नमाजका लागि (मस्जिद) नआएका मानिसहरूको घरमा आगो लगाउन निधो गरेको थिएँ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) मुनाफिक (पाखण्डि) हरू र नमाजमा उनीहरूको आलस्यको बारेमा कुरा गर्दै हुनुहुन्छ, विशेषगरी इशा र फजरको नमाजमा। यदि पाखण्डीहरूलाई मुस्लिमहरूसँग जमातका साथ यी दुई नमाजहरू पढ्दा कति पुण्य र इनाम छ भन्ने थाहा भएको भए तिनीहरूले बच्चाले जस्तै भए पनि हात र घुँडा टेकेर र घिस्रेर आउने थिए ।

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एक पटक नमाज कायम गर्न र आफ्नो स्थानमा कसैलाई नमाज पढाउन आदेश दिने निर्णय गर्नुभएको थियो । त्यसपछि केही मानिसहरूका साथमा दाउरा बोकेर नमाजमा नआएका मानिसहरूको घरमा आगो लगाउन निर्णय गर्नुभएको थियो । किनभने जमातका साथ नमाज नपढ्नु धेरै ठूलो अपराध हो । तर उहाँले त्यसो गर्नुभएन, किनकि घरहरूमा निर्दोष महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरू

हुन्छन्, जसको कुनै अपराध छैन । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एक पटक नमाज कायम गर्न र आफ्नो स्थानमा कसैलाई नमाज पढाउन आदेश दिने निर्णय गर्नुभएको थियो । त्यसपछि केही मानिसहरूका साथमा दाउरा बोकेर नमाजमा नआएका मानिसहरूको घरमा आगो लगाउन निर्णय गर्नुभएको थियो । किनभने जमातका साथ नमाज नपढ़नु धेरै ठूलो अपराध हो । तर उहाँले त्यसो गर्नुभएन, किनकि घरहरूमा निर्दोष महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरू हुन्छन्, जसको कुनै अपराध छैन ।

## हदीसका केही फाइदाहरू:

1. मस्जिदमा उपस्थित भई जमातका साथ नमाज नपढ्नु गम्भीर अपराध हो ।
2. पाखण्डीहरू देखाउन र प्रसिद्ध हुनका लागि मात्र उपासना गर्छन् । त्यसैले मानिसहरुले देख्ने समयमा मात्र मस्जिद जान्छन् ।
3. जमातका साथ इशा र फजरको नमाज पढ्नुमा ठूलो पुण्य छ र यी दुई नमाजमा मानिस घुँडा टेकेर हिँड्नु परे पनि आउनु पर्छ ।
4. ईशा र फजरको नमाजको पालना गर्नु भनेको पाखंडबाट सुरक्षाको प्रमाण हो र यी दुई नमाजमा नआउनु पाखण्डीको लक्षण हो ।

(3366)

(147) – عَنِ ابْنِ أَبِي أَوْفَى رضي الله عنه قَالَ: كَانَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ إِذَا رَفَعَ ظَهْرَهُ مِنَ الرُّكُوعِ قَالَ: «سَمِعَ اللهُ لِمَنْ حَمِدَهُ، اللَّهُمَّ رَبَّنَا لَكَ الْحَمْدُ، مِلْءَ السَّمَاوَاتِ وَمِلْءَ الْأَرْضِ وَمِلْءَ مَا شِئْتَ مِنْ شَيْءٍ بَعْدُ». [صحيح] - [رواه مسلم]

(147) – अब्दुल्लाह बिन अबू औफा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) रुकुअबाट आफ्नो पीठ उठाउनुहुन्थ्यो, तब यो दुआ पढ्नुहुन्थ्यो: 'समिअल्लाहु लिमन् हमिदह्, अल्लाहुम्म रब्बना लकल्-हम्द्, मिल-अस्स्मावाति व मिल-अल-अर्ज व मिलअ मा शिअत मिन शैइन् बाअदु' । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) रुकुअबाट आफ्नो टाउको उठाउनुहुन्थ्यो, तब उहाँले भन्नुहुन्थ्यो: 'समिअल्लाहु लिमन् हमिदह् ।' अर्थात् जसले अल्लाहको प्रशंसा गर्छ, अल्लाहले उसको प्रशंसा स्वीकार गर्नुहुन्छ र उसलाई इनाम दिनुहुन्छ । त्यसपछि निम्न शब्दहरूद्वारा अल्लाहको प्रशंसा गर्नुहुन्थ्यो: 'अल्लाहुम्म रब्बना लकल्-हम्द्, मिल-अस्स्मावाति व मिल-अल-अर्ज व मिलअ माशिअत मिन शैइन् बाअदु ।' अर्थात्, अल्लाहको प्रशंसा आकाश, पृथ्वी र तिनीहरू बीचमा जे छ त्यो बराबर छ र त्यसपछि अल्लाहले जे चाहनुहुन्छ ती सबै चीजहरूको विस्तार बराबर छ ।

## हदीसका केही फाइदाहरू:

1. रुकुअबाट टाउको उठाउँदा भन्नु पर्ने जिक्रको उल्लेख ।
2. रुकुअबाट उठेपछि एकदमै शान्तिपूर्ण तरिकाले सीधा उभिनु जरुरी छ । किनकि यो सम्पूर्ण जिक्र तब मात्र पढ्न सकिन्छ जब व्यक्ति पूर्ण शान्तिका साथ उभिएको हुन्छ ।
3. प्रत्येक सलाहमा यो जिक्र पढ्नुपर्छ, चाहे त्यो अनिवार्य होस् वा नफल ।

(65101)

(148) – عن حُذَيْفَةَ رضي الله عنه: أَنَّ النَّبِيَّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ كَانَ يَقُولُ بَيْنَ السَّجْدَتَيْنِ: «رَبِّ اغْفِرْ لِي، رَبِّ اغْفِرْ لِي». [صحيح] - [رواه أبو داود والنسائي وابن ماجه وأحمد]

(148) – हुजैफा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) दुबै सज्दाको बीचमा यो दुआ : 'रब्बिग्-फिर्ली, रब्बिग्-फिर्ली' पढ्नुहुन्थ्यो । [सही] - [अबू दाउद, निसाई, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) दुबै सज्दाको बीचमा बस्दा : 'रब्बिग्-फिर्ली, रब्बिग्-फिर्ली' पढ्नुहुन्थ्यो र यसलाई बारम्बार दोहोर्याउनुहुन्थ्यो ।

"रब्बिग्-फिर्ली" को अर्थ : सेवकले आफ्ना पापहरू मेटाउन र आफ्ना कमजोरीहरू ढाक्नका लागि आफ्नो परमेश्वरलाई अनुरोध गर्नु हो ।

## हदीसका केही फाइदाहरू:

1. फर्ज र नफिल नमाजमा दुई सजदाको बीचमा यो दुआ पढ्नु मुस्तहब हो ।
2. "रब्बिग्-फिर्ली" एक पटक पढ्नु अनिवार्य हो र एक पटक भन्दा बढी पढ्नु मुस्तहब हो ।

(65104)

(149) – عن ابن عباس رضي الله عنهما: كان النبي صلى الله عليه وسلم يقول بين السجدتين: «اللَّهمَّ اغْفِرْ لي، وارْحَمْني، وعافِنِي، واهْدِني، وارزقْنِي». [حسن بشواهده] - [ رواه أبو داود والترمذي وابن ماجه وأحمد]

(149) – अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्: नबी (सल्लल्लाहु अलैहि वसल्लम) दुई सजदाको बीचमा यो दुआ पढ्नु हुन्थ्यो: "अल्ला हुम्मग फिर्ली, वर्हम्नी व आफिनी वह्दिनी वर्जुकनी ।" (हे अल्लाह! मलाई क्षमा गर्नुहोस्, ममाथि दया गर्नुहोस्, मलाई शान्ति दिनुहोस्, मलाई मार्गदर्शन गर्नुहोस् र मलाई जीविका दिनुहोस्) । [शवाहिद (गवाहहरु) ले गर्दा हसन हो] - [अबू दाउद, तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) नमाजमा यी पाँच चीजहरू माग्नुहुन्थ्यो, जुन एक मुस्लिमको लागि अति आवश्यक छ, किनभने यसमा संसार र परलोक दुवैको कल्याण निहित छ । जस्तै अल्लाहसँग आफ्नो पापहरू ढाक्न, क्षमा गर्न, दयाको वर्षा गर्न, शंका, गलत इच्छा र रोगहरूबाट सुरक्षित राख्न, सत्यको मार्गमा डोऱ्याउन र त्यसमा दृढतापूर्वक अडिग रहन, आस्था, ज्ञान र धार्मिक कार्यहरू र हलाल भोजनको लागि प्रार्थना गर्थे ।

## हदीसका केही फाइदाहरू:

1. दुई सजदाको बीचमा यो दुआ पढ्नुपर्छ ।
2. यी प्रार्थनाहरूको सद्गुण, किनभने यसमा संसार र परलोकको भलाइ रहेको छ ।

(10930)

(150) – عَنْ حِطَّانَ بْنِ عَبْدِ اللهِ الرَّقَاشِيِّ قَالَ: صَلَّيْتُ مَعَ أَبِي مُوسَى الْأَشْعَرِيِّ صَلَاةً، فَلَمَّا كَانَ عِنْدَ الْقَعْدَةِ قَالَ رَجُلٌ مِنَ الْقَوْمِ: أُقِرَّتِ الصَّلَاةُ بِالْبِرِّ وَالزَّكَاةِ، قَالَ: فَلَمَّا قَضَى أَبُو مُوسَى الصَّلَاةَ وَسَلَّمَ انْصَرَفَ فَقَالَ: أَيُّكُمُ الْقَائِلُ كَلِمَةَ كَذَا وَكَذَا؟ قَالَ: فَأَرَمَّ الْقَوْمُ، ثُمَّ قَالَ: أَيُّكُمُ الْقَائِلُ كَلِمَةَ كَذَا وَكَذَا؟ فَأَرَمَّ الْقَوْمُ، فَقَالَ: لَعَلَّكَ يَا حِطَّانُ قُلْتَهَا؟ قَالَ: مَا قُلْتُهَا، وَلَقَدْ رَهِبْتُ أَنْ تَبْكَعَنِي بِهَا، فَقَالَ رَجُلٌ مِنَ الْقَوْمِ: أَنَا قُلْتُهَا، وَلَمْ أُرِدْ بِهَا إِلَّا الْخَيْرَ، فَقَالَ أَبُو مُوسَى: أَمَا تَعْلَمُونَ كَيْفَ تَقُولُونَ فِي صَلَاتِكُمْ؟ إِنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ خَطَبَنَا فَبَيَّنَ لَنَا سُنَّتَنَا وَعَلَّمَنَا صَلَاتَنَا، فَقَالَ: «**إِذَا صَلَّيْتُمْ فَأَقِيمُوا صُفُوفَكُمْ، ثُمَّ لِيَؤُمَّكُمْ أَحَدُكُمْ فَإِذَا كَبَّرَ فَكَبِّرُوا، وَإِذْ قَالَ: {غَيْرِ الْمَغْضُوبِ عَلَيْهِمْ وَلا الضَّالِّينَ}** [الفاتحة: **7**]، **فَقُولُوا: آمِينَ، يُجِبْكُمُ اللهُ، فَإِذَا كَبَّرَ وَرَكَعَ فَكَبِّرُوا وَارْكَعُوا، فَإِنَّ الْإِمَامَ يَرْكَعُ قَبْلَكُمْ، وَيَرْفَعُ قَبْلَكُمْ**»، فَقَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**فَتِلْكَ بِتِلْكَ، وَإِذَا قَالَ: سَمِعَ اللهُ لِمَنْ حَمِدَهُ، فَقُولُوا: اللَّهُمَّ رَبَّنَا لَكَ الْحَمْدُ، يَسْمَعِ اللهُ لَكُمْ، فَإِنَّ اللهَ تَبَارَكَ وَتَعَالَى قَالَ عَلَى لِسَانِ نَبِيِّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: سَمِعَ اللهُ لِمَنْ حَمِدَهُ، وَإِذَا كَبَّرَ وَسَجَدَ فَكَبِّرُوا وَاسْجُدُوا، فَإِنَّ الْإِمَامَ يَسْجُدُ قَبْلَكُمْ وَيَرْفَعُ قَبْلَكُمْ**»، فَقَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**فَتِلْكَ بِتِلْكَ، وَإِذَا كَانَ عِنْدَ الْقَعْدَةِ فَلْيَكُنْ مِنْ أَوَّلِ قَوْلِ أَحَدِكُمْ: التَّحِيَّاتُ الطَّيِّبَاتُ الصَّلَوَاتُ لِلهِ، السَّلَامُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةُ اللهِ وَبَرَكَاتُهُ، السَّلَامُ عَلَيْنَا وَعَلَى عِبَادِ اللهِ الصَّالِحِينَ، أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ**». [صحيح] - [رواه مسلم]

(150) – हित्तान बिन अब्दुल्लाह रक्काशी भन्छन्, मैले एक पटक अबु मुसा अल-अशरी (रजियल्लाहु अन्हु) संग नमाज पढें । तशह्हुदमा बसिरहेको बेला पछाडि नमाज पढिरहेको एक व्यक्तिले भन्यो: नमाज धार्मिकता र जकात संग स्थापित गरिएको छ । जब अबू मुसा (रजियल्लाहु अन्हु) ले आफ्नो नमाज पूरा गरे अनि सलाम फेरेर मानिसहरूतर्फ फर्के तब भने: तिमीहरूमध्ये कसले यो भन्यो? जब कसैले जवाफ दिएनन्, उनले फेरि सोधे: तिमीहरूमध्ये कसले यो भन्यो? त्यसपछि उनले भने: हे हित्तान! सायद तिमिले भन्यौ होला ! उसले भन्यो: मैले भनेको होइन, मलाई डर थियो सायद तपाईंले मलाई गाली गर्नुहुन्छ । यो सुनेर त्यहाँ उपस्थित एक व्यक्तिले भने: मैले भनेको हो र मेरो नियत राम्रो थियो । त्यसपछि अबु मुसा अल-अशरी (रजियल्लाहु अन्हु) ले भने: नमाजमा के भन्नुपर्छ पनि थाहा छैन? रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई सम्बोधन गर्नुभयो र हामीलाई हामीले गर्नुपर्ने सुन्नतहरू स्पष्ट पार्नुभयो र हामीलाई नमाज पढ्ने तरिका सिकाउनुभयो । उहाँले ले भन्नुभयो : "जब तपाईंहरू नमाज पढ्नुहुन्छ भने आफ्ना सफ (पङ्क्ति) हरू सीधा गर्नुहोस् । त्यसपछि तपाईंहरूमध्ये एकले इमामत गरोस् । जब इमामले तकबीर भन्छन्, तपाईंहरूले पनि तकबीर भन्नुहोस् । जब उनले {गैरिल-मग्जूबि अलैहिम वलज्जाल्लीन} (अल-फातिहा:७) भन्छन्, तपाईंहरूले आमीन भन्नुहोस्; अल्लाहले तपाईंहरूको प्रार्थना स्वीकार गर्नुहुनेछ । त्यसपछि जब उनले "अल्लाहु अकबर" भन्छन् र रूकुअ गर्छन्, तपाईंहरूले पनि तकबीर भन्नुहोस् र रूकुअमा जानुहोस् । याद रहोस्, इमामले तपाईंहरू भन्दा पहिला तकबीर भन्छन् र रूकुअ गर्छन् ।" रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: “तपाईंको रुकुअमा क्षणिक ढिलाइ रुकुअबाट उठ्ने बेलाको क्षणिक ढिलाइले क्षतिपूर्ति हुनेछ । जब इमामले ‘समिअल्लाहु लिमन-हमिदह’ भन्छन् तब तपाइँहरू ‘अल्लाहुम्म रब्बना व लकल-हम्द’ भन्नुहोस्, 'अल्लाहले तपाइँको बिन्ती सुन्नुहुन्छ' भन्ने कुरा अल्लाहले रसूलद्वारा बताउनुभएको छ । त्यसपछि जब इमामले "अल्लाहु अकबर" भन्छन् र सज्दा गर्छन्, तपाईंहरूले पनि तकबीर भन्नुहोस् र सज्दामा जानुहोस् । याद रहोस्, इमामले तपाईंहरू भन्दा पहिला तकबीर भन्छन् र सज्दा गर्छन् ।" रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले

भन्नुभयो: "तपाईंको सज्दामा क्षणिक ढिलाइ सजदाबाट उठ्ने बेलाको क्षणिक ढिलाइले क्षतिपूर्ति हुनेछ । जब तपाईं तशह्हुदमा बस्नुहुन्छ, तपाईंले शुरुदेखि निम्न दुआ : 'अत्तहिय्यातु अत्तैयिबातु अस्सलवातु लिल्लाह, अस्सलामु अलैक अय्युहन्नबिय्यु वरह्-मतुल्लाहि व बरकातुहु, अस्सलामु अलैना व अला इबादिल्ला हिस्सालिहीन्, अश्हदु अल्ला इलाह इल्लल्लाहु व अश्हदु अन्न मुहम्मदन् अब्दुहू व रसूलुह्' पढ्नुहोस् । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

अबु मुसा अल-अशअरी (रजियल्लाहु अन्हु) ले नमाज पढाउनुभयो । तशह्हुदमा बसिरहेको बेला उनको पछाडि नमाज पढिरहेको एक व्यक्तिले 'कुर्आनमा दान र जकातको साथमा नमाजको उल्लेख गरिएको कुरा गर्यो । नमाज समाप्त भइसकेपछि उनी मानिसहरू तिर फर्के र तिनीहरूलाई सोधे : 'कुरआनमा दान र जकातको साथमा नमाजको उल्लेख गरिएको छ' भनी तिमीहरूमध्ये कसले भनेको छ? जब सबै चुप लागे र कसैले जवाफ दिएनन्, उनेल फेरि प्रश्न सोधे, तर कसैले कुनै जवाफ दिएनन् । तब अबू मुसा (रजियल्लाहु अन्हु) ले हित्तानलाई भने, हे हित्तान! सायद तिमिले भन्यौ होला ! किनभने उनी साहसी व्यक्ति थिए र उनीसँग उनको गहिरो सम्बन्ध र ठूलो निकटता थियो, जसका कारण यो आरोपले उनलाई चोट पुर्याउने सम्भावना कम थियो । साथै, यसको उद्देश्य वास्तविक वक्तालाई पत्ता लगाउनु पनि थियो । तर हित्तानले त्यसलाई अस्वीकार गर्दै भने: तपाईंले मलाई गाली गर्नुहुन्छ भन्ने डर लगेको थियो । यो सुनेर त्यहाँ उपस्थित एक व्यक्तिले भने मैले भनेको थिए र मेरो नियत राम्रो थियो । त्यसमा अबु मुसा अल-अशअरी (रजियल्लाहु अन्हु) ले उनलाई निर्देशन दिदै भने, नमाजमा के भन्नुपर्छ पनि थाहा छैन? यो वास्तवमा उनको भनाइको एक प्रकारको खण्डन थियो । तब अबू मुसा अशअरी (रजियल्लाहु अन्हु) ले बयान गरे, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई सम्बोधन गर्नुभयो र हामीलाई शरीयत र नमाज सिकाउनुभयो । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो :

जब तपाईं नमाज पढ्नुहुन्छ भने आफ्ना सफ (पङ्क्ति) हरू सीधा र बराबर राख्नुहोस् । त्यसपछि तपाईंहरूमध्ये एक जनाले मानिसहरूलाई इमामत गरुन् । जब इमामले तकबीर भन्छन्, तपाईंहरूले पनि उस्तै तकबीर भन्नुहोस् । जब उनले सूरह फातिहा पढ्छन् र {गैरिल-मग्जूबि अलैहिम वलज्जाल्लीन} (अल-फातिहा:७) मा पुग्छन् भने तपाईंहरू आमीन भन्नुहोस् । जब तपाईं यसो गर्नुहुन्छ, अल्लाहले तपाईंहरूको दुआ स्वीकार गर्नुहुनेछ । त्यसपछि जब इमामले तकबीर भन्छन् र रुकुअमा जान्छन्, तब तपाईंहरूले पनि तकबीर भन्नुहोस् र रूकुअमा जानुहोस् । इमाम तपाईंहरू भन्दा पहिला रूकुअ गर्छन् र रूकुअबाट उठ्नेछन् । त्यसैले इमाम भन्दा अगाडि नजानुहोस् । रूकुअमा जाने क्षणिक ढिलाइ रूकुअबाट उठ्ने बेलाको क्षणिक ढिलाइले क्षतिपूर्ति हुनेछ र यसरी तपाईको रूकुअको लम्बाइ इमामको रूकुअको लम्बाइ बराबर हुनेछ । त्यसपछि जब इमामले 'समिअल्लाहु लिमन-हमिदह' भन्छन् तब तपाइँहरू 'अल्लाहुम्म रब्बना व लकल-हम्द' भन्नुहोस्, अल्लाहले तपाइँको बिन्ती र भनाई सुन्नुहुन्छ । अल्लाहले यो कुरा रसूल मार्फत भन्नुभयो । त्यसपछि जब इमामले तकबीर भन्छन् र सज्दामा जान्छन्, मुक्तदीहरूले पनि तकबीर भन्नुपर्छ र सज्दामा जानुपर्छ । इमाम तिनीहरूको अगाडि सजदामा जान्छन् र तिनीहरूको अगाडि सजदाबाट उठ्नेछन् । यसरी सजदामा जानको क्षणिक ढिलाइ सजदाबाट उठ्ने बेलाको क्षणिक ढिलाइबाट पूरा हुनेछ र यसरी तिनीहरूको सजदाको लम्बाइ इमामको सजदाको लम्बाइ बराबर हुनेछ । त्यसपछि  तशह्हुदको लागि बस्दा सबैभन्दा पहिले यो दुआ पढ्नुहोस्: 'अत्तहिय्यातु अत्तैयिबातु अस्सलवातु लिल्लाह' अर्थात् राज्य, अस्तित्व र महानता यी सबै चीजहरू केवल अल्लाहका लागि हुन् । त्यसैगरी सबै पाँच सलाहहरू अल्लाहका लागि हुन् । त्यसपछि 'अस्सलामु अलैक अय्युहन्नबिय्यु वरह्-मतुल्लाहि व बरकातुहु, अस्सलामु अलैना व अला इबादिल्ला हिस्सालिहीन्' भन्नुहोस् । हामी हरेक दोष, कष्ट, कमी र भ्रष्टाचारबाट सुरक्षाको लागि दुआ गर्छौं विशेष गरी मुहम्मद सल्लल्लाहु अलैहि वा सल्लमको लागि दरुद पठाउँछौं । त्यसपछि हामी आफैलाई सलाम गर्छौं र अल्लाहका ती धर्मी सेवकहरूलाई अभिवादन पठाउँछौं जसले अल्लाह र उहाँका सेवकहरूको अनिवार्य

कर्तव्यहरू पूरा गर्छन् । त्यसपछि हामी गवाही दिन्छौं, अल्लाह बाहेक कोही उपासना योग्य छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका सेवक र दूत हुनुहुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. तशह्हुदको दुआहरू मध्ये एकको उल्लेख ।
2. सलाह (नमाज) का सम्पूर्ण कार्य र भनाइहरू रसूल (सल्लल्लाहु अलैहि वसल्लम) द्वारा पुष्टि हुनुपर्छ । सुन्नतबाट प्रमाणित नभएको कुनै पनि कार्य वा कथन नमाजमा अनुमति छैन ।
3. नमाज पढ्दा इमाम भन्दा अगाडी कुनै कुरा गर्नु वा ढिलो गर्नु अनुमति छैन । मुक्तदीले इमामको अनुसरण गर्नुपर्छ ।
4. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) धर्मको प्रचारप्रसार र आफ्नो उम्मतलाई धार्मिक नियमहरू सिकाउन विशेष ध्यान दिनुहुन्थ्यो भन्ने कुराको उल्लेख ।
5. इमाम मुक्तदीहरूका लागि आदर्श हुन् । तसर्थ, मुक्तदीले नमाज पढ्दा इमाम भन्दा अगाडि बढ्ने वा उसको साथ-साथ गर्ने वा ढिलो गर्ने अनुमति छैन, बरु इमामले गरेको निश्चित भएपछि मुक्तादीले इमामको अनुसरण गर्नुपर्छ ।
6. नमाजमा सफ (पंक्ति) हरू सीधा गर्नु मुस्तहब हो ।

(65097)

(151) – عَنِ ابْنَ مَسْعُودٍ رضي الله عنه قَالَ: عَلَّمَنِي رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، وَكَفِّي بَيْنَ كَفَّيْهِ، التَّشَهُّدَ، كَمَا يُعَلِّمُنِي السُّورَةَ مِنَ القُرْآنِ: «**التَّحِيَّاتُ لِلَّهِ، وَالصَّلَوَاتُ وَالطَّيِّبَاتُ، السَّلاَمُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةُ اللَّهِ وَبَرَكَاتُهُ، السَّلاَمُ عَلَيْنَا وَعَلَى عِبَادِ اللَّهِ الصَّالِحِينَ، أَشْهَدُ أَنْ لاَ إِلَهَ إِلَّا اللَّهُ، وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ**».

وفي لفظ لهما: «**إِنَّ اللهَ هُوَ السَّلَامُ، فَإِذَا قَعَدَ أَحَدُكُمْ فِي الصَّلَاةِ فَلْيَقُلْ: التَّحِيَّاتُ لِلَّهِ وَالصَّلَوَاتُ وَالطَّيِّبَاتُ السَّلَامُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةُ اللهِ وَبَرَكَاتُهُ، السَّلَامُ عَلَيْنَا وَعَلَى عِبَادِ اللهِ الصَّالِحِينَ، فَإِذَا قَالَهَا أَصَابَتْ كُلَّ عَبْدٍ لِلَّهِ صَالِحٍ فِي السَّمَاءِ وَالْأَرْضِ، أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ، وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبْدُهُ وَرَسُولُهُ، ثُمَّ يَتَخَيَّرُ مِنَ الْمَسْأَلَةِ مَا شَاءَ**». [صحيح] - [متفق عليه]

(151) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मलाई तशह्हुद सिकाउनु हुन्थ्यो जसरी उहाँले मलाई कुरानको सुरह सिकाउनुहुन्थ्यो । त्यतिबेला मेरो हत्केला उहाँको दुवै हत्केलाहरूको बीचमा थियो :

'अत्तहिय्यातु लिल्लाहि वस्सलवातु वत्तैयिबातु, अस्सलामु अलैक अय्युहन्नबिय्यु वरह्-मतुल्लाहि व बरकातुहु, अस्सलामु अलैना व अला इबादिल्ला हिस्सालिहीन्, अश्हदु अल्ला इलाह इल्लल्लाहु व अश्हदु अन्न मुहम्मदन् अब्दुहू व रसूलुह् ।'

बुखारी र मुस्लिमको अर्को हदीसमा यसरी छ : "इन्न - ल्लाह हुव स्सालामु",

त्यसैले जब तिमीहरू मध्ये कोही तशह्हुदमा बस्छ, उसले यसरी भनोस्:

'अत्तहिय्यातु लिल्लाहि वस्सलवातु वत्तैयिबातु, अस्सलामु अलैक अय्युहन्नबिय्यु वरह्-मतुल्लाहि व बरकातुहु, अस्सलामु अलैना व अला इबादिल्ला हिस्सालिहीन् । (भक्तले यो पढेपछि उसको दुआ आकाश र पृथ्वीमा रहेका हरेक धर्मी सेवकहरूमा लागू हुनेछ),

त्यसपछि : अश्हदु अल्ला इलाह इल्लल्लाहु व अश्हदु अन्न मुहम्मदन् अब्दुहू व रसूलुह् ।' त्यसपछि आफूले चाहेको दुआहरू गर्न सक्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अब्दुल्लाह बिन मस्उद (रजियल्लाहु अन्हु) लाई नमाजमा पढिने तशह्हुद सिकाउनुभयो । त्यसबेला उनको हात उहाँका दुवै हातको बीचमा थियो, ताकि उनको सम्पूर्ण ध्यान उहाँमा केन्द्रित होस् । उहाँले उनलाई कुरानको सुरह सिकाए झैं तशह्हुद सिकाउनुभयो । अतः रसूल (सल्लल्लाहु अलैहि वसल्लम) तशह्हुदको शब्द र

अर्थ दुबै सिकाउन ध्यान दिनुहुन्थ्यो । उहाँले भन्नुभयो: 'अत्तहिय्यातु लिल्लाहि' : आदर र सम्मानलाई जनाउने सबै भनाइ र कार्यहरू अल्लाहका लागि हुन् । 'अस्सलवातु' : फर्ज र नफल सम्पूर्ण सलाह (नमाज) हरू अल्लाहका लागि हुन् । 'अत्तैयिबातु': पवित्रता र पूर्णतालाई संकेत गर्ने सबै भनाइ, कार्य र विशेषताहरू अल्लाह तआलाका लागि हुन् । 'अस्सलामु अलैक अय्युहन्नबिय्यु वरह्-मतुल्लाहि व बरकातुहु' : नबीको लागि हरेक दु:ख र हानिबाट सुरक्षित हुन र सबै भलाइको वृद्धि र प्रशस्तताको लागि दुवा हो । 'अस्सलामु अलैना व अला इबादिल्ला हिस्सालिहीन्' : नमाज पढ्ने व्यक्ति र आकाश तथा पृथ्वीका हरेक धर्मी दासहरूका लागि शान्तिको दुआ । 'अश्हदु अल्ला इलाह इल्लल्लाहु' : अल्लाह बाहेक कोही सत्य ईश्वर छैन भन्ने दृढ विश्वासका साथ स्वीकार गर्दछु । 'व अश्हदु अन्न मुहम्मदन् अब्दुहू व रसूलुह्' : र मुहम्मद अल्लाहको दास र अन्तिम दूत हुन् भन्ने म स्वीकार गर्दछु ।

त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले नमाज पढ्ने व्यक्तिलाई आफूले चाहेको बिन्ती छनोट गर्न प्रोत्साहन दिनुभयो ।

## हदीसका केही फाइदाहरू:

1. प्रत्येक नमाजको अन्तिम सज्दापछि र तीन तथा चार रकाअतमा दोस्रो रकाअत पछि तशह्दहुको लागि बस्नु पर्छ ।
2. तशह्दहुमा 'अत्-तहियात' पढ्नु वाजिब हो । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट प्रमाणित 'अत्-तहियात' का जुनसुकै शब्दहरू पढ्नु जायज हो ।
3. नमाजमा पापबाहेक आफूले चाहेको जुनसुकै दुआ गर्नु जायज हो ।
4. दुआ (प्रार्थना) गर्दा आफैबाट सुरुवात गर्नु मुस्तहब हो ।

(3096)

(152) – عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: كَانَ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَدْعُو وَيَقُولُ: «اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنْ عَذَابِ القَبْرِ، وَمِنْ عَذَابِ النَّارِ، وَمِنْ فِتْنَةِ المَحْيَا وَالمَمَاتِ، وَمِنْ فِتْنَةِ المَسِيحِ الدَّجَّالِ».

وفِي لَفْظٍ لِمُسْلِمٍ: «إِذَا فَرَغَ أَحَدُكُمْ مِنَ التَّشَهُّدِ الْآخِرِ، فَلْيَتَعَوَّذْ بِاللهِ مِنْ أَرْبَعٍ: مِنْ عَذَابِ جَهَنَّمَ، وَمِنْ عَذَابِ الْقَبْرِ، وَمِنْ فِتْنَةِ الْمَحْيَا وَالْمَمَاتِ، وَمِنْ شَرِّ الْمَسِيحِ الدَّجَّالِ». [صحيح] - [متفق عليه]

(152) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् : रसूल (सल्लल्लाहु अलैहि वसल्लम) (अन्तिम तशह्हुदपछि र सलाम फेर्नु अघि) दुआ गर्नुहुन्थ्यो र भन्नुहुन्थ्यो : "अल्लाहुम्म इन्नी अऊजु बिक मिन् अजाबिल्-कब्र, व मिन् अजाबिन्नार, व मिन् फित्-नतिल्-मह्-या वल्-ममात्, व मिन् फित्-नतिल् मसीहिद्-दज्जाल् ।' मुस्लिमको हदीसमा छ : "अन्तिम तशह्हुदपछि अल्लाहसँग चार चीजहरूबाट शरण माग : 'मिन् अजाबि जहन्नम व मिन् अजाबिल्-कब्र व मिन् फित्-नतिल्-मह्-या वल्-ममात्, व मिन् शर्रिल-मसीहिद्-दज्जाल् ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सलाहमा अन्तिम तशह्हुदपछि र सलाम फेर्नुअघि चार चीजहरूबाट अल्लाहसँग शरण माग्नुहुन्थ्यो र हामीलाई पनि तिनीहरूबाट अल्लाहको शरण लिन आदेश दिनुभयो ।

१- (मिन् अजाबिल्-कब्र) कब्रको(चिहानको) सजायबाट ।

२- (मिन् अजाबिन्नार) नरकको सजायबाट । अर्थात् न्यायको दिनमा ।

३- (मिन् फित्-नतिल्-मह्-या) जीवनका प्रलोभनहरूबाट, जस्तै अवैध इच्छाहरू र भ्रामक शंकाहरू । (व मिन् फित्-नतिल्-ममात्) मृत्यु हुनेबेलाका समस्याहरू, जस्तै मृत्युको समयमा इस्लाम वा सुन्नतबाट विचलित हुनु वा चिहानका समस्याहरू, जस्तै दुई फरिश्ता (स्वर्गदूतहरू) को प्रश्नबाट।

४- (मिन् फित्-नतिल्-मसीहिद्-दज्जाल्) झूटा दज्जालको फित्नाबाट, जुन अन्तिम समयमा देखा पर्नेछ र जसको माध्यमबाट अल्लाहले आफ्ना

भक्तहरूको परीक्षण गर्नुहुनेछ । दज्जालको फित्ना (परीक्षण) ठूलो र भयानक भएकोले यहाँ विशेष रूपमा उल्लेख गरिएको हो ।

## हदीसका केही फाइदाहरू:

1. यो एक महत्त्वपूर्ण र व्यापक दुआ हो, किनभने यसमा यो संसार र परलोकको खराबीहरूबाट शरण खोजिएको छ ।
2. कब्रकोको सजायको प्रमाण र यो वास्तविक हो ।
3. फित्ना (परीक्षण) हरूको खतरा र तिनीहरूबाट बच्नको लागि अल्लाहको शरण खोज्ने महत्त्व ।
4. दज्जालको आगमनको प्रमाण र उसका फित्ना (परीक्षण) हरू खतरनाक हुनेछन् ।
5. अन्तिम तशाहुद पछि यो दुआ गर्नु मुस्तहब हो ।
6. राम्रो कामपछि दुआ गर्नु मुस्तहब हो ।

(3103)

(153) – عَنْ مَعْدَانَ بْنِ أَبِي طَلْحَةَ الْيَعْمَرِيُّ قَالَ: لَقِيتُ ثَوْبَانَ مَوْلَى رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، فَقُلْتُ: أَخْبِرْنِي بِعَمَلٍ أَعْمَلُهُ يُدْخِلُنِي اللهُ بِهِ الْجَنَّةَ؟ أَوْ قَالَ قُلْتُ: بِأَحَبِّ الْأَعْمَالِ إِلَى اللهِ، فَسَكَتَ. ثُمَّ سَأَلْتُهُ فَسَكَتَ. ثُمَّ سَأَلْتُهُ الثَّالِثَةَ فَقَالَ: سَأَلْتُ عَنْ ذَلِكَ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، فَقَالَ: «عَلَيْكَ بِكَثْرَةِ السُّجُودِ لِلَّهِ، فَإِنَّكَ لَا تَسْجُدُ لِلَّهِ سَجْدَةً، إِلَّا رَفَعَكَ اللهُ بِهَا دَرَجَةً، وَحَطَّ عَنْكَ بِهَا خَطِيئَةً» قَالَ مَعْدَانُ: ثُمَّ لَقِيتُ أَبَا الدَّرْدَاءِ فَسَأَلْتُهُ فَقَالَ لِي: مِثْلَ مَا قَالَ لِي: ثَوْبَانُ. [صحيح] - [رواه مسلم]

(153) – मादान बिन अबू तल्हा यामुरीले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आजाद गरिएको दास सौबानलाई भेटें र भने: मलाई एउटा यस्तो काम बताउनुहोस्, जुन मैले गरे भने अल्लाहले मलाई स्वर्गमा प्रवेश गर्नुहुन्छ । वा मैले भने: अल्लाहको नजरमा सबैभन्दा प्यारो कामबारे मलाई भन्नुहोस् । उनी चुप लागे । मैले फेरि प्रश्न सोध्दा उनी मौन बसे । जब मैले तेस्रो पटक प्रश्न दोहोर्याएँ, उनले भने: मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम)लाई यसबारे सोधेको थिएँ र उहाँले भन्नुभयो: "अल्लाहको लागि अत्याधिक सज्दा गर्नु, किनकि तिमीले गरेको हरेक सज्दाले अल्लाह ले तिम्रो एक स्तर बढाउनुहुन्छ र एक पाप मेटाउनुहुन्छ ।" मादानले भने: त्यसपछि मैले अबू-दर्दा (रजियल्लाहु अन्हु) लाई भेटें र त्यही प्रश्न सोध्दा उनले पनि सौबानले भने जस्तै जवाफ दिए । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधियो : कुन काम गर्दा स्वर्गमा प्रवेश गर्न सकिन्छ वा अल्लाहलाई सबैभन्दा बढी मनपर्ने कुन काम हो ?

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले प्रश्नकर्तालाई भन्नुभयो: नमाजमा अत्यधिक सज्दा गर्नु, किनकि अल्लाहले तिम्रो हरेक सज्दा ले एक दर्जा बढाउनुहुन्छ र पाप क्षमा गर्नुहुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. मुस्लिमलाई फर्ज र नफल (स्वैच्छिक) नमाजमा लगनशील हुन आग्रह, किनकि यसमा सज्दा समावेश छ ।
2. सहाबाहरूको न्यायशास्त्र र ज्ञान; बिना सत्कर्म (अल्लाहकै कृपा पछि) स्वर्ग प्राप्त हुँदैन ।
3. नमाजमा दर्जा बढाउन र पापहरू क्षमा गर्न सबैभन्दा ठूलो कारण सज्दा गर्नु हो ।

(3732)

(154) – عن عَائِشَةَ رضيَ الله عنها قالت: إِنِّي سمعْتُ رسولَ الله صلى الله عليه وسلم يقول: «لَا صَلَاةَ بِحَضْرَةِ الطَّعَامِ، وَلَا هُوَ يُدَافِعُهُ الْأَخْبَثَانِ». [صحيح] - [رواه مسلم]

(154) – आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें : "खानाको उपस्थितिमा वा कुनै व्यक्तिलाई दिसापिसाब लागेको छ भने नमाज पढ्नु हुँदैन ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले खानाको उपस्थितिमा नमाज पढ्न निषेध गर्नुभयो, किनभने व्यक्तिको हृदय खानामा अल्झेको हुन्छ र पूर्ण एकाग्रताका साथ नमाज पढ्न सक्दैन ।

त्यसैगरी, दिसा पिसाबको दबाबमा पनि नमाज पढ्न निषेध गरिएको छ, किनभने व्यक्तिको ध्यान त्यसैमा अल्झेको हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. "नमाजमा प्रवेश गर्नु अघि ध्यान भङ्ग गर्ने सबै कुराहरू हटाउनुपर्छ।"

(3088)

(155) – عن عُثْمَانَ بْنَ أَبِي الْعَاصِ رضي الله عنه: أنه أَتَى النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فَقَالَ: يَا رَسُولَ اللهِ، إِنَّ الشَّيْطَانَ قَدْ حَالَ بَيْنِي وَبَيْنَ صَلَاتِي وَقِرَاءَتِي يَلْبِسُهَا عَلَيَّ، فَقَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**ذَاكَ شَيْطَانٌ يُقَالُ لَهُ خِنْزَبٌ، فَإِذَا أَحْسَسْتَهُ فَتَعَوَّذْ بِاللهِ مِنْهُ، وَاتْفُلْ عَلَى يَسَارِكَ ثَلَاثًا**»، قَالَ: فَفَعَلْتُ ذَلِكَ فَأَذْهَبَهُ اللهُ عَنِّي. [صحيح] - [رواه مسلم]

(155) – उस्मान बिन अबुल आस् (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, म रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आए र भने: हे अल्लाहका रसूल! शैतान मेरो नमाज र मेरो तिलावत (पाठ) को बीचमा आएर मलाई भ्रमित पार्न खोज्छ । यो सुनेर, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: " यो खिन्जब भनिने एक शैतान हो । उसले तिमीलाई विचलित गर्न खोज्छ भने तअउवुज् पढ (अल्लाहको शरण लेऊ) र आफ्नो बायाँतिर तीन पटक थुथु गर ।" उनी भन्छन्, जब मैले उस्तै गरें, अल्लाहले मेरो समस्या हटाइदिनु भयो । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

उस्मान बिन अबुल आस (रजियल्लाहु अन्हु) रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आएर भने, हे अल्लाहका रसूल! शैतान मेरो र मेरो नमाज बीचमा बाधाको रूपमा खडा हुन्छ, मलाई एकाग्रता र नम्रताका साथ नमाज पढ्न दिँदैन र मेरो तिलावत (पठन)मा शंका उत्पन्न गर्दछ । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई भन्नुभयो: यो खिन्जब भनिने एक शैतान हो । जब तिमी उसको घुसपैठ महसुस गर्छौ, तब अल्लाहको शरण लेऊ र आफ्नो बायाँतिर तीन पटक थुक । उस्मान भन्छन्, जब मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आदेशको पालना गरें, अल्लाहले मेरो समस्या हटाइदिनु भयो ।

## हदीसका केही फाइदाहरू:

1. नम्रतापूर्वक नमाज पढ्नु र हृदयलाई उपस्थित राख्नुको महत्त्व । शैतानले नमाजमा बाधा पुऱ्याउने र शंका उत्पन्न गर्ने सक्दो प्रयास गर्छ ।

2. जब शैतानले नमाजमा हृदयमा खराब विचारहरू उत्पन्न गर्छ, उसबाट अल्लाहको शरण खोज्नु र देब्रेपटि तीन पटक थुक्नु मुस्तहब हो ।
3. जब जब साहाबहरू कुनै समस्याको सामना गर्थे, तिनीहरू अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ जान्थे र उहाँलाई समाधान गर्न आग्रह गर्थे ।
4. साहाबाका हृदयहरू जीवित थिए र तिनीहरूको लक्ष्य परलोक थियो ।

(65105)

(156) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «أَسْوَأُ النَّاسِ سَرَقَةً الَّذِي يَسْرِقُ صَلَاتَهُ» قَالَ: وَكَيْفَ يَسْرِقُ صَلَاتَهُ؟ قال: «لَا يُتِمُّ رُكُوعَهَا، وَلَا سُجُودَهَا». [صحيح] - [رواه ابن حبان]

(156) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सबैभन्दा खराब चोर त्यो व्यक्ति हो जसले आफ्नो नमाज मा चोरी गर्छ ।" एक साथीले नमाजमा चोरी गर्नुको अर्थ के हो भनेर सोधे, उहाँले जवाफ दिनुभयो: "नमाजमा चोरी गर्नु भनेको उसले पूर्ण रूपमा रुकुअ र सज्दा नगर्नु हो।" [सही] - [इब्ने हिब्बानले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, सबैभन्दा खराब चोर त्यो हो जसले आफ्नो नमाजमा चोरी गर्छ । किनभने अर्काको सम्पत्ति चोरेर मानिसले सांसारिक फाइदा लिन सक्छ तर नमाज मा चोरी गर्नेले आफ्नो हकको पुण्य र इनाम चोर्छ । सहाबाहरूले सोधे, हे अल्लाहका रसूल ! नमाजमा चोरी गर्नुको अर्थ के हो? उहाँले जवाफ दिनुभयो: यसको मतलब भनेको व्यक्तिले रुकुअ र सज्दा पूर्ण रूपमा नगर्नु हो; अर्थात् छिटो छिटो रुकुअ र सज्दा गर्ने र सुन्नत अनुसार नगर्ने हो ।

## हदीसका केही फाइदाहरू:

1. राम्रोसँग नमाज पढ्नु र यसका अनिवार्य कुराहरुलाई नम्रताका साथ गर्नुको महत्त्व ।
2. रुकु र सज्दा पूर्णतया नगर्नेलाई चोर भन्नु भनेको यसप्रति घृणा जगाउने र यो निषेध हो भनेर चेतावनी दिन हो ।
3. रुकु र सज्दा पूर्ण शान्तिपूर्वक गर्नु वाजिब हो ।

(65100)

(157) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «أَمَا يَخْشَى أَحَدُكُمْ - أَوْ: لاَ يَخْشَى أَحَدُكُمْ - إِذَا رَفَعَ رَأْسَهُ قَبْلَ الإِمَامِ، أَنْ يَجْعَلَ اللَّهُ رَأْسَهُ رَأْسَ حِمَارٍ، أَوْ يَجْعَلَ اللَّهُ صُورَتَهُ صُورَةَ حِمَارٍ». [صحيح] - [متفق عليه]

(157) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "के तिमीहरूमध्ये जसले इमाम भन्दा अगाडि आफ्नो टाउको उठाउँछ - अल्लाहले उसको टाउकोलाई गधाको टाउकोमा परिणत गर्दिन वा अल्लाहले उसको छविलाई गधा जस्तै बनाइदिने डर छैन ?" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले इमामको अगाडि आफ्नो टाउको उठाउने व्यक्तिलाई अल्लाहले उसको टाउकोलाई गधाको टाउकोमा परिणत गर्न वा उसलाई गधा जस्तो बनाउन सक्ने कडा चेतावनी दिनुभएको छ ।

## हदीसका केही फाइदाहरू:

1. इमामको साथमा मुक्तदीको(इमाम पछाडि नमाज पढ्ने) चार अवस्था हुन सक्छ, ती मध्ये तीन अवस्थाहरू निषेधित छन् : इमाम भन्दा अगाडि

जानु, उहाँसँगै जानु र ढिलो गर्नु । सही तरिका भनेको मुक्तदीले इमामको अनुसरण गर्नुपर्छ ।

2. मुक्तादीले इमामको अनुसरण गर्नु वाजिब हो ।
3. इमामको अगाडि आफ्नो टाउको उठाउने व्यक्तिको छविलाई गधाको छविमा परिवर्तन गर्ने धम्की सम्भव छ र यो एक प्रकारको विकृति हो ।

(3086)

(158) – عَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «إِذَا شَكَّ أَحَدُكُمْ فِي صَلَاتِهِ، فَلَمْ يَدْرِ كَمْ صَلَّى ثَلَاثًا أَمْ أَرْبَعًا، فَلْيَطْرَحِ الشَّكَّ، وَلْيَبْنِ عَلَى مَا اسْتَيْقَنَ، ثُمَّ يَسْجُدُ سَجْدَتَيْنِ قَبْلَ أَنْ يُسَلِّمَ، فَإِنْ كَانَ صَلَّى خَمْسًا شَفَعْنَ لَهُ صَلَاتَهُ، وَإِنْ كَانَ صَلَّى إِتْمَامًا لِأَرْبَعٍ كَانَتَا تَرْغِيمًا لِلشَّيْطَانِ». [صحيح] - [رواه مسلم]

(158) – अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "जब तिमीहरूमध्ये कसैलाई आफ्नो नमाजमा शंका लाग्छ र उसले तीन वा चार कति रकातहरू पढेको हो थाहा छैन भने उसले शङ्कालाई छोडेर विश्वासमा भर पर्नुपर्छ र त्यसपछि सलाम फेर्नु अघि दुईवटा सज्दा गर्नुपर्छ । यदि उसले पाँच रकातहरू पढेको छ भने यी दुई सज्दाले उसको नमाज ६ रकात बराबर हुनेछ र यदि उसले पूरा चार रकातहरू पढेको थियो भने, यी दुई सज्दाहरू शैतानको लागि अपमानको कारण हुनेछन् । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ, जब कुनै मुसल्ली (नमाज पढ्ने व्यक्ति) लाई आफ्नो नमाजमा शंका उत्पन्न भयो र उसलाई थाहा छैन उसले तीन रकात पढेको छ वा चार ? यस्तो अवस्थामा शङ्कालाई छोडेर विश्वासमा भर पर्नुपर्छ । यहाँ शङ्का ४ मा छ र तीन निश्चित छ । त्यसैले उसले

तीनमा विश्वास गर्दै एक रकात पुरा गर्नुपर्छ र सलाम फेर्नु अघि दुईवटा सज्दा (सहव) गर्नुपर्छ ।

यदि उसले वास्तवमा चार रकात पढेको थियो; र एक रकात थप्दा उसको पाँच रकात हुन गयो भने उसले सलाम अघि गरेको दुईवटा सजदा (सहव) ले जोड रकात भयो बिजोड भएन, किनभने ती दुई सज्दा एक रकातको सट्टा हो र यदि उसले तीन नै पढेको थियो भने एक रकात थप्दा उसको नमाज पूर्ण भयो र उसले केही कमीबेशी नगरी पूर्ण पढ्यो ।

दुईवटा सजदा (सहव) हरू शैतानलाई अपमानित गर्न, पराजित गर्न र उसको सपनालाई साकार हुनबाट टाढा राख्नको लागि थियो । किनभने उसले नमाजलाई भ्रमित गर्न र भ्रष्ट पार्न दुस्साहस गर्यो । तर जब आदमको सन्लेतानले अल्लाहको आज्ञा पालन गर्दै सज्दा गर्यो तब उसको नमाज पूर्ण भयो । यधपी शैतानले आदमको सज्दा गर्नबाट अस्वीकार गरेर अल्लाहको अनाज्ञाकारी गरेको थियो ।

## हदीसका केही फाइदाहरू:

1. कुनै मुसल्ली (नमाज पढ्ने व्यक्ति) लाई आफ्नो नमाजमा शंका भयो र उसले तीन रकात पढेको छ कि चार केही थाहा छैन भने उसले शंका त्याग्नु पर्छ र निश्चितताका साथ काम गर्नुपर्छ, जुन सबैभन्दा कम हो, त्यसैले उसले कममा विश्वास गर्दै आफ्नो नमाज पुरा गर्नुपर्छ र सलाम फेर्नु अघि दुईवटा सजदा (सहव) गर्नुपर्छ अनि त्यसपछि सलाम फेनुपर्छ ।
2. यी दुई सजदा (सहव) ले नमाज को कमीलाई पुरा गर्छ र शैतानको चाललाई असफल बनाउने र उसलाई अपमानित गर्ने तरिका हो ।
3. हदीसमा उल्लेखित शंका भनेको १०० प्रतिशत हो तर यदि उसलाई कुनै अनुमान छ भने त्यही अनुसार पुरा गरिनेछ ।
4. शंकासँग लड्नु पर्छ र शरियतको आदेशको पालना गरेर यसलाई निर्मुल पार्न प्रोत्साहन ।

(11231)

(159) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه أَنَّ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «**خَيْرُ يَوْمٍ طَلَعَتْ عَلَيْهِ الشَّمْسُ يَوْمُ الْجُمُعَةِ، فِيهِ خُلِقَ آدَمُ، وَفِيهِ أُدْخِلَ الْجَنَّةَ، وَفِيهِ أُخْرِجَ مِنْهَا، وَلَا تَقُومُ السَّاعَةُ إِلَّا فِي يَوْمِ الْجُمُعَةِ**». [صحيح] - [رواه مسلم]

(159) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सूर्योदय हुने सबै दिन भन्दा राम्रो दिन जुमाको दिन हो, त्यही दिन आदमलाई सृष्टि गरियो, त्यही दिन उनलाई स्वर्गमा प्रवेश गराइयो, त्यही दिन उनलाई त्यहाँबाट निकालियो र शुक्रबारको दिन नै प्रलय आउनेछ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सबैभन्दा राम्रो दिन जसमा सूर्य उदाउँछ शुक्रबार हो भन्नुभएको छ । यसका केही विशेषताहरू: अल्लाहले आदम (अलैहिस्सलाम) लाई त्यही दिन सृष्टि गर्नुभयो, त्यही दिन उनलाई स्वर्गमा प्रवेश गर्नुभयो, त्यही दिन उनलाई त्यहाँबाट निकालेर पृथ्वीमा ल्याउनुभयो र प्रलय शुक्रबार बाहेक अन्य दिनमा आउने छैन ।

## हदीसका केही फाइदाहरू:

1. हप्ताका अन्य दिनहरूमा जुमा (शुक्रबार) को सद्गुण ।
2. जुमा (शुक्रबार) को दिन अत्याधिक नेक काम गर्न प्रोत्साहन, अल्लाहको कृपा प्राप्त गर्न र उहाँको क्रोधबाट बच्न तयार रहनुहोस् ।
3. हदीसमा उल्लेखित जुमा (शुक्रबार) का विशेषताहरूबारे केही धारणाहरू : यो जुमाको विशेषता होइनन्; किनकि आदमलाई त्यहाँबाट निकालिनु र प्रलय आउनु कुनै विशेषता होइन । अर्को भनाइँ : यी सबै विशेषताहरू हुन् । आदमलाई त्यहाँबाट निकालिनु भनेको सन्तान, सन्देशवाहकहरू र नबीहरूको अस्तित्वको कारण हो । त्यसैगरी प्रलय

आउनुमा धर्मीहरूको इनाम र अल्लाहले उनीहरूको सम्मानको लागि तयार गर्नुभएको कुरा प्राप्त गर्नको लागि हतार गर्नु हो ।

4. जुमा (शुक्रबार) का अन्य विशेषताहरू अर्को हदीसमा उल्लेख गरिएको छ, जस्तैः त्यही दिन आदमको पश्चात्ताप स्वीकार गरियो, त्यही दिन उनको निधन भयो र जुमाको दिन एउटा यस्तो समय छ जसमा कुनै पनि मुमिन भक्तले अल्लाहसँग केही माग्छ भने उहाँले दिनुहुन्छ ।

5. वर्षको सबैभन्दा उत्कृष्ट दिन अराफातको दिन हो । केही धर्मविदले 'कुर्बानी' (बलिदान) को दिन भनेका छन् । हप्ताको सबैभन्दा उत्कृष्ट दिन शुक्रबारको दिन हो र सबैभन्दा उत्कृष्ट रात लैलतुल-कदर हो ।

(3711)

(160) – عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ أَنَّ رَسُولَ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «مَنِ اغْتَسَلَ يَوْمَ الجُمُعَةِ غُسْلَ الجَنَابَةِ ثُمَّ رَاحَ، فَكَأَنَّمَا قَرَّبَ بَدَنَةً، وَمَنْ رَاحَ فِي السَّاعَةِ الثَّانِيَةِ، فَكَأَنَّمَا قَرَّبَ بَقَرَةً، وَمَنْ رَاحَ فِي السَّاعَةِ الثَّالِثَةِ، فَكَأَنَّمَا قَرَّبَ كَبْشًا أَقْرَنَ، وَمَنْ رَاحَ فِي السَّاعَةِ الرَّابِعَةِ، فَكَأَنَّمَا قَرَّبَ دَجَاجَةً، وَمَنْ رَاحَ فِي السَّاعَةِ الخَامِسَةِ، فَكَأَنَّمَا قَرَّبَ بَيْضَةً، فَإِذَا خَرَجَ الإِمَامُ حَضَرَتِ المَلَائِكَةُ يَسْتَمِعُونَ الذِّكْرَ». [صحيح] - [متفق عليه]

(160) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "जसले जुमा (शुक्रबार) को दिन जनाबत (यौनसम्बन्ध पछि) को स्नान गर्छ र त्यसपछि पहिलो प्रहरमा मस्जिदतर्फ जान्छ, उसले दानमा ऊँट दिए जस्तै हो । जो दोस्रो प्रहरमा मस्जिद जान्छ, उसले दानमा गाई दिए जस्तै हो । जो तेस्रो प्रहरमा मस्जिद जान्छ, उसले दानमा भेडा दिए जस्तै हो । जो चौथो प्रहरमा मस्जिद जान्छ, उसले दानमा कुखुरा दिए जस्तै हो । जो पाँचौं प्रहरमा मस्जिद जान्छ, उसले दानमा अण्डा दिए जस्तै हो । त्यसपछि जब इमाम (खुत्बाको लागि) आउनुहुन्छ, फरिश्ता (स्वर्गदूत) हरू उपस्थित हुन्छन् र खुत्बा(उपदेश) सुन्छन् ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्याः

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले जुमाको नमाज लागि चाँडै जाने सद्गुणबारे बताउनुभएको छ । जुमाको लागि प्रारम्भिक आगमन सूर्योदयदेखि लिएर इमामको आगमनसम्म हुन्छ; र यो पाँच घडी हुन्छ । सूर्योदयदेखि लिएर इमामले खुत्बा (उपदेश) को लागि मिम्बर (मंच) मा चढ्नेसम्मको समयलाई पाँच भागमा विभाजित गरिएको छ :

पहिलो: जसले जनाबत (यौनसम्बन्ध पछि) को स्नान जस्तै पूर्ण स्नान गर्छ र त्यसपछि पहिलो प्रहरमा मस्जिदतर्फ जान्छ, उसले दानमा ऊँट दिए जस्तै हो ।

दोस्रो: जो दोस्रो प्रहरमा जान्छ, उसले दानमा गाई दिए जस्तै हो ।

तेस्रो: जो तेस्रो प्रहरमा जान्छ, उसले दानमा एउटा भेडा दिए जस्तै हो (सिङहरू भएको भाले भेडा) ।

चौथो: जो चौथो प्रहरमा जान्छ, उसले दानमा कुखुरा दिए जस्तै हो ।

पाँचौं: जो पाँचौं प्रहरमा जान्छ, उसले दानमा अण्डा दिए जस्तै हो ।

जब इमाम खुत्बा (उपदेश) दिन आउनु हुन्छ; ढोकामा बसेका स्वर्गदूतहरूले मस्जिदमा आउनेहरूलाई क्रमशः लेख्ने कार्य छोडेर जिक्र र खुत्बा सुन्न थाल्छन् ।

## हदीसका केही फाइदाहरू:

1. जुमाको नमाज पढ्न जानु अघि नुहाउन प्रोत्साहन ।
2. जुमाको नमाज पढ्न पहिलो प्रहरमा चाँडै आइपुग्नुको श्रेष्ठता ।
3. राम्रो काम गर्न पहल गर्न प्रोत्साहन ।
4. फरिश्ता (स्वर्गदूत) हरू जुमाको नमाज उपस्थित हुन्छन् र उपदेश सुन्छन् ।
5. फरिश्ता (स्वर्गदूत) हरू मस्जिदहरूको ढोकामा हुन्छन् र जुमाको नमाज लागि आउनेहरूलाई क्रमशः लेख्छन् ।
6. इब्न रजबले भने: उहाँको भनाइ: "जसले शुक्रबारको दिन नुहाउँछ र त्यसपछि मस्जिद जान्छ" ले शुक्रबारको लागि मुस्तहब स्नान सूर्योदयदेखि सुरु हुन्छ र जुमाको लागि प्रस्थान गर्दा समाप्त हुन्छ भनेर प्रमाणित हुन्छ ।

(5393)

(161) – عن ثَوْبَانَ رضي الله عنه قال: كَانَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ إِذَا انْصَرَفَ مِنْ صَلَاتِهِ اسْتَغْفَرَ ثَلَاثًا، وَقَالَ: «اللَّهُمَّ أَنْتَ السَّلَامُ، وَمِنْكَ السَّلَامُ، تَبَارَكْتَ ذَا الْجَلَالِ وَالْإِكْرَامِ»، قَالَ الْوَلِيدُ: فَقُلْتُ لِلْأَوْزَاعِيِّ: كَيْفَ الْاسْتِغْفَارُ؟ قَالَ: تَقُولُ: أَسْتَغْفِرُ اللهَ، أَسْتَغْفِرُ اللهَ. [صحيح] - [رواه مسلم]

(161) – सौबान (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सलाह (नमाज) मा सलाम फेरिसकेपछि 'अस्तग्-फिरूल्लाह' (तीन पटक र यो दुआ पढ्नुहुन्थ्यो: "अल्लाहुम्म अन्तस्सलाम व मिन्कस्सलाम तबारक्त या जल्-जलालि वल्-इक्राम् ।" वलीद भन्छन्: मैले औजाइलाई सोधें: इस्तिग्फार कसरी पढ्ने? उनले जवाफ दिए: अस्तग्-फिरूल्लाह' अस्तग्-फिरूल्लाह' (म अल्लाहसँग माफी माग्छु, म अल्लाहसँग माफी माग्छु) भन्नुपर्छ । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सलाह (नमाज) समाप्त गरेपछि 'अस्तग्-फिरूल्लाह' (हे अल्लाह! म तपाईंसँग माफी माग्दछु) तीन पटक पढ्नुहुन्थ्यो ।

त्यसपछि, आफ्नो पालनकर्ताको महानताको वर्णन गर्दै 'अल्लाहुम्म अन्तस्सलामु व मिन्कस्सलामु तबारक्त या जल्-जलालि वल्-इक्राम्' (हे अल्लाह! तपाईं शान्तिको स्रोत हुनुहुन्छ । तपाईंबाट मात्र शान्ति आउँछ । तपाईं धन्य, महान र आदरणीय हुनुहुन्छ) पढ्नुहुन्थ्यो । अर्थात्, अल्लाह आफ्ना गुणहरूमा शुद्ध र पूर्ण हुनुहुन्छ, उहाँ हरेक दोष र कमीकमजोरीबाट मुक्त हुनुहुन्छ । यस संसार र परलोकको खराबीबाट सुरक्षा केवल अल्लाहबाट खोजिनेछ र अरू कसैबाट होइन । अल्लाहको आशीर्वाद दुबै संसारमा अपार छ । उहाँ महान र परोपकारी हुनुहुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. सलाम पछि 'अस्तग्-फिरूल्लाह' पढ्नु र यस अभ्यासमा दृढ रहनु मुस्तहब हो ।
2. उपासनामा भएका कमीकमजोरी र भूलहरूको पूर्ति गर्न अल्लाहसँग माफी माग्नु मुस्तहब हो ।

(10947)

(162) – عَنْ أَبِي الزُّبَيْرِ قَالَ: كَانَ ابْنُ الزُّبَيْرِ يَقُولُ فِي دُبُرِ كُلِّ صَلَاةٍ حِينَ يُسَلِّمُ: «لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ، لَا حَوْلَ وَلَا قُوَّةَ إِلَّا بِاللهِ، لَا إِلَهَ إِلَّا اللهُ، وَلَا نَعْبُدُ إِلَّا إِيَّاهُ، لَهُ النِّعْمَةُ وَلَهُ الْفَضْلُ وَلَهُ الثَّنَاءُ الْحَسَنُ، لَا إِلَهَ إِلَّا اللهُ مُخْلِصِينَ لَهُ الدِّينَ وَلَوْ كَرِهَ الْكَافِرُونَ» وَقَالَ: «كَانَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يُهَلِّلُ بِهِنَّ دُبُرَ كُلِّ صَلَاةٍ». [صحيح] - [رواه مسلم]

(162) – अबू जुबैरले बयान गरेका छन्, उनले भने: अब्दुल्लाह बिन जुबैर (रजिअल्लाहु अनहुमा) हरेक नमाज मा सलाम फेरिसकेपछि यो दुआ गर्नुहुन्थ्यो: 'ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु, लहुल्मुल्कु व लहुल्-हम्दु व हुव अला कुल्लि शैइन् कदीर्, ला हौल वला कुव्वत इल्ला बिल्लाह्, ला इलाह इल्लल्लाहु, वला नाअ्बुदु इल्ला इय्याह्, लहु-न्निअ्मतु व लहुल्-फज्लु व लहुस्सना उल्-हसन्, लाइलाह इल्लल्लाहु मुख्लिसीन लहुद्दी न व लौ करिहल्-काफिरून्' । उनले थप भने: रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक नमाजमा सलाम फेरिसकेपछि यो दुआहरू पढेर अल्लाहको प्रशंसा व्यक्त गर्नुहुन्थ्यो । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाजमा सलाम फेरिसकेपछि अल्लाहको पवित्रतालाई यस महान जिक्र मार्फत वर्णन गर्नुहुन्थ्यो, जसको अर्थ हो:

"ला इलाहा इल्लल्लाह": अल्लाह बाहेक कोही सत्य ईश्वर छैन ।

"वह्दहू ला शरीक लहु": उहाँ एक्लै हुनुहुन्छ र (उपासना, प्रभुत्व र नाम र विशेषताहरूमा) उहाँको कुनै साझेदार छैन ।

"लहुल्मुल्कु" : उहाँको लागि सार्वभौमसत्ता हो । उहाँ सर्वव्यापी, आकाश, पृथ्वी र बिचमा भएका सबै चीजहरूको स्वामी हुनुहुन्छ ।

“व लहुल्-हम्दु”: सम्पूर्ण प्रशंसाहरू उहाँकै लागि हुन् । उहाँ हरेक दृष्टिले परिर्पूर्ण, सम्पन्न र निरपेक्ष हुनुहुन्छ । उहाँको महिमा दुःख सुख हरेक परिस्थितिमा प्रेम र आदरका साथ वर्णन गरिनेछ ।

"व हुव अला कुल्लि शैइन् कदीर्": उहाँको शक्ति सबै मामिलामा पूर्ण छ । उहाँको लागि कुनै पनि कुरा असम्भव छैन । उहाँले गर्न नसक्ने केही छैन ।

"ला हौल वला कुव्वत इल्ला बिल्लाह्": अल्लाहको तौफिक (सहायता) बिना एक अवस्थाबाट अर्को अवस्थामा सर्ने र उहाँको अवज्ञा छोडेर आज्ञापालन गर्ने शक्ति कसैसँग छैन । उहाँ नै वास्तविक सहयोगी हुनुहुन्छ र उहाँमाथि नै सम्पूर्ण भरोसा छ ।

"ला इलाह इल्लल्लाहु, वला नअ्बुदु इल्ला इय्याह्": अल्लाह बाहेक अरू कोही उपासना योग्य छैन र उहाँको कुनै साझेदार छैन भन्ने कुरामा जोर दिइएको छ ।

"लहुन्निअ्मतु व लहुल्-फज्लु": उहाँ नै हुनुहुन्छ जसले सबै आशीर्वाद सिर्जना गर्नुहुन्छ, उहाँ तिनीहरूको मालिक हुनुहुन्छ र उहाँले जसमाथि चाहनुहुन्छ तीमाथि उपकार गर्नुहुन्छ ।

"व लहुस्सना उल्-ह सन्": जात, गुण, कर्म, आशीर्वाद र हरेक किसिमको उत्कृष्ट प्रशंसा उहाँकै लागि हो।

"लाइलाह इल्लल्लाहु मुख्लिसी न लहुद्दीन" हामी इख्लासका साथ उहाँको उपासना गर्छौं । उहाँको उपासनालाई हरेक किसिमको कपट, पाखण्ड, ढोंग र प्रसिद्ध हुने भावनाबाट मुक्त राख्छौं ।

"व लौ करिहल्-काफिरून्": हामी तौहीद (अल्लाहलाई एक मान्ने) र उहाँको उपासना गर्नमा अडिग रहनेछौं, चाहे काफिरहरूलाई नराम्रो लागे पनि ।

## हदीसका केही फाइदाहरू:

1. हरेक फर्ज सलाह (अनिवार्य नमाज) पछि यो जिक्र पाबन्दीका साथ पढ्नु मुस्तहब हो ।
2. एक मुस्लिम आफ्नो धर्ममा गर्व गर्दछ र काफिरहरूलाई नराम्रो लागे तापनि खुला रूपमा आफ्नो रीतिथिति पछ्याउँछ ।
3. जब हदीसमा "दुबर अल-सलात" (नमाज पछि) शब्दहरू देखा पर्छन् र हदीसमा 'जिक्र' उल्लेख छ भने यसको अर्थ सलाम पछि हुनेछ, तर यदि उल्लेख छ भने यो सलाम भन्दा पहिले हुनेछ ।

(6203)

(163) – عَنْ وَرَّادٍ كَاتِبِ الْمُغِيرَةِ بْنِ شُعْبَةَ قَالَ: أَمْلَى عَلَيَّ الْمُغِيرَةُ بْنُ شُعْبَةَ فِي كِتَابٍ إِلَى مُعَاوِيَةَ: أَنَّ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ كَانَ يَقُولُ فِي دُبُرِ كُلِّ صَلَاةٍ مَكْتُوبَةٍ: «لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ، اللَّهُمَّ لَا مَانِعَ لِمَا أَعْطَيْتَ، وَلَا مُعْطِيَ لِمَا مَنَعْتَ، وَلَا يَنْفَعُ ذَا الْجَدِّ مِنْكَ الْجَدُّ». [صحيح] - [متفق عليه]

(163) – मुगीरा बिन शोअबाको मुन्सि वर्रादले बयान गरेका छन्, मुगीरा बिन शोअबाले मलाई मुआविया (रजियल्लाहु अन्हु) लाई पठाइएको पत्रमा लेख्न लगाए: रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाज पछि यो दुआ पढ्नुहुन्थ्यो : 'ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु, लहुल्मुल्कु व लहुल्-हम्दु व हुव अला कुल्लि शैइन् कदीर्, अल्लाहुम्म ला मानिअ लिमा आअ्तैत्, वला मुअ्तिय लिमा मनअ्त, वला यन्फउ जलजद्दि मिन्कल्-जद्द ।' [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाज पछि : 'ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु, लहुल्मुल्कु व लहुल्-हम्दु व हुव अला कुल्लि

शैइन् कदीर्, अल्लाहुम्म ला मानिअ लिमा आअ्तैत, वला मुअ्तिय लिमा मनाअ्त, वला यन्फउ जलजद्दि मिन्कल्-जद्द' पढ्नुहुन्थ्यो ।

अर्थात् म तौहीद (एकेश्वरवाद) को वचनलाई स्वीकार गर्दछु । म साँचो उपासना केवल अल्लाहको लागि पुष्टि गर्दछु र उहाँबाहेक सबैका लागि अस्वीकार गर्दछु । किनकि अल्लाह बाहेक अरु कोही सच्चा उपासक छैन । म पुष्टि गर्छु कि साँचो र पूर्ण सार्वभौमसत्ता अल्लाहका लागि हुन् र केवल उहाँ आकाश र पृथ्वीमा भएका सबै प्रशंसाका हकदार हुनुहुन्छ । किनकि उहाँ सबै कुरामा सक्षम हुनुहुन्छ । यदि उहाँले कसैलाई केही प्रदान गर्नुहुन्छ भने त्यसलाई कसैले रोक्न सक्दैनन् वा कसैलाई केही नदिने नियत गर्नुभएको छ भने त्यसलाई कोही दिन सक्दैन । उहाँको दरबारमा धनी व्यक्तिको धनले उसलाई कुनै फाइदा गर्दैन । हो, उसको सत्कर्मले मात्र उसलाई फाइदा गर्नेछ ।

## हदीसका केही फाइदाहरू:

1. एकेश्वरवाद र अल्लाहको प्रशंसामा आधारित रहेकोले यो जिक्र हरेक सलाह पछि पढ्नु मुस्तहब हो ।
2. सुन्नतहरूको पालनामा अघि सर्नु र तिनको प्रचार प्रसार गर्नु।

(65102)

(164) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه عَنْ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «مَنْ سَبَّحَ اللهَ فِي دُبُرِ كُلِّ صَلَاةٍ ثَلَاثًا وَثَلَاثِينَ، وَحَمِدَ اللهَ ثَلَاثًا وَثَلَاثِينَ، وَكَبَّرَ اللهَ ثَلَاثًا وَثَلَاثِينَ، فَتْلِكَ تِسْعَةٌ وَتِسْعُونَ، وَقَالَ: تَمَامَ الْمِائَةِ: لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ غُفِرَتْ خَطَايَاهُ وَإِنْ كَانَتْ مِثْلَ زَبَدِ الْبَحْرِ». [صحيح] - [رواه مسلم]

(164) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले प्रत्येक नमाजपछि ‘सुब्हानअल्लाह्’ ३३ पटक, ‘अल्हम्दु-लिल्लाह्’ ३३ पटक, ‘अल्लाहु-अक्बर’ ३३ पटक, यो कुल ९९ पटक भयो र ‘ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु, लहुल्मुल्कु व लहुल्-हम्दु वहुव अला कुल्लि शैइन् कदीर्’ १ पटक भनेर १०० पुरा गर्छ भने उसका सम्पूर्ण पापहरू क्षमा हुनेछन्, चाहे त्यो समुद्रको फिज (फेन) बराबर भए पनि ।” [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले बयान गर्नुभएको छ, जसले प्रत्येक अनिवार्य नमाजपछि:

‘सुब्हानअल्लाह’ ३३ पटक, यसमा अल्लाह हरेक कमजोरीबाट पवित्र हुनुहुन्छ भन्ने कुराको घोषणा गरिएको हो ।

‘अल्हम्दु-लिल्लाह’ ३३ पटक, यसमा अल्लाहलाई प्रेमका साथ उहाँका सिद्ध गुणहरूद्वारा प्रशंसा गरिएको हो ।

‘अल्लाहु-अक्बर’ ३३ पटक, अर्थात अल्लाह सबै भन्दा महान र ठूलो हुनुहुन्छ ।

त्यसपछि 'ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु, लहुल्मुल्कु व लहुल्-हम्दु वहुव अला कुल्लि शैइन् कदीर्’ १ पटक भनेर १०० पुरा हुन्छ । यसको अर्थ : अल्लाह बाहेक अरू कोही सत्य पूज्य छैनन्, उहाँ एक्लै हुनुहुन्छ, उहाँको कोही साझेदार छैन । सारा जगतका मालिक उहाँ नै हुनुहुन्छ । प्रेम र आदरका साथ सम्पूर्ण प्रशंसाहरू उहाँकै लागि हुन् र उहाँ सबै कुरा गर्न सक्षम हुनुहुन्छ ।

जसले यसो भन्छ, उसका पापहरू मेटाइनेछन् र पखालिनेछन्, चाहे त्यो समुद्रमा जोश आउदा माथि उठ्ने सेतो फेँज जस्तै धेरै भए पनि ।

## हदीसका केही फाइदाहरू:

1. फर्ज प्रार्थनापछि यो जिक्र पढ्नु मुस्तहब हो ।
2. यो जिक्रले पाप क्षमा हुन्छ ।
3. सर्वशक्तिमान अल्लाह को अनुग्रह, दया र क्षमा महान छ ।
4. यो जिक्रले पाप क्षमा हुन्छ भन्ने कुराको अर्थ हो: यो साना पापहरूको प्रायश्चित हो, तर ठूला पापहरूको लागि तौबा (पश्चात्ताप) अनिवार्य हो ।

(10948)

(165) – عَنْ أَبِي أُمَامَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «مَنْ قَرَأَ آيَةَ الْكُرْسِيِّ فِي دُبُرِ كُلِّ صَلَاةٍ مَكْتُوبَةٍ لَمْ يَمْنَعْهُ مِنْ دُخُولِ الْجَنَّةِ إِلَّا أَنْ يَمُوتَ». [صحيح] - [ رواه النسائي في الكبرى]

(165) – अबू-उमामा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "जसले हरेक फर्ज नमाजपछि 'आयतुल कुर्सी' पढ्छ, उसलाई मृत्यु बाहेक अरू कुनै चीजले स्वर्ग जानबाट रोक्न सक्दैन ।" [सही] - []

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : जसले हरेक फर्ज नमाजपछि 'आयतुल कुर्सी' पढ्छ, उसलाई मृत्यु बाहेक अरू कुनै चीजले स्वर्ग जानबाट रोक्न सक्दैन । 'आयतुल कुर्सी' भनेको सूरह बकरहको यो आयात हो : {अल्लाहु ला इलाह इल्ला हुवल्-हय्युल्-कय्यूम्, ला ता-खुजु हु सि न तुव्वला नौम्, लहु माफिस्समा वाति वमा फिल्-अर्ज, मन् जल्लजी यश्फऊ इन्दहु इल्ला बिइज्-निह, याअ्-लमु मा बैन ऐदिहिम् वमा खल्फहुम्, वला युही तू न बिशैइम्

मिन् इल्मिही इल्ला बिमा शा अ, व सि अ कुर्सिय्यु हुस्समा वाति वल्-अर्ज, वला यऊदुहू हिफ्जु हुमा व हुवल्-अलिय्युल्-अजीम्} [अल्-बकरह: २५५ ]

## हदीसका केही फाइदाहरू:

1. यस महान आयातको सद्‌गुण; यसमा अल्लाहका उत्कृष्ट नाम र उच्चतम गुणहरू उल्लेख गरिएका छन् ।
2. हरेक फर्ज नमाजपछि यो महान आयत पढ्नु मुस्तहब हो ।
3. राम्रो कर्म स्वर्गमा प्रवेश गर्ने कारण हो ।

(10950)

(166) – عَنِ ابْنِ عُمَرَ رَضِيَ اللَّهُ عَنْهُمَا قَالَ: حَفِظْتُ مِنَ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ عَشْرَ رَكَعَاتٍ: رَكْعَتَيْنِ قَبْلَ الظُّهْرِ، وَرَكْعَتَيْنِ بَعْدَهَا، وَرَكْعَتَيْنِ بَعْدَ المَغْرِبِ فِي بَيْتِهِ، وَرَكْعَتَيْنِ بَعْدَ العِشَاءِ فِي بَيْتِهِ، وَرَكْعَتَيْنِ قَبْلَ صَلاَةِ الصُّبْحِ، وَكَانَتْ سَاعَةً لاَ يُدْخَلُ عَلَى النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فِيهَا، حَدَّثَتْنِي حَفْصَةُ أَنَّهُ كَانَ إِذَا أَذَّنَ المُؤَذِّنُ وَطَلَعَ الفَجْرُ صَلَّى رَكْعَتَيْنِ، وَفِي لَفْظٍ: أَنَّ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ كَانَ يُصَلِّي بَعْدَ الْجُمُعَةِ رَكْعَتَيْنِ. [صحيح] - [متفق عليه بجميع رواياته]

(166) – इब्ने उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, मैले नबी (सल्लल्लाहु अलैहि वसल्लम) बाट दस रकाअतहरू सिकेको छु । जुहरअघि दुई रकात, जुहरपछि दुई रकात, मगरिबपछि दुई रकात घरमा, इशापछि दुई रकात घरमा र बिहान (फजर) को नमाज अघि दुई रकात र यस समय कोही पनि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) भएको ठाउँमा प्रवेश गर्दैनथ्यो । हफ्सा (रजियल्लाहु अन्हा) ले मलाई भनिन्, जब मुअज्जिनले फजरको अजान दिन्थ्यो तब उहाँ दुई रकात नमाज पढ्नुहुन्थ्यो । अर्को हदीसमा छ: उहाँ जुमा नमाजपछि दुई रकात नमाज पढ्नुहुन्थ्यो । [सही] - [सम्पूर्ण रिवायतहरूद्वारा मुत्तफकुन अलैहि]

## व्याख्या:

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हु) बताउँछन्, उनले अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट दस रकाअत नवाफिल (अतिरिक्त सलाह) हरू याद गरेका छन्, जसलाई सुनन रवातिब भनिन्छ । जुहरअघि दुई रकात र जुहरपछि दुई रकाअत । दुई रकाअत मगरिब पछि घरमा । दुई रकाअत ईशापछि घरमा । फजर भन्दा पहिले दुई रकाअत । यसरी जम्मा दश रकाअत पुरा भयो । जहाँसम्म शुक्रबारको नमाजको सवाल छ, नमाजपछि उहाँ दुई रकाअत पढ्नुहुन्थ्यो ।

## हदीसका केही फाइदाहरू:

1. यी सुन्नतहरू नियमित रूपमा पढ्नु मुस्तहब हो ।

2. घरमा सुन्नत नमाज पढ्नु शरीयत अनुसार हो ।

(3062)

(167) – عَنْ عَبْدِ اللهِ بْنِ مُغَفَّلٍ رضي الله عنه قَالَ: قَالَ النَّبِيُّ صلى الله عليه وسلم: «بَيْنَ كُلِّ أَذَانَيْنِ صَلَاةٌ، بَيْنَ كُلِّ أَذَانَيْنِ صَلَاةٌ» ثُمَّ قَالَ فِي الثَّالِثَةِ: «لِمَنْ شَاءَ». [صحيح] - [متفق عليه]

(167) – अब्दुल्लाह बिन मोगफ्फल (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "प्रत्येक दुई अजानको (अजान र इकामत) बीचमा एक नमाज हुन्छ, प्रत्येक दुई अजानको (अजान र इकामत) बीचमा एक नमाज हुन्छ र त्यसपछि तेस्रो पटकमा उहाँले भन्नुभयो: "उसको लागि जो पढ्न चाहन्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्याः

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले प्रत्येक अजान र इकमात बीच एक नफल (स्वैच्छिक सलाह) छ भनेर बताउनुभयो । उहाँले यो वाक्य तीन पटक दोहोर्याउनु भयो । तेस्रो पटक उहाँले नमाज पढ्न चाहने व्यक्तिको लागि यो मुस्तहब हो भन्नुभयो ।

## हदीसका केही फाइदाहरूः

1. अजान र इकामतको बीचमा नमाज पढ्नु मुस्तहब हो ।
2. नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफूले भनेको कुरालाई प्रायः दोहोर्याउनुहुन्थ्यो, ताकि श्रोताहरूले राम्ररी सुन्न सकून् र भनिएको कुराप्रति ध्यानाकर्षण होस् ।
3. दुई अजानको अर्थ : अजान र इकमत हो, तर दुवैलाई अजान भनिएको छ, जस्तैः 'कमरैन' दुई चन्द्रमा (सूर्य र चन्द्रमा) र 'उमरैन' दुई उमर (अबू बकर र उमर) ।

4. अजान : नमाजको समय भएको सूचना हो र इकामत : नमाज (जमात) कायम गर्ने सूचना हो ।

(65479)

(168) – عَنْ أَبِي قَتَادَةَ السَّلَمِيِّ رضي الله عنه أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «إِذَا دَخَلَ أَحَدُكُمُ الْمَسْجِدَ فَلْيَرْكَعْ رَكْعَتَيْنِ قَبْلَ أَنْ يَجْلِسَ». [صحيح] - [متفق عليه]

(168) – अबू-कतादह सलमी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “ "तिमीहरू मध्ये कोही मस्जिदमा प्रवेश गर्दा, उसले बस्नु अघि दुई रकात नमाज पढोस्।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मस्जिदमा प्रवेश गर्ने व्यक्तिले बस्नु अघि दुई रकात नमाज पढ्नुपर्छ भनेर प्रेरित गर्नुभएको छ । यद्यपि जुनसुकै समयमा र कुनै पनि उद्देश्यका लागि होस् र यी दुई रकातहरूलाई तहियतुल-मस्जिद भनिन्छ ।

## हदीसका केही फाइदाहरू:

1. मस्जिदमा बस्नु अघि तहियतुल-मस्जिदको रूपमा दुई रकात नमाज पढ्नु मुस्तहब हो ।
2. यो आदेश मस्जिदमा बस्न चाहनेहरूका लागि हो । तर जो मस्जिदमा प्रवेश गर्छ र बस्नुअघि नै निस्कन्छ भने ऊ यस आदेशको दायरामा पर्दैन ।
3. मानिसहरूले जमातका साथ नमाज पढिरहेको बेला यदि कोही मस्जिदमा प्रवेश गर्छ भने उसले जमातमा सामेल हुनुपर्छ र उसले दुई रकात नमाज पढ्नु पर्दैन ।

(65091)

(169) – عن أَبِي هُرَيرةَ رضي الله عنه أنَّ رسول الله صلى الله عليه وسلمَ قال: «إذا قُلْتَ لِصَاحِبِكَ: أَنْصِتْ، يومَ الجمعةِ، والْإِمامُ يَخْطُبُ، فَقَدْ لَغَوْتَ». [صحيح] - [متفق عليه]

(169) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "इमामले शुक्रबारको दिन खुत्बा (उपदेश) दिइरहेको बेला यदि तिमीले आफ्नो साथीलाई चुप लाग्न भन्यौ भने तिमीले पनि गलत (व्यर्थ) काम गरेको हुन्छौ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्याः

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, शुक्रबारको खुत्बामा उपस्थित व्यक्तिहरूले चुपचाप र पूर्ण ध्यानका साथ खतीब (धर्मगुरु) को खुत्बा (उपदेश) लाई सुन्नु पर्छ, ताकि उहाँले यसमा मनन गर्न सकून् । जसले खुत्बा भइरहेको समयमा कसैलाई शान्त रहन वा ध्यान दिएर सुन्न इत्यादि सानो कुरा पनि भन्यो भने ऊ शुक्रबारको नमाजको पुण्यबाट वञ्चित भयो ।

## हदीसका केही फाइदाहरू:

1. जुमाको खुत्बा (उपदेश) सुन्दा कुरा गर्नु हराम हो । त्यसैगरी कसैलाई गल्त कामबाट रोक्न कुरा गर्नु, सलामको जवाफ दिनु र हाच्छ्युँ गर्नेलाई जवाफ दिन पनि निषेध गरिएको छ ।
2. यदि कसैले इमामलाई केही भन्न सम्बोधन गर्छ वा इमामले कसैलाई सम्बोधन गर्छ भने यो अपवाद हो र निषेध भित्र पर्दैन ।
3. आवश्यक पर्दा दुई खुत्बा बीच कुरा गर्न अनुमति छ ।
4. खुत्बाको समयमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को नाम आउँछ भने उहाँमाथि विस्तारै दरुद पठाइनु र त्यसैगरी दुआ पछि पनि विस्तारै आमीन भन्नु ।

(3107)

(170) – عن عمران بن حصين رضي الله عنه قال: كَانَتْ بِي بَوَاسِيرُ، فَسَأَلْتُ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ عَنِ الصَّلَاةِ، فَقَالَ: «صَلِّ قَائِمًا، فَإِنْ لَمْ تَسْتَطِعْ فَقَاعِدًا، فَإِنْ لَمْ تَسْتَطِعْ فَعَلَى جَنْبٍ».
[صحيح] - [رواه البخاري]

(170) – इमरान बिन हुसैन (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मलाई बवासीर (पाइल्स) को समस्या थियो । त्यसैले मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) संग सलाह कसरी पढ्ने बारे सोधें र उहाँले भन्नुभयो: "उभिएर नमाज पढ्नु, नसक्ने भए बसेर नमाज पढ्नु र यो पनि सम्भव भएन भने कोल्टे परेर नमाज पढ्नु ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, वास्तविकता के हो भने उभिएर सलाह पढ्नुपर्छ । उभिएर नमाज पढ्न नसकेमा बसेर पढ्नुपर्छ र बसेर नमाज पढ्न नसक्ने भए छेउमा सुतेर पढ्नुपर्छ ।

## हदीसका केही फाइदाहरू:

1. नमाज कुनै हालतमा पनि माफ हुँदैन जबसम्म मानसिक स्थिरता रहन्छ, त्यसैले अवस्था अनुसार जति क्षमता छ त्यति अनुसार नमाज पढ्नु पर्छ।
2. इस्लाम एक सरल र सहज धर्म हो, यसले भक्तलाई आफ्नो क्षमता अनुसार नमाज पढ्न आदेश दिएको छ ।

(10951)

(171) – عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللهُ عَنْهُ: أَنَّ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «صَلَاةٌ فِي مَسْجِدِي هَذَا خَيْرٌ مِنْ أَلْفِ صَلَاةٍ فِيمَا سِوَاهُ إِلَّا الْمَسْجِدَ الْحَرَامَ». [صحيح] - [متفق عليه]

(171) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मेरो यो मस्जिदमा पढिएको एक नमाज, मस्जिद हरम (मक्का) बाहेक अन्य मस्जिदहरूमा पढिएको एक हजार नमाज भन्दा उत्तम छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो मस्जिदमा नमाज पढ्नुको सद्गुणहरू वर्णन गर्दै भन्नुभएको छ, मेरो मस्जिदमा पढिएको एक नमाज पृथ्वीको कुनै पनि अन्य मस्जिदहरूमा पढिएको एक हजार नमाजहरू भन्दा अफ्जल (उत्तम) छ । तर मक्काको पवित्र मस्जिद हरम बाहेक; किनभने मस्जिद हरममा नमाज पढ्नुको पुण्य योभन्दा धेरै उत्तम छ ।

## हदीसका केही फाइदाहरू:

1. मस्जिद हरम र मस्जिद नबवीमा पढिने नमाजहरूको इनाम अन्य मस्जिदहरूमा पढिने नमाजहरू भन्दा धेरै गुणा बढी छन् ।
2. मस्जिद हरममा पढिने एक नमाज अन्य मस्जिदहरूमा पढिएका एक लाख नमाजहरू भन्दा उत्तम छ ।

(65090)

(172) – عَنْ مَحْمُودِ بْنِ لَبِيدٍ رضي الله عنه: أَنَّ عُثْمَانَ بْنَ عَفَّانَ أَرَادَ بِنَاءَ الْمَسْجِدِ فَكَرِهَ النَّاسُ ذَلِكَ، وَأَحَبُّوا أَنْ يَدَعَهُ عَلَى هَيْئَتِهِ، فَقَالَ: سَمِعْتُ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «مَنْ بَنَى مَسْجِدًا لِلهِ بَنَى اللهُ لَهُ فِي الْجَنَّةِ مِثْلَهُ». [صحيح] - [متفق عليه]

(172) – महमूद बिन लबीद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उसमान् बिन अफ्फान (रजियल्लाहु अन्हु) मस्जिद (नबवी) को पुनर्निर्माण गर्न चाहन्थे, तर मानिसहरूलाई मन परेन । किनभने उनीहरू मस्जिदलाई पहिलेको अवस्थामा राख्न चाहन्थे । उनले भने: मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो: "जसले अल्लाहको लागि मस्जिद बनाउँछ, अल्लाहले उसको लागि स्वर्गमा उस्तै घर बनाउनु हुन्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

उसमान बिन अफ्फान (रजियल्लाहु अन्हु) ले नबी (सल्लल्लाहु अलैहि वसल्लम) को मस्जिदलाई पहिले भन्दा अझ राम्रो तरिकाले पुनर्निर्माण गर्ने योजना बनाए, तर मानिसहरूले उनको यो योजनालाई मन पराएनन् । किनभने यसो गर्दा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को समयमा मस्जिद जुन अवस्थामा थियो, त्यही अवस्थामा रहन सक्दैन । उहाँको पालामा मस्जिद माटोको इँटाले बनेको थियो र यसको छाना खजूरका हाँगाहरूले बनेको थियो । जबकि उस्मान (रजियल्लाहु अन्हु) ले यसलाई ढुङ्गा र चूनाले निर्माण गर्न चाहन्थे । मानिसहरूको असन्तुष्टि देखेर उनले भने, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो: "जसले आफूलाई कपट र प्रसिद्धिको चाहनाताबाट शुद्ध पारेर अल्लाहको खुशी प्राप्त गर्नको लागि मस्जिद बनाउँछ, अल्लाहले उसलाई उस्तै उत्कृष्ट इनाम दिनुहुनेछ । त्यो इनाम भनेको अल्लाहले उसको लागि स्वर्गमा उस्तै घर बनाउनुहुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. मस्जिदहरू निर्माण गर्ने प्रोत्साहन र त्यसको सद्‌गुण ।

2. मस्जिदको विस्तार र पुनर्निर्माण पनि मस्जिद निर्माणको पुण्य अन्तर्गत पर्दछ ।
3. सबै कार्यहरूमा इख्लास (इमानदारीता) को महत्त्व ।

(65089)

(173) – عن أبي هريرة رضي الله عنه عن رسول الله صلى الله عليه وسلم قال: «مَا نَقَصَتْ صَدَقَةٌ مِنْ مَالٍ، وَمَا زَادَ اللهُ عَبْدًا بِعَفْوٍ إِلَّا عِزًّا، وَمَا تَوَاضَعَ أَحَدٌ لِلهِ إِلَّا رَفَعَهُ اللهُ». [صحيح] - [رواه مسلم]

(173) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, कि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "दानले धनमा कमी आउँदैन । जसले मानिसहरूलाई क्षमा गर्छ, अल्लाहले उसको इज्जत बढाउँछ र जसले अल्लाहको लागि आफूलाई नम्र बनाउँछ, अल्लाहले उसलाई उच्च दर्जा दिनुहुन्छ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, सदकाले धनलाई घटाउँदैन, बरू यसले व्यक्तिलाई विपत्तिबाट बचाउँछ र दान गर्नेलाई ठूलो क्षतिपूर्ति दिनुहुन्छ । यसरी हेर्दा धन बढेको छ, घटेको छैन ।

बदला लिने क्षमता हुँदाहुँदै पनि माफी दिइयो भने त्यसले व्यक्तिको शक्ति र सम्मान बढाउँछ ।

जब कुनै व्यक्ति बस अल्लाहको डरले, कसैलाई खुशी पार्न र कसैबाट फाइदा लिनको लागि होइन - नम्रता अपनाउछ, तब अल्लाहले उसलाई उच्च स्थान प्रदान गर्नुहुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. भलाइ र सफलता शरियतको पालना र असल कार्यमा निहित छ, यद्यपि केही मानिसहरू यसलाई विपरीत सोच्छन् ।

(5512)

(174) – عن أبي هريرة رضي الله عنه أن رسول الله صلى الله عليه وسلم قال: «قَالَ اللَّهُ: أَنْفِقْ يَا ابْنَ آدَمَ أُنْفِقْ عَلَيْكَ». [صحيح] - [متفق عليه]

(174) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाह भन्नुहुन्छ: हे आदमको सन्तान! खर्च गर, म तिमीमा खर्च गर्नेछु ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले बयान गर्नुभएको छ, अल्लाहले भन्नुभयो: हे आदमका सन्तानहरू!अनिवार्य र मन पर्ने खर्चहरू गर। मैले तिम्रोलागि सजिलो बनाउनेछु र तिमीलाई यसको प्रतिफल दिनेछु, र यसमा तिमीलाई आशीर्वाद दिनेछु।"

## हदीसका केही फाइदाहरू:

1. परोपकार, सद्का (दान) र अल्लाहको मार्गमा खर्च गर्न प्रोत्साहन ।
2. राम्रा काममा खर्च गर्नु आफ्नो जीविकोपार्जनमा आशीर्वादको ठूलो कारण हो र अल्लाहले सेवकलाई उसले खर्च गरेको प्रतिफल दिनुहुन्छ ।
3. यो हदीसलाई रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो पालनकर्ताताट बयान गर्नुभएको छ, जसलाई 'हदीस कुदसी' वा 'हदीस-ए-इलाही' भनिन्छ । यसको शब्द र अर्थ दुबै अल्लाहको हो । तर, कुरआनका विशेषताहरू यसमा पाइँदैन, जस्तै: यसको तिलावत गर्नु, यसको लागि तहारत (सफाई) प्राप्त गर्नु, उपासना आदि ।

(5805)

(175) – عن أبي مسعود رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «إِذَا أَنْفَقَ الرَّجُلُ عَلَى أَهْلِهِ يَحْتَسِبُهَا فَهُوَ لَهُ صَدَقَةٌ». [صحيح] - [متفق عليه]

(175) – अबू-मस्ऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जब मानिसले आफ्नो घरपरिवारमा सवाब (पुण्य) को नियतले खर्च गर्छ, त्यो उसको लागि दान (परोपकार) मानिन्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनु भएको छ, जब कुनै व्यक्तिले आफ्नो घरका सदस्यहरू जस्तै पत्नी, आमाबाबु र छोराछोरीहरू जसमाथि खर्च गर्नु उसको कर्तव्य हो, अल्लाहको प्रसन्नता प्राप्त गर्न र पुण्य प्राप्त गर्ने उद्देश्यले खर्च गर्दछ, उसले दानको इनाम पाउनेछ ।

## हदीसका केही फाइदाहरू:

1. घरपरिवारमा खर्च गर्दा पनि पुण्य पाइन्छ ।
2. मुमिनले आफ्नो हरेक काम अल्लाहको खुशी प्राप्त गर्न र उहाँबाट इनाम प्राप्त गर्न उद्देश्यले गर्दछ ।
3. घरपरिवारमा खर्च गर्ने लगायत हरेक काम गर्दा मनमा राम्रो नियत हुनुपर्छ ।

(6460)

(176) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه أَنَّ رَسُولَ اللهِ صلى الله عليه وسلم قَالَ: «إِذَا مَاتَ الْإِنْسَانُ انْقَطَعَ عَنْهُ عَمَلُهُ إِلَّا مِنْ ثَلَاثَةٍ: إِلَّا مِنْ صَدَقَةٍ جَارِيَةٍ، أَوْ عِلْمٍ يُنْتَفَعُ بِهِ، أَوْ وَلَدٍ صَالِحٍ يَدْعُو لَهُ».

[صحيح] - [رواه مسلم]

(176) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "जब मानिसको मृत्यु हुन्छ, उसका सबै कर्महरू बन्द हुन्छन्, सिवाय तीन चीजका: निरन्तर चलिरहने दान, ज्ञान जसबाट लाभ उठाइन्छ, र आस्थावान सन्तान जसले उसको लागि प्रार्थना गर्छ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, मृत व्यक्तिको कर्म उसको मृत्यु संगै समाप्त हुन्छ, त्यसैले उसले मृत्युपछि यी तीन चीजहरू बाहेक अरुमा पुण्य प्राप्त गर्नेछैन; किनभने यो उसको कारणले भएको थियो:

पहिलो: दान (सदका जारियह) जसको पुण्य बिना कुनै अवरोध निरन्तर प्राप्त भइरहेको हुन्छ, जस्तै: वक्फ (अल्लाहको खातिर सदाको लागि दान गरिएको), मस्जिद निर्माण, इनार खन्नु आदि ।

दोस्रो: ज्ञान जसले मानिसहरूलाई फाइदा पुऱ्याउँछ, जस्तै ज्ञानका पुस्तकहरू लेख्ने वा विद्यार्थीलाई सिकाउने र उसको मृत्युपछि त्यो विद्यार्थीले यो ज्ञान फैलाउँछन् ।

तेस्रो: एक मुमिन र धर्मी बच्चा, जसले आफ्ना आमाबाबुको लागि दुआ (प्रार्थना) गर्दछ ।

## हदीसका केही फाइदाहरू:

1. मानिसले मृत्युपछि प्राप्त गर्ने पुण्य : सदकह जारिया (दान), लाभकारी ज्ञान र दुआ (प्रार्थना) हो भन्ने कुरामा विद्वानहरूको सर्वसम्मत रहेको छ । अन्य हदीसहरूमा : हज पनि उल्लेख गरिएको छ ।

2. यस हदीसमा तीनकुराहरु उल्लेख गरिएको छ; किनभने यी कुराहरू भलाइका आधारहरू हुन् र धेरैजसो असल मानिसहरूको चाहना हुन् ।
3. यसमा हरेक उपयोगी ज्ञानहरू समावेश छन्, तर यसको शीर्ष र शिखरमा शरियतको ज्ञान र यसलाई समर्थन गर्ने ज्ञानहरू छन् ।
4. यी तीनमध्ये ज्ञान सबैभन्दा लाभदायक छ; किनभने ज्ञानले सिक्ने व्यक्तिलाई फाइदा पुऱ्याउँछ, यसमा शरियतको संरक्षण समावेश छ, यसले आम जनतालाई फाइदा पुऱ्याउँछ र यो अझ व्यापक र सामान्य छ, किनभने यसले जीवित हुँदा र मृत्युपछि दुवै अवस्थामा फाइदा पुऱ्याउँछ ।
5. आफ्नो सन्तानलाई आस्थावान बनाउन प्रोत्साहन; किनभने तिनीहरूले आफ्नो आमाबुवालाई पछिको जीवनमा फाइदा पुऱ्याउने छन्, जस्तैः उनीहरुको लागि दुआ (प्रार्थना) गर्नु ।
6. आमाबुवाको मृत्युपछि उनीहरूसँग राम्रो व्यवहार गर्ने प्रोत्साहन र यो पनि एक प्रकारको पुण्य हो जसबाट बच्चा लाभान्वित हुन्छ ।
7. सन्तान बाहेक अरूले पनि दुआ गर्छ भने मृतकलाई फाइदा गर्छ, तर सन्तानलाई किन उल्लेख गरिएको छ भने ऊ आफैं मृत्यु नहुन्जेल आमाबुवाको लागि दुआ गरिरहेको हुन्छ ।

(65566)

(177) – عَنْ عَبْدُ اللَّهِ بْنُ سَلَامٍ رضي الله عنه قَالَ: لَمَّا قَدِمَ النَّبِيُّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ الْمَدِينَةَ انْجَفَلَ النَّاسُ قِبَلَهُ، وَقِيلَ: قَدِمَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ، قَدِمَ رَسُولُ اللَّهِ، قَدِمَ رَسُولُ اللَّهِ، ثَلَاثًا، فَجِئْتُ فِي النَّاسِ لِأَنْظُرَ، فَلَمَّا تَبَيَّنْتُ وَجْهَهُ، عَرَفْتُ أَنَّ وَجْهَهُ لَيْسَ بِوَجْهِ كَذَّابٍ، فَكَانَ أَوَّلُ شَيْءٍ سَمِعْتُهُ تَكَلَّمَ بِهِ أَنْ قَالَ: «يَا أَيُّهَا النَّاسُ، أَفْشُوا السَّلَامَ، وَأَطْعِمُوا الطَّعَامَ، وَصِلُوا الْأَرْحَامَ، وَصَلُّوا بِاللَّيْلِ وَالنَّاسُ نِيَامٌ، تَدْخُلُوا الْجَنَّةَ بِسَلَامٍ». [صحيح] - [رواه الترمذي وابن ماجه وأحمد]

(177) – अब्दुल्लाह बिन सलाम (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्: जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) मदीनामा आउनुभयो, मानिसहरू उहाँ तर्फ दौडेर आए र भन्न थाले : रसूल (सल्लल्लाहु अलैहि वसल्लम) आइपुग्नु भएको छ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) आइपुग्नु भएको छ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) आइपुग्नु भएको छ । उनले यो वाक्य तीन पटक दोहोर्याए । उहाँलाई हेर्न म पनि मानिसहरूको भीडमा प्रवेश गरें । जब मैले उहाँको अनुहारलाई ध्यान दिएर हेरें, तब यो कुनै झूटाको अनुहार हुन सक्दैन भन्ने मलाई स्पष्ट भयो । त्यतिबेला मैले उहाँको मुखबाट सुनेको पहिलो कुरा थियो: “हे मानिसहरू, सलाम (अभिवादन) फैलाउनु, खाना खुवाउनु, पारिवारिक सम्बन्ध कायम गर्नु र मानिसहरू सुतिरहेको बेला रातमा नमाज पढ्नु, (यसो गरेमा) तिमीहरू शान्तिका साथ जन्नत (स्वर्ग) मा प्रवेश गर्नेछौ ।” [सही] - [तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) मदीना आउनुभयो, मानिसहरूले उहाँलाई देख्नसाथ उहाँतर्फ दौडे । उहाँलाई भेट्न जानेहरूमध्ये अब्दुल्लाह बिन सलाम पनि थिए, जो एक यहूदी थिए । जब उनले उहाँलाई देखे, उहाँको अनुहारको प्रकाश, सौन्दर्य र निष्कपट प्रतिष्ठाले गर्दा यो कुनै झूठो मानिसको अनुहार हुन सक्दैन भनेर उनलाई स्पष्ट भयो । उनले नबी (सल्लल्लाहु अलैहि वसल्लम) को मुखबाट सुनेको पहिलो कुरा के थियो भने उहाँले मानिसहरूलाई जन्नत (स्वर्ग) मा प्रवेश गर्ने कार्यहरू गर्न आग्रह गर्दै थिए, जस्तै :

पहिलो: सलाम (अभिवादन) फैलाउनु, यसलाई प्रदर्शन गर्नु र परिचित अपरिचित सबैलाई अत्याधिक सलाम गर्नु ।

दोस्रो: मानिसहरूलाई खाना खुवाउनु, चाहे त्यो सद्‌का (दान) र उपहारको रुपमा होस् वा पाहुनालाई होस् ।

तेश्रो: पारिवारिक सम्बन्ध (सिलाह रह्मी) कायम गर्नुहोस्, चाहे उनीहरू बुबा वा आमा पट्टीको आफन्त होस् ।

चौथो: मानिसहरू सुतिरहेको बेला राती नफ्ली (अतिरिक्त) नमाज पढ्नुहोस् ।

## हदीसका केही फाइदाहरू:

1. मुस्लिमहरूमा सलाम (अभिवादन) फैलाउनु मुस्तहब हो । तर गैर-मुस्लिमलाई सलाम गर्न पहल गर्नु हुँदैन र यदि उसले सलाम गर्यो भने, 'व अलैकुम' भन्दै जवाफ दिने ।

(5520)

(178) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «أَيُّهَا النَّاسُ، إِنَّ اللهَ طَيِّبٌ لَا يَقْبَلُ إِلَّا طَيِّبًا، وَإِنَّ اللهَ أَمَرَ الْمُؤْمِنِينَ بِمَا أَمَرَ بِهِ الْمُرْسَلِينَ، فَقَالَ: {يَا أَيُّهَا الرُّسُلُ كُلُوا مِنَ الطَّيِّبَاتِ وَاعْمَلُوا صَالِحًا، إِنِّي بِمَا تَعْمَلُونَ عَلِيمٌ} [المؤمنون: 51] وَقَالَ: {يَا أَيُّهَا الَّذِينَ آمَنُوا كُلُوا مِنْ طَيِّبَاتِ مَا رَزَقْنَاكُمْ} [البقرة: 172] ثُمَّ ذَكَرَ الرَّجُلَ يُطِيلُ السَّفَرَ أَشْعَثَ أَغْبَرَ، يَمُدُّ يَدَيْهِ إِلَى السَّمَاءِ: يَا رَبِّ، يَا رَبِّ، وَمَطْعَمُهُ حَرَامٌ، وَمَشْرَبُهُ حَرَامٌ، وَمَلْبَسُهُ حَرَامٌ، وَغُذِيَ بِالْحَرَامِ، فَأَنَّى يُسْتَجَابُ لِذَلِكَ؟». [صحيح] - [رواه مسلم]

(178) – अबू हुरैराह रनियल्लाहु अन्हुद्वारा वर्णन गरिएको छ उहाँ भन्नु हुन्छ: अल्लाहका रसूलﷺले भन्नुभयो: हे जन सम्दाय ! अल्लाह तआला चोखो हुनुहुन्छ र चोखो मात्र स्वीकार गर्नुहुन्छ र अल्लाह तआलाले इमान वालाहरूलाई त्यही आदेश दिनु भएको छ जो उहाँले रसूल (सन्देशवाहक)हरूलाई दिनु भएको छ , त्यसैले उहाँले भन्नुभयो:
{يَا أَيُّهَا الرُّسُلُ كُلُوا مِنَ الطَّيِّبَاتِ وَاعْمَلُوا صَالِحًا، إِنِّي بِمَا تَعْمَلُونَ عَلِيمٌ} [المؤمنون: ५१]
{हे रसूल ( सन्देष्टाहरू हो, पवित्र चिजहरू खानु होस् र सत्कर्म गर्नु होस्, निस्सन्देह, तपाईँहरू जे गर्नु हुन्छ म सबै जान्दछु।} (अल-मुमिनुन: ५१)
{يَا أَيُّهَا الَّذِينَ آمَنُوا كُلُوا مِنْ طَيِّبَاتِ مَا رَزَقْنَاكُمْ} [البقرة: १७२]
र भन्नुभयो: {हे इमान वालाहरू हो, हामीले तिमीहरूलाई प्रदान गरेका पवित्र कुराहरू मध्ये खाओ। [अल-बकारा: 172] त्यस पछि उहाँले यस्तो मान्छेका बारे बताउनु भयो जो लामो यात्राका लागि भनेर निस्केको छ । उसको कपाल छर्पस्ट र पूरा शरिर धुलै धुलो भएको हुन्छ । उसले आफ्ना हातहरू आकाश तिर उचालेर भन्छ : " हे मेरा रब, हे मेरे रब ! जब कि उसको भोजन अवैध छ उसको पेय अवैध छ र उसको लिवास अवैध छ र उसको पालनपोषण पनि अवैधले भएको छ भने उसको दुआ ( प्रार्थाना) कसरी स्वीकार हुन्छ त ? " [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबीﷺले  बताउनु भयो कि अल्लाहﷻ चोखो, पवित्र, त्रुटि र दोषरहित हुनुहुन्छ र पूर्णताद्वारा विशिष्ट हुनुहुन्छ र उहाँले कर्महरू, बोलहरू वा निष्ठाहरू पनि पवित्र नै स्वीकार गर्नु हुन्छ र जो अल्लाहको प्रशन्नता र  नबीﷺको सुन्नत अनुसार गरिएका हुन्छन् र ,अल्लाहको निकटता यस्तै प्रकारका कर्महरूबाट नै गर्न सकिन्छ, याद रहोस कि कर्माहरूको चोखो हुनका लागि सबैभन्दा ठूलो कुरा हो  उसको खाना, र यो वैधमध्ये होस् । हलाल (वैध) खानाले मान्छेको कर्म पवित्र हुन्छ । यही भएकाले जसरी अल्लाह तआलाले नबीहरूलाई हलाल खान र राम्रा कामहरू गर्नका लागि भन्नु भएको छ, त्यसरी नै इमान वालाहरूका लागि पनि भन्नु भएको छ र  अल्लाह तआलाले भन्नु भएको छ ”يَا أَيُّهَا الرُّسُلُ كُلُوا مِنْ الطَّيِّبَاتِ وَاعْمَلُوا صَالِحًا] “سوره مومنون :51 हे नबी (सन्देष्टाहरू ) हो ! हलाल ( वैध) चीजहरू खानु होस् र सत्कर्म गर्नु होस् । फेरि भन्नु भयो : ”يَا أَيُّهَا الَّذِينَ آمَنُوا كُلُوا مِنْ طَيِّبَاتِ مَا رَزَقْنَاكُمْ] “سوره بقره :172 हे इमान वाला हो ! जो पवित्र चिजहरू हामीले तिमीहरूलाई प्रदान गरेका छौँ त्यस मध्येबाट खाओ ।

फेरि, नबीﷺले निषेधित चीजहरू खानबाट सावधान गराउनु भएको छ । किन कि हराम खानाले कर्महरूलाई बिगारि दिन्छ र अल्लाहको

दरवारमा त्यसलाई स्वीकृत हुनबाट रोक्छ, चाहे जतिसुकै स्वीकृतिको स्पष्ट कारणहरू भेटिऊन् । जस्तै:

१. कुनै सत्कर्म जस्तै हज र जिहाद एवं नाता जोड्नका आदीका  निमित्त लामो यात्रा गर्नु ।

२.मान्छे व्याकुल हुनु , जस्तै उसको कपाल छरिएको होस् र धुलो मैलो लागोको होस् , जसका कारण उसको शरिर र कपडाको रङ्ग बदलेको होस् । यो सबै कुरा यसको सबूत हो कि यस्तो मान्छे हैरान र व्याकुल भएको हुन्छ ।

३.दुआका लागि आकाश तिर आफ्ना हातहरू उठाउनु ।

४.अल्लाहका नामहरूलाई माध्यम बनाएर अलाप विलाप गर्दै दुआ गर्नु, जस्तै, या रब, या रब ! ( मेरा पालनकर्ता , हे मेरा प्रतिपालक ! ) भन्नु ।

स्वीकारका उपरोक्त कारणहरू पाइएता पनि मान्छेको दुआ ( प्रार्थाना) कबूल हुँदैन । किन भने उसको खानु हराम ( अवैध)को,उसको पिउनु हराम( अवैध) को ,उसको लिवास हराम( अवैध)को हुन्छ र उसको पोषण पनि हराम (

अपवित्र कुराबाट भएको हुन्छ । त्यसैका कारण उसको दुआ कबूल हुन नै सक्दैन ।

## हदीसका केही फाइदाहरू:

1. अल्लाह तआला आफ्नो अस्तित्व,आफ्ना गुणहरू र आफ्ना कामहरू एवं रूपले आदेशहरूमा निपूण हुनु हुन्छ ।
2. केवल अल्लाहको प्रशन्नता र उहाँका नबीﷺले बताउनु भएको तरिका अनुसार कर्महरू गर्ने आदेश ,
3. यस्ता कारक तत्त्वहरू अपनाउनु जसले कर्महरू गर्नमा लालसा र हौसला सृजना होस् । यसको प्रमाण नबीﷺको यो कथन हो : "إِنَّ الله أَمَرَ المُؤمنينَ بِمَا أَمَرَ بِهِ المُرسَلِيْنَ" " वास्तवमा अल्लाह तआलाले इमान वालाहरूलाई पनि त्यही कुराको आदेश दिनु भएको छ जो कुराको आदेश उहाँले रसूलहरूलाई दिनु भएको छ । " जब इमान वालालाई यो कुरा थाहा हुन्छ कि जो काम उसलाई गर्नका लागि भनिएको छ त्यही काम रसूल (सन्देष्टा) हरूलाई पनि गर्नका लागि भनिएको थियो , भने उसभित्र रसूल (सन्देष्टा) हरूको पदचिन्ह पछ्याउँदै कर्म गर्ने भावना पैदा हुन्छ ।
4. दुआ कबूल हुनबाट रोक्ने कुराहरूमध्ये एउटा हराम( अवैध/अपवित्र) चीज खानु हो ।

(4316)

(179) – عن أبي هريرة رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «مَنْ أَنْظَرَ مُعْسِرًا، أَوْ وَضَعَ لَهُ، أَظَلَّهُ اللهُ يَوْمَ الْقِيَامَةِ تَحْتَ ظِلِّ عَرْشِهِ يَوْمَ لَا ظِلَّ إِلَّا ظِلُّهُ». [صحيح] - [رواه الترمذي وأحمد]

(179) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले कुनै खाँचोमा परेको ऋणीलाई (ऋण चुक्ता गर्न) मोहलत दिन्छ वा उसको ऋण माफ गर्छ, अल्लाहले कयामतको दिन आफ्नो अर्श (सिंहासन) को छायाँमा उसलाई छायाँ दिनेछन्, जुन दिन त्यस छायाँ बाहेक अरू कुनै छायाँ हुनेछैन ।" [सही] - [तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "जो व्यक्तिले कुनै ऋणीलाई राहत दिन्छ वा उसले तिर्नुपर्ने ऋणको केही भाग माफ गर्छ, त्यस्तो व्यक्तिलाई न्यायको दिनमा अल्लाहले आफ्नो सिंहासनको छायामा स्थान दिनुहुनेछ। जुन दिन सूर्य मानिसहरूको टाउको निकट आउनेछ र असह्य गर्मी हुनेछ।" र त्यस दिन अल्लाहले जसलाई छायाँ प्रदान गर्नुहुन्छ, त्यसबाहेक अरु कसैले पनि छायाँ पाउँनेछैन।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा अल्लाहका सेवकहरूलाई  राहत प्रदान गर्ने कार्यको महत्व र यो कार्य न्यायको दिन त्रासबाट मुक्ति दिलाउने कारणहरू मध्ये एक हो भन्ने कुराको व्याख्या गरिएको छ।
2. यस हदीसबाट प्रस्त हुन्छ कि व्यक्तिलाई उसले गरेको कर्म अनुसार नै पुरस्कृत गरिन्छ ।

(4186)

(180) – عن جابر رضي الله عنه أن رسول الله صلى الله عليه وسلم قال: «رَحِمَ اللهُ رَجُلًا سَمْحًا إِذَا بَاعَ، وَإِذَا اشْتَرَى، وَإِذَا اقْتَضَى». [صحيح] - [رواه البخاري]

(180) – जाबिर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "अल्लाहले त्यो व्यक्तिमाथि कृपा गरून् जसले किनबेच र ऋण असुल उपर गर्दा नम्रतापूर्वक व्यवहार गर्छ ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले किनबेच गर्दा नम्रता र उदारता देखाउने व्यक्तिको लागि कृपा प्राप्तिको प्रार्थना गर्नुभएको छ । तसर्थ, मूल्यको बारेमा खरिदकर्तासँग कडा नहुनुहोस् र राम्रो आचरणको प्रदर्शन गर्नुहोस् । त्यसैगरी खरिद गर्दा नम्रता र उदारताका साथ व्यवहार गर्नुहोस् र सामानको अवमूल्याङ्कन वा मूल्य नघटाउनुहोस् । त्यसैगरी ऋण माग्दा नम्र र उदार बन्नुहोस् । गरिब र खाँचोमा परेको व्यक्तिसँग कठोर व्यवहार गर्नुको सट्टा नम्रतापूर्वक ऋण माग्नुहोस् र थप समय पनि दिनुहोस् ।

## हदीसका केही फाइदाहरू:

1. शरिया कानूनको उद्देश्यहरुमध्ये एक मानिसहरू बीचको सम्बन्ध सुधार गर्ने कुराहरूको संरक्षण गर्नु हो ।
2. खरिद बिक्री आदि जस्ता मामिलामा उच्च नैतिकता र राम्रो आचरणको प्रदर्शन गर्न प्रोत्साहित गरिएको छ।

(3716)

(181) – عن أبي هريرة رضي الله عنه أن رسول الله صلى الله عليه وسلم قال: «**كان رجلٌ يُدَايِنُ الناسَ، فكان يقول لفتاه: إذا أتيتَ مُعسِرًا فتجاوز عنه، لعل اللهَ يَتجاوزُ عنا، فلقي اللهَ فتجاوز عنه**». [صحيح] - [متفق عليه]

(181) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "एकजना व्यक्तिले मानिसहरूलाई पैसा उधारो दिने गर्थ्यो। उसले आफ्नो नोकरलाई (ऋण उठाउन पठाउँदा) भन्थ्यो : "यदि कसैको ऋण तिर्न अवस्था छैन भने उसलाई माफ गरिदिनु। सायद अल्लाहले हामीलाई पनि क्षमा गरिदिनुहुनेछन् ।" जब उसले अल्लाह सर्वशक्तिमानलाई भेट्यो(अर्थात, जब उसको मृत्यु भयो), अल्लाहले उसलाई माफ गरिदिनु भयो । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्याः

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) एक व्यक्तिको बारेमा बताइरहनु भएको छ, जसले मानिसहरूलाई पैसा ऋणमा दिने गर्थ्यो वा सामान उधारो बेच्ने गर्थ्यो । र ऋण असुलीका लागि मानिसहरूकहाँ जाने आफ्नो नोकरलाई भन्थ्यो: जब तिमी ऋणीकहाँ जाऊ र ऊसँग ऋण तिर्ने केही छैन भने उसलाई केही थप समय दिएर वा तुरुन्त भुक्तानीको लागि दबाब नदिएर उसमाथि दया गर्नु । वा ऊसँग जे छ, त्यो जतिसुकै थोरै भए पनि लिनु । अल्लाहले उनलाई माफ गरिदिनुहुनेछ भन्ने आशामा उनी यसो भन्ने गर्थे । त्यसकारण जब उसको मृत्यु भयो, अल्लाहले उनलाई माफ गरिदिनु भयो ।

## हदीसका केही फाइदाहरू:

1. मानिसहरूसँग व्यवहार गर्दा दयालु हुनु र तिनीहरूलाई क्षमा गर्नु, समस्यामा परेकाहरूलाई छूट दिनु, महाप्रलयको दिन (नर्क बाट) मुक्ति प्राप्त गर्ने ठूलो माध्यम हो ।
2. मानिसहरूप्रति दयालु हुनु, अल्लाह प्रतिको विशुद्ध निष्ठा र उहाँको कृपाको आशा गर्नु पापहरूको क्षमाका कारण हुन् ।

(3753)

(182) – عن خَولة الأنصاريةِ رضي الله عنها قالت: سمعت النبي صلى الله عليه وسلم يقول:
«إِنَّ رِجَالًا يَتَخَوَّضُونَ فِي مَالِ اللهِ بِغَيْرِ حَقٍّ، فَلَهُمُ النَّارُ يَوْمَ الْقِيَامَةِ». [صحيح] - [رواه البخاري]

(182) – खौलह अन्सारी (रजियल्लाहु अन्हा) ले वर्णन गरेकि छिन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें : "निस्सन्देह, अल्लाहको सम्पत्ति दुरुपयोग गर्नेहरुको परिणाम कयामतको दिन नरक हो ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले खबरदार गर्दै भन्नुभएको छ: मानिसहरूले मुस्लिमहरूको सम्पत्तिको दुरुपयोग गर्छन् र गलत तरिकाले कब्जा गर्छन्। यसमा अनुचित रूपमा सम्पत्ति जम्मा गर्ने, कमाउने र गलत ठाउँमा खर्च गर्ने सबै कुरा समावेश छन् । त्यस्तै अनाथको सम्पत्ति हडप्ने, वक्फ (परोपकारी संस्था) को सम्पत्ति कब्जा गर्ने, नासोलाई अस्वीकार गर्ने र सार्वजनिक कोष बिना कुनै अधिकार प्रयोग गर्ने समावेश छन् ।

तब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले कयामतको दिन त्यस्ता मानिसहरूको सजाय नर्क हो बताउनु भयो ।

## हदीसका केही फाइदाहरू:

1. मानिसको हातमा रहेको धन वास्तवमा अल्लाहको धन हो । अल्लाहले मानिसहरूलाई यस सम्पत्तिको उत्तराधिकारी बनाउनु भएको छ, ताकि तिनीहरूले यसलाई सही तरिकामा प्रयोग गरुन् र यसको दुरुपयोगबाट बच्न सकून् । यसमा शासक र आम जनता सबै समेटिएको छ ।
2. शरियतले सार्वजनिक कोषको सम्बन्धमा धेरै कठोर दृष्टिकोण अपनाएको छ । सार्वजनिक कोषको हेरचाह गर्ने जिम्मेवारी दिइएको व्यक्तिले न्यायको दिन पैसा संकलन र खर्चको हिसाब दिनुपर्नेछ ।

3. यस चेतावनीमा सम्पत्तिको दुरुपयोग गर्ने प्रत्येक व्यक्ति समावेश छन्, चाहे त्यो सम्पत्ति उसको आफ्नै होस् वा अरू कसैको होस् ।

(5331)

(183) – عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «قَالَ اللَّهُ: كُلُّ عَمَلِ ابْنِ آدَمَ لَهُ، إِلَّا الصِّيَامَ، فَإِنَّهُ لِي وَأَنَا أَجْزِي بِهِ، وَالصِّيَامُ جُنَّةٌ، وَإِذَا كَانَ يَوْمُ صَوْمِ أَحَدِكُمْ فَلاَ يَرْفُثْ وَلاَ يَصْخَبْ، فَإِنْ سَابَّهُ أَحَدٌ أَوْ قَاتَلَهُ، فَلْيَقُلْ إِنِّي امْرُؤٌ صَائِمٌ، وَالَّذِي نَفْسُ مُحَمَّدٍ بِيَدِهِ، لَخُلُوفُ فَمِ الصَّائِمِ أَطْيَبُ عِنْدَ اللَّهِ مِنْ رِيحِ المِسْكِ، لِلصَّائِمِ فَرْحَتَانِ يَفْرَحُهُمَا: إِذَا أَفْطَرَ فَرِحَ، وَإِذَا لَقِيَ رَبَّهُ فَرِحَ بِصَوْمِهِ». [صحيح] - [متفق عليه]

(183) – अबू हुरैरह रजियल्लाहु अन्हुले बयान गर्नुभएको छ: अल्लाहका रसूलﷺले भन्नु भयो: अल्लाह तआला भन्नु हुन्छ: आदमको पुत्रको हरेक काम उसका लागि हो , (रोजा) उपवास बाहेक । साँच्ची नै त्यो यो मेरो लागि हो र म यसको प्रतिफल दिनेछु र उपवास ढाल हो र यदि यो तिमीहरू मध्ये कसैले रोजा बसेको छ भने, तब उसले नराम्रो काम नगरोस्, यदि कसैले उसलाई गाली गर्छ वा झगडा गर्छ भने, उसले भन्नु पर्छ, "म रोजा बसेको व्यक्ति हुँ " ( अल्लाह कसम) जसको हातमा मुहम्मदﷺको प्राण छ - अल्लाहका सामु रोजा बसेको मान्छेको मुखको गन्ध कस्तुरीको सुगन्ध भन्दा राम्रो हुन्छ : रोजादारका लागि दुई वटा वरदान छन् जसबाट ऊ रमाएको हुन्छ । जब उसले अफ्तार गर्छ रमाएको हुन्छ र जब ऊ आफ्नो पालनकर्तासित भेट्नेछ आफ्नो रोजाका कारण रमाएको हुन्छ । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबीﷺले बताउनु भयो कि अल्लाह ﷻ हदीसे कुदसीमा भन्नु हुन्छ :

आदमको पुत्रको हरेक काममा दस गुणा देखि सात सय गुणा सम्म पुण्य लेखिन्छ , रोजा बाहेक । यो मेरो लागि हो , जसमा देखावट हुन सक्दैन । म

त्यसको बदला दिने छु र त्यसको सवाब ( बदला) र पुण्य कति होला भन्ने कुरा मलाई नै थाहा हुन्छ ।

फेरि भन्नु भयो ; ( रोजा ( उपवास) ढाल हो । ) र आगोबाट बच्नका लागि एवं आड र बलियो किल्ला हो । किन भने यसका कारण कामोक्षाबाट रोकिनु पर्ने र पापमा पर्नबाट बचिने हुन्छ र आगो ( नरक) मनलागी कुराले घेरिएको छ ।

सो जब तिमीहरूमध्ये कसैको रोजा बसेको दिन छ भने उसले फोहोर कुरा बोल्नु हुन्न;

र न त विवादमा होहल्ला गर्नसक्छ, न चर्को स्वरमा कराउन हुन्छ।

(यदि रमजानमा कसैले उसलाई गाली गर्यो वा लड्न लाग्यो ) भने यसो भन्नु: म ब्रत बसेको छु । (यसकारण)ऊ उसबाट रोकिन सक्छ। यदि साँच्चिकै ऊ झगडा नगरि नछाड्ने जस्तो लाग्यो भने थोरै भन्दा थोरै बल लगाएर त्यहाँबाट निस्किनुपर्छ ।

फेरि अल्लाहका रसूलﷺले कसम खानु भयो र किरिया हाल्नु भयो (अल्लाहको) त्यो अस्तित्वको जसको हातमा उहाँको प्राण छ - कि रोजा(व्रत)का कारण रोजादारको मुखको बदलिएको गन्द कयामतका दिन तिमीहरूलाई कस्तूरीको वास्ना भन्दा उत्तम होला र जिक्रको मज्लिस र सभामा सिफारिस गरिएको कस्तुरीको सुगन्ध भन्दा बढी सवाब वाला होला ।

र रोजादारका लागि दुईवटा खुसी मिल्नेछन् जसले ऊ रमाएको हुनेछ। पहिलो - इफ्तारको समयमा , कि उसका लागि इफ्तार हलाल गरियो जसले उसको तिर्खा र भोक मेटियो । रोजा पुरा भएकोले र उसको उपासना सकिएको र उसका पालनकर्ताले सजिलो बनाइदिनु भएकोले र आगामी रोजा राख्नका लागि मद्दत गर्नु भएकोले खुसी हुन्छ ।

(र दोस्रो - जब आफ्नो रब ( पालनकर्ता) सित भेट हुनेछ,) रोजाको बदला र सवाब ( प्रतिफल ) देखेर खुसी हुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. रोजाको सदगुण भनेको यसलोकमा रोजादारलाई कामवासनाबाट रोक्छ भने परलोकमा नरकबाट जोगाउने छ ।

2. रोजाको नियम मध्ये अश्लील र व्यर्थ कुरा छोड्नु र मान्छेहरूले सताएमा धैर्य गर्नु र सहेर अनुग्रहद्वारा उनीहरूको सामना गर्नु हो ।
3. रोजादार वा उपासक यदि आफ्नो उपासना पुरा भएको र सकिएकोमा खुसी भयो भने यसका कारण परलोकमा उसको सवाब( प्रतिफल) कमी हुँदैन ।
4. पुरा खुशी भनेको अल्लाह ﷻसित भेट हो जब धैर्य गर्ने वाला र रोजादार( व्रत बस्ने वाला)हरूलाई नगनिकन उन्को प्रर्तिफल दिइने छ ।
5. मान्छेहरूले आवश्यकता र बताउन पर्ने अवस्थामा - अनुपालनको खबर दिनु (इब्नी साइमुन) का अनुसार देखावट र आडम्बर होइन ।
6. पुरा रोजादार( उपवास वाला) त्यो हो जसका अङ्गहरू पापहरूबाट रोजा राखेका( बचेका) हुन्छन् र मुख अश्लील बोल्नबाट र झुट बोल्नबाट र पेट खान पिउनबाट रोजा राखेको हुन्छ ।
7. रोजा राखेको बेलामा चिल्लाउन र झगडा गर्नबाट रोकिने महत्व,जब कि रोजा नभएको बेलामा पनि यो कुराबाट रोकिएको छ ।
8. यो हदीस जसलाई नबीﷺले आफ्नो पालनकर्तासित वर्णन गरेर भन्नु भएको छ यसलाई " हदीसे कुद्सी वा हदीसे इलाही" भनिन्छ । यो भनेको यसका शब्द र अर्थ दुवै अल्लाहको तर्फबाट हो । तर यसमा तिन विशेषताहरू समावेश छैनन् जसले क़ुरआनलाई अरू सबैभन्दा विशिष्ट बनाएको छ, जस्तै: यसको पाठ (तिलावत) द्वारा उपासनाको विशेषता, पवित्रताको आवश्यकता, चुनौती प्रस्तुत गर्न सक्ने योग्यता, र यसको अलौकिक चमत्कार (इ'जाज), साथै अन्य विशिष्टताहरू।

(3546)

(184) – عن أبي هريرة رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «مَنْ صَامَ رَمَضَانَ إِيمَانًا وَاحْتِسَابًا غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ» [صحيح] - [متفق عليه]

(184) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले ईमान र आस्थापूर्वक पुण्य प्राप्त गर्ने उद्देश्यले रमजानको रोजा राख्छ, उसका अघिल्ला पापहरू क्षमा गरिनेछन् ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्याः

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले अल्लाहमा पूर्ण विश्वास राखी, रमजानको रोजालाई अनिवार्य कर्तव्य मान्दै, रोजा राख्नेहरूका लागि प्राप्त हुने प्रतिफलमा विश्वास राखी, रमजानको पवित्र महिनामा निष्कपट भावले देखावट बाट टाढा रहेर अल्लाहको प्रसन्नता प्राप्त गर्ने उद्देश्यले रोजा राख्छ, उसका अघिल्ला सबै पापहरू क्षमा हुनेछन्।'"

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा रमजानको व्रत र अन्य सबै पुण्यकर्महरूलाई इख्लास (सत्यनिष्ठा) पूर्वक गर्नुको महत्त्व बारे व्याख्या गरिएको छ ।

(4196)

(185) – عن أبي هريرة رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «مَنْ يَقُمْ لَيْلَةَ الْقَدْرِ إِيمَانًا وَاحْتِسَابًا غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ» [صحيح] - [متفق عليه]

(185) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले ‘लैलतुल-कद्र’ (सम्मानित रात) मा विश्वास र पुण्यको आशा राख्दै कियाम (उपासना) गर्दछ, उसका अघिल्ला सबै पापहरू क्षमा हुनेछन्।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्ललाहु अलैहि वसल्लम) ले रमजानको अन्तिम दस रातहरूमध्ये एक रात ‘लैलतुल-क्द्र’ (सम्मानित रात) नामक अत्यन्तै पुण्यमय रातको महिमावर्णन गर्नुभएको छ कि जसले यस रातको पुण्यमा विश्वास गर्दै अल्लाहको प्रसन्नता प्राप्त गर्ने उद्देश्यले कपट र देखावट बाट टाढा रहेर इमानदारीपूर्वक उपासना गर्छ, नमाज पढ्छ, प्रार्थना गर्छ, कुरआन वाचन गर्छ, र अल्लाहको जिक्र र अजकार (स्मरण) मा रत रहन्छ, उसका सबै पापहरू क्षमा हुनेछन्।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा ‘लैलतुल-क्द्र’ (सम्मानित रात) को पुण्य र यसमा जागृत रहेर प्रार्थना गर्न प्रोत्साहन दिइएको छ ।
2. पुण्यकर्महरू तब मात्र स्वीकार्य हुन्छन् जब तिनीहरू शुद्ध मनसायले गरिन्छन्।
3. यसमा अल्लाहको कृपा र दयाको स्पष्ट प्रमाण छ कि जसले ‘लैलतुल-क्द्र’ (सम्मानित रात) मा आस्था र पुण्यको आशा राखेर कियाम (उपासना) गर्दछ, उसका अघिल्ला पापहरू क्षमा गरिन्छ ।

(4202)

(186) – عن أبي هريرة رضي الله عنه قال: سمعت النبي صلى الله عليه وسلم يقول: «مَنْ حَجَّ لِلهِ فَلَمْ يَرْفُثْ وَلَمْ يَفْسُقْ رَجَعَ كَيَوْمِ وَلَدَتْهُ أُمُّهُ». [صحيح] - [متفق عليه]

(186) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "जसले अल्लाहको लागि हज गर्यो, र (स्वास्नी सँग) सम्भोग गर्नु बाट र अनैतिक कार्यहरूबाट टाढा रह्यो भने ऊ आमाको कोखबाट जन्मेको दिन झैं पवित्र हुन्छ" । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ, कि जसले अल्लाहको लागि हज गर्छ र 'रफस' बाट टाढा रहन्छ । 'रफस' भनेको यौन सम्बन्ध र यस सँग सम्बन्धित गतिविधिहरू हुन्, जस्तै: चुम्बन र सहवास, 'रफस' अभद्र बोलीलाई पनि भनिन्छ । र 'फिस्क' बाट टाढा रहनुको अर्थ: उसले पाप र खराब कामहरू गर्दैन । त्यसैगरी एहरामको अवस्थामा निषेधित कार्यहरूबाट पनि टाढा रह्यो भने ऊ आफ्नो हजबाट पापरहित फर्कन्छ, ऊ आमाको कोखबाट जन्मेको दिन झैं पवित्र हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. अनैतिकता र पापका कार्यहरू सबै परिस्थितिमा निषेध गरिएका छन्, तर हजको सम्मानले गर्दा हजको समयमा कडा रूपले प्रतिबन्धित छन्।
2. मानिस पापमुक्त जन्मन्छ, र उसले अरूको पापको बोझ बोक्दैन ।

(2758)

(187) – عن ابن عباس رضي الله عنهما قال: قال رسول الله صلى الله عليه وسلم: «**ما مِنْ أيَّامٍ العمَلُ الصَّالِحُ فيها أحبُّ إلى اللهِ مِن هذه الأيام**» يعني أيامَ العشر، قالوا: يا رسُولَ الله، ولا الجهادُ في سبيلِ الله؟ قال: «**ولا الجهادُ في سبيلِ الله، إلا رجلٌ خَرَجَ بنفسِه ومالِه فلم يَرْجِعْ من ذلك بشيءٍ**». [صحيح] - [رواه البخاري وأبو داود، واللفظ له]

(187) – अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "यी (दश) दिनहरूमा पुण्य कर्महरू गर्नु अरु दिनहरू भन्दा अल्लाहलाई बढी प्रिय छ ।" अर्थात जुल-हिज्जा महिनाको पहिलो दस दिन । उहाँका साथीहरूले सोधे: हे अल्लाहको रसूल! अल्लाहको मार्गमा जिहाद पनि होइन? उहाँले जवाफ दिनुभयो: "होइन, अल्लाहको मार्गमा जिहाद पनि होइन, तर त्यो व्यक्ति बाहेक जो आफ्नो जीउधनको साथ जिहादको लागि निस्कन्छ र ती मध्ये केही लिएर फर्कदैन ।"
[सही] - [बुखारी र अबू दाउदले वर्णन गरेका छन् र यो शब्द उनको हो]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जुल-हिज्जा महिनाको पहिलो दश दिनमा पुण्यका काम गर्नु वर्षको अन्य दिनहरूमा पुण्य कर्महरू गर्नु भन्दा राम्रो छ ।

त्यसैले उहाँका साथीहरूले सोधे, यी दस दिनहरू बाहेक अन्य दिनहरूमा अल्लाहको मार्गमा जिहाद गर्नु उत्तम हो कि यी दस दिनमा सत्कर्म गर्नु ? किनभने जिहाद उत्तम कार्यहरू मध्ये एक हो भन्ने कुरा उनीहरूलाई थाहा थियो ।

यसको जवाफ दिँदै रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : यी दश दिनहरूमा राम्रो काम गर्नु अन्य दिनहरूमा जिहाद गर्नु भन्दा राम्रो हो! त्यो व्यक्ति बाहेक जसले अल्लाहको बाटोमा जिहादको लागि आफ्नो जीउधनलाई जोखिममा राखेर निस्क्यो र अल्लाहको बाटोमा आफ्नो सम्पत्ति र ज्यान सबै थोक अर्पण गर्यो । यी दश दिनहरूमा पुण्य कर्म गर्नुभन्दा यो व्यक्तिको यस कर्म (शहादत) उत्तम हो ।

## हदीसका केही फाइदाहरू:

1. जुल-हिज्जा महिनाको पहिलो दश दिनमा पुण्य कर्म गर्नुको पुण्य । तसर्थ, मुस्लिमले यी दश दिनहरूलाई आशीर्वादको रूपमा लिएर फाइदा उठाउनुपर्दछ । ती दिनहरूमा अल्लाहको महिमा गर्ने, कुरानको पठन गर्ने, तकबीर, तहलील, तहमीद, नमाज, दान, उपवास जस्ता धेरै पुण्य कामहरू गर्नुपर्दछ ।

(6255)

(188) – عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «إِنَّ اللَّهَ تَجَاوَزَ عَنْ أُمَّتِي مَا حَدَّثَتْ بِهِ أَنْفُسَهَا، مَا لَمْ تَعْمَلْ أَوْ تَتَكَلَّمْ». [صحيح] - [متفق عليه]

(188) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहले मेरो अनुयायीको हृदयमा उत्पन्न हुने कुराहरूलाई माफ गरिदिनुभएको छ, जबसम्म त्यसलाई कार्यन्वयन गर्दैनन् वा बोल्दैनन् ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

यदी कुनै मुस्लिमको हृदयमा गलत कुरा उत्पन्न हुन्छ भने जबसम्म उसले त्यसलाई गर्दैन वा बोल्दैनन् तबसम्म मनमा उत्पन्न हुने खराब कुराप्रति जवाफदेही हुने छैन भनेर नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ । किनभने अल्लाहले अप्ठ्यारोलाई हटाएर आम माफी दिनु भएको छ र उहाँको अनुयायीको हृदयमा उत्पन्न हुने कुराहरू निश्चित र पक्का नहुन्जेल दण्ड दिइने छैन भनेर स्पष्ट पार्नुभएको छ; तर यदि उसको हृदयमा अहंकार, घमण्ड वा पाखण्ड बस्यो वा उसले आफ्नो इन्द्रेणीले गर्यो वा जिब्रोले बोल्यो भने त्यसप्रति ऊ जवाफदेही हुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. अल्लाहले हृदयमा उत्पन्न हुने गलत विचार र शंकास्पद कुराहरूलाई क्षमा दिनुभएको छ । त्यसैले मानिस कहिलेकाहीँ आफूसँग कानेखुसी गर्छ र आफ्नो दिमागमा कुराहरू खेलाउछ ।
2. यदि कुनै व्यक्तिले तलाक (सम्बन्धविच्छेद) को बारेमा मनमा सोच्यो, तर उसले बोलेन वा लेखेन भने त्यसलाई तलाक (सम्बन्धविच्छेद) मानिने छैन ।
3. हृदयमा उत्पन्न हुने कुरा जतिसुकै ठूलो भएपनि, जबसम्म निश्चित हुँदैन अथवा त्यसलाई कार्यन्वयन गर्दैन वा बोल्दैन तबसम्म जवाफदेही हुने छैन ।
4. नबी (सल्लल्लाहु अलैहि वसल्लम) को अनुयायी को महत्व, हृदयमा उत्पन्न हुने कुराप्रति जवाफदेही हुनेछैन, हामी भन्दा अगाडिका राष्ट्रहरू भन्दा फरक ।

(58144)

(189) – عن أبي هريرة رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «إِنَّ اللهَ لَا يَنْظُرُ إِلَى صُوَرِكُمْ وَأَمْوَالِكُمْ، وَلَكِنْ يَنْظُرُ إِلَى قُلُوبِكُمْ وَأَعْمَالِكُمْ». [صحيح] - [رواه مسلم]

(189) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहले तिम्रो रूप र धनलाई हेर्नुहुन्न, तर तिम्रो हृदय र कर्महरूलाई हेर्नुहुन्छ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, अल्लाहले सेवकहरूको रूप, रंग र शरीरको आकारलाई हेर्नुहुन्न, तिनीहरू सुन्दर वा कुरूप छन्? स्वस्थ वा बिरामी छन्? रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले

भन्नुभएको छ, अल्लाहले उनीहरुको धनसम्पत्ति हेर्नुहुन्न कि कम छ वा बढी ? अल्लाहले यी चीजहरू प्रदान गर्नु हुन्छ र यी चीजहरूमा तिनीहरूको भिन्नताहरूको हिसाब लिनुहुन्न । बरू अल्लाहले तिनीहरूको हृदय र हृदयमा रहेको धार्मिकता, विश्वास, सत्यता, इमानदारीता वा कपट र प्रसिद्धि हुने मनसाय हेर्नुहुन्छ । त्यसैगरी उहाँले तिनीहरूको कार्य सही वा गलत हो भनेर हेर्नुहुन्छ र त्यसको आधारमा इनाम वा दण्ड दिनुहुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. हृदयलाई सुधार्ने र सबै खराब गुणहरूबाट शुद्ध पार्न ध्यान दिने ।
2. इख्लास (ईमानदारीता) ले हृदयको सुधार हुन्छ भने नबी (सल्लल्लाहु अलैहि वसल्लम) को पालनाले कर्मको शुद्धता हुन्छ । अल्लाहको नजरमा देखिने र ध्यान दिने यी दुई कुराहरू हुन् ।
3. मानिसले आफ्नो धन, सौन्दर्य, रुप वा यस संसारको कुनै पनि चीजले धोका खानु हुँदैन ।
4. आन्तरिक सुधारको सट्टा बाहिरी कुरामा ध्यान केन्द्रित नगर्न चेतावनी ।

(4555)

(190) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قال: قال رَسُولُ الله صلى الله عليه وسلم: «إِنَّ اللهَ يَغَارُ، وَإِنَّ الْمُؤْمِنَ يَغَارُ، وَغَيْرَةُ اللهِ أَنْ يَأْتِيَ الْمُؤْمِنُ مَا حَرَّمَ عَلَيْهِ». [صحيح] - [متفق عليه]

(190) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "निश्चय नै अल्लाहलाई गैरत (आत्म-सम्मान) हुन्छ र मुमिनले पनि गैरत गर्छ । अल्लाहको गैरत यो हो कि मुमिनले कुनै हराम (निषिद्ध) नगरोस्। [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, वास्तवमा अल्लाहले गैरत (आत्म-सम्मान) गर्नुहुन्छ, घृणा गर्नुहुन्छ र केही कुरालाई मन नपराउनु हुन्न, जसरी एक मुमिनले गैरत (आत्म-सम्मान) गर्छ, घृणा गर्छ र केही कुरालाई मन पराउदैन । जब कुनै मुमिनले अल्लाहले हराम गर्नुभएको कुरा जस्तै व्यभिचार, समलैंगिकता, चोरी र रक्सी पिउने जस्ता पापहरू गर्छ, तब अल्लाह गैरत (आत्म-सम्मान) महसुस गर्नुहुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. जब कसैले अल्लाहले हराम गरेका चीजहरूको उल्लङ्घन गर्छ, उसले अल्लाहको क्रोध र दण्डको सामना गर्न तयार हुनुपर्छ ।

(3354)

(191) – عن أبي هريرة رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «اجْتَنِبُوا السَّبْعَ الْمُوبِقَاتِ»، قَالُوا: يَا رَسُولَ اللهِ وَمَا هُنَّ؟ قَالَ: «الشِّرْكُ بِاللهِ، وَالسِّحْرُ، وَقَتْلُ النَّفْسِ الَّتِي حَرَّمَ اللهُ إِلَّا بِالْحَقِّ، وَأَكْلُ الرِّبَا، وَأَكْلُ مَالِ الْيَتِيمِ، وَالتَّوَلِّي يَوْمَ الزَّحْفِ، وَقَذْفُ الْمُحْصَنَاتِ الْمُؤْمِنَاتِ الْغَافِلَاتِ». [صحيح] - [متفق عليه]

(191) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सात घातक कुराहरूबाट सावधान रहनुहोस् "। साथीहरूले सोधे: हे अल्लाहका रसूल! तिनीहरू के हुन? उहाँले भन्नुभयो: “अल्लाहसँग शिर्क गर्ने (साझेदार बनाउने), जादु गर्ने, अल्लाहले निषेध गरेको प्राणीलाई अन्यायपूर्ण ढंगले हत्या गर्ने, ब्याज लेनदेन गर्ने, अनाथको सम्पत्ति खाने, युद्धको मैदानबाट भाग्ने र स्वच्छर निर्दोष आस्थावान, सोझो महिलाहरूमाथि व्यभिचारको आरोप लगाउने ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो उम्मतलाई सात विनाशकारी अपराध र पापहरूबाट बाँच्न आदेश दिनुभएको छ। जब उहाँसँग यी सात पापहरू के हुन् भनेर सोधियो, तब उहाँले भन्नुभयो:

१) शिर्क गर्नु, अर्थात् अल्लाहको समान र तुल्य ठहर गर्नु वा गैरुल्लाह (अल्लाह बाहेक) को उपासना गर्नु । शिर्क (बहुदेववाद) सबैभन्दा ठूलो पाप भएकोले पहिले नम्बरमा उल्लेख गरिएको छ ।

२) जादू गर्नु । जादु भन्नाले धागो आदिमा गाँठो बाँधेर मन्त्र जप्नु, औषधि र धुवाँ जस्ता पदार्थको प्रयोग गर्नु, जसले मोहित व्यक्तिलाई कित बिरामी बनाउँछ कित उसको ज्यान लिन्छ, वा पति-पत्नी बीचको सम्बन्धलाई विच्छेद गर्दछ । वास्तवमा यो एक दुष्ट कार्य र शैतानी काम हो । जादुमा प्रायजसो शिर्क वा दुष्ट आत्माहरूलाई खुशी पार्ने हराम कार्यहरू गर्नुपर्छ ।

३) अल्लाहले हत्या गर्न निषेध गर्नुभएको व्यक्तिको हत्या गर्नु, तर शरीयतले कसैलाई मृत्युदण्डको सजाय दिन्छ भने त्यसलाई कार्यन्वयन गर्ने जिम्मेवारी शासकको हो ।

४) ब्याज लिने वा दिने, चाहे त्यो खाइयोस् वा अन्य तरिकाले उपभोग गरियोस् ।

५) वयस्कको उमेर नपुगी बाबुको मृत्यु भएको नाबालक बच्चा (अनाथ) को सम्पत्ति हडप्नु ।

६) काफिरहरूसँग लड्दा युद्धको मैदानबाट फर्केर भाग्नु ।

७) पवित्र महिलाहरू माथि व्यभिचारको झूटो आरोप लगाउने । त्यस्तै पुरुषहरू माथि पनि व्यभिचारको आरोप लगाउने ।

## हदीसका केही फाइदाहरू:

1. ठूला पापहरू सातवटा मात्र होइनन्, यी सात पापहरू बढी खतरनाक रहेकोले विशेष गरी उल्लेख गरिएको छ ।
2. किसास (ज्यानको बदलामा ज्यान), मुर्तद (इस्लाम परित्यागी) र विवाहित व्यक्ति व्यभिचारमा लिप्त छ भने ज्यान लिने अनुमति छ । तर यो शरिया शासक द्वारा गरिनेछ ।

(3331)

(192) – عن أبي بكرة رضي الله عنه قال: قال النبي صلى الله عليه وسلم: «**أَلَا أُنَبِّئُكُمْ بِأَكْبَرِ الْكَبَائِرِ؟**» ثَلَاثًا، قَالُوا: بَلَى يَا رَسُولَ اللهِ، قَالَ: «**الْإِشْرَاكُ بِاللهِ، وَعُقُوقُ الْوَالِدَيْنِ**» وَجَلَسَ وَكَانَ مُتَّكِئًا، فَقَالَ: «**أَلَا وَقَوْلُ الزُّورِ**»، قَالَ: فَمَا زَالَ يُكَرِّرُهَا حَتَّى قُلْنَا: لَيْتَهُ سَكَتَ. [صحيح] - [متفق عليه]

(192) – अबू-बकरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् : रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : **«के म तिमीहरूलाई सबैभन्दा ठूलो पापबारे नबताऊँ?»** उहाँले तीन पटक सोध्नुभयो। सबैले भने, "हो, ए अल्लाहका रसूल (भन्नुहोस्)।" तब उहाँले भन्नुभयो, "अल्लाहसँग शिर्क गर्नु र आमाबाबुको अवज्ञा गर्नु।" अनि उहाँ टेकेर बसिरहनुभएको थियो, उठेर भन्नुभयो, "झूटो कुरा गर्नु पनि ठूलो पाप हो।" अनि यस कुरालाई उहाँले यति धेरै दोहोर्याउनुभयो कि सोच्यौ, "सायद उहाँ अब चुप हुनुहुन्छ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना साथीहरूलाई सबैभन्दा ठूलो पापहरू बयान गर्दा यी तीनवटा पापहरू बताउनु भयो :

१) अल्लाहसँग शिर्क गर्नु: अर्थात् अल्लाह बाहेक अरूको उपासना गर्नु । अल्लाह बाहेक अरू कसैलाई अल्लाहको उपासना, उहाँको नाम र उहाँका गुणहरूमा प्रतिद्वन्द्वी ठहर गर्नु ।

२) आमाबाबुको अवज्ञा गर्नु: यसको मतलब बोली वा कर्मद्वारा आमाबाबुलाई कुनै प्रकारको पीडा दिनु वा उनीहरूसँग राम्रो व्यवहार नगर्नु हो ।

३) झूट बोल्नु र यसमा झूटो गवाही दिनु समावेश छ : झूटो गवाही भनेको कसैको सम्पत्ति चोर्ने वा कसैको अपमान गर्ने उद्देश्यले गरिएको प्रत्येक झूटा बयानलाई जनाउँछ ।

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले झूट बोल्न विरुद्ध बारम्बार चेतावनी दिनुभयो, किनभने झूट एक खराब कुरा हो र समाजमा यसले ठूलो नकारात्मक

प्रभाव पारेको छ । यहाँसम्म उहाँका साथीहरूले उहाँको कष्ट देखेर उहाँप्रति माया देखाउदै चुप लाग्नुभएको भए बेश हुन्थ्यो सोचे।

## हदीसका केही फाइदाहरू:

1. सबैभन्दा ठूलो पाप शिर्क (अल्लाहसँग साझेदारी) गर्नु हो, किनकि उहाँले ठूलो पाप बयान गर्ने क्रममा यसलाई सबैभन्दा पहिलो घोषणा गर्नुभएको छ र कुर्आनको यो आयतले पनि यसको पुष्टि गर्दछ: "वास्तवमा, अल्लाहले शिर्क (उहाँसँग साझेदार) गर्ने कसैलाई क्षमा गर्नुहुन्न र यसबाहेक उहाँले जसलाई चाहानुहुन्छ क्षमा गर्नुहुनेछ ।"
2. आमाबाबुको अधिकारको महत्त्व, किनभने अल्लाहले उनीहरूको अधिकारलाई आफ्नो अधिकारको साथ वर्णन गर्नुभएको छ ।
3. पाप दुई प्रकारका हुन्छन्; साना र ठूला पापहरू । ठूला पापले प्रत्येक
4. त्यो पापलाई बुझाउँछ जसको लागि सांसारिक दण्ड निर्धारण गरिएको छ, जस्तै हद (सजाय) कायम गर्नु र श्राप आदि वा जसको लागि नरकमा प्रवेश गर्ने चेतावनी दिइएको छ । ठूला पापहरूका धेरै वर्गहरू छन्, कतिपय  ठूला पापहरू अरू भन्दा कडा रूपमा हराम छन् । जबकि साना पापहरूले ठूला पापहरू बाहेक अन्य पापहरूलाई जनाउँछ ।

(2941)

(193) – عن عبد الله بن عمرو بن العاص رضي الله عنهما عن النبي صلى الله عليه وسلم قال: «الْكَبَائِرُ: الْإِشْرَاكُ بِاللهِ، وَعُقُوقُ الْوَالِدَيْنِ، وَقَتْلُ النَّفْسِ، وَالْيَمِينُ الْغَمُوسُ». [صحيح] - [رواه البخاري]

(193) – अब्दुल्लाह बिन अम्र बिन आस (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "ठूला पापहरू: शिर्क (अल्लाहसँग साझेदारी) गर्नु, आमाबाबुको अवज्ञा गर्नु, कसैको हत्या गर्नु र झूटो कसम खानु हो। [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

यस हदीसमा, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले ठूला पापहरू बयान गर्दै हुनुहुन्छ । जुन पापले गर्दा अपराधीलाई यस संसार वा परलोकको कडा चेतावनी दिइएको छ, त्यसलाई कबाइर (ठूला पापहरू) भनिन्छ ।

पहिलो ठूलो पाप : अल्लाहसँग शिर्क गर्नु, अर्थात् अल्लाह बाहेक अरूको उपासना गर्नु । उहाँको उपासना, नाम र गुणहरूमा बराबरी र प्रतिद्वन्द्वी ठहर गर्नु शिर्क हो ।

दोस्रो ठूलो पाप : आमाबाबुको अवज्ञा गर्नु, बोली वा कर्मद्वारा आमाबाबुलाई कुनै प्रकारको पीडा दिनु वा उनीहरूसँग राम्रो व्यवहार नगर्नु हो ।

तेस्रो ठूलो पाप : हत्या गर्नु हो, जस्तै कसैलाई अनाहक यातना दिएर मार्नु ।

चौथो ठूलो पाप : जानीजानी झुटो कसम खाने हो । यसलाई अरबीमा "यमीने गुमूस" भनिन्छ किनभने यसले मान्छेलाई पाप वा नरकमा डुबाउँछ ।

## हदीसका केही फाइदाहरू:

1. झूटो कसम खानु एकदमै खतरनाक र ठूलो अपराध हो । यसको क्षमाको लागि तौबा (पश्चात्ताप) बिना अरु कुनै प्रायश्चित छैन ।
2. यस हदीसमा यी चार ठूला पापहरूको गम्भीरतालाई ध्यानमा राखेर उल्लेख गरिएको छ । ठूला पापहरूलाई यी चारमा सीमित गर्नु हुँदैन ।

3. पाप दुई प्रकारका हुन्छन्; साना र ठूला पापहरू । ठूला पापले प्रत्येक
4. त्यो पापलाई बुझाउँछ जसको लागि सांसारिक दण्ड निर्धारण गरिएको छ, जस्तै हद (सजाय) कायम गर्नु र श्राप आदि वा जसको लागि नरकमा प्रवेश गर्ने चेतावनी दिइएको छ । ठूला पापहरूका धेरै वर्गहरू छन्, कतिपय ठूला पापहरू अरू भन्दा कडा रूपमा हराम छन् । जबकि साना पापहरूले ठूला पापहरू बाहेक अन्य पापहरूलाई जनाउँछ ।

(3044)

(194) – عَنْ عَبْدِ اللهِ بنِ مَسْعُودٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «أَوَّلُ مَا يُقْضَى بَيْنَ النَّاسِ يَوْمَ الْقِيَامَةِ فِي الدِّمَاءِ». [صحيح] - [متفق عليه]

(194) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "कयामतको (प्रलयको) दिन सबैभन्दा पहिले मानिसहरूबीच जुन कुराको फैसला गरिनेछ त्यो रक्तपात हो ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, कयामतको दिन एकअर्कामाथि गरेको अन्यायको हिसाब गर्दा सबैभन्दा पहिले रक्तपात; हत्या र चोटपटकहरूको बारेमा न्याय गरिनेछ ।

## हदीसका केही फाइदाहरू:

1. रगतको मामिला धेरै महत्त्वपूर्ण छ। किनभने शुरुवात सबैभन्दा महत्त्वपूर्ण कुराबाट गरिन्छ ।
2. पापहरूले निम्त्याउने फसाद अनुसार पापहरू बढाइन्छ र निर्दोष जीवनको हत्या गर्नु सबैभन्दा ठूलो फसाद हो । शिर्क र कुफ्र बाहेक यो भन्दा अरू कुनै ठूलो पाप छैन ।

(2962)

(195) – عن عبد الله بن عمرو رضي الله عنهما عن النبي صلى الله عليه وسلم قال: «مَنْ قَتَلَ مُعَاهَدًا لَمْ يَرَحْ رَائِحَةَ الْجَنَّةِ، وَإِنَّ رِيحَهَا تُوجَدُ مِنْ مَسِيرَةِ أَرْبَعِينَ عَامًا». [صحيح] - [رواه البخاري]

(195) – अब्दुल्लाह बिन अम्र बिन आस (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले मुआहद् (मुस्लिमसँग सन्धि भएको गैर-मुस्लिम) को हत्या गर्छ, उसले स्वर्गको सुगन्ध पनि पाउनेछैन, जबकि स्वर्गको सुगन्ध चालीस वर्षको दूरीबाट आउँछ ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

जसले मुआहद् (मुस्लिमसँग सन्धि भएको गैर-मुस्लिम) लाई मार्छ, उसले स्वर्गको सुगन्ध पनि पाउने छैन भनेर रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले कडा चेतावनी दिनुभएको छ । जबकि यसको सुगन्ध चालीस वर्ष टाढाबाट महसुस गर्न सकिन्छ ।

## हदीसका केही फाइदाहरू:

1. मुआहद, जिम्मी र मुस्तामिन (सम्झौता अनुसार इस्लामिक राज्यमा प्रवेश गर्ने गैर-मुस्लिम) व्यक्तिको हत्या गर्नु हराम र महापाप हो ।
2. मुआहद : मुस्लिम देशमा बसोबास गर्ने गैर-मुस्लिम व्यक्ति, जसले मुस्लिमसँग नलड्ने र मुस्लिमले उसँग नलड्ने सम्झौता गरेको हो । जिम्मी: एक गैर-मुस्लिम व्यक्ति जो जिजया (कर) तिरेर मुस्लिम देशमा बसोबास गर्छ । मुस्तामन: एक गैर-मुस्लिम व्यक्ति जो एक निश्चित समयको लागि सम्झौताको आधारमा मुस्लिम देश प्रवेश गर्दछ ।
3. यस हदीसमा गैर-मुस्लिमहरूसँग गरिएको वाचा तोड्न विरुद्ध चेतावनी दिइएको छ ।

(64637)

(196) – عن جُبَير بن مُطْعِم رضي الله عنه أنه سمع النبي صلى الله عليه وسلم يقول: «لَا يَدْخُلُ الْجَنَّةَ قَاطِعُ رَحِمٍ». [صحيح] - [متفق عليه]

(196) – जुबैर बिन मुतइम (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उनले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "सम्बन्ध तोड्ने व्यक्ति स्वर्गमा प्रवेश गर्नेछैन ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले आफ्ना आफन्तहरूलाई उनीहरूको वैध अधिकारबाट वञ्चित गर्छ, उनीहरूलाई दुख दिन्छ वा उनीहरूसँग दुर्व्यवहार गर्छ, त्यो स्वर्गमा प्रवेश गर्न योग्य छैन ।

## हदीसका केही फाइदाहरू:

1. आफन्तसँगको सम्बन्ध तोड्नु महापाप हो ।
2. नातागोता र पारिवारिक सम्बन्धहरू चलनचल्ती अनुसार कायम गरिनेछ । स्थान, समय र व्यक्ति अनुसार फरक हुन्छ ।
3. पारिवारिक सम्बन्ध कायम गर्नु भनेको आफन्तलाई भेटघाट गर्नु, दान दिनु, उनीहरूप्रति दयालु हुनु, बिरामीलाई भेट्नु, उनीहरूलाई असल कुराको उपदेश दिनु, नराम्रो काम गर्न निषेध गर्नु आदि इत्यादि ।
4. आफन्त जति नजिकको हुन्छ, नाता तोड्दा त्यति नै ठूलो पाप लाग्छ ।

(5367)

(197) – عن أنس بن مالك رضي الله عنه أن رسول الله صلى الله عليه وسلم قال: «مَنْ أَحَبَّ أَنْ يُبْسَطَ لَهُ فِي رِزْقِهِ، وَيُنْسَأَ لَهُ فِي أَثَرِهِ، فَلْيَصِلْ رَحِمَهُ». [صحيح] - [متفق عليه]

(197) – अनस (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले आफ्नो जीविकोपार्जन विस्तार होस् र आयु लामो होस् भन्ने चाहन्छ, उसले आफ्नो नातागोतासँग राम्रो सम्बन्ध कायम गरोस् ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफन्तहरूसँग राम्रो नाता कायम गर्न प्रोत्साहित गर्दै हुनुहुन्छ, जस्तैः बेलाबेलामा उनीहरूलाई भेट्नु, भौतिक र आर्थिक सहयोग गर्नु इत्यादि र यसबाट मानिसको जीविकोपार्जनमा वृद्धि र आयु लामो हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. अरबी शब्द "अल-रहिम" ले बुबा र आमा दुवै पक्षका नातेदारहरूलाई बुझाउँछ । सम्बन्ध जति नजिक र घनिष्ट हुन्छ, त्यति नै राम्रो व्यवहारको हकदार हुन्छ ।
2. मानिसलाई कर्म अनुसार बदला दिइनेछ । तसर्थ, जसले सद्भाव, राम्रो व्यवहार र दयाको माध्यमबाट सम्बन्ध सुदृढ गर्ने काम गर्छ, अल्लाहले उसको जीविका र उमेरमा आशिष दिनुहुन्छ ।
3. सम्बन्ध कायम गर्नु जीविकोपार्जन र दीर्घायु बढाउने माध्यम हो । जीविकोपार्जन र उमेर दुवै निर्धारित भएतापनि कहिलेकाहीँ त्यसमा बर्कत (बृद्धि) हुन्छ र व्यक्तिले आफ्नो जीवनमा उही उमेरका मानिसहरूले गर्न सक्ने भन्दा धेरै लाभदायक काम गर्न सक्षम हुन्छ । कतिपय विद्वानले जीविकोपार्जन र आयुमा भएको बृद्धिलाई वास्तविक बताएका छन्, अल्लाहले धेरै जानेका छन् ।

(5372)

(198) – عن عبد الله بن عمرو رضي الله عنهما عن النبي صلى الله عليه وسلم قال: «لَيْسَ الْوَاصِلُ بِالْمُكَافِئِ، وَلَكِنِ الْوَاصِلُ الَّذِي إِذَا قُطِعَتْ رَحِمُهُ وَصَلَهَا». [صحيح] - [رواه البخاري]

(198) – अब्दुल्लाह बिन अम्र बिन आस (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सम्बन्ध कायम राख्ने त्यो होइन जसले बदलामा सम्बन्ध कायम गर्छ, तर वास्तवमा सम्बन्धलाई जोगाउने त्यो हो जसले अरुले तोडे पनि उसले जोड्दछ ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, नातागोता प्रति सद्भाव र उनीहरुसँग सम्बन्ध कायम राख्ने आदर्श व्यक्ति त्यो होइन, जसले उसँग सद्भाव राखे मात्र बदलामा सद्भाव कायम राख्छ । बरु वास्तविक आदर्श व्यक्ति त्यो हो जससँग उसको आफन्तहरुले नातेदारी विच्छेद र दुर्व्यवहार गरे पनि तिनीहरूसँग सम्बन्ध जोडेर राख्छ र सद्भाव कायम राख्छ ।

## हदीसका केही फाइदाहरू:

1. शरियतको दृष्टिमा, सम्बन्ध तोड्नेसँग सम्बन्ध कायम गर्नु, गल्ती गर्नेलाई क्षमा गर्नु र वञ्चित गर्नेलाई प्रदान1 गर्नु हो । सुसम्बन्धको सट्टामा मात्र सम्बन्ध कायम राख्नु सम्बन्धन होइन ।
2. सम्बन्ध कायम राख्नु भनेको आफन्तसँग सकेसम्म भलाइ गर्नु हो । उदाहरणका लागि उनीहरूको आर्थिक रूपमा मद्दत गर्नु, उनीहरूका लागि प्रार्थना गर्नु, उनीहरूलाई असल कर्म गर्न आदेश दिनु र खराब काम गर्नबाट रोक्नु आदि । त्यसैगरी सकेसम्म उनीहरुलाई हानि पुर्याउने कुराहरू बाट सुरक्षित राख्नु हो ।

(3854)

(199) – عن أبي هريرة رضي الله عنه أن رسول الله صلى الله عليه وسلم قال: «أَتَدْرُونَ مَا الْغِيبَةُ؟»، قَالُوا: اللهُ وَرَسُولُهُ أَعْلَمُ، قَالَ: «ذِكْرُكَ أَخَاكَ بِمَا يَكْرَهُ»، قِيلَ: أَفَرَأَيْتَ إِنْ كَانَ فِي أَخِي مَا أَقُولُ؟ قَالَ: «إِنْ كَانَ فِيهِ مَا تَقُولُ فَقَدِ اغْتَبْتَهُ، وَإِنْ لَمْ يَكُنْ فِيهِ فَقَدْ بَهَتَّهُ». [صحيح] - [رواه مسلم]

(199) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरूलाई थाहा छ गीबत भनेको के हो?" साथीहरूले भने: अल्लाह र उनका रसूल राम्ररी जान्दछन् । उहाँले भन्नुभयो: "तिमीले आफ्नो भाइको बारेमा उसलाई मन नपर्ने कुरा गर्नु।" साहबाले सोधे: भनेको कुरा यदि साँचो हो भने? उहाँले भन्नुभयो: "तिमीले भनेको कुरा यदि साँचो हो भने तिमीले उसको गीबत (बुराइ) गर्यौ र यदि यो होइन भने तिमीले उसलाई झुटो आरोप लगायौ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले निषेधित गीबतको व्याख्या यसरी गर्नुभएको छ : मुस्लिमको अनुपस्थितिमा उसलाई मन नपर्ने कुरा भन्नु । चाहे त्यो कुरा उसको शारीरिक संरचनासँग सम्बन्धित होस् वा उसको बानी र नैतिकतासँग, जस्तै : अन्धो, धोखेबाज र झूटो आदि त्यो गुण उसमा भए पनि ।

यदि त्यो गुण उसमा छैन भने, यो एक झूटा आरोप हो, जुन गीबत भन्दा ठूलो अपराध हो ।

## हदीसका केही फाइदाहरू:

1. नबी (सल्लल्लाहु अलैहि वसल्लम) सबैभन्दा राम्रो तरिकाले शिक्षाहरू दिनुहुन्थ्यो; उहाँ प्रश्नको रूपमा समस्याहरूलाई प्रस्तुत गर्नुहुन्थ्यो ।
2. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का सहाबाहरूको उहाँप्रति उच्च आचरण; 'अल्लाह र उहाँका रसूल राम्ररी जान्नुहुन्छ' भन्थे ।

3. यदि कसैलाई कुनै कुराको बारेमा सोधियो र उसलाई थाहा छैन भने, उसले 'अल्लाहु आलम' अल्लाह राम्ररी जान्नुहुन्छ भन्नुपर्छ ।
4. इस्लामी शरियतले मानवअधिकारको संरक्षण र भाइचारा स्थापना गरी स्वच्छ समाज निर्माण गर्ने काम गरेको छ ।
5. गीबत निषेधित छ, तर केही परिस्थितिहरूमा यसलाई अनुमति दिइएको छ, जस्तैः अत्याचारबाट बच्नका लागि पीडितले संबन्धित निकायमा उत्पीडकको नाम उल्लेख गर्नुपर्छ । त्यस्तै बिहे गर्ने, साथी बन्ने र छिमेकी बन्ने लगायतका विषयमा परामर्श लिनेमा पनि ।

(5326)

(200) – عن ابن عمر رضي الله عنهما قال: قال رسول الله صلى الله عليه وسلم: «**كل مُسْكِرٍ خَمْرٌ، وكل مُسْكِرٍ حرام، ومن شرِب الخمر في الدنيا فمات وهو يُدْمِنُهَا لَمْ يَتُبْ، لَمْ يَشْرَبْهَا في الآخرة**». [صحيح] - [رواه مسلم وأخرج البخاري الجملة الأخيرة منه]

(200) – अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "हरेक मादक पदार्थ 'खम्र' (रक्सी) हो र हरेक नशालु पदार्थ हराम हो । जसले यस संसारमा रक्सी पिउछ र पश्चात्ताप नगरी यसको लतमा मर्छ भने ऊ परलोकमा त्यसबाट बञ्चित हुनेछ ।" [सही] - []

## व्याख्याः

नबी (सल्लल्लाहु अलैहि व सल्लम) ले स्पष्ट रूपमा बताउनुभयो कि कुनै पनि पदार्थ जसले चेतना हराउँछ र होश नष्ट गराउँछ, त्यो मादक पदार्थ (शराब) हो, चाहे त्यसलाई पिइएको होस्, खाइएको होस्, सुँघिएको होस्, या कुनै अन्य माध्यमले प्रयोग गरिएको होस्। जुनसुकै कुरा जसले नशा गराउँछ र चेतना हराउँछ, त्यसलाई अल्लाहले हराम ठहराउनुभएको छ र त्यसबाट बच्न आदेश दिनुभएको छ, चाहे त्यो थोरै होस् या धेरै। जसले यी नशालु पदार्थहरूमध्ये कुनै

लतमा पर्छ र पश्चात्ताप नगरिकन मर्छ भने; अल्लाहले उसलाई स्वर्ग मा त्यसबाट वञ्चित गरेर सजाय दिनुहुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. मदिरालाई निषेध गर्ने कारण भनेको नशा हो । त्यसैले हरेक प्रकारको मादक पदार्थ निषेध गरिएको छ ।
2. रक्सिले गर्दा पर्न गएको ठूला हानि र खराबीहरूले गर्दा अल्लाहले रक्सीलाई निषेध गर्नुभएको छ ।
3. स्वर्गमा रक्सी पिउनु पूर्ण आनन्द र आशिषको संकेत हो ।
4. जसले यस संसारमा रक्सी पिउन छोड्दैन, अल्लाहले उसलाई स्वर्गमा रक्सी पिउनबाट रोक लगाउनुहुनेछ, किनभने कर्म अनुसार दण्ड दिइनेछ ।
5. मृत्यु अघि पापबाट पश्चात्तापमा हतार गर्न प्रोत्साहन ।

(58259)

(201) – عن أبي هريرة رضي الله عنه قال: لَعَنَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ الرَّاشِيَ وَالْمُرْتَشِيَ فِي الْحُكْمِ. [صحيح] - [رواه الترمذي وأحمد]

(201) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् : रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले न्यायिक मामिलामा घुस दिने र लिने दुवैलाई श्राप दिनुभएको छ । [सही] - [तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले घूस दिने र लिनेहरूका लागि अल्लाहको रहमत (कृपा) बाट टाढा गर्न दुआ गर्नुभएको छ ।

निर्णयमा पक्षपात गर्न र आफ्नो पक्षमा निर्णय गराउने उद्देश्यले न्यायाधीशहरूलाई दिइने घुस पनि यसमा समावेश छ ।

## हदीसका केही फाइदाहरू:

1. घुस दिनु, लिनु भूमिका निर्वाह गर्नु र यसमा कुनै किसिमको सहयोग गर्नु हराम हो । किनभने यो गलत काममा सहयोग हो ।
2. 
3. "घूस दिनु, लिनु, वा यसमा बिचौलियाको काम गर्नु र यसमा सहयोग गर्नु हराम हो, किनभने यसले अन्यायमा मद्दत गर्छ।"
4. घूस दिनु र लिनु ठूलो पाप हो; किनकि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले घूस दिने र लिनेहरूलाई श्राप दिनुभएको छ ।
5. न्याय र प्रशासनसँग सम्बन्धित मामिलामा घुस लिनु र दिनु ठूलो अपराध र पाप हो । किनभने यो अन्याय र उत्पीडन हो साथै अल्लाहद्वारा अवतरित कानूनलाई बेवास्ता गरी मनमानी ढंगले निर्णय गर्नु हो ।

(64689)

(202) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه عَنِ النَّبِيِّ صلى الله عليه وسلم قَالَ: «إِيَّاكُمْ وَالظَّنَّ؛ فَإِنَّ الظَّنَّ أَكْذَبُ الْحَدِيثِ، وَلَا تَحَسَّسُوا، وَلَا تَجَسَّسُوا، وَلَا تَحَاسَدُوا، وَلَا تَدَابَرُوا، وَلَا تَبَاغَضُوا، وَكُونُوا عِبَادَ اللهِ إِخْوَانًا». [صحيح] - [متفق عليه]

(202) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "शङ्काबाट होसियार; किनकि शङ्का सबैभन्दा झूटो कुरा हो । लुकेर कसैको कुराहरू हेर्न वा सुन्ने प्रयास नगर्नु, एकअर्कासंग ईर्ष्या नगर्नु, एकअर्काको पछि नलाग्नु, एकअर्कासंग घृणा नगर्नु र सबै अल्लाहका सेवक र दाजुभाइको रूपमा बस्नु ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मुस्लिमहरू बीच भ्रम, विभाजन र शत्रुता निम्त्याउने केही चीजहरू विरुद्ध चेतावनी र निषेध गर्नुभएको छ । त्यस्ता केही कुराहरू यस प्रकार छन्:

'अज्-जन' (शंका) : यो बिना कुनै प्रमाण मनमा उत्पन्न हुने एक खराब विचार हो, जसलाई उहाँले सबैभन्दा ठूलो झूटको संज्ञा पनि दिनुभएको छ ।

'अत-तहस्सुस' : भनेको आँखा वा कानले मानिसहरूका गोप्य कुराहरू खोज्नु हो ।

'अत-तजस्सुस' : गोप्य कुराहरू खोज्नु हो । यो शब्द प्रायः दुष्टको बारेमा भनिन्छ ।

'अल-हसद' : अरूले पाएका राम्रा कुराप्रति इर्ष्या गर्नु हो ।

'अत-तदाबुर' : मानिसहरू एकअर्कालाई अगाडि आउँछन् तर टाढिएर जान्छन् । नत सलाम गर्छन् नत सन्चो बिसनंचो सोध्छन् ।

'अत-तबागुज' : एकअर्कालाई मन नपराउने र घृणा गर्ने, जस्तै अरूलाई यातना दिने, ठुस्स पर्ने र मानिसहरूलाई राम्रोसँग नभेट्ने ।

अन्तमा, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यस्तो अर्थपूर्ण कुरा भन्नुभयो, जसले मुस्लिमहरू बीच आपसी सम्बन्ध सुधार गर्न सक्छ । उहाँले भन्नुभयो: "हे अल्लाहका दासहरु! आपसमा दाजुभाइ जस्तै बस्नु ।" वास्तवमा

भाइचारा यस्तो सम्बन्ध हो, जसले मानिसहरूबीचको सम्बन्ध सुधार्न र प्रेम तथा स्नेह बढाउन सक्छ ।

## हदीसका केही फाइदाहरू:

1. नराम्रो लक्षणहरू देखा पर्ने व्यक्तिको बारेमा शंका गर्नु हानिकारक छैन । दुष्ट र पापी मानिसहरूको धोकामा नपर्न मुमिनले सधैं सचेत र होसियार हुनुपर्छ ।
2. अर्थात, त्यो दुष्ट धारणा विरुद्धमा चेतावनी हो, जुन हृदयमा बस्छ र बाहिर आउँदैन । जहाँसम्म यस्तो दुष्ट विचार, जुन हृदयमा मात्र महसुस हुन्छ तर पछि खतम् हुन्छ, त्यसमा कुनै पाप छैन ।
3. मुस्लिम समाजका सदस्यहरू बीच घृणा र विभेद सृजना गर्ने ईर्ष्या र जासुसी जस्ता सबै कुराहरू हराम छन् ।
4. मुसलमानसँग दाजुभाइको सम्बन्धजस्तो व्यवहार गर्न, सल्लाहमा सत्यता र मायामा आत्मीयता राख्ने आदेश ।

(5332)

(203) – عن حذيفة رضي الله عنه قال: سمعت النبي صلى الله عليه وسلم يقول: «لَا يَدْخُلُ الْجَنَّةَ قَتَّاتٌ». [صحيح] - [متفق عليه]

(203) – हुजैफा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "दुइ मुखे (चुगली गर्ने) व्यक्ति स्वर्गमा प्रवेश गर्नेछैन ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले मानिसहरूबीच सम्बन्ध बिगार्ने नियतले एक व्यक्तिको कुरालाई अर्को व्यक्तिमा फैलाउँछ, ऊ स्वर्गमा प्रवेश नगर्ने सजायको हकदार हो ।

## हदीसका केही फाइदाहरू:

1. एक व्यक्तिको कुरालाई अर्को व्यक्तिमा फैलाउनु ठूलो पाप हो ।
2. दुइ मुखी निषेधित छ, किनकि यसले सम्बन्ध बिगार्छ साथै व्यक्ति र समाजका लागि धेरै हानिकारक हो ।

(5368)

(204) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: سَمِعْتُ رَسُولَ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «كُلُّ أُمَّتِي مُعَافًى إِلَّا المُجَاهِرِينَ، وَإِنَّ مِنَ المُجَاهَرَةِ أَنْ يَعْمَلَ الرَّجُلُ بِاللَّيْلِ عَمَلًا، ثُمَّ يُصْبِحَ وَقَدْ سَتَرَهُ اللَّهُ عَلَيْهِ، فَيَقُولَ: يَا فُلَانُ، عَمِلْتُ البَارِحَةَ كَذَا وَكَذَا، وَقَدْ بَاتَ يَسْتُرُهُ رَبُّهُ، وَيُصْبِحُ يَكْشِفُ سِتْرَ اللَّهِ عَنْهُ». [صحيح] - [متفق عليه]

(204) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "मेरो उम्मतका सबै मानिसहरूलाई क्षमा दिइनेछ, खुलेआम पाप गर्नेहरू बाहेक । खुलेआम पाप भनेको एक व्यक्तिले रातमा पाप गर्छ र अल्लाहले उसको पापलाई ढाकिदिनुभए पछि बिहान उठ्दा उसले भन्छ: हे साथी, हिजो राती मैले यस्तो-यस्तो गरें । यद्यपि अल्लाहले उसको पापलाई ढाकिदिनुभएको थियो, तर उसले अल्लाहले ढाकिदिएको पर्दालाई हटायो ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, पापी मुस्लिमलाई अल्लाहले क्षमा गर्नुहुन्छ, तर जसले पाप गरेपछि खुलेआम गर्वका साथ आफ्नो पापको घोषणा गर्दै हिंड्छ, ऊ क्षमा योग्य छैन; किनभने उसले रातमा गरेको पापलाई अल्लाहले ढाकिदिनुभएको थियो, तर बिहान उठ्दा उसले आफ्नो साथीलाई भन्छ: हे साथी, हिजो राती मैले यस्तो-यस्तो गरें । यद्यपि अल्लाहले उसको पापलाई ढाकिदिनुभएको थियो, तर उसले अल्लाहले ढाकिदिएको पर्दालाई हटायो !!

## हदीसका केही फाइदाहरू:

1. अल्लाहले पापलाई लुकाईदिएपछि खुलेआम अरुलाई भन्नु एकदम गलत हो ।
2. खुलेआम पापको घोषणा गर्नु भनेको आस्थावान (विश्वासी) हरूमाझ अनैतिकता फैलाउनु हो ।
3. अल्लाहले जसलाई यस संसारमा पर्दा गर्नुहुन्छ, आखिरतमा पनि उहाँले पर्दा गर्नुहुनेछ र यो उहाँका दासहरूप्रति अपार कृपा हो ।
4. यदि कोही पापमा फसेको छ, उसले आफूलाई ढाक्नु पर्छ र अल्लाहसँग तौबा (पश्चात्ताप) गर्नुपर्छ ।
5. खुलेआम पाप गर्नेहरू अल्लाहको माफीबाट बञ्चित हुनेछन् ।

(3756)

(205) – عَنِ ابْنِ عُمَرَ رضي الله عنهما: أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ خَطَبَ النَّاسَ يَوْمَ فَتْحِ مَكَّةَ، فَقَالَ: «يَا أَيُّهَا النَّاسُ، إِنَّ اللهَ قَدْ أَذْهَبَ عَنْكُمْ عُبِّيَّةَ الْجَاهِلِيَّةِ وَتَعَاظُمَهَا بِآبَائِهَا، فَالنَّاسُ رَجُلَانِ: بَرٌّ تَقِيٌّ كَرِيمٌ عَلَى اللهِ، وَفَاجِرٌ شَقِيٌّ هَيِّنٌ عَلَى اللهِ، وَالنَّاسُ بَنُو آدَمَ، وَخَلَقَ اللهُ آدَمَ مِنْ تُرَابٍ، قَالَ اللهُ: {يَا أَيُّهَا النَّاسُ إِنَّا خَلَقْنَاكُمْ مِنْ ذَكَرٍ وَأُنْثَى وَجَعَلْنَاكُمْ شُعُوبًا وَقَبَائِلَ لِتَعَارَفُوا إِنَّ أَكْرَمَكُمْ عِنْدَ اللهِ أَتْقَاكُمْ إِنَّ اللهَ عَلِيمٌ خَبِيرٌ} [الحجرات: **13**]». [صحيح] - [رواه الترمذي وابن حبان]

(205) – इब्ने उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मक्काको विजयको दिन मानिसहरूलाई सम्बोधन गर्नुभयो: " हे मानिसहरू! अल्लाहले तिमीहरूबाट जाहिलियतको घमण्ड र पुर्खाहरूको अहंकार गर्ने प्रवृत्तिलाई हटाउनुभएको छ । मानिसहरू दुई प्रकारका मात्र छन्: एक निष्ठावान, जुन अल्लाहको नजरमा एकदमै प्रिय छ र अर्को दुष्ट, जुन अल्लाहको नजरमा अभागी र नीच छ । सबै मानिसहरू आदमका सन्तान हुन् र आदमलाई अल्लाहले माटोबाट सृष्टि गर्नुभएको हो । अल्लाहले भन्नुभएको छ: "हे मानव! हामीले तिमीहरूलाई एक पुरुष र एक नारीबाट सृष्टि गर्यौं र विभिन्न जाति र वंशहरूमा विभाजन गर्यौं, ताकि तिमीहरूले एकअर्कालाई जान्न सक । अल्लाहको दृष्टिमा सबैभन्दा उत्कृष्ट व्यक्ति त्यो हो, जो तिमीहरूमध्ये सबैभन्दा धेरै ईशभय राख्छ । निस्सन्देह अल्लाह सर्वज्ञ हुनुहुन्छ ।" [अल् हुजुरातः १३]
[सही] - [तिर्मीजी र इब्ने हिब्बानले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मक्काको विजयको दिन मानिसहरूलाई सम्बोधन गर्नुभयो र भन्नुभयो: हे मानिसहरू! अल्लाहले तिमीहरूबाट जाहिलियतको (इस्लाम पूर्व) अहंकार, घमण्ड र तिमीहरूका पुर्खाहरूमाथि घमण्ड गर्ने चलनलाई हटाइदिनुएको छ । अब त्यहाँ दुई प्रकारका मानिसहरू मात्र छन्:

धर्मी, पवित्र, आज्ञाकारी र अल्लाहको उपासना गर्ने मुमिन भक्त । यद्यपि ऊ मानिसहरूको नजरमा सम्मानित वा उच्च वंशको नहोला तर अल्लाहको नजरमा उत्कृष्ट उही हो ।

अर्को दुष्ट र पापी काफिर (अविश्वासी) । मानिसहरूको नजरमा जतिसुकै प्रतिष्ठित र उच्च वंशको भएपनि अल्लाहको नजरमा तुच्छ र अपमानित हो ।

सम्पूर्ण मानिसहरू आदमका सन्तान हुन् र अल्लाहले आदमलाई माटोबाट सृष्टि गर्नुभएको हो, त्यसैले माटोबाट जन्मेको व्यक्तिले घमण्ड र अहंकार गर्नु हुँदैन । अल्लाहको कथनले यसलाई पुष्टि गर्दछ : "हे मानव! हामीले तिमीहरूलाई एक पुरुष र एक नारीबाट सृष्टि गर्यौं र विभिन्न जाति र वंशहरूमा विभाजन गर्यौं, ताकि तिमीहरूले एकअर्कालाई जान्न सक । अल्लाहको दृष्टिमा सबैभन्दा उत्कृष्ट व्यक्ति त्यो हो, जो तिमीहरूमध्ये सबैभन्दा धेरै ईशभय राख्छ । निस्सन्देह अल्लाह सर्वज्ञ हुनुहुन्छ ।" [अल् हुजुरातः १३]

## हदीसका केही फाइदाहरू:

1. हसब-नसब (वंश र गोत्र) मा गर्व गर्न निषेध ।

(65074)

(206) – عن عائشة رضي الله عنها عن النبي صلى الله عليه وسلم قال: «إِنَّ أَبْغَضَ الرِّجَالِ إِلَى اللهِ الْأَلَدُّ الْخَصِمُ». [صحيح] - [متفق عليه]

(206) – आइशा (रजियल्लाहु अन्हा) ले वर्णन गरेकी छिन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहको नजरमा सबैभन्दा घृणित व्यक्ति त्यो हो जो अत्यन्त झगडालु र सधैं विवादमा रहन्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, अल्लाहले धेरै झगडा गर्ने मान्छेसँग घृणा गर्नुहुन्छ, जसले सत्यलाई स्वीकार गर्दैनन् र आफ्नो तर्कले

जित्न खोज्छ । वा सत्यको लागि झगडा गर्छ तर संयमताको सीमा भन्दा बाहिर जान्छ र कुनै विषयमा ज्ञान नभए पनि बहस गर्छ ।

## हदीसका केही फाइदाहरू:

1. पिडित व्यक्तिले शरिया कानून मार्फत आफ्नो अधिकार दाबी गर्नु निन्दनीय विवादको श्रेणीमा पर्दैन ।
2. लडाई झगडा जिब्रोको खराबी मध्ये एक हो, जसले मुस्लिमहरू बीच विभाजन र द्वन्द्व निम्त्याउँछ ।
3. यदि वादविवाद र बहस सत्यको लागि हो र यसको शैली राम्रो छ भने प्रशंसनीय छ । तर सत्यलाई इन्कार गर्ने र असत्यलाई स्थापित गर्ने वा प्रमाण बिनाको हो भने त्यो निन्दनीय छ ।

(5474)

(207) – عن أبي بَكرة رضي الله عنه قال: سمعت رسول الله صلى الله عليه وسلم يقول: «إِذَا الْتَقَى الْمُسْلِمَانِ بِسَيْفَيْهِمَا فَالْقَاتِلُ وَالْمَقْتُولُ فِي النَّارِ»، فَقُلْتُ: يَا رَسُولَ اللهِ هَذَا الْقَاتِلُ، فَمَا بَالُ الْمَقْتُولِ؟ قَالَ: «إِنَّهُ كَانَ حَرِيصًا عَلَى قَتْلِ صَاحِبِهِ». [صحيح] - [متفق عليه]

(207) – अबू-बकरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "जब दुई मुसलमानहरू एकअर्काको विरुद्ध तरवार उठाएर खडा हुन्छन्, हत्यारा र पीडित दुवै नरकको भागीदार हुनेछन्।" मैले प्रश्न गरेँ, "हे अल्लाहका रसूल! एक व्यक्ति हत्यारा भएकाले नरकमा गयो तर पीडितको के दोष?" तब नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, "उसको मनसाय पनि हत्या गर्नु नै थियो।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनुभएको छ, जब दुई मुस्लिम हातमा तरवार लिएर लड्छन् र एक अर्काको ज्यान लिन चाहन्छन्, त्यस अवस्थामा हत्यारा आफ्नो साथीको हत्याको कारण नरकमा जान्छ । तर मृतक पनि किन नरकमा जान्छ?" यो कुरा सहाबाहरूले स्पष्ट रूपमा बुझ्न सकेनन्, त्यसैले उहाँसामु जिज्ञासा राखे। त्यसको उत्तरमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, ऊ पनि नरकमा जान्छ, किनभने उसले पनि अर्को व्यक्तिलाई मार्ने इच्छा राखेको थियो, तर आफ्नो उद्देश्यमा सफल हुन सकेन, किनभने उसको प्रतिद्वन्द्वीले उसलाई पहिले नै मार दियो ।

## हदीसका केही फाइदाहरू:

1. यसबाट स्पष्ट हुन्छ कि जो व्यक्ति आफ्नो मनबाट पाप गर्न दृढ संकल्प गर्दछ र त्यसका लागि साधन प्रयोग गर्दछ, ऊ दण्डको हकदार हुन्छ।

2. यस हदीसमा मुसलमानहरूलाई आपसमा लडाई नगर्न कडा चेतावनी दिइएको छ र लडाइँ गर्नेहरूलाई नरकको सजाय हुने धम्की दिइएको छ।
3. मुसलमानहरू बीचको जायज लडाइँ, जस्तै विद्रोही र भ्रष्टहरू विरुद्धको लडाइँ, चेतावनीमा पर्दैन।
4. ठूलो पाप गर्ने व्यक्तिलाई केवल पाप गर्नाले काफिर मानिने छैन, किनकि रसूलुल्लाह (सल्लल्लाहु अलैहि वसल्लम) ले आपसमा लडाईं गर्ने दुई व्यक्तिलाई मुस्लिम भन्नुभएको छ1।
5. जब दुई मुस्लिमहरू मार्न सक्ने कुनै पनि उपकरणको साथ आमनेसामने हुन्छन् र तीमध्ये एकले अर्कोको ज्यान लिन्छ, तब हत्यारा र मारिएका दुवै नरकको भागीदार हुनेछन्। यस हदीसमा तरवारलाई उदाहरणको रूपमा मात्र प्रस्तुत गरिएको छ।

(4304)

(208) – عن أبي موسى الأشعري رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «مَنْ حَمَلَ عَلَيْنَا السِّلَاحَ فَلَيْسَ مِنَّا». [صحيح] - [متفق عليه]

(208) – अबू-मूसा अल्-अश्अरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले हाम्रो विरुद्धमा हतियार (शस्त्र) उठायो, ऊ हामी मध्येको होइन ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मुस्लिमहरूलाई - आतंकित गर्न वा लुटपाट गर्न हतियार उठाउने विरुद्ध चेतावनी दिनुभएको छ । जसले यो अन्यायपूर्ण काम गर्यो, उसले ठूलो अपराध र गम्भीर पाप गर्यो र यो कडा प्रतिज्ञाको हकदार भयो ।

## हदीसका केही फाइदाहरू:

1. एक मुस्लिमले आफ्ना मुस्लिम दाजुभाइहरूसँग लड्ने विरुद्ध धेरै कडा चेतावनी ।
2. धर्तीमा सबैभन्दा ठूलो निन्दनीय कार्य र ठूलो फसाद भनेको मुसलमानहरू विरुद्ध हतियार उठाउनु र हत्या गरेर फसाद फैलाउनु हो।
3. उपरोक्त प्रतिज्ञाको दायरा भित्र विद्रोही र अराजकता फैलाउन उक्साउनेहरू विरुद्धको सत्य युद्ध समावेश छैन ।
4.
5. उल्लेख गरिएको धम्कीमा न्यायसंगत युद्धलाई समेटिदैन, जस्तो कि विद्रोही र भ्रष्टाचार गर्नेहरू विरुद्धको युद्ध।
6. हतियार आदि देखाएर मुस्लिमलाई भयभीत गर्न पाइँदैन, चाहे त्यो मजाकको रूपमा किन होस् ।

(2997)

(209) – عن عائشة رضي الله عنها قالت: قال النبي صلى الله عليه وسلم: «لَا تَسُبُّوا الْأَمْوَاتَ، فَإِنَّهُمْ قَدْ أَفْضَوْا إِلَى مَا قَدَّمُوا». [صحيح] - [رواه البخاري]

(209) – आइशा (रजियल्लाहु अन्हा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : मृतकलाई गालीगलौज नगर, किनकि उनीहरू पहिले गरेका (राम्रा वा नराम्रा) कर्मतर्फ फर्किसकेका छन् ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मृतकलाई गाली गलौज गर्न र तिनीहरूको इज्जतसँग खेलबाड गर्न हराम गर्नु भएको छ । यो असभ्यता र

अभद्रता पनि हो, किनभने उनीहरु अघि पठाएका राम्रा वा नराम्रा कर्महरूमा पुगिसकेका छन् । दोस्रो कुरा तिनीहरूको बारेमा खराब बोलियो भने, यो तिनीहरूमा पुग्दैन, तर यसले जीवितहरूलाई चोट पुऱ्याउँछ ।

## हदीसका केही फाइदाहरू:

1. यो हदीस मृतकलाई गालीगलौज निषेध गरिएको प्रमाण हो ।
2. जिउँदो मानिसहरूलाई पीडा नहोस् र समाजलाई आपसी शत्रुता र घृणाबाट जोगाउन मृतकलाई गाली गर्नबाट टाढा रहनुपर्छ ।
3. मृतकलाई गाली गर्न निषेध गर्नुको कारण भनेको मृतकले गरेका राम्रा वा नराम्रा कर्म अघि पुगिसकेको छ, त्यसैले उनीहरूलाई गाली गर्नुको कुनै औचित्य छैन,जबकि यसले तिनीहरूका जीवित आफन्तहरूलाई पीडा हुन्छ ।
4. कुनै पनि व्यक्तिले भलाइ नभएको व्यर्थ कुरा भन्नु हुँदैन ।

(5364)

(210) – عن أبي أيوب الأنصاري رضي الله عنه أن رسول الله صلى الله عليه وسلم قال: «لَا يَحِلُّ لِرَجُلٍ أَنْ يَهْجُرَ أَخَاهُ فَوْقَ ثَلَاثِ لَيَالٍ، يَلْتَقِيَانِ، فَيُعْرِضُ هَذَا وَيُعْرِضُ هَذَا، وَخَيْرُهُمَا الَّذِي يَبْدَأُ بِالسَّلَامِ». [صحيح] - [متفق عليه]

(210) – अबू अय्यूब अल अन्सारी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : “कुनै मान्छेको लागी आफ्नो भाइसँग तीन दिनभन्दा बढी कुरा नगर्नु जायज छैन । दुबै एक अर्कालाई भेट्छन् तर अर्कोतिर मुख फर्काएर फर्कन्छन् भने दुई मध्ये सबैभन्दा राम्रो त्यो हो जसले सलाममा पहल गर्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले कुनै पनि मुस्लिमले आफ्नो भाइसँग तीन दिन भन्दा बढी कुराकानी नगर्ने र एकअर्कालाई भेट्दा सलाम नगर्ने व्यवहार निषेध गर्नुभएको छ ।

यी दुई मध्ये राम्रो मान्छे त्यो हो जसले मौनतालाई तोड्छ र अगाडि आएर सलाम गर्छ । यहाँ व्यक्तिगत स्वार्थका लागि कुराकानी बन्द गरिएको हो भन्ने बुझ्नुपर्छ । तर यदि कसैले अल्लाहको खातिर सम्बन्ध तोडेको छ, जस्तै अल्लाह र उहाँका रसूलको अवज्ञा गर्नेहरू, विधर्मी र खराब साथीहरूदेखि कुराकानी बन्द गर्ने भनेको यो कुनै समय सीमाले बाँधिएको छैन । यो कारणमा निर्भर छ, कारण समाप्त हुने बित्तिकै सम्बन्ध स्वतः सुचारु हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. मानवीय स्वभावलाई ध्यानमा राखेर तीन दिन वा सोभन्दा कम कुराकानी बन्द गर्ने अनुमति छ ।
2. सलामको महत्व, यो मनको घृणा मेटाउने माध्यम र प्रेमको प्रतीक हो ।
3. इस्लाम मुस्लिमहरू बीच भाइचारा र प्रेमको वातावरण स्थापना गर्न चाहन्छ ।

(5365)

(211) – عن سهل بن سعد رضي الله عنه عن رسول الله صلى الله عليه وسلم قال: «مَنْ يَضْمَنْ لِي مَا بَيْنَ لَحْيَيْهِ وَمَا بَيْنَ رِجْلَيْهِ أَضْمَنْ لَهُ الْجَنَّةَ». [صحيح] - [رواه البخاري]

(211) – सहल बिन साअ्द (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले मलाई आफ्नो दुई बङ्गारो बीचको चीज (जिब्रो, मुखको बोली ) र दुई तिघ्रा बीचको चीज (गुप्ताङ्ग) को सुरक्षाको ग्यारेन्टी दिन्छ, म उसलाई स्वर्गको ग्यारेन्टी दिन्छु ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले दुइटा कुराहरू बताउनुभएको छ, जसको पालना गर्ने व्यक्ति स्वर्गमा प्रवेश गर्नेछ ।

१- अल्लाहलाई क्रोधित गर्ने बोली वचन बाट जिब्रो (मुख)लाई बचाउनु ।

२- गुप्ताङ्गलाई व्यभिचार (र त्यही सेरोफेरोमा पर्न कार्यहरु) बाट सुरक्षित राख्नु ।

किनभने धेरैजसो पापहरू यी दुई अंगहरूबाट नै हुने गर्छन् ।

## हदीसका केही फाइदाहरू:

1. जिब्रो (मुखको बोली) र गुप्तांगको रक्षा गर्नुले स्वर्गमा प्रवेश पाईन्छ ।
2. जिब्रो (मुखको बोली) र गुप्तांगलाई विशेष रूपमा उल्लेख गरिएको छ; किनभने संसार र परलोकमा यी दुई अंगहरू (मानिसलाई हुने) यातनाको सबैभन्दा ठूलो कारण हुन् ।

(3475)

(212) – عَنْ أَبِي سَعِيدٍ الخُدْرِيِّ رَضِيَ اللَّهُ عَنْهُ -وَكَانَ غَزَا مَعَ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ ثِنْتَيْ عَشْرَةَ غَزْوَةً- قَالَ: سَمِعْتُ أَرْبَعًا مِنَ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، فَأَعْجَبْنَنِي، قَالَ: «**لاَ تُسَافِرِ المَرْأَةُ مَسِيرَةَ يَوْمَيْنِ إِلَّا وَمَعَهَا زَوْجُهَا أَوْ ذُو مَحْرَمٍ، وَلاَ صَوْمَ فِي يَوْمَيْنِ: الفِطْرِ وَالأَضْحَى، وَلاَ صَلاَةَ بَعْدَ الصُّبْحِ حَتَّى تَطْلُعَ الشَّمْسُ، وَلاَ بَعْدَ العَصْرِ حَتَّى تَغْرُبَ، وَلاَ تُشَدُّ الرِّحَالُ إِلَّا إِلَى ثَلاَثَةِ مَسَاجِدَ: مَسْجِدِ الحَرَامِ، وَمَسْجِدِ الأَقْصَى، وَمَسْجِدِي هَذَا**». [صحيح] - [متفق عليه]

(212) – अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, (उनी १२ वटा युद्धमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को साथमा थिए) उनले भने : मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट चारवटा कुरा सुनेको छु, जुन मलाई धेरै मन पर्छ, उहाँले भन्नुभयो : "एउटा महिलाले आफ्नो श्रीमान् वा महरम (नातेदार जससँग विवाह गर्न सक्दैन) साथमा नभएसम्म दुई दिनको यात्रा गर्नु हुँदैन । दुई दिन : ईदुल-फित्र र ईदुल अजहाको दिनमा रोजा हुँदैन । बिहानको नमाजपछि सूर्योदयसम्म र असरको नमाजपछि सूर्यास्तसम्म कुनै नमाज छैन । केवल तीन मस्जिद; मस्जिद अल-हरम, मस्जिद अल-अक्सा र मेरो यो मस्जिद बाहेक यात्रा गर्न अनुमति छैन ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले चारवटा कुरालाई निषेध गर्नुभयो:

१) महिलालाई पति वा महरम बिना एक्लै दुई दिनको दुरीको यात्रा गर्न निषेध गरिएको छ । महरम भनेको त्यो आफन्त हो जो सँग विवाह गर्न सदाको लागि निषेध गरिएको छ, जस्तै : छोरा, बुवा, भतिजा, भान्जा (बाहिनीको छोरा), काका, मामा, आदि ।

२) ईदुल-फित्र र ईदुल अजहाको दिन रोजा राख्न निषेध गरिएको छ, चाहे त्यो नज्र (भाकल) नफ्ली (अतिरिक्त) वा कफ्फारह (प्रायश्चित) को रोजा होस् ।

३) अस्रको नमाजपछि सूर्यास्तसम्म र फजरको नमाजपछि सूर्योदयसम्म नफिल नमाज पढ्न निषेध ।

४) हदीसमा उल्लिखित तीन मस्जिदहरू बाहेक अन्य कुनै ठाउँमा त्यसको सद्‌गुण र त्यहाँ धेरै पुण्य पाइने विश्वासले यात्रा गर्न निषेध गरिएको छ । तसर्थ, यी तीन मस्जिद बाहेक अन्य कुनै पनि ठाउँमा नमाज पढ्ने मनसायले यात्रा गर्न पाइने छैन । किनभने यी तीन मस्जिदहरू; मस्जिद अल-हरम, मस्जिद नबवी र मस्जिद अल-अक्सा मा मात्र नमाज पढ्दा प्रतिफल दोब्बर हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. महिलालाई महरम बिना यात्रा गर्न अनुमति छैन ।
2. यात्रा गर्दा एक महिला अर्को महिलाको महरम बन्न सक्दैन; किनभने हदीसमा "पति वा उसको महरम" भनिएको छ ।
3. महिलाले महरम बिना टाढा जानु जसलाई उर्फ वा चलनचल्तीमा 'सफर' यात्रा भनिन्छ निषेध गरिएको छ । यो हदीस प्रश्नकर्ताको अवस्था र उनको निवास स्थान अनुसार थियो ।
4. महिलाको लागि महरम भनेको त्यो आफन्त हो जोसँग विवाह गर्न स्थायी रूपमा निषेध गरिएको छ, चाहे त्यो हाडनाताको सम्बन्ध होस्, जस्तै : बुवा, छोरा, काका, मामा वा रिजाअत (दूधको नाता) को सम्बन्ध होस्, जस्तै : दुधे-बुवा र काका वा विवाहको नाताले होस्, जस्तै : ससुरा बा (पतिको बुबा) । महरम एक वयस्क, विवेकशील र भरपर्दो मुस्लिम हुनुपर्दछ, किनभने महरमको उद्देश्य महिलाको सुरक्षा गर्नु, उनलाई जोगाउनु र उनको हेरचाह गर्नु हो ।
5. इस्लामिक कानूनले महिलाहरूको ख्याल राख्छ, उनीहरूको हिफाजत र संरक्षण गर्दछ ।
6. फजर र अस्रको नमाज पछि नफिल (अतिरिक्नत) नमाज पढ्न मनाही छ, तर छुटेको फर्ज र कारणवश पढ्नुपर्ने नमाज जस्तैः 'तहीयतुल-मस्जिद' (मस्जिदको अभिवादन) इत्यादि पढ्नु पर्छ ।

7. सूर्योदयपछि तुरुन्तै नमाज पढ्न निषेध गरिएको छ, बरु सूर्य भाला जत्तिकै माथि गएपछि अर्थात् लगभग १० देखि १५ मिनेटपछि पढ्न सकिन्छ ।
8. अस्रको समय सूर्यास्तसम्म लम्बिन्छ ।
9. तीन मस्जिदहरूमा (पुण्यको भावले)यात्रा गर्न अनुमति छ ।
10. तीन मस्जिदहरूको सद्गुण र अरू मस्जिदहरूको तुलनामा यसको श्रेश्ठता।
11. कब्र, मजार, चिहान आदिको जियारत (भ्रमण) गर्न अनुमति छैन, यद्यपि नबी (सल्लल्लाहु अलैहि वसल्लम) को कब्र भए पनि । तर जो मदीनामा छ वा कुनै वैधानिक कामले मदीनामा छ भने उसको लागि उहाँको कब्रको जियारत गर्नु जायज छ ।

(10603)

(213) – عن أسامة بن زيد رضي الله عنهما عن النبي صلى الله عليه وسلم قال: «مَا تَرَكْتُ بَعْدِي فِتْنَةً أَضَرَّ عَلَى الرِّجَالِ مِنَ النِّسَاءِ». [صحيح] - [متفق عليه]

(213) – उसामा बिन जैद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मैले आफ्नो पछाडि पुरुषहरूका लागि महिलाहरू भन्दा बढी हानिकारक कुनै फितना (प्रलोभन) छोडेको छैन ।" [सही] - [मुत्तफकुन अलैहि]

**व्याख्या:**

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, उहाँले आफ्नो पछि पुरुषको लागि महिला भन्दा बढी हानिकारक कुनै पनि परीक्षा र प्रलोभन छोड्नु भएको छैन । यदि महिला आफ्नो परिवारको हो भने, उसले शरियतको अवज्ञा गर्दा पुरुषलाई हानि हुन्छ र यदि उनी पर स्त्री हुन् भने, उनको संगत, एकान्तमा भेट्न र त्यसबाट उत्पन्न हुने दुष्टताको कारणले उसलाई हानि हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. मुस्लिमले महिलाको फितना र प्रलोभनदेखि होसियार हुनुपर्छ र यस प्रलोभनमा लैजाने हरेक बोटबाट बच्न पर्छ।
2. मुमिनले अल्लाहसँग आफ्नो सम्बन्ध बलियो राख्नुपर्छ र प्रलोभनबाट सुरक्षाको लागि उहाँसँग प्रार्थना गर्नु पर्छ ।

(5830)

(214) – عَن عَبْدِ اللَّهِ بنِ مَسْعُودٍ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: كُنَّا مَعَ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، فَقَالَ: «مَنِ اسْتَطَاعَ البَاءَةَ فَلْيَتَزَوَّجْ، فَإِنَّهُ أَغَضُّ لِلْبَصَرِ، وَأَحْصَنُ لِلْفَرْجِ، وَمَنْ لَمْ يَسْتَطِعْ فَعَلَيْهِ بِالصَّوْمِ، فَإِنَّهُ لَهُ وِجَاءٌ». [صحيح] - [متفق عليه]

(214) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, हामी नबी (सल्लल्लाहु अलैहि वसल्लम) सँग थियौं, उहाँले भन्नुभयो: "तिमीहरूमध्ये जोसँग विवाह गर्ने शक्ति छ, उसले विवाह गरोस्, किनभने यसले नजरलाई तल र गुप्ताङ्गको रक्षा गर्नेछ र जसले त्यसो गर्न सक्दैन, उसले व्रत बसोस्, किनभने व्रतले यौन इच्छालाई कमजोर गर्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सम्भोग गर्न र विवाहको आवश्यकता (गाँसबास र कपास) हरू पुरा गर्न सक्षम व्यक्तिलाई निकाह (विवाह) गर्न प्रोत्साहन गर्नुभएको छ; किनभने यसले दृष्टिलाई निषेधित चीजहरूबाट जोगाउँछ र अनैतिकतामा पर्नबाट गुप्ताङ्गको रक्षा गर्छ । तर जसले सम्भोग गर्न सक्षम हुँदा पनि विवाहको आवश्यकताहरू पूरा गर्न सक्दैन भने उसले व्रत बस्नुपर्दछ, किनकि यसले कामवासना र वीर्यको दुष्टता हटाउँछ ।

## हदीसका केही फाइदाहरू:

1. इस्लाम पवित्रता र अनैतिक क्रियाकलापबाट सुरक्षा दिने साधनहरू औंल्याउन प्रोत्साहन गर्दछ।
2. विवाह खर्च पूरा गर्न नसक्नेलाई व्रत बस्न आग्रह; किनकि यसले कामवासनालाई कमजोर बनाउँछ ।
3. यौन चाहनासँग उपवासको सम्बन्ध के छ भने जसरी यौनसम्पर्कले अण्डकोषको नसालाई चोट पुऱ्याउँछ त्यसरी ब्रतले यौनसम्पर्कको इच्छालाई कमजोर गर्छ ।

(5863)

(215) – عَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ رضي الله عنه عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «إِنَّ الدُّنْيَا حُلْوَةٌ خَضِرَةٌ، وَإِنَّ اللهَ مُسْتَخْلِفُكُمْ فِيهَا، فَيَنْظُرُ كَيْفَ تَعْمَلُونَ، فَاتَّقُوا الدُّنْيَا وَاتَّقُوا النِّسَاءَ، فَإِنَّ أَوَّلَ فِتْنَةِ بَنِي إِسْرَائِيلَ كَانَتْ فِي النِّسَاءِ». [صحيح] - [رواه مسلم]

(215) – अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "निस्सन्देह संसार मीठो र रमणीय छ । अल्लाहले तपाईंलाई यसमा एकपछि अर्को गर्दै पठाउनुहुने छ र तपाईंले कसरी व्यवहार गर्नुहुन्छ भनेर हेर्न चाहनुहुन्छ । तसर्थ, संसार (को लोभ) बाट टाढा रहनुहोस् र नारीहरूबाट सचेत रहनुहोस् । किनकि बनु-इस्राइलको पहिलो परीक्षा महिला प्रलोभन थियो । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, संसार स्वादमा मीठो र हेर्नमा रमणीय छ, जसले गर्दा मानिसहरू धोकामा पर्छन्, यसमा फस्छन् र यसलाई आफ्नो सबैभन्दा ठूलो लक्ष्य बनाउँछन् । अल्लाहले हामीलाई यस सांसारिक जीवनमा एकअर्काको उत्तराधिकारी बनाउनुभएको छ, ताकि उहाँले

हाम्रा कर्महरू देख्न सकून्, के हामी उहाँको निर्देशन अनुसार जीवन बिताउँछौं वा उहाँका आज्ञाहरूको उल्लङ्घन गर्छौं? त्यसपछि उहाँले भन्नुभयो: यस संसारको सुखसुविधा र चमकबाट होशियार रहनुहोस् । किनभने यसले तपाईंलाई अल्लाहको आज्ञाहरू उल्लङ्घन गर्न र उहाँले निषेध गर्नुभएको कुरामा संलग्न हुन प्रलोभनमा पार्न सक्छ । संसारमा सबैभन्दा धेरै जोगिनै पर्ने फितना (प्रलोभन) हरू मध्ये एक महिलाको प्रलोभन हो । बनी इजरायलको पहिलो फितना (प्रलोभन) महिलाहरूसँग सम्बन्धित थियो ।

## हदीसका केही फाइदाहरू:

1. संसारको बाह्य चमकमा नपर्न र तकवा (इश्-भय) अवलम्बन गर्न प्रोत्साहन ।
2. यसमा महिलाको प्रलोभनमा नपर्न चेतावनी दिइएको छ, पुरुषहरूले पराई महिलासँग नजर मिलाउनु, उनीहरूसँग मिलेर बस्नु, वा अरु कुनै प्रकारले आकर्षित हुनुबाट सावधान गरिएको छ।
3. महिलाको प्रलोभन संसारको सबैभन्दा ठूलो प्रलोभनहरूमध्ये एक हो ।
4. हामीले विगतका उम्मतहरूबाट पाठ सिक्नुपर्छ, किनभने बानी इजरायलमा जे भयो, अरूलाई पनि हुन सक्छ ।
5. महिला प्रलोभनका विभिन्न रूपहरू छन् । श्रीमती हुँदा उसले कहिलेकाहीँ पुरुषलाई उसको शक्तिभन्दा बढी खर्च गर्न बाध्य पार्छिन्, जसलेगर्दा ऊ धार्मिक कार्यलाई त्यागेर जीविकोपार्जनमा अत्यधिक व्यस्त हुन थाल्छ । अपरिचित महिला हुँदा उसले छोटो र अर्धनग्न पोशाकले पर पुरुषलाई आकर्षित गर्छिन्, तिनीहरूसँग घुलमिल हुन्छ, जसले अनैतिक सम्बन्ध र व्यभिचारका विभिन्न ढोकाहरू खोल्छ । तसर्थ, आस्थावानले महिलाको फितनाबाट बचन अल्लाहको शरण लिनुपर्छ र उनीहरूको प्रलोभनबाट टाढा रहनुपर्छ ।

(3053)

(216) – عن أبي موسى رضي الله عنه أن النبي صلى الله عليه وسلم قال: «لا نِكَاحَ إِلّا بِوَلِيٍّ».
[صحيح] - [رواه أبو داود والترمذي وابن ماجه وأحمد]

(216) – अबू-मूसा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "वली (अभिभावक) बिना निकाह (विवाह) हुँदैन ।" [सही] - [अबू दाउद, तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्याः

वली (अभिभावक) बिना निकाह सही हुँदैन भनेर रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले सचेत गर्नु भएको छ । त्यसैले महिलाको लागि एक अभिभावक हुनु आवश्यक छ जसले उनको विवाह गराउनेछ ।

## हदीसका केही फाइदाहरूः

1. विवाह मान्य हुनको लागि वली (अभिभावक) को उपस्थिति अनिवार्य शर्त हो । यदि विवाह अभिभावकको अनुपस्थितिमा भएको हो वा महिलाले आफैंले विवाह गरेमा उसको विवाह मान्य हुने छैन ।
2. वली भन्नाले महिलाको सबैभन्दा नजिकको पुरुषलाई जनाउँछ । त्यसैले नजिकको वली हुँदाहुँदै टाढाको वलीले विवाह गराउन सक्दैनन् ।
3. वली (अभिभावक) मा हुनुपर्ने शर्तहरू: मुकल्लफ हुनु (जिम्मेवार), पुरुष हुनु, निकाहका फाइदाहरू बुझ्ने उमेर पुगिसके तथा वली (अभिभावक) र संरक्षकत्वमा रहेको महिला एउटै धर्मको हुनुपर्छ । जोसँग यी गुणहरू छैनन्, उ निकाह गराउने वली (अभिभावक) बन्न योग्य हुनेछैन ।

(58066)

(217) – عن عقبة بن عامر رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «أَحَقُّ الشُّرُوطِ أَنْ تُوفُوا بِهِ مَا اسْتَحْلَلْتُمْ بِهِ الْفُرُوجَ». [صحيح] - [متفق عليه]

(217) – उक्बह बिन आमिर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "पूरा गर्न सबैभन्दा उचित शर्त भनेको त्यो वाचा हो, जसद्वारा तपाईंले महिलाको गोप्य अंगलाई हलाल (वैध) बनाउनुभएको छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, पूरा गर्नको लागि सबैभन्दा उचित शर्त भनेको त्यो वाचा हो, किनभने त्यो शर्तले महिलाको गोप्य अंगलाई हलाल (वैध) गरिएको छ । यी पत्नीले विवाह गर्दा राख्ने वैध शर्तहरू हुन् ।

## हदीसका केही फाइदाहरू:

1. विवाह गर्दा श्रीमान श्रीमतीले राखेका शर्तहरु पुरा गर्नु अनिवार्य हुन्छ । हो! यदि त्यो शर्तले कुनै हलाल चीजलाई हराम वा हरामलाई हलाल बनाउँछ भने, त्यसलाई पूरा गर्नु अनिवार्य छैन ।
2. निकाहका सर्तहरू पूरा गर्नु अन्य सर्तहरू पूरा गर्नु भन्दा बढी महत्त्वपूर्ण छ, किनभने तिनीहरूद्वारा शर्मागाहहरू हलाल बनाइन्छ ।
3. इस्लाममा विवाहको स्थान, किनभने इस्लामले विवाहका सर्तहरू पूरा गर्न जोर दिएको छ ।

(6021)

(218) – عن عبد الله بن عمرو رضي الله عنهما أن رسول الله صلى الله عليه وسلم قال: «الدُّنْيَا مَتَاعٌ، وَخَيْرُ مَتَاعِ الدُّنْيَا الْمَرْأَةُ الصَّالِحَةُ». [صحيح] - [رواه مسلم]

(218) – अब्दुल्लाह बिन अम्र (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "यो संसार अस्थायी सुख हो, र संसारको सबैभन्दा राम्रो सुख धर्मपरायण स्त्री हो।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छ, संसार र यसमा भएका सबै चीजहरू वास्तवमा अस्थायी सुख हो, त्यसपछि यसको अन्त्य हुन्छ । यस संसारमा सबैभन्दा राम्रो सुख धर्मपरायण नारी हो । जब उसको पतिले उसलाई हेर्छ तब उसलाई खुसी बनाउँछ, जब उसले आदेश दिन्छ तब उसले पालन गर्छ र जब उसलाई छोडेर कतै जान्छ, उसले आफ्नो र आफ्नो पतिको सम्पत्तिको रक्षा गर्छ ।

## हदीसका केही फाइदाहरू:

1. अल्लाहले आफ्ना सेवकहरूका लागि जायज गर्नुभएको पवित्र चीजहरूबाट लाभ उठाउन अनुमति छ । तर अनावश्यक खर्च र घमण्ड गर्नु हुँदैन ।
2. राम्रो पत्नी छनोट गर्न प्रोत्साहन, किनभने उनले आफ्नो पतिलाई अल्लाहको आज्ञा पालन गर्न मद्दत गर्छिन् ।
3. यस संसारमा सबैभन्दा राम्रो चीज त्यो हो जुन अल्लाहको आज्ञा पालन गर्न उपयोगी छ वा उहाँको आज्ञा पालन गर्न मद्दत गर्दछ ।

(5794)

(219) – عَنْ جَرِيرِ بْنِ عَبْدِ اللهِ رَضِيَ اللهُ عنه قَالَ: سَأَلْتُ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ عَنْ نَظَرِ الْفُجَاءَةِ فَأَمَرَنِي أَنْ أَصْرِفَ بَصَرِي. [صحيح] - [رواه مسلم]

(219) – जरीर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई (महिला माथि) पर्न गएको अचानक नजर को बारेमा सोधें, उहाँले मलाई आफ्नो नजर फर्काउन आदेश दिनुभयो । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

जरीर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हु) ले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई अनजानमा पर महिलामाथि पर्न गएको अचानक नजरको बारेमा सोधें, उहाँले उनलाई थाहा हुने बित्तिकै आफ्नो अनुहार अर्कोतर्फ फर्काउन आदेश दिनुभयो र यसमा कुनै पाप छैन ।

## हदीसका केही फाइदाहरू:

1. नजर तल राख्न प्रोत्साहन ।
2. यदि कसैले अचानक र अनजानमा हेर्न निषेध गरिएको चीजलाई हेर्यो भने त्यसलाई ट्वाल्ल परेर हेर्न विरुद्ध चेतावनी ।
3. महिलाहरूलाई हेर्ने निषेध हो भन्ने कुरा सहाबाहरू बीच स्थापित थियो, त्यसैले जरीरले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधे : के अन्जानमा महिलामाथि पर्न गएको अचानक नजर र हेर्ने मनसाय भएको व्यक्ति; दुवैको आदेश समान हो ?
4. शरियतले आम मानिसहरूको हितलाई मध्यनजर गरेको कुरा छर्लङ्ग हुन्छ, किनकि महिलाहरूलाई हेर्दा संसार र परलोकको खराबीहरूलाई निम्त्याउंछ ।

5. सहाबाहरूलाई केही समस्या पर्दा नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोध्ने गर्थे त्यसैगरी, आम मानिसहरूले पनि समस्या पर्दा आफ्ना विद्वानहरूकहाँ गएर सोध्नु पर्छ ।

(8902)

(220) – عَنْ أَنَسٍ رَضِيَ اللهُ عنهُ قَالَ: ضَحَّى النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ بِكَبْشَيْنِ أَمْلَحَيْنِ أَقْرَنَيْنِ، ذَبَحَهُمَا بِيَدِهِ، وَسَمَّى وَكَبَّرَ، وَوَضَعَ رِجْلَهُ عَلَى صِفَاحِهِمَا. [صحيح] - [متفق عليه]

(220) – अनस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सिङ्ग भएका दुईवटा ठूला भेडाहरूको कुर्बानी (बलिदान) दिनुभयो । उहाँले दुवैको घाँटीको छेउमा खुट्टा राखेर बिस्मिल्लाह, अल्लाहु अकबर भनेर आफ्नो हातले जबह (वध) गर्नुभयो । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

अनस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले ईदुल-अज्हाको दिन कालो र सेतो रङ्ग्ग मिसिएको र सिङहरू भएका दुईवटा नर भेडाहरूको कुर्बानी गर्नुभयो । उहाँले दुवैको घाँटीको छेउमा खुट्टा राखेर बिस्मिल्लाह, अल्लाहु अकबर भनेर आफ्नै हातले जबह (वध) गर्नुभयो ।

## हदीसका केही फाइदाहरू:

1. कुर्बानी (बलिदान) को वैधानिकता र सम्पूर्ण मुस्लिमहरूको यसमा सर्वसम्मति रहेको छ ।
2. नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले जुन जनावरको कुर्बानी दिनुभएको छ त्यसैको कुर्बानी गर्नु उत्कृष्ट हो; किनभने त्यो आकर्षक हुनुको साथ यसको बोसो र मासु राम्रो हुन्छ ।

3. इमाम नववीले भने: आफ्नो कुर्बानी आफ्नो हातले जबह गर्नु मुस्तहब हो । तर कुनै जायज कारणले वकील बनाउनु अनुमति छ र यस्तो अवस्थामा त्यहाँ उपस्थित हुनुपर्छ वा कुनै मुस्लिमलाई नियुक्त गर्नु जायज हो र यसमा कुनै मतभेद छैन ।
4. इब्ने हजरले भने: जबह (वध) गर्दा बिस्मिल्लाहको साथ "अल्लाहु अकबर" भन्नु र जनावरको दाहिने काँधमा खुट्टा राख्नु मुस्तहब हो । त्यसैले जनावरलाई भुइँमा बायाँ पट्टी राख्ने र आफ्नो खुट्टा उसको दाहिने छेउमा राख्नुपर्छ भन्नेमा सम्मति छ, ताकि जबह गर्नेलाई दायाँ हातले चक्कु समात्न र देब्रे हातले टाउको समात्न सजिलो होस् ।
5. सिङ्ग भएको जनावरको कुर्बानी गर्नु मुस्तहब हो, तर सिङ्ग नभएको पनि गर्न पाइन्छ ।

(2971)

(221) – عَن عَبْدِ الرَّحْمَنِ بْنِ أَبِي لَيْلَى أَنَّهُمْ كَانُوا عِنْدَ حُذَيْفَةَ، فَاسْتَسْقَى فَسَقَاهُ مَجُوسِيٌّ، فَلَمَّا وَضَعَ القَدَحَ فِي يَدِهِ رَمَاهُ بِهِ، وَقَالَ: لَوْلاَ أَنِّي نَهَيْتُهُ غَيْرَ مَرَّةٍ وَلاَ مَرَّتَيْنِ -كَأَنَّهُ يَقُولُ: لَمْ أَفْعَلْ هَذَا-، وَلَكِنِّي سَمِعْتُ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «لاَ تَلْبَسُوا الحَرِيرَ وَلاَ الدِّيبَاجَ، وَلاَ تَشْرَبُوا فِي آنِيَةِ الذَّهَبِ وَالفِضَّةِ، وَلاَ تَأْكُلُوا فِي صِحَافِهَا، فَإِنَّهَا لَهُمْ فِي الدُّنْيَا وَلَنَا فِي الآخِرَةِ». [صحيح] - [متفق عليه]

(221) – अब्दुर रहमान बिन अबु लैलाले बयान गरेका छन्, उनीहरू हुजैफा (रजियल्लाहु अन्हु) सँग थिए । उनले पिउनको लागि पानी मागे, एउटा मजुसीले उनलाई पानी दियो । जब उसले उनको हातमा पानीको प्याला (कचौरा) राख्यो, उनले उसलाई त्यसैले हिर्काए र भने: मैले उसलाई एक दुई पटक निषेध नगरेको भए मैले यसो गर्ने थिइनँ । उनले के भन्न खोजे भने: मैले त्यत्तिकै त्यसो गरेको होइन । मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनेको छु, उहाँले भन्नुभयो: "रेशम र दिबाज (बाक्लो रेशमी वस्त्र) नलगाउनुहोस्, सुन र चाँदीको भाँडाहरूमा नपिउनुहोस् र तिनीहरूका थालहरूमा नखानुहोस् । किनभने यो तिनीहरूका लागि यस लोकमा हो र हाम्रो लागि परलोकमा हो ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले पुरुषहरुलाई सबै प्रकारको रेशमको लुगा लगाउन निषेध गर्नुभयो । जबकि उहाँले महिला र पुरुष दुवैलाई सुन चाँदीको भाँडामा खानपिन गर्न निषेध गर्नुभएको छ । अनि यी चीजहरू न्यायको दिनमा मुमिनहरूका लागि विशेष आशीर्वाद हुनेछन्; किनभने तिनीहरूले अल्लाहको आदेशको पालना गर्दै यस संसारमा त्यसबाट टाढिएका थिए । यसको विपरित, काफिरहरूले परलोकमा यी चीजहरू पाउने छैनन्; किनभने तिनीहरूले अल्लाहको आदेशको अवज्ञा गरेर सांसारिक जीवनमा यी कुराहरू भोगेका छन् ।

## हदीसका केही फाइदाहरू:

1. रेशम र दिबाज (बाक्लो रेशम) को लुगा पुरुषहरूको लागि निषेधित छ र लगाउनेहरूलाई कडा धम्की दिइएको छ ।
2. रेशम र दिबाज (बाक्लो रेशम) को लुगा लाउनु महिलाहरु को लागी हलाल हो ।
3. सुन र चाँदीको थाल र भाँडाहरूमा खान र पिउन महिला र पुरुष दुवैका लागि निषेध गरिएको छ ।
4. हुजैफा (रजियल्लाहु अन्हु) ले उसलाई सुन र चाँदीका भाँडाहरू प्रयोग नगर्न बारम्बार मनाही गरे पनि उसले आफ्नो मनोवृत्ति परिवर्तन नगरेकोले उनले कठोर प्रतिक्रिया देखाए ।

(2985)

(222) – عن علي رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «رُفِعَ الْقَلَمُ عن ثلاثة: عن النائم حتى يَسْتَيْقِظَ، وعن الصبي حتى يَحْتَلِمَ، وعن المجنون حتى يَعْقِلَ». [صحيح] - [رواه أبو داود والترمذي والنسائي في الكبرى وابن ماجه وأحمد]

(222) – अली (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तीन व्यक्तिहरूबाट कलम उठाइएको छ: सुतिरहेको व्यक्तिबाट नब्युँझुन्जेलसम्म, नाबालकबाट बालिग नहुन्जेलसम्म र पागलबाट चेतना नआउन्जेलसम्म ।" [सही] - [अबू दाउद, तिर्मीजी र निसाईले कुब्रामा र इब्ने माजह तथा अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आदमका सबै सन्तानहरू एक जिम्मेवार व्यक्ति हुन् भनेर स्पष्ट पार्नुभएको छ, तर यी तीन बाहेक :

सानो बच्चा हुर्किएर वयस्क नहुञ्जेल ।

पागल; दिमाग गुमाएको व्यक्ति, उसको दिमाग नफर्कुन्जेल ।

सुतिरहेको व्यक्ति नब्युँझुन्जेल ।

तिनीहरूबाट जिम्मेवारी हटाइएको छ र तिनीहरूबाट हुन गएको पाप लेखिदैन । तर कुनै बालकले राम्रो काम गर्छ भने त्यो उसको लागि लेखिन्छ, पागल वा सुतेको व्यक्ति बाहेक । किनभने तिनीहरूसँग चेतना नभएकोले उपासना गर्न योग्य छैनन् ।

## हदीसका केही फाइदाहरू:

1. मानिसको अशक्तता निद्राको कारणले हुन्छ, जसले उसलाई आफ्नो कर्तव्य पूरा गर्नबाट रोक्छ । वा आफ्नो कम उमेर वा पागलपनको कारणले हुन्छ, जसले उसको मानसिक कार्यहरूमा बाधा पुऱ्याउँछ वा त्यस्तै कुराहरु, जस्तैः मदिरा, जसले यी तीन मध्ये कुनै एक कारणले तमीज र चेतना गुमाउछ; ऊ आफ्नो कर्तव्य पूरा गर्नबाट अशक्त हुन्छ । अल्लाहले आफ्नो न्याय, सहनशीलता र उदारताले आफ्नो हकमा भएको कमीकमजोरी र लापरबाहीलाई क्षमा दिनु भएको छ ।

2. तिनीहरूका पापहरू लेख्दैनन् भनेको तिनीहरूमा केही सांसारिक नियमहरू लागु हुनेछैन भन्ने होइन, जस्तै, यदि कुनै पागलले हत्या गर्छ भने, उसको लागि कुनै सजाय वा प्रायश्चित छैन तर उसको अभिभावकले रगतको पैसा तिर्नु पर्छ ।

3. यौवनका तीन लक्षणहरू छन्: वीर्य स्खलन हुनु, चाहे त्यो सपनामा होस् वा बिपनामा । वा गुप्ताङ्गहरूमा खस्रो रौं निस्कनु । वा १५ वर्ष पुगेको हुनु । महिलाको लागि चौथो लक्षण भनेको हैज (महिनावारी) आउनु ।

4. अल-सुबकीले भने: बच्चा (सबी) भनेको केटा हो । अरूले भने: आमाको गर्भमा रहेको बच्चालाई भ्रूण (जनीन) भनिन्छ, जन्मिएपछि केटा (सबी) भनिन्छ, दूध छुटाएपछि सात वर्षसम्म केटा (गुलाम) भनिन्छ । दसवर्षसम्म युवा (याफिअन्) भनिन्छ, त्यसपछि पन्ध्र वर्षसम्म जवान (हजुरा) भनिन्छ । अल-सुयुतीले भने : उक्त सबै अवस्थामा केटा (सबी) भनिन्छ ।

(58148)

(223) – عن ابن عمر رضي الله عنهما: أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ نَهَى عَنِ الْقَزَعِ.
[صحيح] - [متفق عليه]

(223) – इब्ने उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले क़ज़ा (अर्थात् टाउकोका केही भागमा मात्रै कपाल मुण्डन गर्ने) निषेध गर्नुभएको छ । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले कपालको केही भाग खौरन र केही भाग छोड्न निषेध गर्नुभएको छ ।

कपालको केही भाग खौरन र केही भाग छोड्न बालक, जवान र वृद्ध सबै पुरुषका लागि हुन् । महिलाले कपाल खौरन अनुमति छैन ।

## हदीसका केही फाइदाहरू:

1. इस्लामिक शरीयतले व्यक्तिको बाह्य रूप र सौन्दर्यलाई पनि महत्त्व दिन्छ ।

(8914)

(224) – عن ابن عمر رضي الله عنهما عن النبي صلى الله عليه وسلم قال: «أَحْفُوا الشَّوَارِبَ وأَعْفُوا اللِّحَى». [صحيح] - [متفق عليه]

(224) – अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "जुँगा काट्नु र दाह्री बढाउनु" । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले जुँगालाई काट्न र त्यत्तिकै नछोड्न बरु राम्रोसँग काट्न आदेश दिनुभएको छ ।

यसको विपरीत दाह्री बढाउने र लामो पार्ने आदेश दिनुभएको छ ।

## हदीसका केही फाइदाहरू:

1. दाह्री खौरनु हराम हो ।

(3279)

(225) – عَن أَبِي سَعِيدٍ الْخُدْرِيِّ رضي الله عنه أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «**لَا يَنْظُرُ الرَّجُلُ إِلَى عَوْرَةِ الرَّجُلِ، وَلَا الْمَرْأَةُ إِلَى عَوْرَةِ الْمَرْأَةِ، وَلَا يُفْضِي الرَّجُلُ إِلَى الرَّجُلِ فِي ثَوْبٍ وَاحِدٍ، وَلَا تُفْضِي الْمَرْأَةُ إِلَى الْمَرْأَةِ فِي الثَّوْبِ الْوَاحِدِ**». [صحيح] - [رواه مسلم]

(225) – अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “एक पुरुषले अर्को पुरुषको गुप्तांगलाई हेर्नु हुँदैन। त्यसैगरी एक महिलाले अर्को महिलाको गुप्तांगलाई पनि हेर्नु हुँदैन । एक पुरुषले अर्को पुरुषसँग एउटै कपडामा सुत्नु हुँदैन । त्यसैगरी एक महिलाले अर्को महिलासँग एउटै कपडामा सुत्नु हुँदैन ।” [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्याः

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले एक पुरुषले अर्को पुरुषको गुप्तांगलाई हेर्न वा एक महिलाले अर्को महिलाको गुप्तांगलाई हेर्न निषेध गर्नुभएको छ ।

हदीसमा उल्लेखित अरबी शब्द "औरह" (पर्दा) ले शरीरको त्यो भागलाई जनाउँछ, जुन देख्दा लाज लाग्छ । पुरुषको पर्दा : नाभि र घुँडा बीचको भाग हो । जबकि महिलाको सम्पूर्ण शरीर गैर-महरम पुरुषहरूका लागि पर्दा हो । तर महिला र महरम पुरुषहरूको अगाडि उनले शरीरका ती अंगहरू प्रकट गर्न सक्छन्, जुन सामान्यतया घरमा काम गर्दा देखिन्छ ।

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले एक पुरुषले अर्को पुरुषसँग एउटै लुगामा वा एउटै कम्बलमा नग्न बस्न वा एक महिलाले अर्को महिलासँग एउटै लुगामा वा एउटै कम्बलमा नग्न बस्न निषेध गर्नुभयो । किनभने यसले एकअर्काको गोप्य अंग छोएको हुन सक्छ र छुन पनि हेर्ने जस्तै निषेधित छ । बरु यो झन् खतरनाक हो, किनभने यसले धेरै ठूलो खराबीहरू निम्त्याउन सक्छ ।

## हदीसका केही फाइदाहरू:

1. गोप्य अंग हेर्न प्रतिबन्ध छ । तर श्रीमान् र श्रीमती यसबाट मुक्त छन् ।
2. इस्लाम धर्मले समाजको शुद्धता र अनैतिकतातर्फ लैजाने सबै बाटोहरू बन्द गरेको छ ।
3. उपचार वा यस्तै प्रकारको आवश्यकता परेमा गोप्य अंग हेर्ने अनुमति छ । तर सर्त के छ भने त्यो इच्छा (चाहना) रहित हुनुपर्छ ।
4. मुस्लिमलाई आफ्नो गुप्तांग ढाक्न र अरूको गुप्तांगदेखि नजर तल गर्न आदेश दिइएको छ ।
5. पुरुषसँग पुरुष र महिलासँग महिलामा प्रतिबन्ध विशेष गरी केन्द्रित गरिएको छ; किनभने त्यहाँ गोप्य अंगहरू खुल्ने वा त्यसमा आँखा पर्ने सम्भावना बढी हुन्छ ।

(8904)

(226) – عن عبد الله بن عمرو رضي الله عنهما قال: لَمْ يَكُنِ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فَاحِشًا وَلَا مُتَفَحِّشًا، وَكَانَ يَقُولُ: «إِنَّ مِنْ خِيَارِكُمْ أَحْسَنَكُمْ أَخْلَاقًا». [صحيح] - [متفق عليه]

(226) – अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) न त अश्लील हुनुहुन्थ्यो न त फोहोरी कुरा गर्ने वा नराम्रो भाषा प्रयोग गर्ने व्यक्ति हुनुहुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो: "तिमीहरूमध्ये सबैभन्दा राम्रो त्यो हो जसको नैतिकता उत्तम छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

"नबी (सल्लल्लाहु अलैहि वसल्लम)को स्वभावमा कहिल्यै खराब बोल्ने वा नराम्रो कार्य गर्नु समावेश थिएन। उहाँले न यसो गर्न चाहनु हुन्नथ्यो, न त जानाजानी यसमा संलग्न हुनुहुन्थ्यो। उहाँ साँच्चै महान् नैतिकता भएका व्यक्ति हुनुहुन्थ्यो।"

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुहुन्थ्यो : अल्लाहको नजरमा तिमीहरु मध्ये सबैभन्दा राम्रो व्यक्ति त्यो हो जसको नैतिकता सबैभन्दा राम्रो हो । राम्रो व्यवहार भनेको अरुको भलाइ गर्नु, राम्रो कुरा गर्नु, मुस्कुराएर भेट्नु, कसैलाई दु:ख नदिनु, अरुले चोट पुऱ्यायो भने धैर्य गर्नु र मानिसहरुसँग घुलमिल भएर बस्नु नै हो ।

## हदीसका केही फाइदाहरू:

1. मुमिनले खराब शब्दहरू र खराब कार्यहरूबाट टाढा रहनुपर्छ ।
2. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आदर्श नैतिकता थियो । उहाँबाट राम्रो कामहरू र राम्रा शब्दहरू बाहेक अरू केही हुँदैनथ्यो ।
3. सुन्दर आचरण एक प्रतिस्पर्धाको मैदान हो; जो अगाडि बढ्छ, ऊ विश्वासको उत्तम र सम्पूर्ण मानिसहरूमा पर्छ।

(5803)

(227) – عن عائشة رضي الله عنها قالت: سمعت رسول الله صلى الله عليه وسلم يقول: «إِنَّ الْمُؤْمِنَ لَيُدرِكُ بِحُسْنِ خُلُقِهِ دَرَجَةَ الصَّائِمِ القَائِمِ». [صحيح بشواهده] - [رواه أبو داود وأحمد]

(227) – आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें : "मुमिनले आफ्ना राम्रा व्यवहारका कारण दिनभरी व्रत बस्ने र राती तहज्जुदको नमाज पढ्ने व्यक्तिको स्थान प्राप्त गर्दछ ।" [शवाहिद (गवाहहरु) ले गर्दा सही हो] - [अबू दाउद र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, राम्रो व्यवहारले व्यक्तिलाई निरन्तर रोजा राख्ने र तहज्जुद पढ्ने व्यक्तिको स्थानमा पुऱ्याउँछ ।

राम्रा व्यवहार भनेका अरुको भलाइ गर्नु, राम्रो कुरा गर्नु, मुस्कुराएर भेट्नु, कसैलाई दु:ख नदिनु र अरुले चोट पुऱ्यायो भने धैर्य गर्नु नै  हो ।

## हदीसका केही फाइदाहरू:

1. इस्लामले मानवको दैनिक व्यवहारलाई श्रेष्ठ र पूर्ण बनाउनमा धेरै ध्यान दिएको छ ।
2. राम्रा व्यवहारको महत्व यति धेरै छ, यसबाट मानिसले निरन्तर व्रत बस्ने र थकित नभई तहज्जुद पढ्ने व्यक्तिको दर्जा प्राप्त गर्छ ।
3. दिनमा व्रत बस्नु र राति तहज्जुद पढ्नु दुवै महान् कर्म हुन्, जसका लागि आत्माले ठूलो कष्ट सहनुपर्ने हुन्छ । तर राम्रो व्यवहार भएको व्यक्ति यी दुई कार्य गर्ने व्यक्तिको बराबर हुन्छ, किनकि आफूलाई राम्रो व्यवहारमा लगाउन संघर्षको काम हो।

(5799)

(228) – عن أبي هريرة رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «أَكْمَلُ الْمُؤْمِنِينَ إِيمَانًا أَحْسَنُهُمْ خُلُقًا، وَخَيْرُكُمْ خَيْرُكُمْ لِنِسَائِهِمْ». [حسن] - [ رواه أبو داود والترمذي وأحمد]

(228) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सबैभन्दा पूर्ण मुमिन (आस्थावान) त्यो हो जसको व्यवहार राम्रो छ र तिमीहरु मध्ये सबैभन्दा राम्रो त्यो हो जो आफ्नो महिलाहरु (छोरी-स्वास्नी)प्रति राम्रो हुन्छ ।" [हसन] - [अबू दाउद, तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: विश्वासमा सबैभन्दा पूर्ण त्यो हो जसको व्यवहार उत्तम छ, जस्तै मानिसलाई मुस्कुराएर भेट्नु, राम्रोसँग कुरा गर्नु, राम्रो गर्नु र कसैलाई चोट नपुर्याउनु ।

त्यसैगरी, सबैभन्दा राम्रो मुमिन (आस्तिक) त्यो हो जो आफ्नी पत्नी, छोरी, दिदीबहिनी र अन्य नातेदारहरूसँग राम्रो व्यवहार गर्दछ । किनभने यी महिलाहरू असल व्यवहारको सबैभन्दा बढी हकदार छन् ।

## हदीसका केही फाइदाहरू:

1. राम्रो व्यवहार सद्गुण हो र यो ईमानको अंश हो ।
2. अमल (कर्म) पनि आस्थाको अंग हो र ईमान बढ्छ र घट्छ ।
3. इस्लामले महिलालाई सम्मान दिएको छ र उनीहरूसँग राम्रो व्यवहार गर्न प्रोत्साहित गरेको छ ।

(5792)

(229) – عن أبي هريرة رضي الله عنه قال: سُئِلَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ عَنْ أَكْثَرِ مَا يُدْخِلُ النَّاسَ الْجَنَّةَ، فَقَالَ: «تَقْوَى اللهِ وَحُسْنُ الْخُلُقِ»، وَسُئِلَ عَنْ أَكْثَرِ مَا يُدْخِلُ النَّاسَ النَّارَ فَقَالَ: «الْفَمُ وَالْفَرْجُ». [حسن صحيح] - [رواه الترمذي وابن ماجه وأحمد]

(229) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् : कुन कर्मले मानिसहरूलाई स्वर्गमा धेरै प्रवेश गर्नेछ भनेर रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधियो, उहाँले जवाफ दिनुभयो: "तक्वा (अल्लाहको डर) र राम्रो व्यवहार ।" अनि कुन कुराले मानिसहरूलाई सबैभन्दा धेरै नरकमा प्रवेश गर्नेछ भनेर सोधिदा उहाँले जवाफ दिनुभयो: "जिब्रो र गुप्तांग ।" [हसन सही] - [तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले स्वर्गमा प्रवेश गर्ने दुईवटा मुख्य कारणहरू छन् भनी बताउनुभएको छ । यी दुई निम्न हुन्:

"तक्वा (अल्लाहको डर) र राम्रो व्यवहार।

'तकवा' शब्दको अर्थ भनेको व्यक्तिले आफ्नो र अल्लाहको अजाब (दण्ड) को बीचमा अवरोध खडा गर्नु हो । यो सुरक्षा अल्लाहको आदेशहरू पालना गरेर र उहाँले निषेध गर्नुभएको कुराहरूबाट टाढा बसेर प्राप्त हुन्छ ।

जबकि राम्रो व्यवहार भनेको मुस्कुराएर भेट्नु, पुण्य कर्म गर्नु र दुःख नदिनु हो ।

यसको विपरीत नर्कमा प्रवेश गर्ने दुईवटा मुख्य कारणहरू छन् । यी दुई हुन्:

जिब्रो र गुप्तागं ।

जिब्रोबाट हुने पाप भनेको झुट बोल्ने, गीबत गर्ने (अर्काको कुरा काट्ने) र दुइ मुखे गर्ने ।

गुप्तांगबाट हुने पाप भनेको व्यभिचार, समलिंगी सम्बन्ध र अन्य।"

## हदीसका केही फाइदाहरू:

1. स्वर्गमा प्रवेश गर्ने केही माध्यमहरू अल्लाहसँग सम्बन्धित छन्, जसमध्ये एउटा अल्लाहको डर हो र केही मानिसहरूसँग सम्बन्धित छन्, जसमध्ये एउटा राम्रो व्यवहार हो ।
2. जिब्रो मानिसको लागि खतरनाक अंग हो र यसको दुरुपयोग नरक जाने कारण हो ।
3. कामवासना र अश्लीलता मानिसको लागि जोखिम हुन् र धेरै जसो मानिसहरू यसको कारण नरकमा प्रवेश गर्नेछन् ।

(5476)

(230) – عن أنس بن مالك رضي الله عنه قال: كَانَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ أَحْسَنَ النَّاسِ خُلُقًا. [صحيح] - [متفق عليه]

(230) – अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) मानिसहरूमध्ये सबैभन्दा उत्कृष्ट व्यवहारका व्यक्ति हुनुहुन्थ्यो । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सबैभन्दा उत्तम व्यवहार भएको व्यक्ति हुनुहुन्थ्यो र नैतिकताका सबै स्तरहरूमा सबैभन्दा अगाडि हुनुहुन्थ्यो, जस्तै राम्रोसँग बोल्ने, अरूलाई राम्रो गर्ने, मुस्कुराएर भेट्ने, अरूलाई दु:ख नदिने र अरुको दुखमा धैर्य गर्ने आदि ।

## हदीसका केही फाइदाहरू:

1. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को चरित्रको पूर्णता ।

2. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) उत्तम चरित्रको सही नमूना र एक उत्तम आदर्श हुनुहुन्छ ।
3. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को अनुसरण गर्दै उत्तम चरित्र अपनाउन प्रोत्साहन ।

(6180)

(231) – قال سعد بن هشام بن عامر -عندما دخل على عائشة رضي الله عنها-: يَا أُمَّ الْمُؤْمِنِينَ، أَنْبِئِينِي عَنْ خُلُقِ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، قَالَتْ: أَلَسْتَ تَقْرَأُ الْقُرْآنَ؟ قُلْتُ: بَلَى، قَالَتْ: فَإِنَّ خُلُقَ نَبِيِّ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ كَانَ الْقُرْآنَ. [صحيح] - [رواه مسلم في جملة حديثٍ طويلٍ]

(231) – साद बिन हिशाम बिन आमिर जब आइशा (रजियल्लाहु अन्हा) कहाँ गए अनि उनले भने: हे उम्मूल-मुमिनीन (इमानवालाहरू कि आमा)! मलाई रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को अख्लाक (नैतिकता) को बारेमा बताउनुहोस् । यो सुनेर उहाँले भन्नुभयो: के तिमी कुर्आन पढ्दैनौ? मैले जवाफ दिएँ: म अवश्य पढ्छु । उहाँले भन्नुभयो: उहाँको अख्लाक (नैतिकता) नै कुर्आन थियो । [सही] - [मुस्लिमले एक लामो हदीसमा वर्णन गरेका छन्]

## व्याख्या:

उम्मूल-मुमिनीन आइशा (रजियल्लाहु अन्हा) लाई रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को नैतिकताको बारेमा सोधियो र उनले छोटो र मिठो जवाफ दिदै प्रश्नकर्तालाई कुर्आनलाई अध्ययन गर्न भनिन्, किनभने यो सबै हिसाबले पूर्ण पुस्तक हो । उनले भनिन् : उहाँको आचरण र नैतिकता कुर्आनको एक जीवन्त उदाहरण थियो । उहाँ कुर्आनको आदेशको पालना गर्नुहुन्थ्यो, कुर्आनले निषेध गरेको कुराहरूबाट टाढा रहनुहुन्थ्यो । यसरी उहाँको नैतिकता कुर्आनको व्याख्या थियो । उहाँले कुर्आनले तोकेको सीमामा रहनुभयो, यसको शिष्टाचारको पालना गर्नुभयो र यसमा प्रस्तुत उदाहरणहरू र कथाहरूबाट पाठ सिक्नुभयो ।

## हदीसका केही फाइदाहरू:

1. नबी (सल्लल्लाहु अलैहि वसल्लम) को पाइला पछ्याएर कुर्आनको नैतिक शिक्षाहरू पछ्याउन प्रेरणा ।
2. नबी (सल्लल्लाहु अलैहि वसल्लम) को आचरणको प्रशंसा र उहाँको आचरणको स्रोत कुर्आन थियो भन्ने कुराको वर्णन ।
3. कुर्आन सबै नैतिक मामिलाहरूको मूल स्रोत हो ।
4. इस्लामिक नैतिकताले सम्पूर्ण धर्म र यसका सबै आदेशहरूको पालना गर्न र निषेधित कुराहरूबाट बच्न समावेश छ ।

(8265)

(232) – عَنْ عَائِشَةَ أُمِّ المُؤمنينَ رضي الله عنها قَالَتْ: كَانَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يُعْجِبُهُ التَّيَمُّنُ، فِي تَنَعُّلِهِ، وَتَرَجُّلِهِ، وَطُهُورِهِ، وَفِي شَأْنِهِ كُلِّهِ. [صحيح] - [متفق عليه]

(232) – उम्मुल-मुमिनीन (आस्थावानहरूकि आमा)आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) आफ्नो जुत्ता लगाउदा, आफ्नो कपाल कोर्दा, वुजू गर्दा यहाँसम्म आफ्नो सबै मामिलाहरूमा दायाँतिरबाट आरम्भ गर्न मन पराउनुहुन्थ्यो । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) दायाँ तर्फबाट सम्मानजनक कार्यहरू सुरु गर्न मन पराउनुहुन्थ्यो, जस्तैः जुत्ता लगाउँदा पहिले दाहिने खुट्टाबाट सुरु गर्ने, टाउको र दाह्रीको कपालमा तेल लगाउँदा र काईयो गर्दा दायाँबाट सुरु गर्ने, वुजू गर्दा दायाँ हात र दाहिने खुट्टालाई बायाँ हात र देब्रे खुट्टा भन्दा पहिला धुने इत्यादि ।

## हदीसका केही फाइदाहरू:

1. इमाम नववीले शरियतको एउटा सामान्य नियम उल्लेख गर्दै भनेका छन्: लुगा र पायजामा लगाउनु, जुत्ता लगाउनु, मस्जिदमा प्रवेश गर्नु, मिस्वाक गर्नु, आँखामा सुर्मा वा काजल लगाउनु, नङ काट्नु, जुँगा काँट्नु, काईयोले कपाल कोर्नु, काखीका रौंहरू उखेल्नु, कपाल काट्नु, नमाजमा सलाम फेर्नु, पवित्र अंगहरू धुनु, शौचालयबाट बाहिर निस्कनु, खानपिन गर्नु, मुसाफाह गर्नु अथवा हात मिलाउनु, हजरे अस्वद (काबाको कालो ढुंगा) लाई चुम्बन गर्नु आदि जस्ता सम्मानजनक कामहरू दाहिने तर्फबाट सुरु गर्नु मुस्तहब हो । यसको विपरीत शौचालयमा प्रवेश गर्नु, मस्जिदबाट बाहिर निस्कनु, नाक पुछ्नु, इस्तिन्जा (दिसापिसाब गरेपछि सफा) गर्नु, लुगा, पैन्ट, कट्टु र जुत्ता मोजा आदि फुकाल्नु जस्ता कामहरू बायाँ तर्फबाट सुरु गर्नु मुस्तहब हो । वास्तवमा यो सबै दायाँको सम्मान र इज्जतको कारणले गर्दा हो ।
2. "उहाँलाई दायाँबाट सुरुवात गर्न मनपर्छ", यसमा दाहिने हात, दाहिने खुट्टा, दायाँतिर र दाहिनेबाट लेनदेन गर्नु सबै कुराहरू समावेश छन् ।
3. इमाम नववीले भनेका छन्: केही अंगहरूमा दाँयाबाट सुरु गर्नु मुस्तहब होइन; जस्तैः दुवै कान, दुवै हत्केला र दुवै गालाहरू । यी अंगहरूका दुवै भाग एकै पटक शुद्ध पार्नुपर्ने हो, यदि त्यसो गर्न गाह्रो छ भने, दाँयालाई प्राथमिकता दिइनेछ ।

(3018)

(233) – عن شداد بن أوس رضي الله عنه قال: ثِنْتَانِ حَفِظْتُهُمَا عَنْ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «إِنَّ اللهَ كَتَبَ الْإِحْسَانَ عَلَى كُلِّ شَيْءٍ، فَإِذَا قَتَلْتُمْ فَأَحْسِنُوا الْقِتْلَةَ، وَإِذَا ذَبَحْتُمْ فَأَحْسِنُوا الذَّبْحَ، وَلْيُحِدَّ أَحَدُكُمْ شَفْرَتَهُ، فَلْيُرِحْ ذَبِيحَتَهُ». [صحيح] - [رواه مسلم]

(233) – शद्दाद बिन औस (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट दुइटा कुरा सिकेको छु : "अल्लाहले हर काममा राम्रो व्यवहार गर्न अनिवार्य गर्नुभएको छ। त्यसैले जब तिमीले कसैलाई मार्छौ (मृत्युदण्ड आदिको लागि) तब त्यसलाई राम्रो तरिकाले मार र जब तिमी (पशु) वध गर्छौ, तब राम्रो तरिकाले वध गर र जनावरलाई वध गर्दा पहिला आफ्नो चक्कु धारिलो बनाउनुपर्छ र मारिने जनावरलाई राहत दिनुपर्छ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, अल्लाहले हर काममा राम्रो व्यवहार गर्न अनिवार्य गर्नुभएको छ। इहसान (परोपकार) भनेको तपाईंले गर्नुहुने हरेक काममा अल्लाहलाई सधैं मनमा राख्नु हो । अल्लाहको उपासना गर्दा, पुण्य कर्म गर्दा र मानिसहरूलाई दुःखबाट बचाउँदा पनि । त्यसैगरी यसमा हत्या र वध गर्दा दयालु हुनु पनि समावेश छ ।

किसास (बदला) को रुपमा हत्या गर्दा दयालु हुनु भनेको हत्याको लागि सबैभन्दा सजिलो, हल्का र छिटो बाटो रोज्नु हो ।

वध गर्दा पशुप्रति दयालु हुनु भनेको हतियार धारिलो बनाउनु, जनावरको आँखा अगाडि हतियार धारिलो नबनाउनु र एउटा पशुलाई अर्को जनावरको अगाडि नमार्नु हो ।

## हदीसका केही फाइदाहरू:

1. सृष्टिप्रति अल्लाहको कृपा र दया ।
2. मृत्युदण्ड र वध शरीयतले तोकेको तरिका अनुसार गर्नु नै सदव्यवहार हो ।

3. इस्लामी शरियत एक सम्पूर्ण जीवन व्यवस्था हो र यसमा सबै प्रकारका भलाइहरू समावेश गरिएका छन्, जसको उदाहरण जनावरप्रति दया हो ।
4. मानिसको हत्या गरेपछि शरीरका अंग टुक्रा-टुक्रा गरी विच्छेदन गर्न निषेध गरिएको छ ।
5. जनावरलाई यातना दिने हरेक काम हराम हो ।

(4319)

(234) – عن عبد الله بن عمرو رضي الله عنهما قال: قال رسول الله صلى الله عليه وسلم: «إِنَّ الْمُقْسِطِينَ عِنْدَ اللهِ عَلَى مَنَابِرَ مِنْ نُورٍ، عَنْ يَمِينِ الرَّحْمَنِ عَزَّ وَجَلَّ، وَكِلْتَا يَدَيْهِ يَمِينٌ، الَّذِينَ يَعْدِلُونَ فِي حُكْمِهِمْ وَأَهْلِيهِمْ وَمَا وَلُوا». [صحيح] - [رواه مسلم]

(234) – अब्दुल्लाह बिन अम्र बिन आस (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "वास्तवमा, आफ्नो घरपरिवार, प्रजा र मातहतमा रहेकाहरूमाथी न्याय गर्ने न्यायाधीशहरू अल्लाहको दाहिने हाततिर उज्यालो मञ्चमा विराजमान हुनेछन् । उहाँका दुवै हातहरू दाहिने हुन् ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले आफ्नो घरपरिवार, प्रजा र मातहतमा रहेकाहरू माथी न्याय र सत्यताका साथ फैसला गर्छन्, उनीहरु न्यायको दिन प्रकाशबाट निर्माण गरिएका उच्च स्थानमा विराजमान हुनेछन् । यी स्थानहरू उनीहरूलाई सम्मान स्वरुप दिइनेछ । यी उच्च स्थानहरू दयालु अल्लाहको दाहिने तर्फ हुनेछन् । स्मरण रहोस, अल्लाहका दुवै हातहरू दाहिने छन् ।

## हदीसका केही फाइदाहरू:

1. न्यायको सद्गुण र न्याय गर्ने प्रेरणा ।
2. न्याय एक व्यापक शब्द हो, जसमा सबै प्रकारका शासन, मानिसहरू, पत्नी र छोराछोरीहरू बीच गरिएका निर्णयहरू आदि समावेश छन् ।
3. न्यायको दिनमा न्यायाधीशहरूको स्थानको विवरण ।
4. न्यायको दिनमा आस्थावानहरूले पाउने स्थानहरू कर्म अनुसार फरक हुनेछ ।
5. प्रेरणा विधि आह्वान गर्ने एक शैली हो, जसले श्रोता दर्शकलाई राम्रो काम गर्न प्रेरित गर्छ ।

(4935)

(235) – عن أبي سعيد الخدري رضي الله عنه أن رسول الله صلى الله عليه وسلم قال: «لَا ضَرَرَ وَلَا ضِرَارَ، مَنْ ضَارَّ ضَرَّهُ اللَّهُ، وَمَنْ شَاقَّ شَقَّ اللَّهُ عَلَيْهِ». [صحيح بشواهده] - [رواه الدارقطني]

(235) – अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "कसैलाई त्यत्तिकै हानि पुऱ्याउनु वा बदलामा हानि पुऱ्याउन अनुमति छैन । जसले कसैलाई हानि पुऱ्याउँछ, अल्लाहले उसलाई हानि पुऱ्याउनु हुन्छ र जसले अरूलाई दुःख दिन्छ, अल्लाहले उसलाई कष्ट दिनुहुनेछ ।" [शवाहिद (गवाहहरु) ले गर्दा सही हो] - [दार कुतनीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले कसैलाई पनि हानि नपुर्याउन आदेश दिनुभएको छ । त्यसैले नत आफुलाई यातना दिन पाइन्छ, नत अरुलाई दुःख दिन पाइन्छ । दुवै कुरा उत्तिकै अवैध हुन् ।

हानिको बदलामा हानि गर्न अनुमति छैन; किनकि हानिको क्षतिपूर्ति हानिको माध्यमबाट हुँदैन, किसास (प्रतिशोध) बाहेक अनुमति छैन, त्यो पनि अतिक्रमण नगरिकन ।

त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले जसले मानिसहरूलाई हानि पुऱ्याउँछ, उसले आफैलाई हानि गर्नेछ र जसले मानिसहरूलाई कठिनाइमा पार्छ, उसले आफैलाई कठिनाइहरू भोग्नेछ भनेर चेतावनी दिनुभयो ।

## हदीसका केही फाइदाहरू:

1. जति नोक्सानी भएको छ, त्यो भन्दा बढी बदला लिन पाइँदैन ।
2. अल्लाहले आफ्ना सेवकहरूलाई हानि पुऱ्याउने कुनै पनि काम गर्न आदेश दिनुभएको छैन ।
3. आफ्नो बोली वा कर्मबाट वा कुनै काम गरेर वा छोडेर कसैलाई हानि पुऱ्याउन अनुमति छैन, न त बदलामा हानि पुऱ्याउन अनुमति छ।
4. मानिसलाई उसको कर्म अनुसार बदला दिइन्छ । तसर्थ, जसले अरूलाई हानि पुऱ्याउँछ, अल्लाहले उसलाई हानि पुऱ्याउनु हुन्छ र जसले अरूलाई कष्टमा पार्छ, अल्लाहले उसलाई कष्टमा पार्नुहुन्छ ।
5. शरियतको एउटा सिद्धान्त छ "हानिको अनुमति छैन।" शरियतले हानिलाई स्वीकार गर्दैन, तर हानिको अन्त्य गर्दछ ।

(4711)

(236) – عَنْ أَبِي مُوسَى رضي الله عنه عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «إِنَّمَا مَثَلُ الْجَلِيسِ الصَّالِحِ وَالْجَلِيسِ السَّوْءِ كَحَامِلِ الْمِسْكِ وَنَافِخِ الْكِيرِ، فَحَامِلُ الْمِسْكِ: إِمَّا أَنْ يُحْذِيَكَ، وَإِمَّا أَنْ تَبْتَاعَ مِنْهُ، وَإِمَّا أَنْ تَجِدَ مِنْهُ رِيحًا طَيِّبَةً، وَنَافِخُ الْكِيرِ: إِمَّا أَنْ يُحْرِقَ ثِيَابَكَ، وَإِمَّا أَنْ تَجِدَ رِيحًا خَبِيثَةً». [صحيح] - [متفق عليه]

(236) – अबू-मूसा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "असल साथी र नराम्रो साथीको उदाहरण अत्तर बिक्रेता र आगोको भट्टीमा फुक्ने लोहार जस्तै हो । अत्तर बिक्रेताले तपाईंलाई अत्तर उपहार दिनेछ वा तपाईंले किन्नुहुन्छ वा (कम्तीमा) तपाईंलाई मिठो बासना आउँछ, जबकि भट्टीमा फुक्ने लोहारले तपाईंको लुगा जलाउनेछ वा (कम्तीमा) तपाईंलाई नराम्रो गन्ध आउनेछ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले दुई प्रकारका मानिसहरूको उदाहरण दिनुभएको छ :

पहिलो प्रकारः इमान्दार र धर्मी साथी, जसले अल्लाहको उपासना गर्न र उहाँलाई मनपर्ने कुराको मार्गदर्शन गर्दछ र असल काम गर्न मद्दत गर्दछ । यसको उदाहरण अत्तर बिक्रेता जस्तै हो । कि त उसले तपाईंलाई उपहार दिनेछ वा तपाईंले किन्नुहुन्छ वा कम्तीमा उसको मिठो बासनाले तपाईंको आत्मालाई सुगन्धित तुल्याउनेछ ।

दोस्रो प्रकारः नराम्रो र खराब मित्र; जसले अल्लाहको बाटोबाट रोक्छ, पाप काममा सहयोग गर्छ, हरेक नराम्रो काममा संलग्न हुन्छ र उसले गर्दा उसका सबै साथीहरु लज्जित हुन्छन् । यस्तो साथीको उदाहरण भट्टीमा फुक्ने लोहार जस्तै हो; त्यसबाट उडिरहेको झिल्काले तपाईंको लुगा जलाउनेछ वा भट्टीको दुर्गन्धले आत्मालाई दुर्गन्धित तुल्याउनेछ ।

## हदीसका केही फाइदाहरू:

1. श्रोताहरूलाई केही बुझाउनको लागि उदाहरण दिन अनुमति छ ।

2. असल र धर्मी मानिसहरूसँग संगत गर्न र भ्रष्ट तथा खराब नैतिकता भएका मानिसहरूबाट टाढा रहन प्रोत्साहन ।

(3127)

(237) – عن أبي هريرة رضي الله عنه: أَنَّ رَجُلًا قَالَ لِلنَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: أَوْصِنِي، قَالَ: «لَا تَغْضَبْ» فَرَدَّدَ مِرَارًا قَالَ: «لَا تَغْضَبْ». [صحيح] - [رواه البخاري]

(237) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, एक व्यक्तिले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट केही वसीयत (सल्लाह दिन) आग्रह गरे र उहाँले भन्नुभयो: "रिसाउनु हुँदैन ।" उनले यो प्रश्न बारम्बार दोहोऱ्याए तर उहाँले हरेक पटक रिसाउनु हुदैन भनिरहनुभयो । [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

एक जना सहाबा मध्ये ल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई केही लाभदायक कुरा बताउन आग्रह गरे र उहाँले रिसाउनु हुँदैन भन्नुभयो । अर्थात्, पहिले तपाईं रिस उठ्ने कुराबाट टाढा रहनुहोस् र यदि रिस उठ्यो भने आफूलाई नियन्त्रण गर्नुहोस् र क्रोधित भएको बेला हत्या, हिंसा र गालीगलौज इत्यादिबाट जोगिनुहोस् ।

उनले वसीयत गर्न बारम्बार दोहोऱ्याए तर उहाँले हरेक पटक रिसाउनु हुदैन भनिरहनुभयो ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा, रिस र क्रोधलाई निम्त्याउने चीजहरू विरुद्ध चेतावनी दिइएको छ । किनभने क्रोध सबै खराबीको जड हो र यसलाई टाढै राख्नु नै सबै भलाईको स्रोत हो ।

2. अल्लाहका लागि रिसाउनु, जस्तै निषेधित कार्यहरूको अवज्ञा गर्दा क्रोधित हुनु, एक प्रशंसनीय कुरा हो ।

3. आवश्यक परेमा कुरा दोहोऱ्याउनु पर्छ, ताकि श्रोताले राम्रोसँग बुझोस् र कुराको महत्त्व उसको दिमागमा बसोस् ।
4. विद्वान व्यक्तिसित वसीयत (सल्लाह) माग्नुको पुण्य ।

(4709)

(238) – عن أبي هريرة رضي الله عنه أن رسول الله صلى الله عليه وسلم قال: «لَيْسَ الشَّدِيدُ بِالصُّرَعَةِ، إِنَّمَا الشَّدِيدُ الَّذِي يَمْلِكُ نَفْسَهُ عِنْدَ الْغَضَبِ». [صحيح] - [متفق عليه]

(238) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "बलियो त्यो होइन, जसले कसैलाई पराजित गर्छ, बलियो त्यो हो जसले रिसको बेला आफूमाथि नियन्त्रण राख्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, वास्तविक बल शारीरिक बल होइन, न त कुस्तीमा अरूलाई हराउने व्यक्ति वास्तवमा बहादुर हो । वास्तविक बहादुर त्यो हो जसले क्रोधको समयमा आफूसँग लड्छ र विजयी हुन्छ । किनभने यो आफैलाई नियन्त्रणमा राख्ने र शैतानलाई पराजित गर्ने प्रमाण हो ।

## हदीसका केही फाइदाहरू:

1. क्रोधको समयमा संयम हुनु र आफूलाई नियन्त्रण गर्नु भनेको इस्लामले प्रेरित गरेको पुण्य का कर्महरू मध्ये एक हो ।
2. रिसाएको बेला आफुसँग लड्नु शत्रुसँग लड्नु भन्दा गाह्रो हुन्छ ।
3. इस्लामले इस्लाम पूर्व शक्तिको अवधारणालाई उच्च नैतिकतामा परिवर्तन गरेको छ । इस्लामको नजरमा, सबैभन्दा शक्तिशाली व्यक्ति त्यो हो जसले आफैमाथि नियन्त्रण राख्छ ।

4. क्रोधबाट टाढा रहनुपर्छ, किनकि यो व्यक्ति र समाज दुवैका लागि हानिकारक हो ।

(5351)

(239) – عَنْ عَبْدِ اللَّهِ بْنِ عَمْرٍو رضي الله عنهما قال: قال رَسولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «أَرْبَعٌ مَنْ كُنَّ فِيهِ كَانَ مُنَافِقًا خَالِصًا، وَمَنْ كَانَتْ فِيهِ خَلَّةٌ مِنْهُنَّ كَانَتْ فِيهِ خَلَّةٌ مِنْ نِفَاقٍ حَتَّى يَدَعَهَا: إِذَا حَدَّثَ كَذَبَ، وَإِذَا عَاهَدَ غَدَرَ، وَإِذَا وَعَدَ أَخْلَفَ، وَإِذَا خَاصَمَ فَجَرَ». [صحيح] - [متفق عليه]

(239) – अब्दुल्लाह बिन अम्र (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसमा चारवटा लक्षणहरू छन्, त्यो शुद्ध मुनाफिक (पाखण्डी) हो र जसमा तीमध्ये एउटा छ, त्यसलाई नछोडेसम्म उसमा पाखण्डको एउटा लक्षण छ: जब ऊ बोल्छ झुट बोल्छ, जब उसले सम्झौता गर्छ, धोका दिन्छ, जब उसले वाचा गर्छ, तोड्छ र जब ऊ झगडा गर्छ गालीगलौज गर्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

**व्याख्या:**

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले चार लक्षणहरू विरुद्ध चेतावनी दिनुभएको छ । यदि ती लक्षणहरू कुनै मुस्लिममा भयो भने ऊ धेरै हदसम्म पाखण्हडीरू जस्तै हुन्छ । हामी यहाँ ती व्यक्तिको बारेमा कुरा गर्दैछौं जसको व्यक्तित्वमा यी गुणहरू हावी हुन्छन् । यदि कसैमा कहिलेकाहीं यी गुणहरू हुन्छन् भने त्यो यसमा समावेश छैन, ती निम्न हुन् :

पहिलो: जब ऊ बोल्छ, जानाजानी झूट बोल्छ र उसको बोलीमा सत्यता हुँदैन ।

दोस्रो : जब उसले सम्झौता गर्छ, त्यो पूरा गर्दैन र अर्को पक्षलाई धोका दिन्छ ।

तेस्रो : जब उसले वाचा गर्छ, पूरा गर्दैन अनि तोड्छ ।

चौथो: यदि उसले कसैसँग झगडा गर्छ भने उसको झगडा गम्भीर हुन्छ, ऊ सत्यबाट विचलित हुन्छ र सत्यलाई झुठो प्रमाणित गर्न झूट बोल्छ ।

निफाक (कपट) भनेको भित्रीरुपमा विपरीत कुरा लुकाएर बाहिर अर्को कुरा देखाउनु हो, र यी विशेषताहरू भएको व्यक्तिमा यो गुण पाइन्छ। उसका झूट, वाचा, विश्वासघात, झगडा, र सम्झौताहरूमा निहित नाफकियत उनीसँग सम्बन्ध राख्नेहरूलाई असर गर्छ, इस्लामप्रति नाफकियत राख्ने अर्थमा होइन, जसले बाहिर इस्लाम देखाउँछ र भित्र कुफ्र लुकाउँछ। जसमा यी विशेषताहरूको कुनै एक गुण हुन्छ, त्यो व्यक्ति कपटको विशेषता बोकेर बसेको हुन्छ, जबसम्म ऊ यसलाई परित्याग गर्दैन।

## हदीसका केही फाइदाहरू:

1. निफाक (कपट) का केही लक्षणहरूको विवरण, त्यसमा पर्न विरुद्ध चेतावनी ।
2. "यस हदीसको उद्देश्य यो हो कि यी विशेषताहरू नफाक (कपट) को विशेषताहरू हुन्, र जसमा यी पाइन्छन्, त्यो व्यक्ति यिनै गुणमा नफाकीहरूसँग मिल्दोजुल्दो हुन्छ र उनीहरूको चरित्र अपनाउनेजस्तो देखिन्छ। तर यसले उनलाई यस्तो मुनाफिक बनाउँदैन जसले बाहिर इस्लाम देखाएर भित्र कुफ्र लुकाउँछ। भनिएको छ कि यो तिनीहरूका लागि हो, जसमा यी विशेषताहरू हाबी हुन्छन्, तिनीहरूलाई बेवास्ता गर्छन् र हल्का ठान्छन्; किनकि जो यस्तो अवस्थामा हुन्छ, उसले प्रायः कमजोर विश्वास राख्ने प्रवृत्ति राख्छ।"
3. गजालीले भने: धर्मको सार तीनवटा कुराहरूमा सीमित छ: वचन, कर्म र नियत । त्यसैले झुटले वचनको भ्रष्टता, विश्वासघातले कर्मको भ्रष्टता र
4. वाचा तोडेर नियतको भ्रष्टाचार हुने औंल्याए । किनभने वाचा तोड्ने मनसाय नभएसम्म त्यसमा केही खराबी छैन, जस्तैः पुरा गर्ने उसको दृढ नियत थियो, तर कुनै कुराले बाधा पुऱ्यायो वा उसको मनमा अर्को कुरा आयो भने, उसको तर्फबाट कुनै प्रकारको कपट हुँदैन ।

5. निफाक (कपट वा पाखण्ड) दुई प्रकारका हुन्छन्: ईमानमा कपट : बाहिर आफू मुस्लिम भएको नाटक गर्ने अनि भित्र कुफ्र लुकाउने र यसले मानिसलाई इस्लामको दायराबाट खारेज गर्छ । अमल (कर्म) मा कपट, जसले आफ्नो नैतिकतामा कपटीहरूको नक्कल गर्दछ र यसले इस्लामको दायराबाट खारेज गर्दैन, तर यो ठूलो पाप हो ।
6. इब्न हजरले भने: "विद्वानहरूले एकमत गरेका छन् कि जसले आफ्नो हृदय र जिब्रो दुवैबाट इस्लामको पुष्टि गरेको छ र यी विशेषताहरू प्रदर्शन गर्छ, उसलाई कुफ्रको दोष लगाइँदैन, न त ऊ सदाका लागि नरकमा रहिरहने मुनाफिक (कपटी) हो।"
7. नववीले भने: विद्वानहरूको एक समूहले भने: यसको मतलब ती पाखण्डीहरू हुन्, जो नबी (सल्लल्लाहु अलैहि वसल्लम) को समयमा थिए । तिनीहरूले ईमान ल्याए तर झूट बोले, तिनीहरूलाई धर्म र अमानत (नासो) सुम्पियो, तर तिनीहरूले धोका दिए, तिनीहरूले धर्म र यसको मद्दत गर्ने वाचा गरे, तर तिनीहरूले विश्वासघात गरे र तिनीहरूले झगडा गर्दा गालीगलौज गरे ।

(65124)

(240) – عَنْ عَبْدِ اللهِ بْنِ مَسْعُودٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ:
«لَيْسَ الْمُؤْمِنُ بِالطَّعَّانِ وَلاَ اللَّعَّانِ وَلاَ الفَاحِشِ وَلاَ البَذِيءِ». [صحيح] - [رواه الترمذي]

(240) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मुमिन (आस्थावान) निन्दा गर्ने, श्राप दिने, बेहया (निर्लज्ज) र अश्लील व्यक्ति होइनन् ।" [सही] - [तिर्मीजीले वर्णन गरेका छन्]

## व्याख्याः

मानिसहरूको वंश र पुर्खाको बारेमा गलत कुरा गर्ने, गालीगलौज गर्ने, श्राप दिने, आफ्नो बोली र व्यवहारमा निर्लज्जता र अश्लीलता झल्काउने पूर्ण मुमिनको पहिचान होइन भनेर नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ ।

## हदीसका केही फाइदाहरूः

1. इस्लामिक विधानमा हराम (निषेधित) कार्य गर्न वा वाजिब (अनिवार्य) लाई बेवास्ता गरेकोमा केवल इमान बर्बाद हुन्छ भनी भनिएको छ ।
2. अंगहरूलाई सुरक्षित राख्न र तिनलाई दुर्व्यवहारबाट जोगाउन प्रेरित गरिएको छ, विशेष गरी जिब्रो (भाषा) को हकमा।
3. सिन्धीले भने: हदीसमा "अति गालीगलौज र श्राप दिने" शब्द प्रयोग गरिएकोले केही योग्य व्यक्तिहरूलाई सामान्य सराप्दा त्यो अन्तर्गत पर्दैन भन्ने तर्क हो ।

(65869)

(241) – عن عبد الله بن عمر رضي الله عنهما قال: سَمِعَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ رَجُلًا يَعِظُ أَخَاهُ فِي الْحَيَاءِ، فَقَالَ: «الْحَيَاءُ مِنَ الْإِيمَانِ». [صحيح] - [متفق عليه]

(241) – अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले, एक व्यक्तिले आफ्नो भाइलाई 'हया' लाजको बारेमा उपदेश दिरहेको सुने, त्यसैले उहाँले भन्नुभयो: "हया (लाज) ईमानको एक भाग हो ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले एक व्यक्तिले आफ्नो भाइलाई धेरै लाज नमान्ने सल्लाह दिइरहेको सुन्नुभयो, त्यसैले उहाँले लाज ईमानको एक अंश हो र यो व्यक्तिको लागि राम्रो हो भनी स्पष्ट पार्नुभयो ।

हया (लाज) एक गुण हो, जसले व्यक्तिलाई राम्रो काम गर्न र खराब कामहरूबाट टाढा रहन प्रेरित गर्छ ।

## हदीसका केही फाइदाहरू:

1. राम्रो काम गर्नबाट रोक्ने स्वभावलाई लाज नभई लाचारी, कमजोरी र कायरता भनिन्छ ।
2. अल्लाहप्रति हया भनेको उहाँको आदेशहरूको पालना गर्नु र उहाँले निषेध गर्नुभएको कुरालाई त्याग्नु हो ।
3. मानिसहरुप्रति हया भनेको उनीहरुको सम्मान गर्नु, उनीहरुलाई उचित स्थान दिनु र सामान्यतया खराब मानिने कुराहरूबाट टाढा रहनु हो ।

(5478)

(242) – عن المِقدام بن معدي كرب رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «إِذَا أَحَبَّ الرَّجُلُ أَخَاهُ فَلْيُخْبِرْهُ أَنَّهُ يُحِبُّهُ». [صحيح] - [ رواه أبو داود والترمذي والنسائي في السنن الكبرى وأحمد]

(242) – मिकदाम बिन माअ्दिकरिब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "यदि कुनै मानिसले आफ्नो भाइसँग माया गर्दछ भने, उसले बताओस् कि ऊ सँग माया गर्दछ" । [सही] - [अबू दाउद र तिर्मीजीले तथा निसाईले सुनन कुब्रामा र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आस्थावानहरू बीचको सम्बन्धलाई बलियो बनाउन र तिनीहरू भित्र आपसी प्रेमको वातावरण सिर्जना गर्न एउटा कारण उल्लेख गर्नुभएको छ । त्यो के हो कि जब कोही व्यक्तिले कसैलाई माया गर्छ भने उसले उसलाई माया गर्छ भनेर बताउनुपर्छ ।

## हदीसका केही फाइदाहरू:

1. बिना कुनै सांसारिक स्वार्थ अल्लाहको लागि गरिएको शुद्ध प्रेमको श्रेष्ठटा ।
2. अल्लाहको लागि कुनै व्यक्तिसँग गरिएको माया बारे उसलाई बताउनु राम्रो कुरा हो, त्यस्ले प्रेम अझ प्रगाढ र बलियो हुनेछ ।
3. मुस्लिम हरु बीच आपसी प्रेम प्रवर्द्धनले इस्लामिक भाइचारालाई बलियो बनाउँछ र समाजलाई विघटित हुनबाट बचाउँछ ।

(3017)

(243) – عن جابر بن عبد الله رضي الله عنهما عن النبي صلى الله عليه وسلم قال: «كُلُّ مَعْرُوفٍ صَدَقَةٌ». [صحيح] - [رواه البخاري من حديث جابر، ورواه مسلم من حديث حذيفة]

(243) – जाबिर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "हर भलाइ र उपकार दान हो ।" [सही] - [बुखारीले जाबिरको हदीसबाट र मुस्लिमले हजैफहको हदीसबाट वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, अरूलाई फाइदा पुऱ्याउने हरेक प्रकारको उपकार र प्रयास, चाहे त्यो वचनले होस् वा गरेर होस्, त्यो दान हो र यसमा पुण्य छ ।

## हदीसका केही फाइदाहरू:

1. सदका भनेको कुनै व्यक्तिले आफ्नो पैसाबाट दिएको कुरामा मात्र सीमित होइन, बरु व्यक्तिले अरुलाई गरेको वा बोलेको हरेक राम्रो कुरा र लाभ परोपकारको दायराभित्र आउँछ ।
2. यस हदीसमा, पुण्य कर्म र अरूलाई फाइदा हुने काम गर्न प्रेरणा दिइएको छ ।
3. कुनै पनि पुण्य कर्मलाई सानो भए पनि तुच्छ ठान्नु हुँदैन ।

(5346)

(244) – عَنْ أَبِي هُرَيْرَةَ رَضِيَ اللَّهُ عَنْهُ قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**كُلُّ سُلَامَى مِنَ النَّاسِ عَلَيْهِ صَدَقَةٌ، كُلَّ يَوْمٍ تَطْلُعُ فِيهِ الشَّمْسُ يَعْدِلُ بَيْنَ الِاثْنَيْنِ صَدَقَةٌ، وَيُعِينُ الرَّجُلَ عَلَى دَابَّتِهِ فَيَحْمِلُ عَلَيْهَا أَوْ يَرْفَعُ عَلَيْهَا مَتَاعَهُ صَدَقَةٌ، وَالكَلِمَةُ الطَّيِّبَةُ صَدَقَةٌ، وَكُلُّ خُطْوَةٍ يَخْطُوهَا إِلَى الصَّلَاةِ صَدَقَةٌ، وَيُمِيطُ الأَذَى عَنِ الطَّرِيقِ صَدَقَةٌ**». [صحيح] - [متفق عليه]

(244) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मानिसको शरीरको हरेक जोर्नीमा एक प्रकारको दानको हक लाग्छ। प्रत्येक दिन, जब सूर्य उदाउँछ, दुई जनाबीच न्याय गर्नुले दानको रूपमा गनिन्छ। कुनै मानिसलाई उसको सवारीमा चढ्न मद्दत गर्नु, या उसलाई सामान उठाएर राख्न सहयोग गर्नु पनि दान हो। राम्रो शब्द बोल्नु दान हो। नमाजतर्फ उठाइएको हरेक पाइला दान हो। अनि बाटोबाट हानिकारक चीज हटाउनु पनि दान हो।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले व्याख्या गर्नुभएको छ, प्रत्येक मुस्लिमले प्रत्येक दिन आफ्नो हड्डीको हरेक जोर्नीप्रति अल्लाहले गर्नुभएको उपकार र कल्याणका लागि धन्यवाद दिनुपर्छ । उहाँले मानिसको हड्डीमा जोर्नीहरू बनाउनुभएको छ, जसले गर्दा ऊ त्यसलाई संकुचित गर्न र फैलाउन सक्षम छ । सद्का (दान) सबै असल कामहरूद्वारा गरिन्छ, त्यो पैसामा मात्र निर्भर छैन, जस्तैः दुई झगडा गर्नेहरू बीच न्याय र मेलमिलाप गर्नु सदका हो । आफ्नो जनावर (सवारी) माथि बस्न नसक्नेलाई सवारीमाथि चढाउन मद्दत गर्नु वा सामान लाद्न सहयोग गर्नु सदका हो । जिक्र, दुआ र सलाम जस्ता राम्रा कुरा सदका हो । नमाज पढ्न तपाईंले चाल्नु भएको प्रत्येक पाइला सदका हो । बाटोघाटोबाट हानिकारक चीजहरू हटाउनु सदका हो ।

## हदीसका केही फाइदाहरू:

1. मानव हड्डीहरूको संरचना र अखण्डता अल्लाहको सबैभन्दा ठूलो वरदान हो, त्यसैले प्रत्येक हड्डीप्रति दान दिन आवश्यक छ, ताकि उहाँको आशीर्वादको हक अदा गर्न सकियोस् ।
2. यी आशिषहरूको निरन्तरताका लागि हरेक दिन कृतज्ञता नवीकरण गर्न प्रोत्साहन ।
3. हरेक दिन नफल (अतिरिक्त नमाज) पढ्न र स्वैच्छिक दान दिन प्रोत्साहन ।
4. मानिसहरू माझ न्याय र मेलमिलाप गर्नुको सद्‌गुण ।
5. एक व्यक्तिलाई आफ्नो भाइलाई मद्दत गर्न आग्रह; किनभने उसलाई सहयोग गर्नु सद्‌का हो ।
6. मस्जिदहरूमा जमातका साथ नमाज पढ्न पाइला चाल्न प्रोत्साहित ।
7. मुस्लिमहरूको बाटोलाई सम्मान गर्न आवश्यक छ, त्यसैले उनीहरूलाई हानि पुऱ्याउने कुनै पनि कुरा बाटोमा फाल्नु हुँदैन ।

(4568)

(245) – عَنْ أَبِي بَرْزَةَ الأَسْلَمِيِّ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «لَا تَزُولُ قَدَمَا عَبْدٍ يَوْمَ القِيَامَةِ حَتَّى يُسْأَلَ عَنْ عُمُرِهِ فِيمَا أَفْنَاهُ، وَعَنْ عِلْمِهِ فِيمَ فَعَلَ، وَعَنْ مَالِهِ مِنْ أَيْنَ اكْتَسَبَهُ وَفِيمَ أَنْفَقَهُ، وَعَنْ جِسْمِهِ فِيمَ أَبْلَاهُ». [صحيح] - [رواه الترمذي]

(245) – अबू-बर्जह अल्-अस्लमी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : “कयामतको दिन कुनै पनि व्यक्तिको खुट्टा तबसम्म हल्लिने पनि छैनन् जबसम्म उसलाई उसको उमेरको बारेमा सोधिने छैन, उसले आफ्नो जीवन कसरी बितायो र के मा खर्च गर्यो - उसको ज्ञानको बारेमा सोधिने छैन, उसले ज्ञान अनुसार अमल गर्यो कि गरेन - उसको सम्पत्तिको बारेमा सोधिने छ, उसले कहाँबाट कमायो र कहाँ खर्च गर्यो - उसको शरीरको बारेमा सोधिने छैन, उसले आफ्नो यौवनलाई कहाँ खर्च गर्यो ।” [सही] - [तिर्मीजीले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, कयामतको दिन, कुनै पनि व्यक्तिले हिसाबकिताबको मैदानबाट स्वर्ग वा नरकमा जानेछैन जबसम्म उसलाई यी कुराहररूको बारेमा सोधिन्न:

पहिलो: उसको उमेरको बारेमा, उसले आफ्नो जीवन कसरी बितायो र के मा खर्च गर्यो ?

दोस्रो: उसको ज्ञानको बारेमा, उसले अल्लाहको लागि ज्ञान सिकेको हो? के उसले ज्ञान अनुसार अमल गर्यो र त्यसलाई अरुसम्म पुर्यायो ?

तेस्रो: उसको सम्पत्तिको बारेमा, उसले कमाएको पैसा हलाल हो कि हराम? अनि उसले केमा खर्च गर्यो, अल्लाहलाई मन पर्ने कुरामा वा मन नपर्ने कुरामा ?

चौथो: उसको शरीरको बारेमा, उसले आफ्नो शक्ति, स्वास्थ्य र यौवनलाई कसरी प्रयोग गर्यो?

## हदीसका केही फाइदाहरू:

1. अल्लाहलाई प्रसन्न तुल्याउने तरिकामा जीवन बिताउने आग्रह ।

2. अल्लाहले आफ्ना भक्तहरूलाई अनगिनत वरदानहरू दिनुभएको छ र उहाँले त्यसको बारेमा सोध्नुहुनेछ । त्यसैले अल्लाहलाई प्रसन्न तुल्याउने कामहरु गर्नुपर्छ ।

(4950)

(246) – عَنْ أَبِي هُرَيْرَةَ قَالَ: قَالَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «السَّاعِي عَلَى الأَرْمَلَةِ وَالمِسْكِينِ، كَالْمُجَاهِدِ فِي سَبِيلِ اللَّهِ، أَوِ القَائِمِ اللَّيْلَ الصَّائِمِ النَّهَارَ». [صحيح] - [متفق عليه]

(246) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : “विधुवा, एकल महिला, गरीब र दीन-दु:खीहरूको हेरचाह र सेवा गर्ने व्यक्ति जिहाद (धर्म युद्ध) गर्ने वा दिउँसो ब्रत बस्ने र राती सलाह पढ्ने व्यक्ति सरह हो ।” [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले एक महिलाको हितको ख्याल राख्छ, जसको पतिको मृत्यु भएको छ र उसको हेरचाह गर्ने कोही छैन; त्यसैगरी गरीब र दीन-दु:खीहरूको मद्दत र पालनपोषण गर्दछ, अल्लाहले उसलाई जिहाद (धर्म युद्ध) गर्ने वा नथकिएर तहज्जुदको नमाज पढ्ने र लगातार उपवास बस्ने व्यक्ति सरह पुण्य दिनुहुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. आपसी सहयोग, एकअर्कालाई मद्दत र कमजोरहरूको आवश्यकताहरू पूरा गर्न प्रोत्साहन ।
2. हरेक असल कार्यलाई उपासनामा समावेश गरिन्छ । विधवा र गरिबलाई सहयोग गर्नु पनि उपासना हो ।
3. इब्न-ए-हुबैरा भन्छन्: यसको अर्थ भनेको अल्लाहले उसलाई एक साथ उपवास बस्ने, तहज्जुद पढ्ने र अल्लाहको मार्गमा युद्ध गर्ने व्यक्ति बराबर

पुरस्कृत गर्नुहुन्छ; किनभने उनले पति जस्तै विधवाहरूको हेरचाह गरे, आफूमाथि खर्च गर्न नसक्ने गरिबहरूमा आफ्नो अतिरिक्त सम्पत्ति खर्च गरे र आफ्नो श्रम दान गरे, त्यसैले उनको नेकी रोजा, तहज्जुद र अल्लाहको मार्गमा युद्ध गर्ने व्यक्ति बराबर हुन्छ ।

(3135)

(247) – عن أبي هريرة رضي الله عنه عن رسول الله صلى الله عليه وسلم قال: «مَنْ كَانَ يُؤْمِنُ بِاللهِ وَالْيَوْمِ الْآخِرِ فَلْيَقُلْ خَيْرًا أَوْ لِيَصْمُتْ، وَمَنْ كَانَ يُؤْمِنُ بِاللهِ وَالْيَوْمِ الْآخِرِ فَلْيُكْرِمْ جَارَهُ، وَمَنْ كَانَ يُؤْمِنُ بِاللهِ وَالْيَوْمِ الْآخِرِ فَلْيُكْرِمْ ضَيْفَهُ». [صحيح] - [متفق عليه]

(247) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "जो अल्लाह र अन्तिम दिनमा विश्वास गर्दछ, उसले राम्रो बोलोस् वा मौन बसोस्, जसले अल्लाह र अन्तिम दिनमा विश्वास गर्दछ, उसले आफ्नो छिमेकीको सम्मान गरोस् र जसले अल्लाह र अन्तिम दिनमा विश्वास गर्दछ उसले आफ्नो अतिथिको सम्मान गरोस् ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुहुन्छ, अल्लाह र अन्तिम दिन; जो सबैको गन्तव्य हो र जहाँ सबैले आफ्नो कर्मको प्रतिफल पाउनेछन्, मा आस्था राख्ने व्यक्तिलाई उसको विश्वासले निम्न कुराहरू गर्न प्रेरित गर्दछ :

१- राम्रो कुरा गर्नु : जस्तै सुब्हानल्लाह, अल्हमदु लिल्लाह र ला इलाहा इल्लाल्लाह जस्ता अज्कार पढ्नु, राम्रो कुराको आदेश दिनु, नराम्रो कुराबाट रोक्नु र मानिसहरू बीच शान्ति स्थापना गर्नु । यदि त्यसो गर्न सक्दैन भने चुपचाप बस्नु, आफ्नो जिब्रोले कसैलाई चोट नपुर्याउनु र आफ्नो जिब्रोको रक्षा गर्नुपर्छ ।

२- छिमेकीलाई सम्मान गर्नु : अर्थात् उसको साथ राम्रो व्यवहार गर्नु र उसलाई दुःख नदिनु ।

३- भेट्न आउने पाहुनालाई स्वागत गर्नु : अर्थात् उहाँसँग राम्रोसँग कुरा गर्नु र खानपिन गराउनु आदि ।

## हदीसका केही फाइदाहरू:

1. अल्लाह र अन्तिम दिनमा आस्था नै सबै भलाइको आधार हो र यसले पुण्य कर्म गर्न प्रेरित गर्छ ।
2. यसमा मानिसलाई जिब्रोका खतरासँग चेतावनी दिइएको छ ।
3. इस्लाम प्रेम र सम्मानको धर्म हो ।
4. यी तीन कार्यहरू वास्तवमा ईमान र प्रशंसनीय आचरणका विशेषताहरू हुन् ।
5. धेरै कुरा गर्दा कहिलेकाहीँ मकरुह (अप्रिय) र हरामसम्म पुग्छ, त्यसैले राम्रो बोल्नु पर्ने बेला मात्र बोल्नु नत चुप बस्नु राम्रो हुन्छ ।

(5437)

(248) – عن أبي ذر رضي الله عنه قال: قال لي النبي صلى الله عليه وسلم: «لَا تَحْقِرَنَّ مِنَ الْمَعْرُوفِ شَيْئًا، وَلَوْ أَنْ تَلْقَى أَخَاكَ بِوَجْهٍ طَلْقٍ». [صحيح] - [رواه مسلم]

(248) – अबू-जर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "कुनै पनि राम्रो कामलाई कहिले पनि तुच्छ नठान्नु, चाहे त्यो आफ्नो भाइलाई मुसुक्क हाँसेर भेट्नु हो ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले पुण्य कर्म गर्न र थोरै वा सानो भए पनि राम्रो कामलाई तुच्छ ठान्नु हुँदैन भनेर प्रोत्साहन दिनुभयो, जस्तैः भेट्दा

मुस्कुराउनु । तसर्थ, प्रत्येक मुस्लिमले यसमा ध्यान दिनुपर्छ, किनभने यसले प्रेमको भावना र खुशी सृजना गर्छ ।

## हदीसका केही फाइदाहरू:

1. मुस्लिमहरूको बीच आपसी प्रेम र भेट हुँदा मुस्कुराउने महत्व ।
2. इस्लामी शरीयत एक पूर्ण र व्यापक शरीयत हो । जसमा मुस्लिमहरूको कल्याण, एकता र सद्भाव कायम राख्ने सबै चीजहरू समावेश छन् ।
3. थोरै भए पनि राम्रो काम गर्न प्रोत्साहन ।
4. मुस्लिमहरूको हृदयमा खुशी छर्नु मुस्तहब (अच्छा) हो, किनभने यसले आपसी प्रेम सिर्जना गर्छ ।

(5348)

(249) – عَنْ عَبْدِ اللهِ بنِ مَسعُودٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «عَلَيْكُمْ بِالصِّدْقِ، فَإِنَّ الصِّدْقَ يَهْدِي إِلَى الْبِرِّ، وَإِنَّ الْبِرَّ يَهْدِي إِلَى الْجَنَّةِ، وَمَا يَزَالُ الرَّجُلُ يَصْدُقُ وَيَتَحَرَّى الصِّدْقَ حَتَّى يُكْتَبَ عِنْدَ اللهِ صِدِّيقًا، وَإِيَّاكُمْ وَالْكَذِبَ، فَإِنَّ الْكَذِبَ يَهْدِي إِلَى الْفُجُورِ، وَإِنَّ الْفُجُورَ يَهْدِي إِلَى النَّارِ، وَمَا يَزَالُ الرَّجُلُ يَكْذِبُ وَيَتَحَرَّى الْكَذِبَ حَتَّى يُكْتَبَ عِنْدَ اللهِ كَذَّابًا». [صحيح] - [متفق عليه]

(249) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरूले सत्य बोल्नु पर्छ, किनकि सत्यले धर्मको बाटो देखाउँछ र धार्मिकताले पक्कै स्वर्गमा पुऱ्याउँछ । मानिस सधैं सत्य बोल्छ र सत्यको खोजीमा रहन्छ, यहाँसम्म ऊ अल्लाहको नजिक सिद्दीक (सत्यवान) लेखिन्छ । तिमीहरू झूट बोल्नबाट जोगिनुपर्छ, किनकि झूटले पापको बाटो देखाउँछ र पापले नरकमा लैजान्छ । मानिस सधैं झूट बोल्छ र झूटको खोजीमा रहन्छ, यहाँसम्म ऊ अल्लाहको नजिक झूठो घोषित गरिन्छ । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सत्य बोल्न आदेश दिनुभएको छ; किनकि सत्यले असल कर्मको बाटो देखाउँछ र धार्मिकताले असल काममा अडिग रहने व्यक्तिलाई स्वर्गमा पुऱ्याउँछ भनी उहाँले बताउनुभयो । मानिस वाह्य तथा आन्तरिक रूपमा सधैं सत्यवान र इमानदार रहिरहन्छ, यहाँसम्म उ 'सिद्दीक' को उपनाम पाउँछ; सिद्दीक भनेको इमानदारीको उच्च स्थान हो । त्यसपछि उहाँले झूट र झूट बोल्ने विरुद्ध चेतावनी दिनुभयो; किनभने यसले मानिसलाई निष्ठाबाट टाढा लैजान्छ, दुष्टता, भ्रष्टाचार र पाप गर्न उत्प्रेरित गर्छ र त्यसपछि नरकमा लैजान्छ । मानिस अझै धेरै झूट बोल्छ, यहाँसम्म ऊ अल्लाहको नजिक झूठो घोषित गरिन्छ ।

## हदीसका केही फाइदाहरू:

1. सत्यता र इमानदारीता एक उत्कृष्ट चरित्र हो जुन प्रयासबाट प्राप्त हुन्छ । मानिस सधैं सत्य बोल्छ र सत्यको खोजीमा रहन्छ, यहाँसम्म इमानदारी उसको लागि एक प्राकृतिक गुण बन्दछ र अल्लाहको नजिक सिद्दीक (सत्यवान) लेखिन्छ ।
2. झूट बोल्नु एक निन्दनीय चरित्र हो जुन अपराधीले लामो अभ्यास र गलत व्यवहारबाट प्राप्त गर्दछ, यहाँसम्म यो उसको लागि एक प्राकृतिक र सामान्य गुण बन्दछ र अल्लाहको नजिक ऊ झूठो घोषित गरिन्छ ।
3. इमानदारी भन्नाले जिब्रोको इमानदारीलाई बुझाउँछ, जुन झूटको विपरीत हो । नियतमा इमानदारी भनेको निष्ठा र मात्र अल्लाहको लागि गर्नु हो । इरादाको इमानदारी भनेको पुण्य कर्मको नियत गर्नु र आफ्नो काममा इमानदार हुनु हो र कमसेकम मानिसको भित्र र बाहिर दुवै समान हुनुपर्छ र डर, आशा र अन्य मामिलाहरूमा इमानदार हुनुपर्छ । जसमा यी विशेषताहरू छन् भने ऊ सिद्दीक (सत्यवान) हो र यसका केही अंश मात्र हो भने ऊ सादिक (इमानदार) हो ।

(5504)

(250) – عن جرير بن عبد الله رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «مَنْ لَا يَرْحَمِ النَّاسَ لَا يَرْحَمْهُ اللهُ عَزَّ وَجَلَّ». [صحيح] - [متفق عليه]

(250) – जरीर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : " जसले मानिसहरूप्रति दया गर्दैन, अल्लाहले उप्रति दया गर्नुहुन्न ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले मानिसहरूलाई दया नदेखाउनेलाई अल्लाहले दया देखाउँदैनन् भनेर बताउँदै हुनुहुन्छ । यसरी हेर्दा अल्लाहका प्राणीहरूप्रति दया देखाउनु अल्लाहको कृपा प्राप्त गर्ने ठूलो माध्यम हो ।

## हदीसका केही फाइदाहरू:

1. दया सबै प्राणीहरूको लागि आवश्यक छ, तर विशेष रूपमा मानिसहरूको उल्लेख गरेर तिनीहरूको प्रति विशेष ध्यान दिइएको छ।
2. अल्लाह परम दयालु हुनुहुन्छ र आफ्ना दयालु सेवकहरूमाथि दया गर्नुहुन्छ । किनभने बदला उसैका कर्मको अनुसार दिइन्छ ।
3. मानिसहरूप्रति दयालु हुनु भनेको उनीहरूको लागि राम्रो गर्नु हो, उनीहरूलाई शर (बुराइ) बाट बचाउनु र उनीहरूसँग राम्रो व्यवहार गर्नु पनि समावेश छन् ।

(5439)

(251) – عن عبد الله بن عمرو رضي الله عنهما أن النبي صلى الله عليه وسلم قال: «الرَّاحِمُونَ يَرْحَمُهمُ الرَّحمنُ، ارحَمُوا أهلَ الأرضِ يَرْحَمْكُم مَن في السّماء». [صحيح] - [ رواه أبو داود والترمذي وأحمد]

(251) – अब्दुल्लाह बिन अम्र बिन आस् (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "दया देखाउनेहरूमाथि रहमान (अल्लाह) ले दया गर्नुहुन्छ । पृथ्वीका जीवहरूमाथि दया गर, आकाशमा हुनेले तिमीहरूमाथि दया गर्नुहुनेछ ।" [सही] - [अबू दाउद, तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले बयान गर्नु भएको छ, जो अरूमाथि दया गर्छन्, परम दयालु अल्लाहले उनीहरूमाथि दया गर्नुहुन्छ, जसको कृपाले सबै चीजहरूलाई समेटेको छ; वास्तवमा यो पूर्ण बदला हो ।

त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले यस पृथ्वीमा बस्ने सबै चीजहरू जस्तै मानव, जनावर र पक्षीहरूमाथि दया गर्न आदेश दिनुभयो । यसको बदलामा अल्लाहले तपाईहरूमाथि आकाशबाट दया गर्नुहुनेछ ।

## हदीसका केही फाइदाहरू:

1. इस्लाम दयाको धर्म हो । जुन पूर्णतया अल्लाहको आज्ञाकारिता र सृष्टिप्रति दया र राम्रो व्यवहारमा आधारित छ ।
2. दया, अल्लाहको महत्वपूर्ण विशेषता हो । उहाँ परम दयालु र अत्यन्त कृपालु हुनुहुन्छ । उहाँ आफ्ना सेवकहरूसँग दयालु व्यवहार गर्नुहुन्छ ।
3. मानिसलाई उसको कर्म अनुसारको इनाम दिइन्छ । त्यसैले दया देखाउनेहरूलाई दयालु अल्लाहले दया गर्नुहुन्छ ।

(8289)

(252) – عَنْ عَبْدِ اللَّهِ بْنِ عَمْرٍو رَضِيَ اللَّهُ عَنْهُمَا عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «المُسْلِمُ مَنْ سَلِمَ المُسْلِمُونَ مِنْ لِسَانِهِ وَيَدِهِ، وَالمُهَاجِرُ مَنْ هَجَرَ مَا نَهَى اللَّهُ عَنْهُ». [صحيح] - [متفق عليه]

(252) – अब्दुल्लाह बिन अम्र (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मुस्लिम त्यो हो जसको जिब्रो र हातबाट मुस्लिमहरू सुरक्षित छन् र मुहाजिर त्यो हो जसले अल्लाहले निषेध गर्नुभएको कुरालाई त्याग्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, पूर्ण मुस्लिम त्यो हो जसको जिब्रोले मुस्लिमहरू सुरक्षित रहन्छन् । तसर्थ, उसले नत उनीहरूलाई गाली गर्छ, नत श्राप दिन्छ, नत गीबत (बुराइ) गर्छ र नत उनीहरूलाई अन्य कुनै पनि तरिकाले मौखिक यातना दिन्छ । त्यसैगरी मुस्लिमहरू उनको हातबाट सुरक्षित रहनुपर्छ । उसले उनीहरूलाई दमन गर्नु हुँदैन, तिनीहरूको पैसा गैरकानूनी रूपमा लिनु हुँदैन र त्यस्तो अरू कुनै काम गर्नु हुँदैन । वास्तविक मुहाजिर त्यो हो जसले अल्लाहले निषेध गर्नुभएको कुरालाई त्याग्छ ।

## हदीसका केही फाइदाहरू:

1. पूर्ण इस्लाम भनेको अरुलाई दु:ख र पीडा नदिने हो, चाहे त्यो पीडा भौतिक होस् वा मानसिक ।
2. जिब्रो र हातलाई विशेष रूपमा उल्लेख गरिएको छ; किनभने मानिसले धेरैजसो गल्ती र हानिहरू यी दुई अंगले गर्छन् । वास्तवमा, धेरैजसो खराबीहरू ती दुवैबाट उत्पन्न हुन्छन् ।
3. पाप त्याग्न र अल्लाहको आदेश पालन गर्न प्रोत्साहन ।
4. सर्वश्रेष्ठ मुस्लिमहरू ती हुन् जसले अल्लाहको अधिकार र मुस्लिमहरूको अधिकार पूरा गर्छन् ।

5. क्रूरता कहिले मौखिक र कहिले व्यावहारिक हुन्छ ।
6. पूर्ण हिज्रत (पलायन) भनेको अल्लाहले निषेध गर्नुभएको कुरालाई त्याग्नु हो ।

(10101)

(253) – عن أبي هريرة رضي الله عنه قال: سمعت رسول الله صلى الله عليه وسلم يقول: «حَقُّ الْمُسْلِمِ عَلَى الْمُسْلِمِ خَمْسٌ: رَدُّ السَّلَامِ، وَعِيَادَةُ الْمَرِيضِ، وَاتِّبَاعُ الْجَنَائِزِ، وَإِجَابَةُ الدَّعْوَةِ، وَتَشْمِيتُ الْعَاطِسِ». [صحيح] - [متفق عليه]

(253) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "एक मुस्लिमको अर्को मुस्लिममाथि पाँच अधिकारहरू छन्; सलाम (अभिवादन) को जवाफ फर्काउने, बिरामीलाई (हालखबर लिन) भेट्न जाने, जनाजा (अन्त्येष्टि) मा सहभागी हुने, निमन्त्रणा स्वीकार गर्ने र हाच्छ्युँ गर्नेलाई जवाफ1 दिने ।" [सही] - [मुत्तफकुन अलैहि]

**व्याख्या:**

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एक मुस्लिमको अर्को मुस्लिमप्रति हुने केही अधिकारहरूको व्याख्या गर्नु भयो । पहिलो अधिकार : सलाम गर्ने व्यक्तिको सलामको जवाफ दिनु हो।

दोस्रो अधिकार : बिरामीलाई भेट्नु र उसको स्वास्थ्य अवस्था जान्नु हो।

तेस्रो अधिकार: अन्त्येष्टिक्रिया को लागि मृतकलाई उसको घरबाट जनाजा पढ्ने ठाउँ हुदै चिहानसम्म लैजानु र चिहानमा नपुरिए सम्म नफर्किनु ।

चौथो अधिकार: निमन्त्रणा स्वीकार गर्ने, जस्तैः वलीमा (विवाह भोज) आदिको निमन्त्रणा स्वीकार गर्ने हो।

पाँचौं अधिकार: हाच्छ्युँको जवाफ दिनु । अर्थात्, जब कुनै व्यक्तिले हाच्छ्युँ गर्दा ‘अल-हम्दु लिल्लाह’ भन्छ, तब जवाफमा उसले ‘यर-हमुकल्लाह’ भन्नुपर्छ,

जसको जवाफमा हाछ्युँ गर्ने व्यक्तिले 'यहदीकुमुल्लाह व युस्लिहु बालकुम' भन्नुपर्छ ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीस बाट मुस्लिमहरूको पारस्परिक हक अधिकारलाई सुनिश्चित गर्न र तिनीहरू बीच भाइचारालाई सुदृढ बनाउन र एकआपसमा प्रेम सिर्जना गर्नमा इस्लामको महानता को पुष्टि हुन्छ ।

(3706)

(254) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «لَا تَدْخُلُونَ الْجَنَّةَ حَتَّى تُؤْمِنُوا، وَلَا تُؤْمِنُوا حَتَّى تَحَابُّوا، أَوَلَا أَدُلُّكُمْ عَلَى شَيْءٍ إِذَا فَعَلْتُمُوهُ تَحَابَبْتُمْ؟ أَفْشُوا السَّلَامَ بَيْنَكُمْ». [صحيح] - [رواه مسلم]

(254) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरूले विश्वास नगरेसम्म स्वर्गमा प्रवेश गर्न सक्दैनौ, र तिमीहरूले एकअर्काप्रति प्रेम नगरेसम्म विश्वास गर्न सक्दैनौ। के म तिमीहरूलाई यस्तो कुरामा मार्गदर्शन गरूँ, जसलाई यदि तिमीहरूले गरे, तिमीहरू एकअर्कासँग प्रेम गर्नेछौ? एकअर्कामा सलाम खुब फैलाउनु ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, आस्थावानहरू मात्र स्वर्गमा प्रवेश गर्नेछन् र एकअर्कालाई माया नगरुन्जेल नत आस्था पूर्ण हुन्छ नत मुस्लिम समाजको अवस्था सुध्रिन्छ । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले प्रेम प्रबल र प्रगाढ हुने सबै भन्दा राम्रो कुराको मार्गदर्शन गर्नुभयो, त्यो हो मुस्लिमहरू बीच सलाम फैलाउनु, जसलाई अल्लाहले आफ्ना दासहरूका लागि अभिवादन बनाउनुभएको हो ।

## हदीसका केही फाइदाहरू:

1. स्वर्गमा प्रवेश गर्न इमान अनिवार्य हो ।
2. पूर्ण आस्था भनेको मुस्लिमले आफ्नो भाइको लागि त्यही मनपराउनु जुन आफ्नो लागि मन पराउँछ ।
3. मुस्लिमहरूलाई सलाम गर्नु र सलामलाई आम गर्नु मुस्तहब हो । किनभने यसले मानिसहरूमा प्रेम र शान्ति फैलाउँछ ।
4. सलाम मुस्लिमहरूलाई मात्र गरिनेछ । किनभने हदीसमा "तिमीहरू बीच" शब्द उल्लेख गरिएको छ ।
5. सलाम (अभिवादन) गर्दा बोलचाल विच्छेद, इर्ष्या र शत्रुताको अन्त्य हुन्छ ।
6. मुस्लिमहरू बीच आपसी प्रेमको महत्त्व र यो नभई आस्था पूर्ण हुनसक्दैन ।
7. 'अस्सलामु अलैकुम व रह्मतुल्लाहि व बरकातुहु' सलामको पूर्ण रूप हो, जुन  अर्को हदीसमा उल्लेख गरिएको छ र 'अस्सलामु अलैकुम' भन्नु पनि पर्याप्त छ ।

(3361)

(255) – عَنْ عَبْدِ اللَّهِ بْنِ عَمْرٍو رَضِيَ اللَّهُ عَنْهُمَا: أَنَّ رَجُلًا سَأَلَ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: أَيُّ الإِسْلَامِ خَيْرٌ؟ قَالَ: «تُطْعِمُ الطَّعَامَ، وَتَقْرَأُ السَّلَامَ عَلَى مَنْ عَرَفْتَ وَمَنْ لَمْ تَعْرِفْ». [صحيح] - [متفق عليه]

(255) – अब्दुल्लाह बिन अम्र (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, एक व्यक्तिले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधे : इस्लामको सबैभन्दा राम्रो कर्म कुन हो ? उहाँले जवाफ दिनुभयो: "खाना खुवाउनु अनि परिचित र अपरिचित सबैलाई सलाम (अभिवादन) गर्नु ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सित सोधियो: इस्लामको सबैभन्दा राम्रो विशेषता के हो ? उहाँले दुईवटा विशेषता वताउनुभयो :

पहिलो: गरिबहरूलाई खुवाउनु, यसमा सदका, हदिया (उपहार), दावत र वलीमा आदि समावेश छन् । विशेषगरी अनिकाल र उच्च महँगीको समयमा खुवाउनुको ठूलो महत्व छ ।

दोस्रो: परिचित वा अपरिचित हरेक मुस्लिमलाई सलाम (अभिवादन) गर्नु ।

## हदीसका केही फाइदाहरू:

1. सहाबाहरू लोक परलोकमा फायदा पुर्याउने गुणहरू जान्न उत्सुक थिए ।
2. सलाम गर्नु र खाना खुवाउनु इस्लामका उत्कृष्ट कार्यहरू हुन्; किनभने यसका छुट्टै सद्‌गुण छन् र अरू मानिसहरूलाई सधैं यसको आवश्यकता हुन्छ ।
3. यी दुई गुणहरूले, वचन र कर्ममा परोपकारको संयोजन हुन्छ, जुन दया र परोपकारको उत्तम रूप हो ।
4. यी विशेषताहरू मुस्लिमहरू बीचको व्यवहारसँग सम्बन्धित छन्, र भक्त र उसका परमेश्वर बीचको व्यवहारका लागि पनि केही विशेषताहरू छन्।

5. सलाम (अभिवादन) मा पहल गर्नु मुस्लिमहरूबीच मात्र सीमित छ, त्यसैले गैर-मुस्लिमहरूलाई अभिवादन गर्न पहल गर्नु हुँदैन ।

(5808)

(256) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «أَلَا أَدُلُّكُمْ عَلَى مَا يَمْحُو اللهُ بِهِ الْخَطَايَا، وَيَرْفَعُ بِهِ الدَّرَجَاتِ؟» قَالُوا بَلَى يَا رَسُولَ اللهِ قَالَ: «إِسْبَاغُ الْوُضُوءِ عَلَى الْمَكَارِهِ، وَكَثْرَةُ الْخُطَا إِلَى الْمَسَاجِدِ، وَانْتِظَارُ الصَّلَاةِ بَعْدَ الصَّلَاةِ، فَذَلِكُمُ الرِّبَاطُ». [صحيح] - [رواه مسلم]

(256) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "के म तिमीहरूलाई यस्तो कामको बारेमा नभनुँ जसद्वारा अल्लाहले पापहरू मेटाउनुहुन्छ र दर्जाहरू उच्च पार्नुहुन्छ ?" तिनीहरूले भने, "हे अल्लाहका दूत, (अवश्य नै) भन्नुहोस्।" उहाँले भन्नुभयो : "अप्ठ्यारो भए पनि राम्रोसँग वुजू गर्नु, अत्याधिक मस्जिद जानु र एक नमाजपछि अर्को नमाजको लागि पर्खनु, यही सुरक्षाको लागि पहरेदारी हो ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना सहाबा (साथी) हरूलाई सोध्नुभयो : के तिमीहरू यस्तो कामको बारेमा जान्न चाहन्छौं, जसद्वारा पापहरू पखालिन्छ, फरिश्ताले लेखेको पापलाई मेटाइन्छ र स्वर्गमा उच्च स्थान प्रदान गरिन्छ ?

सहाबाहरूले भने: हो, हामी यही चाहन्छौं, उहाँले भन्नुभयो:

पहिलो: कठिनाईका बावजुद राम्रोसँग पूर्ण तरिकाले वुजू गर्नु; जस्तै पानी चिसो छ, तातो छ, कम छ वा शरीर दुखिरहेको छ इत्यादि ।

दोस्रो: अत्याधिक कदम चल्नु भनेको घर टाढा भए पनि मस्जिद बारम्बार जानु ।

तेस्रो: नमाजको समय कहिले हुन्छ भनेर प्रतीक्षा गर्ने, नमाजसँग हृदयको नाता जोड्ने, नमाजको लागि तयारी गर्ने, मस्जिदमा बसेर जमातको प्रतीक्षा गर्ने र एक नमाज पढिसकेपछि अर्को नमाजको लागि पर्खने ।

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यी कामहरू नै वास्तविक रिबात (पहरेदारी) हुन् भनेर बताउनुभयो; किनभने यसले आत्मा भित्र शैतानको बाटोलाई अवरुद्ध गर्दछ, इच्छाहरूलाई पराजित गर्दछ, शंकाहरू निवारण गर्दछ र यसरी हिजबुल्लाह (अल्लाहको जमात) ले शैतानको सिपाहीलाई पराजित गर्दछन्; वास्तवमा, यो सबैभन्दा ठूलो जिहाद हो र शत्रु विरुद्ध रिबात (पहरेदारी) को कायममुकाम हो ।

## हदीसका केही फाइदाहरू:

1. मस्जिदमा सामूहिक नमाज कायम गर्नको महत्त्व, नमाजमा ध्यान दिनु र यसलाई कदापी बेवास्ता नगर्नु ।
2. नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना साथीहरूलाई ठूलो सवाब (पुण्य) बारे प्रश्न सोधेर उत्साहित बनाउनुभयो र यो शिक्षाको एक उत्कृष्ट तरिका हो ।
3. प्रश्न र उत्तरको शैलीमा केही कुरा प्रस्तुत गर्दा मानिसको मन मस्तिष्कमा त्यो असर गर्दछ ।
4. इमाम नववी (रहिमहुल्लाहु) ले रिबात (पहरेदारी) को अर्थ स्पष्ट पार्दै भनेका छन्: यो उत्तम रिबात (पहरेदारी) हो । वास्तवमा, रिबात (पहरेदारी) भनेको आफुलाई सीमित गर्नु हो, मानौं उसले यस आज्ञाकारिताको लागि आफूलाई कैद गरेको छ । अर्को अर्थ: जसरी जिहादलाई आत्मको जिहाद भनिएको छ त्यसरी यसलाई उत्तम रिबात (पहरेदारी) भनिएको हो । अर्को अर्थ: उपलब्ध र सम्भव हरेक रिबात (पहरेदारी) लाई यसमा समावेश गरिएको हो ।
5. यो कामको महिमा र उत्कृष्टताले गर्दा "रिबात" शब्दलाई दोहोर्याइएको छ र साथै ‘अल’ पनि थपिएको हो ।

(3574)

(257) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**الْمُؤْمِنُ الْقَوِيُّ، خَيْرٌ وَأَحَبُّ إِلَى اللهِ مِنَ الْمُؤْمِنِ الضَّعِيفِ، وَفِي كُلٍّ خَيْرٌ، احْرِصْ عَلَى مَا يَنْفَعُكَ، وَاسْتَعِنْ بِاللهِ وَلَا تَعْجَزْ، وَإِنْ أَصَابَكَ شَيْءٌ، فَلَا تَقُلْ لَوْ أَنِّي فَعَلْتُ كَانَ كَذَا وَكَذَا، وَلَكِنْ قُلْ قَدَرُ اللهِ وَمَا شَاءَ فَعَلَ، فَإِنَّ (لَوْ) تَفْتَحُ عَمَلَ الشَّيْطَانِ**». [صحيح] - [رواه مسلم]

(257) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहलाई बलियो मुमिन कमजोर भन्दा राम्रो र अधिक प्रिय छ, तर दुवैमा भलाई छ । तिमी आफूलाई लाभदायक हुने कुरामा ध्यान दिनुपर्छ, अल्लाहसँग मद्दत माग्नु र हरेस नखानु । कुनै विपत्ति आइपऱ्यो भने यदि मैले यो गरेको भए यो र यो हुन्थ्यो भनी नभन्नु, बरु यसो भन्नु, "कदरुल्लाहि वमा शाअ फअल" अर्थात यो अल्लाहको निर्णय हो र उहाँ जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ । किनभने "यदि" शब्दले शैतानको ढोका खोल्छ । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

**व्याख्या:**

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले प्रत्येक मुमिन राम्रो छ भनेर व्याख्या गर्नुभएको छ, तर आफ्नो ईमान, दृढ संकल्प, धन र शक्तिका अन्य पक्षहरूमा बलियो मुमिन अल्लाहलाई कमजोर मुमिन भन्दा झन् राम्रो र अधिक प्रिय छ । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले मुमिनलाई अल्लाहमा भर पर्दै, उहाँको मद्दत खोज्दै र उहाँमा भरोसा राख्दै यस दुनियाँ र आखिरत (लोक परलोक) को भलाइ प्राप्त गर्न सक्ने उपायहरू अपनाउन वसीयत गर्नुभयो । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले असक्षमता, आलस्य र दुबै संसारमा लाभ पुर्याउने कुराहरूबाट पछि हट्न अथवा लापरवाही गर्न मनाही गर्नुभयो । यदि मुमिनले अल्लाहसंग मद्दत खोज्दै र भलाइको लागि दुआ गर्दै लगनशीलताका साथ काम गर्छ, श्रोत र साधनहरूको प्रयोग गर्छ भने उसले आफ्नो सबै काम अल्लाहलाई मात्र सुम्पिनु पर्छ । अल्लाहको छनौट सबैभन्दा

राम्रो हुनेछ भन्ने कुरामा ढुक्क हुनुहोस् । त्यसपछि उसलाई कुनै विपत्ति आइपऱ्यो भने, उसले यसो भन्नु हुँदैन: "यदि मैले त्यसो गरेको भए यो हुन्थ्यो"; "किनभने 'लौ' अर्थात "यदि" शब्दले अल्लाहको भाग्य र बितेको कुरामा विलाप गर्न शैतानको बाटो खोल्छ । बरु भक्तले सन्तुष्टि र आत्मसमर्पणको प्रमाण दिँदै यसो भन्नु पर्छ: "कदरुल्लाहि वमा शाअ फअल" अर्थात यो अल्लाहको निर्णय हो र उहाँले जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ ।" तसर्थ जे भयो त्यो अल्लाहको इच्छा अनुसार भयो । किनभने उहाँले जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ । उहाँको निर्णयलाई कसैले बदर गर्न सक्दैन र उहाँको आदेशलाई कसैले रोक्न सक्दैन ।

## हदीसका केही फाइदाहरू:

1. ईमानमा मानिसहरूको भिन्नता ।
2. कर्महरूमा बलको महत्त्व, किनभने बलले ती लाभहरू प्राप्त गर्न सकिन्छ, जुन कमजोरीबाट प्राप्त हुँदैन ।
3. मानिसले आफूलाई फाइदा हुने कुरामा ध्यान दिनुपर्छ र नचाहिने कुराहरूबाट टाढा रहनुपर्छ ।
4. मुमिनले आफ्नो सबै मामिलाहरूमा अल्लाहबाट मद्दत खोज्नुपर्छ र आफैमा भर पर्नु हुँदैन ।
5. कजा व कद्र (आदेश र तकदीर) को प्रमाण । कुनै पनि पुण्य कर्म गर्दा प्रयासरत रहनु र साधनहरूको प्रयोग गर्नु तकदीर विपरीत होइन ।
6. विपत्ति आइपर्दा रिसले "यदि" शब्द भन्न र अल्लाहको आदेश र भाग्यको विरोध गर्न निषेध गरिएको छ ।

(5493)

(258) – عن ابن عمر رضي الله عنهما قال: قال رسول الله صلى الله عليه وسلم: «مَا زَالَ يُوصِينِي جِبْرِيلُ بِالْجَارِ، حَتَّى ظَنَنْتُ أَنَّهُ سَيُوَرِّثُهُ». [صحيح] - [متفق عليه]

(258) – अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जिब्रीलले मलाई छिमेकीप्रति निरन्तर वसीयत गरीरहे यहाँसम्म कि मैले ख्याल गरे अब उनले छिटै छिमेकीलाई वारिस (उत्तराधिकारी) पनि बनाउने आदेश ल्याउनेछन्।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्याः

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बताउँदै हुनुहुन्छ, जिब्रीलले छिमेकीको हेरचाह गर्नुपर्छ भनेर बारम्बार आदेश दिनुभयो । ध्यान राख्नुहोस्, छिमेकी त्यो व्यक्ति हो जसको ढोका तपाईंको ढोका नजिक छ, चाहे त्यो मुस्लिम होस् वा गैर-मुस्लिम, आफन्त होस् वा गैर-आफन्त । छिमेकीको हेरचाह गर्नु भनेको उसको अधिकारको रक्षा गर्नु, उसलाई दु:ख नदिनु, राम्रो व्यवहार गर्नु र उसले दिएको दु:खमा धैर्य गर्नु हो । जिब्रिलले छिमेकीको अधिकारलाई दिएको महत्त्व र उनको बारम्बार आदेशले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) सोच्न थाले, शायद मृत्यु पछि छिमेकीले पनि धनसम्पत्तिमा हिस्सा पाउनेछ ।

## हदीसका केही फाइदाहरू:

1. छिमेकीको अधिकारको महत्व र तिनको हेरचाह गर्ने कर्तव्य ।
2. छिमेकीको हकमा जोर दिएर नसीहत गर्नु पर्ने आवश्यकता भनेको उसलाई सम्मान गर्नु, उसलाई माया गर्नु, राम्रो व्यवहार गर्नु, उसलाई दुःखबाट जोगाउनु, बिरामी हुँदा भेट्नु, सुखको घडीमा बधाई दिनु र दुःखमा सान्त्वना दिनु ।
3. छिमेकीको ढोका जति नजिक हुन्छ, उसको अधिकार त्यति नै ठूलो हुन्छ ।

4. इस्लामी शरीयत एक पूर्ण विधान हो, जसमा छिमेकीहरूसँग राम्रो व्यवहार गर्ने र तिनीहरूलाई हानिबाट बचाउने जस्ता सामाजिक सुधारका सबै कुराहरू छन् ।

(4965)

(259) – عن أبي الدرداء رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «مَنْ رَدَّ عَنْ عِرْضِ أَخِيهِ رَدَّ اللهُ عَنْ وَجْهِهِ النَّارَ يَوْمَ الْقِيَامَةِ». [صحيح] - [رواه الترمذي وأحمد]

(259) – अबू-दर्दा (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले आफ्नो भाइको इज्जत र मर्यादाको रक्षा गर्छ, अल्लाहले उसलाई न्यायको दिन नरकको आगोबाट बचाउनुहुनेछ ।" [सही] - [तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले आफ्नो मुस्लिम भाइको अनुपस्थितिमा उसको इज्जत र मर्यादाको रक्षा गर्दछ, अल्लाहले न्यायको दिन उसलाई सजायबाट टाढा राख्नुहुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. मुस्लिमहरूको इज्जत र प्रतिष्ठामा हानि पुर्याउने कुनै पनि कुरा बोल्न निषेध गरिएको छ ।
2. मानिसलाई उसको कर्म अनुसार बदला दिइन्छ। तसर्थ, जसले आफ्नो भाइको इज्जतको रक्षा गर्छ, अल्लाहले उसलाई नरकको आगोबाट बचाउनुहुनेछ ।
3. इस्लाम आपसी भाइचारा र सहयोगको धर्म हो ।

(5514)

(260) – عَنْ أَنَسٍ رَضِيَ اللَّهُ عَنْهُ عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قالَ: «لاَ يُؤْمِنُ أَحَدُكُمْ، حَتَّى يُحِبَّ لِأَخِيهِ مَا يُحِبُّ لِنَفْسِهِ». [صحيح] - [متفق عليه]

(260) – अनस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरूमध्ये कोही पनि मुमिन (आस्थावान) हुन सक्दैन जबसम्म उसले आफ्नो भाइको लागि त्यही मन पराउँदैन जुन उसले आफ्नो लागि पराउछ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ, जबसम्म कुनै मुस्लिमले आफ्नो भाइको लागि आफूलाई मन पर्ने आज्ञाकारिता अनि दीन र दुनियाँका राम्रा कुराहरू मन पराउँदैन र आफुले घृणा गर्ने कुरा उसको लागि घृणा गर्दैन, तबसम्म उसको ईमान पूर्ण हुन सक्दैन । यदि उसले कुनै मुस्लिम भाइमा धार्मिक कुराहरूमा केही कमीकमजोरी देख्छ भने उसले त्यसलाई सुधार्ने प्रयास गर्नुपर्छ । यदि उसमा कुनै भलाई देख्छ भने त्यसमा उसको मद्दत गर्नुपर्छ । दीन र दुनियाँका कुराहरूमा राम्रो सल्लाह दिनुपर्छ ।

## हदीसका केही फाइदाहरू:

1. मुस्लिमले आफ्नो भाइको लागि त्यही रोज्नु अनिवार्य हो, जुन उसले आफ्नो लागि रोजेको छ । किनभने आफ्नो लागि मन पर्ने कुरा आफ्नो भाइलाई मन नपराउने व्यक्ति मुमिन हुन सक्दैन भनिएको छ ।
2. इस्लामिक दाजुभाइको भाइचारा वंशको दाजुभाइ भन्दा माथि छ, त्यसैले यसको हक धेरै छ ।
3. यस प्रेम विपरीत सबै कार्यहरू निषेध छन्, जस्तै धोखा, गीबत (चुक्ली), ईर्ष्या र मुस्लिमको जीउधन र इज्जतमाथि आक्रमण गर्नु ।
4. "केही शब्दहरूको प्रयोगले कार्यप्रतिको प्रेरणा बढाउँछ; जस्तै 'आफ्नो भाइका लागि' भन्ने प्रयोगले स्नेह र उत्तरदायित्वको भावना उत्पन्न गर्छ।"

5. अल-किरमानीले भनेका छन्: आफुले घृणा गर्ने कुरा आफ्नो भाइको लागि पनि घृणा गर्नु ईमानको अंश हो, तर यसलाई उल्लेख गरिएन; किनकि कुनै चीजलाई माया गर्दा उसको विपरीतलाई घृणा स्वतः हुन्छ, त्यसैले यसलाई उल्लेख गरिएन ।

(4717)

(261) – عن عائشة رضي الله عنها زوج النبي صلى الله عليه وسلم عن النبي صلى الله عليه وسلم قال: «إِنَّ الرِّفْقَ لَا يَكُونُ فِي شَيْءٍ إِلَّا زَانَهُ، وَلَا يُنْزَعُ مِنْ شَيْءٍ إِلَّا شَانَهُ». [صحيح] - [رواه مسلم]

(261) – आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकी छिन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "दयाले हर कुरालाई सुन्दर बनाउँछ र यसलाई हटाइयो भने कुरूप र दोषपूर्ण बनाउँछ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, बोली र कार्यमा करुणा, नम्रता र संयमताले चीजहरूको सुन्दरता, पूर्णता र सौन्दर्यलाई बढाउँछ र यी गुणहरू भएको व्यक्तिको आवश्यकताहरू पूरा हुने सम्भावना बढी हुन्छ ।

जबकि कठोरताले चीजहरूलाई दोषपूर्ण र कुरूप बनाउँछ र आवश्यकता पूरा गर्ने बाटोमा अवरोध खडा गर्छ । यस्तो व्यक्तिको आवश्यकता पूरा भए पनि ठूलो मेहनतले हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. उदारता अपनाउन प्रोत्साहन ।
2. नम्रता र करुणा मानवको श्रृंगार हो र यो धर्म र संसारसँग सम्बन्धित सबै राम्रो कुराको कारण हो ।

(5796)

(262) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «إِنَّ الدِّينَ يُسْرٌ، وَلَنْ يُشَادَّ الدِّينَ أَحَدٌ إِلَّا غَلَبَهُ، فَسَدِّدُوا وَقَارِبُوا، وَأَبْشِرُوا، وَاسْتَعِينُوا بِالْغَدْوَةِ وَالرَّوْحَةِ وَشَيْءٍ مِنَ الدُّلْجَةِ». [صحيح] - [رواه البخاري]

(262) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "निश्चय नै धर्म सहज छ, र जो कोही पनि यसलाई कठोर रूपमा अपनाउन खोज्छ भने, धर्म उसमाथि भारी पर्नेछ। त्यसैले सधैं सही मार्गमा रह, सन्तुलन कायम राख, र खुशीको खबर प्राप्त गर। बिहान, साँझ, र रातको केही समयमा अल्लाहसँग सहयोग माग्दै आफ्नो यात्रामा लाग।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले इस्लाम धर्मका सबै विधिविधानहरू सरलता र सहजतामा आधारित छन् भनेर स्पष्ट पार्नुभएको छ, जुन असक्षमता र आवश्यकताको बेला छर्लङ्ग हुन्छ । किनभने जसले छुट र सहजतालाई त्यागेर धार्मिक कार्यहरूमा गहिराइमा पुग्ने प्रयास गर्छ, ऊ पूर्णता वा आंशिक रुपमा परास्त हुन्छ । 5795: م त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले कठोर संघर्ष नगरी मध्य मार्ग अपनाउन प्रेरित गर्नुभएको छ; त्यसैले भक्तले अनिवार्य कुरामा कमी गर्नुहुँदैन र नसक्ने कामको पछि लाग्नु हुँदैन । यदि पूर्ण रूपमा गर्न सकेन भने सकेसम्म प्रयास गर्नुपर्छ ।

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले धेरै उपासना गर्न नसक्ने असक्षमलाई थोरै भए पनि निरन्तर उपासना गर्न र त्यसबाट ठूलो पुण्य प्राप्त हुने शुभ समाचार दिनुभएको छ; किनभने जब असक्षमता उसले गर्दा होइन भने उसको पुण्यमा कमी हुने छैन ।

वास्तवमा, यो संसार एक यात्रा र आखिरत(मृत्युपछिको जीवन)को लागि कर्म गर्ने ठाउँ भएकोले नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले तीन महत्वपूर्ण

समयहरूमा उपासनाको निरन्तरतालाई कायम राख्न मद्दत लिन आदेश दिनुभयो:

पहिलो: गदवह : दिनको सुरुमा हिंड्ने; यो फज्रको नमाज र सूर्योदय बीचको समय हो ।

दोस्रो: रौहा: दिउँसो हिंड्ने ।

तेस्रो: दुल्जह : पूरै रात वा रातको केही भागमा हिंड्ने; किनकि रातको काम दिन भन्दा गाह्रोभएकोले 'केही भाग' भनेर आदेश दिनुभयो ।

## हदीसका केही फाइदाहरू:

1. इस्लामिक कानूनको सहजता र सहिष्णुताले गर्दा हामीलाई अति र लापरवाही बीचको मध्य मार्ग अपनाउन आदेश दिइएको छ ।
2. भक्तले सकेसम्म अनिवार्य काम अतिश्योक्ति वा सुस्ती बिना गर्नुपर्छ ।
3. भक्तले उपासनामा सक्रिय हुनका लागि उत्कृष्ट समयहरू छान्नुपर्छ र यी तीन समयहरूमा शरीर उपासनाको लागि सक्रिय हुन्छ ।
4. इब्न हजर अल-अस्कलानीले भने: मानौं, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यात्रीलाई सम्बोधन गर्नुभएको हो । यी तीन समय यात्रीको लागि उत्तम भएकोले उहाँले यसबारे सचेत गर्नुभयो; किनकि यदि यात्रीले दिनरात यात्रा गर्यो भने थाक्छ र अशक्त हुन्छ, तर यदि उसले यी सक्रिय समयमा हिड्ने कोसिस गर्यो भने बिना कठिनाई लगातार यात्रा गर्न सक्षम हुनेछ ।
5. इब्न हजरले भने: यस हदीसमा शरियतले दिएको छुटको प्रयोग गर्नतर्फ संकेत गरिएको हो, किनकि छुटको ठाउँमा पुरै अमल गर्नु नियमको उल्लङ्घन हो, जस्तै पानी प्रयोग गर्न नसक्ने अवस्थामा तयम्मुम त्याग्नु र पानीको प्रयोग गर्नु जो उसको लागि हानीकारक छ ।
6. इब्नुल-मुनीरले भने: यो हदीस, नबी (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहको साँचो रसूल हुनुहुन्छ भन्ने कुराको एक प्रमाण हो । हामीले र

हामी भन्दा पहिलेका मानिसहरूले देखेका छन्, जसले धर्ममा अतिशयोक्ति गर्छ ऊ आफैं परास्त हुन्छ । यसको मतलब पूर्ण तरिकाले उपासना नगर्नु कदापी होइन, किनकि यो एक प्रशंसनीय कार्य हो, तर जसले सुन्नत (अतिरिक्त) मा अति गर्छ र अफजल (उत्कृष्ट) लाई बेवास्ता गर्छ वा अनिवार्य उपासनालाई समय भन्दा ढिलो गर्दछ, जस्तैः रातभरि नमाज पढेर रात बिताउने र फज्रको नमाज जमातका साथ नपढ्ने वा सूर्योदयपछि पढ्ने इत्यादि ।

(5795)

(263) – عن أنس بن مالك رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «يَسِّرُوا وَلَا تُعَسِّرُوا، وَبَشِّرُوا وَلَا تُنَفِّرُوا». [صحيح] - [متفق عليه]

(263) – अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सजिलो बनाउ, कठिन नबनाउ। खुसीको खबर सुनाउ, डर पैदा नगर।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले दीन (धर्म) र सांसारिक सबै मामिलाहरूमा शरीअतको सीमाभित्र रहेर मानिसहरूलाई सहजता प्रदान गर्न र उनीहरूलाई कठिनाइमा नराख्न आदेश दिइरहनु भएको छ ।

साथसाथै उहाँ मानिसहरूलाई खुशीको खबर सुनाउन र डर पैदा नगर्न प्रोत्साहित गर्नुहुन्थ्यो ।

## हदीसका केही फाइदाहरू:

1. मुमिनको कर्तव्य भनेको मानिसहरूलाई अल्लाहलाई माया गर्न र पुण्य कर्म गर्न प्रोत्साहित गर्ने हो ।

2. दाई - इलल्लाह (अल्लाहतर्फ बोलाउने) व्यक्तिले मानिसहरूलाई हिक्मत (बुद्धि) का साथ इस्लामावादतर्फ बोलाउनु पर्दछ।
3. "खुसीको खबरले मानिसमा उत्साह, रुचि, र शान्ति उत्पन्न गर्छ – बोलाउनेको लागि र उनले जनतामा प्रस्तुत गर्ने सन्देशका लागि।"
4. कठिनाईले मानिसमा दूरी, विरक्ति, र बोल्ने व्यक्तिको सन्देशमा शंका पैदा गर्छ
5. आफ्ना सेवकहरूमाथि अल्लाहको अपार कृपा किनभने उहाँले उनीहरूका लागि उदारता र सजिलो शरियतमा आधारित धर्म रोज्नुभएको छ ।
6. सहजता भन्नाले शरियतको शिक्षा अनुसारको सहजता हो ।

(5866)

(264) – عن أنس رضي الله عنه قال: كُنَّا عِنْدَ عُمَرَ فَقَالَ: «نُهِينَا عَنِ التَّكَلُّفِ». [صحيح] - [رواه البخاري]

(264) – अनस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्: हामी उमर (रजियल्लाहु अन्हु) यहाँ उपस्थित थियौं जब उनले भने: "हामीलाई तकल्लुफ (अनावश्यक रूपमा कष्ट भोग्न) निषेध गरिएको छ ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

उमर (रजियल्लाहु अन्हु) ले बताउनुभयो, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अनावश्यक काम गर्न वा कठिनाइ भएको कुनै पनि कुरा भन्न निषेध गर्नुभएको छ ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा निषेध गरिएको तकल्लुफ (कठिनाइ) हरू भनेको धेरै प्रश्नहरू सोध्नु, थाहा नभएको कुरा गर्नु र अल्लाहले सहजता प्रदान गर्नुभएको कुरामा कडा हुनु समावेश छ ।
2. मुसलमानलाई आफ्नो स्वभावमा सहनशीलता र विना बनावटीपन आफ्नो बोलचाल र व्यवहारमा अभ्यास गर्नुपर्छ, चाहे त्यो उसको खानामा हो, पिउनामा हो, वा उसको बोलचाल र अन्य सबै अवस्थाहरूमा।
3. इस्लाम एक सरल धर्म हो ।

(8945)

(265) – عن ابن عمر رضي الله عنهما أن رسول الله صلى الله عليه وسلم قال: «إِذَا أَكَلَ أَحَدُكُمْ فَلْيَأْكُلْ بِيَمِينِهِ، وَإِذَا شَرِبَ فَلْيَشْرَبْ بِيَمِينِهِ، فَإِنَّ الشَّيْطَانَ يَأْكُلُ بِشِمَالِهِ، وَيَشْرَبُ بِشِمَالِهِ». [صحيح] - [رواه مسلم]

(265) – अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जब तिमीहरूमध्ये कसैले खाना खान्छ भने दायाँ हातले खानुपर्छ, र जब पिउँछ भने दायाँ हातले पिउनुपर्छ। किनकि शैतानले आफ्नो बायाँ हातले खान्छ र पिउँछ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मुस्लिमहरूलाई दाहिने हातले खान र पिउन आदेश दिनुभएको छ र देब्रे हातले खान र पिउन निषेध गर्नुभएको छ; किनभने शैतानले देब्रे हातले खान्छ र देब्रे हातले पिउछ ।

## हदीसका केही फाइदाहरू:

1. देब्रे हातले खानपिन गरेर शैतानको नक्कल गर्न निषेध गरिएको छ ।

(58122)

(266) – عن عُمر بن أبي سلمة رضي الله عنه قال: كُنْتُ غُلَامًا فِي حَجْرِ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، وَكَانَتْ يَدِي تَطِيشُ فِي الصَّحْفَةِ، فَقَالَ لِي رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «يَا غُلَامُ، سَمِّ اللهَ، وَكُلْ بِيَمِينِكَ، وَكُلْ مِمَّا يَلِيكَ» فَمَا زَالَتْ تِلْكَ طِعْمَتِي بَعْدُ. [صحيح] - [متفق عليه]

(266) – उमर बिन अबू सलमह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, म एउटा बच्चा थिएँ र रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को हेरचाहमा थिएँ । मेरो हात (खाँदै गर्दा) भाँडोमा यताउता घुमिरहेको थियो, त्यसैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मलाई भन्नुभयो: " ए बाबु! बिस्मिल्लाह पढ, आफ्नो दाहिने हातले खाऊ र आफ्नो अगाडिबाट खाऊ ।" त्यसपछि म सधैं त्यही निर्देशन अनुसार खाना खाने गर्थें । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को पत्नी; उम्मे सल्मा (रजियल्लाहु अन्हा) को छोरा उमर बिन अबू सल्मा, (जो रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को अभिभावकत्वमा थिए) ले बयान गरेका छन्, म खाना खाँदा आफ्नो हात खाना लिनको लागि थालीमा घुमाउने गर्थें र जतातततैबाट खाना उठाउँथे, त्यसैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मलाई खाना खाने तीनवटा तरिकाहरू सिकाउनुभयो:

१) खाना खानुअघि बिस्मिल्लाह पढ्नु ।

२) दाहिने हातले खाना खानु ।

३) खाना आफ्नो अगाडिबाट खानु ।

## हदीसका केही फाइदाहरू:

1. खाने र पिउने एउटा अदब सुरुमा बिस्मिल्लाह भन्नु हो ।
2. बालबालिकालाई मर्यादित व्यवहार सिकाउनुपर्छ । विशेष गरी ती बच्चाहरूलाई जो तपाईंको हेरचाहमा छन् ।

3. बच्चाहरुलाई शिक्षा दिन र मर्यादित व्यवहार सिकाउनमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को नम्रता र उदारता ।
4. खाना खाने एउटा मर्यादित व्यवहार भनेको मानिसले आफ्नो अगाडि खानुपर्छ । हो! यदि प्लेटमा विभिन्न प्रकारका खानेकुराहरू छन् भने भाँडाको कुनै पनि भागबाट लिन अनुमति छ ।
5. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का सहाबा (साथी) हरू उहाँद्वारा सिकाइएको आचरणलाई कडाईका साथ पालना गर्थे । यो उमर बिन अबू सलमाको कथनबाट प्रष्ट हुन्छः 'त्यसपछि म सधैं यही निर्देशन अनुसार खाना खाइरहेँ' ।

(58120)

(267) – عن أنس بن مالك رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «إِنَّ اللهَ لَيَرْضَى عَنِ الْعَبْدِ أَنْ يَأْكُلَ الْأَكْلَةَ فَيَحْمَدَهُ عَلَيْهَا، أَوْ يَشْرَبَ الشَّرْبَةَ فَيَحْمَدَهُ عَلَيْهَا». [صحيح] - [رواه مسلم]

(267) – अनस बिन् मालिक (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : " निश्चय नै अल्लाह आफ्नो सेवकबाट तब खुशी हुनुहुन्छ जब ऊ खाना खान्छ र त्यसमा उहाँको प्रशंसा गर्छ, वा जब ऊ पिउँछ र त्यसमा उहाँको प्रशंसा गर्छ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

**व्याख्याः**

नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले यो स्पष्ट पार्नु भएको छ कि अल्लाहको सेवकले आफ्नो परमेश्वरको अनुग्रह र बरकतहरूको लागि प्रशंसा गर्नु, ती कुराहरू मध्ये एक हो जसबाट अल्लाहको खुशी प्राप्त हुन्छ। तसर्थ, सेवकले खाना खादा: 'अल्हम्दुलिल्लाह ' (सबै प्रशंसा अल्लाहको लागि हो) , वा पानी पिउदा 'अल्हम्दुलिल्लाह' भन्नु यी मध्ये हुन्।

## हदीसका केही फाइदाहरू:

1. भक्तप्रति अल्लाहको कृपा; उहाँले जीविका प्रदान गर्नुहुन्छ र प्रशंसामा प्रसन्न हुनुहुन्छ ।
2. अल्लाहको खुशी खानपिनपछि 'अल्हम्दु लिल्लाह' भने जस्ता साना कार्यहरूबाट पनि प्राप्त हुन्छ ।
3. खानपिनपछि अल्लाहको प्रशंसा गर्नु भनेको खानपिनका सभ्य व्यवहार हरू मध्ये एक हो ।

(5798)

(268) – عَنْ سَلَمَةَ بْنِ الْأَكْوَعِ رضي الله عنه: أَنَّ رَجُلًا أَكَلَ عِنْدَ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ بِشِمَالِهِ، فَقَالَ: «كُلْ بِيَمِينِكَ»، قَالَ: لَا أَسْتَطِيعُ، قَالَ: «لَا اسْتَطَعْتَ»، مَا مَنَعَهُ إِلَّا الْكِبْرُ، قَالَ: فَمَا رَفَعَهَا إِلَى فِيهِ. [صحيح] - [رواه مسلم]

(268) – सलमह बिन अक्वह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, एक व्यक्तिले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को नजिक देब्रे हातले खाना खायो । त्यसैले उहाँले भन्नुभयो: "दाहिने हातले खाऊ ।" उसले भन्यो: म (दायाँ हातले खान) सक्दिनं । उहाँले भन्नुभयो: "तिमी कहिल्यै सक्ने छैनौ ।" वास्तवमा, अहंकारले उसलाई त्यसो गर्नबाट रोकियो । हदीस बयान गर्नेले भने: त्यसपछि उसले कहिल्यै आफ्नो हात आफ्नो मुखमा ल्याउन सकेन । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एक जना मानिसलाई आफ्नो देब्रे हातले खाना खाइरहेको देख्नुभयो र उसलाई दाहिने हातले खाना खान भन्नुभयो । तर अहङ्कारका कारण उनले त्यसो गर्न नसक्ने झूट बोले । तसर्थ, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उसले कहिल्यै पनि आफ्नो दाहिने हातले खान सक्दैन भन्नुभयो । अल्लाहले आफ्नो नबीको दुआ स्वीकार गर्नुभयो र उनको

दाहिने हात बेकार भयो । त्यो व्यक्तिले फेरि कहिल्यै खान वा पिउन आफ्नो हात मुखमा ल्याउन सकेनन् ।

## हदीसका केही फाइदाहरू:

1. दाहिने हातले खानु वाजिब र देब्रे हातले खानु हराम हो ।
2. शरियतका आदेशहरू पालन नगर्ने अहंकारले व्यक्तिलाई सजायको हकदार बनाउँछ ।
3. अल्लाहले आफ्नो पैगम्बर मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को दुआ स्वीकार गर्नुहुन्थ्यो । यो उहाँको लागि एक सम्मान थियो ।
4. पुण्य कर्मको आदेश दिने र नराम्रो कामबाट रोक्ने काम हरेक अवस्थामा गर्नुपर्छ, खाना खाँदा पनि ।

(3372)

(269) – عَنْ سَهْلِ بْنِ مُعَاذِ بْنِ أَنَسٍ عَنْ أَبِيهِ قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «مَنْ أَكَلَ طَعَامًا فَقَالَ: الحَمْدُ لِلَّهِ الَّذِي أَطْعَمَنِي هَذَا وَرَزَقَنِيهِ مِنْ غَيْرِ حَوْلٍ مِنِّي وَلاَ قُوَّةٍ، غُفِرَ لَهُ مَا تَقَدَّمَ مِنْ ذَنْبِهِ». [حسن] - [رواه أبو داود والترمذي وابن ماجه وأحمد]

(269) – सह्ल बिन मुआजले भने, उनको बुबा; अनस ले भने, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले खाना खाएपछि भन्छ: 'अल्हम्दु लिल्ला हिल्लजी अत्अमनी हाजा व र ज कनीहि मिन् गैरि हौलिम्मिन्नी वला कुव्वह्' (सम्पूर्ण प्रशंसाहरू अल्लाहकै लागि हुन्, जसले मलाई यो खुवाउनुभयो र बिना कुनै मिहिनेत प्रदान गर्नुभयो), उसका अघिल्ला पापहरू क्षमा हुनेछन् ।" [हसन] - [अबू दाउद, तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले खाना खाने व्यक्तिलाई आफ्नो पालनकर्तालाई धन्यवाद दिन प्रेरित गर्नुभएको हो, किनकि उहाँको सहयोग बिना नत खाना ल्याउने क्षमता छ नत खाने नै । त्यसपछि नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यो दुआ पढ्ने व्यक्तिका अघिल्ला पापहरू क्षमा हुनेछन् भनेर सुसमाचार दिनुभयो ।

## हदीसका केही फाइदाहरू:

1. भोजनको अन्त्यमा अल्लाहको प्रशंसा गर्नु मुस्तहब हो ।
2. भक्तहरूमाथि अल्लाहको अपार दयाको वर्णन, किनकि उहाँले तिनीहरूलाई भोजन प्रदान गर्नुभयो, तिनीहरूका लागि जीविकाको साधनहरू सहज बनाउनुभयो र साथै तिनीहरुका पापलाई माफ गर्नुभयो ।
3. भक्तहरूका सबै मामिलाहरू अल्लाहको हातमा छन्, तिनीहरूको
4. हातमा होइन र भक्तहरूलाई साधनहरू प्रयोग गर्न आदेश दिइएको छ ।

(270) – عن أبي هريرة رضي الله عنه قال: كان رسولُ الله صلى الله عليه وسلم إذا عَطَس وضَعَ يَدَه -أو ثوبَهُ- على فيهِ، وخَفَضَ -أو غضَّ- بها صوتَهُ. [صحيح] - [ رواه أبو داود والترمذي وأحمد]

(270) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् : जब पैगम्बर मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) लाई आच्छ्यूँ आउँथ्यो, उहाँले आफ्नो हात -या आफ्नो कपडा- आफ्नो मुखमा राख्नुहुन्थ्यो र यसैसँग आफ्नो आवाजलाई दबाउनुहुन्थ्यो।" [सही] - [अबू दाउद, तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई आच्छ्यूँ आउँथ्यो :

पहिले: उहाँ आफ्नो हात वा कपडा आफ्नो मुखमा राख्नुहुन्थ्यो; ताकि उहाँसँग बसेकाहरूलाई नराम्रो लाग्ने केही फोहोर मुख वा नाकबाट ननिस्कियोस् ।

दोस्रो: उहाँ आफ्नो आवाज कम गर्नुहुन्थ्यो ।

## हदीसका केही फाइदाहरू:

1. नबी (सल्लल्लाहु अलैहि वसल्लम) को आच्छ्यूँ गर्ने तरिका र त्यसमा उहाँको अनुसरणको वर्णन ।
2. हाच्छ्युँ गर्दा मुख र नाकमा कपडा वा रुमाल राख्नु मुस्तहब हो, ताकि यसको छेउमा बसेको व्यक्तिलाई हानि पुऱ्याउने कुरा बाहिर ननिस्कियोस् ।
3. हाच्छ्युँ गर्दा आवाज कम गर्नुपर्छ; किनभने यो पूर्ण शिष्टाचार र असल नैतिकताको पहिचान हो ।

(3317)

(271) – عَنِ ابْنِ عَبَّاسٍ رضي الله عنهما قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «إِنَّ اللَّهَ يُحِبُّ أَنْ تُؤْتَى رُخَصُهُ، كَمَا يُحِبُّ أَنْ تُؤْتَى عَزَائِمُهُ». [صحيح] - [رواه ابن حبان]

(271) – अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "अल्लाहलाई उहाँले प्रदान गर्नुभएको छुटको लाभ उठाइयोस भन्ने कुरा त्यत्तिकै प्रिय छ जति उहाँले आफ्ना आदेश र उपदेशहरूको पालना हुन मन पराउनुहुन्छ ।" [सही] - [इब्ने हिब्बानले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : भक्तको लागि सहज होस् भनेर अल्लाहले केही उपासनाका नियमहरूमा छुट र सहुलियत दिनुभएको छ, जस्तैः यात्रा गर्दा ४ रकातको नमाजलाई २ रकात मात्र पढ्ने, दुई नमाजलाई जम्मा गरी एकसाथ पढ्ने इत्यादि छुटहरू, ती छुटहरूको लाभ उठाइयोस भन्ने कुरा उहाँलाई त्यत्तिकै मनपर्छ, जति उहाँलाई उहाँले तोकेका अनिवार्य आदेशहरूको पालना हुने कुरा मन पर्छ, किनकि दुबै छूट र अनिवार्य आदेशको सम्बन्धमा अल्लाहको निर्देशनहरू समान छन्।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा वर्णन छ कि भक्तहरू माथि अल्लाहले दया गर्नुहुन्छ, र (त्यही दया स्वरुप) उहाँलाई मनपर्छ कि उहाँले निर्धारित गरेका छुटहरूको लाभ उठाइयोस ।
2. यस हदीसले शरीयह (धार्मिक कानुन)को परिपूर्णता र उत्तमता र यसले मुस्लिमहरूलाई कठिनाइबाट मुक्त गरेको छ भन्ने कुरा प्रष्ट हुन्छ।

(65017)

(272) – عن أبي هريرة رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «مَنْ يُرِدِ اللَّهُ بِهِ خَيْرًا يُصِبْ مِنْهُ». [صحيح] - [رواه البخاري]

(272) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहले जसको भलो चाहनुहुन्छ, उसलाई कठिनाइमा पारेर परिक्षा लिनुहुन्छ ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

यस हदीसमा नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ कि जब अल्लाहले कुनै आस्थावान व्यक्तिको कल्याण चाहनुहुन्छ, तब उहाँले उसलाई उसको जीवन, सम्पत्ति, वा परिवार सम्बन्धित कुनै समस्यामा पारेर परीक्षा लिनुहुन्छ। यसरी, उक्त व्यक्ति प्रार्थनामग्न भइ अल्लाह नजिक हुन पुग्छ, उसका पापहरू क्षमा गरिन्छ र उसलाई उच्च दर्जा प्राप्त हुन्छ।

## हदीसका केही फाइदाहरू:

1. यसले प्रष्ट पार्दछ कि आस्थावान व्यक्तिले जीवनमा विभिन्न प्रकारका परीक्षाहरूको सामना गर्नुपर्ने सम्भावना रहन्छ ।
2. कतिपय अवस्थामा, जिवनमा हुने कठिनाईहरू दासप्रतिको अल्लाहको प्रेमको संकेत हुन सक्छ, किनकि अल्लाहले दासको दर्जा उच्च गर्ने र पाप क्षमा गर्ने उद्देश्यले परीक्षा लिने गर्नुहुन्छ ।
3. यसमा कठिनाइ र परीक्षाको समयमा धैर्यधारण गर्न तथा विचलित नहुन प्रोत्साहित गरिएको छ।

(4204)

(273) – عَنْ أَبِي سَعِيدٍ الْخُدْرِيِّ وَعَنْ أَبِي هُرَيْرَةَ رضي الله عنهما عَنِ النَّبِيِّ صلى الله عليه وسلم قَالَ: «مَا يُصِيبُ الْمُسْلِمَ مِنْ نَصَبٍ وَلَا وَصَبٍ وَلَا هَمٍّ وَلَا حُزْنٍ وَلَا أَذًى وَلَا غَمٍّ حَتَّى الشَّوْكَةِ يُشَاكُهَا إِلَّا كَفَّرَ اللَّهُ بِهَا مِنْ خَطَايَاهُ». [صحيح] - [متفق عليه]

(273) – अबू-सईद अल्-खुदरी र अबू-हुरैरह (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मुस्लिमलाई जस्तोसुकै पीडा, रोग, चिन्ता, आघात, थकान वा दु:ख आइपर्छ, यहाँसम्म काँडा बिज्दा पनि अल्लाहले उसका केही पापहरू क्षमा गर्नुहुन्छ ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जुनसुकै रोग, दुःख, पीडा, समस्या, कठिनाइ, डर र भोक आदि मुस्लिमलाई आइपर्छ, यहाँसम्म काँडा बिज्दा पीडा हुन्छ, यी सबै कुरा उसको लागि प्रायश्चित बन्छ ।

## हदीसका केही फाइदाहरू:

1. आफ्ना दासहरूप्रति अल्लाहको असीम कृपा र दया । उनीहरूलाई सानातिना हानि भएमा वा दुख पुगेमा पनि उहाँले तिनीहरूका पापहरू क्षमा गर्नुहुन्छ ।
2. एक मुस्लिमले परीक्षा र कष्टलाई अल्लाहबाट पुण्य पाउने स्रोतको रूपमा लिनुपर्छ र हरेक सानो वा ठूला कष्टमा धैर्यता हुनुपर्छ, ताकि उसको स्तर उच्च होस् र उसको पापहरू मेटियोस् ।

(3701)

(274) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «مَا يَزَالُ البَلَاءُ بِالمُؤْمِنِ وَالمُؤْمِنَةِ فِي نَفْسِهِ وَوَلَدِهِ وَمَالِهِ حَتَّى يَلْقَى اللَّهَ وَمَا عَلَيْهِ خَطِيئَةٌ». [حسن] - [ رواه الترمذي وأحمد]

(274) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मुमिन (आस्थावान) पुरुष र मुमिन महिलालाई आफ्नो जीउ-धन र सन्तानमा सधैं परीक्षाहरू जारी रहन्छ । यहाँसम्म उनीहरू कुनै पाप नरहेको अवस्थामा अल्लाहलाई भेट्ने छन् ।" [हसन] - [तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) बताउनुहुन्छ कि परीक्षाहरू र कष्टहरूले सधैं आस्थावान मानिसलाई घेरेका हुन्छन्। तिनको स्वास्थ्य र शरीरमा, सन्तानमा—रोग, मृत्यु, या अरू कुनै कठिनाइमा—र सम्पत्तिमा—गरिबी, व्यापारमा हानी, चोरी, र जीविकाको कठिनाईमा तिनीहरूलाई परखा गरिन्छ। यी कष्टहरूले उसको सम्पूर्ण पाप मेटिदिन्छन्, ताकि जब ऊ अल्लाहलाई भेट्छ, ऊ सम्पूर्ण पापबाट शुद्ध भएको हुन्छ।

## हदीसका केही फाइदाहरू:

1. आस्थावान भक्तहरूमाथि अल्लाहको कृपाको एउटा उदाहरण के छ भने उहाँले तिनीहरूबाट भएका पापहरूलाई सांसारिक समस्याहरू र विपत्तिहरू दिएर पखाल्नु हुन्छ ।
2. आस्थावानलाई कुनै विपत्ति आउँछ भने यसले पापहरू क्षमा गर्छ र जब सेवक धैर्यवान छ र क्रोधित हुँदैन भने उसले पुण्य पाउनेछ ।
3. मनपर्ने र नपर्ने सबै कुराहरूमा धैर्य गर्ने प्रेरित । अल्लाहको पुण्यको आशा गर्दै र उहाँको दण्डबाट भयभित हुँदै धैर्यताका साथ अल्लाहको आज्ञा पालन गर्नुपर्छ र उहाँले निषेधित गर्नुभएको कुराबाट टाढा बस्नु पर्छ ।

4. उहाँको भनाइ: "मुमिन पुरुष र मुमिन महिला" यसमा "मुमिनह" शब्द थपेर नारीको महत्वलाई दर्शाइएको प्रमाण हो । किनभने "मुमिन" शब्द पुरुषहरूका लागि विशेष होइनन्; यसमा महिला पनि समावेश छन् । त्यसैले जसरी महिलालाई विपत्तिमा समावेश गरिएको छ त्यसरी तिनलाई पाप र कुकर्महरूबाट प्रायश्चित गर्दा समान इनामको प्रतिज्ञा गरिएको छ ।
5. विपत्तिबाट प्राप्त हुने पुण्यले भक्तको पीडालाई विस्तारै सहज बनाउछ ।

(3159)

(275) – عَنْ صُهَيْبٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «**عَجَبًا لِأَمْرِ الْمُؤْمِنِ، إِنَّ أَمْرَهُ كُلَّهُ خَيْرٌ، وَلَيْسَ ذَاكَ لِأَحَدٍ إِلَّا لِلْمُؤْمِنِ، إِنْ أَصَابَتْهُ سَرَّاءُ شَكَرَ، فَكَانَ خَيْرًا لَهُ، وَإِنْ أَصَابَتْهُ ضَرَّاءُ صَبَرَ، فَكَانَ خَيْرًا لَهُ**». [صحيح] - [رواه مسلم]

(275) – सुहैब (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मुमिन (आस्थावान) को मामिला कति अचम्मको छ । उसको सम्पूर्ण मामिलामा उसको लागि भलाइ छ र त्यो मुमिन बाहेक अरू कसैको लागि होइन । यदि उसले खुशी पाउँछ भने यसको लागि धन्यवाद दिन्छ र यो उसको लागि राम्रो हो । यदि उसले कठिनाइको सामना गर्छ भने धैर्य गर्छ र यो उसको लागि राम्रो हुन्छ । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

**व्याख्या:**

नबी (सल्लल्लाहु अलैहि वसल्लम) मुमिनको मामिला र अवस्थालाई प्रशंसा गर्दै हुनुहुन्छ । किनभने उसका सबै अवस्थाहरू राम्रो छन् र यो मुमिन बाहेक अरू कसैलाई उपलब्ध छैन । यदि उसले खुसी पाउँछ भने अल्लाहलाई धन्यवाद दिन्छ अनि ऊ कृतज्ञताले पुरस्कृत हुन्छ । यदि उसलाई विपत्ति आइपर्छ भने ऊ धैर्य गर्छ र अल्लाहबाट इनाम खोज्छ र ऊ धैर्यताप्रति पुरस्कृत हुन्छ । यसरी उसले हरेक अवस्थामा इनाम पाउँछ ।

## हदीसका केही फाइदाहरू:

1. खुशीमा कृतज्ञ हुनु र कठिनाइमा धैर्यताको सद्गुण । जसले यी दुवै काम गर्छ, उसले दुवै लोकको कल्याण प्राप्त गर्दछ । जो आशिषको लागि कृतज्ञ हुँदैन र विपत्तिमा धैर्य गर्दैन ऊ इनामबाट बञ्चित हुनेछ र पापको हकदार हुनेछ ।
2. इमानको सद्गुण र हरेक मामिलामा पुण्य केवल मुमिनको लागि हो ।
3. खुशीमा कृतज्ञता व्यक्त गर्नु र संकटको समयमा धैर्य गर्नु आस्थावानहरूको मार्ग हो ।
4. कजा व कद्र (अल्लाहको फैसला र भाग्य) मा विश्वासले मानिसलाई सबै परिस्थितिहरूमा पूर्ण रूपमा सन्तुष्ट बनाउँछ । जबकि गैर-मुमिनहरूको अवस्था यो भन्दा बिल्कुल फरक हुन्छ । उसलाई हानि आउँदा निरन्तर क्रोधित हुन्छ र वरदान पायो भने नशामा डुबेर अल्लाहको उपासनाबाट विमुख भएर अवज्ञाकारी गर्न थाल्छ ।

(3298)

(276) – عن أبي موسى الأشعري رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «إِذَا مَرِضَ الْعَبْدُ أَوْ سَافَرَ كُتِبَ لَهُ مِثْلُ مَا كَانَ يَعْمَلُ مُقِيمًا صَحِيحًا». [صحيح] - [رواه البخاري]

(276) – अबू-मूसा अल्-अश्अरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "जब कुनै भक्त बिरामी हुन्छ वा यात्रा गर्दछ भने, उसको लागि घरमा बसेको बेला र स्वस्थ हुँदा गरेको उपासना बराबर प्रतिफल लेखिन्छ ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अल्लाहको कृपा र दयाको व्याख्या गर्दै भन्नु भयो कि यदि कुनै मुस्लिम लाई स्वस्थ हुँदा र घरमा बस्ने अवस्थामा

नियमित रूपले कुनै पुण्य कर्म गर्ने बानी छ, र पछि बिरामीले गर्दा वा यात्रामा व्यस्त भएकाले वा अन्य कुनै कारणले त्यो पुण्य कर्म गर्न नसकेमा, उसलाई स्वस्थ हुँदा र घरमा बस्ने अवस्थामा गरेको पुण्य कर्म को प्रतिफल बराबर नै प्रतिफल प्रदान गरिनेछ ।

## हदीसका केही फाइदाहरू:

1. यो हदीसले अल्लाहको कृपा आफ्ना भकतहरू प्रति अपार छ भन्ने कुरा प्रष्ट पार्छ ।
2. यस हदीसमा लगनशीलता साथ सत्कर्म गर्न प्रोत्साहित गरिएको छ, अनि स्वास्थ्य र फुर्सदको समयलाई सदुपयोग गर्न प्रोत्साहन दिइएको छ ।

(3553)

(277) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «بَادِرُوا بِالْأَعْمَالِ فِتَنًا كَقِطَعِ اللَّيْلِ الْمُظْلِمِ، يُصْبِحُ الرَّجُلُ مُؤْمِنًا وَيُمْسِي كَافِرًا، أَوْ يُمْسِي مُؤْمِنًا وَيُصْبِحُ كَافِرًا، يَبِيعُ دِينَهُ بِعَرَضٍ مِنَ الدُّنْيَا». [صحيح] - [رواه مسلم]

(277) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अन्धकारमय रातका टुक्रा जस्ता फित्ना (परीक्षाहरू) आउनेछन्, त्यसैले सत्कर्म गर्न हतार गर्नुहोस्। यस्तो समय आउनेछ, जब बिहान एक मानिस मुमिन हुन्छ तर साँझसम्ममा काफिर बन्न पुग्छ, अथवा साँझ मुमिन हुन्छ तर बिहान काफिर बन्छ। त्यो मानिस थोरै सांसारिक लाभका लागि आफ्नो धर्म बेच्नेछ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले मुमिन (आस्तिक) हरूलाई फित्ना (प्रलोभन) र शंकाहरूको आगमनबाट विचलित हुन अघि असल र राम्रा कर्महरू गर्न प्रोत्साहित गरिरहनु भएको छ । यी फित्ना (प्रलोभन) हरू अन्धकार

रातिको रूपमा देखा पर्नेछ, जसमा सत्य र असत्य सही र गलत यसरी मिसिनेछ कि मानिसलाई यी दुईबीच छुट्याउन गाह्रो हुनेछ । अवस्था यति भयावह हुनेछ, व्यक्ति बिहान आस्तिक रहन्छ, बेलुका काफिर बन्छ । बेलुका आस्तिक रहन्छ, बिहान काफिर बन्छ । यस संसारको क्षणिक भोगले गर्दा आफ्नो दीन (धर्म) लाई दुनियाँको तुच्छ चीजको सट्टामा बेच्नेछ ।"

## हदीसका केही फाइदाहरू:

1. बाधा अवरोध आउनुभन्दा पहिले धर्मलाई दृढतापूर्वक धारण गरेर धर्मकर्ममा तीव्र गतिमा अघि बढ्नुपर्छ ।
2. अन्तिम समयमा लगातार भ्रामक फित्ना (प्रलोभन) हरू आउने संकेत । एउटा प्रलोभन समाप्त भएको छैन उता अर्को प्रलोभन आउँछ ।
3. जब कुनै व्यक्तिको धर्म कमजोर हुँदै जान्छ र ऊ सांसारिक सुख-सम्पत्ति आदिको सट्टामा धर्मबाट विमुख हुन्छ भने यो उसको धर्मबाट विचलित हुन, धर्म त्याग गर्न र प्रलोभनको शिकार बन्न पुग्छ ।
4. असल कर्महरू प्रलोभनबाट मुक्तिका कारण हुन् भन्ने कुराको प्रमाण ।
5. फित्ना (प्रलोभन) हरू दुई प्रकारका छन्: शंकाको प्रलोभन, जसको उपचार ज्ञान हो र इच्छाहरूको प्रलोभन, जसको उपचार विश्वास र धैर्य हो ।
6. जसको सत्कर्म थोरै हुन्छ, प्रलोभनले उसलाई छिटो आफ्नो शिकार बनाउछ र जसको सत्कर्म धेरै छ, उसले आफूसँग भएको धर्मकर्मले धोका खानु हुँदैन, बरु अझै बढी सत्कर्म गर्नुपर्छ भनेर प्रोत्साहन ।

(3138)

(278) – عن معاوية رضي الله عنه قال: سمعت النبي صلى الله عليه وسلم يقول: «مَنْ يُرِدِ اللهُ بِهِ خَيْرًا يُفَقِّهْهُ فِي الدِّينِ، وَإِنَّمَا أَنَا قَاسِمٌ، وَاللهُ يُعْطِي، وَلَنْ تَزَالَ هَذِهِ الْأُمَّةُ قَائِمَةً عَلَى أَمْرِ اللهِ، لَا يَضُرُّهُمْ مَنْ خَالَفَهُمْ، حَتَّى يَأْتِيَ أَمْرُ اللهِ». [صحيح] - [متفق عليه]

(278) – मुआविया (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "अल्लाहले जसको लागि भलाइ चाहनुहुन्छ, उसलाई धर्मको गहिराइका साथ समझ दिनुहुन्छ। म त केवल (ज्ञान)बाँड्नेवाला हुँ, दाता त अल्लाह हुन् । यो उम्मत सधैं अल्लाहको आदेशमा अडिग रहिरहनेछ, अल्लाहको आदेश नआएसम्म यसको विरोध गर्नेहरूले तिनीहरूलाई हानि गर्न सक्नेछैनन् ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, अल्लाहले जसको लागि भलाइ चाहनुहुन्छ, उसलाई धर्मको गहिराइका साथ समझ दिनुहुन्छ । अनि उहाँ (अलैहि सलात वस्सलाम) केवल (ज्ञान) बाड्ने हुन्, उहाँ अल्लाहले प्रदान गर्नुभएको जीविका र ज्ञान आदि बाँड्नु हुन्छ, जबकि वास्तविक दाता अल्लाह हुन् । उहाँ बाहेक अरू सबै केवल माध्यम हुन् जसले अल्लाहको अनुमति बिना फाइदा पुर्याउँन सक्दैनन्। यो उम्मत (राष्ट्र) कयामतको दिनसम्म अल्लाहको धर्ममा अडिग रहनेछ र विरोध गर्नेहरूले कुनै हानि गर्न सक्ने छैनन्, यहाँसम्म कि कयामत आउँछ ।

## हदीसका केही फाइदाहरू:

1. इस्लामिक ज्ञानको महत्व अनि यस ज्ञान लाई सिक्ने प्रोत्साहन ।
2. सत्यलाई समर्थन गर्ने यो उम्मत (राष्ट्र) मा एक समूह अवस्थित हुनुपर्छ । यदि एक समूहले यसलाई बेवास्ता गर्छन् भने, अर्को समूहले गर्नुपर्दछ।
3. यदि कसैले धर्मको ज्ञान प्राप्त गर्छ भने यो अल्लाहले उसको लागि भलाइ गर्न चाहनुहुन्छ भन्ने संकेत हो ।

4. रसूल (सल्लल्लाहु अलैहि वसल्लम)ले (ज्ञान, धन आदि) केवल अल्लाहको आदेश र इच्छा अनुसार दिनुहुन्छ र उहाँसँग केही पनि छैन ।

(5518)

(279) – عَنْ جَابِرِ بْنِ عَبْدِ اللَّهِ رضي الله عنهما أَنَّ النَّبِيَّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ قَالَ: «لَا تَعَلَّمُوا الْعِلْمَ لِتُبَاهُوا بِهِ الْعُلَمَاءَ، وَلَا لِتُمَارُوا بِهِ السُّفَهَاءَ، وَلَا تَخَيَّرُوا بِهِ الْمَجَالِسَ، فَمَنْ فَعَلَ ذَلِكَ، فَالنَّارُ النَّارُ». [صحيح] - [رواه ابن ماجه]

(279) – जाबिर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "विद्वानहरूसँग बहस गर्न र अज्ञानीहरूसँग वाद-विवाद गर्न र सभाहरूमा प्रमुख पद प्राप्त गर्नको लागि ज्ञान प्राप्त नगर्नुहोस्, जसले यसो गर्छ, उसको वासस्थान आगो (नर्क) हुनेछ ।" [सही] - [इब्ने माजहले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उलमा (विद्वान) हरूसँग बहस गर्ने र 'म पनि तिमीहरू जस्तै विद्वान हुँ' भनी गर्व र सेखी देखाउन, अज्ञानी र कम बुद्धि भएकाहरूसँग वाद-विवाद गर्ने र सभाहरूमा अग्रपंक्तिमा बस्ने मौका पाउने मनसायले ज्ञान (इल्म) प्राप्त गर्नबाट कडाइका साथ मनाही गर्नुभएको छ । र जसले त्यस्तो गर्छ, उ आफ्नो पाखण्ड र ज्ञानको प्राप्तिमा सत्यनिष्ठा नभएको कारणले नरकको भागीदार बन्नेछ।

## हदीसका केही फाइदाहरू:

1. घमण्ड गर्ने, झगडा गर्ने वा सभाको अध्यक्षता प्राप्त गर्ने आदि मनसायले ज्ञान प्राप्त गर्नेलाई नर्कको यातनाको धम्की दिइएको छ ।
2. ज्ञान सिक्ने र सिकाउने व्यक्तिको नियतमा (अल्लाहको निम्ति) सत्यनिष्ठा हुनु र धेरै महत्त्वपूर्ण छ ।

3. सम्पूर्ण कार्यहरू नियतमा आधारित हुन्छन् र त्यही अनुसार प्रतिफल प्राप्त हुन्छ ।

(65047)

(280) – عن عثمان رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «خَيْرُكُمْ مَنْ تَعَلَّمَ الْقُرْآنَ وَعَلَّمَهُ». [صحيح] - [رواه البخاري]

(280) – उसमान बिन अफ्फान (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तिमीहरूमध्ये सबैभन्दा राम्रो व्यक्ति त्यो हो जसले कुरआन आफैं सिक्छ र अरूलाई सिकाउँछ ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, अल्लाहको नजरमा सबैभन्दा उत्कृष्ट मुस्लिम त्यो हो जसले कुर्आन सिक्यो, अर्थात् यसको तिलावत (पाठ) सिक्यो, यसलाई कण्ठ गर्यो, राम्रोसँग पढ्न सिक्यो र यसको अर्थ, व्याख्या र आशा अभिलाषा सिक्यो र साथै आफूसँग भएको कुर्आनको ज्ञानको अभ्यास गर्दै अरूलाई पनि सिकायो ।

## हदीसका केही फाइदाहरू:

1. कुर्आनको महत्त्व र यो सबैभन्दा उत्कृष्ट वाणी हो; किनभने यो अल्लाहको कलाम (वचन) हो ।
2. सबै भन्दा राम्रो शिक्षक त्यो हो जसले अरूलाई सिकाउँछ र ज्ञानलाई आफुमा सीमित राख्दैन ।
3. कुर्आन सिक्ने र सिकाउनुमा यसको पठन, अर्थ, आदेश र निर्देशनहरू
4. सबै समावेश छन् ।

(5913)

(281) – عَنْ أَبِي عَبْدِ الرَّحْمَنِ السُّلَمِي رحمه الله قَالَ: حَدَّثَنَا مَنْ كَانَ يُقْرِئُنَا مِنْ أَصْحَابِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ أَنَّهُمْ كَانُوا يَقْتَرِئُونَ مِنْ رَسُولِ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ عَشْرَ آيَاتٍ، فَلَا يَأْخُذُونَ فِي الْعَشْرِ الْأُخْرَى حَتَّى يَعْلَمُوا مَا فِي هَذِهِ مِنَ الْعِلْمِ وَالْعَمَلِ، قَالُوا: فَعَلِمْنَا الْعِلْمَ وَالْعَمَلَ.
[حسن] - [رواه أحمد]

(281) – अबु अब्दुर्रहमान सुलमी भन्छन्: "हामीलाई शिक्षा दिने नबि (सल्लल्लाहु अलैहि वसल्लम)का साथीहरूले हामीलाई बताए कि, उनीहरू नबि (सल्लल्लाहु अलैहि वसल्लम)बाट दश श्लोकहरू पढ्थे। त्यसपछि, ती दश श्लोकहरूमा रहेको ज्ञान र कर्म  राम्रोसँग नबुझ्ने सम्म अर्को दश श्लोकहरू सिक्दैन्थे। सहाबाले भने: 'त्यसरी नै हामीले ज्ञान र कर्म (इल्म र अमल)  दुवै प्राप्त गर्यौं।' [हसन] - [अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) का साथीहरूको कुर्आन सिक्ने तरिका के थियो भने, उनीहरू रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट दश श्लोकहरू सिक्ने गर्थे र ती दश श्लोकहरूमा रहेको ज्ञान र कर्म नसिकेसम्म अन्य दश श्लोकहरू सिक्दैन्थे । यसरी उनीहरु ज्ञान र अभ्यास (इल्म र अमल) दुवै एकैसाथ सिक्न सफल भए ।

## हदीसका केही फाइदाहरू:

1. यसमा सहाबाहरूको महानता र कुर्आन सिक्न प्रति उहाँहरूको उत्सुकता बारे बताइएको छ।
2. कुर्आन पढ्नु भनेको यसको ज्ञान प्राप्त गर्नु र यस अनुसार कार्यान्वयन गर्नु हो, यसलाई पढ्ने र कण्ठ गर्ने मात्र होइन ।
3. केही भन्नु वा गर्नु अघि ज्ञान प्राप्त गर्नु अनिवार्य छ ।

(65058)

(282) – عن عبد الله بن مسعود رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «مَنْ قَرَأَ حَرْفًا مِنْ كِتَابِ اللهِ فَلَهُ بِهِ حَسَنَةٌ، وَالْحَسَنَةُ بِعَشْرِ أَمْثَالِهَا، لَا أَقُولُ {الم} حَرْفٌ، وَلَكِنْ {أَلِفٌ} حَرْفٌ، وَ{لَامٌ} حَرْفٌ، وَ{مِيمٌ} حَرْفٌ». [حسن] - [رواه الترمذي]

(282) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले अल्लाहको पुस्तक (कुर्आन) को एक अक्षर पढ्छ, उसले एउटा पुण्य प्राप्त गर्दछ र एक पुण्यलाई दश गुणा दिइन्छ । 'अलिफ- लम-मीम' एक अक्षर हो भनेर म भन्दिनँ, तर अलिफ एक अक्षर हो, लाम एक अक्षर हो र मीम एक अक्षर हो ।" [हसन] - [तिर्मीजीले वर्णन गरेका छन्]

## व्याख्याः

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले बताउनुभएको छ, जब कुनै मुस्लिमले अल्लाहको किताबको एक अक्षर पढ्छ, उसले बदलामा एक नेकी (पुण्य) पाउँछ र एक पुण्यलाई दस गुणा बढाइन्छ ।

त्यसपछि उहाँले प्रष्ट पार्दै भन्नुभयो, “म अलिफ, लाम, मीम एउटै अक्षर हो भन्दिनं, तर अलिफ एक अक्षर हो, लाम एक अक्षर र मीम एक अक्षर हो । यसरी तीन अक्षरलाई पढ्दा तीस पुण्य मिल्छ ।

## हदीसका केही फाइदाहरूः

1. अत्यधिक कुर्आनको तिलावत गर्ने प्रोत्साहन।
2. कुर्आन पढ्ने व्यक्तिले उसले पढेको प्रत्येक अक्षरप्रति एक नेकी (पुण्य) पाउँछ र एक पुण्यलाई दस गुणा बढाइन्छ ।
3. अल्लाहको अपार कृपा र दया हो कि उहाँले आफ्ना सेवकहरूको इनाम बढाएर प्रशस्त मात्रामा दिनुहुन्छ ।

4. अन्य वाणीहरू भन्दा कुर्आनको श्रेष्ठता र यसको तिलावत (पठन) उपासना हो; किनभने यो कुर्आन अल्लाहको वचन हो ।

(6275)

(283) – عن عبد الله بن عمرو رضي الله عنهما قال: قال رسول الله صلى الله عليه وسلم: «يقالُ لصاحبِ القرآن: اقرَأ وارتَقِ، ورتِّل كما كُنْتَ ترتِّل في الدُنيا، فإن منزِلَكَ عندَ آخرِ آية تقرؤها». [حسن] - [رواه أبو داود والترمذي والنسائي في الكبرى وأحمد]

(283) – अब्दुल्लाह बिन अम्र (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "कुरआन पढ्ने व्यक्तिलाई भनिनेछ: पढ्दै गर र माथि श्रेणीमा आरोहण गर्दै गर । तिमीले संसारमा जसरी तिलावत (वाचन) गर्थ्यौ, त्यस्तै पढ्दै गर, किनकि तिम्रो स्थान तिमी अन्तिम आयत(श्लोक) पढ्दै जहाँ पुग्छौ, त्यहीँ हुनेछ।" [हसन] - [अबू दाउद, तिर्मीजी र निसाईले कुब्रामा र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, सधैं कुरआन पढ्ने, त्यसलाई कण्ठ पार्ने र त्यही अनुसार कर्म गर्ने व्यक्तिलाई, स्वर्गमा प्रवेश गरिसकेपछि भनिनेछ : कुरआन पढ्दै गर र माथि श्रेणीमा आरोहण गर्दै गर। तिमीले जसरी संसारमा सम्झेर मनन गर्दै विस्तारै तिलावत गर्थ्यौ, त्यसैगरी पढ्दै गर; तिम्रो स्थान तिमी अन्तिम आयत(श्लोक) पढ्दै जहाँ पुग्छौ, त्यहीँ हुनेछ।

## हदीसका केही फाइदाहरू:

1. कर्महरूको प्रतिफल मात्रा र कैफियत अनुसार प्रदान गरिनेछ ।
2. यस हदीसमा कुर्आनको तिलावत (वाचन) गर्ने, हिफ्ज (कण्ठ) गर्ने, मनन गर्ने र त्यस अनुसार कर्म गर्न प्रोत्साहन दिइएको छ ।

3. स्वर्गमा धेरै श्रेणी र स्तरहरू छन्, कुर्आनको ज्ञान प्राप्त गरेको मानिसहरूले स्वर्गको उच्चतम स्तर प्राप्त गर्नेछन् ।

(65054)

(284) – عَنْ أَبِي هُرَيْرَةَ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «أَيُحِبُّ أَحَدُكُمْ إِذَا رَجَعَ إِلَى أَهْلِهِ أَنْ يَجِدَ فِيهِ ثَلَاثَ خَلِفَاتٍ عِظَامٍ سِمَانٍ؟» قُلْنَا: نَعَمْ. قَالَ: «فَثَلَاثُ آيَاتٍ يَقْرَأُ بِهِنَّ أَحَدُكُمْ فِي صَلَاتِهِ خَيْرٌ لَهُ مِنْ ثَلَاثِ خَلِفَاتٍ عِظَامٍ سِمَانٍ». [صحيح] - [رواه مسلم]

(284) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "तिमीहरू मध्ये कसैले आफ्नो परिवारमा फर्किंदा तीनवटा ठूला, मोटा गाभिन ऊँटहरू पाउन चाहन्छ ? हामीले भन्यौं: अवश्य! नै चाहन्छौं, उहाँले भन्नुभयो: "तिमीहरू मध्ये कसैले आफ्नो नमाजमा तीनवटा श्लोकहरू पढ्नु, उसको लागि तीनवटा ठूला, मोटो र गाभिन ऊँटहरू भन्दा राम्रो हो ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले स्पष्ट पार्नुभएको छ कि नमाजमा तीन श्लोकहरू पढ्नु को पुण्य, मानिसले आफ्नो घरमा तीनवटा ठूला, मोटो र गाभिन ऊँटनीहरू पाउनु भन्दा राम्रो हो।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसले नमाजमा कुर्आन वाचनको महत्व दर्शाउँछ ।
2. असल कर्महरू संसारका नाशवान् सुखभोगभन्दा उत्तम र चिरस्थायी हुन्छन्।
3. यो पुण्य केवल तीन श्लोक पढ्नुमा सीमित छैन, बरु, जसले नमाजमा जति धेरै श्लोकहरू पढ्छ, उसको पुण्य त्यति नै बढ्दै जान्छ ।

(65053)

(285) – عن أبي موسى الأشعري رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «تَعَاهَدُوا هَذَا الْقُرْآنَ، فَوَالَّذِي نَفْسُ مُحَمَّدٍ بِيَدِهِ لَهُوَ أَشَدُّ تَفَلُّتًا مِنَ الْإِبِلِ فِي عُقُلِهَا». [صحيح] - [متفق عليه]

(285) – अबू-मूसा अल्-अश्अरी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "यो कुर्आनलाई निरन्तर पढिराख । अल्लाहको कसम; जसको कब्जामा मेरो प्राण छ, त्यो कुरआन (याददाश्तबाट) बाँधिएको ऊँटभन्दा अझ छिटो फुत्कन्छ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले कुर्आनको ख्याल राख्न र यसलाई कडाईका साथ पढ्न आदेश दिनुभएको छ, ताकि एक व्यक्तिले यसलाई आफ्नो छातीमा कण्ठ गरेपछि नबिर्सियोस्। उनले आफ्नो शपथ खाएर यस कुरामा झन् जोड दिएका छन् कि बाँधिएको ऊँटभन्दा अझ छिटो फुत्कन्छ यो कुरआन मानिसको छातीबाट। यदि मानिसले ख्याल राख्यो भने त्यो रहन्छ र ध्यान दिएन भने त्यो निस्कन्छ ।

## हदीसका केही फाइदाहरू:

1. कुर्आनको हाफिजले कडाईका साथ पाठ गरिरह्यो भने त्यो हृदयमा सुरक्षित रहन्छ, अन्यथा स्मृतिबाट बाहिर जान्छ ।
2. कुरआनलाई नियमित रूपमा पढ्नुको एउटा फाइदा: यसमा धेरै पुण्य निहित छ र यसले न्यायको दिनमा व्यक्तिको हैसियत बढाउँछ ।

(5907)

(286) – عن أبي هريرة رضي الله عنه: أن رسول الله صلى الله عليه وسلم قال: «لَا تَجْعَلُوا بُيُوتَكُمْ مَقَابِرَ، إِنَّ الشَّيْطَانَ يَنْفِرُ مِنَ الْبَيْتِ الَّذِي تُقْرَأُ فِيهِ سُورَةُ الْبَقَرَةِ». [صحيح] - [رواه مسلم]

(286) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "आफ्ना घरहरूलाई चिहान नबनाउ, किनकि शैतान त्यो घरबाट भाग्छ जहाँ सुरह बकरह पढिन्छ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले घरहरूमा नमाज पढ्न प्रेरित गर्नुभयो, नत्र ती घरहरू चिहानहरू जस्तै बन्नेछन्, जसमा कसैले प्रार्थना गर्दैन ।

"त्यसपछि उहाँले भन्नुभयो, वास्तवमा शैतान त्यो घरबाट भाग्छ जहाँ सुरा बकरह पढिन्छ ।"

## हदीसका केही फाइदाहरू:

1. घरमा इबादतहरूको संख्या बढाउने र नफिल नमाज पढ्ने कुराको प्रोत्साहन गरिएको छ।
2. कब्रिस्तान (चिहान) मा नमाज पढ्न पाइँदैन । किनभने यो शिर्क, पाखण्ड र चिहानमा गाडिएका मानिसहरूको बारेमा गुलु (बढाइचढाइ) को माध्यम हो ,तर जनाजा (अन्त्येष्टि) को नमाज बाहेक ।
3. कब्रिस्तान (चिहान) नजिक नमाज पढ्न निषेध गरिएको तथ्य सहाबहरू बीच स्थापित भएको हुनाले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले घरहरूलाई चिहान जस्तो नबनाउन आदेश दिनु भयो जहाँ नमाज पढिदैन ।

(6208)

(287) – عَنْ أُبَيِّ بْنِ كَعْبٍ رضي الله عنه قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «يَا أَبَا الْمُنْذِرِ، أَتَدْرِي أَيُّ آيَةٍ مِنْ كِتَابِ اللهِ مَعَكَ أَعْظَمُ؟» قَالَ: قُلْتُ: اللهُ وَرَسُولُهُ أَعْلَمُ. قَالَ: «يَا أَبَا الْمُنْذِرِ، أَتَدْرِي أَيُّ آيَةٍ مِنْ كِتَابِ اللهِ مَعَكَ أَعْظَمُ؟» قَالَ: قُلْتُ: {اللهُ لا إِلَهَ إِلا هُوَ الْحَيُّ الْقَيُّومُ} [البقرة: 255]. قَالَ: فَضَرَبَ فِي صَدْرِي، وَقَالَ: «وَاللهِ لِيَهْنِكَ الْعِلْمُ، أَبَا الْمُنْذِرِ». [صحيح] - [رواه مسلم]

(287) – उबै बिन काअ्ब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "हे अबुल मुन्जिर! के तिमीलाई थाहा छ, अल्लाहको पुस्तकको कुन आयत (श्लोक) सबैभन्दा महान् हो ?" उनले भने: अल्लाह र उहाँका रसूललाई राम्रोसँग थाहा छ । उहाँले (दोस्रो पटक) सोध्नुभयो: "हे अबुल मुन्जिर! के तिमीलाई थाहा छ, अल्लाहको पुस्तकको कुन आयत (श्लोक) सबैभन्दा महान हो ?" उनी भन्छन्, मैले भने: {अल्लाहु लाइला-ह इल्ला हुवल-हय्युल कय्यूम} [सूरह अल-बकरह : २५५] उनी भन्छन् : यो सुनेर उहाँले मेरो छाती थपथप्याउनु भयो र भन्नुभयो: "अल्लाहको कसम! हे अबुल मुन्जिर! तिम्रो लागि यो ज्ञान श्रेयस्कर होस् ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले उबै बिन काअ्ब (रजियल्लाहु अन्हु) सगँ अल्लाहको पुस्तकको सबैभन्दा महान् आयातको बारेमा सोध्नु भयो र उनी जवाफ दिन हिचकिचाए तर पछि उनले जवाफ दिए : महान् श्लोक आयतुल-कुर्सी; {अल्लाहु लाइला-ह इल्ला हुवल-हय्युल कैयूम} हो। नबी(सल्लल्लाहु अलैहि वसल्लम)ले उनको जवाफ लाई स्वीकृत गर्नुभयो र उनको छाती ज्ञान र विवेकले भरिएको छ भनेर संकेत गर्न उनको छाती आफ्नो हातले थपथप्याउनु भयो । यो ज्ञान उनको लागि खुशीको स्रोत बनोस् र ज्ञान प्राप्ती सहज होस् भन्ने कामना पनि उहाँले गर्नुभयो ।

## हदीसका केही फाइदाहरू:

1. यस बाट उबै बिन काअ्ब (रजियल्लाहु अन्हु) को श्रेष्टता प्रस्ट हुन्छ ।

2. कुर्आनको सबैभन्दा ठूलो श्लोक आयतुल-कुर्सी हो भन्ने कुराको प्रमाण, अतः यसलाई कण्ठ गर्नु, यसमा मनन गर्नु र यस अनुसार कर्म गर्नु आवश्यक छ ।

(65059)

(288) – عن أبي مسعود رضي الله عنه قال: قال النبي صلى الله عليه وسلم: «مَنْ قَرَأَ بِالْآيَتَيْنِ مِنْ آخِرِ سُورَةِ الْبَقَرَةِ فِي لَيْلَةٍ كَفَتَاهُ». [صحيح] - [متفق عليه]

(288) – अब्दुल्लाह बिन मसऊद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले रातमा सूरह अल-बकरहको अन्तिम दुईवटा आयत पढ्छ, त्यो उसको लागि पर्याप्त हुन्छन् ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुहुन्छ, जसले रातमा सूरह बकराहको अन्तिम दुई आयत पढ्छ, अल्लाहले उसलाई दुष्ट र अप्रिय चीजहरूबाट बचाउँछन्। यो उनको लागि तहज्जुद नमाजको सट्टामा पर्याप्त छ। जबकि कतिपय विद्वानहरूले अन्य अज्कारको स्थानमा यी दुई आयत पर्याप्त रहेको बताएका छन् । यी दुई आयत नमाजमा पढ्दा पर्याप्त हुन्छ, आदि इत्यादि । माथि उल्लेख गरिएका सबै कुराहरू सही छन् र यसमा समावेश छन् ।

## हदीसका केही फाइदाहरू:

1. सूरह बकरहको अन्तिम दुई आयतहरूको सद्गुण र यो अल्लाहको भनाइ 'आम-नर्रसूलु' देखि सूरहको अन्त्यसम्म हो ।
2. राती सूरह बकरहको अन्तिम दुई आयतहरू पढ्दा मानिस दुष्ट र शैतानबाट सुरक्षित रहन्छ ।

3. रात सूर्यास्त पछि सुरु हुन्छ र बिहान सम्म रहन्छ ।

(6274)

(289) – عن النعمان بن بَشِير رضي الله عنه قال: سمعت النبيَّ صلى الله عليه وسلم يقول: «الدُّعَاءُ هُوَ الْعِبَادَةُ»، ثُمَّ قَرَأَ: «{وَقَالَ رَبُّكُمُ ادْعُونِي أَسْتَجِبْ لَكُمْ إِنَّ الَّذِينَ يَسْتَكْبِرُونَ عَنْ عِبَادَتِي سَيَدْخُلُونَ جَهَنَّمَ دَاخِرِينَ} [غافر: 60]». [صحيح] - [رواه أبو داود والترمذي وابن ماجه وأحمد]

(289) – नोअ्मान बिन बशीर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो: "दुआ (प्रार्थना) नै उपासना हो ।" त्यसपछि उहाँले यो श्लोक पढ्नुभयो : "तिम्रो प्रभुले भन्नुभएको छः मलाई पुकार, म तिम्रो प्रार्थना स्वीकार गर्नेछु । निस्सन्देह, मेरो उपासनादेखि विमुख हुनेहरू चाँडै अपमानित हुनेछन् र नरकमा प्रवेश गर्नेछन् ।" [सूह गाफिर: ६०] [सही] - [अबू दाउद, तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

**व्याख्या:**

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले दुआ (प्रार्थना) उपासना हो भनेर भन्नु भएको छ । तसर्थ, दुआ (प्रार्थना) केवल अल्लाहको लागि हुनुपर्छ । चाहे त्यो सामान्य दुआ (प्रार्थना) होस्, जस्तैः अल्लाहसँग संसार र परलोकमा भएभरको लाभदायक कुराको लागि प्रार्थना गर्नु तथा हानिकारक चीजबाट सुरक्षा खोज्नु । वा उपासनामा आधारित प्रार्थना होस्, जस्तैः अल्लाहले मनपराउने हरेक बाह्य तथा आन्तरिक वाचन, कर्महरू; यसमा आध्यात्मिक, भौतिक र आर्थिक सबै उपासनाहरू समावेश छन् ।

तब नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यसको प्रमाण प्रस्तुत गर्दै भन्नुभयो: अल्लाह भन्नुहुन्छ: "मसँग प्रार्थना गर, म तिम्रो प्रार्थना स्वीकार गर्नेछु । निस्सन्देह, जसले मेरो उपासना गर्दैन, तिनीहरू छिट्टै अपमानित हुन्छन् र नरकमा प्रवेश गर्नेछन् ।"

## हदीसका केही फाइदाहरू:

1. दुआ उपासनाको मुख्य रूप हो, त्यसैले अल्लाह बाहेक अरू कसैसित दुआ माग्नु अनुमति छैन ।
2. दुआमा दासताको वास्तविकता, अल्लाह निरपेक्ष र शक्तिशाली हुनुहुन्छ भन्ने कुराको पहिचान र उहाँप्रति सेवकको समर्पण समावेश छ ।
3. अल्लाहको उपासना र उहाँसंग प्रार्थना नगर्ने अहंकारीहरूका लागि कडा चेतावनी । तिनीहरु अपमानित भएर नर्कमा प्रवेश गर्नेछन् ।

(5496)

(290) – عن عائشة رضي الله عنها قالت: كَانَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَذْكُرُ اللهَ عَلَى كُلِّ أَحْيَانِهِ. [صحيح] - [رواه مسلم]

(290) – आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छिन्: नबी (सल्लल्लाहु अलैहि वसल्लम) हरेक परिस्थितिमा अल्लाहलाई याद(स्मरण) गर्नुहुन्थ्यो । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

आइशा (रजियल्लाहु अन्हा) भन्छिन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहको जिक्र गर्न धेरै उत्सुक हुनुहुन्थ्यो । उहाँ जहिले पनि हरेक समय, हरेक ठाउँ र हरेक अवस्थामा अल्लाहलाई याद गर्नुहुन्थ्यो ।

## हदीसका केही फाइदाहरू:

1. अल्लाहको जिक्र (स्मरण) को लागि सानो र ठूलो अपवित्रताबाट शुद्ध हुनु शर्त होइन ।
2. नबी (सल्लल्लाहु अलैहि वसल्लम) निरन्तर अल्लाहको जिक्र (स्मरण) गर्नुहुन्थ्यो ।

3. नबी (सल्लल्लाहु अलैहि वसल्लम) को पाइला पछ्याउँदै हरेक परिस्थितिमा अल्लाहको धेरै जिक्र गर्न प्रेरणा । यद्यपि, ती अवस्थाबाहेक जसमा जिक्र गर्न निषेध गरिएको छ, जस्तै दिसापिसाबको अवस्थामा ।

(8402)

(291) – عن أبي هريرة رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «لَيْسَ شَيْءٌ أَكْرَمَ عَلَى اللهِ تَعَالَى مِنَ الدُّعَاءِ». [حسن] - [رواه الترمذي وابن ماجه وأحمد]

(291) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहको नजरमा प्रार्थना भन्दा सम्मानित र महान अरु केही छैन ।" [हसन] - [तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले दुआ (प्रार्थना) भन्दा राम्रो कुनै उपासना छैन भनेर भन्नुभयो । किनकि यसमा एकातिर अल्लाहको निरपेक्षता र सम्पन्नता छ भने अर्कोतिर दासको उहाँमाथिको निर्भरता र अभावको स्वीकृति छ ।

## हदीसका केही फाइदाहरू:

1. दुआ (प्रार्थना) को महत्व र अल्लाहलाई प्रार्थना गर्नेले वास्तवमा अल्लाहको सम्मान गर्दछ र उहाँ सबैभन्दा धनी हुनुहुन्छ भनेर स्वीकार गर्दछ, किनकि गरिबबाट केही माग्न सकिँदैन । उहाँ सुन्नुहुन्छ, किनभने बहिराहरूलाई पुकार्दैनन् । उहाँ दयालु हुनुहुन्छ, किनकि कंजूससित केही मागिदैन । उहाँ दयालु हुनुहुन्छ, किनकि कठोर हृदयलाई प्रार्थना गरिदैन । उहाँ नजिक हुनुहुन्छ, किनकि टाढाकोले सुन्न सक्दैन । अल्लाहका यी र यस्तै अन्य गुणहरू यस हदीसबाट प्रमाणित हुन्छन् ।

(5509)

(292) – عَنْ أَنَسٍ رضي الله عنه قَالَ: كَانَ رَسُولُ اللهِ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ يُكْثِرُ أَنْ يَقُولَ: «يَا مُقَلِّبَ الْقُلُوبِ ثَبِّتْ قَلْبِي عَلَى دِينِكَ»، فَقُلْتُ: يَا رَسُولَ اللهِ، آمَنَّا بِكَ وَبِمَا جِئْتَ بِهِ فَهَلْ تَخَافُ عَلَيْنَا؟ قَالَ: «نَعَمْ، إِنَّ الْقُلُوبَ بَيْنَ أُصْبُعَيْنِ مِنْ أَصَابِعِ اللهِ يُقَلِّبُهَا كَيْفَ يَشَاءُ». [صحيح] - [رواه الترمذي وأحمد]

(292) – अनस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उनी भन्छन्: रसूल (सल्लल्लाहु अलैहि वसल्लम) प्रायः निम्न दुआ गर्नुहुन्थ्यो : 'या मुकल्लिबल-कुलूब, सब्बित कल्बी अला दीनिक' अर्थ : "हे हृदयहरू परिवर्तन गर्ने! मेरो हृदयलाई तपाईंको धर्ममा अडिग बनाउनुहोस् ।" मैले भने: हे अल्लाहका रसूल! हामीले तपाईं र तपाईंले ल्याउनुभएको धर्ममा विश्वास गरेका छौं । तैपनि तपाईं हाम्रो मामिलामा डराउनुहुन्छ? उहाँले भन्नुभयो: "हो, निस्सन्देह हृदयहरू अल्लाहका दुई औंलाहरू बीचमा छन् । उहाँले तिनीहरूलाई जसरी चाहनुहुन्छ फेर्नुहुन्छ ।" [सही] - [तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) प्रायः दीन (धर्म) र आज्ञाकारितामा अडिग रहन तथा पथभ्रष्ट र छलबाट टाढा राख्न दुआ (प्रार्थना) गर्नुहुन्थ्यो । अनस बिन मालिक (रजियल्लाहु अन्हु) ले नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यो दुआ बारम्बार पढेको हेर्दा छक्क परे । त्यसैले नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई भन्नुभयो, मानिसहरूको हृदय अल्लाहका दुई औंलाहरू बीचमा हुन्छ । उहाँले तिनीहरूलाई जसरी चाहनुहुन्छ फेर्नुहुन्छ । वास्तवमा, हृदय ईमान र कुफ्र (विश्वास र अविश्वास) दुवैको स्थान हो । यसको अत्यधिक परिवर्तनले गर्दा यसलाई हृदय भनिन्छ; उम्लिरहेको भाँडो भन्दा बढी पल्टिने खतरा यसमा हुन्छ । अल्लाहले जसलाई चाहनुहुन्छ, उसको हृदयलाई मार्गदर्शन र धर्ममा अडिग राख्नुहुन्छ र जसलाई चाहनुहुन्छ उसको हृदयलाई पथभ्रष्ट र भ्रामकतामा फर्काउनु हुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. "नबी (सल्लल्लाहु अलैहि वसल्लम) को आफ्ना पालनकर्तासामु विनम्रता र दीनता, अनि उम्मतलाई पनि त्यही अपनाउन सिकाउनु।
2. "धर्ममा दृढता र सिधा मार्गमा अडिग रहनुको महत्त्व, किनकि अन्य नै सबैभन्दा महत्त्वपूर्ण हुन्छ।"
3. धर्ममा अडिग रहन दासले आँखा झिम्काउन बराबर पनि अल्लाहदेखि निरपेक्ष हुन सक्दैन ।
4. नबी (सल्लल्लाहु अलैहि वसल्लम) को पालना गर्दै यो दुआ धेरै पढ्न प्रोत्साहन ।
5. इस्लाममा दृढता सबैभन्दा ठूलो वरदान हो, जसको लागि दासले प्रयास गर्नुपर्छ र आफ्नो पालनकर्तालाई धन्यवाद दिनुपर्छ ।

(3142)

(293) – عَنْ عَبْدِ اللَّهِ بْنِ عَمْرِو بْنِ الْعَاصِ رضي الله عنهما قَالَ: قَالَ رَسُولُ اللَّهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «إِنَّ الْإِيمَانَ لَيَخْلَقُ فِي جَوْفِ أَحَدِكُمْ كَمَا يَخْلَقُ الثَّوْبُ الْخَلِقُ، فَاسْأَلُوا اللَّهَ أَنْ يُجَدِّدَ الْإِيمَانَ فِي قُلُوبِكُمْ». [صحيح] - [رواه الحاكم والطبراني]

(293) – अब्दुल्लाह बिन अम्र बिन आस (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : "निश्चय नै कपडा जसरी पुरानो हुन्छ त्यसरी तिमीहरूको हृदयमा ईमान (आस्था) पनि पुरानो हुँदै जान्छ। त्यसैले अल्लाहसँग हृदयको ईमानलाई सधैँ नयाँ बनाइरहनुको निमित्त प्रार्थना गर्दै गर्नु । [सही] - [हाकिम र तबरानीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, मुस्लिमको हृदयमा ईमान त्यसरी नै पुरानो र कमजोर हुँदै जान्छ जसरी नयाँ कपडा लामो

समयसम्म प्रयोग गरेपछि पुरानो भइजान्छ । र यो आस्थाको कमजोरी उपासनामा सुस्ती, पापको कार्यहरू, वा वासनामा डुबेको कारणले हुन्छ । त्यसैले, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)ले हामीलाई फर्ज(अनिवार्य) कर्महरू पूरा गर्ने, अल्लाहको धेरै स्मरण (जिक्र) गर्ने र उहाँसँग क्षमा याचना गर्नेद्वारा हाम्रो ईमानलाई नवीकरण गर्न अल्लाहसँग प्रार्थना गर्न सिकाउनुभएको छ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा धर्ममा अटल रहन र हृदयमा आस्थाको नवीकरणका लागि अल्लाह सँग प्रार्थना गर्ने प्रोत्साहित गरिएको छ।
2. ईमान (विश्वास) भनेको वचन, कर्म, र विश्वास हो, जुन आज्ञाकारिताले बढ्दछ र पापले घट्छ ।

(65020)

(294) – عَنِ الْعَبَّاسِ بْنِ عَبْدِ الْمُطَّلِبِ رضي الله عنه أَنَّهُ سَمِعَ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ، يَقُولُ: «ذَاقَ طَعْمَ الْإِيمَانِ مَنْ رَضِيَ بِاللهِ رَبًّا، وَبِالْإِسْلَامِ دِينًا، وَبِمُحَمَّدٍ رَسُولًا». [صحيح] - [رواه مسلم]

(294) – अब्बास बिन अब्दुल मुत्तलिब (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उनले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "जसले अल्लाहलाई आफ्नो पालनकर्ताको रूपमा, इस्लामलाई धर्मको रूपमा र मुहम्मद लाई रसूलको रूपमा स्वीकार गर्दछ, उसले आस्थाको स्वाद पायो ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, यदि कुनै पक्का र साँचो मुमिन तीन कुराहरूमा सन्तुष्ट छ भने उसले आफ्नो हृदयमा खुशी, विशालता, मिठास र आनन्दको अनुभव गर्ने छ, ती निम्न हुन्:

पहिलो: अल्लाहसंग आफ्नो पालनकर्ताको रूपमा सन्तुष्ट हुनु, यसो गर्दा जीविकोपार्जन र जिन्दगीको हरेक परिस्थितिहरूमा उसको हृदय परमेश्वरबाट प्राप्त कुराले सन्तुष्ट हुन्छ, भाग्यप्रति उसको हृदयमा कुनै नराम्रो कुरा उत्पन्न हुँदैन र अल्लाह बाहेक अरु कसैको अगाडी हात थाप्दैन ।

दोस्रो: इस्लामसंग धर्मको रूपमा सन्तुष्ट हुनु, यसो गर्दा इस्लाम धर्मले दिएको कर्तव्य र दायित्वप्रति हृदय खोलेर कर्म गर्छ र इस्लाम बाहेक अन्य धर्मको बारेमा सोच्दा पनि सोच्दैनन् ।

तेस्रो: मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) सँग नबीको रूपमा सन्तुष्ट हुनु, अर्थात उहाँले ल्याउनुभएको सबै कुराप्रति हृदय खोलेर र बिना कुनै हिचकिचाहट वा शंका राजी हुनु र उहाँको मार्गमा मात्र हिंड्नु ।

## हदीसका केही फाइदाहरू:

1. जसरी खाना र पेय पदार्थको मिठास मुखद्वारा चाखिन्छ, त्यसरी नै आस्थाको मिठास र स्वाद हृदयले महसुस गर्छ ।

2. जसरी शरीरले स्वस्थ रहँदा खाना र पेय पदार्थको मिठास पाउँछ, त्यसैगरी हृदय भ्रामक इच्छाहरू र निषेधित कुराहरूबाट मुक्त रहँदा इमानको मिठास महसुस गर्छ । तर रोगी हुँदा विश्वासको मिठास पाउन सक्दैन, बरु यसलाई नष्ट गर्ने निषेधित इच्छाहरू र पापहरू नै राम्रो लाग्छ ।

3. जब मानिस कुनै कुरामा सन्तुष्ट हुन्छ र त्यसलाई सहर्ष स्वीकार गर्छ भने उसको काम सजिलो हुनेछ, उसलाई कठिनाइ हुनेछैन र ऊ आफ्नो जिम्मेवारी निर्वाह गर्दा खुशी हुनेछ । त्यसैगरी जब मानिसको हृदयमा विश्वास प्रवेश गर्छ, उसको प्रभुको आज्ञाकारिता उसको लागि सजिलो हुनेछ, उसको आत्मालाई खुशी हुनेछ र त्यसलाई कार्यन्वयन गर्दा उसको पीडा उसलाई गाह्रो हुनेछैन ।

4. इब्नुल-कैय्यिमले भने: यो हदीसमा अल्लाहको रुबुबीयत (प्रभुत्व), उहाँको

5. उलूहीयत (ईश्वरत्व) प्रति सन्तुष्टि, त्यसैगरी उहाँको रसूल र उहाँको धर्मप्रति सन्तुष्टि र समर्पण समावेश छ ।

(65116)

(295) – عَنْ مُعَاذِ بْنِ جَبَلٍ رضي الله عنه: أَنَّ رَسُولَ صَلَّى عَلَيْهِ وَسَلَّمَ أَخَذَ بِيَدِهِ، وَقَالَ: «يَا مُعَاذُ، وَاللَّهِ إِنِّي لَأُحِبُّكَ»، فَقَالَ: «أُوصِيكَ يَا مُعَاذُ لَا تَدَعَنَّ فِي دُبُرِ كُلِّ صَلَاةٍ تَقُولُ: اللَّهُمَّ أَعِنِّي عَلَى ذِكْرِكَ وَشُكْرِكَ وَحُسْنِ عِبَادَتِكَ». [صحيح] - [رواه أبو داود والنسائي وأحمد]

(295) – हजरत मुआज बिन जबल ( रजियल्लाहु अन्हु) द्वारा बयान छ ; अल्लाहका रसूल ﷺले उहाँको हात समात्नु भयो र भन्नु भयो; " हे मुआज ! अल्लाह कसम ! म तिमीलाई माया गर्छु । " हे मुआज म तिमीलाई अर्ती दिँदैछु कि हरेक फर्ज नमाज पछि यो पढ्न न छोड्नु , " अल्लाहुम्म अइन्नी अला जिक्रिक व शुक्रिक व हुस्नि इबादतिक " (अनुवाद ; हे अल्लाह ! मेरो मद्दत गरि दिनुहोस् तपाईंको जिक्रमा र तपाइँको आभारमा र तपाईंको उत्तम उपासनामा ) [सही] - []

## व्याख्या:

नबीﷺले मुआज (रजियल्लाहु अन्हु)को हात समात्नु भयो र उहाँसित भन्नु भयो : अल्लाह कसम ! मलाई तिम्रो माया लाग्छ । त्यसैले तिमीले हरेक फर्ज नमाज पछि ( निम्न वाक्यहरू) भन्न न छोड्ने अर्ती दिन्छु । (अल्लाहुम्म अइन्नी अला जिक्रिक... ) हरेक बोल र कर्मले आज्ञा पालना तर्फ ल्याउँछ । ( व शुक्रिक ) वरदानहरू प्राप्त गरेर र सजायलाइ हटाएर । ( व हुस्नि इबादतिक) अल्लाहका लगि खास गरेर र नबी ﷺको अनुसरण गर्दै ।

## हदीसका केही फाइदाहरू:

1. मान्छेसित अल्लाहका लागि माया भए बताउने अनुमति
2. हरेक फर्ज र नफ्ल नमाजहरू पछि यो दुआ पढ्नु मुस्तहब हो

3. दुआमा यति थोरै शब्दहरू भएता पनि यस लोक र परलोकमा आवस्यक कुरा छन् ।
4. अल्लाहका लागि गरिएको मायाको लाभमा सत्य बारेमा खोजी गर्नु र एक अर्कालाई सम्झाउनु र पुण्य र संयमतामा सहयोग गर्नु हो ।
5. तैयबी भन्नु हुन्छ : अल्लाहको जिक्र ( जप) छाती ( मन ) प्रफुल्ल हुन थाल्नु हो । अनि उहाँको आभार वरदानहरू हासिल गर्ने एउटा तरिका हो । फलत: उत्तम उपासना ती कुराहरूबाट बचाउने एउटा तरिका हो जो कुराहरू अल्लाह देखि हटाउने हुन्छन् ।

(3518)

(296) – عن أبي هريرة رضي الله عنه أن رسول الله صلى الله عليه وسلم قال: «أَقْرَبُ مَا يَكُونُ الْعَبْدُ مِنْ رَبِّهِ وَهُوَ سَاجِدٌ، فَأَكْثِرُوا الدُّعَاءَ». [صحيح] - [رواه مسلم]

(296) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सजदामा हुँदा सेवक आफ्नो परमेश्वर देखि सबैभन्दा नजिक हुन्छ । त्यसैले (सजदामा) धेरै प्रार्थना गर्नु।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

**व्याख्या:**

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुहुन्छ, सेवक जब सजदामा हुन्छ, तब ऊ आफ्नो परमेश्वर को सबैभन्दा नजिक हुन्छ, किनभने सेवकले आफ्नो शरीरको सबैभन्दा उच्च र सम्मानजनक भागलाई भुइँमा राख्छ र अल्लाहको अगाडि नम्रता व्यक्त गर्दछ ।

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले सज्दाको अवस्थामा सकेसम्म धेरै भन्दा धेरै प्रार्थना गर्न आदेश दिनुभएको छ, ताकि व्यक्तिले अल्लाहसामु शब्द र कार्य दुवै मार्फत आफ्नो नम्रता व्यक्त गरोस् ।

## हदीसका केही फाइदाहरू:

1. पुण्य कर्मले सेवकको अल्लाहसँग निकटता बढाउँछ ।
2. सजदाको अवस्थामा अत्यधिक दुआ गर्नु मुस्तहब हो । किनकि यो दुआ (प्रार्थना) स्वीकृत हुने ठाउँहरू मध्ये एक हो ।

(5382)

(297) – عَنْ أَنَسٍ رضي الله عنه قَالَ: كَانَ أَكْثَرُ دُعَاءِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «اللَّهُمَّ رَبَّنَا آتِنَا فِي الدُّنْيَا حَسَنَةً، وَفِي الآخِرَةِ حَسَنَةً، وَقِنَا عَذَابَ النَّارِ». [صحيح] - [متفق عليه]

(297) – अनस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) प्रायः यो दुआ (प्रार्थना) गर्नुहुन्थ्यो: 'रब्बना आतिना फिद्दुन्या हसनह् व फिल्-आखिरति हसनह् व किना अजा बन्नार' अर्थात हे अल्लाह ! हामीलाई दुनियाँ र आखिरत (लोक-परलोक) दुबै ठाउँमा भलाइ प्रदान गर्नुहोस् र नर्कको आगोबाट बचाउनुहोस् । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) प्रायः व्यापक र संक्षिप्त दुआ (प्रार्थना) हरू गर्नुहुन्थ्यो, जस्तै: "अल्लाहुम्म रब्बना आतिना फिद्दुन्या हसनह् व फिल्-आखिरति हसनह् व किना अजा बन्नार ।" यसमा संसारका कल्याणहरू जस्तैः सुख, शान्ति, समृद्धि, प्रचुर मात्रामा हलाल रोजीरोटी, निष्ठावान पत्नी, आँखालाई आराम पुर्याउने सन्तान, सुखमय जीवन, उपयोगी ज्ञान र धार्मिक कर्महरू समावेश छन् । त्यस्तै यसमा परलोकको कल्याण जस्तै: चिहान, हश्र (हिसाबकिताबको मैदान) र नरकको सजायबाट सुरक्षित रहनु, अल्लाहको खुशी प्राप्त गर्नु, स्वर्गको अनन्त आनन्द र परम दयालु अल्लाहको निकटता प्राप्त गर्नु जस्ता चीजहरू समावेश छन् ।

## हदीसका केही फाइदाहरू:

1. रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आदेश मान्दै व्यापक र संक्षिप्त दुआहरू छनौट गर्नु मुस्तहब हो ।
2. अल्लाहसँग लोक परलोक दुवैको भलाइको लागि दुआ गर्नु सबैभन्दा उत्तम तरिका हो ।

(5502)

(298) – عَنْ أَبِي الدَّرْدَاءِ رضي الله عنه قَالَ: قَالَ النَّبِيُّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ: «أَلَا أُنَبِّئُكُمْ بِخَيْرِ أَعْمَالِكُمْ، وَأَزْكَاهَا عِنْدَ مَلِيكِكُمْ، وَأَرْفَعِهَا فِي دَرَجَاتِكُمْ وَخَيْرٌ لَكُمْ مِنْ إِنْفَاقِ الذَّهَبِ وَالوَرِقِ، وَخَيْرٌ لَكُمْ مِنْ أَنْ تَلْقَوْا عَدُوَّكُمْ فَتَضْرِبُوا أَعْنَاقَهُمْ وَيَضْرِبُوا أَعْنَاقَكُمْ؟» قَالُوا: بَلَى. قَالَ: «ذِكْرُ اللَّهِ تَعَالَى». [صحيح] - [رواه الترمذي وابن ماجه وأحمد]

(298) – अबू-दर्दा (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "के म तिमीहरूलाई तिम्रो सबैभन्दा राम्रो कर्म, पालनकर्ताको नजरमा सबैभन्दा प्रशंसनीय, तिम्रो दर्जालाई उच्च पार्ने, सुन र चाँदी दान गर्नु भन्दा उत्तम र शत्रुलाई भेट्नु र तिमीहरूले तिनीहरूको घाँटीमा र तिनीहरूले तिमीहरूको घाँटीमा प्रहार गर्नु भन्दा उत्कृष्ट कर्मको बारेमा नभनुं? सहाबाले भने, "(अवश्य नै) भन्नुहोस्।" उहाँले भन्नुभयो : "अल्लाहको अत्याधिक जिक्र (स्मरण) गर्नु ।" [सही] - [तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्ना सहाबा (साथी) हरूलाई सोध्नुभयो: 3575: م

के तिमीहरूलाई अल्लाहको नजरमा सबैभन्दा राम्रो, सबैभन्दा सम्मानजनक, सबैभन्दा फलदायी, सबैभन्दा पवित्र र शुद्ध कार्यहरूको बारेमा जान्न चाहन्छौ ? 3575

जसले जन्नतमा तिम्रो दर्जालाई उच्च पार्ने छ ?

यो तिम्रो लागि सुन चाँदी दान दिनु भन्दा राम्रो हो?

काफिरहरूसँग लड्न र तिमीहरूले तिनीहरूको र तिनीहरूले तिमीहरूको घाँटीमा प्रहार गर्नु भन्दा उत्कृष्ट हो?

सहाबाले भने : हो, हामी जान्न चाहन्छौं ।

उहाँले भन्नुभयो: हरेक समय, हरेक अवस्था र परिस्थितिहरूमा अल्लाहको जिक्र (स्मरण) गर्नु र सम्झनु ।

## हदीसका केही फाइदाहरू:

1. वाह्य तथा आन्तरिक रुपमा अल्लाहको निरन्तर जिक्र (स्मरण) गर्नु उहाँको निकटता प्राप्त गर्ने सबैभन्दा ठूलो कर्म र लाभदायक रूप हो ।
2. अल्लाहको जिक्र (स्मरण) स्थापित गर्नको लागि सबै कर्महरू निर्धारित गरिएको हो । अल्लाहले भन्नुभयो: "मेरो जिक्र (स्मरण) को लागि नमाज स्थापना गर ।" नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: " 'काबा' को तवाफ र 'सफा-मारवाह' बीचमा परिक्रमा गर्नु र 'जमरात' मा ढुङ्गा हान्नु भनेको सर्वशक्तिमान अल्लाहको जिक्र (स्मरण) स्थापित गर्नको लागि हो । (अबू दाउद र तिर्मिजी)
3. अल-इज् बिन अब्दुस्सलामले आफ्नो पुस्तक 'कवाइद' मा भनेका छन्: "यो हदीसले देखाउँछ कि सम्पूर्ण उपासनाहरूमा थकान वा कठिनाइको आधारमा मात्र पुरस्कार मिल्दैन। बरु, अल्लाहले साना कामहरूमा कहिलेकाहीँ ठूलो कामभन्दा पनि धेरै प्रतिफल दिनुहुन्छ। किनकि पुरस्कारको आधार सम्मानमा रहेको फरकमा निर्भर हुन्छ।"
4. अल-मोनावीले 'फैजुल-कदीर' मा भनेका छन्: "यो हदीसलाई यस्तो अर्थमा बुझ्नुपर्छ कि त्यस समयको व्यक्तिहरूका लागि स्मरण (अल्लाहको जिक्र) सबैभन्दा उत्तम ठहरियो। तर, यदि यो एक साहसी र बहादुर व्यक्तिलाई सम्बोधन गरिएको भए जसले इस्लामलाई युद्धमा फाइदा पुऱ्याउँछ, भने उसलाई जिहाद गर्न भनिन्थ्यो। धनीलाई, जसको धनले गरिबहरूलाई लाभ पुर्याउँछ, सद्काका लागि भनिन्थ्यो। जो हज

गर्न सक्षम छ, उसलाई हज गर्न भनिन्थ्यो। जसका माता-पिता छन्, उसलाई ती दुईको सेवा गर्न भनिन्थ्यो। यसरी विभिन्न हदीसहरूमा भएका सन्देशहरूलाई मिलाउन सकिन्छ।"

5. सबै भन्दा राम्रो जिक्र त्यो हो जसमा जिब्रो र हृदय दुवै मिलेको हुन्छ । त्यसपछि त्यो हो जो हृदयले मात्र गरेको हुन्छ, जस्तै चिन्तन । त्यसपछि त्यो हो जो जिब्रोले मात्र गरेको हुन्छ र प्रत्येकमा पुण्य निहित छ ।
6. यदि मुस्लिमले बिहान र बेलुकाको जिक्र (सम्झना), मस्जिद, घर र शौचालयमा प्रवेश गर्ने र बाहिर निस्कने र अन्य दुआहरू पाबन्दीका साथ गर्छ भने ऊ अल्लाहलाई अत्याधिक जिक्र गर्नेहरू मध्ये हुन्छ ।

(3575)

(299) – عَنْ مُعَاذِ بْنِ جَبَلٍ رضي الله عنه قَالَ: كُنْتُ مَعَ النَّبِيِّ صَلَّى اللَّهُ عَلَيْهِ وَسَلَّمَ فِي سَفَرٍ، فَأَصْبَحْتُ يَوْمًا قَرِيبًا مِنْهُ وَنَحْنُ نَسِيرُ، فَقُلْتُ: يَا رَسُولَ اللهِ أَخْبِرْنِي بِعَمَلٍ يُدْخِلُنِي الجَنَّةَ وَيُبَاعِدُنِي عَنِ النَّارِ، قَالَ: «**لَقَدْ سَأَلْتَنِي عَنْ عَظِيمٍ، وَإِنَّهُ لَيَسِيرٌ عَلَى مَنْ يَسَّرَهُ اللَّهُ عَلَيْهِ، تَعْبُدُ اللَّهَ وَلاَ تُشْرِكْ بِهِ شَيْئًا، وَتُقِيمُ الصَّلاَةَ، وَتُؤْتِي الزَّكَاةَ، وَتَصُومُ رَمَضَانَ، وَتَحُجُّ البَيْتَ**» ثُمَّ قَالَ: «**أَلاَ أَدُلُّكَ عَلَى أَبْوَابِ الخَيْرِ: الصَّوْمُ جُنَّةٌ، وَالصَّدَقَةُ تُطْفِئُ الخَطِيئَةَ كَمَا يُطْفِئُ الْمَاءُ النَّارَ، وَصَلاَةُ الرَّجُلِ مِنْ جَوْفِ اللَّيْلِ**» قَالَ: ثُمَّ تَلاَ: «**{تَتَجَافَى جُنُوبُهُمْ عَنِ الْمَضَاجِعِ}، حَتَّى بَلَغَ {يَعْمَلُونَ}**» ثُمَّ قَالَ: «**أَلاَ أُخْبِرُكَ بِرَأْسِ الأَمْرِ كُلِّهِ وَعَمُودِهِ، وَذِرْوَةِ سَنَامِهِ؟**» قُلْتُ: بَلَى يَا رَسُولَ اللهِ، قَالَ: «**رَأْسُ الأَمْرِ الإِسْلاَمُ، وَعَمُودُهُ الصَّلاَةُ، وَذِرْوَةُ سَنَامِهِ الجِهَادُ**» ثُمَّ قَالَ: «**أَلاَ أُخْبِرُكَ بِمَلاَكِ ذَلِكَ كُلِّهِ؟**» قُلْتُ: بَلَى يَا نَبِيَّ اللهِ، فَأَخَذَ بِلِسَانِهِ قَالَ: «**كُفَّ عَلَيْكَ هَذَا**» فَقُلْتُ: يَا نَبِيَّ اللهِ، وَإِنَّا لَمُؤَاخَذُونَ بِمَا نَتَكَلَّمُ بِهِ؟ فَقَالَ: «**ثَكِلَتْكَ أُمُّكَ يَا مُعَاذُ، وَهَلْ يَكُبُّ النَّاسَ فِي النَّارِ عَلَى وُجُوهِهِمْ أَوْ عَلَى مَنَاخِرِهِمْ إِلاَّ حَصَائِدُ أَلْسِنَتِهِمْ**».

[صحيح بمجموع طرقه] - [رواه الترمذي وابن ماجه وأحمد]

(299) – हजरत मुआज बिन जबल (रजियल्लाहु अन्हु)द्वारा भनिएको छ: एउटा यात्रामा म अल्लाहका नबी (सल्लल्लाहु अलैहि व सल्लम)को साथमा थिएँ । हिँड्दा हिँड्दा एक दिन म उहाँको नजिक भएँ, अनि मैंने भनेँ : हे अल्लाहका रसूल ! मलाई यस्तो काम बताइ दिनु होस् जसले मलाई जन्नतमा प्रवेश गरा ओस् र जहन्नमदेखि टाढा गरि दिओस् । उहाँ (सल्लल्लाहु अलैहि व सल्लम)ले भन्नु भयो : "तिमीले मसित एउटा गंभीर प्रश्न सोध्यौ र यो उसको लागि मात्र सहज हुन्छ, जसका लागि अल्लाह ﷻ सजिलो बनाइ दिनु हुन्छ । अल्लाहको उपासना गर र उहाँका साथमा कसैलाई साझी न बनाऊ । नमाज़ कायम गर । जकात देऊ, रमजानको महिनाका रोजा( ब्रत) बस र अल्लाहको घरको हज गर।" फेरि उहाँ(सल्लल्लाहु अलैहि व सल्लम) ने भन्नु भयो : "के म तिमीलाई भलाई (कल्याण)का ढोकाहरूको बारेमा न बताऊँ ? रोज़ा ढाल हो, र दानले पापहरू निभाइ दिन्छ, जसरी पानीले आगोलाई निभाएको हुन्छ । , तथा मान्छेको रातिमा पढेको नमाज (पनि कल्याणका ढोकाहरूमा एउटा हो)।" तत्पश्चात् उहाँ (सल्लल्लाहु अलैहि व सल्लम) ले यो आयत पढ्नु भयो : تَتَجَافَى جُنُوبُهُمْ عَنِ الْمَضَاجِعِ...... (तिनीहरू आफ्नो ओछ्यानबाट अलग्गै रहन्छन् । तिनीहरू आफ्ना रबलाई भय एवं आशाका साथ पुकार्ने गर्छन् र हामीले प्रदान गरेका चिजहरूबाट खर्च गर्ने गर्छन् । र, कसैलाई उनीहरूले गर्ने गरेको कर्मको प्रतिदानस्वरूप उनीहरूकालागि कस्तो नेत्र–शीतलता गोप्य राखिएको छ भन्ने कुरा थाहा छैन । )

फिर उहाँ (सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नु भयो : " के म तिमीलाई दीन (इस्लाम)को आधार र उसको स्तम्भ र उसको शिर न बताइ दिऊँ ? मैंले भनेँ : अवश्य, बताइ दिनु होस् हे अल्लाहका रसूल ! उहाँले भन्नु भयो : दीनको आधार इस्लाम हो, यसका स्तम्भ नमाज हो र यसको शिर जिहाद हो।" त्यसपछि उहाँ (सल्लल्लाहु अलैहि व सल्लम)ले भन्नु भयो : "के म तिमीलाई यसको सार न बताऊँ ?" मैँले भनेँ : अवश्य, बताइ दिनु होस् हे अल्लाहका रसूल ! उहाँले आफ्नो जिब्रो समातेर भन्नु भयो: "यसलाई थामेर राख" मैले भनेँ : हे अल्लाहका

नबी ! के हामीले जो बोलेका हुन्छौँ, त्यसमा पनि हाम्रो पकड़ होला ? उहाँ(सल्लल्लाहु अलैहि व सल्लम)ले भन्नु भयो : "मआज! तिम्रो आमाले तिमीलाई हराओस् ! ( वा तिम्रो आमालाई तिमीमाथि रुन परोस् । ) मान्छेहरूलाई उनीहरूको मुख घोप्ट्याएर उनीहरूको नाक घोप्ट्यार आगोमा फाल्ने उनीहरूको जिब्रोका कारणले नै त हो । [सम्पूर्ण तुरुक (सिलसिला) ले गर्दा सही हो] - [तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

## व्याख्याः

हजरत मुआज रजियल्लाहु अन्हुले भन्नु भयो: एक यात्रामा,म नबी(सल्लल्लाहु अलैहि व सल्लम)को साथमा थिएँ, र एक दिन म उहाँसँग नजिक भएँ जब हामी हिँडि रहेका थियौं । अत: मैले भनेँ: हे अल्लाहका रसूल ! मलाई जन्नत (स्वर्ग) लैजाने र नरकबाट टाढा राख्ने कुरा बताइ दिनुहोस् । भन्नु भयो : तिमीले मसित एउटा महान् कामका बारेमा सोध्यौ जो मन लागि भारी हुन्छ । तर अल्लाहले साथ दिनु भयो भने सजिलो पनि हुन्छ । इस्लामका फराइज ( अनिवार्य कर्म)हरू पुरा गर ।

अल्लाहको उपासना गर र उहाँका साथमा कसैलाई साझी न बनाऊ ।

दोस्रो : तिमीले दिन रातमा अनिवार्य गरिएका नमाज़ कायम गर । फजर, जोहर, असर, मग्रिब र इशा तिनका शर्त र आधार एवं वाजिबहरूका साथ ।"

तेस्रो : फर्ज जकात निकाल, यो हरेक मालदार बालिगका लागि आर्थिक अनिवार्य उपासना हो शरीअतले तोके अनुसार जो हक दारलाई दिइन्छ ।

चौथो: रमजानको रोजा, भनेको उपासनाको मनसायले खानु पिउनु र यस बाहेकका रोजा तोड्ने अन्य चीजहरूबाट बिहान सूर्योदय देखि सूर्यास्तसम्म रोकिनु हो ।

पाँचौं: तपाईंले अल्लाह ﷻको उपासनाका लागि अल्लाहको घर मक्का जानु र हजका अर्कान ( गर्नु पर्ने अनिवार्य कामहरू) पूरा गर्नु ।

फेरि उहाँ(सल्लल्लाहु अलैहि व सल्लम) ले भन्नु भयो: के म तिमीलाई भलाइको ढोकामा पुऱ्याउने माध्यमहरूको बारेमा न बताउँ ? यो ती फर्जहरू र नफ्लहरू पुरा गरेर हुन्छ ।

पहिलो: स्वैच्छिक (नफ्ल)उपवास, यसले मनोकांक्षाहरू नासेर र शक्तिलाई कमजोर बनाएर पापहरूमा पर्नबाट रोक्छ ।

दोस्रो: स्वैच्छिक दान यसले पाप गरि सके पछि त्यसलाई हटाउँछ र यसको प्रभावलाई मेटाउँछ।

तेस्रो: रातको अन्तिम तिहाइमा तहज्जुदको नमाज, त्यस पछि उहाँ(सल्लल्लाहु अलैहि व सल्लम) ले, अल्लाह तआलाको यो कथन पढ्नु भयो: {तिनीहरू आफ्नो ओछ्यानबाट अलग्गै रहन्छन् } अर्थात्, तिनीहरूले आफूलाई {ओछ्यानबाट} टाढा राख्ने गर्छन् । आराम गर्ने ठाउँहरूबाट , {उनीहरूले पुकारेका हुन्छन् आफ्ना पालनकर्तालाई} नमाज र दुआ जिक्र र कुरआन पढेर {डर र आशाका साथ र हामीले उनीहरूलाई दिएका कुराहरूबाट खर्च गर्दछन्, त्यसैले कसैलाई थाहा छैन तिनीहरूको आँखामा शितलताका लागि के लुकाएर राखिएको छ } अर्थात् यस्ता चिजहरू जसले उनीहरूको आँखा शितल होला् कयामतका दिन सदा रहने वाला जन्नतमा । { बदलाको रुपमा उनीहरूका कर्महरूको जो उनीहरूले गर्ने गरेका हुन्छन् । }

तब उहाँले (सल्लल्लाहु अलैहि व सल्लम) भन्नु भयो: के म तिमीलाई {दीन} धर्मको असल बारेमा बताइदिउँ र त्यसको स्तम्भ जसमा यो निर्भर छ ? अनि यसको शिरका बारेमा न बताइदिउँ ?

हजरत मुआज (रजियल्लाहु अन्हु)ले भन्नु भयो : (जरूर) बताउनुहोस् , हे अल्लाहका रसूल !

नबी, (सल्लल्लाहु अलैहि व सल्लम) ले, भन्नुभयो: कार्यको मूल आधार इस्लाम हो, जुन शाहदतैन (दुई कलिमा) मा समेटिएको छ। यी दुई कलिमाको माध्यमबाट व्यक्तिसँग धर्मको मूल सार रहन्छ। त्यसको थाम : नमाज हो । नमाज नभए इस्लाम हुँदैन । जसरी थाम बिना घरको कल्पना गर्न सकिदैन । अत: जसले नमाज पढ्छ उसको दीन ( धर्म) दर्हो हुन्छ र उच्च हुन्छ । यसरी नै यसको जुरोको टुप्पो र यसको उच्चता अल्लाहको बोल उच्च गर्नका निमित्त अल्लाहका शत्रुहरूका साथमा जिहादद्वारा हुन्छ ।

फेरि उहाँﷺले भन्नु भयो : के म तिमीलाई विगतको परिशुद्धता र निपुणताका बारेमा न बताऊँ ? सो उहाँﷺले आफ्नो जिब्रो समात्नु भयो र भन्नु भयो : यसलाई

रोकेर राख र तिम्रो कामका कुरा बाहेक न बोल । हजरत मुआज रजियल्लाहु अन्हुले भन्नु भयो : के हामीले बोलेका हरेक कुरामा हामीलाई हाम्रा रब ( पालनकर्ता)ले पकड गर्नु हुन्छ र हिसाब लिनु हुन्छ र सजाय दिनु हुन्छ ?।

उहाँﷺले भन्नु भयो : " तिमीलाई तिम्रो आमाले हराओस् ।" यो वाक्यले श्राप दिएको भनिदैन । अरब वालाहरू यस्तो शब्दको प्रयोग कुनै यस्तो कुरालाई जसबाट सावधान हुनु पर्ने थियो तर सावधान नभए र वा थाहा पाउने पर्ने तर थाहा नभएको रहेछ भने भन्ने गर्छन् । फेरि उहाँﷺले भन्नु भयो : मान्छेहरूलाई मुख घोप्ट्याएर जहन्नम ( नरक)मा फ्यालिने कारण यही हो कि उनीहरू आफ्नो मुखले कुफ्रका वाक्यहरू बोल्ने गर्थे । गाली गलौच, कुरा काट्नु ,कुरा लगाउनु र लाञ्छना लगाउनु , आदी गर्ने गर्छन् ।

## हदीसका केही फाइदाहरू:

1. सहाबीहरूको ज्ञान आर्जनका बारेमा लालसा,यसैका कारण उनीहरूद्वारा नबीﷺ सित बारम्बार सोध्ने गरिन्थ्यो ।
2. सहाबीहरूको फिक्ह ( ज्ञानलाई बुझ्नु ) : किन भने उनीहरूलाई यो कुराका बारेका थाहा थियो कि आमाल ( कर्महरू) नै जन्नत ( स्वर्ग)मा प्रवेश गराउने माध्यम हुन् ।
3. हजरत मुआज रजियल्लाहु अन्हुद्वारा गरिएको प्रश्न अति नै महान् प्रश्न हो । किन भने यो भनेको जीवनको र (धरतीमा) हुनुको भेद हो । त्यसैले यो संसारमा भएका चाहे मानव जात हुन् वा जिन्न,उनीहरूको अन्तिम नतिजा भनेको या त जन्नत हो वा आगो ( नर्क) । त्यसैका कारण यो प्रश्न असामान्य हुनु गएको हो ।
4. इस्लामका पाँच आधारभूत कुराहरूको पालनाको प्रतिफल भनेको जन्नतमा प्रवेशको सौभाग्य प्राप्त हुनु हो । यी पाँच आधारहरू यी हुन् । दुइ गवाही ( शहादतैन),नमाज, जकात ,रोजा र हज ।

5. दीन(इस्लाम)को जग,सबै भन्दा बहु मूल्य काम र सबै भन्दा उच्च दर्जाको वाजिब ( अनिवार्य) कुरा भनेको एक अल्लाहﷻको उपासना गर्नु र उहाँका साथमा कसैलाई साझी न बनाउनु हो ।

6. अल्लाहको आफ्ना भक्तहरू माथि दयाको नै नतिजा हो कि उहाँले उनीहरूका लागि कल्याणका ढोकाहरू खोलि दिनु भयो । यो उद्देश्यले कि उनीहरू सवाब र प्रतिफल पाउनका लागि र पापहरू क्षमा गरियून् भनेर धेरै भन्दा धेरै मोक्ष याचनाका कामहरू गरून् ।

7. फर्ज ( अनिवार्य आदेश)हरू पूरा गरिए पछि नवाफिल ( थप कर्महरू)को माध्यमबाट अल्लाहको निकटता एवं सानिध्धय हासिल गर्ने विशेषता:

8. इस्लाममा नमाजको स्थान भनेको त्याे धुरी खामाे जस्तो हो जसमा खिमा उँभिएको हुन्छ त्यो नभए इस्लाम पनि हुँदैन जसरी धुरी खामाे नभए खिमा ढल्छ ।

9. दिन (इस्लाम)लाई नोक्सान पुर्याउने वाला हरेक कुराबाट मुख जोगाउनु पर्ने आवश्यकता ।

10. मुख जोगाउनु हरेक कल्याणको जरो हो ।

(4303)

(300) – عَنْ عَائِشَةَ رضي الله عنها: أَنَّ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ كَانَ إِذَا أَوَى إِلَى فِرَاشِهِ كُلَّ لَيْلَةٍ جَمَعَ كَفَّيْهِ، ثُمَّ نَفَثَ فِيهِمَا فَقَرَأَ فِيهِمَا: {قُلْ هُوَ اللهُ أَحَدٌ}، وَ{قُلْ أَعُوذُ بِرَبِّ الْفَلَقِ}، وَ{قُلْ أَعُوذُ بِرَبِّ النَّاسِ}، ثُمَّ يَمْسَحُ بِهِمَا مَا اسْتَطَاعَ مِنْ جَسَدِهِ، يَبْدَأُ بِهِمَا عَلَى رَأْسِهِ وَوَجْهِهِ وَمَا أَقْبَلَ مِنْ جَسَدِهِ، يَفْعَلُ ذَلِكَ ثَلَاثَ مَرَّاتٍ. [صحيح] - [رواه البخاري]

(300) – आइशा (रजियल्लाहु अन्हा) ले वर्णन गरेकी छिन् : रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक रात, जब ओछ्यानमा जानुहुन्थ्यो, तब आफ्ना दुवै हत्केलाहरू एकसाथ जम्मा गर्नुहुन्थ्यो अनि त्यसमा फुक्नुहुन्थ्यो र "कुल हु-वल्लाहु अहद", र "कुल अऊजु बि-रब्बिल फलक" र "कुल अऊजु बि-रब्बिनास् ।" तीनवटै सुरत पढेर सकेसम्म शरीरमा दुवै हत्केलाले (मसह ) हल्का तरिकाले मुसार्नु हुन्थ्यो । आफ्नो टाउको, अनुहार र शरीरको अगाडिको भागबाट शुरुवात गर्नुहुन्थ्यो र यसरी तीन पटक गर्नु हुन्थ्यो । [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को तरीका के थियो भने जब उहाँ सुत्न ओछ्यानमा जानुहुन्थ्यो, उहाँले आफ्ना दुबै हत्केलाहरू एकसाथ जम्मा गरेर माथि उठाउनुहुन्थ्यो (जसरी दुआ गर्नेले हात उठाउँछ), अनि त्यसमा एकदमै थोरै थुकसहित फुक्नुहुन्थ्यो र "कुल हु-वल्लाहु अहद", र "कुल अऊजु बि-रब्बिल फलक" र "कुल अऊजु बि-रब्बिनास्, " तीनवटै सुरह पढेर सकेसम्म सम्पूर्ण शरीरमा दुवै हत्केलाले (मसह ) हल्का तरिकाले मुसार्नु हुन्थ्यो । आफ्नो टाउको, अनुहार र शरीरको अगाडिको भागबाट शुरु गर्नुहुन्थ्यो र यसरी तीन पटक गर्नुहुन्थ्यो ।

## हदीसका केही फाइदाहरू:

1. सुत्नु अघि, सूरह इख्लास, फलक र नास पढ्नु र दुवै हत्केलाहरूमा फुक्नु अनि सकेसम्म सम्पूर्ण शरीरभरि हात मुसार्नु मुस्तहब (राम्रो) हो ।

(301) – عَنْ شَدَّادِ بْنِ أَوْسٍ رَضِيَ اللَّهُ عَنْهُ عَنِ النَّبِيِّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «سَيِّدُ الِاسْتِغْفَارِ أَنْ تَقُولَ: اللَّهُمَّ أَنْتَ رَبِّي لاَ إِلَهَ إِلَّا أَنْتَ، خَلَقْتَنِي وَأَنَا عَبْدُكَ، وَأَنَا عَلَى عَهْدِكَ وَوَعْدِكَ مَا اسْتَطَعْتُ، أَعُوذُ بِكَ مِنْ شَرِّ مَا صَنَعْتُ، أَبُوءُ لَكَ بِنِعْمَتِكَ عَلَيَّ، وَأَبُوءُ لَكَ بِذَنْبِي فَاغْفِرْ لِي، فَإِنَّهُ لاَ يَغْفِرُ الذُّنُوبَ إِلَّا أَنْتَ» قَالَ: «وَمَنْ قَالَهَا مِنَ النَّهَارِ مُوقِنًا بِهَا، فَمَاتَ مِنْ يَوْمِهِ قَبْلَ أَنْ يُمْسِيَ، فَهُوَ مِنْ أَهْلِ الجَنَّةِ، وَمَنْ قَالَهَا مِنَ اللَّيْلِ وَهُوَ مُوقِنٌ بِهَا، فَمَاتَ قَبْلَ أَنْ يُصْبِحَ، فَهُوَ مِنْ أَهْلِ الجَنَّةِ». [صحيح] - [رواه البخاري]

(301) – शद्दाद बिन औस (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सैय्येदुल-इस्तिग्फार" यो हो : ‘अल्लाहुम्म अन्त रब्बी, ला इलाह इल्ला अन्त्, खलक्तनी व अना अब्दुक व अना अला अह्दिक व वाअ्दिक मस्त-ताअ्-तु, अऊजुबिक मिन् शर्रि मा सनाअ्-तु, अबूउ लक बिनिअ्मतिक अलय्य व अबूउ बिजम्बी, फग्-फिर्ली फइन्नहु ला यग्फि-रूज्जुनूब इल्ला अन्त् ।’ रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले पूर्ण विश्वासका साथ बिहान उक्त दुआ पढ्छ र सोही दिन साँझ हुनु अघि उसको मृत्यु हुन्छ भने ऊ जन्नतमा प्रवेश गर्नेछ । त्यसैगरी जसले पूर्ण विश्वासका साथ राती पढ्छ र बिहान हुनु अघि उसको मृत्यु हुन्छ भने ऊ जन्नतमा जानेछ ।" [सही] - [बुखारीले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई बताउँदै हुनुहुन्छ, क्षमा खोज्ने केही शब्दहरू छन्, जसमध्ये सबैभन्दा उत्कृष्ट र महान शब्दहरू निम्नलिखित छन्: "अल्लाहुम्म अन्त रब्बी, ला इलाह इल्ला अन्त्, खलक्तनी व अना अब्दुक व अना अला अह्दिक व वाअ्दिक मस्त-ताअ्-तु, अऊजुबिक मिन् शर्रि मा सनाअ्-तु, अबूउ लक बिनिअ्मतिक अलय्य व अबूउ बिजम्बी, फग्-फिर्ली फइन्नहु ला यग्फि-रूज्जुनूब इल्ला अन्त् ।" भक्तले पहिले तौहीद (एकेश्वरवाद) लाई स्वीकार गर्दछ । अल्लाह नै उसको सृष्टिकर्ता र पूज्य हुनुहुन्छ,

जसको कुनै साझेदार छैन । भक्तले आफ्नो क्षमता अनुसार अल्लाहमा विश्वास र उहाँप्रति आज्ञाकारी हुने वाचालाई पालन गर्दछ; किनकि भक्तले जतिसुकै उपासना गरे पनि उसले नत अल्लाहका सबै आदेशहरू पूरा गर्न सक्छ नत उहाँको आशीर्वादप्रति कृतज्ञ बन्न सक्छ । ऊ अल्लाहमा शरण लिन्छ र अल्लाहको डोरीलाई बलियोसँग समात्छ, किनकि भक्तले गरेको खराब कर्मबाट शरण दिने उहाँ नै हुनुहुन्छ । "ऊ आफूलाई उहाँको कृपाको स्वीकार गर्न र स्वेच्छाले स्वीकृत गर्न तयार हुन्छ, र आफूलाई आफ्नो पाप र अधर्मको स्वीकृति दिन्छ।" त्यसपछि आफ्नो पालनकर्तासँग उसले गरेको पापहरूलाई ढाक्न, क्षमा गर्न र आफ्नो विशेष कृपाले उसको पापको नराम्रो परिणामबाट बचाउनको लागि दुआ गर्दछ । किनकि अल्लाह बाहेक अरू कसैले पापहरू क्षमा गर्न सक्दैन । त्यसपछि उहाँले यो बिहान बेलुका पढिने अज्कारहरूमध्ये एक हो भनेर स्पष्ट पार्नुभयो । जसले दिनको प्रारम्भमा अर्थात् सूर्योदयदेखि जुहरसम्म यसको अर्थ र अभिलाषालाई बुझेर पूर्ण विश्वास र दृढतापूर्वक यसलाई पढ्छ र त्यसपछि उसको मृत्यु हुन्छ भने ऊ स्वर्गमा प्रवेश गर्नेछ । त्यसैगरी, जसले राती अर्थात् सूर्यास्तदेखि फज्रको बीचमा यसलाई पढ्छ र बिहान अघि नै मृत्यु भयो भने ऊ स्वर्गमा प्रवेश गर्नेछ ।

## हदीसका केही फाइदाहरू:

1. इस्तिग्फार (क्षमा) का शब्दहरू फरक छन् र केही शब्दहरू अरू भन्दा राम्रा छन् ।
2. दासले ध्यानका साथ अल्लाहसंग यो बिन्ती गर्नुपर्छ, किनकि यो सैयेदुल-इस्तिगफार हो ।

(5503)

(302) – عَن عبدِ اللهِ بن خُبَيب رضي الله عنه أنه قال: خَرَجْنَا فِي لَيْلَةٍ مَطِيرَةٍ وَظُلْمَةٍ شَدِيدَةٍ، نَطْلُبُ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ؛ يُصَلِّي لَنَا، قَالَ: فَأَدْرَكْتُهُ، فَقَالَ: «قُلْ»، فَلَمْ أَقُلْ شَيْئًا، ثُمَّ قَالَ: «قُلْ»، فَلَمْ أَقُلْ شَيْئًا، قَالَ: «قُلْ»، فَقُلْتُ: مَا أَقُولُ؟ قَالَ: «{قُلْ هُوَ اللهُ أَحَدٌ} وَالْمُعَوِّذَتَيْنِ حِينَ تُمْسِي وَتُصْبِحُ ثَلَاثَ مَرَّاتٍ، تَكْفِيكَ مِنْ كُلِّ شَيْءٍ». [صحيح] - [رواه أبو داود والترمذي والنسائي]

(302) – अब्दुल्लाह बिन खुबैब (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, हामी पानी परेको अँध्यारो रातमा नमाज पढाउन रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को खोजी गर्न बाहिर निस्कियौं । उनी भन्दछन्, जब मैले उहाँलाई भेट्टाएं, उहाँले भन्नुभयो: "भन।", तर मैले केही भनिनं, त्यसैले उहाँले फेरि भन्नुभयो: "भन।", मैले अझै केही भनिनं, त्यसैले उहाँले तेस्रो पटक भन्नुभयो: "भन।" यसपटक मैले सोधेँ : के भनूँ ? उहाँले जवाफ दिनुभयो: "{कुल हुवल्लाहु अहद}, {कुल अऊ जु बि-रब्बिल फलक} र {कुल अऊ जु बि-रब्बिनास} बिहान र बेलुका तीन तीन पटक पढ । यो तिम्रो लागि हरेक कुराबाट पर्याप्त हुनेछ ।" [सही] - [अबू दाउद, तिर्मीजी र निसाईले वर्णन गरेका छन्]

## व्याख्या:

सहाबी अब्दुल्लाह बिन खुबैब (रजियल्लाहु अन्हु) ले बयान गरेका छन् : तिनीहरू पानी परेको र धेरै अँध्यारो रातमा नमाज पढाउन रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को खोजी गर्न बाहिर निस्के र तिनीहरूले उहाँलाई भेट्टाए । नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले उनलाई भन्नुभयो: "भन" अर्थात पढ, तर उनले केही पनि पढेनन् । नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो कुरा दोहोर्याउनुभयो र अब्दुल्लाहले भने: हे अल्लाहका रसूल, मैले के पढ्नु ? नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: सुरतुल-इखलास {कुल हुवल्लाहु अहद} र मुऔवीजतैन {कुल अऊ जु बि-रब्बिल फलक} र {कुल अऊ जु बि-रब्बिनास} बिहान र बेलुका तीन तीन पटक पढ । यसले तिमीलाई हरेक खराबी र शरबाट जोगाउँछ ।

## हदीसका केही फाइदाहरू:

1. बिहान र बेलुका सुरतुल-इखलास र मुऔवीजतैन पढ्नु मुस्तहब हो र यसले हरेक खराबी (शर) बाट जोगाउँछ ।
2. सुरतुल-इखलास र मुऔवीजतैन पढ्नको सद्‌गुण ।

(6082)

(303) – عن سَمُرَة بن جندبٍ رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «أَحَبُّ الْكَلَامِ إِلَى اللهِ أَرْبَعٌ: سُبْحَانَ اللهِ، وَالْحَمْدُ لِلهِ، وَلَا إِلَهَ إِلَّا اللهُ، وَاللهُ أَكْبَرُ، لَا يَضُرُّكَ بِأَيِّهِنَّ بَدَأْتَ».

[صحيح] - [رواه مسلم]

(303) – समुरह बिन जुन्दब (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहको नजरमा सबैभन्दा प्रिय शब्दहरू चार हुन्: सुब्हानल्लाह (अल्लाह पवित्र हुनुहुन्छ), अल-हम्दु लिल्लाह (सम्पूर्ण प्रशंसाहरू अल्लाहका लागि हुन्), ला इलाहा इल्लल्लाह (अल्लाह बाहेक कोही सत्य ईश्वर छैन) र अल्लाहु अकबर (अल्लाह सर्वोच्च हुनुहुन्छ) ।" यी चारमध्ये तिमीले जुनसुकै बाटसुरु गरे हुन्छ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुहुन्छ, अल्लाहको नजरमा सबैभन्दा प्रिय शशब्दहरू चार हुन्:

सुब्हानल्लाह : यसको अर्थ अल्लाहलाई हरेक दोष र कमीबाट मुक्त घोषणा गर्नु हो ।

अल-हम्दुलिल्लाह: प्रेम र महिमा सहित अल्लाहको पूर्णताको वर्णन गर्नु हो ।

ला इलाहा इल्लल्लाह: अल्लाह बाहेक कोही सत्य ईश्वर छैन ।

अल्लाहु अकबर: अल्लाह सबै भन्दा शक्तिशाली, महान र सम्मानजनक हुनुहुन्छ ।

पुण्य र इनाम प्राप्तिका लागि तिनीहरूलाई बोल्दा क्रम कायम राख्न आवश्यक छैन ।

## हदीसका केही फाइदाहरू:

1. इस्लामी शरीयत एक साधारण शरीयत हो । त्यसैले यी चार शब्दहरू मध्ये जुनसुकैबाट सुरु गर्न अनुमति दिइएको छ ।

(5475)

(304) – عن أبي أيوب رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «مَنْ قَالَ: لَا إِلَهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيكَ لَهُ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ، عَشْرَ مِرَارٍ كَانَ كَمَنْ أَعْتَقَ أَرْبَعَةَ أَنْفُسٍ مِنْ وَلَدِ إِسْمَاعِيلَ». [صحيح] - [متفق عليه]

(304) – अबू अय्यूब (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : "जसले 'ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु, लहुल्मुल्कु व लहुल्-हम्दु वहुव अला कुल्लि शैइन् कदीर्' १० चोटि पढ्छ, उसले इस्माइल (अलैहिस्सलाम) को सन्तानबाट चार दासहरूलाई मुक्त गरे बराबर पुण्य पाउँछ । [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले यो दुआ (जिक्र) 'ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु, लहुल्मुल्कु व लहुल्-हम्दु वहुव अला कुल्लि शैइन् कदीर्' पढ्छ, जसको अर्थ हो: अल्लाह बाहेक कोही सत्य ईश्वर छैन, उहाँ एक्लो हुनुहुन्छ, उहाँको कुनै साझेदार छैन, सार्वभौम राज्य उहाँकै हो, उहाँ प्रेम र आदरका साथ प्रशंसा योग्य हुनुहुन्छ । उहाँ सर्वशक्तिमान हुनुहुन्छ र उहाँको लागि केही पनि असम्भव छैन । जसले यो उत्कृष्ट जिक्र दिनमा दस पटक पढ्छ; उसले इस्माइल बिन इब्राहीम (अलैहिस्सलाम) को

पुस्ताबाट ४ दास मुक्त गरे जति इनाम पाउनेछ । इस्माइल (अलैहिस्सलाम)को सन्तानलाई विशेष रूपमा उल्लेख गरिएको छ किनभने उनको सन्तानका मानिसहरू अन्य मानिसहरू भन्दा उच्च छन् ।

## हदीसका केही फाइदाहरू:

1. यस जिक्रको (प्रार्थना) महत्व यो हो कि यसमा अल्लाह मात्र उपासना र प्रशंसा योग्य हुनुहुन्छ, सम्पूर्ण राज्य र शक्तिको मालिक उहाँ नै हुनुहुन्छ भनेर बयान गरिएको छ ।
2. जसले यो जिक्र एकैसाथ लगातार पढ्छ वा अन्तरालमा पढ्छ, दुबै हालमा यो इनामको हकदार हुनेछ।

(5517)

(305) – عن أبي هريرة رضي الله عنه عن النبي صلى الله عليه وسلم قال: «كَلِمَتَانِ خَفِيفَتَانِ عَلَى اللِّسَانِ، ثَقِيلَتَانِ فِي الْمِيزَانِ، حَبِيبَتَانِ إِلَى الرَّحْمَنِ: سُبْحَانَ اللهِ الْعَظِيمِ، سُبْحَانَ اللهِ وَبِحَمْدِهِ».
[صحيح] - [متفق عليه]

(305) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "दुई शब्दहरू यस्ता छन्, जुन जिब्रोमा हलुका, तराजुमा भारी र रहमान (परम दयालु) लाई धेरै प्रिय छन् ।" ती हुन्: " सुब्हानल्लाहि व बिहामदिही  सुब्हानल्लाहिल अजीम ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले दुईवटा वाक्यहरूको बारेमा भन्नुभएको छ, जुन व्यक्तिले कुनै पनि परिस्थितिमा सजिलै उच्चारण गर्न सक्छ, तर त्यो तराजूमा धेरै भारी हुनेछ र हाम्रो दयालु पालनकर्ताले ती दुवैलाई मन पराउनुहुन्छ, ती हुन् :

‘सुब्हानल्लाहि व बिहामदिही सुब्हानल्लाहिल अजीम’ (अल्लाहको  महिमा होस् र उहाँको प्रशंसा होस्, महान अल्लाहको महिमा होस्); किनभने यी दुई

वाक्यहरूमा अल्लाहको महानता र उहाँको पूर्णताको वर्णन गरिएको छ र उहाँलाई सबै कमजोरीहरूबाट पवित्र घोषित गरिएको छ ।

## हदीसका केही फाइदाहरू:

1. सबैभन्दा ठूलो जिक्र त्यो हो जसमा अल्लाहको शुद्धता, महिमा र उहाँको प्रशंसा दुवै समावेश हुन्छ ।
2. अल्लाह आफ्ना सेवकहरूप्रति धेरै दयालु हुनुहुन्छ, उहाँले साना कामहरूमा पनि ठूलो इनाम दिनुहुन्छ ।

(5507)

(306) – عن أبي هريرة رضي الله عنه أن رسول الله صلى الله عليه وسلم قال: «مَنْ قَالَ: سُبْحَانَ اللهِ وَبِحَمْدِهِ، فِي يَوْمٍ مِائَةَ مَرَّةٍ، حُطَّتْ خَطَايَاهُ وَإِنْ كَانَتْ مِثْلَ زَبَدِ الْبَحْرِ». [صحيح] - [متفق عليه]

(306) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले "सुब्हानल्लाहि व बिहम्दिहि" दिनमा सय पटक पढ्छ, उसको पापहरू माफ गरिन्छ, चाहे त्यो समुद्रको फिज बराबर भए पनि ।" [सही] - [मुत्तफकुन अलैहि]

## व्याख्या:

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले दिन र रातमा सय पटक 'सुब्हानल्लाहि व बिहम्दिहि' भन्छ भने उसका पापहरू माफ गरिन्छ र क्षमा गरिनेछन, चाहे त्यो समुद्रमा छालको समयमा देखा पर्ने सेतो फिज बराबर भए पनि ।

## हदीसका केही फाइदाहरू:

1. यो इनाम लगातार वा अन्तरालमा (बीच-बीचमा) पढ्ने दुबैलाई प्राप्त हुनेछ ।

2. तस्बीहको अर्थ: अल्लाहलाई सबै दोषहरूबाट मुक्त मान्नु र हम्द (प्रशंसा) भनेको उहाँलाई प्रेम र सम्मानका साथ हरेक हिसाबले परिपूर्ण मान्नु ।
3. यस हदीसमा पापहरूको क्षमा भनेको साना पापहरूको क्षमा हो । ठूला पापहरूका लागि तौबा (पश्चात्ताप) आवश्यक छ ।

(5516)

(307) – عن أبي مالكٍ الأشعريِّ رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «الطُّهُورُ شَطْرُ الْإِيمَانِ، وَالْحَمْدُ لِلهِ تَمْلَأُ الْمِيزَانَ، وَسُبْحَانَ اللهِ وَالْحَمْدُ لِلهِ تَمْلَآنِ -أَوْ تَمْلَأُ- مَا بَيْنَ السَّمَاوَاتِ وَالْأَرْضِ، وَالصَّلَاةُ نُورٌ، وَالصَّدَقَةُ بُرْهَانٌ، وَالصَّبْرُ ضِيَاءٌ، وَالْقُرْآنُ حُجَّةٌ لَكَ أَوْ عَلَيْكَ، كُلُّ النَّاسِ يَغْدُو، فَبَايِعٌ نَفْسَهُ فَمُعْتِقُهَا أَوْ مُوبِقُهَا». [صحيح] - [رواه مسلم]

(307) – अबू मलिक अल-अश्अरी (रजियल्लाहु अन्हु) बाट उद्धृत गरिएको छ, वहाँ भन्नु हुन्छः अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "तहारत (पवित्रता) आधा ईमान हो । अल्हम्दुलिल्लाह (अल्लाहको प्रशंसा) ले (सुकर्म तौल गर्ने ) तराजु भर्छ, 'सुब्हानल्लाह' र 'अल्हम्दुलिल्लाह' यी दुबैले आकाशहरू देखि पृथ्वी सम्मको विशालतालाई (ती शब्दहरुको वाचनको प्रतिफल र अल्लाहको महिमा ले) भरि दिन्छ । सलाह (नमाज) नूर (ज्योति) हो, सदकह (दान दिनु आस्था सही हुने ) प्रमाण हो, धैर्य गर्नु (आस्थाको) किरण हो । र कुरान तपाईको पक्ष वा विपक्षमा प्रमाण हो । प्रत्येक मानिसले हरेक दिन परिश्रम गर्छ, कि त उसले आफूलाई नर्कबाट बचाउछ कि त नष्ट पार्दछ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्याः

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले यस हदीसमा बताउनु भएको छ कि : बाहिरी (शारीरिक) शुद्धता र पवित्रता "वुजू" र स्नानबाट प्राप्त हुन्छ र यो शुद्धता नमाजको लागि शर्त हो। र उहाँको भनाई : "अल्हमदु लिल्लाहले तराजु भर्छ" वास्तवमा यो अल्लाहको प्रशंसा, महिमा र पूर्णताको वर्णन हो । प्रलयको दिन,

यी शब्दहरू तराजूमा तौलिनेछन् र यिनले कर्महरू तौलने तराजूलाई भर्नेछन् । र उहाँको भनाई : "सुब्हानल्लाह र अल्हम्दुलिल्लाह" ले सम्पूर्ण थरीका त्रुटि र अपूर्णता बाट अल्लाहलाई पवित्र ठहऱ्याउन्छ, र उहाँ प्रति प्रेम एवं सम्मान सहित उहाँको श्रेष्ठता माफिक उहाँको पूर्ण उत्तम विशेषताहरू वर्णन गर्दछ । यी दुई शब्दहरूले (ती शब्दहरुको वाचनको प्रतिफल र अल्लाहको महिमा ले) आकाश र पृथ्वी बीचको ठाउँ भर्छन् । र "नमाज एउटा ज्योति हो" जसले भक्तको हृदय, अनुहार, चिहान र हश्र (हिसाबकिताबको लागि भेला हुने मैदान) लाई उज्यालो पार्दछ। र "दान प्रमाण हो" अर्थात् दान प्रदान गर्नु भक्तको साँचो आस्थाको र पाखण्ड कपट बाट अबद्ध भएको प्रमाण हो, साथै दान दिनुले पाखण्डी कपटी व्यक्ति -जसले दानको प्रतिफलमा विश्वास गर्दैन- बाट भिन्नता पनि प्रमाणित हुन्छ । "सब्र (धैर्य) एक किरण हो" । धैर्य भनेको दु:ख र पीडामा असन्तुष्टि र भाग्यलाई गालीगलौज गर्नबाट रोकिनु हो । "जिया"- यसतो प्रकाशलाई भनिन्छ जसमा सूर्यको किरण जस्तै ताप र जलाउने गुण हुन्छ । किनभने धैर्य कठिन कार्य हो र यसमा आत्मसँग लड्न र आफ्नो नराम्रो इच्छा तथा आकांक्षालाई रोक्नु पर्छ । धैर्यतापूर्वक जिवन बिताउने व्यक्ति व्यक्ति सधैं उज्यालोमा रहन्छ र ऊ निरन्तर रुपले सही मार्गमा हुन्छ । अर्थात् धैर्य भनेको अल्लाहको आज्ञापालन गर्नुमा दृढ हुनु, उहाँको अवज्ञाबाट आफूलाई बचाउनु र संसारमा आइपरेका दुःख र कठिनाइहरूमा धैर्य गर्नु हो । "कुरआन तपाइँको लागि प्रमाण हो" जब तपाईंले कुरआनको पाठ गर्नुहुन्छ र त्यसको आदेश अनुसार कार्य गर्नु हुन्छ । वा "तपाइँको विरुद्धमा प्रमाण" हो, जब तपाइँले त्यसको आदेशहरुको पालना गर्नहुन्न र त्यसको तिलावत (पाठ) पनि गर्नुहुन्न । त्यसपछि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो : सबै मानिसहरूले संघर्ष र प्रयास गर्छन्, धर्तीमा फैलिन्छन्, निद्राबाट ब्यूँझन्छन् अनि विभिन्न कामका लागि आफ्नो घर छोड्छन् र जीविकोपार्जन गर्छन् । अतः, तिनीहरूमध्ये केहीले अल्लाहको आज्ञापालन गर्दछन् र आफूलाई नर्कको आगोबाट मुक्त गर्छन् र तिनीहरूमध्ये केही अवज्ञा गरि विचलित हुन्छन् र पापहरूमा लिप्त भएर नर्कमा प्रवेश गर्छन् र आफूलाई नष्ट गर्छन् ।

## हदीसका केही फाइदाहरू:

1. पवित्रता दुई प्रकारको हुन्छ: बाहिरी (शारीरिक) शुद्धता, जुन वुजू र गुस्ल (स्नान) बाट प्राप्त हुन्छ र अर्को भित्री पवित्रता, जुन एकेश्वरवाद, विश्वास र असल कर्महरूबाट प्राप्त हुन्छ।
2. यस हदीस बाट निरन्तर रुपले नमाज पढ्नुको महत्व प्रस्ट हुन्छ, किनभने नमाज यस संसार र महाप्रलयको दिनमा भक्तका लागि ज्योति हुनेछ।
3. दान-पुण्य- आस्था एवं श्रद्धाको सत्यताको प्रमाण हो।
4. यस हदीसबाट कुरान अनुसार कार्यान्वयन र यस माथि विश्वास गर्नुको महत्व थाहा हुन्छ, ताकि यो तपाइँको पक्षमा प्रमाण होस्, तपाईंको विरुद्धमा नहोस् ।
5. यदि तपाईंले आफ्नो हृदयलाई आज्ञाकारितामा व्यस्त गर्नुभएन भने, यसले तपाईंलाई पापमा संलग्न गर्नेछ।
6. हरेक मानिस अनिवार्य रूपमा कुनै न कुनै कर्म गर्दछ। तसर्थ कि त आज्ञाकारिताद्वारा उसले आफूलाई मुक्त गर्दछ वा अन्यथा पापद्वारा आफूलाई नष्ट गर्दछ।
7. धैर्यको लागि सहिष्णुता, सहनशीलता  र पुण्यको नियत आवश्यक छ, जुन साह्रै गाह्रो हो।

(65004)

(308) – عن أبي هريرة رضي الله عنه قال: قال رسول الله صلى الله عليه وسلم: «لَأَنْ أَقُولَ: سُبْحَانَ اللهِ، وَالْحَمْدُ لِلهِ، وَلَا إِلَهَ إِلَّا اللهُ، وَاللهُ أَكْبَرُ، أَحَبُّ إِلَيَّ مِمَّا طَلَعَتْ عَلَيْهِ الشَّمْسُ». [صحيح] - [رواه مسلم]

(308) – अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "सुब्हानल्लाह्, वल्-हम्दु लिल्लाह्, वला इलाह इल्-लल्लाह्, वल्लाहु अक्बर' भन्नु मेरो लागि यो पृथ्वी र यसमा भएका सबै चीजहरू भन्दा प्रिय छ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, यी महत्त्वपूर्ण शब्दहरूद्वारा अल्लाहको जिक्र गर्नु र उहाँलाई सम्झनु यो पृथ्वी र यसमा भएका सबै चीजहरू भन्दा राम्रो छ र ती हुन्:

"सुब्हानल्लाह्": अल्लाह सबै किसिमको कमीकमजोरीहरूबाट पवित्र हुनुहुन्छ ।

"अल्-हम्दु लिल्लाह् ": अल्लाहका पूर्णताको विशेषता, माया, सम्मान र श्रद्धाका साथमा वर्णन गरिएको छ ।

"ला इलाह इल्-लल्लाह् ": अल्लाह बाहेक कोही सत्य ईश्वर छैन ।

"अल्लाहु अकबर": अल्लाह सबै भन्दा ठूलो र शक्तिशाली हुनुहुन्छ ।

## हदीसका केही फाइदाहरू:

1. अल्लाहको जिक्र (स्मरण) गर्न प्रोत्साहित, किनकि उहाँको सम्झना यो पृथ्वी र यसमा भएका सबै चीजहरू भन्दा राम्रो छ ।
2. अत्यधिक जिक्र गर्न प्रोत्साहन; किनभने यसमा धेरै पुण्य र ठूलो पुरस्कार छ ।
3. संसारका भोगहरू थोरै छन् र ती सबै समाप्त हुनेछन् ।

(6211)

(309) – عن جابر رضي الله عنه قال: سمعت رسول الله صلى الله عليه وسلم يقول: «أَفْضَلُ الذِّكْرِ: لَا إِلَهَ إِلَّا اللهُ، وَأَفْضَلُ الدُّعَاءِ: الْحَمْدُ لِلهِ». [حسن] - [ رواه الترمذي والنسائي في الكبرى وابن ماجه]

(309) – जाबिर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई भन्दै गरेको सुनें, "सर्वश्रेष्ठ जिक्र (स्तुति) 'ला इला-ह इल्लल्लाह' हो र सबैभन्दा राम्रो दुआ (प्रार्थना) 'अल-हमदु लिल्लाह' हो ।" [हसन] - [तिर्मीजीले र निसाईले सुनन कुब्रा मा तथा इब्ने माजहले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुहुन्छ, सबैभन्दा राम्रो जिक्र "ला इला-ह इल्लाल्लाह" हो, जसको अर्थ अल्लाह बाहेक कोही सत्य ईश्वर छैन हो। जबकि सबैभन्दा राम्रो दुआ "अल-हम्दु लिल्लाह" हो, जसको अर्थ सबै अनुग्रह दिने र सबै सुन्दर प्रशंसा योग्य अल्लाह हुनुहुन्छ हो ।

## हदीसका केही फाइदाहरू:

1. यस हदीसमा तौहीद शब्द मार्फत अल्लाहको धेरै भन्दा धेरै प्रशंसा गर्न र 'अल-हम्दु लिल्लाह' शब्दबाट धेरै दुआ (प्रार्थना) गर्न प्रोत्साहित गरिएको छ ।

(3567)

(310) – عن خَوْلَةَ بِنْتَ حَكِيمٍ السُّلَمِيَّةَ قَالتْ: سَمِعْتُ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «مَنْ نَزَلَ مَنْزِلًا ثُمَّ قَالَ: أَعُوذُ بِكَلِمَاتِ اللهِ التَّامَّاتِ مِنْ شَرِّ مَا خَلَقَ، لَمْ يَضُرَّهُ شَيْءٌ حَتَّى يَرْتَحِلَ مِنْ مَنْزِلِهِ ذَلِكَ». [صحيح] - [رواه مسلم]

(310) – खौलह बिन्ते हकीम सुलमिया (रजियल्लाहु अन्हा) ले बयान गरोकि छिन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "जो कोही कुनै ठाउँमा ओर्लन्छ र यो दुआ पढ्छ: 'अऊजु बिकलिमातिल्लाहि-त्ताम्माति मिन् शर्रि मा ख लक् ।' (म अल्लाहको पूर्ण वचनहरूद्वारा सृष्टिको प्रत्येक शर् बाट शरण चाहन्छु ।) त्यो ठाउँमा बसुन्जेल उसलाई कुनै पनि कुराले हानि गर्न सक्दैन ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो उम्मत (अनुयायी) लाई पृथ्वीको कुनै पनि ठाउँमा यात्रा गर्दा, भ्रमण गर्दा वा पिकनिक इत्यादिको लागि जाँदा लाभकारी शरण खोज्नको लागि मार्गदर्शन गर्नुभएको छ, ताकि ऊ दुष्ट प्राणी र डर लाग्ने हरेक खराबीबाट सुरक्षित रहन सकोस् । उहाँले भन्नुभयो, जब कोही कुनै ठाउँमा ओर्लन्छ र हरेक दुष्ट प्राणीहरूको खराबीबाट अल्लाहका वचनहरूद्वारा शरण लिन्छ, जुन पुण्य, आशीर्वाद र लाभको दृष्टिकोणले पूर्ण छन् र सबै दोष र कमिबाट मुक्त छन्, तब ऊ त्यहाँ बसुन्जेल हरेक पीडादायी चीजहरू र दुष्ट प्राणीहरूबाट सुरक्षित रहन्छ ।

## हदीसका केही फाइदाहरू:

1. शरण खोज्नु पनि उपासना हो । तसर्थ, अल्लाह, उहाँको नाम वा उहाँका गुणहरूमा शरण लिनु ।
2. अल्लाहको वचनमा शरण लिन अनुमति छ । किनभने अल्लाहको वचन उहाँको गुणहरू मध्ये एक हो । जबकि कुनै पनि प्राणीको शरण वा आश्रय लिनु मान्य छैन, किनभने यो शिर्क हो ।

3. यस दुआ (प्रार्थना) को पुण्य र आशिष् ।
4. अजकार(प्रार्थना) द्वारा आफ्नो सुरक्षा खोज्छ भने अल्लाहले सेवकलाई हरेक शर (खराबी) बाट जोगाउँछन् ।
5. अल्लाह बाहेक जिन्न, जादूगर वा ठग आदिको शरण लिनु शिर्क हो ।
6. सामान्य अवस्थामा वा यात्राको क्रममा कतै अवतरण गर्दा यो दुआ पढ्नु सुन्नत हो ।

(5932)

(311) – عَنْ أَبِي حُمَيْدٍ أَوْ عَنْ أَبِي أُسَيْدٍ قَالَ: قَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: «إِذَا دَخَلَ أَحَدُكُمُ الْمَسْجِدَ فَلْيَقُلِ: اللَّهُمَّ افْتَحْ لِي أَبْوَابَ رَحْمَتِكَ، وَإِذَا خَرَجَ فَلْيَقُلِ: اللَّهُمَّ إِنِّي أَسْأَلُكَ مِنْ فَضْلِكَ». [صحيح] - [رواه مسلم]

(311) – अबू हुमैद वा अबू ओसैदले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जब तिमीहरू मध्ये कोही मस्जिदमा प्रवेश गर्छ भने उसले (अल्लाहुम्मफ्-तह्-ली अब्वाब रह्-मतिक्) र जब बाहिर निस्कन्छ भने (अल्लाहुम्म इन्नी अस्-अलुक मिन्-फज्लिक्) पढ्नुपर्छ । [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

नबी सल्लल्लाहु अलैहि वसल्लमले आफ्नो उम्मतलाई मस्जिदमा प्रवेश गर्दा यो दुआ पढ्न सिकाउनु भएको छ: (अल्लाहुम्मफ्-तह्-ली अब्वाब रह्-मतिक्) ("हे अल्लाह, मेरो लागि आफ्नो रहमतका ढोका खोलिदिनुहोस्")। यसद्वारा मानिसले अल्लाहसँग आफ्नो दयालुता प्राप्त हुने कारणहरू सजिलो बनाइदिन अनुरोध गर्छ। त्यसैगरी मस्जिदबाट बाहिर निस्कँदा यो पढ्न : (अल्लाहुम्म इन्नी अस्-अलुक मिन्-फज्लिक्) अर्थात अल्लाहको अत्यधिक अनुग्रह र हलाल जीविकोपार्जनका लागि दुआ गर्नु पर्दछ ।

## हदीसका केही फाइदाहरू:

1. मस्जिदमा प्रवेश गर्दा र बाहिर निस्कँदा उक्त दुआहरू पढ्नु मुस्तहब हो ।
2. मस्जिदमा प्रवेश गर्दा दया र मस्जिद छोड्दा अनुग्रह विशेष रूपमा उल्लेख गरिएको छ । किनभने प्रवेश गर्ने व्यक्ति अल्लाह र स्वर्ग नजिक ल्याउने गतिविधिहरूमा संलग्न हुन जान्छ, त्यसैले दयाको उल्लेख अनुकूल थियो र जो बाहिर निस्कन्छ ऊ जीविकोपार्जनको खोजीमा सक्रीय भैहाल्छ, त्यसैले यहाँ अनुग्रह उल्लेख गर्नु उपयुक्त छ ।
3. मस्जिदमा प्रवेश गर्ने र मस्जिद छोड्ने इरादा गर्दा यी अजकारहरू
4. पढ्नुपर्छ ।

(65092)

(312) – عَنْ جَابِرِ بْنِ عَبْدِ اللهِ رضي الله عنهما أَنَّهُ سَمِعَ النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ يَقُولُ: «إِذَا دَخَلَ الرَّجُلُ بَيْتَهُ، فَذَكَرَ اللهَ عِنْدَ دُخُولِهِ وَعِنْدَ طَعَامِهِ، قَالَ الشَّيْطَانُ: لَا مَبِيتَ لَكُمْ، وَلَا عَشَاءَ، وَإِذَا دَخَلَ، فَلَمْ يَذْكُرِ اللهَ عِنْدَ دُخُولِهِ، قَالَ الشَّيْطَانُ: أَدْرَكْتُمُ الْمَبِيتَ، وَإِذَا لَمْ يَذْكُرِ اللهَ عِنْدَ طَعَامِهِ، قَالَ: أَدْرَكْتُمُ الْمَبِيتَ وَالْعَشَاءَ». [صحيح] - [رواه مسلم]

(312) – जाबिर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, "जब मानिस आफ्नो घरमा प्रवेश गर्छ अनि प्रवेश गर्दा र खाना खाँदा अल्लाहको नाम लिन्छ, तब शैतानले आफ्ना साथीहरूलाई भन्छ: यहाँ न त तिमीहरूका लागि रात बिताउने ठाउँ छ, न त खानाको व्यवस्था । तर घर भित्र पस्दा अल्लाहको नाम लिदैन, शैतान भन्छ: तिमीले रात बिताउने ठाउँ भेट्टायौ र खाना खाँदा अल्लाहको नाम लिदैन, ऊ भन्छ: तिमीहरूले रात बिताउने ठाउँ र खाना दुबै भेट्टायौ ।" [सही] - [मुस्लिमले वर्णन गरेका छन्]

## व्याख्या:

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले घरमा प्रवेश गर्दा र खाना खानु अघि अल्लाहको नाम लिन आदेश दिनुभएको छ । जब एक व्यक्तिले घरमा प्रवेश गर्दा र खाना खानु अघि 'बिस्मिल्लाह' भन्छ, तब शैतानले आफ्ना सहयोगीहरूलाई भन्छ, यस घरमा तिमीहरूका लागि न त रात बिताउने ठाउँ छ, न त खाने व्यवस्था, किनकि घरको मालिकले अल्लाहको नाम लिएर तिमीहरूबाट आफूलाई सुरक्षित गरेको छ । यसको विपरित, जब कुनै व्यक्ति घरमा प्रवेश गर्छ र घरमा प्रवेश गर्दा र खाना खाँदा अल्लाहको नाम लिँदैन, तब शैतानले आफ्ना सहयोगीहरूलाई त्यो घरमा रात बिताउने ठाउँ र खाना खाने प्रबन्ध दुबै भेट्टाएको भनेर बताउँछ ।

## हदीसका केही फाइदाहरू:

1. घरमा प्रवेश गर्दा र खाना खाँदा अल्लाहको नाम लिनु मुस्तहब हो । किनकि यदि अल्लाहको नाम लिइएन भने शैतानले घरमा रात बिताउँछ र उनीहरूको खाना खान्छ ।
2. शैतानले मानवको काम, व्यवहार र उसका सम्पूर्ण क्रियाकलापलाई नियालेर हेरिरहन्छ र अल्लाहको नामबाट अलिकति बेवास्ता हुने बित्तिकै आफ्नो उद्देश्य प्राप्त गर्दछ ।
3. अल्लाहको जिक्र (स्मरण र सम्झना) ले शैतानलाई भगाउँछ ।
4. प्रत्येक शैतानका केही अनुयायी र सहयोगीहरू हुन्छन्, जो उसको कुरामा खुसी हुन्छन् र उसका आदेशहरूको पालना गर्छन् ।

(3037)

**Table of Contents**

**भूमिका** ........ 1
सबै कार्यहरू इरादाहरूमा आधारित हुन्छन् र प्रत्येक व्यक्तिलाई उसको नियत अनुसार इनाम दिइनेछ ........ 3
जसले हाम्रो यो धर्ममा कुनै नयाँ कुरा आविष्कार गर्छ, जुन हाम्रो धर्ममा छैन, त्यो स्वीकार्य हुँदैन .. 4
इस्लाम भनेको अल्लाह बाहेक कोही सत्य पूज्य छैन र मुहम्मद अल्लाहका सन्देष्टा हुनुहुन्छ भन्ने गवाही दिनु, सलाह (नमाज) कायम गर्नु, जकात दिनु, रमजानको रोजा राख्नु र सक्षम व्यक्तिले अल्लाहको घरसम्म हज गर्नु हो ........ 6
इस्लाम पाँच कुराहरूमा आधारित छ ........ 11
भक्तहरूमाथि अल्लाहको अधिकार के हो भने तिनीहरूले उहाँको मात्र उपासना गरून् र उहाँको (उपासना)मा कसैलाई साझेदार नबनाऊन (शिर्क नगरून्) र अल्लाहमाथि भक्तहरूको अधिकार के हो भने जसले उहाँको (उपासना)मा कसैलाई साझेदार बनाउदैन, वहाँले उसलाई दण्ड नदिऊन् ........ 13
जसले अल्लाह बाहेक कोही साँचो ईश्वर छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका दास र दूत हुन् भनी साँचो हृदयले गवाही दिन्छ, अल्लाहले उसको लागि नरक निषेध गर्नुहुनेछ. 15
जसले 'ला इलाह इल्लल्लाह' (अल्लाह बाहेक कोही सत्य ईश्वर छैन) को गवाही दिन्छ र अल्लाह बाहेक सबैको पूजा अस्वीकार गर्छ, उसको धन र रगत सुरक्षित हुनेछ र उसको हिसाब अल्लाहसँग हुनेछ । ........ 17
जसले शिर्क (अल्लाहको उपासनाको अधिकार अरू लाई दिनु ) नगरीकन मर्छ, ऊ स्वर्गमा प्रवेश गर्नेछ र जसले शिर्क गर्दागर्दै मर्छ, ऊ नर्कमा प्रवेश गर्नेछ। ........ 19
जो अल्लाह बाहेक अरूको उपासना गरेको अवस्थामा मर्छ, ऊ नरकमा जानेछ........ 20
तिमी (अह्ले-किताब) यहुदी र ईसाई समुदायमा जाँदैछौ । त्यहाँ पुगेपछि उनीहरूलाई सबैभन्दा पहिला तौहीद (अल्लाह बाहेक कोही सत्य पुज्य छैन र मुहम्मद अल्लाहका रसूल हुनुहुन्छ ...... 22
न्यायको दिनमा, मेरो शिफाअत (सिफारिस) को बढी हकदार त्यो व्यक्ति हुनेछ, जसले आफ्नो हृदय वा आत्माबाट नै इमान्दारीपूर्वक "ला इलाहा इल्लल्लाह" को गवाही दिन्छ । ........ 24
ईमान (विश्वास) का सत्तरी (वा साठी) भन्दा बढी शाखाहरू छन्, जसमध्ये सबैभन्दा उत्कृष्ट 'ला इलाहा इल्लाल्लाह' भन्नु हो र सबैभन्दा तल्लो शाखा नोक्सान पुऱ्याउने कुरालाई बाटोबाट हटाउनु हो........ 26

मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधें, अल्लाहको नजरमा सबैभन्दा ठूलो पाप कुन हो? उहाँले भन्नुभयो: "अल्लाहको सहभागी ठहर गर्नु जबकि उहाँले तिमीलाई सृष्टि गर्नुभएको हो ........ 27

म सबै साझेदारहरूको शिर्क (साझेदारी) बाट निस्पृह छु । जसले कुनै धर्मक्रिया गर्छ र त्यसलाई म बाहेक अरू कसैको निमित्त गरि शिर्क गर्दछ, म उसलाई र उसको शिर्कलाई अस्वीकार गर्दछु 29

मेरा समस्त अनुयायीहरू स्वर्गमा प्रवेश गर्नेछन्, इन्कार गर्नेहरू बाहेक........ 30

मेरो प्रशंसा गर्नमा बढाइचढाइ नगर, जसरी ईसाईहरूले मरियमको छोराको प्रशंसामा बढाइचढाइ गरेका थिए; म केवल अल्लाहको दास हुँ । त्यसैले मलाई अल्लाहको दास र उहाँको रसूल (दूत) भन । ........ 31

तिमीहरू मध्ये कोही पनि (पूर्ण) मुमिन हुन सक्दैन, जबसम्म म उसको नजिक उसको बुबाआमा, छोराछोरी र सबै मानिसहरू भन्दा बढी प्रिय हुँदिन। ........ 33

मैले तिमीहरूलाई नभनेको (अनावश्यक) कुराहरूलाई बेवास्ता गर । किनकि तिमीभन्दा अघिका राष्ट्रहरू (अनावश्यक) प्रश्न सोध्ने र आफ्ना नबीहरूसँग मतभेद गरेको कारणले नष्ट भएका थिए 34

मबाट प्राप्त सन्देश अरूलाई सुनाउ, चाहे त्यो केवल एक पद किन नहोस् । र "बनू इस्राएल" ( नबी मोसेसको समूदाय ) मार्फत जे ज्ञान प्राप्त हुन्छ त्यो पनि धक नमानिकन बयान गर ।र जसले जानाजानी मेरो बारेमा झूटो बोल्छ, उसले आफ्नो घर नरकमा बनाओस् । ........ 36

होसियार! सम्भव छ कि एक व्यक्ति आफ्नो अडेसदार आसनमा अडेस लगाएर विराजमान हुनेछ,र मेरो हदीस ऊ समक्ष पुग्नेछ र उसले भन्नेछ: हामी र तपाईं बीच (निर्णयको मामिलामा) केवल अल्लाहको किताब छ ........ 38

अल्लाहको श्राप होस्, यहूदी र ईसाईहरूमाथि, तिनीहरूले आफ्ना नबीहरूको कब्रलाई (चिहान) मस्जिद बनाए........ 40

हे अल्लाह! मेरो कब्र (चिहान) लाई मूर्ति नबनाउनु........ 42

“तिमीहरू आफ्ना घरहरूलाई चिहान नबनाऊ र मेरो चिहानलाई उत्सव (मेला) स्थल नबनाऊ । मेरो लागि प्रार्थना (दरूद र सलाम) गर। तिमीहरू जहाँ भए पनि तिमीहरूको प्रार्थना (दरूद र सलाम) म सम्म पुग्नेछ ।” ........ 43

तिनीहरू यस्ता मानिसहरू थिए, जब तिनीहरूमध्ये कुनै धर्मी व्यक्तिको मृत्यु हुन्थ्यो भने, तिनीहरूले उसको चिहानमाथि मस्जिद बनाइदिन्थे........ 45

म अल्लाह सामु यस कुरा प्रति असहमति जनाउन्छु , कि तिमीहरूमध्ये कोही मेरो 'खलील' (विशेष साथी) होस्। किनकि अल्लाहले मलाई आफ्नो ‘खलील’ (विशेष मित्र) बनाउनुभएको छ, जसरी उहाँले इब्राहीम (अलैहिस्सलाम) लाई आफ्नो खलील........ 47

के म तिमीलाई त्यस मिसनमा नपठाऊ, जसमा अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मलाई पठाउनुभएको थियो? तिमीले यदि कुनै पनि मुर्तिलाई देख्यौ भने त्यसलाई मेटाई देऊ र कुनै अग्लो कब्र (चिहान) छ भने त्यसलाई समतल गरी देऊ । ............ 49

अपशगुन मान्नु शिर्क हो, अपशगुन मान्नु शिर्क हो, अपशगुन मान्नु शिर्क हो, (तीन पटक) भन्नुभयो ।" यस प्रकारको कुरा हामी सबैको हृदयमा आउँछ, तर अल्लाहले यसलाई तवक्कुल(अल्लाहमाथि भरोसा) मार्फत हटाउनुहुन्छ । ............ 50

त्यो व्यक्ति हामी मध्ये होइन, जसले अशुभ शगुन मान्यो वा जसको लागि अशुभ शगुन लिइएको छ, जसले ज्योतिषीको काम गर्यो वा जसको लागि ज्योतिषीको काम गराइयो, जसले जादू गर्यो वा जसको लागि जादू गराइयो ............ 51

रसूल अल्लाह (सल्लल्लाहु अलैहि व सल्लम) ले भने : "रोग संक्रामक हुँदैन, न त अपशगुनमा विश्वास गर्नुपर्छ, तर मलाई शुभसंकेत मन पर्छ।" साहबाहरूले सोधे : "शुभसंकेत भनेको के हो?" उहाँले भन्नुभयो : "मिठो शब्द। ............ 53

तिमीहरुलाई थाहा छ, तिमीहरुको प्रभुले के भन्नुभएको छ?" तिनीहरूले भने अल्लाह र उहाँका रसूल लाई राम्ररी ज्ञान छ, उहाँले भन्नुभयो: "मेरा भक्तहरू मध्ये केही मोमिन (ममा विश्वास गर्ने) र अर्को काफिर ............ 55

जसले तावीज झुण्ड्याउँछ उसले शिर्क गरेको छ । ............ 57

निःसनदेह, रुक्या (झाडफूँक) गर्नु, तावीज बाँध्नु र पति-पत्नी बीच प्रेम सिर्जना गर्न टुनामुना गर्नु शिर्क हो । ............ 58

जो कोही ज्योतिषी कहाँ जान्छ र उसलाई कुनै कुराको बारेमा सोध्छ भने, चालीस दिनसम्म उसको सलाह (नमाज) कबुल हुँदैन । ............ 60

जसले गैरुल्लाह (अल्लाह बाहेक अरू कसै) को कसम खान्छ, उसले कुफ्र वा शिर्क गर्दछ ।.... 61

अल्लाहको कसम, जब म कुनै चीजको लागि कसम खान्छु र त्यो भन्दा राम्रो अर्को चीज देख्छु भने म कसमको कफ्फारा दिन्छु र राम्रो मात्र रोज्छु। ............ 63

यो नभन : अल्लाहले जे चाहनुहुन्छ र फलानो जे चाहन्छ, तर यो भन, अल्लाहले जे चाहनुहुन्छ र त्यसपछि फलानोले जे चाहन्छ । ............ 65

“निस्सन्देह, मलाई तिमीहरूको बारेमा जुन कुरादेखि सबैभन्दा धेरै डर लागेको छ, त्यो सानो शिर्क हो ।" साथीहरूले भने: हे अल्लाहको रसूल! यो सानो शिर्क के हो? उहाँले जवाफ दिनुभयो: “दिखावटी (रिया) ............ 67

चिहानहरूमाथि नबस्नु र त्यसतर्फ मुख गरेर नमाज नपढ्नु। ............ 68

कुकुर वा चित्र भएको घरमा फरिश्ता (स्वर्गदूत) हरू प्रवेश गर्दैनन् । ............ 69

फरिश्ताहरू(स्वर्गदूत)ले त्यो समूहको साथ दिँदैनन् जहाँ कुकुर वा घण्टी हुन्छ। .................... 71

शैतान तिमीहरु मध्ये कसै कहाँ आउँछ र भन्छ: यो कसले सृष्टि गर्यो ? र यो कसले रचना गर्यो ? यो क्रम चलिरहन्छ यहाँ सम्म उसले सोध्न थाल्छ : तिम्रो रब (पालनकर्ता) लाई कसले सृष्टि गर्यो ? यस्तो कुरा दिमागमा आउन साथ शैतानको उपद्रोबाट अल्लाहको शरण लिनुपर्छ र यस्त खराब विचार त्याग्नु पर्छ" । ........................................................................................ 72

जसले मेरो वली (मुमिन भक्त) सँग शत्रुता राख्छ, म उसको विरुद्ध युद्धको घोषणा गर्दछु । मेरो दासले मेरो निकटता प्राप्त गर्ने कर्महरू मध्ये मलाई सबैभन्दा बढी मन पर्ने फर्जहरु हुन्......... 74

अल्लाहसँग डराउनु र आफ्ना शासकहरूको आदेश सुन्नु र पालन गर्नु, चाहे शासक एक कालो दास भए पनि । तिमीहरूले मेरो पछि धेरै विवाद देख्ने छौ। त्यसैले मेरो सुन्नत र सही मार्गनिर्देशित खलीफाहरूको सुन्नतको अनुसरण गर्नु ........................................................................ 77

जसले मुस्लिम हाकिमको आज्ञा मान्न इन्कार गर्छ र जमात छोड्छ अनि त्यही अवस्थामा मर्छ भने त्यो जाहिलियतको मृत्यु हो........................................................................................ 79

अल्लाहले जसलाई जनताको सेवा गर्ने जिम्मेवारी सुम्पिनु हुन्छ र उसले आफ्नो प्रजालाई धोका दिइरहेको अवस्थामा जब ऊ मर्छ, अल्लाहले उसको लागि स्वर्ग निषेध गर्नुहुन्छ ।.................. 81

तिमीहरूलाई केही शासकहरूको सामना गर्नुपर्नेछ, जसका केही काम तिमीले सही ठहर्याउनेछौ र केहीलाई अस्वीकार गर्नेछौ। जसले यिनीहरूका खराब कार्यलाई चिने, उसले आफ्नो जिम्मेवारीबाट मुक्त रह्यो, र जसले यस्ता काम को इन्कार गर्‍यो, उसले सलामती पायो। तर जो यसता काममा सन्तुष्ट भयो र समर्थन गर्‍यो, त्यो दोषी हुनेछ।............................................. 82

(तिमीहरूले मरो निधनपछी) प्राथमिकताका मामिलाहरू देख्नेछौ, जुन तिमीहरूलाई नराम्रो महसुस हुनेछ ।" साथीहरूले भने: हे अल्लाहको रसूल! त्यसोभए हामीलाई के गर्न आदेश दिनुहुन्छ? उहाँले भन्नुभयो: "तिमीहरूले आफ्नो जिम्मेवारी पूरा गर र अल्लाहसँग आफ्नो अधिकार माग ।..................................................................................................... 84

“तिमीहरू सबै जिम्मेवार हौ र प्रत्येकलाई उस्को जिम्मेवारीबारे सोधिनेछ ।.......................... 86

हे अल्लाह! जसलाई मेरो उम्मतको कुनै जिम्मेवारी सुम्पिएको छ र ऊ तिनीहरूलाई कठिनाइमा पार्छ भने तपाईं पनि उनीप्रति कठोर हुनुहोस् र जसलाई मेरो उम्मतको कुनै मामिला सुम्पिएको छ र उनीहरूसँग नरम व्यवहार गर्छ भने तपाईं उससँग नम्र हुनुहोस् । .................................... 87

धर्म भनेको निष्ठा हो ........................................................................................................ 88

जब तिमीले ती मानिसहरूलाई देख्छौ जसले कुरानका मुतशाबिह (अनेकार्थ रहेका) आयतहरूलाई पछ्याउँछन् , तब(बुझ्नु कि) ती नै ती व्यक्तिहरू हुन् जसको बारेमा अल्लाहले नाम लिएर चेतावनी दिएका छन्, त्यसैले तिनीहरूबाट सावधान रहनु .................................. 91

तिमीहरू मध्ये कसैले मुन्कर (गलत) भइरहेको देख्यो भने त्यसलाई हातले रोक्न प्रयास गर्नु, यदि हातले रोक्ने शक्ति नभए बोलेर रोक्न प्रयास गर्नु, यदि यसको पनि क्षमता छैन भने हृदयमा नै नराम्रो ठान्नु र यो ईमानको (आस्थाको) सबै भन्दा कमजोर श्रेणी हो" ।.................................95

अल्लाहको हदको पालना गर्ने र त्यसलाई उल्लङ्घन गर्नेहरुको उदाहरण - डुङ्गामा आफ्नो स्थान निर्धारण गर्न चिट्ठा हाल्नेहरु जस्तै हो, जसमा केही मानिसहरु डुङ्गाको माथिल्लो भागमा स्थान पाए र केहीले तल्लो भागमा ........................................................................................97

जसले सत्य मार्गको आह्वान गर्छ, उसले सत्य मार्ग अप्हनाउनेहरूको पुण्य बराबर पुण्य पाउनेछ, तर उनीहरूको पुण्यमा कुनै कमी हुनेछैन.......................................................................................99

जसले राम्रो कामको मार्गदर्शन गर्दछ, उसलाई त्यो गर्ने व्यक्ति बराबर पुण्य दिइनेछ............100

अल्लाहको कसम, यदि अल्लाह तिम्रो माध्यमबाट एक जनालाई सही मार्गमा ल्याउनुभयो भने, त्यो तिमीलाई संसारकै उत्कृष्ट सम्पत्तिभन्दा पनि उत्तम हुनेछ।.............................................102

जसले कुनै राष्ट्र को नक्कल गर्छ, त्यो तिनीहरूमध्ये एक हो । ..........................................105

मानिस आफ्नो साथीको मार्गमा हुन्छ , त्यसैले प्रत्येकले सोचेर मात्र मित्रता गर्नु।...................106

“जहाँसम्म दिन र रात पुग्छ, त्यहाँसम्म यो धर्म अवश्य पुग्नेछ । अल्लाहले कुनै पनि कच्चा वा पक्का घर (सहर, नगर र गाउँ) छोड्ने छैन, जहाँ यो धर्मको प्रवेश हुनेछैन....................................108

अल्लाहको कसम जसको कब्जा मा मोहम्मदको जीवन छ, यस समुदायमध्ये जसले मेरो कुरा सुन्दैनन्, चाहे त्यो यहूदी होस् वा ईसाई, त्यसपछि ममाथि आस्था नराखेको अवस्थामा उसको मृत्यु हुन्छ भने ऊ नर्कमा जानेछ ।.........................................................................................109

हे मानिसहरू, धर्ममा अतिवादबाट टाढा रहनुहोस्, किनभने तपाईं अघिका मानिसहरू धर्ममा अतिवादले गर्दा बर्बाद भएका थिए ।........................................................................................111

चरमवादी (अति बढाइचढाई गर्ने) हरू विनाश भए.......................................................112

यहूदीहरू अल्लाहको क्रोधमा परेका मानिसहरू हुन् र इसाईहरू पथभ्रष्ट छन् । ................113

अल्लाहले आकाशहरू र पृथ्वी सृष्टि गर्नुभन्दा पचास हजार वर्ष.......................................114

“हामीलाई अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, जसले सत्य बोल्नुहुन्छ र जसको भनाइ पूर्णतः सत्य हुन्छः "तिमीहरू हरेकको सृष्टि उसको आमाको गर्भमा चालीस दिन र चालीस रात सम्म .........................................................................................116

स्वर्ग तिम्रो जुत्ताको फित्ता भन्दा पनि नजिक छ र नर्क पनि । ............................................118

नर्क इच्छा तथा आकंक्षाहरूले घेरिएको छ भने स्वर्ग अप्रिय चीजहरूले घेरिएको छ । ..........119

जब अल्लाहले स्वर्ग र नर्क सृष्टि गर्नुभयो, तब उहाँले जिब्रील (अलैहिस्सलाम)......................121

तिम्रो संसारको आगो नर्क........................................................................................................124

अल्लाहले पृथ्वीलाई आफ्नो मुट्ठीमा लिनुहुनेछ र आकाशहरूलाई आफ्नो दाहिने हातमा समात्नुहुनेछ र त्यसपछि भन्नुहुनेछ: म अल- मलिक (राजा) हुँ, पृथ्वीका राजाहरू कहाँ छन् ?..125

न्यायको दिन सबैभन्दा कठोर सजाय ती मानिसहरूलाई दिइनेछ जो अल्लाहको सृष्टि कार्यमा तुलना गर्न चाहन्छन् । ..............................................................................................126

अल्लाहको कसम जसको कन्जमा मेरो प्राण छ, चाडै नै मरियम पुत्र एक न्यायी हाकिमको रूपमा तिमीहरूका बीचमा आउनुहुनेछ । उनले क्रस भाँच्नेछन्, सुँगुरहरूलाई मार्नेछन्, करहरू हटाउनेछन् र धनसम्पत्ति यति प्रशस्त हुनेछ कि कसैले स्वीकार गर्नेछैन । ..........................128

‘ला इलाह इल्लाल्लाह’ (अल्लाह बाहेक कोही ईश्वर छैन) भन्नुहोस्, म न्यायको दिन तपाईंको लागि गवाही दिनेछु ...........................................................................................................129

मेरो जलाशय (ताल) को दायरा एक महिना (यात्रा) को दूरी बराबर हुनेछ । यसको पानी दूध भन्दा सेतो र यसको सुगन्ध कस्तुरी भन्दा उत्तम हुनेछ ...........................................................131

मृत्युलाई सेतो र कालो भेडा .................................................................................................132

यदि तिमीहरु अल्लाहप्रति त्यसरी भरोसा गर्छौ जसरी भरोसा गर्ने हक छ, उहाँले तिमीहरुलाई चरा जस्तै जीविका दिनुहुनेछ । ती चराहरु बिहान खाली पेट निस्कन्छन् र बेलुका पेट भरेर फर्कन्छन् ।”..........................................................................................................................134

सवारले पैदलयात्रीलाई, पैदलयात्रीले बसेकालाई र सानो जमातले ठूलो जमातलाई सलाम गर्नेछन् । .................................................................................................................................135

हे मेरा सेवकहरू! मैले आफूमाथि अन्याय र अत्याचार हराम (निषेध) गरेको छु र यसलाई तिमीहरूका लागि पनि हराम गरेको छु, त्यसैले तिमीहरू एकार्कामाथि अन्याय नगर...........137

अन्यायबाट सावधान रहनु, किनकि न्यायको दिनमा अन्याय अन्धकारको रूपमा देखा पर्नेछ । कन्जुस्याइँ र लोभबाट सावधान रहनु, किनकि कन्जुस्याइँले तपाईंभन्दा पहिलेका मानिसहरूलाई नष्ट गरेको थियो।......................................................................................................141

निस्सन्देह अल्लाहले अत्याचारीलाई स्वतन्त्रता दिनुहुन्छ, तर जब समात्नुहुन्छ तब छोड्नु हुन्न..142

साँच्चै, अल्लाहले पुण्य कर्महरू र पापहरू लेखिदिनुभएको छ ।" त्यसपछि उहाँले भन्नु भयो: जसले कुनै पुण्य कर्म गर्न चाहन्छ र त्यो गर्न असमर्थ हुन्छ, अल्लाहले उसको खातामा एक पूर्ण नेकी लेखिदिनुहुन्छ । यदि कसैले मनसाय अनुसार राम्रो काम गर्यो भने उसको लागि दशदेखि सात सय गुणासम्म वा अझ बढी नेकी लेखिदिनुहुन्छ । अर्कोतर्फ, जसले कुनै नराम्रो काम गर्न चाहन्छ, तर उसले गरेन भने अल्लाहले त्यसको स्थानमा एक नेकी लेखिदिनुहुन्छ र यदि मनसाय अनुसार गर्यो भने, अल्लाहले त्यसको सट्टामा एउटा मात्र पाप लेख्नुहुन्छ ।..........................144

जसले इस्लाम स्विकारे पछि  राम्रो काम गर्यो, उ जाहिलियाको समयमा गरेका कामहरूप्रति जवाफदेह हुने छैन र जसले इस्लाम स्विकारे पछि खराब कर्म गर्यो, उसलाई अघिल्ला र पछिल्ला सबै कुकर्मको सजाय दिइनेछ। ........ 146

तपाईंले इस्लाम र यसका शिक्षाहरूको सन्दर्भमा जुन कुराको लागि बोलाउदै हुनुहुन्छ त्यो राम्रो कुरा हो, तर अहिलेसम्म शिर्क र अन्य ठूला पापहरूमा संलग्न भएको व्यक्तिका लागि कुनै प्रायश्चित छ ? ........ 147

"तिमीले गरेका ती राम्रो कर्महरूको कारणले नै तिमीले इस्लाम स्वीकार गरेको छौ। ........ 149

वास्तवमा, अल्लाहले आस्थावानमाथि एक पुण्यको मामिलामा पनि अन्याय गर्नुहुन्न। उसलाई यस संसारमा पुण्य को प्रतिफल दिइन्छ र परलोकमा पनि  राम्रो प्रतिफल दिइनेछ ........ 150

हे आदमको सन्तान! जबसम्म तिमी मलाई पुकारिरहन्छौ र  आशा राख्छौ, तिम्रा पापहरू जतिसुकै भए पनि म क्षमा गरिरहनेछु र मलाई त्यसको परवाह छैन । ........ 151

एक सेवकले पाप गर्यो र भन्यो:  हे अल्लाह! मेरो पापलाई क्षमा गर्नुहोस् ........ 153

जब कुनै व्यक्तिले पाप गर्छ, त्यसपछि खडा हुन्छ र वुजू गर्छ, त्यसपछि नमाज पढ्छ र अल्लाहसँग माफि माग्छ, तब अल्लाहले उसलाई क्षमा गर्नुहुन्छ। ........ 155

अल्लाहले रातमा आफ्नो हात फैलाउनुहुन्छ, ताकि दिनमा पाप गर्नेले पश्चात्ताप गरून् र दिनमा आफ्नो हात फैलाउनुहुन्छ, ताकि रातमा पाप गर्नेले पश्चात्ताप गरून्, जबसम्म सूर्य पश्चिमबाट उदाउछँ । ........ 156

हाम्रो प्रभु, पवित्र र महिमावान, हरेक रात आकाशको सबैभन्दा तल्लो भागमा झर्नुहुन्छ, जब रातको अन्तिम तिहाइ बाँकी हुन्छ, ........ 158

हलाल (वैध) स्पष्ट छ र हराम (निषेधित) स्पष्ट छ ........ 159

“मेरो सहाबा (साथी) हरूलाई गालीगलौज नगर । यदि तिमीहरूमध्ये कसैले उहुद पर्वत बराबर सुन खर्च गरे पनि उनीहरुले एक वा आधा मुद खर्च गरे जस्तो पुण्य प्राप्त गर्न सक्नेछैन ।” ...... 161

हे केटा! म तिमीलाई केही कुराहरू सिकाउँदैछु । अल्लाहलाई याद राख, अल्लाहले तिम्रो रक्षा गर्नुहुनेछ । अल्लाहलाई याद राख, तिमी उहाँलाई आफ्नो अगाडि भेट्टाउनेछौ । जब माग्नुछ भने अल्लाहसँग मात्र माग्नु र जब मद्दत माग्नुछ भने अल्लाहसँग मात्र सहायता माग्नु ........ 162

मलाई इस्लामको बारेमा एउटा यस्तो कुरा बताउनुहोस् जुन मैले अरू कसैलाई सोध्न नपरोस् । उहाँले भन्नुभयो: "भन, म अल्लाहमा विश्वास गर्छु, त्यसपछि त्यसमा अडिग रहनु। ........ 164

आस्थावानहरूको आपसी प्रेम र एकअर्काप्रतिको करुणाको उदाहरण एउटा शरीर जस्तै हो, जसको कुनै अंग दुख्दा पूरै शरीरले पीडा महसुस गर्छ, निन्द्रासमेत उड्छ र पूरै शरीरलाई ज्वरो आउँछ । ........ 165

जसले राम्रोसँग वुजु गर्छ, उसका पापहरू उसको नङ मुनि समेत  शरीरबाट पखालिनेछन् । . 166
जब तपाईं शौचालयमा जानुहुन्छ, तब किब्लातर्फ मुख वा पिठ्यूँ फर्काएर दिसापिसाब नगर्नुहोस्, बरु पूर्व वा पश्चिमतिर फर्केर गर्नुहोस् ।" ........ 167
तिमीहरूमध्ये कसैले पनि पिसाब गर्दा दाहिने हातले आफ्नो गोप्य अंगलाई समात्नु हुँदैन, दिसा गरिसकेपछि दाहिने हातले शौच (सफाई) गर्नु हुँदैन र (पानी खाँदा) भाँडोमा सास फेर्नु हुँदैन । 168
नबी (सल्लल्लाहु अलैहि वसल्लम) एक 'साअ' देखि पाँच 'मुद' सम्म पानीले नुहाउनुहुन्थ्यो र एक 'मुद' पानीले  वुजू गर्नुहुन्थ्यो । ........ 169
जब तिमीहरू मध्ये कसैले आफ्नो वुजू तोड्छ भने वुजू नगरुन्जेल अल्लाहले उसको नमाज स्वीकार गर्नुहुन्न । ........ 170
एक व्यक्तिले वुजू गर्यो र खुट्टामा नङको आकार बराबर सुक्खा ठाउँ छोड्यो । जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) को आँखा पर्यो उहाँले भन्नुभयो: "जाऊ, पहिला राम्रोसँग वुजू गरेर आउ ।" त्यसैले ऊ फर्कियो र त्यसपछि नमाज पढ्यो । ........ 171
कुर्कुच्चालाई नरकको आगोबाट जोगाऊ, वुजूलाई पूरा गर। ........ 173
नबी (सल्लल्लाहु अलैहि वसल्लम) हरेक नमाजको लागि वुजू गर्नुहुन्थ्यो. ........ 174
रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एक-एक पटक वुजूका अंगहरू धुनुभयो । ........ 175
रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले दुई-दुई पटक वुजूका अंगहरू धुनुभयो । ........ 176
जसले मेरो यो वुजु झैं वुजु गर्छ र केहि नबोलीकन दुई रकात नमाज पढ्छ, अल्लाहले उसका अघिल्लो पापहरू क्षमा गर्नुहुन्छ ........ 177
"जब तिमीहरूमध्ये कसैले वुजू गर्छ, उसले नाकमा पानी हालेर राम्रोसँग सफा गरोस् र जसले इस्तिन्जा (ढुंगा आदिले शुद्धता प्राप्त) गर्छ, उसले विजोर सङ्ख्या प्रयोग गरोस् ........ 179
यी दुवैलाई सजाय दिइँदैछ र उनीहरू कुनै ठूलो पापको कारणले दण्डित भइरहेको छैन । तिनीहरूमध्ये एक पिसाबबाट बच्दैन्थे र अर्को चुक्ली गर्थे ........ 181
जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) शौचालयमा प्रवेश गर्नुहुन्थ्यो तब यो दुआ भन्नुहुन्थ्यो: "अल्लाहुम्म इन्नी अऊजु बिक मिनल्-खुबुसि वल्-खबाइस् । ........ 182
जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) शौचालयबाट बाहिर निस्कनुहुन्थ्यो, तब उहाँ यो दुआ भन्नुहुन्थ्यो: "गुफ्रानक", अर्थात् हे अल्लाह! म तपाईसँग माफी चाहन्छु । ........ 183
मिस्वाक (दतिवन) मुख सफा गर्ने र अल्लाहलाई खुशी पार्ने चिज हो । ........ 184
नबी (सल्लल्लाहु अलैहि वसल्लम) जब राती सुतेर ब्यूँझनुहुन्थ्यो, तब आफ्नो मुखलाई मिस्वाक (दतवन) ले सफा गर्नुहुन्थ्यो । ........ 185

प्रत्येक मुस्लिमले हरेक सात दिनमा एक पटक नुहाउनु अनिवार्य हो, जसमा उसले आफ्नो टाउको र शरीर धुन्छ ।........................................................................................ 186

पाँच कुरा फित्रत (प्राकृतिक) हुन्; खतना गर्नु, गुप्ताङ्गका रौं खौरनु, जुँगा छोटो पार्नु, नङ्ग काट्नु र काखीका रौं उखेल्नु ।” ........................................................................................ 187

मलाई अत्यधिक मजी (पिसाबको नलीबाट आउने तरल पदार्थ) निस्किन्थ्यो । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को ज्वाइँ भएको कारणले उहाँसंग यस बारेमा सोध्न मलाई लाज लाग्यो । त्यसैले मैले मिक्दाद बिन अस्वदलाई सोध्न लगाए र उनले सोधेपछि भन्नुभयो: "यस्तो व्यक्तिले आफ्नो गुप्तांग धोएर वुजू गरे हुन्छ ........................................................................................ 188

जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले गुस्ल जनाबत गर्नुहुन्थ्यो, तब उहाँले आफ्ना दुवै हात धुनुहुन्थ्यो र नमाजको लागि वुजू गरे झैं वुजू गर्नुहुन्थ्यो, त्यसपछि गुस्ल गर्नुहुन्थ्यो.................... 190

तिम्रो लागि आफ्नो हातले यसरी गर्न पर्याप्त थियो ।" त्यसपछि उहाँले आफ्नो दुवै हात भुइँमा एक पटक हान्नुभयो र आफ्नो दाहिने हातले देब्रे हात, हत्केलाको पछाडि र अनुहारमा मसह गर्नुभयो अर्थात् पुछ्नुभयो ।........................................................................................ 192

त्यसलाई छोड्देऊ; किनकि मैले तहारत (वुजू) को अवस्थामा मोजा लगाएको थिएँ .............. 193

यो एक प्रकारको रोग हो । जति दिन महिनावारी आउथ्यो त्यति दिनमा मात्र नमाज नपढ र त्यसपछि नुहाऊ र नमाज पढ ।........................................................................................ 195

“जब तिमीहरू मध्ये कसैले आफ्नो पेटमा केही महसुस गर्छ र त्यसबाट केही निस्किएको छ वा छैन भन्ने शंका लाग्छ भने उसले आवाज नसुनेसम्म वा गन्ध नआएसम्म मस्जिदबाट बाहिर नजाओस् ।”........................................................................................ 196

जब कुकुरले तिमीहरूमध्ये कसैको भाँडोबाट (केही) पिउँछ, उसले त्यो भाँडोलाई सात पटक धुनुपर्छ । ........................................................................................ 197

जब मुअज्जिन (अल्लाहु अक्बर, अल्लाहु अक्बर) भन्छ र (जवाफमा) तिमीहरूमध्ये कसैले (अल्लाहु अक्बर, अल्लाहु अक्बर)........................................................................................ 199

जब तपाइँले मुअज्जिनले अजान दिइरहेको सुन्नुहुन्छ, उसले भने जस्तै शब्दहरू भन्नुहोस् । त्यसपछि ममाथि दरूद पठाउनुहोस्........................................................................................ 201

जसले मुअज्जिन (अजान दिने) लाई सुनेपछि भन्छ, ‘अशहदु अल्ला इलाह इल्लल्लाहु वह्-दहू ला शरीक लहु, व अशहदु अन्न मुहम्मदन् अब्दुहू व रसूलुहु, रजीतु बिल्लाहि रब्बा व बि मुहम्मदिन् रसूला व बिल्-इस्लामि दीना’ उसका पापहरू क्षमा हुनेछन् ।.......................................... 203

के तपाईं अजान सुन्नुहुन्छ ?" उनले जवाफ दिए: हो, म सुन्छु, त्यसपछि उहाँले भन्नुभयो: "त्यसो भए तपाईले नमाज पढ्न मस्जिदमा आउनुपर्छ ।................................................................. 204

तिमीहरूले के सोच्छौ, यदि तिमीहरूमध्ये कसैको घरको ढोकामा एउटा नदी बगिरहेको होस् र ऊ दिनको पाँच पटक त्यसमा स्नान गर्छ भने, के त्यो उसको शरीरमा कुनै मैलो बाँकी रहन्छ?. 205

कुन कर्म अल्लाहलाई सबैभन्दा प्रिय छ? उहाँले जवाफ दिनुभयो: "समयमा नमाज पढ्नु ।" त्यसपछि के? उहाँले भन्नुभयो: "आमाबाबुसँग राम्रो व्यवहार गर्नु ।" त्यसपछि के? उहाँले जवाफ दिनुभयो: "अल्लाहको मार्गमा जिहाद (युद्ध) गर्नु............................................................ 206

जब फर्ज नमाजको समय हुन्छ र एउटा मुस्लिमले राम्रोसँग वुजू गर्छ र नम्रताका साथ राम्रोसँग रूकु र सज्दा गरी नमाज पढ्छ भने त्यो नमाज उसको अघिल्लो पापहरूका लागि प्रायश्चित हुन्छ, जबसम्म उसले कुनै ठूलो पाप गर्दैन, र यो सधैं हुनेछ । ................................................... 207

दैनिक पाँच नमाज, र एक शुक्रवारदेखि अर्को शुक्रबार (सम्मको प्रार्थना) र एक रमजानदेखि अर्को रमजान (सम्मको उपवास) ले ती दिनहरु बीच भएका पापहरू लाई मेटाई दिन्छ, यस शर्त साथ कि व्यक्तिले ठूला पापहरूबाट आफूलाई जोगाइ रहोस् ।......................................... 209

आफ्ना छोराछोरीहरू सात वर्षको हुँदा सलाह (नमाज) पढ्न आदेश दिनु र दस वर्षको हुँदा तिनीहरूलाई (नमाज नपढे) पिट्नु र उनीहरूको ओछ्यान अलग गर्दिनु ।......................... 210

अल्लाहले भन्नुभएको छ: मैले सलाह (नमाज) लाई म र मेरो भक्तको बीचमा आधा-आधा बाडेको छु र मेरो भक्तले जे मागेको छ त्यही पाउनेछ.................................................................. 211

हामी र तिनीहरूको बीचमा रहेको फरक सलाह हो । जसले यसलाई त्याग्छ उसले कुफ्र गर्यो । ................................................................................................................................... 213

वास्तवमा, एक व्यक्ति र शिर्क तथा कुफ्र बीचको रेखा सलाह (नमाज) छोड्नु हो । .............. 214

हे बिलाल! नमाजको स्थापना गर (अजान देऊ) र यसद्वारा हामीलाई शान्ति दिऊ ।.............. 215

अल्लाहुम्म बाइद् बैनी व बैन खता-याय, कमा बाअत्त बैनल्-मश्रिकि वल्मग्रिब् ..................... 216

जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) (तकबीर) भनेर नमाज शुरु गर्नुहुन्थ्यो र जब रुकुको लागि तकबीर भन्नुहुन्थ्यो, तब उहाँले आफ्ना दुवै हातहरू काँध बराबर उठाउनु हुन्थ्यो । ............... 218

जसले सूरह फातिहा पढेन, उसको नमाज भएन । ........................................................ 219

अल्लाहको कसम, जसको हातमा मेरो जीवन छ, म तपाईंहरूमध्ये सबै भन्दा बढी अल्लाहको रसूलसँग मिल्दोजुल्दो नमाज पढ्ने व्यक्ति हुँ । उहाँ यसरी नै नमाज पढ्नु हुन्थ्यो यहाँसम्म कि उहाँको निधन भयो । ............................................................................................... 221

मलाई सात हड्डी (अंग) हरू : निधार, र उहाँले आफ्नो हातले आफ्नो नाकतिर संकेत गर्नुभयो, दुवै हात, दुबै घुँडा र दुबै खुट्टाको औंलाहरूमा सजदा गर्न आदेश दिइएको छ। ........................ 223

अल्लाह आफ्नो भक्तदेखि रातको अन्तिम प्रहरमा सबैभन्दा बढी नजिक हुनुहुन्छ................ 224

वास्तवमा, तिमीहरूले यो चन्द्रमा देखे जस्तै आफ्नो रब (पालनकर्ता) लाई देख्नेछौ र उहाँलाई हेर्दा तिमीहरूलाई कुनै समस्या हुनेछैन........................................................................................226

जसले दुई शीतल समयको नमाज पढ्छ ऊ स्वर्ग मा प्रवेश गर्नेछ ।...................................227

जसले बिहानको नमाज पढ्छ, ऊ अल्लाहको सुरक्षामा हुन्छ...........................................228

जसले असरको नमाज छोड्छ, उसको कर्म व्यर्थ हुन्छ । ................................................229

यदि कुनै व्यक्तिले नमाज पढ्न बिर्सियो भने याद आउने बित्तिकै नमाज पढ्नुपर्छ र यो नै यसको प्रायश्चित हो ..................................................................................................................230

वास्तवमा, मुनाफिक (पाखंडी) हरूका लागि सबैभन्दा भारी नमाज ईशा र फजरका नमाज हुन् । यदि तिनीहरूले यी नमाजहरूको महत्व थाहा पाएको भए घस्रेर भए पनि (मस्जिद) आउने थिए ........................................................................................................................................231

जब रसूल (सल्लल्लाहु अलैहि वसल्लम) रुकुअबाट आफ्नो पीठ उठाउनुहुन्थ्यो, तब यो दुआ पढ्नुहुन्थ्यो: 'समिअल्लाहु लिमन् हमिदह्.......................................................................233

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) दुबै सज्दाको बीचमा यो दुआ : 'रब्बिग्-फिर्ली, रब्बिग्-फिर्ली' पढ्नुहुन्थ्यो । .......................................................................................................................234

नबी (सल्लल्लाहु अलैहि वसल्लम) दुई सजदाको बीचमा यो दुआ पढ्नु हुन्थ्यो: "अल्ला हुम्मग फिर्ली, वर्हम्नी व आफिनी वह्दिनी वर्जुकनी ।" (हे अल्लाह! मलाई क्षमा गर्नुहोस्, ममाथि दया गर्नुहोस्, मलाई शान्ति दिनुहोस्, मलाई मार्गदर्शन गर्नुहोस् र मलाई जीविका दिनुहोस्) ।.......235

जब तपाईंहरू नमाज पढ्नुहुन्छ भने आफ्ना सफ (पङ्क्ति) हरू सीधा गर्नुहोस् । त्यसपछि तपाईंहरूमध्ये एकले इमामत गरोस् । जब इमामले तकबीर भन्छन्, तपाईंहरूले पनि तकबीर भन्नुहोस्.....................................................................................................................236

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले मलाई तशह्हुद सिकाउनु हुन्थ्यो जसरी उहाँले मलाई कुरानको सुरह सिकाउनुहुन्थ्यो ....................................................................................241

अल्लाहुम्म इन्नी अऊजु बिक मिन् अजाबिल्-कब्र, व मिन् अजाबिन्नार, व मिन् फित्-नतिल्-मह्-या वल्-ममात्, व मिन् फित्-नतिल् मसीहिद्-दज्जाल्...........................................................244

"अल्लाहको लागि अत्याधिक सज्दा गर्नु, किनकि तिमीले गरेको हरेक सज्दाले अल्लाह ले तिम्रो एक स्तर बढाउनुहुन्छ र एक पाप मेटाउनुहुन्छ ।"...........................................................246

खानाको उपस्थितिमा वा कुनै व्यक्तिलाई दिसापिसाब लागेको छ भने नमाज पढ्नु हुँदैन ।.....247

यो खिन्जब भनिने एक शैतान हो । उसले तिमीलाई विचलित गर्न खोज्छ भने तअउवुज् पढ (अल्लाहको शरण लेऊ) र आफ्नो बायाँतिर तीन पटक थुथु गर.........................................248

सबैभन्दा खराब चोर त्यो व्यक्ति हो जसले आफ्नो नमाज मा चोरी गर्छ ।" एक साथीले नमाजमा चोरी गर्नुको अर्थ के हो भनेर सोधे, उहाँले जवाफ दिनुभयो: "नमाजमा चोरी गर्नु भनेको उसले पूर्ण रूपमा रुकुअ र सज्दा नगर्नु हो। ........ 249

के तिमीहरूमध्ये जसले इमाम भन्दा अगाडि आफ्नो टाउको उठाउँछ - अल्लाहले उसको टाउकोलाई गधाको टाउकोमा परिणत गर्दिन वा अल्लाहले उसको छविलाई गधा जस्तै बनाइदिने डर छैन ?........ 250

जब तिमीहरूमध्ये कसैलाई आफ्नो नमाजमा शंका लाग्छ र उसले तीन वा चार कति रकातहरू पढेको हो थाहा छैन भने उसले शङ्कालाई छोडेर विश्वासमा भर पर्नुपर्छ र त्यसपछि सलाम फेर्नु अघि दुईवटा सज्दा गर्नुपर्छ........ 251

सूर्योदय हुने सबै दिन भन्दा राम्रो दिन जुमाको दिन हो........ 253

जसले जुमा (शुक्रबार) को दिन जनाबत (यौनसम्बन्ध पछि) को स्नान गर्छ र त्यसपछि पहिलो प्रहरमा मस्जिदतर्फ जान्छ, उसले दानमा ऊँट दिए जस्तै हो........ 255

अल्लाहुम्म अन्तस्सलाम व मिन्कस्सलाम तबारक्त या जल्-जलालि वल्-इक्राम्........ 257

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक नमाजमा सलाम फेरिसकेपछि यो दुआहरू पढेर अल्लाहको प्रशंसा व्यक्त गर्नुहुन्थ्यो ।........ 258

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक अनिवार्य नमाज पछि यो दुआ पढ्नुहुन्थ्यो........ 260

जसले प्रत्येक नमाजपछि 'सुब्हानअल्लाह्' ३३ पटक, 'अल्हम्दु-लिल्लाह्' ३३ पटक, 'अल्लाहु-अक्बर' ३३ पटक, यो कुल ९९ पटक भयो र 'ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु, लहुल्मुल्कु व लहुल्-हम्दु वहुव अला कुल्लि शैइन् कदीर्' १ पटक भनेर १०० पुरा गर्छ भने उसका सम्पूर्ण पापहरू क्षमा हुनेछन्, चाहे त्यो समुद्रको फिज (फेन) बराबर भए पनि ।"........ 262

जसले हरेक फर्ज नमाजपछि 'आयतुल कुर्सी' पढ्छ, उसलाई मृत्यु बाहेक अरू कुनै चीजले स्वर्ग जानबाट रोक्न सक्दैन । ........ 263

मैले नबी (सल्लल्लाहु अलैहि वसल्लम) बाट दस रकाअतहरू सिकेको छु ........ 265

प्रत्येक दुई अजानको (अजान र इकामत) बीचमा एक नमाज हुन्छ, प्रत्येक दुई अजानको (अजान र इकामत) बीचमा एक नमाज हुन्छ र त्यसपछि तेस्रो पटकमा उहाँले भन्नुभयो: "उसको लागि जो पढ्न चाहन्छ ।........ 266

तिमीहरू मध्ये कोही मस्जिदमा प्रवेश गर्दा, उसले बस्नु अघि दुई रकात नमाज पढोस्। ........ 267

इमामले शुक्रबारको दिन खुत्बा (उपदेश) दिइरहेको बेला यदि तिमीले आफ्नो साथीलाई चुप लाग्न भन्यौ भने तिमीले पनि गलत (व्यर्थ) काम गरेको हुन्छौ।........ 268

उभिएर नमाज पढ्नु, नसक्ने भए बसेर नमाज पढ्नु र यो पनि सम्भव भएन भने कोल्टे परेर नमाज पढ्नु । ........ 269

मेरो यो मस्जिदमा पढिएको एक नमाज, मस्जिद हरम (मक्का) बाहेक अन्य मस्जिदहरूमा पढिएको एक हजार नमाज भन्दा उत्तम छ । ........ 270

जसले अल्लाहको लागि मस्जिद बनाउँछ, अल्लाहले उसको लागि स्वर्गमा उस्तै घर बनाउनु हुन्छ । ........ 271

दानले धनमा कमी आउँदैन । जसले मानिसहरूलाई क्षमा गर्छ, अल्लाहले उसको इज्जत बढाउँछ र जसले अल्लाहको लागि आफूलाई नम्र बनाउँछ, अल्लाहले उसलाई उच्च दर्जा दिनुहुन्छ । .. 272

अल्लाह भन्नुहुन्छ: हे आदमको सन्तान! खर्च गर, म तिमीमा खर्च गर्नेछु । ........ 273

जब मानिसले आफ्नो घरपरिवारमा सवाब (पुण्य) को नियतले खर्च गर्छ, त्यो उसको लागि दान (परोपकार) मानिन्छ । ........ 274

जब मानिसको मृत्यु हुन्छ, उसका सबै कर्महरू बन्द हुन्छन्, सिवाय तीन चीजका: निरन्तर चलिरहने दान, ज्ञान जसबाट लाभ उठाइन्छ, र आस्थावान सन्तान जसले उसको लागि प्रार्थना गर्छ। ........ 275

“हे मानिसहरू, सलाम (अभिवादन) फैलाउनु, खाना खुवाउनु, पारिवारिक सम्बन्ध कायम गर्नु र मानिसहरू सुतिरहेको बेला रातमा नमाज पढ्नु, (यसो गरेमा) तिमीहरू शान्तिका साथ जन्नत (स्वर्ग) मा प्रवेश गर्नेछौ ।” ........ 277

हे जन सम्दाय ! अल्लाह तआला चोखो हुनुहुन्छ र चोखो मात्र स्वीकार गर्नुहुन्छ र अल्लाह तआलाले इमान वालाहरूलाई त्यही आदेश दिनु भएको छ जो उहाँले रसूल (सन्देशवाहक)हरूलाई दिनु भएको छ ........ 279

जसले कुनै खाँचोमा परेको ऋणीलाई (ऋण चुक्ता गर्न) मोहलत दिन्छ वा उसको ऋण माफ गर्छ, अल्लाहले कयामतको दिन आफ्नो अर्श (सिंहासन) को छायाँमा उसलाई छायाँ दिनेछन्, जुन दिन त्यस छायाँ बाहेक अरू कुनै छायाँ हुनेछैन । ........ 282

अल्लाहले त्यो व्यक्तिमाथि कृपा गरून् जसले किनबेच र ऋण असुल उपर गर्दा नम्रतापूर्वक व्यवहार गर्छ । ........ 283

एकजना व्यक्तिले मानिसहरूलाई पैसा उधारो दिने गर्थ्यो। उसले आफ्नो नोकरलाई (ऋण उठाउन पठाउँदा) भन्थ्यो : "यदि कसैको ऋण तिर्न अवस्था छैन भने उसलाई माफ गरिदिनु। सायद अल्लाहले हामीलाई पनि क्षमा गरिदिनुहुनेछन् ........ 284

निस्सन्देह, अल्लाहको सम्पत्ति दुरुपयोग गर्नेहरुको परिणाम कयामतको दिन नरक हो । ...... 285

अल्लाह तआला भन्नु हुन्छ:  आदमको पुत्रको हरेक काम उसका लागि हो , (रोजा) उपवास बाहेक । साँच्ची नै त्यो यो मेरो लागि हो र म यसको प्रतिफल दिनेछु ........................................... 286

जसले ईमान र आस्थापूर्वक पुण्य प्राप्त गर्ने उद्देश्यले रमजानको रोजा राख्छ, उसका अघिल्ला पापहरू क्षमा गरिनेछन् । ........................................................................................ 289

जसले 'लैलतुल-कद्र' (सम्मानित रात) मा विश्वास र पुण्यको आशा राख्दै  कियाम (उपासना) गर्दछ, उसका अघिल्ला सबै पापहरू क्षमा हुनेछन्।...................................................... 290

जसले अल्लाहको लागि हज गर्यो, र (स्वास्नी सँग) सम्भोग गर्नु बाट र  अनैतिक कार्यहरूबाट टाढा रह्यो भने ऊ आमाको कोखबाट जन्मेको दिन झैं पवित्र हुन्छ" ।........................................ 291

यी (दश) दिनहरूमा पुण्य कर्महरू गर्नु अरु दिनहरू भन्दा अल्लाहलाई बढी प्रिय छ ।" अर्थात जुल-हिज्जा महिनाको पहिलो दस दिन...................................................................... 292

अल्लाहले मेरो अनुयायीको हृदयमा उत्पन्न हुने कुराहरूलाई माफ गरिदिनुभएको छ, जबसम्म त्यसलाई कार्यन्वयन गर्दैनन् वा बोल्दैनन् । ................................................................ 293

अल्लाहले तिम्रो रूप र धनलाई हेर्नुहुन्न, तर तिम्रो हृदय र कर्महरूलाई हेर्नुहुन्छ ।................ 294

निश्चय नै अल्लाहलाई गैरत (आत्म-सम्मान) हुन्छ र मुमिनले पनि गैरत गर्छ । अल्लाहको गैरत यो हो कि मुमिनले कुनै हराम (निषिद्ध) नगरोस्।.............................................................. 296

सात घातक कुराहरूबाट सावधान रहनुहोस् ................................................................ 297

के म तिमीहरूलाई सबैभन्दा ठूलो पापबारे नबताऊँ? .................................................... 299

ठूला पापहरू: शिर्क (अल्लाहसँग साझेदारी) गर्नु, आमाबाबुको अवज्ञा गर्नु, कसैको हत्या गर्नु र झूटो कसम खानु हो। ............................................................................................. 301

कयामतको (प्रलयको) दिन सबैभन्दा पहिले मानिसहरूबीच जुन कुराको फैसला गरिनेछ त्यो रक्तपात हो । ..................................................................................................... 302

"जसले मुआहद् (मुस्लिमसँग सन्धि भएको गैर-मुस्लिम) को हत्या गर्छ, उसले स्वर्गको सुगन्ध पनि पाउनेछैन, जबकि स्वर्गको सुगन्ध चालीस वर्षको दूरीबाट आउँछ ।" ................................ 303

सम्बन्ध तोड्ने व्यक्ति स्वर्गमा प्रवेश गर्नेछैन । .............................................................. 304

जसले आफ्नो जीविकोपार्जन विस्तार होस् र आयु लामो होस् भन्ने चाहन्छ, उसले आफ्नो नातागोतासँग राम्रो सम्बन्ध कायम गरोस् । ..................................................................... 305

सम्बन्ध कायम राख्ने त्यो होइन जसले बदलामा सम्बन्ध कायम गर्छ, तर वास्तवमा सम्बन्धलाई जोगाउने त्यो हो जसले अरुले तोडे पनि उसले जोड्दछ । ............................................... 306

तिमीहरूलाई थाहा छ गीबत भनेको के हो?" साथीहरूले भने: अल्लाह र उनका रसूल राम्ररी जान्दछन् । उहाँले भन्नुभयो: "तिमीले आफ्नो भाइको बारेमा उसलाई मन नपर्ने कुरा गर्नु....... 307
हरेक मादक पदार्थ 'खम्र' (रक्सी) हो र हरेक नशालु पदार्थ हराम हो । जसले यस संसारमा रक्सी पिउछ र पश्चात्ताप नगरी यसको लतमा मर्छ भने ऊ परलोकमा त्यसबाट बञ्चित हुनेछ ।......... 308
रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले न्यायिक मामिलामा घुस दिने र लिने दुवैलाई श्राप दिनुभएको छ ।........................................................................................ 309
शङ्काबाट होसियार; किनकि शङ्का सबैभन्दा झूटो कुरा हो................................................ 311
दुइ मुखे (चुगली गर्ने) व्यक्ति स्वर्गमा प्रवेश गर्नेछैन ।...................................................... 312
मेरो उम्मतका सबै मानिसहरूलाई क्षमा दिइनेछ, खुलेआम पाप गर्नेहरू बाहेक................. 313
हे मानिसहरू! अल्लाहले तिमीहरूबाट जाहिलियतको घमण्ड र पुर्खाहरूको अहंकार गर्ने प्रवृत्तिलाई हटाउनुभएको छ .................................................................................... 315
अल्लाहको नजरमा सबैभन्दा घृणित व्यक्ति त्यो हो जो अत्यन्त झगडालु र सधैं विवादमा रहन्छ । ........................................................................................................................ 316
जब दुई मुसलमानहरू एकअर्काको विरुद्ध तरवार उठाएर खडा हुन्छन्, हत्यारा र पीडित दुवै नरकको भागीदार हुनेछन्........................................................................................ 318
जसले हाम्रो विरुद्धमा हतियार (शस्त्र) उठायो, ऊ हामी मध्येको होइन ।............................ 319
मृतकलाई गालीगलौज नगर, किनकि उनीहरू पहिले गरेका (राम्रा वा नराम्रा) कर्मतर्फ फर्किसकेका छन् ।”..................................................................................................... 320
“कुनै मान्छेको लागी आफ्नो भाइसँग तीन दिनभन्दा बढी कुरा नगर्नु जायज छैन । दुबै एक अर्कालाई भेट्छन् तर अर्कोतिर मुख फर्काएर फर्कन्छन् भने दुई मध्ये सबैभन्दा राम्रो त्यो हो जसले सलाममा पहल गर्छ ।............................................................................... 322
जसले मलाई आफ्नो दुई बङ्गारो बीचको चीज (जिब्रो, मुखको बोली ) र दुई तिघ्रा बीचको चीज (गुप्ताङ्ग) को सुरक्षाको ग्यारेन्टी दिन्छ, म उसलाई स्वर्गको ग्यारेन्टी दिन्छु ।......................... 323
एउटा महिलाले आफ्नो श्रीमान् वा महरम (नातेदार जससँग विवाह गर्न सक्दैन) साथमा नभएसम्म दुई दिनको यात्रा गर्नु हुँदैन............................................................................... 324
मैले आफ्नो पछाडि पुरुषहरूका लागि महिलाहरू भन्दा बढी हानिकारक कुनै फितना (प्रलोभन) छोडेको छैन ।............................................................................................ 326
तिमीहरूमध्ये जोसँग विवाह गर्ने शक्ति छ, उसले विवाह गरोस्, किनभने यसले नजरलाई तल र गुप्ताङ्गको रक्षा गर्नेछ र जसले त्यसो गर्न सक्दैन, उसले व्रत बसोस्, किनभने व्रतले यौन इच्छालाई कमजोर गर्छ ।............................................................................................ 327

निस्सन्देह संसार मीठो र रमणीय छ । अल्लाहले तपाईंलाई यसमा एकपछि अर्को गर्दै पठाउनुहुने छ र तपाईंले कसरी व्यवहार गर्नुहुन्छ भनेर हेर्न चाहनुहुन्छ । तसर्थ, संसार (को लोभ) बाट टाढा रहनुहोस् र नारीहरूबाट सचेत रहनुहोस्.................................................................... 328

वली (अभिभावक) बिना निकाह (विवाह) हुँदैन ।............................................................ 330

पूरा गर्न सबैभन्दा उचित शर्त भनेको त्यो वाचा हो, जसद्वारा तपाईंले महिलाको गोप्य अंगलाई हलाल (वैध) बनाउनुभएको छ । ........................................................................... 331

यो संसार अस्थायी सुख हो, र संसारको सबैभन्दा राम्रो सुख धर्मपरायण स्त्री हो।.................. 332

मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई (महिला माथि) पर्न गएको अचानक नजर को बारेमा सोधें, उहाँले मलाई आफ्नो नजर फर्काउन आदेश दिनुभयो । ......................................... 333

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले सिङ्ग भएका दुईवटा ठूला भेडाहरूको कुर्बानी (बलिदान) दिनुभयो । उहाँले दुवैको घाँटीको छेउमा खुट्टा राखेर बिस्मिल्लाह, अल्लाहु अकबर भनेर आफ्नो हातले जबह (वध) गर्नुभयो ।............................................................................... 334

“रेशम र दिबाज (बाक्लो रेशमी वस्त्र) नलगाउनुहोस्, सुन र चाँदीको भाँडाहरूमा नपिउनुहोस् र तिनीहरूका थालहरूमा नखानुहोस् । किनभने यो तिनीहरूका लागि यस लोकमा हो र हाम्रो लागि परलोकमा हो ।.................................................................................... 336

तीन व्यक्तिहरूबाट कलम उठाइएको छ: सुतिरहेको व्यक्तिबाट नब्युँझुन्जेलसम्म, नाबालकबाट बालिग नहुन्जेलसम्म र पागलबाट चेतना नआउन्जेलसम्म । ............................................ 337

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले क़ज़ा (अर्थात् टाउकोका केही भागमा मात्रै कपाल मुण्डन गर्ने) निषेध गर्नुभएको छ ।............................................................................. 339

जुँगा काट्नु र दाह्री बढाउनु" ।............................................................................. 340

“एक पुरुषले अर्को पुरुषको गुप्तांगलाई हेर्नु हुँदैन। त्यसैगरी एक महिलाले अर्को महिलाको गुप्तांगलाई पनि हेर्नु हुँदैन । ............................................................................. 341

तिमीहरूमध्ये सबैभन्दा राम्रो त्यो हो जसको नैतिकता उत्तम छ ।...................................... 342

मुमिनले आफ्ना राम्रा व्यवहारका कारण दिनभरी व्रत बस्ने र राती तहज्जुदको नमाज पढ्ने व्यक्तिको स्थान प्राप्त गर्दछ । .......................................................................... 343

सबैभन्दा पूर्ण मुमिन (आस्थावान) त्यो हो जसको व्यवहार राम्रो छ र तिमीहरु मध्ये सबैभन्दा राम्रो त्यो हो जो आफ्नो महिलाहरु (छोरी-स्वास्नी)प्रति राम्रो हुन्छ ।.......................................... 345

कुन कर्मले मानिसहरूलाई स्वर्गमा धेरै प्रवेश गर्नेछ भनेर रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधियो, उहाँले जवाफ दिनुभयो: "तक्वा (अल्लाहको डर) र राम्रो व्यवहार ................... 346

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) मानिसहरूमध्ये सबैभन्दा उत्कृष्ट व्यवहारका व्यक्ति हुनुहुन्थ्यो ।............................................................................................................ 347

उहाँको अख्लाक (नैतिकता) नै कुर्आन थियो ।.................................................................. 348

नबी (सल्लल्लाहु अलैहि वसल्लम) आफ्नो जुत्ता लगाउदा, आफ्नो कपाल कोर्दा, वुजू गर्दा यहाँसम्म आफ्नो सबै मामिलाहरूमा दायाँतिरबाट आरम्भ गर्न मन पराउनुहुन्थ्यो ।............... 349

अल्लाहले हर काममा राम्रो व्यवहार गर्न अनिवार्य गर्नुभएको छ....................................... 351

वास्तवमा, आफ्नो घरपरिवार, प्रजा र मातहतमा रहेकाहरूमाथी न्याय गर्ने न्यायाधीशहरू अल्लाहको दाहिने हाततिर उज्यालो मञ्चमा विराजमान हुनेछन् । उहाँका दुवै हातहरू दाहिने हुन् ............................................................................................................................. 352

कसैलाई त्यत्तिकै हानि पुऱ्याउनु वा बदलामा हानि पुऱ्याउन अनुमति छैन । जसले कसैलाई हानि पुऱ्याउँछ, अल्लाहले उसलाई हानि पुऱ्याउनु हुन्छ र जसले अरूलाई दुःख दिन्छ, अल्लाहले उसलाई कष्ट दिनुहुनेछ ।.......................................................................................... 353

असल साथी र नराम्रो साथीको उदाहरण अत्तर बिक्रेता र आगोको भट्टीमा फुक्ने लोहार जस्तै हो । ............................................................................................................................. 355

रिसाउनु हुँदैन .................................................................................................. 356

बलियो त्यो होइन, जसले कसैलाई पराजित गर्छ, बलियो त्यो हो जसले रिसको बेला आफूमाथि नियन्त्रण राख्छ ।.................................................................................................. 357

जसमा चारवटा लक्षणहरू छन्, त्यो शुद्ध मुनाफिक (पाखण्डी) हो र जसमा तीमध्ये एउटा छ, त्यसलाई नछोडेसम्म उसमा पाखण्डको एउटा लक्षण छ: जब ऊ बोल्छ झुट बोल्छ, जब उसले सम्झौता गर्छ, धोका दिन्छ, जब उसले वाचा गर्छ, तोड्छ र जब ऊ झगडा गर्छ गालीगलौज गर्छ । ............................................................................................................................. 358

मुमिन (आस्थावान) निन्दा गर्ने, श्राप दिने, बेहया (निर्लज्ज) र अश्लील व्यक्ति होइनन् ।........... 361

हया (लाज) ईमानको एक भाग हो.................................................................................. 362

यदि कुनै मानिसले आफ्नो भाइसँग माया गर्दछ भने, उसले बताओस् कि ऊ सँग माया गर्दछ" । ............................................................................................................................. 363

हर भलाइ र उपकार दान हो । ....................................................................................... 364

मानिसको शरीरको हरेक जोर्नीमा एक प्रकारको दानको हक लाग्छ।................................ 365

“कयामतको दिन कुनै पनि व्यक्तिको खुट्टा तबसम्म हल्लिने पनि छैनन् जबसम्म उसलाई उसको उमेरको बारेमा सोधिने छैन, उसले आफ्नो जीवन कसरी बितायो र के मा खर्च गर्यो - उसको ज्ञानको बारेमा सोधिने छैन, उसले ज्ञान अनुसार अमल गर्यो कि गरेन - उसको सम्पत्तिको बारेमा

सोधिने छ, उसले कहाँबाट कमायो र कहाँ खर्च गर्यो - उसको शरीरको बारेमा सोधिने छैन, उसले आफ्नो यौवनलाई कहाँ खर्च गर्यो ।” ........................................................................ 367

“विधुवा, एकल महिला, गरीब र दीन-दु:खीहरूको हेरचाह र सेवा गर्ने व्यक्ति जिहाद (धर्म युद्ध) गर्ने वा दिउँसो ब्रत बस्ने र राती सलाह पढ्ने व्यक्ति सरह हो ।” ........................................ 368

जो अल्लाह र अन्तिम दिनमा विश्वास गर्दछ, उसले राम्रो बोलोस् वा मौन बसोस्.................... 369

कुनै पनि राम्रो कामलाई कहिले पनि तुच्छ नठान्नु, चाहे त्यो आफ्नो भाइलाई मुसुक्क हाँसेर भेट्नु हो । ........................................................................................................ 370

तिमीहरूले सत्य बोल्नु पर्छ, किनकि सत्यले धर्मको बाटो देखाउँछ र धार्मिकताले पक्कै स्वर्गमा पुऱ्याउँछ । ........................................................................................................ 372

जसले मानिसहरूप्रति दया गर्दैन, अल्लाहले उप्रति दया गर्नुहुन्न । .................................... 374

दया देखाउनेहरूमाथि रहमान (अल्लाह) ले दया गर्नुहुन्छ । पृथ्वीका जीवहरूमाथि दया गर, आकाशमा हुनेले तिमीहरूमाथि दया गर्नुहुनेछ । ......................................................... 375

मुस्लिम त्यो हो जसको जिब्रो र हातबाट मुस्लिमहरू सुरक्षित छन् र मुहाजिर त्यो हो जसले अल्लाहले निषेध गर्नुभएको कुरालाई त्याग्छ । ............................................................ 376

एक मुस्लिमको अर्को मुस्लिममाथि पाँच अधिकारहरू छन्; सलाम (अभिवादन) को जवाफ फर्काउने, बिरामीलाई (हालखबर लिन) भेट्न जाने, जनाजा (अन्त्येष्टि) मा सहभागी हुने, निमन्त्रणा स्वीकार गर्ने र हाच्छ्युँ गर्नेलाई जवाफ1 दिने ।.................................................................. 377

तिमीहरूले विश्वास नगरेसम्म स्वर्गमा प्रवेश गर्न सक्दैनौ, र तिमीहरूले एकअर्काप्रति प्रेम नगरेसम्म विश्वास गर्न सक्दैनौ। के म तिमीहरूलाई यस्तो कुरामा मार्गदर्शन गरूँ, जसलाई यदि तिमीहरूले गरे, तिमीहरू एकअर्कासँग प्रेम गर्नेछौ? एकअर्कामा सलाम खुब फैलाउनु । ...... 378

एक व्यक्तिले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधे : इस्लामको सबैभन्दा राम्रो कर्म कुन हो ? उहाँले जवाफ दिनुभयो: "खाना खुवाउनु अनि परिचित र अपरिचित सबैलाई सलाम (अभिवादन) गर्नु ।............................................................................................... 380

के म तिमीहरूलाई यस्तो कामको बारेमा नभनुँ जसद्वारा अल्लाहले पापहरू मेटाउनुहुन्छ र दर्जाहरू उच्च पार्नुहुन्छ ?" ............................................................................... 381

अल्लाहलाई बलियो मुमिन कमजोर भन्दा राम्रो र अधिक प्रिय छ, तर दुवैमा भलाई छ । ........ 383

जिब्रीलले मलाई छिमेकीप्रति निरन्तर वसीयत गरीरहे यहाँसम्म कि मैले ख्याल गरे अब उनले छिटै छिमेकीलाई वारिस (उत्तराधिकारी) पनि बनाउने आदेश ल्याउनेछन्। ............................... 385

जसले आफ्नो भाइको इज्जत र मर्यादाको रक्षा गर्छ, अल्लाहले उसलाई न्यायको दिन नरकको आगोबाट बचाउनुहुनेछ । .................................................................................... 386

तिमीहरूमध्ये कोही पनि मुमिन (आस्थावान) हुन सक्दैन जबसम्म उसले आफ्नो भाइको लागि त्यही मन पराउँदैन जुन उसले आफ्नो लागि पराउछ । ........................................ 387

दयाले हर कुरालाई सुन्दर बनाउँछ र यसलाई हटाइयो भने कुरूप र दोषपूर्ण बनाउँछ । ....... 388

निश्चय नै धर्म सहज छ, र जो कोही पनि यसलाई कठोर रूपमा अपनाउन खोज्छ भने, धर्म उसमाथि भारी पर्नेछ। त्यसैले सधैं सही मार्गमा रह, सन्तुलन कायम राख, र खुशीको खबर प्राप्त गर। ........................................ 389

सजिलो बनाउ, कठिन नबनाउ। खुसीको खबर सुनाउ, डर पैदा नगर। ........................................ 391

हामी उमर (रजियल्लाहु अन्हु) यहाँ उपस्थित थियौं जब उनले भने: "हामीलाई तकल्लुफ (अनावश्यक रूपमा कष्ट भोग्न) निषेध गरिएको छ । ........................................ 392

जब तिमीहरूमध्ये कसैले खाना खान्छ भने दायाँ हातले खानुपर्छ, र जब पिउँछ भने दायाँ हातले पिउनुपर्छ। किनकि शैतानले आफ्नो बायाँ हातले खान्छ र पिउँछ। ........................................ 393

ए बाबु! बिस्मिल्लाह पढ, आफ्नो दाहिने हातले खाऊ र आफ्नो अगाडिबाट खाऊ ................ 394

निश्चय नै अल्लाह आफ्नो सेवकबाट तब खुशी हुनुहुन्छ जब ऊ खाना खान्छ र त्यसमा उहाँको प्रशंसा गर्छ, वा जब ऊ पिउँछ र त्यसमा उहाँको प्रशंसा गर्छ। ........................................ 395

एक व्यक्तिले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को नजिक देब्रे हातले खाना खायो । त्यसैले उहाँले भन्नुभयो: "दाहिने हातले खाऊ ।" उसले भन्यो: म (दायाँ हातले खान) सक्दिनं । उहाँले भन्नुभयो: "तिमी कहिल्यै सक्ने छैनौ ........................................ 396

जसले खाना खाएपछि भन्छ: 'अल्हम्दु लिल्ला हिल्लजी अत्अमनी हाजा व र ज कनीहि मिन् गैरि हौलिम्मिन्नी वला कुव्वह्’ (सम्पूर्ण प्रशंसाहरू अल्लाहकै लागि हुन्, जसले मलाई यो खुवाउनुभयो र बिना कुनै मिहिनेत प्रदान गर्नुभयो), उसका अघिल्ला पापहरू क्षमा हुनेछन् । ...................... 398

जब पैगम्बर मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) लाई आच्छ्यूँ आउँथ्यो, उहाँले आफ्नो हात -या आफ्नो कपडा- आफ्नो मुखमा राख्नुहुन्थ्यो र यसैसँग आफ्नो आवाजलाई दबाउनुहुन्थ्यो।” .... 399

अल्लाहलाई उहाँले प्रदान गर्नुभएको छुटको लाभ उठाइयोस भन्ने कुरा त्यत्तिकै प्रिय छ जति उहाँले आफ्ना आदेश र उपदेशहरूको पालना हुन मन पराउनुहुन्छ । ........................................ 400

अल्लाहले जसको भलो चाहनुहुन्छ, उसलाई कठिनाइमा पारेर परिक्षा लिनुहुन्छ । ................ 401

मुस्लिमलाई जस्तोसुकै पीडा, रोग, चिन्ता, आघात, थकान वा दु:ख आइपर्छ, यहाँसम्म काँडा बिज्दा पनि अल्लाहले उसका केही पापहरू क्षमा गर्नुहुन्छ । ........................................ 402

मुमिन (आस्थावान) पुरुष र मुमिन महिलालाई आफ्नो जीउ-धन र सन्तानमा सधैं परीक्षाहरू जारी रहन्छ । यहाँसम्म उनीहरू कुनै पाप नरहेको अवस्थामा अल्लाहलाई भेट्ने छन् । ................ 403

मुमिन (आस्थावान) को मामिला कति अचम्मको छ । उसको सम्पूर्ण मामिलामा उसको लागि भलाइ छ र त्यो मुमिन बाहेक अरू कसैको लागि होइन । ........................................ 404
जब कुनै भक्त बिरामी हुन्छ वा यात्रा गर्दछ भने, उसको लागि घरमा बसेको बेला र स्वस्थ हुँदा गरेको उपासना बराबर प्रतिफल लेखिन्छ । ........................................ 405
अन्धकारमय रातका टुक्रा जस्ता फित्ना (परीक्षाहरू) आउनेछन्, ........................................ 406
अल्लाहले जसको लागि भलाइ चाहनुहुन्छ, उसलाई धर्मको गहिराइका साथ समझ दिनुहुन्छ.. 408
विद्वानहरूसँग बहस गर्न र ........................................ 409
तिमीहरूमध्ये सबैभन्दा राम्रो व्यक्ति त्यो हो जसले कुरआन आफैं सिक्छ र अरूलाई सिकाउँछ । ........................................ 410
नबि (सल्लल्लाहु अलैहि वसल्लम)बाट दश श्लोकहरू पढ्थे। त्यसपछि, ती दश श्लोकहरूमा रहेको ज्ञान र कर्म ........................................ 411
जसले अल्लाहको पुस्तक (कुर्आन) को एक अक्षर पढ्छ, उसले एउटा पुण्य प्राप्त गर्दछ र एक पुण्यलाई दश गुणा दिइन्छ........................................ 412
कुरआन पढ्ने व्यक्तिलाई भनिनेछ: पढ्दै गर र माथि श्रेणीमा आरोहण गर्दै गर । तिमीले संसारमा जसरी तिलावत (वाचन) गर्थ्यौ, त्यस्तै पढ्दै गर, किनकि तिम्रो स्थान तिमी अन्तिम आयत(श्लोक) पढ्दै जहाँ पुग्छौ, त्यहीँ हुनेछ। ........................................ 413
तिमीहरू मध्ये कसैले आफ्नो परिवारमा फर्किंदा तीनवटा ठूला, मोटा गाभिन ऊँटहरू पाउन चाहन्छ ? ........................................ 414
यो कुर्आनलाई निरन्तर पढिराख । अल्लाहको कसम; जसको कब्जामा मेरो प्राण छ, त्यो कुरआन (याददाश्तबाट) बाँधिएको ऊँटभन्दा अझ छिटो फुत्कन्छ। ........................................ 415
आफ्ना घरहरूलाई चिहान नबनाउ, किनकि शैतान त्यो घरबाट भाग्छ जहाँ सुरह बकरह पढिन्छ । ........................................ 416
हे अबुल मुन्जिर! के तिमीलाई थाहा छ, अल्लाहको पुस्तकको कुन आयत (श्लोक) सबैभन्दा महान हो ?" उनी भन्छन्, मैले भने: {अल्लाहु लाइला-ह इल्ला हुवल-हय्युल कय्यूम} [सूरह अल-बकरह : २५५] उनी भन्छन् : यो सुनेर उहाँले मेरो छाती थपथप्याउनु भयो र भन्नुभयो: "अल्लाहको कसम! हे अबुल मुन्जिर! तिम्रो लागि यो ज्ञान श्रेयस्कर होस् । ........................................ 417
जसले रातमा सूरह अल-बकरहको अन्तिम दुईवटा आयत पढ्छ, त्यो उसको लागि पर्याप्त हुन्छन् । ........................................ 418
दुआ (प्रार्थना) नै उपासना हो........................................ 419
नबी (सल्लल्लाहु अलैहि वसल्लम) हरेक परिस्थितिमा अल्लाहलाई याद(स्मरण) गर्नुहुन्थ्यो ।... 420

अल्लाहको नजरमा प्रार्थना भन्दा सम्मानित र महान अरु केही छैन ।.................................421

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) प्रायः निम्न दुआ गर्नुहुन्थ्यो : 'या मुकल्लिबल-कुलूब, सब्बित कल्बी अला दीनिक' अर्थ : "हे हृदयहरू परिवर्तन गर्ने! मेरो हृदयलाई तपाईंको धर्ममा अडिग बनाउनुहोस् ।.......................................................................................................422

निश्चय नै कपडा जसरी पुरानो हुन्छ त्यसरी तिमीहरूको हृदयमा ईमान (आस्था) पनि पुरानो हुँदै जान्छ। त्यसैले अल्लाहसँग हृदयको ईमानलाई सधैँ नयाँ बनाइरहनुको निमित्त प्रार्थना गर्दै गर्नु । ..........................................................................................................................423

जसले अल्लाहलाई आफ्नो पालनकर्ताको रूपमा, इस्लामलाई धर्मको रूपमा र मुहम्मद लाई रसूलको रूपमा स्वीकार गर्दछ, उसले आस्थाको स्वाद पायो ।.........................................424

कि हरेक फर्ज नमाज पछि यो पढ्न न छोड्नु , " अल्लाहुम्म अइन्नी अला जिक्रिक व शुक्रिक व हुस्नि इबादतिक " (अनुवाद ; हे अल्लाह ! मेरो मद्दत गरि दिनुहोस् तपाईंको जिक्रमा र तपाइँको आभारमा र तपाईँको उत्तम उपासनामा )...................................................................426

सजदामा हुँदा सेवक आफ्नो परमेश्वर देखि सबैभन्दा नजिक हुन्छ । त्यसैले (सजदामा) धेरै प्रार्थना गर्नु।......................................................................................................................427

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) प्रायः यो दुआ (प्रार्थना) गर्नुहुन्थ्यो: 'रब्बना आतिना फिद्दुन्या हसनह् व फिल्-आखिरति हसनह् व किना अजा बन्नार' अर्थात हे अल्लाह ! हामीलाई दुनियाँ र आखिरत (लोक-परलोक) दुबै ठाउँमा भलाइ प्रदान गर्नुहोस् र नर्कको आगोबाट बचाउनुहोस् । ..........................................................................................................................428

के म तिमीहरूलाई तिम्रो सबैभन्दा राम्रो कर्म, पालनकर्ताको नजरमा सबैभन्दा प्रशंसनीय, तिम्रो दर्जालाई उच्च पार्ने..................................................................................................429

"तिमीले मसित एउटा गंभीर प्रश्न सोध्यौ  र यो उसको लागि मात्र सहज हुन्छ, जसका लागि अल्लाहﷻ सजिलो बनाइ दिनु हुन्छ । .....................................................................432

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हरेक रात, जब ओछ्यानमा जानुहुन्थ्यो, तब आफ्ना दुवै हत्केलाहरू एकसाथ जम्मा गर्नुहुन्थ्यो अनि त्यसमा फुक्नुहुन्थ्यो र "कुल हु-वल्लाहु अहद", र "कुल अऊजु बि-रब्बिल फलक" र "कुल अऊजु बि-रब्बिनास् । .............................................438

सैय्येदुल-इस्तिग्फार.........................................................................................439

{कुल हुवल्लाहु अहद}, {कुल अऊ जु बि-रब्बिल फलक} र {कुल अऊ जु बि-रब्बिनास} बिहान र बेलुका तीन तीन पटक पढ । यो तिम्रो लागि हरेक कुराबाट पर्याप्त हुनेछ ।.........................441

अल्लाहको नजरमा सबैभन्दा प्रिय शब्दहरू चार हुन्: सुब्हानल्लाह (अल्लाह पवित्र हुनुहुन्छ), अल-हम्दु लिल्लाह (सम्पूर्ण प्रशंसाहरू अल्लाहका लागि हुन्), ला इलाहा इल्लल्लाह (अल्लाह

बाहेक कोही सत्य ईश्वर छैन) र अल्लाहु अकबर (अल्लाह सर्वोच्च हुनुहुन्छ) ।" यी चारमध्ये तिमीले जुनसुकै बाटसुरु गरे हुन्छ । ........ 442

जसले ‘ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु, लहुल्मुल्कु व लहुल्-हम्दु वहुव अला कुल्लि शैइन् कदीर्’ १० चोटि पढ्छ ........ 443

दुई शब्दहरू यस्ता छन्, जुन जिब्रोमा हलुका, तराजुमा भारी र रहमान (परम दयालु) लाई धेरै प्रिय छन्........ 444

जसले "सुब्हानल्लाहि व बिहम्दिहि" दिनमा सय पटक पढ्छ, उसको पापहरू माफ गरिन्छ, चाहे त्यो समुद्रको फिज बराबर भए पनि । ........ 445

तहारत (पवित्रता) आधा ईमान हो । अल्हम्दुलिल्लाह (अल्लाहको प्रशंसा) ले (सुकर्म तौल गर्ने ) तराजु भर्छ, ‘सुब्हानल्लाह’ र ‘अल्हम्दुलिल्लाह’ यी दुबैले आकाशहरू देखि पृथ्वी सम्मको विशालतालाई (ती शब्दहरुको वाचनको प्रतिफल र अल्लाहको महिमा ले) भरि दिन्छ ........ 446

“सुब्हानल्लाह्, वल्-हम्दु लिल्लाह्, वला इलाह इल्-लल्लाह्, वल्लाहु अक्बर’ भन्नु मेरो लागि यो पृथ्वी र यसमा भएका सबै चीजहरू भन्दा प्रिय छ । ........ 449

सर्वश्रेष्ठ जिक्र (स्तुति) 'ला इला-ह इल्लल्लाह' हो र सबैभन्दा राम्रो दुआ (प्रार्थना) 'अल-हमदु लिल्लाह' हो ।........ 450

जो कोही कुनै ठाउँमा ओर्लन्छ र यो दुआ पढ्छ: 'अऊजु बिकलिमातिल्लाहि-त्ताम्माति मिन् शर्रि मा ख लक् ।’ (म अल्लाहको पूर्ण वचनहरूद्वारा सृष्टिको प्रत्येक शर् बाट शरण चाहन्छु ।) त्यो ठाउँमा बसुन्जेल उसलाई कुनै पनि कुराले हानि गर्न सक्दैन ।........ 451

जब तिमीहरू मध्ये कोही मस्जिदमा प्रवेश गर्छ भने उसले (अल्लाहुम्मफ्-तह्-ली अब्वाब रह्-मतिक्) र जब बाहिर निस्कन्छ भने (अल्लाहुम्म इन्नी अस्-अलुक मिन्-फज्लिक्) पढ्नुपर्छ ।.. 452

जब मानिस आफ्नो घरमा प्रवेश गर्छ अनि प्रवेश गर्दा र खाना खाँदा अल्लाहको नाम लिन्छ, तब शैतानले आफ्ना साथीहरूलाई भन्छ: यहाँ न त तिमीहरूका लागि रात बिताउने ठाउँ छ, न त खानाको व्यवस्था ........ 454

## संक्षिप्त सारांश

हदीसहरु शरिया (इस्लामी कानून) को दोस्रो स्रोत हुन् । अल्लाहले भन्नु हुन्छ : {उहाँ (मुहम्मद)आफ्नो इच्छाले केही बोल्नुहुन्न (३) यो एउटा वह्य (प्रकाशना) हो जुन उहाँतर्फ अवतीर्ण गरिन्छ} (अन्नज्मः ३, ४) ।

हदीस इन्साइक्लोपेडियाबाट छनोट गरिएको यो संग्रहमा व्यापक महत्वपूर्ण हदीसहरू समावेश गरिएका छन्, जुन मुस्लिमलाई आफ्नो दीन (धर्म) र दुनियाँको मामिलाहरूमा एकदम आवश्यक छ । साथै यसको संक्षिप्त र सरल व्याख्या र केही ज्ञान बोधहरू विश्वका जीवित भाषाहरूमा अनुवाद गरिएको छ, ताकि सम्पूर्ण मानवसम्म तिनीहरूको भाषामा यस सामग्रीको लाभ र रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सुन्नत पुग्न सकोस् ।

Ne380